# पहिलो परिच्छेद
# परिचय

## १.१ शोधकार्यको परिचय

वर्तमान समय २१ औं शताब्दीमा प्रवेश गरेको छ । समाज विकासको आयामहरूमा परिवर्तन भइरहेका छन् । सामाजिक, राजनीतिक, सांस्कृतिक सूचनाको क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन भएको छ । नेपालको आफ्नै इतिहासमा सूचना तथा सञ्चारको क्षेत्रमा महत्त्वपूर्ण विकास भएका छन् । नेपालको सूचना तथा सञ्चार गिद्धेप्रेसको युगबाट वेभ अफसेटमा रुपान्तरण भएको छ । गिद्धेप्रेसबाट छापिने अखबार वेभ अफसेटबाट प्रकाशित भइरहेका छन् भने विद्युतिय सञ्चारको क्षेत्रमा समेत महत्त्वपूर्ण विकास भएको छ । सूचना तथा सञ्चारको क्षेत्रमा विश्वव्यापी भएको महत्त्वपूर्ण विकासको कारण २१ औं शताव्दीलाई सूचना तथा सञ्चारको युग भनिएको छ ।

समाज विकासको हरेक आयामहरूमा राजनीतिको महत्त्वपूर्ण भूमिका रहन्छ । राज्यसञ्चालन गर्ने सबै कलाको अध्ययन राजनीतिशास्त्रले गर्ने भएकोले सूचना तथा सञ्चारको विकासमा राजनीतिको प्रमुख हात रहेको छ । राजनीतिशास्त्र, समाजशास्त्रको एउटा अङ्ग भएको कारणले पनि सूचना तथा सञ्चारको विकाससँग राजनीतिशास्त्रको अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

राजनीति शास्त्रले राज्य सञ्चालन गर्ने लगायत राज्य, सरकार र शक्तिको बारेमा अध्ययन गर्दछ भने छापा (Press) ले राज्यले गरेको कामलाई जनस्तरसम्म पुऱ्याउने र जनताको प्रतिक्रिया राज्यलाई सुनाउने काम गर्दछ । नेपालको सन्दर्भमा छापा सञ्चार (Print Media) वा प्रेसले यो भूमिका खेल्दै आएको छ ।

छापा सञ्चार (Print Media) आम सञ्चारमध्ये जेठो हो । अहिले आएर विद्युतीय सञ्चार (Electronic Media) को पनि महत्त्वपूर्ण विकास भएको छ । यस अध्ययनमा छापा सञ्चार (Print Media), छापा (Press) र सञ्चार (Media) शब्दलाई समानार्थी शब्दको रूपमा बुझिने छ ।

आधुनिक राजनीतिशास्त्रको विकास ग्रिसबाट भएको हो भने छापाखाना (Press) को आविस्कार सन् १५५५ मा जर्मनीबाट भएको पाइन्छ । यसको श्रेय क्रमशः प्लेटो र जोहन गुटेनवर्गलाई जान्छ । यस्तै अखवार (News Paper) को जन्म चौधौं शताव्दीमा चिनको 'पेकिङ

गजेट' नामको अखवारबाट भएको पाइन्छ । यस तथ्यलाई आधुनिक विश्व प्रेसजगतले स्वीकारेका छन् ।

नेपालको आधुनिक राजनीतिक विकास विक्रम सम्वत् (यस पछि वि.सं. भनिने छ) १८३१ बाट सुरु भएको मानिन्छ भने छापा वि.सं. १९५५ सालमा **सुधासागर** मासिक पत्रिकाको प्रकाशनबाट सुरु भएको देखिन्छ । छापाखाना (Letter Press) को वि.सं. १९०८ मा तत्कालित नेपालका श्री ३ महाराजा जंगबहादुर बेलायत भ्रमणबाट नेपाल फिर्दा आफुसँगै ल्याएका थिए । उक्त लेटर प्रेसलाई गिद्धेप्रेसको नामले चिनिन्छ । यो प्रेस गोरखापत्र संस्थानमा अझै सुरक्षित छ । यस पछि काठमाडौं निवासी कुवेररत्न वज्राचार्य 'दुरुकाजी' ले वि.सं. १९४९ मा प्रयोगमा ल्याएको पाइन्छ । उक्त प्रेसलाई बुद्ध प्रेसको नामले चिनिन्छ ।

अखवार (छापा पत्रिका) वि.सं. १९५५ सालमा **सुधासागर** नामक मासिक पत्रिका प्रकाशित भए पनि **सुधासागर** समाचारमुलक नभै साहित्यिक पत्रिका थियो । समाचार पत्रिका चाहिँ वि.सं. १९५८ साल जेष्ठ ३ गते सोमबारबाट प्रकाशन सुरु भएको **गोरखापत्र** साप्ताहिक नै हो । **गोरखापत्र** तत्कालीन श्री ३ देव शमशेरले वि.सं. १९५८ वैशाख बदी ११, रोज २ मा जारी गरेको सनदको आधारमा प्रकाशन भएको हो (परिशिष्ट नं. १ मा हेर्नुहोस्)। नेपालको प्रेस कानूनको जेठो प्रमाण पनि सोही सनद सावित भएको देखिन्छ ।

सुरुमा साप्ताहिक **गोरखापत्र** वि.सं. २००० सालदेखि २००३ सालसम्म अर्ध-साप्ताहिक, २००३ देखि २०१७ सालसम्म दुई दिने हुँदै २०१७ सालदेखि दैनिक बनेको देखिन्छ । **गोरखापत्र** सुरुदेखि अहिलेसम्म सरकारी मुखपत्र बन्दै आएको छ । तर नेपाली छापासञ्चारको जेठो र ज्यूँदो नमूना हो भन्ने कुरामा विवाद देखिँदैन (**गोरखापत्र**, आन्तरिक अभिलेख तथा गृष्मबहादुर देवकोटाका अनुसार) ।

२००७ सालको जनक्रान्तिले राणाशासन ढल्यो र देशमा प्रजातन्त्रको स्थापना भयो । २००७ देखि २०१७ सालसम्म देशमा प्रजातान्त्रिक व्यवस्थाको सुत्रपात भइ अभ्यासरत रहे पनि प्रजातन्त्र संस्थागत र संस्कारगत रूपमा चल्न सकेको देखिँदैन ।

यस बीचमा **जागरण साप्ताहिक**, **आवाज दैनिक**, **समाज दैनिक**, **हालखबर दैनिक**, **जयनेपाल दैनिक (हिन्दी)**, **पासा दैनिक (नेवारी)**, **नेपाल गार्जियन** र **दि कमनर दैनिक (अङ्ग्रेजी)** निजीस्तरबाट पत्रिका प्रकाशित भए । तिनले मूलतः दलीय प्रजातन्त्रको पक्षमा वकालत गरेको पाइन्छ । २०१५ सालको आमचुनावमा नेपाली काङ्ग्रेसले दुई तिहाई बहुमत पाएर एकमना सरकार बनाए पनि आन्तरिक कलहको कारण सत्ता टिकाउन सकेन । २०१७ साल पौष १ गते राजा महेन्द्रले दलीयव्यवस्थामाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको सुत्रपात गरे । नेपालको संविधान २०१९ बनेपछि अघिल्लो कालमा जन्मिएका दलीय चरित्र बोकेका

अखवार प्रतिबन्धित भएको देखिन्छ । तीस वर्षे पञ्चायती व्यवस्थामा दलीय चरित्र आत्मसात गर्ने छापाले कुनै अवस पाएन । २०४६ सालको ऐतिहासिक जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनस्थापना गऱ्यो । नेपाल अधिराज्यको संविधान, २०४७ बनेपछि नेपाली प्रेसले स्वतन्त्र मर्यादित, जवाफदेही र अनुशासित बन्ने अवसर पायो । संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गऱ्यो । वर्तमान नेपाली प्रेसलाई राज्यको चौथो अङ्गको रूपमा संविधानमा उल्लेख नगरिए पनि व्यवहारमा प्रेसलाई राज्यको चौथो अङ्गको रूपमा स्वीकार गरेको देखिन्छ ।

२०४७ को संविधान कार्यान्वयनमा आएपछि नेपाली प्रेसजगत्मा ठूलो उत्साह आएको छ । प्रेस काउन्सिल नेपालको अभिलेख अनुसार २०४७ सालसम्म जम्मा ४५५ वटा पत्रपत्रिका दर्ता भएको थियो भने अहिले (२०६० वैशाख सम्ममा) २०३८ वटा पत्रिका दर्ता भएका छन् । २०० भन्दाबढी नियमित रूपमा प्रकाशित भैरहेका छन् । तर, अझै पनि देशको २८ वटा जिल्लामा पत्रिका प्रकाशित हुन सकेको देखिदैन ।

अहिले नेपाली छापा (Press) विश्वप्रेसकै हाराहारीमा स्वतन्त्र बन्न खोजिरहेको देखिन्छ । प्रेस र प्रजातन्त्र आपसमा पुरक शक्ति भएकाले जहाँ प्रजातन्त्र फष्टाउँछ त्यहाँ मात्र प्रेस स्वतन्त्र बन्न सक्छ । प्रजातन्त्र भएको देशमा स्वयं नागरिक सचेत हुन्छन् । तर, नेपालको सन्दर्भमा अझै समाज सभ्य भैसकेको देखिँदैन । अहिले स्वतन्त्रताको नाममा नेपाली प्रेस बढी उन्मुक्त हुन लाग्यो भन्ने एकापक्षीय भनाई छ भने अर्कातिर प्रेसको स्वतन्त्रतालाई राज्यले अनावश्यक हस्तक्षेप गऱ्यो भन्ने भनाई आइरहेको छ । स्वाभाविक रूपमा प्रेस संविधान सम्मत रूपमा चल्नु पर्ने हो । संविधान सम्मत प्रेसमा राज्यव्यवस्थाको राजनीतिक चरित्रको प्रभाव पर्छ । कुनै समाचार छापामा प्रकाशन गर्नु पहिले सरकारले सेन्सर नगर्नु मात्रै चाहि स्वतन्त्र छापा होइन । कानूनको पालना कति भयो ? त्यो चाहिँ महत्त्वपूर्ण हो । यसै सन्दर्भमा अहिले नेपाली छापामा राजनीतिक प्रभाव परेको छ, पर्नु हुँदैन भन्ने विवादको विषय बनेको पाइन्छ । प्रेसले राजनीतिलाई डोऱ्याउने कि राजनीतिले प्रेसलाई भन्ने बहश विषय छ । यसर्थ यही विवाद र विषयको वास्तविकताको अध्ययन, अनुसन्धान गर्नु अनिवार्य ठानिएको हो । यही प्रसङ्गमा यो अध्ययनमा २०५० देखि २०६० बीचको अवधिमा नियमित प्रकाशन भएको **गोरखापत्र** दैनिक, **कान्तिपुर** दैनिक, **दृष्टि** साप्ताहिक, **विमर्श** साप्ताहिक, **हिमाल** खवरपत्रिका पाक्षिक, **पत्रकारिता** मासिक र **गाउँले देउराली** साप्ताहिक पत्रिकामा देखिएको राजनीतिक प्रभावको अध्ययन गरिएको छ । यसरी छनौट गरिएको पत्रिकाहरू मध्ये **गोरखापत्र**ले सरकारी अखवार, **कान्तिपुर**ले नीजिस्तरबाट प्रकासित दैनिक समाचारपत्र, **दृष्टि** साप्ताहिक एमाले निकट पत्रिका, **विमर्श** साप्ताहिक नेपाली कांग्रेस निकटको प्रतिनिधित्व गर्दछ भने हिमाल खवरपत्रिकाले पाक्षिक खोज समाचारलाई समेट्छ । पत्रकारिता मासिकले विषयगत मासिक र

**गाउँले देउराली** साप्ताहिकले गैरराजनीतिक एवम् ग्रामीण पत्रिकाको प्रतिनिधित्व गर्दछ । यी पत्रिकको अध्ययनले यस अवधिको नेपाली छापाको समग्र प्रतिनिधित्व गर्ने गरी छनौट गरिएको छ ।

प्रेसमा राजनीतिक प्रभाव किन र कसरी पर्छ भन्ने विषयमा अध्ययन गर्नु आवश्यक महसुस भएको छ । छापा स्वतन्त्र हुनु पर्छ या पर्दैन ? स्वतन्त्र हुनु पर्छ, कानुनी मर्यादाको उलङ्घन छापाले गर्नु हुन्छ कि हुँदैन भन्ने विषय सधैं चर्चा बनेको हुनाले यस विषयमा अध्ययन गरिनु आवश्यक भएको हो ।

## १.२ शोध समस्या

प्रस्तुत अध्ययनमा निम्नलिखित महत्त्वपूर्ण समस्याका बारेमा अध्ययन गर्ने कार्य भएको छ :

(१) नेपालका राजनीतिक दल र नेपाली छापाबिचको सम्बन्ध कस्तो छ ?

(२) नेपाली छापामा राजनीतिक प्रभाव पर्नाका कारणहरू के-के हुन् ?

(३) नेपाली छापामा किन राजनीतिक समाचार बढी छापिन्छन् र तिनै समाचारका विषयमा छापा र राजनीतिक दलका विचमा किन विवाद हुन्छ ?

(४) के नेपालका राजनीतिक दल, तिनका नेता, सरकार र छापा स्वयंबाट कानुनको उल्लङ्घन हुने गरेको छ, छभने त्यसका कारण के हुन् ?

(५) छापा (प्रेस) स्वतन्त्रताको अर्थ उन्मुक्ति हो या कानुनी वन्धनसहितको हो ?

(६) के नेपाली राजनीति र छापाका बीचमा प्रेस स्वतन्त्रतासम्बन्धी बुझाइमा भिन्नता छ ? प्रस्तुत शोधमा यिनै प्रश्नहरूको वस्तुवादी उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य नेपाली छापामा राजनीतिक प्रभाव वि.सं. २०५०-२०६० सम्म एक दशकको स्थितिबारे अध्ययन विश्लेषण गर्न रहेको छ ।

नेपालको छापामा राजनीतिक प्रभाव पर्ने कारणको खोजी गर्न निम्न विशिष्ट उद्देश्यहरू राखिएका छन् ।

(१) नेपाली छापाको विकासक्रम अध्ययन गर्ने,

(२)  नेपाली छापा र राजनीतिबीचको अन्तरसम्बन्धको अध्ययन गर्ने,

(३)  नेपाली छापामा राजनीतिक प्रभावका कारणहरूको खोजी गर्ने र

(४)  नेपाली छापामा प्रकाशित राजनीतिक समाचारको विश्लेषण गर्ने ।

समग्रमा यिनै समस्याहरूको अध्ययन एवम् विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य र लक्ष्य रहेको छ ।

## १.४ प्राक्कल्पना

यो शोधकार्यमा निम्न पूर्वअनुमान गरिएको छ -

नेपाली छापा राजनीतिक प्रभावबाट मुक्त रहेन,

नेपाली प्रेस संविधानअनुरूप स्वतन्त्र छैन ।

## १.५ पूर्वसाहित्य समीक्षा

Liberaism and free speaceh in Democracy and mass media (David Kelley and Donway Roger : 1990) मा प्रेस र प्रजातन्त्रको सम्बन्ध माथि व्यापक चर्चा गरिएको छ । युरोपको ज्ञानोदयको चरणसँगै प्रेसको निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory) मा समेत उदारवादी राजीतिको प्रभाव पर्न थालेको प्रष्ट पारिएको छ । उदारवादी राजनीतिक चिन्तनकै उपजको रूपमा राज्यमा प्रेसको उदारवादी सिद्धान्त स्थापित भएको ठहर लेखक द्वयले गरेको देखिन्छ । प्रेसको यस सिद्धान्तले व्यक्ति स्वतन्त्रतालाई अधिक महत्व दिएको छ । व्यक्तिगत विचार र स्वतन्त्रता, स्वतन्त्र समाजमा मात्र सम्भव रहेको निष्कर्ष निकालेका छन् । यस पुस्तकको अध्ययनले युरोप र अमेरिकाको सन्दर्भमा प्रेस र प्रजातन्त्रविचको अन्तरसम्बन्ध बुझ्न सान्दर्भिक देखिन्छ । तर, नेपालको प्रेस र प्रजातन्त्रको बारेमा चर्चा छैन । सन्दर्भलाई तुलनात्मक रूपमा विश्लेषण गर्न सहायक सामग्री मात्र बन्न सक्ने देखिन्छ ।

यस सिद्धान्तको आधारमा व्यक्तिगत काम गर्ने, सोच्ने, लेख्ने र छाप्ने स्वतन्त्रता यसै अभियानको तत्व वन्यो अथवा अभिव्यक्ति स्वतन्त्रता व्यक्तिले प्राप्तगर्न चाहेको स्वतन्त्रताको एउटा कडी वन्यो (Kelley and Donway : 255) ।

वर्तमान प्रेस र प्रजातन्त्रका विषयमा पुनरव्याख्या गरीनु पर्ने आवश्यकतालाई James Curran ले दावी गर्नु भएको छ ।

Rethinking Media and Democracy (Curran James : 2000) नामक पुस्तकमा लेखकले यस कुराको आवश्यकता देखेका छन् ।

पहिलो कुरा मिडिया सिङ्गो रूपमा प्रजातान्त्रिक उद्देश्य भएको संस्था हो भन्ने उदारवादी विचारलाई हामीले त्याग्नु पर्छ । त्यसको सट्टा प्रजातान्त्रिक व्यवस्थाभित्र विभिन्न भूमिका भएका विविध मिडिया हुन्छन् भन्ने दृष्टिकोण राखिनु पर्छ । यस्ता विविध मिडियाको संरचना र पत्रकारिता गर्ने तरिका पनि विभिन्न हुन्छ (Curran, 2000 : 140) ।

कुरानको यस प्रस्तावले प्रेस र प्रजातन्त्रको पुराना मान्यता र सिद्धान्त उपर गहन छलफल प्रारम्भ गरेको देखिन्छ । प्रेस आफैमा प्रजातन्त्रको प्रर्याय हुन नसक्ने तर्क गर्दै विविध विचारको आत्सात गर्नु पर्ने आवश्यकता बोध हुन्छ । अहिले विश्वका प्रजातान्त्रिक मुलुक जसले उदारवादी प्रेस र बहुलवादी प्रतिस्प्रधा सहितको राजनीतिक व्यवस्था अपनाएको र त्यहाँ कुनै एक सिद्धान्त मात्र छैन विविधता छ । नेपालको सन्दर्भमा पनि कुरानले उठाएको विचार सार्न्दभिक देखिन्छ । नेपालले अहिले खुल्ला प्रजातान्त्रिक राजनीतिक व्यवस्थाको अभ्यास गरिरहेको छ भने प्रेसले पनि उदारवादी एवम् सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई अङ्गिकार गर्दै रहेको अवस्था छ । तर, नेपालको प्रेस र प्रजातन्त्रको अन्तरसम्बन्धको बारेमा तुलना गरेर अध्ययन गर्नु प्रयाप्त देखिदैन ।

प्रेसकाउन्सिल नेपालद्वारा प्रकाशित नेपाली पत्रकारिताको विकासक्रम, २०५५ मा प्रेसका भिन्न चार सिद्धान्तका बारेमा चर्चा गरिएको छ । युवराज पाण्डेको सम्पादन रहेको यस पुस्तकमा नेपाली पत्रकारिता विकासको संक्षिप्त विवेचना गरीएको छ भने अन्तिम अध्यायमा प्रेसको सिद्धान्तका बारेमा चर्चा गरिएको छ । साथै नेपालले कुन राजनीतिक व्यवस्थामा कुन सिद्धान्त अपनायो भन्ने पक्षमा समेत सटिक विश्लेषण गरएको छ ।

सञ्चार माध्यमको चार सिद्धान्तको चर्चा नगरेसम्म नेपाली सञ्चार माध्यमको इतिहास पूर्ण हुदैन । यी आधारभूत सिद्धान्तहरूमा निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory) उदारवादी सिद्धान्त (Liberal Theory) सामाजिक दायित्वको सिद्धान्त (Socias Responcibity theory) र सोभियत साम्यवादी सिद्धान्त (Soviet Communism Theory) हुन् (पाण्डे युवराज, २०५५ : १२८) ।

यसरी प्रेसको सिद्धान्तका बारेमा परिचयात्मक विश्लेषण र ती सिद्धान्तको कार्यान्वयनका विषयमा चर्चा गरिए पनि नेपाली प्रेस र राजनीतिको बारेमा यथोचित अध्ययन गरिएको छैन । साथै नेपालको छापामा राजनीतिक प्रभावका कारण एवम् अन्तरसम्बन्धको विषयमा सतही अध्ययन मात्र भएको देखिन्छ ।

नेपालमा छापा सञ्चार (Print Media) को विकास वि.सं. १९५८ सालमा **गोरखापत्र** प्रकाशनबाटै सुरु भएको हो । तर छापाको विषयमा स्तरीय पाठ्यसामग्री अझै सम्म प्रकाशन भएको देखिदैन । त्रिभुवन विश्वविद्यालय अन्तरगत रत्न राज्य लक्ष्मी क्याम्पसमा पत्रकारिता (Journalism) विषयलाई पाठ्यक्रममा राखेर अध्ययन प्रारम्भ २०५५ साल पछि मात्र भयो । यस क्याम्पसमा पत्रकारिता विषयको अध्ययन सुरु भएपछि पाठ्यक्रमसँग सम्बन्धित पाठ्य सामग्री सीमित मात्रामा मात्र प्रकाशन भएको देखिन्छ ।

खास गरी यस विषयमा लाल देउसा राईको सकृयता रहेको देखिन्छ । त्रि.वि. अन्तरगत पाठ्यक्रममा समावेश गरिएका सामाग्रीहरू प्रायः जसो छिमेकी राष्ट्र भारतको पत्रकारिताको विषयलाई अनुकरण गरिएको छ ।

छापा पत्रकारिताको जानकारी राख्ने किसिमको एउटै मात्र कृति गृष्मबहादुर देवकोटाको *"नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास"* मा भर पर्नु पर्ने अवस्था छ ।

वि.सं. २०४६ सालको परिवर्तन यता आएर नेपालमा पत्रकारिताको विषयमा उल्लेखनीय परिवर्तन भएको छ । परिवर्तनको लहरसँगै व्यवसायिक पत्रकारिता कसरी गर्ने ? समाचार के हो ? कसरी लेख्ने ? आदि विषयको कार्यक्षेत्रमा कामगर्ने सम्वाददाता र डेस्कमा वस्ने सम्पादकीय समुहका लागि केन्द्रित भएर सीमित पाठ्यपुस्तक प्रकाशन भएका छन् । पत्रकारितासम्बन्धी काम गर्ने अध्ययन अनुसन्धान गर्ने उद्देश्य राखेर, नेपाल प्रेस इन्स्टिच्यूट लगायतका संस्थाहरू खुलेका छन् । ति संस्थाले प्रकाशित गरेको पाठ्यसामग्री सबै व्यवसायिक पत्रकारिताका विषयमा केन्द्रित छन् । नेपालको छापा (Press) र राजनीति (Politics) को अन्तरसम्बन्धको विषयमा भरपर्दो पाठ्यपुस्तक अझै लेखिएको छैन । नेपाल सरकारको सूचना मन्त्रालय, विभाग र प्रेस काउन्सिलको प्रकाशनले पनि यस विषयलाई समेट्न सकेको छैन । तिनको प्रकासनले आफ्नै इतिहास तथा सरकारले वनाएको ऐन, कानून र नियमावलीको संग्रह प्रकाशन मात्र गर्दै आएको देखिन्छ ।

नेपालको छापा र सरकारको अन्तरसम्बन्ध, विवाद र वहसको वारेमा स्वदेसी लेखक, संस्थाले मात्र नभई, विदेशी अनुसन्धाता, लेखक र संस्थाले समेत कुनै अध्ययन अनुसन्धान गरेका छैनन् । त्यस्तो सामग्री भेटिएको छैन । यस सन्दर्भमा प्रस्तुत अध्ययनमा विभिन्न लेखकको लेख, रचनालाई आधार मानिएको छ । विभिन्न स्मारीका, वार्षिक प्रतिवेदन तथा म्यागेजीन, साप्ताहिक र दैनिक अखवारमा लेखिएका विषयसँग सम्बन्धित लेख रचनालाई समेत पाठ्यसामग्रीको रूपमा लिई समिक्षा गरिएको छ । नेपाल पत्रकार महासंघको आवधिक प्रकाशन, पत्रकारिता एवम् पत्रकारितासँग सम्बन्धित संघ संस्थाको विभिन्न प्रकाशनमा भेटिएका सान्दर्भिक लेख, रचनालाई संकलन गरी सन्दर्भ साहित्यको रूपमा प्रयोग गरिएको छ ।

*नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* (देवकोटा : २०५४) प्राप्त साहित्य समीक्षामा नेपाली प्रेसको जन्म विकासका विभिन्न कालखण्डमा बनेको प्रेस कानुन, तिनको कार्यन्वयन तथा प्रेसको प्रवृत्तिका बारेमा प्राप्त सामग्री कच्चा पदार्थको सङ्कलन गरिएको छ ।

नेपाली प्रेससँग सम्बन्धित सबै घटनावलीलाई संग्रह गर्दै विभिन्न समयमा सरकारले प्रेसमाथि गरेको कारबाही आदिलाई समेत अध्ययन गरिएको छ । साथै विभिन्न नेताहरूले प्रेसका बारेमा बोलेका महत्त्वपूर्ण भनाइलाई पनि समेटिएको छ ।

यसकारणः नेपाली प्रेस जगतको अध्ययन अनुसन्धानकर्ताको लागि पुस्तक प्रवेशद्वारको रूपमा लिनु पर्ने देखिन्छ । तर पनि नेपाली प्रेसमा पर्ने राजनीतिक प्रभावको विषयमा यसले विश्लेषण गर्नसकेको देखिँदैन ।

पुस्तकको विषयमा सूर्यविक्रम ज्ञवाली लेख्नु हुन्छ - *राष्ट्रले प्रजातान्त्रिक व्यवहार स्वीकार गरिसकेपछि जन्मेको हाम्रो पत्रकारिताको कार्यप्रणाली निर्माणशिल हुनु पर्छ भन्ने कुरामा केही सन्देह छैन* (देवकोटा, २०५१ : ग) ।

प्रेस काउन्सिल नेपालको चौथो संस्करण *प्रकाशनको दिग्दर्शन* नेपाली प्रेस जगतको विषयमा चर्चा गरिएको पुस्तक हो । २ भाग, ६ खण्डमा विभाजित पुस्तकले नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत बनेका छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८, नियमावली २०४९, प्रेस काउन्सिल ऐन २०४८, त्यस सम्बन्धी (कार्यव्यवस्था) नियमावली २०४९, श्रमजिवी पत्रकार ऐन २०५१, नियमावली २०५३ र राष्ट्रिय प्रसारण ऐन २०४९ र पत्रकार आचारसंहीता २०६० को कार्यन्वयन र नेपाली प्रेसको विश्लेषण गरेको देखिन्छ ।

*"प्रजातन्त्रको पुनस्थापना र नेपाल अधिराज्यको वर्तमान संविधान २०४७ सञ्चारक्षेत्रको विकासका लागि वरदान सावित भएको छ । त्यसैले सञ्चारकर्मीहरू प्रजातन्त्रको रक्षा, विकास र सुदृढिकरणका लागि कटिबद्ध छन्"* (विरही, २०६० : १) । भनिए पनि उक्त साहित्यले नेपाली छापामा कुनै राजनितिक प्रभावका विषयमा विवेचना गर्न सकेको देखिदैन ।

नेपाल पत्रकार महासंघले प्रकाशन गरेको *सङ्कटकालमा नेपाली प्रेस* (२०६०) मा सङ्कटकालिन अवस्थाको नेपालको प्रेसमाथि राज्य र नेपाल कम्युनिष्ट पार्टी माओवादीले गरेको हस्तक्षेपको विषयमा मसिनो ढंगले लेखिएको छ (यस उप्रान्तः ने.क.पा. माओवादी लेखिने छ) । नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र मर्यादाको ठाडो उलंघन गरी जङ्गी कानुन सरकारले लादेको मात्र नभई पत्रकारको जीवनहरण समेत गरेको तथ्यलाई समेटेको देखिन्छ ।

यस्तै विद्रोही ने.क.पा. माओवादीले पनि नेपाली प्रेसमाथि आक्रमण गरेको तथ्य समेटिएको छ । आफ्नो प्रभाव क्षेत्रमा प्रेसको पहुँचलाई खुम्च्याउने काम उनीहरूका लागि

सामान्य भएको सन्दर्भमा प्रेसकर्मीलाई पुरानो राज्यसत्ताको सहयोगी वा आफ्नो पार्टीको सुराकी गरेको जस्तो आरोपमा पत्रकारको जीवनहरण समेत गरेका थिए । त्यस्तो यावत घटनालाई समेटेको पाइन्छ । पत्रकारलाई थुनछेक, धरपकड, धम्की र यातनाका लामो विवरण समेटिएको छ ।

नेपाली प्रेसले स्वतन्त्रता पाएको बाह्र वर्ष नवित्दै चरम दमनको शृङ्खलाको सामना गर्न पऱ्यो । श्री ५ को सरकार र ने.क.पा. माओवादी विद्रोही बीचको द्वन्द्वले गर्दा निम्त्याएको करिव एक वर्ष लामो सङ्कटकाल नेपाली प्रेसका लागि इतिहासमै कालचक्रको रूपमा रह्यो ( विष्ट, २०६० : ९) ।

यसरी सङ्कटकाल नेपाली प्रेसकै इतिहासमा कालचक्र भएको भनिए पनि नेपाली प्रेसमा राजनीतिक प्रभाव पर्नु पर्ने कारणको बारेमा गरिनु पर्ने विश्लेषण अपुरो देखिन्छ ।

प्रेस चौतारी नेपालद्वारा प्रकाशित *प्रेस चौतारी स्मारिका २०६०* नेपालको प्रेसका विषयमा सोधखोजपूर्ण लेख रचनाको सङ्गालो हो । यस स्मारिकामा रघु पन्त, काशीराज दाहाल, युवराज पाण्डे, विजय चालिसे, रामकृष्ण रेग्मी, राजेन्द्र गौतम, शम्भु श्रेष्ठ, माधव शर्मा, शीव गाउँले र सोमनाथ घिमिरेले नेपाली मिडियाको विषयमा लेखेको कार्यपत्रलाई समावेस गरेको देखिन्छ । यसलाई सम्पादन सूर्यथापाले गर्नु भएको छ ।

> प्रेस सूचनाको माध्यमका रूपमा मात्र होइन आफ्ना सम्पादकीय रूपमा र त्यसमा छापिने टिप्पणी एवम् अभिमतहरू मार्फत विचार निर्माण र जनमत निर्माणको काममा पनि निर्णायक भूमिका खेल्न थालेको धेरै भइसकेको छ । त्यसैले प्रेसभित्र पनि संसारभर द्वन्द्व र राजनीति हुने गरेको छ (थापा, २०६० : १८) ।

यसरी संसारभर प्रेसमा राजनीति प्रभावको विषयलाई उठाइए पनि नेपालको प्रेसमा राजनीतिको प्रभावका विषयमा गहन विश्लेषण हुन सकेको छैन ।

यसरी नै प्रेस चौतारी नेपालले अन्य दुईवटा स्मारिका प्रकाशन गरेर नेपाली मिडियाको बारेमा चर्चा गरेको छ । तर ति स्मारिका समेत ठोस कारण पत्ता लगाउनमा पर्याप्त देखिँदैन । आफ्ना साङ्गठनिक विवरणलगायत नेपाली प्रेस के हो, कसरी चलेको छ भन्ने बारेमा नै केन्द्रित भएको छ ।

*पत्रकारिता र यसका चुनौतिहरू विषयक कार्यपत्रहरूको संग्रह (२०५५)* प्रेस काउन्सिल नेपालले प्रकाशन गरेको देखिन्छ । देवीप्रसाद ओझा, पूर्णलाल चुके, वसन्तध्वज जोशी, भवानी घिमिरे, गोकुल पोखरेल र गणेश भण्डारीद्वारा विभिन्न समयमा प्रस्तुत कार्यपत्रहरू मुलतः विकास क्षेत्र स्तरीय प्रेसका समस्या र तिनको समाधानको विषयमा केन्द्रित रहेको छ । नेपाली

प्रेस र प्रजातन्त्रबीचको सम्बन्ध तथा अवरोधका बारेमा चर्चा गरिएको छ । तर, कारणको खोजी भएको छैन । विविध कारणमध्ये प्रमुख कारण राजनीति हो भन्ने विषयमा कार्यपत्र सहमत देखिन्छ ।

- राजनीतिक समाचारलाई मात्र समाचार ठान्ने प्रवृत्ति
- व्यवसायिक्ता कम, दलीयता बढी
- पत्रकार आचारसंहीता र नैतिक दायित्वको बोधमा कमि र
- पत्रकारिता क्षेत्रमा देखा परेको राजनीतिक क्षेत्रको प्रभाव एवम् हस्तक्षेप लाई नै नेपाली प्रेसको मुख्य चुनौती हो भनिएको छ (प्रेस काउन्सिल, २०५५ : २६-४७) ।

"नेपालको प्रेसले जनप्रतिनिधि सुन्य अवस्थामा जनप्रतिनिधिकै काम गर्नु परेको, द्वन्द्वको अवस्थामा विभिन्न समस्यासँग जुध्नु परेको, प्रेसको स्वतन्त्रता खतरामा पर्दा पनि नागरिक अधिकारका विषयमा प्रेसले नै आवाज उठाउँनु परको निश्कर्ष" (काउन्सिल, उनान्तीसौं वार्षिक प्रतिवेदन २०६०-०६१) ले औंल्याएको छ ।

पत्रकारलाई गिरफ्तार गरिएको, कतै पत्रकामाथि दुर्व्यवहार भएको, कतै पत्रकारको अपहरण, यातना र निर्मम हत्या गरिएको दुःखद् समाचारको शृङ्खला जारी छ ।

> ... यतिबेला शान्ति र स्वतन्त्रताको पक्षमा जनताको अगुवाइ गर्ने काम प्रेसको जिम्मेदारी आइपुगेको सावित गर्न प्रेस जगत सफल भएको देखिन्छ । प्रेसमाथिको विश्वसनीयता र भरोसा बढेको तथा जनप्रतिनिधिहीन अवस्थामा प्रेसले आमनागरिकको प्रतिनिधित्व गर्न स्थायी निकायको भूमिका निभाइरहेको प्रतित हुन्छ" (काउन्सिल, उनान्तीसौं प्रतिवेदन, २०६०-०६१ : १-२) ।

द्वन्द्व र प्रतिनिधिसून्य अवस्थामा प्रेस नै स्थायी निकाय भएको भनिए पनि किन र कसरी ? भन्ने प्रश्नमा प्रतिवेदन अनुत्तरित नै देखिन्छ ।

यसको अतिरित्त प्रेस काउन्सिल नेपालले नेपालको प्रेस, पत्रकारिताका विषयमा विभिन्न जानकारीमूलक पाठ्यसामग्री प्रकाशन गरेको छ । तर, ती पाठ्यसामग्रीले नेपाली छापामा राजनीतिक प्रभावका विषयमा कुनै चासो राखेको देखिँदैन । नेपालको पत्रकारिताको परिचय र प्रेस काउन्सिल नेपालको गतिविधिका विषयमा विषयकेन्द्रित भएको छ ।

> यो पुस्तक लेखेर सिध्याउँने बेलामा मलाई बोध भयो, समाचार लेख्ने क्रममा मैले प्रेस स्वतन्त्रताको अर्थ स्पष्ट बुझेको रहेनछु । धन्य नेपाली समाज/ पत्रकारितामा गल्ती भैरहँदा पनि सहजै पचाइ दिए । तर अबको समाजले प्रेस स्वतन्त्रताको दुरूपयोग भएको सहेर बस्ला जस्तो मलाई लाग्दैन । ... कांग्रेसको

> कार्यकर्ता हत्या हुँदा एमाले बोलेन, एमालेका कार्यकर्ता हत्या हुँदा कांग्रेसले बोलेन । यो प्रवृत्ति सञ्चार माध्यमले पनि जारी राखे । यसरी विभिन्न पक्षमा प्रेस विभाजित भयो । पक्षगत पत्रकारिता चल्यो (गुरुङ, २०६१ : ८-७३) ।

नेपाली प्रेसप्रति भइरहेको राजनीतिक प्रभाव र स्वयम् प्रेसकर्मी राजनीतिप्रति आकर्षित बन्ने संस्कारका विषयमा पत्रकार हस्त गुरुङको धारणा सत्यको नजिक पुगेको देखिन्छ । तर, जसरी त्यसका अन्तरवस्तुको विश्लेषण हुन पर्थ्यो त्यति हुन सकेको छैन । प्रेस स्वतन्त्रताको नाममा नजानेर पार्टी पत्रकारिता गरिनाले प्रेसप्रतिको जनताको धारणाको विश्लेषणभन्दा पनि व्यवसायिक पत्रकारिताका लागि आवश्यक ज्ञानका लागि उपयोगी विचार गुरुङले पुस्तक मार्फत सार्वजनिक गरेको देखिन्छ ।

*मिडियाको अन्तरवस्तु, विविध विश्लेषण* नामक संयुक्त लेखहरूको संग्रह (२०५९) मार्टिन चौतारी नेपालले प्रकाशन गरेको देखिन्छ । राजेन्द्र दाहाल, प्रशान्त अर्याल, गुणराज लुइटेल, रमा पराजुली र प्रकाश अधिकारीले भिन्न शीर्षकमा लेखेको लेख अध्ययनका विषयमा निकै सहयोगी भएका छन् ।

माओवादी आन्दोलनको अवस्थामा नेपाली प्रेसका समस्या, दरबार हत्या काण्डका बेला नेपाली छापाको भूमिका र नियति तथा माओवादी आन्दोलनप्रति नेपाली जनताको उत्सुकताको विषयमा खोजपूर्ण लेखहरूलाई पुस्तकका रूपमा प्रत्युस वन्तले सम्पादन गरेका छन् । यस क्रममा उनी लेख्छन् : *"... प्रेस स्वतन्त्रताको सुरक्षा राज्यले नभइ कानूनले गर्नु पर्छ । कानुनहरूको कार्यन्वयन हुनु पर्छ । प्रेस कानुनले बचाउँछ र राज्यले कानूनको पालना र मर्यादा गर्छ भन्ने अनुभूति हुनु पर्छ"* (वन्त, २०५९ : १८) । यसो भए पनि नेपाली प्रेसमाथिको राजनीतिक प्रभाव र हस्तक्षेपको पूर्ण विश्लेषण यसमा हुन सकेको छैन ।

नेपालमा २०५८ साल मंसिर ११ गतेदेखि २०५९ भदौ १२ गतेसम्म लागू भएको सङ्कटकालमा नेपालको प्रेसको विषयमा विजय चालिसे (२०६०) ले *आम सञ्चार, द्वन्द्व र आतङ्कवाद* शीर्षकको पुस्तकमा विश्लेषण गर्नु भएको छ । सङ्कटकाल र युद्धकालिन अवस्थामा प्रेसमाथि कस्तो असर पर्छ र राज्यद्वारा नियन्त्रणको शैली कस्तो हुन्छ भन्ने अन्तर्राष्ट्रिय विषयमा बाहिरको सन्दर्भसँग नेपालको अवस्थालाई तुलना गर्नु भएको छ । यसमा चालिसेले भनेका छन् :

> प्रस्तुत कृतिमा आजका चुनौतीका विश्वव्यापी प्रवृत्ति र नेपाली प्रेसका समस्याका बारेमा छलफल-विश्लेषण गर्ने प्रयत्न भएको छ । आमसञ्चार-पत्रकारिताका विद्यार्थी, आमसञ्चारकर्मी, अध्येयता र सम्बन्धित पक्षका लागि उपयोगी हुने विश्वास गरेको छु ... (विजय चालिसे, २०६० : १) ।

द्वन्द्व र युद्धकालीन अवस्थाका विषयमा गहन अध्ययन भए पनि नेपालको राजनीति र प्रेसबीचको सम्बन्ध र विवादका बारेमा अध्ययन भएको भने देखिँदैन । श्रीराम खनालको प्रयोगात्मक पत्रकारिता (२०५९) मा खनालले लेखेका छन् : *"यो पुस्तक पत्रकारिता सम्बन्धी ज्ञान लिन चाहने जिज्ञासु पाठक नवप्रवेशी पत्रकार, क्याम्पसस्तरका पत्रकारिताका विद्यार्थी, प्रेस कानुनका विद्यार्थी एवम् सञ्चारकर्मी आदिका लागि उपयोगी हुन्छ भन्ने विश्वास लिएको छ"* (खनाल, २०५९ : १) ।

खनाल आफ्नै कृतिका बारेमा राजनीति र प्रेसबीचको सम्बन्धमा चासो नराखेको स्वीकार्छन् । उक्त कृति सामान्यतः प्रेसको इतिहास र पत्रकारिता कसरी गर्ने भन्ने विषयमा मात्र केन्द्रित रहेको देखिन्छ ।

सेलर्डद्वारा प्रकाशित कृतिमा सञ्चार र राजनीतिका बारेमा यसरी लेखिएको छ :

> हालको हिंसात्मक द्वन्द्वको रूपान्तरणका लागि चौथो अङ्गका रूपमा परिचित सञ्चारजगतको अहम् भूमिका छ भन्ने कुरामा दुईमत छैन । पत्रकारिताको फाँटबाट सञ्चारकर्मीहरूले यथासक्य यसका लागि कृयाशिलता दर्साइरहनुभएको छ । यसो भए पनि हाम्रै समाजका विभिन्न क्षेत्रबाट सञ्चारक्षेत्रले द्वन्द्वको समाधानतिर होइन चर्काउनेतिर काम गरेको आरोप व्यहोर्नु परेको छ (सेलर्ड, २०६२ : १) ।

यसरी द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने काममा प्रेसको भूमिका सकारात्मक रहेको कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) द्वारा प्रकाशित *द्वन्द्व रूपान्तरणका लागि शान्ति पत्रकारिता* नामक पुस्तिकामा युवराज संग्रौलाको विश्लेषण रहेको देखिन्छ । यसले पनि सहजकालमा प्रेसमाथि हुने राजनीतिक प्रभावका बारेमा बोलेको देखिँदैन । पुस्तकमा राजनीतिक प्रभाव र विवादका कारण खोजिएको छैन ।

*मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस)* ले २०५७ सालदेखि नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थितिको समग्र अध्ययन प्रतिवेदन *नेपाल प्रतिवेदन*को रूपमा सार्वजनिक गर्दै आएको देखिन्छ । नेपालको प्रेसमा राज्य तथा विद्रोही माओवादीका तर्फबाट भए गरेका सबै घटनाको विवरण सार्वजनिक गरेको देखिन्छ ।

> आतङ्कवाद विरोधी संघर्षका क्रममा विश्वरभरका पत्रकारहरू शिकार भए पनि नेपालमा भने फरक विचार राखेकै कारण सरकारी वा विद्रोही पक्षको निसाना बन्नु पऱ्यो । राज्यको चौथो अङ्ग मानिएका पत्रकार मारिनु, यातना दिइनु, थुनिनु र विभिन्न प्रकारका दुर्व्यवहार गरिनुले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नेपालको छवि नराम्ररी धुमिल भयो । पत्रकारका लागि सुरक्षाका लागि काम गर्ने फ्रान्सको पेरिसस्थित रिपोटर्सविदाउट बोर्डर (आरएसएफ) ले नेपाललाई

पत्रकारहरूको सबैभन्दा ठूलो जेलका रूपमा परिभाषित गरिदियो (सेहुर्डेस प्रतिवेदन, २०६० : ३) ।

यसरी नेपालको प्रेस र पत्रकारका विषयमा समग्र विश्लेषण गरिएको छ । त्यो भन्दा पनि घटेका सारा घटनालाई सविस्तार विवरण सङ्कलन गरिएको छ । तथापी यसले छापा र राजनीतिबीचको अन्तरसम्बन्धको विषयमा प्रष्ट पार्न सकेको छैन । नेपाली प्रेस र राजनीति बिचको विकाद र अन्तरसम्वन्धका विषयमा प्रतिवेदन मौन छ ।

*नेपालमा पत्रकारिता व्यवस्था र व्यवहार*मा नेपालको विभिन्न राजनीतिक व्यवस्था अन्तर्गत सञ्चालित प्रेसलाई प्रेसका भिन्न चार सिद्धान्तसँग तुलनात्मक अध्ययन गरेको देखिन्छ । नेपाली प्रेसको जन्मकालदेखि २०५५ सालसम्म बनेका प्रेस कानुन र तिनको प्रवृत्ति एवम् कार्यन्वयनको विषयमा विश्लेषण गरेको पाइन्छ ।

*“आज नेपाली प्रेसलाई कानुनी रूपमा विना हस्तक्षेप चल्न दिने व्यवस्था गरिएको छ तर यो प्रणाली व्यवहारमा कति र कसरी प्रयोग हुन सक्दछ भनी हेर्न चाहिँ अझैं समयको पर्खाइमा रहनु पर्ने भएको छ”* (राई, २०५५ : २५) भनि प्रेसमा राजनीतिको प्रभाव र कानुनको कार्यन्वयनले पूर्णता पाउँन पर्खेर हेर्नु पर्ने भनिएकाले राइको विश्लेषण पूर्ण हुन सकेको छैन ।

विगत र वर्तमान नेपालको सत्ताराजनीतिले नेपाली प्रेसमा कुन हदसम्म आफ्नो प्रभाव वा हस्तक्षेप लाद्न खोज्यो भन्ने विषयको विवेचना गरेको पाइँदैन ।

*नेपाली प्रेसमा कार्टुन* (२०५८) कुन्दन अर्यालको कृति हो । कृतिको प्रकाशन नेपाल प्रेस इन्स्टिच्यूट काठमाडौले गरेको देखिन्छ । यस कृतिमा विभिन्न समयमा नेपालका विभिन्न कार्टुर्निष्टले सृजना गरेको ६५ वटा कार्टुनको व्याख्या विश्लेषण गरिएको छ । कृतिमा नेपाली प्रेसमा कार्टुनको विकास, महत्त्व र समस्याका बारेमा चर्चा गरिएको छ ।

पुस्तकमा संग्रहित जम्मा ६५ वटा कार्टुन मध्ये ५६ वटा कार्टुनको विषय समसामयिक राजनीतिक घटना परिघटना रहेको देखिन्छ । पुस्तकका समिक्षक शरद रञ्जितको अनुसार- *“देशको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक मुद्दामा दिशाबोध गराउने प्रेसको भूमिकामा कार्टुनको पनि आफ्नै महत्वपूर्ण तथा विशेष स्थान रहेको छ । वास्तवमा कार्टुनको त्यस्तो स्थान अपरिहार्य पनि छ” ।*

यसरी पुस्तकमा कार्टुनको महत्वको बारेमा व्याख्या विश्लेषण गरिए पनि कार्टुनमा राजनीतिक प्रभावका विषयमा विश्लेषण भएको छैन । प्राय गरेर प्रेसमा छापिने कार्टुनका विषयहरू राजनीति र राजनेताका विषयमा केन्द्रित हुन्छन् । ठूला नेता र तिनले गरेका नकारात्मक कार्यलाई कार्टुनले व्यग्य गर्ने गरेका छन् । अपवादमा मात्र समाजमा घट्ने

सामाजिक विकृति विसङ्गतिलाई विषय बनाइने गर्छ । अर्यालले संग्रह गरेका अधिकांश कार्टुन राजनीसँग सम्बन्धित भए पनि त्यसको राजनीतिक प्रभावका कारणबारे अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको औचित्य

नेपाली छापा (Press) ले नेपालको प्रजातन्त्रको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । प्रेसको मुख्य दायित्व भनेकै राज्यको सूचन जनतासम्म लाने र राज्यप्रति जनताको गुनासो, सल्लाह र मागलाई राज्यसत्तासम्म पुऱ्याउँने हो । नेपालको प्रजातान्त्रिकरणमा नेपाली छापाले पुऱ्याएको योगदानको विषयमा अहिलेसम्म अध्ययन भएको देखिदैन । नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि नेपाली प्रेसको स्थान राज्यको चौथो अङ्गको रूपमा स्थापित भएको छ । तर, प्रेसको भूमिकाप्रति राजनीतिक हस्तक्षेप भएको र प्रेसले त्यस्तो राजनीतिक हस्तक्षेपको विरोध गरेको देखियो । यस्तै कानूनको उलङ्घन स्वयम् सरकार र सरकार सञ्चालन गर्ने राजनीतिक दलहरूले समेत गरेको देखियो । अतः यस विषयमा वस्तुपरक अध्ययनको आवश्यकता महसुस गरिएको हो । प्रस्तुत अध्ययनले उल्लेखित विवादको कारण खोज्नु र भावी दिनमा प्रेस र राजनीति विचको काम, कर्तव्य र अधिकार क्षेत्रको बारेमा एउटा निर्दिष्ट मार्गदर्शन गर्छ । यस अध्ययनबाट प्रेस र राजनीति विच देखिएको विवादको कारण पत्ता लगाई सर्वस्वीकार्य मान्यता स्थापित गर्नेछ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययन नेपालको छापा र राजनीति विच सृजित विवादको विषयमा केन्द्रित रहेको छ । वि.सं. २०५० देखि २०६० साल चैत्र मसान्त विचको एक दशकको अववधिलाई अध्ययनको समय सीमा निर्धारण गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को कार्यान्वयन यसै अवधीमा भएको हो । यसर्थ यही अवधीमा प्रकाशित अखवार, तिनको सामग्री र नि सामग्रीप्रति राज्यसत्ता, राजनीतिक पार्टीको प्रतिक्रिया एवम् व्यवहारलाई विश्लेष्ण गर्नु नै यस अध्ययन समय सीमाको औचित्य हो । समय सिमाभित्र रही नेपालको छापामा देखिएको राजनीतिक प्रभावको कारणको खोजी गर्न र त्यससँग सम्बन्धित पाठ्यसामग्री, पत्रपत्रिका शोधप्रबन्ध, प्रतिवेदन आदिलाई अध्ययन सामग्रीको रूपमा समावेश गरिएको छ । अध्ययनलाई सीमावद्धरूपमा सम्पन्न गर्न कतिपय सैधान्तिक विषयमा अन्तराष्ट्रिय लेखकको पुस्तक तथा अनुसन्धानलाई समेत प्रयोग गरिएको छ । विषयसँग सम्बन्धित नेपालका विभिन्न पुस्तकालयको प्रयोग गरिएको छ भने विभिन्न विज्ञसँग प्रत्यक्ष अन्तरवार्ता र तिनको अनुभवलाई समेत उल्लेख गरिएको छ ।

## १.८ अध्ययन पद्धति

प्रस्तुत अनुसन्धान मुख्यतः वर्णनात्मक तथा विश्लेषणात्मक विधिमा आधारित रहेको छ । विषयगत प्राप्त सामग्रीहरूमा पाइएका विषयवस्तुहरूलाई आधार मानी त्यसमा भेटिएका तथ्य संरचनाहरूलाई वर्णन र विश्लेषण गरिएको छ । वर्णनात्मक तथा विश्लेषण विधिमा मुख्यतः आधारित भए तापनि केही सन्दर्भ र विषयमा ऐतिहासिक र अवलोकन विधि पनि प्रयोग गरिएको छ किनभने शोधार्थी त्यस समयावधि पूर्वदेखि नै छापामा काम गर्दै आएको छ ।

अध्ययन पद्धतिका सन्दर्भमा सामग्री संकलन विधि र अर्थापन विधिको व्याख्या तलका उपशीर्षकमा गरिएको छ ।

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नको लागि शोधको सीमालाई आधार मानेर विभिन्न तीन जना विषयविज्ञ, आठ जना राजनीतिक दलका नेता तथा चार जना अग्रज प्रत्रकारको विचार सङ्कलन गरिएको छ । यस्ता विचारहरूलाई शोधकार्यमा प्राथमिक (Primary) सामग्रीको रूपमा उपयोग गरिएको छ । प्राथमिक सामग्रीको सङ्कलनका लागि नमूना छनौटमा परेका अखवारहरू- **गोरखापत्र** दैनिक, **कान्तिपुर** दैनिक, **विमर्श** साप्ताहिक, **दृष्टि** साप्ताहिक, **गाउँले देउराली** समाचार-पत्र, **हिमाल** खवरपत्रिका (पाक्षिक) र **पत्रकारिता** द्वैमासिक लगायतका पत्रिकामा प्रकाशित सामग्रीलाई उपयोग गरिएको छ । यसै गरी विभिन्न राजनीतिक दलको प्रतिवेदन, चुनाव घोषणापत्र, पत्रकारिता र प्रेससँग सम्बन्धित विज्ञप्तिहरू, अदालतको फैसला, कार्यपत्रहरू, नेताहरूको विभिन्न समयका भाषण, प्रेस विज्ञप्ति, सरकारको नीति तथा कार्यक्रमलाई पनि प्राथमिक सामग्रीहरू समावेश गरिएको छ । पुस्तकालयीय अध्ययनबाट प्राप्त सामग्रीलाई द्वितीयक (Seccondary) सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस क्रममा विषयसँग सम्बन्धित विभिन्न पुस्तक अध्ययन अनुसन्धान प्रतिवेदनहरू, पाठ्यपुस्तहरू आवश्यकता र सन्दर्भअनुसार धेरै ठाउँहरूमा द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएका छन् । विभिन्न पुस्तकालयमा पाइएका पुस्तक र पत्र-पत्रिकाको विशेष प्रयोग गरिएको छ । शोधकार्य सम्पन्न गर्दा पूर्वाग्रहबाट मुक्त भएर वस्तुतगत तथ्यहरूको आधारमा समस्याहरूको पहिचान खोज्ने, यसको विश्लेषण सत्य तथ्यको आधारमा गरी तथ्य पत्ता लगाउने प्रयास यस शोधमा गरिएको छ ।

### १.८.२ अर्थापन विधि

प्रस्तुत शोधकार्य वर्णनात्मक (Discriptive) र विश्लेषणात्मक (Anylitical) शोधविधिमा आधारित छ । नेपाली छापामा राजनीतिक प्रभावका विषय विश्लेषण कार्यमा प्रेसका निम्न चार सिद्धान्त, निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory), उदारवादी सिद्धान्त (Liberal

Theory), सामाजिक उत्तरदायित्वको सिद्धान्त (Social Responcibilty Theory) र सोभियत साम्यवादी सिद्धान्त (Soviet Communist Theory) सँग नेपाली छापालाई तुलना गरिएको छ । नेपाली छापाले प्रेसको कुन सिद्धान्त आत्मसात गऱ्यो र नेपालका राजनीतिक दलहरूले कुन सिद्धान्त अवलम्बन गर्ने प्रयास गरे । सैधान्तिक मूल्यमान्यताका आधारमा छापा र राजनीतिक विच विवाद भएको हो ? नेपाली छापामा राजनीतिको प्रभाव पर्ने कारण के हुन ? भन्ने विषयमा शोधलाई विषय केन्द्रित गरिएको छ । शोध सान्दर्भिक सबै विषय, घटना, तर्क र तथ्यहरूको सङ्कलन तथा तिनको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम भएको छ । यसर्थ यो शोधकार्य सम्पन्न गर्न आगमन र निगमन दुवै विधिको अवलम्बन गरिएको छ ।

## १.९ शोधप्रबन्धको रूपरेखा

यो शोधकार्यलाई सिलसिलेवार तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नको लागि निम्न ७ वटा परिच्छेदको व्यवस्था गरिएको छ ।

**पहिलो परिच्छेद :** यस परिच्छेदको शीर्षक *शोधकार्यको परिचय* रहेको छ ।

**दोस्रो परिच्छेद** : यस परिच्छेदको शीर्षक *नेपाली छापाको सिद्धान्त, विकासक्रम र राजनीतिक सम्बन्ध* रहेको छ ।

**तेस्रो परिच्छेद :** यस परिच्छेदको शीर्षक *नेपाल अधिराज्यको संविधान २०४७ मा छापाको प्रावधान* रहेको छ ।

**चौथो परिच्छेद :** यस परिच्छेदको शीर्षक *नेपालका राजनीतिक दलको छापा नीति र छापासँगको अन्तर्सम्बन्ध* रहेको छ ।

**पाँचौ परिच्छेद :** यस परिच्छेदको शीर्षक *नेपाली छापामा राजनीतिक प्रभावका कारणहरू* रहेको छ ।

**छैठौं परिच्छेद :** यस परिच्छेदको शीर्षक *छापामा राजनीतिक प्रभाव* राखिएको छ । यस मुख्य शीर्षक अन्तर्गत ६.१ मा *नेपाली छापामा राजनीतिनक प्रभाव* (२०५०-०५८) र ६.२ मा *सङ्कटकाल र त्यसपछिका सत्र महिनाका छापामा प्रकाशित समाचारको विश्लेषण* रहेको छ ।

**सातौं परिच्छेद :** यस परिच्छेदको शीर्षक *अध्ययनको सारांश, आगामी कार्यदिशा र निश्कर्ष* रहेको छ ।

शोधप्रबन्धका अन्त्यमा क्रमशः परिशिष्ट र सन्दर्भसामग्री सूचीको प्रस्तुति छ ।

## दोस्रो परिच्छेद

# नेपाली छापाको सिद्धान्त, विकास क्रम र राजनीतिक सम्बन्ध

### २.१ विषयप्रवेश

राजनीति र प्रेसबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । राजनीतिक विचार एवम् सिद्धान्तका आधारमा राज्यसत्ता निर्माण हुन्छ । विचारका आधारमा निर्मितः राज्यसत्ताको चरित्र कस्तो हुने भन्ने प्रश्नको निरुपण भने तत्कालिन राज्यसत्ताको वागडोर लिने शासक वा नेताको प्रवृत्तिले निर्धारण गर्दछ । यस विषयमा बालकृष्ण चापागाई लेख्नु हुन्छ :

> प्लेटोको साम्यवादबाट राजनीतिक सिद्धान्तको विकास भएको पाइन्छ भने भाषाको प्रारम्भ तीन लाख वर्ष पहिले भएको अनुमान छ । गुफा वासीहरूले ३५ हजार वर्ष पहिले सङ्केतले भाव सञ्चार गर्ने गरेको पाइन्छ । फोनेसियावासीले १७०० वर्ष इसापूर्व देखि २२ अक्षरको वर्णमाला उपयोग गरेको देखिन्छ भने मिश्रवासीले इसापूर्व ३५०० वर्ष पहिलेबाट भोजपत्रमा लेख्ने काम गरेको पाइन्छ । [1]

यसरी राजनीतिको विकास हुनु भन्दा धेरै पहिले मानिसले आफ्नो भाव व्यक्त गर्ने सङ्केत र त्यसपछि अक्षरको विकास गरेको देखिन्छ । प्लेटोले साम्वादी सिद्धान्त प्रतिपादन गरे पछि राजनीतिक विचारको विकास हुन थाल्यो । राजनीतिक विचारलाई, लेखेर, वोलेर एकले अर्कालाई सुनाउने, बुझाउने अभियानसँगै राजनीतिक सञ्चार (Political Communication) को विकास भएको मान्न सकिन्छ । श्रीराम खनालका अनुसार समाज विकासको क्रमसँगै सूचना र सञ्चारको क्षेत्रमा नयाँ प्रविधिको आविष्कार हुन थाल्यो । "सबैभन्दा पहिले चौधौं सताब्दीमा चिनले पेकिङ्ग गजेट नामक अखवारको प्रकाशन गरे पछि सन्साभर पत्र-पत्रिका प्रकाशन गर्ने लहर चल्यो । तिनको मुद्रण भने हाते प्रेसमै हुन्थ्यो । सन् १५५५ मा जर्मन नागरिक जोहन गुटेनवर्गले आधुनिक छापाखानको आवविष्कार गरेपछि अखवार प्रकाशनमा परिवर्तन आयो ।"[2] यस्तो पृष्ठभूमिबाट प्रारम्भ भएको सञ्चार र राजनीति वर्तमानमा आइपुग्दा मानव सभ्यताको अपरिहार्य पक्ष बनेको छ । राज्य सञ्चालनका लागि राजनीतिको महत्त्वपूर्ण भूमिका स्थापित भएको छ भने राज्यको कामलाई जनतासम्म पुऱ्याउने, जनताको प्रतिकृया राज्यलाई सुनाउने मुख्य काम प्रेसको भएको छ ।

मानवीय चेतना, मूल्यमान्यताको क्रमिक विकाससँगै साम्यवाद, पूँजीवाद, समाजवाद, साम्राज्यवादको विकास भएको छ । यी राजनीतिक सिद्धान्तका आधारमा राज्य निर्माण हुने र

---

[1] बालकृष्ण चापागाईं, ***आमसञ्चार र नेपाली भाषा***, (काठमाडौं : एसिया पब्लिकेशन, २०६३), पृ. ३३ ।

[2] श्रीराम खनल, ***प्रयोगात्मक पत्रकारिता***, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९), पृ. ३ ।

राज्यसत्ताको विकास क्रमसँगै छापा (प्रेस) को पनि विभिन्न सिद्धान्तहरू प्रतिपादन भएको देखिन्छ ।

## २.२ छापाको सिद्धान्त

राजनीतिक विकासक्रमसँगै अहिलेसम्म विश्वव्यापी रूपमा प्रेसका चार मुख्य सिद्धान्तको विकास भएका देखिन्छ । निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory), उदारवादी सिद्धान्त (Liberal Theory), सामाजिक दायित्व (Social responsibility theory), सोभियत साम्यवादी (Soviet Communist Theroy)।

- **निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory)**

प्रेसका यी चार सिद्धान्त मध्ये निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory) सबैभन्दा पुरानो सिद्धान्त हो । यो सिद्धान्तको विकास १६ औं सताब्दीको उत्तरार्धमा वेलायतबाट भएको पाइन्छ । निरङ्कुशतावादी सिद्धान्तले सञ्चार माध्यम र त्यसको शक्ति सधैं सत्ताको सहयोगीको हातमा सुम्पिने र आफ्नो स्वार्थअनुरुप सञ्चालन गर्ने मुख्य धेय राख्दछ । लेखक स्यामुएल जोन्सनका अनुसार :

> यो सिद्धान्तले सञ्चार माध्यमको प्रयोग सत्ताले पत्यार गरेर लाइसेन्स दिएको अथवा अनुमति दिएको मान्छेको हातमा मात्र सिमीत राख्दछ । ... राजनीतिक सिद्धान्त र सत्तामा रहेका अधिकारीहरूका आलोचना गर्न पाइदैन । यो सिद्धान्तको मुख्य उद्देश्य सञ्चार माध्यमलाई सरकारी नीतिहरूको प्रयोगको औजार बनाउनु हो ।

जुन देशमा जतिवेला निरङ्कुशतन्त्र अस्तित्वमा रहन्छ त्यो देशमा त्यतिबेला देसको राज्य सत्ताले नै प्रेसमा निरङ्कुशता लाद्ने गरेको देखिन्छ । राज्यसत्ताको चरित्र निरङ्कुश हुँदा उसले नागरिकलाई स्वतन्त्र प्रदान गर्दैन र नागरिक स्वतन्त्रता र सूचनाको पहरेदार प्रेसलाई कुनै पनि अर्थमा स्वतन्त्र हुन दिदैन । वेलायती लेखक स्यामुएल जोन्सनका अनुसार- *“निरङ्कुशतावादी सिद्धान्तले विचार प्रवाह माथि नियन्त्रण गर्दा उ (राज्यसत्ता) नैतिक र आर्थिक रुपले जलत पनि हुन सक्छ । तर राजनीतिक हिसावले उ सही हुन्छ ।”* यसरी हेर्दा लेखक जोन्सनको विचारले पनि प्रेसको निरङ्कुशतावादी सिद्धान्तले निरङ्कुशतन्त्रको सेवा गर्नु पर्ने देखिन्छ । निरङ्कुशतावादी प्रेसको धर्म ने निरङ्कुशतन्त्रको संधै सेवा गर्नु हो भन्ने तथ्य प्रष्ट हुन्छ ।

१६ औं सताव्दीमा विकास भएको प्रेसको यो सिद्धान्त करिव दुइ सताव्दी लामो अवधीभर अस्तित्वमा रहेको पाइन्छ । सन्सारभरका प्रेस यही सिद्धान्तको आधारमा सञ्चालित भएको पाइन्छ । त्यो अवधीको राज्यसत्ता पनि निरङ्कुश नै थियो । निरङ्कुश सत्तामा प्रेस पनि

निरङ्कुश चरित्रको हुनु अस्वभाविक पनि थिएन । समाज विकासको क्रमसँसै मानवीय चेतनाको क्रमिक विकास हुदै आयो । मानिस नै सत्ताको निरङ्कुशतावाट स्वतन्त्रता खोज्न थाले । निरङ्कुशतन्त्रको विकल्पमा प्रजातन्त्रको आवाज उठ्न थाल्यो । त्यहि क्रममा सत्ताको चरित्रसँग अन्तरनीहित बनेर प्रेसको निरङ्कुशतावादी सिद्धान्तको विकल्पको खोजी हुन थाल्यो । यही अभियानमा १९ औं सताव्दीको प्रारम्भसँगै निरङ्कुशतावादी सिद्धान्तको औचित्य प्रति व्यापक प्रतिवादका साथ उदारवादी सिद्धान्तको प्रतिपादन भएको देखिन्छ । यस विषयमा युवराज पाण्डे लेख्नु हुन्छ :

> निरङ्कुशतावादी सिद्धान्तको विकास १६ औं सताब्दीको उर्तरार्धमा बेलायतबाट भएको थियो । यो सिद्धान्तले सञ्चार माध्यमहरूको प्रयोग सत्ताले पत्यार गरेर लाइसेन्स दिएको अथवा अनुमति दिएको मान्छेको हातमा मात्र सिमित राख्दछ । ... राजनीतिक सिद्धान्त र सत्तामा रहेका अधिकारीहरूका आलोचना गर्न पाइदैन । यो सिद्धान्तको मुख्य उद्देश्य सञ्चार माध्यमलाई सरकारी नीतिहरूको प्रयोगको औजार बनाउनु हो ।[3]

जुन देशमा निरङ्कुसतन्त्र अस्तित्वमा रहन्छ त्यो देशको राज्यसत्ताले नै प्रेसमा निरङ्कुशता लाद्ने देखिन्छ । निरङ्कुशतन्त्रको प्रेसको सिद्धान्तलाई आफू अनुकूल प्रतिपादन गर्ने र कार्यन्वयन गरेको देखिन्छ । बेलायती लेखक स्यामुएल जोन्सनको अनुसार- *"निरङ्कुशतावादी सिद्धान्तले विचार प्रवाहमाथि नियन्त्रण गर्दा ऊ (राज्यसत्ता) नैतिक र धार्मिक रूपले गलत पनि हुन सक्छ । तर राजनीतिक हिसावले ऊ सही हुन्छ ।"*[4] जोन्सनको विचारले पनि निरङ्कुसतन्त्रको सेवा गर्नु प्रेसको यस सिद्धान्तको धर्म हो भन्ने तथ्य प्रष्ट हुन्छ ।

- **उदारवादी सिद्धान्त (Liberal Theory)**

१९ औं सताब्दीको प्रारम्भसँगै प्रेसको निरङ्कुशतावादी सिद्धान्त विस्थापित भयो । सञ्चार माध्यमको प्रभावकारीता, विश्वसनीयता एवम् सत्य तथ्यको खोजी सहित उदारवादी सिद्धान्तको प्रतिपादन भएको देखिन्छ । यसले सत्य र असत्यविचको भेद छुट्याउन सक्ने मानवीय गुण एवम् मुल्य मान्यतालाई आत्मसात गरेको छ । सञ्चार माध्यमबारे जहिले पनि समाजसँग एकाकार गर्दै जनताको सहयोगी हुनु पर्छ र मात्र प्रेसको औचित्य रहन्छ भन्ने मान्यता स्थापित गऱ्यो । प्रेस सरकारको रक्षक वा सत्ताको सहयोगी नभै जनताको पक्षमा उभिनु पर्ने तर्क अघि साऱ्यो भने आफ्नो अधिकार मात्र नखोजी दायीत्वलाई पनि बुझ्नु पर्ने आवाज उठायो । कुनै एउटा राजनीतिक विचारलाई मात्र मान्ने भएकालाई विरोध गर्ने निरङ्कुशतावादी सिद्धान्तको प्रतिवाद गर्दै सबै विचारलाई समान प्राथमिकता दिने समानताको

---

3 युवराज पाण्डे (सम्पा.), ***नेपाली पत्रकारिताको विकासक्रम,*** (काठमाडौं : प्रेस काउन्सिल नेपाल, २०५५), पृ. १२८ ।

4 ***ऐजन,*** पृ. १२९ ।

कुरा गरेको छ । अर्थात् शक्तिमा हुने, बलिया, पहुँचवालाको पहुँचमा मात्र नभै सम्पूर्ण, अल्पसंख्यक सबैको पहुँचमा सञ्चार माध्यमको पहुँच पुग्नु पर्छ भन्ने मान्यतालाई आत्मसात गरेको देखिन्छ । प्रेसको उदारवादी सिद्धान्त (Liberal Theory) को प्रतिपादन र क्रमिक विकासका लागि जोन मिल्टन, जोनस्काइन, थोमस जेफरसन र जोन स्टुआर्ट मिल जस्ता राजनीतिक दार्शनिकको विचारले महत्वपूर्ण भूमिका खेलेको छ ।

मानिसलाई सुसुचित गर्ने, व्यापारको प्रवर्द्धन गर्ने र स्वच्छ मनोरन्जन दिने उद्देश्य यो सिद्धान्तले आत्मसात गरेको देखिन्छ । सञ्चारलाई स्वतन्त्र बजारमा स्वतन्त्र मान्छेको विचारलाई पुऱ्याउने यो सिद्धान्तले न्यायपालिकाको सर्वोच्चतालाई सधैं स्वीकार गर्दछ । सञ्चार माध्यमको स्थायित्व निजी क्षेत्रमा रहनु पर्ने मान्यता राखे पनि व्यक्तिको मानहानी हुने प्रकृतिको समाचार सामग्री, अश्लिलता जस्ता विषयमा प्रेस स्वनियन्त्रित हुनु पर्ने मान्यता यो सिद्धान्तले अगांलेको छ । यो सिद्धान्त प्रतिपादनको प्रेरणास्रोत तत्कालिन उदारवादी दर्शन र त्यससँग सम्बन्धित राजनीतिक क्रान्तिहरू बनेको देखिन्छ । १७ औं सताव्दीमा वेलायत राजनीतिक दर्शनको स्रोत नै मानिन्थ्यो । १८ औं सताव्दीमा उदारवादी दर्शनले व्यापकता पाएको थियो । अमेरिका तथा फ्रान्सका राजनीतिक क्रान्ति र त्यसको प्रभाव पनि यसको प्रेरणा स्रोत हो ।

- **सामाजिक दायित्वको सिद्धान्त (Social Responsibility theory)**

विसौं सताव्दीको आगमन साथसाथै विसुद्ध उदारवादी सिद्धान्तका बारेमा थुप्रै वहस थालिएर र त्यसको विकल्पमा नविन सिद्धान्तको खोजी भएको हो । उदारवादी दर्शन व्यापक र सीमारहित हुने अस्थिरताको नियन्त्रण गर्ने कुनै सोंच नभएको भन्ने आलोचनाको विचबाट सामाजिक दायित्वको सिद्धान्त अरु उन्नत भएको प्रष्ट हुन्छ । सूचनालाई जनता विचमा पुऱ्याएर वहस छलफल चलाउने, जनतालाई सचेत गर्ने, व्यक्तिगत अधिकार रक्षाको लागि सरकारलाई निगरानी गर्ने, विज्ञापन प्रवर्धन गरी उपभोक्तासम्म सवल अर्थतन्त्रको सरल व्याख्या गर्ने, जनतालाई मनोरन्जन दिने र प्रेस सञ्चालनका लागि आर्थिक रूपमा आत्मनिर्भर हुने जस्ता यो सिद्धान्तको विशेषता रहेको देखिन्छ ।

१९ औं सताब्दीको प्रारम्भसँगै निरङ्कुशतावादी सिद्धान्त विस्थापित भयो । सञ्चार माध्यमको प्रभावकारीताको अवधारणा सहित उदारवादी सिद्धान्तको प्रतिपादन भएको देखिन्छ । उदारवादी सिद्धान्तलाई प्रजातन्त्र (Democracy) सँगै जोडेर व्याख्या विश्लेषण गर्न थालियो । प्रेसको उदारवादी सिद्धान्त प्रतिपादनका लागि जोन मिल्टन, जोन स्काइन, थोमस जेफरसन र जोन स्टुआट मिल जस्ता राजनीतिक दार्शनिकको विचारले महत्त्वपूर्ण भूमिका खेलेको छ । यस विषयमा युवराज पाण्डे प्रष्ट्याउनु हुन्छ :

विगत दुईसय वर्षयता अमेरिका र बेलायतले यसै सिद्धान्त अनुरूप सञ्चार माध्यमको अस्तित्वलाई स्वीकार गर्दै आएका छन् । र सञ्चार माध्यम सरकारी प्रभावबाट पूर्णतया मुक्त छन् । शासन प्रकृयामा राज्यको चौथो अङ्गको रूपमा सञ्चार माध्यमको भूमिकालाई प्रोत्साहित गरिएको छ । ... अठारौं सताब्दीको अन्तसम्ममा उदारवादी दर्शनको अवलम्बन गर्दै धेरै मुलुकका संविधानहरूले अभिव्यक्ति र सञ्चारमाध्यमको स्वतन्त्रताको सुरक्षा गरे । १७ औं सताब्दीका जोन मिल्टन, अठारौं सताब्दीका जोन स्काइन र थोमस जेफरसन र १९ औं सताब्दीका जोन स्टुआर्ट मिलले उदारवादी दर्शनको सुदृढीकरणमा ठूलो योगदान गरे ।'[5]

प्रेसमा उदारवादी सिद्धान्त अपनाएका देशले प्रजातन्त्र र प्रेसलाई मानिसको जीवन पद्धति र राजनीति संस्कारसँग एकाकार गरेर बुझ्ने गरेको देखिन्छ । प्रेस र प्रजातन्त्रलाई आपसका पर्यायको रूपमा ग्रहण गरेको पाइन्छ । उदारवादी सिद्धान्तले बहुलवादी राजनीतिक विचार र समाजप्रति उत्तरदायी बन्ने गर्दछ भने राज्यको चौथो अङ्गको रूपमा आफ्नो भूमिका खेल्ने गरेको पाइन्छ । निरङ्कुशतावादी सिद्धान्तको तुलनामा उदारवादी सिद्धान्त धेरै उन्नत सिद्धान्त हो । तर, समाजको निरन्तर विकास र राजनीतिक परिवर्तन सगैं २० औं सताब्दीको प्रारम्भदेखि नै उदारवादी सिद्धान्तको प्रतिवादमा उदारवादी सिद्धान्तले आत्मसात गरेको भन्दा उन्नत र विकसित सोंचको साथ सामाजिक दायित्वको सिद्धान्त प्रतिपादन भयो । २० औं सताब्दीको आगमनसँगै उदारवादी सोंच र सिद्धान्तहरूमा परिवर्तनहरू आए । यसै पृष्ठभूमिमा सामाजिक दायित्वको सिद्धान्त जन्मिएको हो ।

“सामाजिक दायित्वको सिद्धान्त वीसौं सताब्दीको अमेरिकाको देन हो । ... यो सिद्धान्तको तीनवटा मुख्य अवधारणाहरू स्थापित गरिए । स्वतन्त्रताको मूल्य हुन्छ, सञ्चारले सरकारबाट सुविधा सहुलियत पाउनु पर्छ र सुविधा सहुलियत प्राप्त सञ्चार समाजप्रति उत्तरदायी र जिम्मेदारी बन्नै पर्छ । यस्तो सञ्चार समाजप्रति उत्तरदायी बनेन भने, जिम्मेदारी स्वीकार गरेन भने सञ्चार माध्यमको सञ्चालनका लागि अर्को कुनै संस्था तयार गरिनु पर्दछ ।”[6] अहिले विश्वका प्रजातान्त्रिक मुलुकहरूले सामाजिक दायित्वको सिद्धान्त अपनाइरहेका छन् । अमेरिका, फ्रान्स, बेलायत, जापान, भारत जस्ता ठूला प्रजातान्त्रिक देशमा सामाजिक दायित्वको प्रेसको सिद्धान्तलाई प्रजातान्त्रिक शासन पद्धतिसँग मात्र नभै उनिहरूको जीवनसैलीसँग अन्योन्याश्रित गराएका छन् । अन्य विकसोन्मुख देश जहाँ प्रजातान्त्रिक मुल्य मान्यता र शासन पद्धतिको अभ्यास गरिरहेका छन् ति देशले पनि क्रमशः सामाजिक दायित्वको सिद्धान्तलाई अपनाएको देखिन्छ । २१ औं सताब्दीलाई सूचना र सञ्चारको युग बनाउन, प्रेसलाई प्रजातन्त्रको अभिन्न अङ्ग बनाउन र मानवीय जीवन पद्धतिको अनिवार्य सर्तको रूपमा

---

[5] ***पूर्ववत्,*** पा.टि.नं. ३, पृ. १३०-३१ ।

[6] ***पूर्ववत्,*** पृ. १३३ ।

स्थापित गर्दै चौथो अङ्गको रूपमा प्रेसलाई विश्वव्यापी रूपमा स्थापित गराउन सामाजिक दायित्व (Social Respocibility) को सिद्धान्तको देन हो भन्न सकिन्छ ।

- सोभियत साम्यवादी सिद्धान्त (Soviet Communist Theory)

सोभियत राज्यद्वारा प्रतिपादित सिद्धान्त हो सोभियत साम्यवादी सिद्धान्त । यो सिद्धान्तलाई कट्टर साम्यवादी राजनीतिक पार्टीको सरकारले साम्यवादी देशमा आत्मसात गर्ने एकदलीय अधिनायकवादी सिद्धान्तको रुपमा बुझ्ने गरिएको छ । यो सिद्धान्त मार्क्सवाद लेनिनवाद र स्टालिनविचारधाराको सैधान्तिक जगमा उभिएर जन्मिएको छ । मार्क्सवाद, लेनिनवादले वर्गविहिन समाजको परिकल्पना गरेको छ र वर्गीय जनताको अधिनायकवाद भएको वर्गविहिन राज्य निर्माण र विकासका लागि प्रेस पनि वर्गीय हुनु पर्ने मान्यता राख्दछ । कम्यूनिष्ट पार्टीको राजनीतिक विचारलाई आत्मसात गर्ने र अन्य राजनीतिक विचारलाई निशेध गर्नु यो सिद्धान्तको मुख्य उद्देश्य रहेको देखिन्छ ।

> निरङ्कुशतावादी सोभियत सिद्धान्त अहिले अस्तित्वमा छैन प्रजातन्त्र स्वतन्त्रताको आधिले उडाइसकेको छ । तत्कालिन सोभियतसंघको सञ्चार सिद्धान्त मुख्यतः लेनिन र स्टालिनले गरेको मार्क्सवादी व्याख्यामा आधारित छ । सोभियत पद्धतिमा राज्यको सिद्धान्त पनि छैन, सञ्चारको पनि छैन । एउटा मात्र सिद्धान्त छ, त्यो हो सञ्चारमाध्यममाथि पार्टी र सरकारको नियन्त्रण ।[7]

सन १९९० को दशमा सोभियतसंघ पतन भयो । सोभियतसंघमा कम्यूनिष्ट सत्ताको समाप्तिसँगै सोभियत साम्यवादी सिद्धान्तको पनि पतन भएको देखिन्छ, तर साम्यवादी मुलुकहरू चिन, उत्तरकोरिया, भियतनाम, क्यूवा जस्ता साम्यवादी देशहरूले अहिले पनि कम्यूनिष्ट पार्टीको विचारलाई मात्र प्राथमिक्ता दिने र कम्यूनिष्ट राज्यसत्ताको चरित्रलाई आत्मसात गर्ने मान्यताका प्रेस सञ्चालन गरेका छन् । तर, त्यहाँ सोभियत साम्यवादी सिद्धान्तको नाममा नभै आफ्नो देशको सापेक्षतामा प्रेस सञ्चालन भएको दावी ति देशहरूले गर्दै आएका छन् ।

यसरी प्रेसको निम्न सिद्धान्त प्रतिपादन भएको र देश काल परिस्थितिका आधारमा तिनको कार्यान्वयन हुदै आएको देखिन्छ । यस्तै पुराना सिद्धान्तहरू विस्थापित पनि बन्दै आएका छन् । मुख्यतः अहिले विश्वका प्रजातान्त्रिक देशले उदारवादी र सामाजिक दायित्वको सिद्धान्तलाई अपनाई रहेका छन् । दक्षिण पूर्वी एसियाकै कतिपय देशले संविधानमै प्रेस तथा वाक् स्वतन्त्रतालाई प्रत्याभूत गरेका छन् । छिमेकी राष्ट्र भारतले सामाजिक दायित्वको सिद्धान्तलाई आत्मसात गरेको छ भने पाकिस्तान र चिनमा अझै पनि निरङकुशतावादी र साम्यवादी सिद्धान्तको निरन्तरता रहेको अवस्था छ । हाम्रो देशमा २०४६ को परिवर्तन यता

---

[7] ***पूर्ववत्,*** पृ. १३६ ।

आएर उदारवादी प्रेसको सिद्धान्तलाई आत्मसात गरेको अवस्था छ भने २०६२/०६३ को जनक्रान्ति पश्चात बनेको अन्तरिम संविधान २०६३ ले सविधानको प्रस्तावनामै प्रेसको स्वतन्त्रतालाई आत्मसात गरी सामाजिक दायित्वको सिद्धान्तलाई मान्यता दिएको अवस्था छ ।

## २.२ नेपालको छापा कानुन

प्रेस कानुनको जन्म प्रेसको सिद्धान्त प्रतिपादनसँगै भएको मानिन्छ । जुन प्रेस सिद्धान्त राज्यले आत्मसात गऱ्यो, त्यहि सिद्धान्तको अनुसरण गर्दै तात्कालिक प्रेसले आ-आफ्नै आचारसंहिता बनाउँने र त्यसको आफैद्वारा पालना गर्ने प्रचलनको विकास भएको देखिन्छ । छापा कानुनको इतिहासको बारेमा हरिहर विरही लेख्नु हुन्छ :

> स्वतन्त्रता र उत्तरदायित्व प्रेस-रथका दुई पाङ्ग्रा हुन् र यी दुई मध्ये एकको अभावमा प्रेसले ठीक ढंगले अपेक्षित काम गर्न सक्दैन भन्ने कुरालाई प्रेसजगतले पनि स्वीकार गरेको पाइन्छ र त्यस्तै स्वीकृतिका आधारमा पत्रकार आचार संहिता (Code of Conduct or of code of ethics) को इतिहासको निर्माण भएको पाइन्छ । अमेरिकी समाचारपत्रहरूको सम्पादक समाज (The Amirican Society of Newspaper Editors ASNE) ले पहिलो पल्ट सन् १९२३ मा पत्रकारहरूले पालना गर्ने पर्ने आचारसंहिता घोषणा गरेको पाइन्छ । [8]

यस पछि क्रमिक रूपमा विभिन्न देशका प्रेस सम्बन्धी संस्थाहरूले आचारसंहिता निर्माण, पालना र कार्यन्वयन गर्दै आएको पाइन्छ । यीनै आचारसंहितालाई समेत आधार बनाएर संयुक्त राष्ट्रसंघले जारी गरेको मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र सन् १९४८ मा नागरिकको स्वतन्त्रतालाई ग्यारेन्टी गरेको देखिन्छ । यस घोषणा-पत्रको धारा १९ अनुसार- “प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । विना कुनै हस्तक्षेप मत, विचार ग्रहण गर्ने र सीमाको वन्देज विना कुनै माध्यमद्वारा जानाकारी एवम् मत प्राप्त गर्ने, गर्न खोज्ने र प्रयास गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।”[9] भनि किटानी व्यवस्था गरीएको छ । यसरी सन् १९४८ को डिसेम्बर १० मा जारी विश्वाव्यापी घोषणापत्र कै आधारमा सन् १९६० को डिसेम्बर १६ मा पारित नागरिक तथ राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले अरु स्पष्ट पारेको देखिन्छ । यसपछि क्रमशः मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणका लागि युरोपीय अनुबन्ध सन् १९५३, युरोपीय अनुबन्ध सन् १९७८, मानव अधिकार बारे अन्तर अमेरिकी अनुबन्ध सन् १९८१, मानव एवम् जनअधिकारको अफ्रिकी घोषणा सन् १९८६ जारी भएपछि प्रेस कानुनको विकासमा महत्त्वपूर्ण उपलब्धिहरू थपिएका छन् । यस्तै स्वतन्त्र र बहुलवादी एशियाली सञ्चार माध्यमको विकासका लागि आल्माआता (काजिखास्थान) घोषणा-पत्र सन् १९९२ र स्वतन्त्र तथा बहुलवादी अफ्रिकी

---

8 हरिहर विरही र अरु, ***प्रेस जगत,*** (सम्पा.), (काठमाडौं : प्रेस काउन्सिल नेपाल, २०५८), पृ. ७८ ।

9 हेर्नुहोस्, परिशिष्ट -१ ।

प्रेस प्रवर्द्धनका लागि विन्डहक घोषणा-पत्र सन् १९९१ महत्त्वपूर्ण रहेको देखिन्छ । यो घोषणालाई युनेस्कोद्वारा सन् १९९३ मे ३ मा अनुमोदन गरी आधिकारिकता दिएको देखिन्छ । विण्डहक घोषणापत्र लागू भए पछि विश्वभरका पत्रकारले ३ मे लाई विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आएका छन् । यसरी विश्वभरका प्रेस सम्बन्धी संघ संस्थाले प्रेस स्वतन्त्रतालाई राजनीतिक स्वतन्त्रताको रूपमा, मानव स्वतन्त्रताको रूपमा आत्मसात गरेपछि राज्यले प्रेस सम्बन्धी कानुनमा परिमार्जन गर्न थाले । प्रेसको स्वतन्त्रता, मर्यादा र उत्तरदायित्वलाई कानुनले व्यवस्थित गर्न थाले । विभिन्न देशको प्रेस सम्बन्धी राष्ट्रिय कानुन बनेको छ । अन्तर्राष्ट्रिय कानुनको रूपमा वर्तमानमा आएर प्रेस कानुनले मान्यता पाएको छ ।

नेपालमा भने वि.सं. १९५८ मा तत्कालिन श्री ३ देव शम्सेरद्वारा गोरखापत्र छाप्नको लागि जारी सनदवाट प्रेस कानुनको जन्म भएको देखिन्छ । त्यसपछि अन्तरिम संविधान २००७, नेपालको संविधान २०१५ ले प्रेस कानुनलाई आत्मसात गर्दै आएको छ । नेपालको संविधान २०१९ ले पनि प्रेस कानुनको व्यवस्था गरेको थियो । तर, उक्त संविधानले एकदलीय अधिनायकवादी प्रेसलाई नै आत्मसात गरेको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले सूचनाको हकलाई र छापाखाना र पत्र-पत्रिका प्रकाशनको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेर नेपालको प्रेस कानुनलाई महत्त्व दिएको प्रष्ट छ । पछिल्लो चरणमा आएर अन्तरिम संविधान २०६३ ले संविधानको प्रस्तावनामा नै स्वतन्त्र प्रेसको बारेमा ग्यारेन्टी प्रत्याभूत गरेर उच्च महत्त्व दिएको अवस्था छ ।

## २.३ नेपाली छापाको विकास क्रम

थुप्रै परिवर्तनको तह पार गरेर मात्र नेपाल आधुनिक छापा सञ्चारको युगमा प्रवेश गरेको देखिन्छ । विभिन्न राजनीतिक व्यवस्था, विधि र संस्कार पार गर्दै वर्तमान राजनीतिक व्यवस्थामा नेपाल आइपुगेको पाइन्छ ।

करिव ३५ हजार वर्ष पहिले मानव पुर्खाहरूले गुफाकालिन अवस्थामै सङ्केतको माध्यमबाट सञ्चारको आरम्भ गरे पनि अक्षरको आविस्कार भने इ.पू. ४५० ताकातिर चीनमा अक्षरको प्रयोग भइसकेको थियो । छापाको विकास क्रमबारे श्रीराम खनाल लेख्छन् : *"... विश्वमा चौधौं सताब्दीमा 'पेकिङ गजेट' नामक अखबारको प्रकाशन भयो । त्यसपछि विश्वका विभिन्न देशहरूमा पत्र-पत्रिकाहरू प्रकाशन गर्ने लहर चल्यो । तिनको मुद्रण भने हाते प्रेसमै हुन्थ्यो ।"* [10] वर्तमान युग २१ औं सताब्दीमा प्रवेश गरेकोको छ । यो युगलाई राजनीतिले नेत्रित्व गरिरहेको देखिन्छ । राजनीतिशास्त्र, समाजशास्त्रको एउटा अङ्ग हो । तर, अन्य शास्त्रको तुलनामा राजनीतिशास्त्र बढी प्रभावकारी र शक्तिशाली बन्दै आएको देखिन्छ ।

---

[10] श्रीराम खनाल, ***प्रयोगात्मक पत्रकारिता,*** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९), पृ. ३ ।

राजनीतिशास्त्रको विकास हुनु पहिलेनै राजनीतिक दर्शनको विकास भएको र दर्शनको धरातलबाट शास्त्रको विकास भएपछि राजनीतिकर्मीको विकास हुँदै आएको मानिन्छ ।

राजनीतिशास्त्रको विकास क्रमसँगै राजनीतिक सञ्चारको विकास भएको मान्न सकिन्छ । राजनीतिशास्त्रले राज्य सञ्चालन गर्ने मात्र नभै राज्य सरकार र शक्तिको बारेमा समेत अध्ययन गर्दछ । राज्यले गरेको कामलाई जनताको तहसम्म पुऱ्याउँने र जनताको प्रतिकृया राज्यलाई सुनाउँने काम अहिले प्रेस (छापा सञ्चार) ले गर्दछ । छापा सञ्चार अझ ससक्त बनेको देखिन्छ ।

यसकारण वर्तमान युगलाई सूचना तथा सञ्चारको युग पनि भन्ने गरिन्छ । आधुनिक राजनीतिशास्त्रको विकास ग्रीसबाट भयो भने (Press) छापाखानाको विकास सन् १५५५ ताका जर्मनीमा भएको देखिन्छ । यस कामको श्रेय क्रमशः प्लेटो र जोहन गुटेनवर्गलाई जाने कुरामा आधुनिक राजनीति सञ्चार जगतको मतैक्यता रहेको पाइन्छ । प्रेस भन्ने शब्दले अहिले सम्पूर्ण पत्रकारिता क्षेत्रलाई बुझाउने गरेको छ । यस विषयमा प्रमोद प्रधानले लेख्नु भएको छ : छाप्ने यन्त्र भनेर बुझिने 'प्रेस' शब्द समयको कालक्रमसँगै व्यापक अर्थमा प्रयोग हुन थालेको छ । हुन त अहिले 'प्रेस' भन्ने शब्दको ठाउँमा 'मिडिया' भन्ने शब्दको प्रचलन पनि बढ्दै गएको देखिन्छ । जे होस 'प्रेस' भन्ने शब्दले आजभोलि समाचार पत्रिका, रेडियो र टेलिभिजन जस्ता आमसञ्चार माध्यमबाट गरीने एवम् ति निकायमा कार्यरत पत्रकारहरूलाई समष्टिगत रूपमा बुझाउँछ ।[11]

नेपालमा भाषा, लिपी र राजनीतिको विकास निकै पहिले भएको भए पनि छापाखाना र छापा सञ्चारको विकास निकै पछिबाट भएको देखिन्छ । तत्कालिन प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाले वि.सं. १९०८ मा बेलायतबाट पहिलोचोटी लेटरप्रेस नेपालमा भित्र्याएको पाइन्छ । यता काठमाडौं निवासी कुवेररत्न बज्राचार्य (दुरुकाजी) ले सम्वत १९४९ मा बुद्धप्रेस नामक छापाखानाको प्रयोग गरेको देखिन्छ ।

समाचारमूलक अखवार चाहिँ सम्वत १९५८ साल जेठ ३ गते सोमवारका दिनबाट प्रकाशन सुरु भएको भेटिन्छ । सम्वत १९५५ सालमै सुधासागर नामक मासिक पत्रिका प्रकाशन भएको भए तापनि सुधासागर समाचारमूलक अखवार नभई विसुद्ध साहित्यिक पत्रिका थियो । यसरी नेपालमा प्रेसको सुरुआत भएको पाइन्छ ।

---

[11] प्रमोद प्रधान, ***प्रेस स्वतन्त्रता र सञ्चार माध्यममा एकाधिकारको खतरा,*** सम्पादक समाजको पूर्वाञ्चल भेला, (इलाम : २०६० असार मा प्रस्तुत कार्यपत्र) ।

- ## वि.सं. १९५८ देखि २००७ सालसम्म नेपाली छापामा रानीतिक प्रभाव

नेपालमा वि.सं. १९५८ साल जेठ ३ गते सोमवारको दिनदेखि गोरखापत्र प्रकाशन भएपछि मात्र नेपाली छापा सञ्चारको विकास भएको पाइन्छ । तत्कालिन राणा प्राइममिनिष्टर श्री ३ देव शमशेर जवराले गोरखापत्र छाप्नको लागि वि.सं. १९५८ बैशाख बदी ११ रोज २ का दिन जारि गरेको सनद[12] नै नेपालको पहिलो प्रेस कानुन मानिएको छ । उक्त सनद जारी हुनुभन्दा २ वर्ष १० महिना पहिल्यै वि.सं. १९५५ साउनमा 'सुधासागर' नामको नेपाली मासिक पत्रिका प्रकाशित भएको पाइन्छ । तर, सुधासागर समाचार पत्रिका नभै शुद्ध साहित्यिक पत्रिका थियो । उक्त पत्रिकाको विषयमा नलोपाख्यान पुस्तकको भूमिकामा यस्तो उल्लेख भएको देखिन्छ । ... *यो बडो खुसीको वात भयाको छ कि, हाम्रो गोरखाभाषामा पनि ५५ सालका श्रावण मैना देखिन् 'सुधासागर' भन्या मासिक पत्र निस्क्याको छ । जसमा अनेक तरहको विध्न आनन्द दिन्या श्लोक कथाहरू समेत हाली प्रकाशन हुन्छ ।* [१३]

**गोरखापत्र** प्रकाशनका लागि जारी सनदमा के छाप्नु हुने र कस्तो विषय चाहिँ छाप्नु नहुने भन्ने समेत प्रष्ट पारेको देखिन्छ । **गोरखापत्र** प्रकाशन भएपछि अन्य समाचारमूलक अखवारहरू प्रकाशन हुन थालेको पाइन्छ ।

वि.सं. १९९१ सालमा **शारदा** मासिक, २००४ सालमा **आँखा** मासिक र **नेपाल शिक्षा** नामको मासिक पत्रिका काठमाडौंबाट प्रकाशन भयो भने २००५ सालमा विरगन्जबाट **सेवा** मासिक पत्रिका प्रकाशन भएको पाइन्छ । यसरी नै २००६ सालमा शेषराज शर्माको सम्पादनमा **पुरुसार्थ** मासिक पत्रिका प्रकाशन भएको देखिन्छ ।

**गोरखापत्र** वि.सं. २००० सालदेखि अर्ध-साप्ताहिक २००३ सालदेखि हप्तामा ३ पल्ट र २०१७ सालदेखि दैनिक भएको देखिन्छ । सुरुका दिनमा साप्ताहिक **गोरखापत्र**ले ५९ वर्षपछि मात्रै दैनिक बनेर अहिलेसम्म निरन्तर सरकारी दैनिक अखवारको रूपमा प्रकाशन भइरहेको छ । **गोरखापत्र** देनिक नै आज नेपाली छापा सञ्चार (Print Media) को इतिहास र वर्तमान दुवै भएको छ । सुधारवादी राणा प्रधानमन्त्री श्री ३ देव शमशेरको सदीक्षाबाट जारी सनदकै आधारमा वैधानिक कानुन २००४ मा वाक् तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था भएको र छापाखाना प्रकाशन सम्बन्धी ऐन २००५ पनि त्यसकै परिणाम हो भन्न सकिन्छ ।

यस बीचमा प्रकाशन भएका अखवारले तत्कालिन समाजमा समाचार कथा, कविता र अन्य विविध विषयमा जानकारी गराउँने अद्देश्य राखेर प्रकाशन भएको पाइन्छ । **गोरखापत्र**ले

---

12 हेर्नुस् परिशिष्ट - २ ।

13 ग्रिष्मबहादुर देवकोटा, ***नेपालको छापखाना र पत्र-पत्रिकाको इतिहास,*** (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. २९ मा उद्धृत नलोपाख्यान पुस्तकको भूमिका ।

राणाशासनमा राम्रा कामको वर्णन जप्ने काम गऱ्यो भने अन्य नीजि क्षेत्रका अखवारले विषयमा विविधता ल्याउन खोजेको भेटिन्छ । कथा, कविताकै माध्यमबाट राजनीतिक चेतना भर्ने पनि लक्ष राखेको पाइन्छ : *"जे जति निस्कीए त्यबखतको शासनअनुसार नै तिनीहरू निस्कीन सफल भएका छन् । तिनीहरूलाई आर्थिक सहायता दिई निकाल्न प्रेरणा दिने पनि त्यसै बखतको सत्तारुढलाई नै छ ।"* [१४]

२००५ सालमा कलकत्ताबाट **नेपालपुकार** प्रकाशित भएपछि राजनैतिक उद्देश्यपूर्तिका लागि पत्रकारिता गरिने नयाँ परम्पराको इतिहास प्रारम्भ भएको थियो । २००७ सालको युगान्तकारी राजनैतिक परिवर्तनसम्म नेपाली पत्रकारिताले नासोको रूपमा भविष्यलाई सुम्पेको यो परिपाटीले २००७ सालपछि प्रेस र प्रकाशन स्वतन्त्रताको मौलिक अधिकारलाई उपयोग गर्दै आफ्नो स्तर, स्वरूप र सहभागितामा अत्याधिक विकास गर्ने मौका पाएको हुँदा नेपाली पत्रकारिताले आजसम्म आफ्नो गौरव र संघर्षमय अतितलाई प्रत्येक अवसरमा संझिने गर्दछ[१५] भनिएको छ ।

यसरी हेर्दा वि.सं. १९५८-२००७ सालबीचको अवधिमा नेपालको छापामा तत्कालिन राजनीतिको प्रभाव परेको देखिन्छ । तत्कालिन एकदलीय जहानीया राणाशासनको चरित्रअनुसारकै प्रेस संञ्चालन भएको पाइन्छ । स्वतन्त्र प्रेसको चेतना प्रेसकर्मीमा भए पनि शासकको सामु स्वतन्त्र निश्पक्ष बन्न सकेनन् । स्वतन्त्र पत्रकारिता नभई राणा मिशन प्रेस चलेको देखिन्छ । तत्कालीन नेपाली प्रेस राणा राजनीतिको प्रभावबाट मुक्त  नभएको देखिन्छ । राणाहरूको स्वार्थ र निर्देशनमा निर्देशित र संकुचित छापा चलेको थियो भन्ने प्रष्ट हुन्छ ।

- **२००७ सालदेखि २०१७ बीचको एक दशक**

वि.सं. २००७ सालको ऐतिहासिक जनक्रान्तिले १०४ वर्षे जहानीयाँ राणाशासनको अन्त्य गरी नेपालमा बहुदलीय प्रजातान्त्रिक राजनीतिक व्यवस्थाको सूत्रपात भएको देखिन्छ । जहानीयाँ राणाशासनको समाप्ति र बहुदलीय प्रजातन्त्रको प्राप्तिले जनतामा उत्साह, जागरण र स्वतन्त्रताको अनुभूति आएको र त्यो स्वाभाविक थियो । राज्यसत्ता संरचनाको उपरिढाँचामा प्रजातान्त्रिकरणको सुरु भएको पाइन्छ ।

२००७ सालको जनक्रान्तिमा स्वयम् राजा त्रिभुवनको महत्त्वपूर्ण भूमिका रहको विषयमा मतैक्यता देखिन्छ । राजा सहितको सकृयतामा शान्तिपूर्ण जनक्रान्तिको सफलतासँगै नेपाली जनतामा राजनीतिक चेतनाको विकास पनि हुन थाल्यो ।

---

14 ***ऐजन,*** पृ. २७१ ।

15 देवीप्रसाद ओझा, ***पत्रकारिता र यसका चुनौतीहरू,*** विषयक कार्यपत्र, २०५५ ।

नेपाली जनताले देखाएको प्रजातन्त्रप्रतिको आस्था, विश्वास र परिवर्तनप्रतिको चाहानालाई प्रतिनिधित्व गर्दै समाजमा सही सूचना संप्रेषण गर्न त्यसबेलाका पत्रकारहरू अरु बढी कृयाशिल भएको पाइन्छ । प्रजातन्त्र, जनजीविका, राजनीतिक संस्कार तथा राष्ट्रियताको संस्थागत विकास र संवृद्धिलाई आत्मसात गर्दै लक्ष्य पत्रकारितामा पत्रकारहरू लागेको पाइन्छ । वि.सं. २००७ साल यता आएर पहिलेको तुलनामा यस अवधिमा नेपालको प्रेसले ठूलो फड्को मारेको देखिन्छ ।

वि.सं. २००७ सालदेखि २०१२ सालबीचमा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा **जागरण** साप्ताहिक, सिद्धिचरण श्रेष्ठको सम्पादनमा **आवाज** दैनिक २००८, बरुण शमशेर जवराको सम्पादनमा **नेपाल गार्जियन** मासिक २०१०, मणिराज उपाध्यायको सम्पादनमा **समाज** दैनिक २०११, गोपालदास श्रेष्ठको सम्पादनमा **दि कमनर** दैनिक २०१२ प्रमुख अखवार हुन् । यसको अतिरिक्त देशको राजधानी र राजधानी बाहिरको मुख्य शहरबाट समेत अखवार प्रकाशन भएको देखिन्छन् ।

यस्तै आशाराम शाक्यको सम्पादनमा **पासा** पाक्षिक (हिन्दी) २००९ र फत्तेबहादुरसिंहको सम्पादनमा **नेपालभाषा** दैनिक (नेवारी भाषा) उल्लेखनीय देखिन्छ : *"समाजले स्वस्थ्यकर स्वतन्त्र पत्रकारिताको पवित्र कर्तव्यलाई पूर्णतया भूमिका निभाउँन नसके तापनि त्यस दिसातर्फ गतिशिल छ । उसको चेतना मृत छैन । नेपालको पत्रकारिताको इतिहास यदि कहिल्यै लेखियो भने 'समाज' को त्यसमा विशेष स्थान रहनेछ ।"* [१६]

यस अवधिमा जसरी मुलुकको राजनीति जुन गतिमा रह्यो त्यसै गतिमा प्रेसले पनि आफूलाई उभ्याएको पाइन्छ । राणाशासनको विधिवत अन्त्य भए पनि राज्यको हरेक अङ्गमा उसको पुरानो प्रभाव रहनुका साथै परिवर्तनका पक्षधर कांग्रेस, प्रजापरिषद र राजासँग राणाको आन्तरिक शक्तिसंघर्ष रहिरहनुले मुलुकको राजनीतिले स्थिरता पाउन सकेन । त्यसकारण नेपाली प्रेस जतिमात्रामा प्रजातन्त्रप्रति ससक्त बन्नु पर्ने थियो त्यति नभएको पाइन्छ । दुईपक्षीय राजनीतिक शक्तिसंघर्षको चेपाइमा नेपाली प्रेस चल्न बाध्य भएको भेटिन्छ ।

यी राजनीतिक समस्याको बीचमा रहेर प्रेस संचालन भए पनि यस अधिको प्रेसले दलीय राजनीतिको पक्षधरता लिएको देखिन्छ । प्रेसको मुख्य धेय नै प्रजातन्त्रको संस्थागत विकास र निरन्तरता भएको देखिन्छ ।

स्वतन्त्र पत्रकारिताको सुरुआत गर्ने जमर्को २००७ सालको परिवर्तनबाट मात्र भयो । पत्रकारिता वा प्रेस स्वतन्त्रताको कुरा प्रत्यक्षतः नागरिकता, मानव स्वतन्त्रता र सूचनाको हकसँग अभिन्न विषय भएकाले पनि २००७ सालको सन्दर्भलाई पत्रकारिता र प्रेस स्वतन्त्रताको

---

[16] ग्रिष्मबहादुर देवकोटा, ***नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,*** (काठमाडौं : साझा प्रकाशन, २०४३), पृ. ६२ ।

उठानकालको रूपमा लिनु उपर्युक्त हुन्छ । परिस्कार, नविनता र सुधारको संयोजन गर्दै २००७ सालको परिवर्तनदेखि अगाडि बढेको नेपाली स्वतन्त्रता उन्मुख प्रेसले २०१७ सालमा भएको राजनीतिक घटनाक्रमसँगै आफ्नो भएकै स्वतन्त्रता खुम्च्याएर बाँच्नु पर्‍यो । २०१७ सालदेखि २०३६ सालसम्म नेपाली प्रेसले निकै ठूलो उकुसमुकुसमा आफ्नो अस्तित्व बचाउने काम गर्‍यो । विक्रम सम्वत २०३६ पछिको जनमत संग्रहको राजनीतिक घटनाक्रमले तुलनात्मक रूपमा खुकुलो परिवेशमा अगाडि बढे पनि २०४६ सालसम्म नेपाली प्रेसले स्वतन्त्रताको अनुभूति गर्न पाएन ।

- **तीस वर्षे पञ्चायतीकाल (वि.सं. २०१७–२०४६)**

२०१७ साल पुस १ गते राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रमाथि प्रतिवन्ध लगाइ, एकदलीय पञ्चायती व्यवस्था लागू गरे । राजनीतिक व्यवस्थामा परिवर्तनसँगै विगतको सबै संरचनामा परिवर्तन भएको प्रस्ट हुन्छ । यसै क्रममा नेपालको संविधान २०१९ निर्माण भै पञ्चायती व्यवस्थाले आफूलाई संस्थागत गर्न थालेको पाइन्छ ।

अर्कोतिर दलीय राजनीतिक पक्षधर राजनीतिक दल- कांग्रेस, कम्यूनिष्टका नेताहरूलाई पञ्चायतको जेलमा कोचियो । सैंयौं नेताहरू भारत प्रवास गएका र सैंयौं अन्य नेता कार्यकर्ता जनताको बीचमै भूमिगत भएर गुमेको, प्रजातन्त्र फर्काउन आन्दोलनमा लागेको देखिन्छ । अन्य केही नेताहरू राजाको कदमलाई आत्मसात गरी पञ्चायतमै रमेको पनि भेटिन्छ ।

नेपालको संविधान २०१९ ले वाक तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरेको देखिन्छ । तर सोही संविधानको प्रस्तावना र भावनाको प्रतिकूल नहुने गरी । एकदलीय पञ्चायती व्यवस्थाको खिलापमा बोल्न लेख्न र आलोचना गर्न पाउँने छुट सो संविधानले व्यवस्था गरेको देखिँदैन । प्रेस र प्रजातन्त्रको बीचमा अन्योन्याश्रित सम्बन्ध हुने भएकाले एकदलीयता र तानाशाही निरङ्कुशताको विरोध स्वाभाविक रूपमा गर्छ । त्यो धर्म यस अवधीका छापाले निर्वाह गर्ने चेष्टा गरेको देखिन्छ । तर, जुन अखवारले त्यस्तो चेष्टा गर्‍यो त्यसले तुरुन्त बन्द हुनु परेको देखिन्छ ।

पञ्चायतकालको प्रेस पञ्चायती राजनीतिक मिसनका लागि बाध्य भएर खुम्चीनु परेको यथार्थता नेपाली प्रेस जगतले महसुस गरेको पाइन्छ । विगतमा प्रेसले गरेको स्वतन्त्र अनुभव र विकासमा प्रतिबन्ध लागेको, प्रजातन्त्रवादी अखवारहरू बन्द गराइएको र पञ्चायतको पक्षपाती पत्रिकाहरू दर्ता भएको देखिन्छ ।

नेपालको संविधान २०१९ अनुरूप पञ्चायती सरकारले छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०१९ निर्माण गरी सोहीअनुसारको प्रेस चलाएको देखिन्छ । छापाखाना र प्रकाशन रजिष्ट्रेशन नियमावली २०२०, छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०३२ र वाक तथा

प्रकाशन सम्बन्धी ऐन २०३६ का आधारमा पञ्यचातकालका प्रेस संचालन भएको देखिन्छ । २०३६ सालको विद्यार्थी आन्दोलन पछि २०३७ को जनमत संग्रह पछि पञ्चायती शासकहरूमा थोरै सुधारको संकेत आएको पाइन्छ । २०३७ सालमै वाक स्वतन्त्रता ऐन बनेपछि नेपालको प्रेस विसको उन्नाइस स्वतन्त्र भएको भेटिन्छ । सुधारिएको पञ्चायती सरकारले २०३८ सालमा छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन २०१९ एवम् छापाखाना र प्रकाशन सम्बन्ध ऐन २०३६ लाई खारेज गरी नयाँ छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०३९ जारी गरेको देखिन्छ । उक्त ऐनको आधारमा २०४० सालमा नियमावली बनाइ नेपालको छापा संचालन गरेको देखिन्छ ।

पञ्चायती संविधान, ऐन र नियमावलीभित्रै रहेर केही पत्रिका र तिनको सम्पादक/प्रकाशकहरूले स्वतन्त्र प्रेस र दलीय प्रजातन्त्रको विषयमा सम्पादकीय स्वतन्त्रता उपभोग गर्ने कोसिस गरेको भेटिन्छ । तर, त्यस्तो पत्रिका र पत्रकार सरकारको कोपभाजनमा परेको थियो । पत्रकारलाई कारबाही भयो र प्रकाशनमा प्रतिबन्ध लगाइयो । **प्रतिनिधि** साप्ताहिक, **नयाँ सन्देश** साप्ताहिक, **नेपाल टायम्स**, **नेपाल पोष्ट**, **विश्वदुत समाचार पत्र** र **दियालो** यस घटनाको प्रतिनिधि उदाहरण हुन् ।

> श्री ५ को सरकारले पत्र-पत्रिकाप्रतिको दुराग्रह दुई साप्ताहिक समिक्षा र नेपाल पोष्टको दर्ता खारेज गरेपछि अड्तिस अन्य समाचार पत्रको रूपमा प्रकाशित हुँदै आएको छ । सरकार आफ्नो कुकर्मलाई ढाकछोप गर्न सम्पूर्ण विरोधी पत्रिकाहरूको प्रकाशनलाई समाप्त पार्न त खोज्दै छैन भन्ने आशङ्का आजभोलि बड्दै गएको छ । एक हप्ताभित्र साप्ताहिक, एक दैनिक माथि कारबाही चलाउनुको साथै एकचालिस प्रकाशनलाई पतिबन्धित गरिएबाट के यो सिद्ध भएको छैन । [१७]

यसको अतिरिक्त भारतबाट प्रकाशित पत्रिकाहरू नेपाल ल्याउँन प्रतिबन्ध लगाउँने निर्णय समेत तत्कालिन सरकारले गरेको पाइन्छ । नेपालको आन्तरिक मामलामा अनरगल प्रचार गरेको र नेपाल भारत बीचको दौंत्य सम्बन्धमा आँच पुगेको बहानामा यस्तो निर्णय गरेको पाइन्छ ।

प्रतिबन्धित पत्रिकाहरूमा **हिमालय टाइम्स सन्देश**- पटना, **जनता**- पटना र **हिन्दुस्थान टाइम्स**- इण्डिया हुन् । यी सबै निर्णयहरू २०१७ र २०१९ बीचमा भएका हुन् ।[१८]

यसरी तीस वर्षे पञ्चायती व्यवस्थामा सञ्चालित छापालाई हेर्दा स्वतन्त्र बन्न सकेको देखिँदैन । पञ्चायत नियन्त्रित एवम् निर्देशित छापा संचालन भए । आफ्नो स्वतन्त्रता र स्वस्थ्य व्यवसायिक्ताको बाटोमा हिड्न सकेन । नेपालको संविधान २०१९ को भावना अनुरूप बनेको

---

17 ***विश्वदुत*** साप्ताहिक, २० असोज २०३८, पृ. २ ।

18 कुलचन्द्र वाग्ले, "नेपालको पत्रकारिताको नियती र वर्तमान प्रवृत्ति", ***स्मारिका नेपाल-भारत पत्रकार सम्मेलन,*** (काठमाडौं : सम्पादक समाज नेपाल, मंसिर २०५३), पृ. २६-२७ ।

ऐन र नियमावलीका आधारमा पञ्चायती मिसन पत्रकारिता संचालन भएको देखिन्छ । निर्दलीयताको मिसनको सिक्रीमा नेपाली प्रेस बाँधिन बाध्य भएको पाइन्छ ।

> मुलुकको पत्रकारिता विरुद्धको सबैभन्दा निकृष्ट प्रहार छापाखाना प्रकाशन ऐन २०३२ ले गऱ्यो । निर्दलीय पञ्चायत विरुद्ध लेख्न मिल्ने ठाउँ यस ऐनले नराखेको मात्र होइन, दलीय चिन्तनका भाषा (शब्द) कै अव उपरान्त भाव भावना समेत व्यक्त हुन नसक्ने निरङ्कुश व्यवस्था गरियो । यस्तो स्थिति राणा अवधिका बेला पनि थिएन [१९] भनेको भेटिन्छ ।

*"... छोटकरीमा भन्नु पर्दा २०१७ सालपछि २०४६ सालसम्मको नेपाली प्रेस अथवा पत्रकारिता स्वतन्त्रताविहिन, व्यवसायिक मूल्यको न्यूनतामा नियन्त्रित र कतिपय अवस्थामा राज्यद्वारा निर्देशित भएर अटुट रह्यो ।"* [20]

नेपालको आम सञ्चारको स्थितिका सन्दर्भमा सन् १९५१ पूर्वका स्थितिमा सर्वसत्तावादी सिद्धान्तको अवधारणा कायम रहेको पाइन्छ । त्यसैगरी सन् १९५१ देखि १९६० को अवस्थामा भने स्वतन्त्रतावादी तथा सामाजिक जिम्मेवारीको अवधारणा प्रयोग भएको पाइन्छ । तर, सन् १९६० देखि १९९९ को नेपाली आम सञ्चार जगत भने बढी मात्रामा सर्वसत्तावादी सिद्धान्तबाट प्रभावित भएको थियो भन्नु अत्युक्ति नहोला । सन् १९७९-१९९० सम्म नेपाली आम सञ्चार जगत सङ्क्रमणकालिन अवस्थाबाट गुज्रिएको थियो ।[21] यसरी नेपाली पत्रकारिताको विभिन्न कालखण्डलाई तत्कालिन राजनीतिक व्यवस्था र प्रेसका भिन्न सिद्धान्तसँग तुलना गरेको देखिन्छ । यस अवधिमा पञ्चायति मिसन पत्रकारिता सञ्चालन भएको प्रष्ट हुन्छ ।

- **वि.सं. २०४७–२०४९ बीचको तीन वर्ष**

२०४६ सालको ऐतिहासिक जनआन्दोलनले २०१७ सालमा गुमेको प्रजातन्त्र पुनरवहाली भयो । एकदलीय पञ्चायती व्यवस्था विस्थापित भै नयाँ जागरण सिर्जना भयो । नयाँ उत्साह, जोश र जाँगर नेपालीमा आउनु स्वाभाविक पनि देखिन्छ ।

निरङ्कुश पञ्चायती व्यवस्थामा थिचिएर अनेक दुःख, कष्ट सहेर बसेका प्रेसकर्मीहरू थप उत्साही भएको देखिन्छ । नेपाली कांग्रेसका तत्कालिन कार्यवहाक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बाममोर्चा सम्मिलित अन्तरिम सरकारले नेपाली प्रेसलाई पूर्ण स्वतन्त्रता दिएको थियो भन्ने तथ्य सो अवधीमा प्रकाशित अखवारले प्रष्ट पारेका देखिन्छ । यस अवधीमा

---

19 दमननाथ ढुंगाना, "सञ्चार माध्यमद्वारा हुने मानवअधिकार उलङ्घन : एक जना पाठकको दृष्टिमा जचेको केही प्रमुख कुराहरू", ***प्राची सचेतना*** द्वैमासिक, पूर्णाङ्क ४४, (काठमाडौं : इन्सेक, मंसिर-पुस २०५९), पृ. १०।

20 ***पूर्ववत्,*** पा.टि.नं. ७, पृ. ६ ।

21 लालदेउसा राई र अरु, ***नेपाली पत्रकारिता व्यवस्था र व्यवहार,*** (काठमाडौं : पत्रकारिता विभाग, त्रि.वि. २०५४), पृ. २४ ।

साप्ताहिक अखवारहरूले कुनै एउटा राजनीतिक विचारसँग सामिप्यता राखी खुलेरै दलीय व्यवस्था र पार्टीको प्रचार गरेको देखिन्छ ।

यस अवधीका अखवारहरूले पुरानो पञ्चायतका पक्षधर प्रेसलाई निशेध गरेको र दलगत प्रजातन्त्रको लागि कुनै दलको राजनीतिक मुखपत्र भन्दा पनि एक कदम अघि बढेर प्रवक्ताको भूमिका[22] अखवारहरूले खेलेको देखिन्छ । २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ लागू भए पछि सोही संविधानको भावना अनुसार नेपालको छापा केही व्यवस्थित, मर्यादित र उत्तरदायी बन्न खोजेको देखिन्छ । संविधानको धारा १३, र १६ मा क्रमशः छापाखाना र पत्रपत्रिका सम्बन्धी र सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था भए पछि संविधानको मर्म र भावना अनुरूपनै प्रेस चल्नु पर्ने अवस्था आएको देखिन्छ ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८ यसै अवधीको उपलब्धिको रूपमा नेपाली प्रेस जगतले स्वीकारेको पाइन्छ । तर पनि २०४९ सालको आम चुनावको अवधीमा स्वतन्त्र, मर्यादित एवम् स्वतन्त्र बन्न सकेको पाइँदैन । स्वतन्त्रताको नाममा बढी पार्टीमुखी बनेर नेपाली प्रेसमा आरोपप्रत्यारोपको संस्कार हावी भएको देखिन्छ ।

यस अवधीमा दलीय व्यवस्थाका पक्षपाती दर्जनौ नयाँ पत्रिकाहरू दर्ता भै सञ्चालन भएको र पञ्चायतमा दर्ता भै खारेजीमा परेका अखवारहरू पुनः प्रकाशन भएको देखिन्छ ।

२०४९ सालबाट प्रकाशन सुरु भएको कान्तिपुर दैनिक पनि सुरुको वर्ष पार्टी पत्रकारिताको ह्याङओभरबाट फुत्किनसकेको देखिँदैन । व्यवसायिकताको कुरा र लक्ष राखे पनि व्यवहार त्यस्तो नभएको देखिन्छ । *"... त्यति बेलाका पत्रकारलाई न त तालिम थियो न पारिश्रमिक नै ? मिसन पत्रकारिता भएकाले मिसन केन्द्रित नै भए ।"* [23]

यसै अवधीमा प्रेस काउन्सिल आचारसंहीता २०४७ र पत्रकार आचारसंहीता २०५० बनेको र तिनले नेपालको प्रेसलाई मर्यादित, उत्तरदायी र राजनीतिक प्रभावमा सक्दो मुक्त राख्ने लक्ष राखेको देखिन्छ । प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघको उक्त प्रयासबाट पनि प्रेस राजनीतिबाट बढी प्रभावित भएको थियो भन्ने प्रष्टिन्छ ।

२०४६ साल चैतमा जनआन्दोलनले सफलता पायो र बहुदलीय व्यवस्थाको पुनरबहाली भयो । पञ्चायतका ३० वर्षको राजकीय बन्देज र नियन्त्रणबाट नेपाली प्रेसले मुक्ति पायो । एक्कासी बन्धनमुक्त बनेको नेपाली प्रेस केही समय बंधुवा गाइवस्तु फुकेर उफ्रिएझैं पटफटायो । २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । ... बहुलवादी विचारको सम्मान, खुल्ला समाज, वाक तथा विचार स्वतन्त्रता जस्ता नयाँ आदर्श र

---

[22] लेखकको दैनिक डायरीमा (अवलोकन अध्ययनमा आधारीत) ।

[23] नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीसँगको कुराकानीको आधारमा ।

स्वतन्त्रताविहीन पञ्चायति व्यवस्थाभित्रको लामो हुर्काइ बुझाइबीच तालमेल नहुनु स्वाभाविक थियो । यसैले प्रजातन्त्रको पुनरस्थापना पछि नेपाली पत्रकारिता स्वच्छन्दता र मर्यादाको द्वन्द्वपूर्ण सङ्क्रमणबाट गुज्रियो ! गुज्रिँदो छ । संविधानमा अन्तरनीहित स्वतन्त्र प्रेसको भावना र सन्देश अनुरूप स्वतन्त्र, मर्यादित र स्वअनुसासित पत्रकारिता र आमसञ्चारको विकासका लागि पेशागत प्रयास पनि यस क्रममा तिव्र बन्न खोजे[24] भनिएको छ ।

यसरी हेर्दा यसकालमा नेपाली प्रेस भिन्न पार्टीगत मिसनको रूपमा संचालन भएको देखिन्छ ।

> ... सन् १९९० देखि आजसम्मको स्थिति भने केही भिन्न रहेको छ । नेपालको प्रेस कानुन स्वतन्त्र भएको कारण स्वतन्त्रतावादी अवधारणाका प्रेसहरू अत्याधिक प्रयोगमा रहेका छन् । प्रेसले जे पनि प्रचारप्रसार गर्नु पाउन पर्दछ भन्ने उन्मुक्ततता रहेको पाइन्छ । ... सरकारले कति हदसम्म प्रेसलाई हस्तक्षेप गर्ने भन्ने प्रश्नचाहिँ ज्यादै जटिल रहन्छ ।

त्यसैले अभिव्यक्ति स्वतन्त्रतालाई सरकारी हस्तक्षेपले पनि केही सीमित गर्ने गर्दछ । सरकारी हस्तक्षेपको मात्रा पनि राजनीतिक नेताहरूको दृष्टिकोणमा भर पर्ने गर्दछ । [25]

यसरी प्रेसलाई कुन हदसम्म स्वतन्त्र राख्ने भन्ने मुख्य प्रश्नलाई राजनीतिक नेताको दृष्टिकोण र व्यवहारमा भर पर्ने निश्कर्ष दिएको पाइन्छ ।

नेपाली प्रेसको जन्म र विकासको यस कालखण्डमा स्वतन्त्र बन्न सकेको देखिदैन । वि.सं. १९५८ बाट प्रकाशन सुरु भएको **गोरखापत्र** तत्कालिन राणासाशनको स्तुतीगान सीमित जनतामा पुर्‍याउँने राणा शासनको मुखपत्र मात्र बनेको देखिन्छ । राणाकालभरि गोरखापत्र बाहेकका अन्य समाचारपत्र-पत्रिकाहरू प्रकाशित भएको देखिदैन । २००७ सालको जनक्रान्तिले राणाशासन ढालेर राजा, प्रजातन्त्रवादी र राणाबीचको त्रिपक्षीय दिल्ली सम्झौता पछि नेपालमा प्रजातन्त्रको सूत्रपात भएको मानिन्छ । प्रजातान्त्रिक वातावरण पाए पछि अन्य नीजि क्षेत्रबाट नेपालमा अखवार प्रकाशन भएको देखिन्छ भने त्यस्ता अखवारहरूले प्रजातन्त्र, नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताको विषयमा आवाज उठाएको देखिन्छ । २००७ सालको अन्त्यदेखि २०१७ साल पौष १५ गते बीचको अवधिमा नेपाली प्रेसले प्रेस स्वतन्त्रताको अभ्यास गरेको देखिछ ।

२०१७ साल पुस १७ गते राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाई एकदलीय पञ्चायती व्यवस्थाको सूत्रपात गरे । पञ्चायतको जन्म र विकाससँगै नेपालको प्रेसले पाएको स्वतन्त्रता कुण्ठित बनेको देखिन्छ । २०३६ सालको विद्यार्थी आन्दोलन र २०३७ को जनमतसंग्रह यताको

---

[24] ***पूर्ववत्,*** पा.टि.नं. ७, पृ. ७-८ ।

[25] ***पूर्ववत्,*** पा.टि.नं. १२, पृ. २४-२५ ।

अवस्थामा प्रेसले केही खुकुलो महसुस गरेको पाइन्छ । तर, प्रजातान्त्रिक मुल्य मान्यताको अभावमा प्रेसले आफ्नो स्वतन्त्रता उपयोग गर्न पाउनु असम्भव थियो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको बेला नेपालका केही दलीय पक्षका नीजि प्रेसले क्षति मोलेरै भए पनि प्रजातन्त्रको पक्षमा उभ्याएको देखिन्छ । मुलतः ३० वर्षे पञ्चायती व्यवस्थामा नेपलाको प्रेस स्वतन्त्र बन्न सकेन । पञ्चायति शासनको पृष्ठपोषण गर्ने अखवार मात्र फष्टायो । इलेक्ट्रोनिक मिडिया (रेडियो नेपाल र नेपाल टेलिभिजन) सरकारको मुखपत्र बन्यो । निजी क्षेत्रबाट प्रकाशित अखवार (जो प्रजातन्त्रको पक्षमा थिए) तिनीहरू पञ्चायतको कोपभाजनमा परेको देखिन्छ । प्रेसको स्थापित सिद्धान्तको दृष्टिले 'सर्वसत्तावादी सिद्धान्त' को मूल्य मान्यता आधारित प्रेस पञ्चायती व्यवस्थामा सञ्चालन भएको प्रष्ट हुन्छ ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनले पञ्चायतलाई धरासायी वनाएर प्रजातन्त्रको पुनरवहाली गर्‍यो । प्रजातन्त्रको पुनरवहालीसँगै प्रेसको गुमेको स्वतन्त्रता पनि स्वतः प्राप्त भएको देखिन्छ । वि.सं. २०४७ देखि वि.सं. २०५० को सुरु अवधीमा नेपाली प्रेस इतिहासमै बढी स्वतन्त्र भएको देखिन्छ । प्रेसले स्वतन्त्रताको उपभोग गर्दा केही हदसम्म स्वच्छन्दताको शिकार भएको देखिन्छ । यस अवधीको प्रेसले स्वतन्त्रताको अर्थ नै कुनै एक पार्टी विशेषको समर्थन गर्नु र अर्को पार्टीको अन्ध विरोध गर्नु हो भन्ने बुझेको देखिन्छ । यसै अवधीमा नेपाली प्रेसले सर्वाधिक पार्टी पत्रकारिताको विकास गरेको पाइन्छ । स्वतन्त्र पत्रकारिताको नाममा पार्टी पत्रकारिता हावी भएको देखिन्छ । त्यहि पार्टी पत्रकारिताको प्रभावबाट नेपालको प्रेस मुक्त बन्न सकेको छैन ।

## २.४ नेपालको प्रजातान्त्रीकरणमा छापाको भूमिका

समग्र राजनीतिक समाजको प्रतातान्त्रिकरणमा प्रेसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । राजनीति या राज्य सत्ताले कानुनमा व्यवस्था गरेर प्रेसलाई सुविधा, स्वतन्त्रता र अधिकारको सुनिश्चितता गरेपछि राज्य, समाज र जनताप्रति प्रेस उत्तरदायी एवम् जवाफदेही बन्न पर्छ । यो मान्यतालाई प्रेसको सामाजिक दायीत्वको सिद्धान्तले आत्मसात गरेको छ । यसै अर्थमा प्रेस र प्रजातन्त्र आपसको अभिन्न अङ्गको रूपमा स्थापित भएको भन्ने बुझिन्छ । राजनीतिलाई सही बाटोमा हिडाउँन प्रेसले सधै सचेतकको भूमिका खेल्नु पर्छ । राजनीतिक विकृति र विसङ्गतिको विरोध गर्ने र संस्कारको निर्माणमा सल्लाहकारको भूमिकामा प्रेसले आफूलाई उभ्याउनु पर्छ । प्रेसले सही काम गर्न सक्दा मात्र सिङ्गो समाजले प्रजातान्त्रिकरणमा अग्रगति लिन सक्दछ । राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृति, शैक्षिक, आर्थिक एवम् धार्मिक विकासका कार्यमा प्रजातान्त्रिकरण गर्न प्रेसको ठूलो हात हुन्छ । प्रेसको सकृयता र इमान्दारीतामा नै सुसासन, पारदर्शीता र जनउत्तरदायी संस्कारको विकास भएको पाइन्छ । अहिले यसै महत्त्वका आधारमा

प्रेसको भूमिकालाई राज्यले चौथो अङ्गको रूपमा ग्रहण गरेको छ । यस विषयमा नोमचम्सकीले आफ्नो विश्लेषण यसरी प्रस्तुत गर्नु भएको छ :

> अधिनायकवादबाट ग्रसित राज्यहरूमा बन्दुकको आधारमा जनतालाई तह लगाइन्छ भने प्रजातान्त्रिक मुलुकहरूमा प्रचार मार्फत सो काम हुन्छ भन्ने हो । आम जनतालाई प्रजातान्त्रिक अभ्यासबाट सञ्चारलाई टाढा राख्न र राज्यलाई केही व्यक्ति तथा निगमीकृत व्यक्तिको हातमा राख्न मिडियाको प्रचार अनिवार्य ठान्छन्, तर प्रजातान्त्रिक मुलुकहरूमा प्रजातान्त्रिक सरकारले प्रेस मार्फत आवाजविहिनहरूको आवाजलाई प्रतिनिधित्व गराइनु पर्छ ।[26]

चम्सकीको विश्लेषणले राज्यको उपरिढाँचाको चरित्र र शासन पद्धतिको प्रवृत्तिका आधारमा प्रेसलाई प्रयोग गर्ने प्रष्ट हुन्छ । समाजको हरेक अङ्गमा राजनीति मार्फत प्रजातान्त्रिकरण गरिदा अधिनायकवादीहरूले शासन सत्ता टिकाउन बन्दुकको प्रयोग गर्दैछन् भने प्रजातान्त्रिक मुलुकले समेत प्रजातान्त्रीकरणकै नाममा प्रेसको सहायता लिने तर आम निमुखा जनताको हितमा नभै सीमित ठालुवर्गको हातमा मिडिया केन्द्रित गर्दछन् । त्यो प्रकृया गलत हो । त्यसैले सञ्चार जहिले पनि आवाज विहिन जनताको पक्षमा उभिन्छ । तिनकै बोली बोल्नु पर्छ । सही अर्थमा प्रेसले आवाजविहीनको आवाज बोल्दा मात्रै प्रजातान्त्रीकरणमा योगदान पुऱ्याएको ठहर्छ भन्ने उनको मत रहेको छ । चम्सकीको मतसँग सहमति जनाउदै पत्रकार हरिहर विरही यसरी लेख्नु हुन्छ :

> आम सञ्चारका साधनहरू आजको समाज र सभ्यताको अभिन्न अङ्ग बनेको छ । आधुनिक प्रविधिहरूको विकास र विकाससँगै यसले हासिल गरेको प्रभावकारीताले यसलाई एउटा शक्तिका रूपमा स्थापित गरेको छ । कुनै पनि मुलुक कुनै पनि व्यवस्था तथा कुनै पनि वर्ग र समुदाय सञ्चारमाध्यमहरूको प्रभावबाट मुक्त छैन । आमसञ्चार माध्यमहरू परिवर्तनका सम्वाहक हुन् । सञ्चारकर्मीहरूले सधै अग्रगामी परिवर्तन र विकासको गीत गाइरहेका छन् ।[27]

यसरी प्रेसले आजको विश्वलाई आधुनीकिकरणका साथ-साथै प्रजातान्त्रीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् भन्ने प्रष्ट हुन्छ । अहिले भूमण्डलीकरण (globalization) का माध्यमबाट जसरी संसारलाई एउटै बस्ती या ग्रामको रूपमा सम्भव भएको छ यसको पछाडि निश्चित रूपले प्रेसको मुख्य भूमिका रहेको छ । यस बारेमा पत्रकार गोपालदास श्रेष्ठले आफ्नो विचार यसरी राख्नु भएको छ :

---

[26] नोम चम्स्की, ***"मेडिया कन्ट्रोल : द स्पेक्टकुलर एचिभमेन्टस् अफ प्रोपोगण्डा"***, (उपलब्धी र अफवहाको दृष्टिमा नियन्त्रित सञ्चार), (न्यूयोर्क : सेभेन स्टोरी प्रेस, २०५४), पृ. ५७ ।

[27] हरिहर विरही, "निश्पक्षताको नाममा रावणाय स्वस्ति गर्नु हुँदैन", ***पत्रकारिता***, (काठमाडौं : नेपाल पत्रकार महासंघ, माघ-चैत्र, २०६०), पृ. ३१ ।

> प्रेसमा राष्ट्रिय सिमाहरूको वन्देज न्यून हुँदै गइरहेको छ । यसले गर्दा अहिलेसम्म हामीलाई परिचित भएका राष्ट्रिय कानुनी व्यवस्था पनि वड्दो मात्रामा प्रभावहिन हुने देखिन्छ । 'विश्वग्राम' को प्रणालीमा साना सीमित 'विश्वग्राम' हरूको कानुनी व्यवस्था वड्दो मात्रामा निस्तेज र असान्दर्भिक हुने देखिन्छ । यसको एउटा अर्थ के हुन आउँछ भने अहिलेसम्म हामीले देखेजानेका नियन्त्रण प्रणालीहरू अप्रासांगिक हुँदै जाने संभावना बढेको छ ।[28]

प्रेसले राष्ट्रिय कानुनको पालना गर्ने मात्र नभएर अन्तराष्ट्रिय कानुनलाई समेत कार्यन्वयन गरिरहेको देखिन्छ । सिंगो विश्वग्राम व्यवस्थाको प्रजातान्त्रिकरणका लागि समेत प्रेसको महत्त्वपूर्ण भूमिका रहेको हुन्ह भन्ने तथ्यलई श्रेष्ठले पुष्टि गर्नु भएको देखिन्छ । सञ्चारले देसको प्रजातान्त्रिकरणमा महत्वपूर्ण भूमिका खेल्छ । जसरी पञ्चायतले वहुलवादी प्रेसलाई अराष्ट्रिय तत्व भनिदा पनि खुल्ला उदारवादी व्यवस्थालाई मिसन वनाएर केही पत्रिकाहरू कृयाशिल भए । यस विषयमा प्रा.डा. रामकुमार दाहाल लेख्नु हुन्छ *" ... २०४६ परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले देशको प्रजातान्त्रिकरणमा प्रेसको भूमिकालाई महत्वपूर्ण ठानेको छ । त्यसैले परिणामस्वरुप अहिले नेपालको मिडियाको भूमिकाप्रति नागरिक आस्वस्त वन्दै गएका हुन् ।"*[29] अहिल विश्वव्यापी रुपमा नै प्रेसले प्रजातन्त्रलाई र प्रजातन्त्रले प्रेसलाई आत्मसात गरेको छ । नेपालको प्रेसले अपवादलाई छाडेर खुल्ला समाज, दलीय व्यवस्था र प्रजातन्त्रको मूल्य मान्यतालाई आत्मसात गरी आएको छ । प्रेसको अधिकारका साथसाथै समाज, राष्ट्र र जनताप्रति गहन जिम्मेदारी र उत्तरदायित्व पनि छन् । प्रेसले ति दायित्व र जिम्मेदारीप्रति इमान्दार हुन पनि उक्तिकै वान्छनीय हुन्छ ।

प्रेसले आफ्नो आचारसंहिता, मौजुदा कानुन र धर्म पुरा गरेन भने पीत पत्रकारिता (Yellow Journalism) गरेको ठहर्छ । प्रेसले सत्य, तथ्य र निश्पक्ष नभै कुनै, संस्था वा व्यक्ति प्रति पक्षधर वनि समर्थकको अन्ध समर्थन गर्नु र विपक्षीको अन्ध विरोधमा सूचना संप्रेषण गर्नुलाई (Yellow Journalism) को परिभाषा भित्र पर्दछ । पीत पत्रकारिताले प्रजातन्त्रलाई विकृत बनाउँछ, समाजमा विकृति विसङ्गति भित्र्याउछ भने धार्मिक, सांस्कृतिक एवम् जातीय एकतमा विभाजन र वैमनस्यता सृजना गर्दछ । यसको परिणाम मुलकको प्रजातान्त्रिकरणमा अवरोध सृजना हुनको साथै विकासका आयामहरूमा नकरात्मक असर पर्दछ । सुशासन र सामाजिकीकरणका सवालहरू ओझेलमा पर्छन् । यसै सन्दर्भमा हुन सक्दछ (Plato) ले आफ्नो (the republic) मा "कवि कलाकार र दार्शनिकहरूलाई अर्को शहरमा पठाउनु पर्छ" भन्ने विचार राखेको । यस्तै पीत पत्रकारिताबाट पीडित एकजना वेलायती नागरिकका अनुसार

---

[28] गोपालदास श्रेष्ठ, "सत्ता, सूचना र नयाँ प्रविधि", ***पत्रकारिता***, (काठमाडौं : नेपाल पत्रकार महासंघ, माघ-चैत्र, २०६०), पृ. १३ ।

[29] रामकुमार दाहाल, ***रुरल डेभलप्मेन्ट पोलिटिक्स इन नेपाल***, (नेपालमा ग्रामिण विकास राजनीति), (काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, २०६४), पृ. ४६४ ।

“पत्रकारहरूलाई बोरामा हालेर थेम्स नदीमा फालिदिनु पर्छ” भन्ने जस्ता अप्रिय विचार व्यक्त भएको देखिन्छ । २६ औं अमेरीकी राष्ट्रपति रुजबेल्टले प्रेसलाई “मकर्‍याकर” हो । जसले सिङ्गो राष्ट्रलाई विश्वको विकृतिलाई सफा गरिदिन्छ भनेका छन् । यी भनाईहरूबाट पनि प्रेस गैरजिम्मेदार भएर आफ्नो धर्म पुरा नगरेको अवस्थामा समाजको रूपान्तरण र प्रजातान्त्रिकरणमा नकरात्मक असर पार्ने तथ्य प्रष्ट हुन्छ भने प्रेस जिम्मेदार बन्दा मकर्‍याकरको भूमिका स्थापित हुने देखिन्छ । नेपालको सन्दर्भमा पनि तत्कालिन प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले कान्तिपुर दैनिकलाई “मिडिया टाइकोन” गरेको आरोप लगाउनु भएको छ । लाउडा विमान प्रकरणमा कान्तिपुरले प्रधानमन्त्री कोइरालालाई नियतवश खेदेको र प्रधानमन्त्रीबाट हट्न बाध्य बनाइएको भन्ने भनाईहरू पनि विभिन्न क्षेत्रबाट प्रसस्तै उठेको छ : *“समाजको रूपान्तरण, राजनीतिक संस्कार र प्रजातान्त्रिकरणका लागि प्रेसको ठूलो हात हुन्छ, त्यसैले प्रेस जिम्मेदार, सचेत र निश्पक्ष हुनु पर्छ ।”* [30]

समाज रूपान्तरण र प्रजातान्त्रिकरणका लागि प्रेसको जिम्मेदारीको विषयमा उक्त भनाइले अरु प्रष्ट पारेको छ । साच्चिकै प्रेसको ठूलो भूमिका हुन्छ । त्यो भूमिकाबाट अलिकतिमात्रै चुक्ने हो भने समाज रूपान्तरण र मुलुकको प्रजातान्त्रिकरणमा ठूलो असर पुग्ने कुरामा द्वीविधा देखिदैन । यीनै कारणले हो संसारभरका राजनीतिले प्रेसको कामलाई महत्त्वका साथ ग्रहण गरेको । र, प्रेलाई राज्यको चौथो अङ्गको रूपमा मात्रै नबुझेर चौथो राज्य (Fourth State) को रूपमा व्याख्या गर्न थालेका छन् ।

यस व्याख्याबाट थप प्रेसको महत्त्वको बारेमा बुझ्न र समाजको प्रजातान्त्रिकरणमा प्रेसको भूमिका बुझ्न सजिलो हुन्छ । सोभियत साम्यवादी मोडेलको प्रेसको सिद्धान्त विस्थापित भएको सदर्भ छ, तर, मार्क्सवाद, लेनिनवादको आधारमा साम्यवाद निर्माण गर्न चाहने कम्युनिष्ट पार्टीहरू अझै विश्वव्यापी रूपमा नयाँ कार्यनीतिका साथ स्थापित छन् । नेपालको सन्दर्भमा समेत कम्युनिष्ट पार्टीको राज्यमा प्रभावकारी उपस्थिति रहेको छ । नेकपा माओवादी यस्तै एउटा शसन्त्र विद्रोहको माध्यमबाट स्थापित पार्टी हो । उसले मालेमावाद र प्रचण्डपथलाई मार्गदर्शन सिद्धान्त मान्ने र वर्गीय प्रेसको अवधारणा सार्वजनिक गरे तापनि स्वतन्त्र प्रेसको सम्मान गर्ने भन्ने भनाई सार्वजनिक भैरहेका छन् । नेकपा माओवादीका अध्यक्ष प्रचण्डद्वारा जारी विज्ञप्तिमा भनिएको छ :

> संसारभरिका पत्रकारलाई सूचनाा साम्राज्यवादका नयाँ आन्दोलन सृष्टि गर्न आवाहान् गर्दछु । सत्ता कुनै निरपेक्ष सास्वत कुरा होइन । वर्गीय समाजमाा

[30] सञ्चारविद देवराज दाहालले २०६० चैत्र १७ गते विराटनगरमा आयोजित पत्रकारहरूको क्षेत्रीय गोष्ठीमा व्यक्त विचार ।

सत्ताको स्वरूप र चरित्र पनि वर्गीय हुने गर्दछ । साम्यवादीहरूको व्यवस्थामा प्रेसलाई स्वतन्त्रता दिइदैन भन्ने कुरा सत्य होइन ।[31]

यसरी हेर्दा पनि २१ औं सताब्दीमा प्रेसको भूमिका महत्त्वपूर्ण बनेको प्रष्ट हुन्छ । प्रजातान्त्रिक राजनीतिक दल र प्रजातान्त्रिक सरकारको प्रजातान्त्रिकरणको लागि मात्र नभएर एकदलीय साम्यवादी राजनीतिक दल र तिनको सरकारलाई प्रजातान्त्रिकरण गर्न पनि स्वतन्त्र प्रेसको उतिकै महत्त्व हुने र साम्यवादीहरूले पनि प्रेसको स्वतन्त्रतालाई मान्यता दिनुपर्ने अपरिहार्यता भएको तथ्य प्रचण्डको भनाइबाट पुष्टि हुन्छ । प्रजातान्त्रीकरणमा प्रेसको भूमिकाको बारेमा अन्तर्राष्ट्रिय पत्रकार महासंघका अध्यक्ष क्रिष्टोफोर वारेनको विचार यस्तो रहेको देखिन्छ :

अहिले विश्वका कतिपय तानाशाहीहरूले स्वतन्त्रताको सम्वाहक वनेर देश र विश्वलाई प्रजातान्त्रिकरण गर्न कलम चलाउने प्रेसलाई, सञ्चारकर्मीलाई सताइरहेका छन् । ठीक त्यसैगरी नेपालमा नेपालका शासकहरूले प्रेसलाई दमन गरिरहेका छन् । पत्रकारका लागि डरलाग्दो ठाउँ भएको छ नेपाल । तर, तपाइँहरू नहार्नुस जतिसुकै चुनौती भए पनि नेपाली पत्रकारहरू एक्लै छैनन्, तपाईहरूको साथमा संसारका पाँचलाख पत्रकार छन्, प्रजातन्त्र, स्वतन्त्रता र सुशासनलाई मिसन बनाएर कार्यक्षेत्रमा डट्नुहोस ।[32]

यसरी सिङ्गो समाजको सामाजिकिकरण तथा सुशासनको लागि प्रेसले खतरा मोल्नु पर्ने हुन्छ । त्यस्तो खतराको सामना गर्दै कलमको माध्यमबाट जनतालाई चेतना जागृत गर्नु स्वतन्त्रतावादी प्रेसको दायित्व हो भन्ने सत्यलाई वारेनले जोड दिएका छन् । वारेनको विचार जस्तै विचार बोक्ने सन्सारभरका पत्रकारहरू अहिले आ-आफ्नो कार्यक्षेत्रमा जुटिरहेका छन् । जोन स्टुआर्ट मिलको अधिकतम मान्छेका लागि अधिकतम सुख (Greatest happiness to the greatest number) सिद्धान्त अनुरुप अहिले विश्वभरका प्रेस कृयाशिल भएको देखिन्छ । यस कारण प्रेसले नागरिक स्वतन्त्रताको निगरानी गर्नु पर्ने र राज्यले प्रेसको भूमिकालाई आत्मसात गर्नु पर्ने प्रष्ट हुन्छ । नागरिकको स्वतन्त्रतासँगै सुशासन, पारदर्शिता र जवाफदेहिता अन्तरनीहित हुने भएकाले पनि प्रेसले तिनको निगरानी गर्नु आफ्नो दायित्व ठान्नु पर्ने देखिन्छ ।

समग्रमा राजनीति र प्रेसका बीचमा अन्योन्याश्रित सम्बन्ध रहने कुरामा विवाद देखिदैन । देश, काल परिस्थितिका आधारमा प्रतिपादन भएका भिन्न राजनीतिक दर्शन, सिद्धान्त र प्रेसको सिद्धान्तको तुलनात्मक विश्लेषणबाट यही पुष्टि हुन्छ । प्रजातन्त्र र प्रेस कुनै एकको

---

[31] नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले विश्व प्रेस स्वतन्त्रता दिवस सन् २००५ मे ३ को दिन जारी विज्ञप्ति अनुसार ।

[32] क्रिष्टोफर वारेन, अन्तराष्ट्रिय पत्रकार महासंघ (आइएफजे) का सभापतिद्वारा २०६१ साल असोज १२ गते नेपाल पत्रकार महासंघद्वारा काटमाठौंमा आयोजित अन्तरकृया कार्यक्रममा व्यक्त विचार । वारनको विचार सोही दिनको कम्यूनिकेशन कर्नरको रेडियो रिपोर्टमा प्रसाण गरिएको थियो ।

अभावमा अर्काको अस्तित्व र स्वतन्त्रता सम्भव देखिदैन जसरी पानीको अभावमा माछाको अस्तित्व हुँदैन । राजनीति ठीक हुनको लागि प्रेस उत्तरदायी, जवाफदेही र मर्यादित हुन जरुरी छ भने प्रेसलाई मर्यादित, उत्तरदायी र जनपक्षीय बनाउनको लागि राजनीति पनि संस्कारगत ढंगबाट चल्नु पर्छ । यसैकारण सामाजिक दायित्व (Social responcibility theory) को सान्दर्भिकता बद्दै गएको हो । विभिन्न विषयमा राजनीति र राज्यसत्तासँग प्रेसको विवाद प्रारम्भदेखि नै चल्दै आएको देखिन्छ, जो वर्तमानमा पनि जारी नै छ । तुलनात्मक रूपमा एकदलीय अधिनायकवादी राज्यसत्ता भन्दा बहुलवादी प्रजातान्त्रिक राज्यसत्ता र राजनीतिमा प्रेसको भूमिका महत्त्वपूर्ण र स्वतन्त्र रहने प्रष्ट हुन्छ । सूचना तथा प्रविधिको वर्तमान युगमा समग्र राजनीतिक समाजलाई प्रजातान्त्रिकरण (Democratization) गर्नको लागि प्रेस र राजनीतिको बीचमा अत्योन्याश्रित सम्बन्ध जरुरी छ । यो २१ औं सताब्दीको आवश्यक्ता मा नभइ अपरिहार्यता पनि हो ।

## २.६ निष्कर्ष

नेपाली छापाले विश्वव्यापी रूपमा स्थापित प्रेसका भिन्न चार सिद्धान्तलाई नै आत्मसात गरेको देखिन्छ । नेपालका राणाले प्रेसको कुनै सिद्धान्त जानेर गोरखापत्र प्रकाशन गरेका थिएनन् । छिमेकी मुलुकले सिको गरेर वि.सं. १९५८ सालमा गोरखापत्र प्रकाशन हुन थालेको देखिन्छ । गारेखापत्र तत्कालिन श्री ३ प्राइमिनिष्टर देव सम्शेरले जारी गरेको सनदको आधारमा राणासासनको प्रसस्ती छाप्न लगाइएको थियो । राणाकालिन छापालाई प्रेसको सिद्धान्तसँग तुलना गर्दा निरङ्कुशतावादी सिद्धान्त (Authoritarian Theory) सँग मेल खाने देखिन्छ । समयको विभिन्न कालखण्डमा भिन्न राजनीतिक व्यवस्था नेपालमा स्थापित भए । तिनै राजनीतिक व्यवस्थाको मूल्यमान्यताका आधारमा प्रेसका चारैवटा सिद्धान्त नेपाली छापाले आत्मसात गरेका देखिन्छ ।

नेपालको राजनीतिक व्यवस्थाको परिवर्तनसँगै नेपाली छापाको पनि क्रमकि विकास हुँदै आएको देखिन्छ । वि.सं. २००७-२०१७ मा नेपाली छापाले उदारवादी सिद्धान्त (Liberal Theory) आत्मसात गरेको देखिन्छ भने वि.सं. २०१७-२०४६ मा निरङ्कुशतावादी सिद्धान्त कृयाशिल भएको देखिन्छ । २०४६ सालको राजनीतिक परिवर्तनपछिको अवधिमा नेपाली छापाले उदारवादी सिद्धान्त र सामाजिक दायित्वको सिद्धान्त (Social Responscibility Theory) लाई कार्यन्वयन गरेको देखिन्छ । सत्ताको चरित्र निरङ्कुस हुँदा प्रेसले पनि निरङ्कुस सिद्धान्त लागु गर्ने, सत्ताको चरित्र उदार एवम् प्रजातान्त्रिक हुँदा छापा पनि स्वतन्त्र हुने र उदारवादी एवम् सामाजिक दायित्वको सिद्धान्त कृयाशिल भएको प्रष्ट हुन्छ ।

नेपाली छापामा सोभियत साम्यवादी सिद्धान्त कार्यन्वयन भएको देखिदैन । नेपाली छापाको सङ्ख्यात्मक तथा गुणात्मक विकाससँगै छापालाई सञ्चालन एवम् नियमन गर्न विभिन्न कानुन बनेका छन् । तिनै कानुन बमोजिम नेपाली छापा सञ्चालन हुँदै आएको देखिन्छ । राजनीति र छापाको विचमा भिन्न समयमा भिन्न विषयमा विवाद र समन्वय हुँदै आएको छ । इस्युवाइज, विरोध, समर्थन र समन्वय रहनुपर्ने नेपाली छापा र राजनीति विचमा अन्योन्याश्रित समन्वय रहनु हो । नेपाली छापाले आफ्ना कमजोरीको अलावा नेपाली जनतालाई सुसुचित गर्ने र प्रजातन्त्रलाई संस्थागत गर्ने काम गर्दै आएको देखिन्छ । यसैकारण नेपालको राजनीति, राजनीतिक दल, तिनको नेता र सरकारले संधै नेपाली छापालाई आफ्नो अभिन्न अङ्गको रूपमा स्वीकारको प्रष्ट हुन्छ ।

नेपालको हरेक प्रजातान्त्रिक आन्दोलनमा नेपाली छापा र राजनीतिसँगै कृयाशिल भएको देखिन्छ । वि.सं. २००७ सालको जनक्रान्तिदेखि राजतन्त्र विरोधी नेपाली जनताको आन्दोलनसम्म राजनीति र छापाको कृयाशिलता एकसाथ रहेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली प्रेसलाई व्यवहारिक रूपमा राज्यको चौथो अङ्गको रूपमा मान्यता दिएको छ । यसै मान्यताअनुरूप नेपाली छापाले नेपाली जनताको वाक तथा प्रकाशन स्वतन्त्रतालाई उच्च प्राथमिकता दिंदै आएको छ । तर, नेपाली छापाको स्वतन्त्रताको नाममा राजनीतिक हस्तक्षेपको वहस यथावत छ । छापाको राजनीतिक प्रभाव रहेको प्रष्ट हुन्छ । नेपाली छापा राजनीतिक प्रभावबाट अझै मुक्त हुन सकेको देखिदैन ।

# तेस्रो परिच्छेद

# नेपाल अधिराज्यको संविधान २०४७ मा छापाको प्रावधान

## ३.१ संविधानमा प्रकाशन तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था

नेपाल अधिराज्यको संविधान २०४७, २०४७ साल कार्तिक २३ गतेबाट लागू भएको हो । २०४७ सालको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप सो संविधान नेपाली जनताले पाएको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ लाई संविधानका विभिन्न ज्ञाताहरूले विश्वका प्रजातान्त्रिक देशको संविधानकै हाराहारीमा रहेको प्रजातान्त्रिक संविधान हो भनेको पाइन्छ । २०४६ सालको जनआन्दोलन पछि बनेको यस संविधानलाई तत्कालिन् नेपालको राजनीतिक शक्ति (राजा, नेपाली कांग्रेस र वाममोर्चा) बीचको त्रिपक्षीय शक्ति सन्तुलनको साझा राजनीतिक दस्तावेजको रूपमा पनि बुझ्ने गरिएको छ ।

यस संविधानले नेपाली प्रेसलाई व्यवस्थित, मर्यादित उत्तरदायी एवम् स्वतन्त्र बनाउँने विषयमा व्यवस्था गरेको छ । वाक तथा प्रकाशन स्वतन्त्रतालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेका पाइन्छ । संविधानको धारा १३ को २ को खण्ड क, ख, ग, घ र ङ ले नागरिकको स्वतन्त्रताको हकलाई व्यवस्थित गरेको छ ।

(१) कुनै समाचार लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह गाली बेइज्जती वा अदालतको अबहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनाशिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरे वापत छापाखाना बन्द वा जफत गरिन छैन ।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरे वापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।[33]

यस्तै प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने

---

[33] ***नेपाल अधिराज्यको संविधान २०४७,*** भाग ३ को धारा १३ अन्तर्गत छापाखाना र पत्रपत्रिका सम्बन्धी हक ।

सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।[34] भनी स्पष्ट व्यवस्था गरेको पाइन्छ । संविधानमा मौलिक हकको भाग अन्तर्गत नै छापाखाना र पत्रपत्रिकाको हक र सूचनाको हकलाई व्यवस्थित गरेबाट छापाखाना, पत्र-पत्रिका र सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित भएको देखिन्छ । सिद्धान्ततः राज्यको तीन अङ्ग व्यवस्थापिका, कार्यापालिका र न्यायापालिका हुन् भने राज्यले देशको प्रेस वा पत्रकारिता क्षेत्रलाई राज्यको चौथो अङ्गको रूपमा बुझेको छ । तर राज्यको चौथो अङ्ग प्रेस हो भन्ने शब्दचाहिँ संविधान वा कानूनमा कतै लेखिएको देखिदैन । व्यवहारिक रूपमा चौथो अङ्गको अभ्यास भएको पाइन्छ ।

प्रेस वा पत्रकारिता क्षेत्रलाई अन्य प्रजातान्त्रिक मुलुकले झैं व्यवहारमा चौथो अङ्गको रूपमा राज्यले ग्रहण गर्दै आएको देखिन्छ । पछिल्लो समयमा अन्य प्रजातान्त्रिक मुलुकले प्रेसलाई चौथो राज्य (fourth state) पनि भन्ने गरेको पाइन्छ ।

प्रजातन्त्र (Democracy) र पत्रकारिता (Press) आपसका पुरक हुन् । जुन देशमा प्रजातन्त्र हुन्छ त्यस देशमा मात्र प्रेस हुन्छ र त्यो स्वतन्त्र हुन्छ । प्रजातान्त्रमा प्रेस स्वतन्त्र हुन्छ र, प्रेसले जहिले पनि मर्यादित स्वतन्त्रता खोज्दछ । अर्को अर्थमा प्रेस स्वतन्त्रता नै नागरिक स्वतन्त्रता हो भन्ने बुझिन्छ । तर, सीमाहीन र उन्मुक्त स्वतन्त्रता नभै संवैधानिक वा सीमा सहितको कानूनी स्वतन्त्रता । यसै मुल्य मान्यताका आधारमा नेपालमा प्रेस स्वतन्त्रताको व्यवस्था यो संविधानले गरेको छ । यसै संविधानको मर्म, भावना र दायरा भित्र रही प्रेस सम्बन्धी कानून, ऐन र नियमावलीहरू बनेको देखिन्छ । र, त्यसकै आधारमा नेपालको प्रेस सञ्चालित हुदै आएको छ ।

## ३.२ छापा कानून र नियमावली

नेपाल अधिराज्यको संविधान २०४७, अनुसार यस अवधिमा[35] बनेका विभिन्न सरकारले प्रेस ऐन बनाएको छ । ती कानून मध्ये छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८, छापाखाना र प्रकाशन सम्बन्धी नियमावली २०४९, प्रमुख रहेका छन् । यी नै ऐन र नियमावलीको मार्ग निर्देशनमा रही नेपाली प्रेस सञ्चालन भएको पाइन्छ ।

यसको अतिरिक्त प्रेस काउन्सिल ऐन २०४८, प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली २०४९, राष्ट्रिय प्रसारण ऐन २०४९, श्रमजीवि पत्रकार सम्बन्धी ऐन २०५१ र त्यसैको नियमावली २०५३ बनेको देखिन्छ ।

---

[34] ***पूर्ववत्*** पा.टि.नं. १, धारा १६ को १ अन्तर्गत सूचनाको हक ।

[35] यस अवधीमा भन्नाले २०५० र २०६० बीचको अवधीलाई बुझाउछ ।

संविधानको धारा १२९ अनुसार बनेको यस ऐनको परिच्छेद २ को खण्ड ३ को उपदफा १-५ ले छापाखाना सम्बन्धी व्यवस्था गरेको छ । उपदफा ४ ले दफा ३ बमोजिम दर्ता भएको छापाखानाले समाचार, लेख वा अन्य पाठ्यसामग्री मुद्रण गरेवापत त्यस्तो छापाखाना बन्द वा जफत गरीने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । यस्तै दफा ७ ले पत्रपत्रिका दर्ता सम्बन्धी किटानी व्यवस्था गरेको छ । यसरी पत्रिका दर्तापछि पत्रिकाको दर्ता खारेजी नहुने व्यवस्था कानूनी रूपमा भएको छ । दफा १२ अनुसार : दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूव प्रतिबन्ध लगाइने छैन । दफा १३ अनुसार : दफा ७ बमोजिम दर्ता भएको कुनै पत्रपत्रिका कुनै समाचार, लेख वा पाठ्यसामग्री प्रकाशित गरेवापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिने छैन ।

ऐनको दफा १४ अनुसार : देहायका कुराहरू किताब वा पत्रपत्रिकाका प्रकाशन गर्न पाइने छैन भनिएको छ ।

(क) श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,

(ग) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल् पर्न जाने,

(घ) विभिन्न जात-जाति, धर्म, वर्ग, क्षेत्र सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिक्ता र सामाजिक मर्यादामा आघात पर्न जाने,

यस्तै दफा १५ अनुसार : राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा लेखिएको अवधीसम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशन गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(ख) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन[36] भनी प्रष्ट व्यवस्था भएको देखिन्छ ।

[36] **छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८** अनुसार ।

यसरी नेपालको छापाखाना र प्रेसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न जम्मा ७ परिच्छेद र ४१ दफामा विविध पक्षलाई समेटिएको छ ।

ऐन अनुरूप अरु व्यवस्थित बनाउँनको लागि ऐनको दफा ३९ अनुसार छापाखाना र प्रकाशन सम्बन्धी विनयमावली २०४९ बनी कार्यन्वयन भएको छ । यस्तै श्रमजीवि पत्रकारहरूको हक, हित र सेवाका लागि उचीत र न्यायिक व्यवस्था गर्न श्रमजीवि पत्रकार सम्बन्धी ऐन, २०५१ निर्माण भै कार्यन्वयन भएको देखिन्छ ।

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको रीत नपुऱ्याइ कुनै पनि श्रमजीवि पत्रकारको सेवाको अन्त्य गर्न सकिने छैन[37] भनी श्रमजीवि पत्रकारको सेवाको सुरक्षा गरेको देखिन्छ । यसलाई अरु व्यवस्थित बनाउँन श्रमजीवि पत्रकार सम्बन्धी नियमावली २०५३ निर्माण भै सो नियमावली कार्यन्वयन भएको देखिन्छ ।

प्रेस काउन्सिल ऐन २०४८ ले नेपालको पत्रकारितालाई सुव्यवस्थित एवम् स्वतन्त्र बनाउँने दिसामा थप काम गरेको छ । यसले आफ्नो कर्तव्य र दायित्व दुवै तर्फ प्रेस जगतलाई सचेत बनाउने कोसिस गरेको छ । काउन्सिलको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारीता सम्बन्धी आचारसंहिता तोक्ने,

(ग) प्रेस र श्री ५ को सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,

(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र

(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने[38]

भनी आफ्नो उद्देश्यको किटानी गरिएको छ । यो ऐनलाई अरु प्रष्ट र सरल बनाउँन प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली २०४९ निर्माण भै सो को समेत कार्यन्वयन भएको छ । राष्ट्रिय प्रसारण ऐन, २०४९ सालले इलेक्ट्रोनिक मिडियालाई व्यवस्थित, परिभाषिक र व्यापक बनाउँने उद्देश्यले निर्माण भएको देखिन्छ । रेडियो, टेलिभिजन आदिलाई व्यवस्थित र वैज्ञानिक बनाउन स्याटेलाइट, अर्थ स्टेशन, केबुल र प्रसारण इजाजत समेतको व्यवस्था यस ऐनले गरेको देखिन्छ ।

---

37 ***श्रमजीवि पत्रकार ऐन,*** २०५१ को दफा ८ अनुसार ।

38 ***प्रेस काउन्सिल ऐन,*** २०४८ को दफा ५ को उपदफा क-ङ अनुसार ।

प्रतिलिपी अधिकार सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल वाञ्छनीय भएकाले, श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसद्ले यो ऐन बनाएको छ[39] भनी प्रतिलिपी अधिकार ऐन २०४९, को प्रस्तावनाले नै प्रतिलिपी अधिकार सम्बन्धी व्यवस्था गरेको छ । यस ऐनलाई समेत नेपालको सन्दर्भमा प्रेस कानूनकै एक अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । यस ऐनको कार्यन्वयनले स्रष्टाको सिर्जना चोरी हुनबाट नियन्त्रण हुनाको साथै स्रष्टाको सिर्जना स्रष्टाकै अधिकारमा सुरक्षित रहने देखिन्छ । २०५१ साल फागुन १ गतेदेखि तत्कालिन संसद्को तेस्रो राजनीतिक शक्ति जनमोर्चा नेपालले २०४७ को संविधान र व्यवस्था नै नमान्ने निर्णयकासाथ ससस्त्र जनयुद्ध सञ्चालन गर्न थाले पछि भने नेपालको प्रेसजगतप्रति पनि राज्य पक्ष र विद्रोही नेकपा माओवादी पक्षबाट आक्रमण हुन थाल्यो । २०५८ सालसम्म आइपुग्दा विकराल समस्याको रूपमा माओवादी राजनीतिक गतिविधी सिर्जना हुन पुग्यो । उक्त घटना परिघटनालाई आधार बनाएर सरकारले नेपालमा सङ्कटकालको घोषणा गरी संविधानले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रताको मात्र नभै स्वयम् प्रेसकर्मीको स्वतन्त्रता कुण्ठित हुने र स्वयम् पत्रकारको हत्या हुने जस्ता घटना राज्य र विद्रोहीको नजरमा सामान्य भैंं बन्न थाल्यो । र सरकारले संविधान, व्यवस्था र नागरिकको सुरक्षा र संविधानको आत्मरक्षाको नाममा विभिन्न सूचना जारी गर्ने काम भए । त्यस्ता सूचना र आदेशलाई समेत नेपालको प्रेस कानूनको इतिहासमा तीतो सत्यको रूपमा लिनु पर्ने देखिन्छ । २०५८ साल मंसि ११ गते नेपाल अधिराज्यभर लागू हुने गरी सरकारले सङ्कटकालीन अवस्थाको घोषणा गऱ्यो । घोषणासँगै आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ जारी गरेको देखिन्छ । यस्तै २०५८ साल मंसीर १२ गते शाही नेपाली जङ्गी अड्डाले छुट्टै सूचना जारी गरी कुनै पनि समाचार छाप्नु पर्दा जङ्गीस्रोतबाट पुष्टि गराएर मात्र छाप्नु पर्ने सूचना जारी भयो । यसले संविधानले व्यवस्था गरेको कुनै पनि समाचार छाप्नु पूर्व प्रतिबन्ध लगाउनु नपाउने भनी गरिएको व्यवस्थाको प्रतिकूल भएको देखिन्छ ।

तत्कालिन सरकारले माओवादीको आतङ्कारी गतिविधि नियन्त्रण गर्ने नाममा २०५८ मंसीर १३ गते सरकारको तर्फबाट सार्वजनिक गरिएको सो अध्यादेशलाई सामान्य मात्रै संशोधन गरेर २०५८ चैत्र २६ गते संसद्ले ऐनको रूपमा पास गरेको पाइन्छ । उक्त अध्यादेशले नेपालको प्रेसको इतिहासमै नराम्रो प्रभाव पारेको पाइन्छ । यसै अध्यादेशको कार्यन्वय र प्रतिरोधको नाममा राज्य र विद्रोही नेकपा माओवादीको बन्दुकको शिकार एक दर्जन पत्रकार हुनु परेको देखिन्छ । धरपकड, थुनछेक र अपहरणका घटनाहरू सामान्य भएका थिए ।

---

[39] ***प्रतिलिपी अधिकारी ऐन,*** २०५९ को प्रस्तावना अनुसार ।

## ३.३ राज्यको तीन अङ्गको भूमिका

नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्थापिका कार्यापालिका र न्यायापालिकालाई राज्यको तीन अङ्गको रूपमा परिभाषित गरेको छ । यस अनुरूप संसद् वा द्वीसदनात्मक व्यवस्थापिका पहिलो, सरकार वा कार्यापालिका दोस्रो र न्यायापालिका वा अदालत तेस्रो अङ्गको रूपमा स्थापित छ । पहिलो अङ्गले संविधानअनुरूप कानून बनाउँने, दोस्रो कानूनको संरक्षण, कार्यन्वयन तेश्रोले व्याख्या र परिपालना गर्ने गराउने काम गर्दछ । यस अवधिमा संसद्को तीन पल्ट निर्वाचन भई व्यवस्थापिका बन्यो । जनताले बनाए । सो व्यवस्थापिकाको संरचना अनुरूपको नेपाली कांग्रेसको एकलौटी सरकार, नेकपा एमालेको अल्पमतको सरकार र सवै पार्टी सम्मिलित संयुक्त सरकार बन्यो । अर्थात् संयुक्त प्रकृत्तिको कार्यपालिका बन्यो । न्यायालय भने संवैधानिक व्यवस्था बमोजिम स्वतन्त्र रूपमा आफ्नो भूमिका निर्वाह गर्ने दिशामा क्रियाशील रहेको पाइन्छ ।

राज्यको तीन अंगले गरेका वा बनाएका प्रेस कानूनलाई कसले कसरी र कहिले कुन रूपमा कार्यन्वयन गऱ्यो भन्ने विषयमा विभिन्न क्षेत्रबाट छुट्टाछुट्टै विश्लेषण भएको पाइन्छ भने स्वयम् तीनै अङ्गका सदस्यहरूबाटै अनेक मतहरू सार्वजनिक भएका छन् । यस विषयमा मीनबहादुर रायमाझी नेख्नु हुन्छ :

> संवैधानिकरणको रक्तसञ्चारको प्रमुख माध्यम पत्रकारिता नै हो । अनिवार्य आवश्यक्ता हो भन्नु यहाँ अत्युक्ति नहोला । लिखित संविधानमा राज्यको प्रमुख अङ्गको रूपमा विधायिका, कार्यापालिका, न्यायपालिका स्वीकार गरिएको र तिनीहरूको अधिकार र कर्तव्य संविधानद्वारा निर्धारण गरिएको हुन्छ । शुद्ध र सक्षम पत्रकारिताको माध्यमबाट समाजमा पर्ने असर र यसको महत्वलाई बुझी संविधानद्वारा स्पष्ट रूपमा किटान नगरिए तापनि यथार्थमा पत्रकारितालाई राज्यको चौथो प्रमुख अङ्गको रूपमा स्वीकार गरिएको छ । ... राष्ट्रको चौथो अङ्गको रूपमा स्वीकार गरिएको पत्रकारिता जगतको संविधानद्वारा अधिकार र कर्तव्यको सुव्यवस्थित नगरेको यस अवस्थामा पत्रकारिता मार्फत ल्याउन सकिने जागरण, जनचेतना व्यवस्थापिका, कार्यापालिका, न्यायापालिकाका काम कारबाहीमा ल्याउन सकिने सुधार, बौद्धिक जगतलाई बौद्धिक खुराक प्रदान गर्ने अनि जनताका हकहितलाई गर्न सकिने सुरक्षा आदिलाई मूल्याङ्कन गर्दा व्यवस्थापिका, कार्यापालिका, न्यायापालिकाको भन्दा सक्षम र श्रेष्ठ भूमिका पत्रकारिता जगतले निर्वाह गर्न सक्ने स्पष्ट देखिएको छ ।[40]

संविधानको भावना अनुरूप विधायिकाबाट सूचनाको हक सम्बन्धी कानून यस अवधिमा बन्न सकेन । यसका लागि सिद्धान्तमा व्यवस्थापिका र कार्यापालिका सकारात्मक भएको भाषण छाट्न पनि छाडेनन् र विधिसम्वत कानून बनाउने तर्फ सचेत पनि बनेन् । नेपालको सिङ्गो प्रेस

---

[40] मीनबहादुर रायमाझी, "अदालत र पत्रकारको सम्बन्ध", ***पत्रकारिता,*** भदौ-असोज, २०५५, पृ. ३६ ।

जगतले संसद्लाई सूचनाको हक सम्बन्धी कानून बनाउँन बारम्बार आग्रह र पहल गरेको देखिन्छ । नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महसंघले संसद् र सरकारलाई सूचनाको हक सम्बन्धी कानून बनाउँन सहयोग पुगोस् भन्ने उद्देश्यले २०५७ साल वैशाखमा एउटा प्रस्तावित विधेयक मस्यौदा[41] सरकारलाई बुझाएको देखिन्छ । त्यसलाई सरकारले कार्यन्वयन गर्ने तर्फ व्यवहारतः कुनै चासो देखाएको पाइँदैन र यस अवधिभर संविधानले प्रत्याभूत गरेको सूचनाको हक सम्बनधी कानून बन्न सकेन । ... सामान्यतया, कार्यपालिका आम पत्रकारको अधिकारको संरक्षण गर्न र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभिवृद्धि गर्नमा सकारात्मक देखिन्छ ।

तर नेपाल पत्रकार महासंघलगायत कतिपय सञ्चार क्षेत्रका संगठित संस्थाहरूको पहलमा मस्यौदा गरिएको सूचनाको हक सम्बन्धी विधेयक संसद्मा अहिलेसम्म प्रस्तुत हुन सकेको छैन । यसको अलावा सरकारबाट पत्रकारहरूमाथि गरिएका व्यवहारहरूलाई निश्पक्ष मान्न सकिँदैन । ... तुलनात्मक रूपमा सञ्चार माध्यमले व्यवस्थापिका अलिक बढी स्वतन्त्रताको उपयोग गरिरहेका छन् । ... न्यायपालिकाले आम पत्रकारको हक सुरक्षित एवम् प्रेस स्वतन्त्रताको मान्यतालाई जीवन्त राख्न सराहनीय भूमिका खेलिरहेको छ । ... तर, कतिपय अवस्थामा न्यायाधीशबाट भएका अनियमितता सार्वजनिक गर्दा अदालतको मानहानीको मुद्दामा पत्रकार जेल समेत जानु परेको छ[42] भनी शोभाकर वुढाथोकीले राज्यको तीनवटै अङ्गको बारेमा विश्लेषण गरेको पाइन्छ ।

यस्तै सूचनाको हकसम्बन्धी कानून बनाउने माग विभिन्न संघसंस्था र नागरिक समाजबाट पनि यसबीचमा प्रसस्त आवाज उठेको थियो । प्रेस तथा सञ्चारसँग सम्बन्धित भिन्न संघसंस्थाहरूले त यस मागलाई अभियान र आन्दोलनकै रूपमा उठाएका थिए । प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियनले यो मागलाई अभियानको रूपमा उठाए । प्रेस चौतारी नेपालले सूचनाको हक सम्बन्धी कानूनको अभिलम्ब निर्माणका साथसाथै उच्चस्तरीय अधिकार सम्पन्न मिडिया आयोगको गठन हुनु पर्ने धारणालाई यस अवधिभर अभियानका साथ उठाएको पाइन्छ । तर राज्यको तर्फबाट यस्ता जायज र संवैधानिक हक निर्माणका पक्षमा चासो देखाएको पाइएन ।

सवै सञ्चारबिद् तथा सञ्चारकर्मीहरूले बुझ्नु पर्ने कुरा के हो भने उच्चस्तीय मिडिया आयोग मार्फत् सरकारी सञ्चार साधनहरूको स्वायत्ताको प्रकृया थालनी गरी सहकारीकरणको योजना लागू गर्नु पर्ने, नीजि क्षेत्रको पत्रपत्रिकाको आवश्यकता पूर्ति गर्न अल्पकालिन र

---

41 हेर्नुस्, परिशिष्ट- ३ ।

42 शोभाकर बुढाथोकी, “प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अनुगमन”, ***नेपाल प्रतिवेदन २००१***, (काठमाडौं : सेहुर्डेस), पृ. ४-५ ।

दीर्घकालीन योजनाको तर्जुमा र कार्यन्वयन गर्न थाल्ने अवस्था सिर्जना भैसकेको छ । अहिले नेपाली पत्रकारीता पूँजिविहिनता, परनिर्भरता, गैरव्यवसायिक्ता र असङ्गठित अवस्थाले गर्दा अगाडि बढ्न सकेको छैन ।[43] भनी राजेन्द्र गौतमले लेख्नुभएको छ ।

यस अवधिका सबै सरकारले नेपाली प्रेसलाई मर्यादित र स्वतन्त्र बनाउनको लागि संविधानअनुसार सूचनाको हक ल्याउने भाषण निरन्तर गरेका थिए । संसद्को सबै चालु अधिवेशनमा सूचनाको हकसम्बन्धी विधेयक आउने चर्चा नेता र स्वयम् सांसदले गर्दै आएको पाइन्छ । तर, सांसदहरू प्रेसकर्मीका सामुमा सूचनाको हक सम्बन्धी सकारात्मक कुरा गर्ने साथै सत्तापक्षबाट चासो नदेखाएको कारण विधेयक संसद्मा आउन नसकेको भन्ने फेरि तिनै पार्टीका सांसद सत्तामा पुगेर मन्त्री बनेपछि आफ्नो पूर्व अडानमा परिवर्तन गर्ने प्रवृत्तिका कारण सूचनाको हक सम्बन्धि कानून बन्न नसकेको एकमुष्ट धारणा नेपाली प्रेसजगतको रहीआएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले सूचनाको हकलाई कानूनको अधिनको विषय बनाएको छ । ... संविधानद्वारा प्रदत्त सूचनाको हकलाई प्रभावकारी बनाउन सूचना प्रवाहका सम्बन्धमा स्थापित सिद्धान्तहरूलाई समावेश गरी कानून बनी लागू हुनु त्यतिकै जरुरी छ । अथवा सरकारी कार्यमा पारदर्शीता, सरकारको खुलापनको अवधारणा, जनउत्तरदायी सरकार सूचनामा नागरिकको पहुँचजस्ता मान्यताहरूको प्रभावकारीता रहन्न भन्ने दृष्टिकोण कानूनविद् काशीराज दाहालले राख्नु भएको देखिन्छ ।

नेपाल अधिराज्यको वर्तमान संविधानले प्रत्येक नागरिकलाई कानूनद्वारा गोप्य राख्नु पर्ने भनी निश्चित गरिएका बाहेक सार्वजनिक महत्वका कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक दिएको छ । तर, सूचनाको हक सम्बन्धी कानून अझै नबनेकाले जनता स्वतः सूचना पाउने अधिकारबाट अझै वञ्चित हुन परेको छ । यसका लागि अदालतको शरणमा पुग्नु परेको धेरै उदाहरण छन्[44] भन्ने तर्क र तथ्य विजय चालिसेले प्रस्तुत गर्नु भएको छ ।

नयाँ आयोगको अनुभव गर्नेहरूले प्रेस काउन्सिललाई असफल वा असमर्थ ठानेका होइनन्, त्यति महत्त्वपूर्ण संस्थालाई अनावश्यक भनेर एउटा समानान्तर इकाइ गठन गरी अप्ठेरो सिर्जना गर्न चाहेको पनि होइनन् । आयोगको सिर्जनाको चाहाना प्रेस काउन्सिलमाथिको टिप्पणी हुँदै होइन । हो, गैरछापा माध्यममा देखा परेका नयाँ खालका हाँकलाई सही र उपयुक्त

---

[43] राजेन्द्र गौतम, “उच्चस्तरीय मिडिया आयोगको आवश्यकता”, ***स्मारीका २०५८***, (काठमाडौं : प्रेस चौतारी नेपाल), पृ. २० ।

[44] विजय चालिसे, “अधिकार सम्पन्न उच्चस्तरीय मिडिया आयोग माग र औचित्य”, ***प्रेस चौतारी स्मारीका,*** (काठमाडौं : प्रेस चौतारी नेपाल, २०६०), पृ. ३१ ।

रूपमा सकार्नका लागि प्रयास गर्न खोज्नु नराम्रो कुरा होइन[45] भन्ने तर्क रामकृष्ण रेग्मीको रहेको देखिन्छ ।

यसरी प्रेस चौतारी नेपालले सूचनाको हकसम्बन्धी कानूनको साथसाथै उच्चस्तरीय मिडिया आयोगको आवश्यकता र औचित्यको बारेमा संस्थागत अभियान सञ्चालन गरेको देखिन्छ । कतिपय राजनीतिक दल र तिनका नेताहरूले भने सूचना स्वतन्त्रतालाई कुण्ठित पार्ने र थप कानूनको निर्माण हुन नसक्ने वातावरण नेकपा माओवादीको सशस्त्र युद्ध हो भन्ने दृष्टिकोण सार्वजनिक भएको देखिन्छ ।

> ... सन् १९९० देखि नेपाली प्रेसले वास्तविक स्वतन्त्रता अनुभूत गर्न पायो । प्रेसले चिताइ नसक्नु प्रगति पनि गऱ्यो । ९० को दशक नेपाली प्रेसको स्वर्णकाल थियो । तर माओवादी पार्टीको कृपाको कारण सन् २००१ ले नेपालभित्र सङ्कटकाल निम्तियो । ... कथित सङ्कटकालको दमनचक्रमा प्रेसकर्मीहरूको अन्यायपूर्वक गैरकानूनी हत्याको श्रृङ्खला पनि चल्यो । माओवादी जनयुद्ध र सङ्कटकाल नेपाली प्रेसका लागि अभिषापका रूपमा इतिहासमा अङ्कित भए । नेपाली प्रेसमाथि दमनको त्यो काल नेपाली राजनीति, नेपाली चेतना र नेपाली अग्रगतिमा सधैंका लागि शोकको कालो टीका लाउने अवधिका रूपमा चिनियो । [46]

भनी नेकपा एमालेका नेता प्रदीप नेपालले किटानी गर्नु भएको भेटिन्छ । यसरी यस अवधिमा नेपालमा सरोकारवाला सवैको चाहाना भएर पनि सूचनाको हक सम्बन्धी कानून बन्न सकेको देखिँदैन । कानूनको अभावमा कार्यापालिका स्वेच्छिक बन्ने र त्यसको विरोध गर्दा स्वयम् चौथो अङ्ग पनि सीमाहिन हुने अवस्था समेत सिर्जना भएको देखिन्छ । सङ्कटकाल यसको प्रमाणको रूपमा स्थापित भएको पाइन्छ ।

## ३.४ पत्रकार र पत्रकार आचारसंहिता

आचारसंहिता आफूले आफ्नै लागि बनाएर आफैमाथि लागू हुने आत्म कानून हो । विश्वप्रेसजगतमा समय, सन्दर्भ, देशको राजनीति र आवश्यकताका आधारमा आचारसंहिता निर्माण गर्दै आएको पाइन्छ । पत्रकार आचारसंहिता भन्ने वित्तिकै पत्रकारहरूको आत्म कानून हो भन्ने बुझिन्छ । नेपालमा गोरखापत्र छाप्ने प्रयोजनको लागि श्री ३ देव शमशेरले १९५८ साल वैशाख बदी ११ रोज २ का दिन जारी सनदबाट सुरु भएको हो । उक्त सनद पत्रकार आचारसंहिताको नामले उच्चारण नभए पनि के छाप्ने के नछाप्ने भन्ने विषयमा जारी गरिएको सरकारी आदेश भएकाले आचारसंहिताकै रूपमा हेर्ने र बुझ्ने गरेको पाइन्छ ।

---

[45] रामकृष्ण रेग्मी, “मिडिया आयोगको कखरा”, ***पूर्ववत्,*** पा.टि.नं. १२, पृ. ३५ ।

[46] प्रदीप नेपाल, “नेपाली प्रेसको नयाँ कार्यभार”, ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. ३ ।

२००७ सालको राजनीतिक परिवर्तनपछि २०१४ सालमा प्रेस कमिशनको गठन भै त्यसले २०१५ सालमा प्रकाशित १८ सुत्रीय नियम जारी भयो । यो नियमलाई संस्थागत आचारसंहिताको रूपमा लिने गरेको पाइन्छ । यस्तै पत्रकार संघको २२ सुत्रीय आचारसंहिता, २०२३, प्रेस सल्लाहकार परिषदद्वारा २०२५ मा जारी २१ सूत्रीय निर्देसन, प्रेस काउन्सिलद्वारा २०३३ मा जारी २२ सूत्रीय छापाखाना र प्रकाशन आचारसंहिता, प्रेस काउन्सिलद्वारा जारी ११ सूत्रीय आचारसंहिता २०४० र पत्रकार भेलाद्वारा २०४२ सालमा जारी १० सूत्रीय आचारसंहिता यसका क्रमिक स्रोत हुन् ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि परिवर्तित सन्दर्भमा २०४७ को संविधान अनुरूप प्रेस काउन्सिल नेपालले १० सुत्रीय पत्रकार आचारसंहिता निर्माण गरेको देखिन्छ । यो आचारसंहितालाई क्रमशः नेपाली प्रेसजगतका आधिकारिक संस्था नेपाल पत्रकार महासंघको सहमति र सहकार्यमा अझै समय सापेक्ष बनाउँदै आएको पाइन्छ ।

बदलिएको परिवेश र जनताको भावनालाई आत्मसात गर्दै नेपाल पत्रकार महासंघले २०५० सालमा १४ सुत्रीय पत्रकार आचारसंहिता जारी गरेको देखिन्छ । यो आचारसंहिताले जनताको सुसूचित हुने हकको उपयोग गर्ने, न्याय, निश्पक्षता, देशहित र प्रजातन्त्रको मूल्य मान्यताप्रति इमानदार बन्दै स्वच्छ र व्यवसायिक पत्रकारिता गर्ने जस्ता मान्यताहरूलाई संस्थागत गरेको देखिन्छ । नेपालमा पत्रकार आचारसंहिताको क्रमिक विकासकै क्रममा प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसँग सहकार्य गरी पत्रकार महासंघको आचारसंहिता २०५० र काउन्सिलको आचारसंहिता २०४७ लाई परिमार्जनसहित एउटै पत्रकार आचारसंहिता निर्माण गरी नयाँ पत्रकार आचारसंहिता २०५५ जारी गरेको पाइन्छ ।

पत्रकार आचारसंहिता २०५५ ले मुलतः बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्ध रहँदै स्वच्छ, निश्पक्ष, स्वतन्त्र एवम् व्यवसायिक पत्रकारिता गर्ने तर्फ केन्द्रित रहेको पाइन्छ । आचारसंहिता विपरित पत्रकारले समाचार लेखे वा नागरिक र व्यवस्थाको प्रतिकूल हुने काम गरेमा न्यायिक कानूनी कारबाहीको स्वीकारोक्ति समेत आचारसंहिताले गरेको पाइन्छ ।

नेपालमा पत्रकार आचारसंहिताको विकासक्रममा पत्रकार आचारसंहिता २०५५ उन्नतस्तरको भएको देखिन्छ । नेपालका सरकारी तथा नीजि प्रेसले यसको आत्मसात र पालना गर्नुले यो तथ्यलाई पुष्टि गरेको देखिन्छ ।

२०४७ को संविधानको भावनाअनुरूप पत्रकार आचारसंहिता २०५५ लाई संशोधन गरी पत्रकार आचारसंहिता २०६० जारी भएको छ ।[47] यस अवधिमा यिनै आचारसंहिताको दायराभित्र रहेर नेपालका प्रेसकर्मीहरू क्रियाशील भएको देखिन्छ । २०४७ पछि बनेका पत्रकार

[47] हेर्नुहोस्, परिशिष्ट- ४ ।

आचारसंहिताका आधारमा प्रेस काउन्सिलमा आचारसंहिता उलंघन भएको मुद्दाहरू परेको देखिन्छ । प्रेस काउन्सिल नेपालको अभिलेखअनुसार २०४९ सालदेखि २०६० भरमा ६० वटा आचारसंहितासम्बन्धी उजुरी परेको पाइन्छ । त्यस्ता उजुरीउपर कतिपयको छानविनसमेत भएको देखिन्छ । युनेस्कोको महानिर्देशक कोइचिरो मात्सुइराको अनुसार :

> ... कहिले प्रेस स्वतन्त्रता विरोधी कानूनबाट त कहिले प्रहरी वा अदालतद्वारा प्रयोग गरिने शक्तिका कारण पनि पत्रकारले पीडा भोग्नु परेको छ । ... पत्रकारको साहस र इमानदारीमा नागरिकले विश्वसनीय सूचना प्राप्त गर्ने कुरा निर्भर गर्दछ । सम्पादकीय स्वतन्त्रता र स्वाधीनताको सिद्धान्तप्रति बहुलवादी सञ्चारमाध्यमको दृढ अठोट रहेमानै नागरिकको अधिकार संरक्षित हुन्छ । [48]

आचारसंहिताको परिपालना गर्ने तर्फ बहुलवादी प्रेसको सिद्धान्तप्रति प्रतिवद्ध प्रेसकर्मी हुनु पर्ने दृष्टिकोण रहेको देखिन्छ ।

नेपाली पत्रकारिता जगत यतिबेला राजनीतिक तरलताका बीचमा अन्योलग्रस्त छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि कानूनी रूपमा बन्देज लगाउँने हिम्मत शासकहरूले नगरीहालेका भए पनि उनीहरू स्वतन्त्र प्रेस सवल र निर्भिक हुँदै जाओस् भन्ने पक्षमा देखिएका छैनन् । प्रेसप्रति राज्यका निकायहरू सहयोगी छैनन् । ... त्यसैले प्रेस चिन्तित र व्यग्र छ । यथार्थ प्रेस स्वतन्त्रताको पक्षमा सवैले ओठे वकालत गरीनै रहेका छन् । न बाघले मासु खाँदैन भनेर भर पर्न सकिन्छ न धुर्त स्यालहरूले घाँस खान्छन नै भन्न सकिन्छ[49] भन्ने विश्लेषण तारानाथ दाहालले गर्नु भएको पाइन्छ ।

नेपालको प्रेसजगत बढी राजनीतिकरण र व्यापारीकरण भएको तथा यदाकदा माफियाहरूबाट समेत केही पत्रपत्रिकामा प्रभाव परेको हुँदा विपक्षी, प्रतिस्पर्धी र नीहित स्वार्थमा बाधा हाल्नेहरू विरुद्ध प्रहार र चरित्र हत्या गर्न समेत उत्रिने प्रवृत्ति देखा परेको छ । तसर्थ आचारसंहितालाई देखाउने मात्र नगरी, कार्यन्वयन गर्ने गराउने प्रतिबद्धताको खाँचो छ । पत्रकार आचारसंहिता पत्रकार जगतको दगिाो र निरन्तर हितका लागि हो र व्यवसायमा विश्वसनीय आर्जन गर्नको लागि यसको पालना गर्नै पर्छ भन्ने कुरा सम्बन्धित सवैले महसूस गर्नुपर्छ[50] भनी हिरण्यलाल श्रेष्ठले नेपालको पत्रकार आचारसंहिता र प्रेसकर्मीको विषयमा लेख्नु भएको पाइन्छ ।

---

[48] युनेस्कोका महानिर्देशक कोइचिरो मात्सुइराले विश्व प्रेस स्वतन्त्रता दिवस सन् मे ३, २००३ का अवसरमा जारी विज्ञप्ती अनुसार ।

[49] तारानाथ दाहाल, "हाम्रो चिन्ता र चुनौती", ***पत्रकारिता,*** (काठमाडौं : नेपाल पत्रकार महासंघ, वैशाख-जेठ, २०६०), पृ. ५ ।

[50] हिरण्यलाल श्रेष्ठ, "पत्रकार आचारसंहीताको क्रमिक विकास र परिमार्जन", ***पूर्ववत्,*** पा.टि.नं. १७, पृ. ११ ।

नेपाल पत्रकार महासंघ सञ्चारकर्मीहरू आफ्नै आचारसंहिताबाट अनुशासित, मर्यादित र जिम्मेदार हुने कुरामा विश्वस्त छ । *"तसर्थ यो महाधिवेशन राज्यपक्षबाट सञ्चार क्षेत्रमाथि हुने कुनै पनि नियन्त्रणात्मक आदेशद्वारा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कार्यको विरोध गर्दछ र यस किसिमका सम्पूर्ण आदेशहरू अभिलम्ब फिर्ता लिन र आगामी दिनमा पनि सञ्चार क्षेत्रमाथि नियन्त्रण गर्ने कुनै पनि खालका प्रयास नगर्न सम्बद्ध सबै पक्षलाई आव्हान गर्दछ"* [51] भनिएको छ ।

पत्रकारिता आज सिंगो समाजको आस्था र आकर्षणको विषय बनेको छ । त्यसैले प्रेस जगत आफ्नो अधिकार, जिम्मेदारी कर्तव्यप्रति सदा सजग रहनु पर्दछ । ... यस क्षेत्रमा रहेका कतिपय कमी कमजोरी हटाउन प्रेस काउन्सिलद्वारा जारी 'पत्रकार आचारसंहिता २०६०' ले पनि विशेष योगदान गर्न सक्छ । यो आचारसंहिताको पालना भएमा नेपालले पत्रकारिताको स्वस्थ र आदर्श उदाहरण प्रस्तुत गर्न सक्नेछ । राज्यले प्रेसलाई नियन्त्रण गर्नु हुँदैन र प्रेसले पनि निरङकुश बन्नु हुँदैन । सवल, सक्षम र मर्यादित सञ्चार माध्यमहरू राष्ट्र र समाजका भरपर्दा शक्ति हुन्[52] भनी तत्कालिन प्रेस काउन्सिल नेपालका अध्यक्ष हरिहर विरहीले प्रेसकर्मी आचारसंहिता र राज्यको कर्तव्य, अधिकारका विषयमा लेख्नु भएको पाइन्छ ।

देशमा नेकपा माओवादीको सशस्त्र जनयुद्ध तिव्र हुँदै गएपछि नेपाली प्रेसमाथि सरकार र माओवादीको तर्फबाट विभिन्न खालका हमला भए । त्यस्ता हमलाउपर प्रतिवाद या प्रतिरक्षा गर्ने क्रममा प्रेसको तर्फबाट पनि त्रुटिहरू हुन पुगेको भेटिन्छ । देशमा राजनीतिक अस्थिरता र अशान्तिको वातावरणमा प्रेसले आफ्नो भूमिका र दायित्व स्वाभाविक रूपले पूरा गर्न सक्दैन । यस्तो परिस्थितमा नेकपा माओवादीको हिंसात्मक गतिविधिको नियन्त्रण र जनताको जीउधनको सुरक्षा गर्ने नाममा सरकारले २०५८ साल मंसिर ११ गतेदेखि नेपाल अधिराज्यभर लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गऱ्यो । सङ्कटकाल कार्यन्वयन गर्ने नाममा संविधान प्रदत्त नागरिकका मौलिक हक समेत निलम्बित भए ।

नेपालमा सङ्कटकालीन अवस्था २०५८ साल मंसिर ११ गते देखि २०५९ साल भदौ १२ गते कायम रह्यो । यो अवस्थामा नेपाली प्रेसले आफ्ना आचारसंहिता र विधानको सीमारेखा नाघेर नागरिक स्वतन्त्रताको आन्दोलनमा समेत उत्रिएको देखिन्छ । सङ्कटकालको विषयमा महेन्द्र विष्ट लेख्छन् :

सरकारले सङ्कटकालको घोषणा भएकै दिन *आतङ्ककारी तथा विध्वङसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८* जारी गऱ्यो । आतङ्ककारीहरूले अपनाएका बाटालाई

---

[51] नेपाल पत्रकार महासंघको २० औंमहाधिवेशन २०५९ वैशाख ३०, ३१, काठमाडौंबाट पारीत प्रस्ताव नं. ३ अनुसार ।

[52] हरिहर विहरी (सम्पा.), ***प्रकाशनको दिग्दर्शन २०६०,*** (चौ.सं.), (काठमाडौं : प्रेस काउन्सिल नेपाल, २०६०), पृ. ख ।

दुरुत्साहन गर्ने वा यससँग सम्बन्धित कुटपीट, लुटपीट, अपहरण, आग्जनी, हत्या हिंसाजस्ता विध्वङसात्मक एवम् आतङ्काकारी गतिविधीलाई बढावा दिने उद्देश्यले अभिप्रेरित वा उक्त अभिप्रायलाई पुष्टि गर्ने मनसायले प्रेरित गर्ने अन्तरवार्ता, लेख समाचार वा श्रव्य दृश्य सामाग्री वा अभिमतको प्रकाशन तथा प्रसारण गर्नमा यसले बन्देज गऱ्यो । यो बन्देजमा उल्लेखित कार्यलाई आतङ्ककारी कार्यकै सहायक अङ्ग मानेर कठोर खालको दण्ड र सजायको प्रवधान राखियो[53] भनिएको छ ।

सङ्कटकालमा राज्यको तर्फबाट ६ जना र माओवादीको तर्फबाट दुई जना गरी आठजना नेपाली सञ्चारीकर्मीको हत्या भएको छ ।[54] यस्तै दर्जनौं पत्रकारलाई गैरकानूनी गिरफ्तारी, थुनछेक, कुटपीट तथा बेपत्ता पारिएको देखिन्छ । सङ्कटकालमा भएका यस्ता घटनालाई परिच्छेद सातमा विश्लेषण गरिएको छ ।

यसरी सङ्कटकालमा राज्यले माओवादीलाई सहयोग गरेको नाममा प्रेसमाथि जाई लाग्यो भने आफ्नो पार्टीको सुराकी गरेको वा पार्टीको नीतिका विरोधमा समाचार लेखेको आरोपमा नेकपा माओवादी पनि प्रेस र प्रेसकर्मीमाथि खनिएको देखिन्छ । सङ्कटकालमा नेपाली प्रेस जगतले पनि सरकारी आदेशलाई नमानी संविधानअनुरूप आफ्नो स्वतन्त्रता खोज्ने प्रयत्न गरिरह्यो । तीन शक्तिको आ-आफ्नै विचार तथा व्यवहारका कारण आपसमा समन्वय हुन नसकी अप्रिय घटनाहरू समेत घट्न पुगेको देखिन्छ । यी सवै घट्ना र अवस्थाको आधारमा २०५० सालदेखि २०६० सालभरीको अवधिमा नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति राम्रो रहेको देखिदैन ।

सरकार र माओवादी विचको आपसी द्वन्द्वको कारण नागरिकको सूचनाको हक समेत संकुचित वन्न पुग्यो भने राज्यका कानूनहरूसमेत उलंघन हुन पुगको देखिन्छ । यस अवधीमा जति नेपालको प्रेसको इतिहासमा कहिल्यै पनि प्रेसले सङ्कट व्यहोर्नु परेको देखिदैन ।

नेपालको छापाले अनेक खालका समस्यासँग जुध्नु पऱ्यो भने राज्यले आफ्नो कानून कार्यान्वयन गर्ने नाममा प्रेसकर्मीलाई समेत घरपकड गर्ने व्यवहारलाई सामान्य वनायो भने माओवादीले पनि सरकारलाई सहयोग गरेको आरोपमा प्रेस माथि कडा निगरानी राख्ने काम गऱ्यो यसबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कमजोर भएको देखिन्छ ।

---

53 महन्द्र विष्ट (सम्पा.), ***सङ्कटकालमा नेपाली प्रेस,*** (काठमाडौं : नेपाल पत्रकार महासंघ, २०६०), पृ. १६ ।

54 हेर्नुहोस्, परिशिष्ट- ५ ।

## ३.५ निष्कर्ष

नेपाल अधिराज्यको संविधान २०४७ ले वाक तथा प्रकाशन स्वतन्त्रतालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानको मर्म र भावनाअनुरूप नेपालको छापा सञ्चालन भएको देखिन्छ । यस अवधिमा नेपाली छापालाई व्यवस्थित, अनुसासित एवम् मर्यादित बनाउँन छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८, छापाखाना र प्रकाशन सम्बन्धी नियमावली २०४९ रहेको देखिन्छ । यी नै ऐन र नियमावलीको आधारमा नेपाली छापाले जनतालाई सुसुचित गर्ने, राज्यलाई सचेत पार्ने काम भएको देखिन्छ । उक्त ऐन र नियमावलीको अतिरिक्त नेपाल प्रेस काउन्सिल नियमानवली २०४८, प्रेस काउन्सिल कार्यव्यवस्था नियमानवली २०४९, राष्ट्रिय प्रसारण ऐन २०४९, श्रमजीवि पत्रकारसम्बन्धी ऐन २०५१ र नियमावली २०५३ निर्माण भइ सोको कार्यन्वयन भएको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले कानून बमोजिम गरेको छ । यसबाट नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली छापाको अधिकार तथा स्वतन्त्रतालाई महत्त्व दिएको पुष्टि हुन्छ ।

राज्यको तीन अङ्ग व्यवस्थापिका, कार्यापालिका र न्यायपालिका पछि राज्यको चौथो अङ्गको रूपमा प्रेसलाई स्वीकार गरेको देखिन्छ । नेपाली छापाले सँधै सरकारलाई सचेत पार्ने, जनतालाई सुसुचित गर्नु पर्दछ । तर, संविधानले नै छापाको दर्ता खारेज नहुने व्यवस्था गरेकोमा अधिकारको मात्र कुरा गर्ने कर्तव्यलार्य विर्सनु हुँदैन छापाको स्वतन्त्रतालाई स्वच्छन्दताको रूपमा बुझ्न मिल्दैन । यस पक्षलाई सुचारु गर्न पत्रकार आचारसंहिताको पालना अनिवार्य देखिन्छ । कतिपय अवस्थामा छापाले आफ्नो अधिकारको दुरुपयोगले व्यक्ति र राष्ट्रलाई नोक्सानी भएको पनि देखिन्छ । त्यस्तो घट्नामा नेपाली छापालाई कानूनी कार्यवाही भएको देखिन्छ । यो नै हो कानूनी राज्यको मूल्य मान्यता । यसलाई छापाखाना तथा प्रकाशन ऐन २०४८ को दफा १४ ले व्यवस्थित गरेको देखिन्छ । नेपालको संङ्कटकालिन अवस्था ( २०५८ मंसिर ११-२०५९ भदौ १३) मा नेपाली छापालाई राज्यद्वारा संकुचित गरिएको थियो । आतङ्कवादी तथा विध्वङ्सात्मक (कार्य नियन्त्रण तथा सजाय) अध्यादेश (पछि ऐन) नेपाली छापाको कानूनी अधिकारलाई सङ्कुचित गरेको प्रष्ट देखिन्छ । सरकारको उक्त कदमलाई नेपाली छापामाथि भएको गैरकानूनी कदमको राज्यमा नेपाली छापाले परिभाषित गरेको छ भने सरकारले संविधानको आत्मरक्षाकालागि चालिएको स्वाभाविक काम हो भनेको देखिन्छ । उक्त अध्यादेश सङ्कटकालको अन्त्यसँगै निस्कृय भएको पाइन्छ । यसरी समग्रमा हेर्दा नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावना अनुरूपका ऐन, नियमावली बनेको र त्यसैका आधारमा नेपाली छापा सञ्चालन गर्न गराउँन खोजेको देखिन्छ ।

# चौँथो परिच्छेद

# नेपालका राजनीतिक दलको छापा नीति र छापासँगको अन्तरसम्बन्ध

२०४६ सालको परिवर्तन पछि नेपालको राष्ट्रिय राजनीतिमा स्थापित भएका प्रमुख राजनीतिक शक्ति मध्ये नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले र दरबार नै हुन् । दरबारको प्रत्यक्ष/परोक्ष पृष्ठपोषणमा स्थापित पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीले पार्टीगत रूपमा दरबारको प्रतिनिधित्व गरेको बुझिन्छ । उसको हरेक व्यवहार र नीतिले समेत यसलाई पुष्टि गरेको देखिन्छ । यो शक्तिलाई दक्षिणपंथी वा यथास्थितिवादी राजनीतिक शक्तिको रूपमा चित्रित गरेको देखिन्छ । नेपाली काङ्ग्रेस नेपालको मध्यमार्गी (centrist) राजनीतिक शक्ति हो । यसले 'बुर्जुवा प्रजातान्त्र'[55] लाई आत्मसात् गर्दछ । २०४८ को आम निर्वाचन पछि २०६० सम्मको अवधिमा सबै भन्दा बढी सरकार सञ्चालन गर्ने अवसर पनि नेपाली कांग्रेसलाई मिलेको देखिन्छ ।

ने.क.पा. एमाले, जसले नेपालको वाम शक्ति (कम्यूनिष्ट) को नेत्रित्व गर्ने गर्दछ । आमूल परिवर्तनको धेय राख्ने एमालेले जनवादी[56] राज्य व्यवस्था स्थापना गर्ने र आमूल परिवर्तन गर्ने लक्ष ठानेको पाइन्छ । यस अवधिमा केही समय सत्ता सञ्चालन गर्ने र अधिकांश समय प्रमुख प्रतिपक्षीमा बस्ने अवसर नेपाली जनताले एमालेलाई दिएको देखिन्छ ।

२०४८ सालको आम निर्वाचनबाट तेश्रो शक्तिको रूपमा बाम शक्ति मध्येकै संयुक्त जनमोर्चा स्थापित भएको भए पनि २०५१ को मध्यावधी निर्वाचनमा उसको विगतको हैसियत कायम रहन सकेको देखिदैन । यस्तै नेपाल मजदुर किसान पार्टीको प्रेस नीतिलाई पनि एमालेको नीतिसँगै प्रवृत्तिगत रूपमा लिन सकिन्छ । २०५५ साल पछिको अवधिमा ने.क.पा. (माओवादी) को शसक्त उपस्थिति राष्ट्रिय राजनीतिमा देखा पर्‍यो । त्यस शक्तिको हरेक नीतिलाई युद्धकालिन् अवस्थासँग दाँजेर हेर्नु पर्ने देखिन्छ र यसले अख्तियार गरेको प्रेस नीतिलाई युद्धकै सापेक्षतामा विश्लेषण गरिनु पर्दछ ।

---

55 कम्यूनिष्टहरूले वाक् तथा प्रकाशन स्वतन्त्रता सहितको सामान्य प्रतातन्त्रलाई 'वुर्जुवा प्रजातन्त्र' भन्ने गर्दछन् ।

56 प्रजातन्त्रलाई कम्यूनिष्टहरूले प्रयोग गर्ने समानार्थी शब्द ।

## ४.१ राष्ट्रिय प्रजातन्त्र पार्टीको छापा नीति

मुलुकको आधुनिक विकासका निम्ति सञ्चार महत्त्वपूर्ण पक्ष हो । यसको संस्थागत सुदृढिकरकण र प्रजातान्त्रिक संस्कारयुक्त बनाउन सबै सञ्चार माध्यमहरूलाई जनमुखी र प्रभावकारी एवम् विस्वाशिला तुल्याउँन आवश्यक[57] छ भनिएको छ ।

संविधानद्वारा निर्दिष्ट सूचनाको हकलाई संरक्षण गर्न समेत प्रेसको महत्वपूर्ण भूमिका राप्रपाले महसुस गरेको देखिन्छ । सरकारी सञ्चार माध्यमका साथै नीजि प्रेसलाई समेत गुणात्मक बनाउँने परिकल्पना राप्रपाले गरेको देखिन्छ ।

निजी क्षेत्रमा सञ्चालित पत्र-पत्रिकाहरूको गुणात्मक विकास र पत्रकारिता शिक्षा तथा तालिमको उचित व्यवस्था मिलाई उद्योग सरह मान्यता दिने र तत्सम्बन्धि सुविधा आदिका साथै सरकारी सञ्चार माध्यमहरूलाई प्राप्त विज्ञापन र आर्थिक सहयोग विनाभेदभाव समान रूपमा उपलब्ध गराउँने प्रबन्ध हुने छ[58] भनि आफ्नो घोषणापत्रमा लेखिएको पाइन्छ ।

सञ्चार क्षेत्रलाई निश्पक्ष र भेदभावरहित बनाउँने दृढताका साथै सत्तारुढ नेपाली काङ्ग्रेसले सञ्चारमा गरेको पार्टीकरणको समेत विरोध गरौं भनेको देखिन्छ । ... प्रेस काउन्सिलको काङ्ग्रेसीकरण भएको कारणबाट शिथिल हुन पुगेको स्थितिको निराकरणका निम्ति कानूनी उपायहरू अवलम्बन गरिनु पर्छ भन्ने राप्रपाको अवधारणा छ ।[59] भनि आफ्नो पार्टीको सञ्चार नीतिलाई परिभाषित गरेको देखिन्छ । यसै चुनावी घोषणा-पत्रको आधारमा २०५१ सालको मध्यावधी चुनावमा संसदमा तेश्रो ठूलो राजनीतिक शक्तिको रूपमा राप्रपा स्थापित भएको थियो । २०५१ को आम निर्वाचनका चुनावी घोषणा-पत्रकै निरन्तरता चुनाव घोषणा पत्र २०५१ भएकाले २०४८ लाई छुट्टै अध्ययन गर्नु आवस्यक देखिदैन ।

सरकारी सञ्चार माध्यमलाई एकतर्फी रूपमा सत्तारुढ दलका भजन गाउँने अखडाबाट मुक्त गरी आम जनतालाई सुसूचित गर्ने माध्यमका रूपमा विकसित गर्ने लक्ष राप्रपाको रहेको छ ।[60] यसरी राष्ट्रिय प्रजातन्त्रपार्टीले आफ्नो पुरानो मान्यतालाई नै कायम राखेको देखिन्छ । खासगरी सत्तारुढ दलले गर्ने पार्टीकरणबाट मुक्त राख्ने अठोट राप्रपामा रहेको पाइन्छ । राज्यको चौथो अङ्ग पत्रकारिता क्षेत्र क्रमशः सागुरीदै गएको र त्यस्तो अवस्थाबाट प्रेसलाई स्वतन्त्र राख्न

---

[57] ***राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनाव घोषणा-पत्र,*** २०५१, (हेनुस्, परिशिष्ट- ६) ।

[58] ***पूर्ववत्,*** परिशिष्ट- ६ ।

[59] ***ऐजन*** ।

[60] ***राप्रपाको चुनाव घोषण-पत्र २०५६,*** (हेर्नुस्, परिशिष्ट- ७) ।

राप्रपाले ... *"सबैका लागि सञ्चारको नीति लागू गरी राज्य पत्रकारिताको विकास गरिनेछ"* [61] भनेको देखिन्छ ।

सरकारी लगायत नीजि प्रेसलाई समेत सरकारी सुविधा उपलब्ध गर्ने राप्रपाको पूर्व नीति यथावत रहेको देखिन्छ । राप्रपाले प्रेसलाई राज्यको चौथो अङ्गको रूपमा घोषणापत्रमा उल्लेख गरेर नेपाली प्रेसको स्वतन्त्रता र उत्तरदायित्व दुवैको मुल्य मान्यतालाई सैधान्तिक रूपमा आत्मसात गरेको पाइन्छ ।

## ४.२ ने.क.पा. एमालेको छापा नीति

संचार माध्यमहरू राष्ट्रिय जागरण तथा सर्वाङ्गीण विकासका प्रभावकारी साधनहरू हुन् । प्रजातन्त्रलाई संस्थागत पार्ने र राष्ट्रको जीवनका विविध पक्षलाई एउटै सूत्रमा वाध्न तथा भावनात्मक एकता कायम गर्न सञ्चार माध्यमहरूको ठूलो भूमिका रहन्छ[62] भनिएको छ ।

निर्वाचनमा आफ्नो पार्टीले बहुमत पाए र आफूले सरकार बनाएको अवस्थामा देशको प्रेसलाई कसरी र कुन रूपमा सञ्चालन गर्ने भन्ने मार्गदर्शनको रूपमा चुनाव घोषणापत्रलाई लिइन्छ । घोषणा पत्रको अवधारणाको आधारमा जनताले चुनावमा भोट दिने वा नदिने फैसला गर्दछन् । यो प्रजातन्त्रको सामान्य प्रकृया पनि हो । २०४८ को आम चुनावमा ने.क.पा. एमाले प्रमुख प्रतिपक्षी दलको मान्यता पाएको थियो । २०५१ को मध्यावधी चुनावमा भने संसदमा सबैभन्दा ठूलो राजनीतिक दलको रूपमा स्थापित भयो र नौ महिने अल्पमतको सरकार बनाएको थियो । यो सरकारलाई नेपालको इतिहासमा पहिलो कम्यूनिष्ट सरकार[63]को रूपमा लिइने गरेको पाइन्छ ।

- निजी क्षेत्रको अखवार र अन्य प्रकाशनलाई उद्योगको रूपमा मान्यता प्रदान गरी उद्योगले पाउनु पर्ने सुविधा उपलब्ध गराउने छ ।
- सार्वजनिक क्षेत्रका सञ्चार माध्यमहरूलाई स्वतन्त्र, निश्पक्ष र देशको परराष्ट्र नीति हुने प्रसारण नीति बनाइ जनतालाई सुसूचित गर्ने संस्थागत परिपाटीको विकास गरिनेछ ।[64] आदि प्रतिवद्धताहरू घोषणा पत्रमा गरेको देखिन्छ ।

प्रेस काउन्सिल ऐनमा परिवर्तन, न्यूजप्रिन्टमा छुट, मोफसलको अखवारहरूलाई छुट्टै सहुलियतको व्यवस्था, श्रमजीवि पत्रकारहरूको जीवन विमा, अखवारका लागि प्रयोग हुने

---

[61] ***पूर्ववत्,*** परिशिष्ट- ७ ।

[62] ***ने.क.पा. एमालेको चुनाव घोषणा-पत्र २०५१,*** (हेर्नुस्, परिशिष्ट- ८ (क)) ।

[63] ने.क.पा. एमालेको राजनीतिक **दस्तावेजहरू**को अनुसार ।

[64] ***पूर्ववत्,*** परिशिष्ट- ८ (क) ।

प्रविधिमा सुविधा दिने विषयमा समेत घोषणापत्रले प्रतिवद्धता देखाएको पाइन्छ । यसको साथै आम सञ्चारको समग्र विकासका लागि गरिने योजना उल्लेख गरेको देखिन्छ ।

*स्वायत्त र जिम्मेदार सञ्चार : जनताको सुसूचित हुने अधिकार* मुख्य टाइटलमा ने.क.पा. एमालेले आफ्नो प्रेस नीतिको समग्र व्याख्या गरेको देखिन्छ । सिद्धान्ततः ने.क.पा. एमालेको प्रेस नीति सुन्दर र समयसापेक्ष देखिन्छ ।

- राष्ट्रिय सूचना प्रणालीका विकासका लागि २० वर्षे योजना बनाई लागू गरिनेछ ।
- सार्वजनिक संचार माध्यमहरूलाई स्वतन्त्र, निश्पक्ष र राष्ट्रिय हित अनुकूल अझ प्रभावकारी बनाइने छ ।
- सकारी संचार माध्यमका संस्थान सेवा नियमावलीहरू र श्रमजीवि ऐनका विच एकरूपता ल्याइनेछ र नीजि क्षेत्रका अखवार तथा अन्य प्रकाशनहरूलाई उद्योगको रूपमा मान्यता दिइ त्यस अनुसार पाउनु पर्ने सुविधाहरू दिइने छ । निजी क्षेत्रका अखवारहरू सरकारी विज्ञापनहरू र विशेषतः सरकारले प्रवाह गर्ने स्वास्थ्य शिक्षा र अन्य जनसेवाका सार्वजनिक सूचनाहरू निश्चित मापदण्डका आधारमा विनाभेदभाव उपलब्ध गराइने छ[65] भनि प्रष्ट पारेको देखिन्छ ।

ने.क.पा. एमालेले नेपालको समग्र प्रेस तथा सञ्चार प्रणालीलाई समयानुकूल स्वतन्त्र प्रभावकारी एवम् प्रतिस्पर्धी बनाउन २० वर्षे दीर्घकालिन योजना अघि सारेको देखिन्छ । एकपल्ट अल्पमतको सरकार र पटक-पटक संयुक्त सरकारमा पुग्ने अवसर पाएको ने.क.पा. एमालेले २०५४ सालको स्थानीय निकायको निर्वाचमा स्थानीय सत्तामा वर्चस्व[66] कायम गरेको थियो ।

ग्रामिण क्षेत्रमा फोन सेवा विस्तार, परम्परागत हुलाकलाई आधुनिकरण गर्ने, पत्रकारिता क्षेत्रमा गुणस्तर वृद्धिका लागि सहुलियत, नेपालको छापालाई आत्मनिर्भर बनाउँन स्वदेशमै उद्योग स्थापना गरी न्यूजप्रिन्टको उत्पादन र सहुलियत दरमा वितरण गर्ने लक्ष समेत रहेको देखिन्छ ।

सरकारी स्वामित्वमा रहेको संचार माध्यमहरू गोरखापत्र, रेडीयो नेपाल, नेपाल टेलिभिजनलाई स्वायत र निस्पक्ष बनाइने पुरानो प्रतिवद्धतालाई निरन्तरता दिएको देखिन्छ ।

---

65 ***ने.क.पा. एमालेको चुनाव घोषणा-पत्र २०५६,*** (हेर्नूस् परिशिष्ट- ८ (ख) ।

66 ***स्थानीय निकायको निर्वाचन परिणाम २०५४,*** निर्वाचन आयोगको अनुसार ।

## ४.३ नेपाली काङ्ग्रेसको छापा नीति

नेपाली काङ्ग्रेस विचार र अभिव्यक्तिको स्वतन्त्रताप्रति मात्र होइन, कुनै पनि सार्वजनिक महत्वको विषयमा सूचना पाउनु पर्ने नागरिकको हकको सुरक्षाप्रति प्रतिवद्ध पार्टी पनि हो[67] भनि काङ्ग्रेस पार्टीलाई प्रेसको हिमायतिको रूपमा दावी गरेको देखिन्छ ।

मध्यमार्गी राजनीतिक धारको नेत्रित्व गर्ने पार्टी भएको कारण साधारण जनतामा समेत नेपाली काङ्ग्रेसले अवलम्बन गर्ने वाक् स्वतन्त्रताप्रति विश्वास गर्ने गरेको पाइन्छ । दक्षिणपन्थ यथास्थितिवादी शक्तिले प्रेसलाई यथास्थितिमा संकुचित पार्ने र परिवर्तनको नाममा साम्यवादी शक्तिले निर्देशित नियन्त्रणमा राख्ने खतराबाट जनताहरू मुक्त नभएको अवस्था देखिन्छ ।

२०४८ को आम निर्वाचन देखि नै सत्ताको अधिकांश बागडोर नेपाली काङ्ग्रेसले लियो । यस अवधिमा सत्ताको चरम दुरूपयोग गरेको र सञ्चार माध्यमलाई पार्टीको भजनमण्डली बनाएको आरोप पनि प्रतिस्प्रर्धी राजनीतिक दलले लगाएको देखिन्छ ।

> सबैप्रकारका संचारका माध्यमहरू, निस्पक्ष, विश्वसनीय एवम् पारदर्शी ढंगले सञ्चालन गराइने छ । पत्रकारिता क्षेत्रलाई मर्यादित स्वतन्त्र र उत्तरदायीपूर्ण बनाउन एवम् नीजि क्षेत्रलाई स्वस्थ्य प्रतिस्प्रधाको आधारमा विकसित हुन प्रोत्साहन गर्ने नीति लिनुका साथै त्यसका लागि आवश्यक सुविधाहरू प्रदान गरीने छ [68] भनिएको छ ।

यसका साथै हुलाक सेवाको आधुनिकिकरण, ग्रामिण क्षेत्रमा टेलिफोनको उपलब्धता सरल, सुलभ बनाउँने अठोट समेत नेपाली काङ्ग्रेले घोषणापत्रमा घोषणा गरेको देखिन्छ । दूर संचार सेवालाई अझ प्रभावकारी बनाउँन देशमा दोश्रो भू-उपग्रह केन्द्रको स्थापना गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको देखिन्छ ।

नेपाली काङ्ग्रेसको चुनावी घोषणापत्र २०४८ र मध्यावधी चुनाव २०५१ को चुनाव घोषणा पत्रलाई नै २०५६ मा पनि निरन्तरता दिएको देखिन्छ । नेपाली काङ्ग्रेसले राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको सिद्धान्तमा आधारित भएर नेपाली प्रेसलाई, स्वतन्त्र, मर्यादित र प्रतिस्प्रधी रूपमा चलाउँने नीति लिएको छ । प्रेसलाई स्वतन्त्र, मर्यादित एवम् उत्तरदायी बनाउँने नीति काङ्ग्रेसको देखिन्छ । साथै नीजि प्रेसलाई समेत सरकारी प्रेसलाई सरह स्वतन्त्र एवम् उत्तरदायी बनाउँने प्रतिबद्धता तीनवटै घोषणापत्रमा दोहोऱ्याएको पाइन्छ ।

यसै घोषणापत्रका आधारमा नेपाली काङ्ग्रेसको सरकारले नेपालको प्रेस सञ्चालन गरेको देखिन्छ । नीजि क्षेत्रलाई बढी प्रतिस्प्रधी बनाउँने भन्ने नीतिका आधारमा यस अवधीमा

---

[67] ***नेपाली काङ्ग्रेसको चुनाव घोषणा-पत्र २०५६,*** (हेर्नुस परिशिष्ट- ९) ।

[68] ***पूर्ववत्,*** परिशिष्ट- ९ ।

नेपालमा निजी क्षेत्रको प्रेसले निकै विकास गरेको पाइन्छ भन्ने दावी काङ्ग्रेसका नेताहरूले नै गर्दै आएको देखिन्छ ।

हालसम्म उपलब्ध नभएका सेलुलर मोबाइल र अन्य अतिरिक्त सेवाहरू उपलब्ध गराइनेछ । अन्तर्राष्ट्रिय दूरसञ्चार सेवालाई अझ भरपर्दो बनाउँन दोस्रो भू-उपग्रह केन्द्र स्थापना गरिनेछ[69] भनिएको छ । यसरी नेपाली काङ्ग्रेसले आफ्नो चुनावी घोषणापत्रमा नेपालको प्रेस नीतिका बारेमा थोरै शब्द खर्चिएर पनि फराकीलो ढंगले नेपाली प्रेसलाई सञ्चालन गर्ने लक्ष राखेको पाइन्छ ।

## ४.४ ने.क.पा. माओवादीको छापा नीति

२०५२ साल फागुन १ गतेबाट नेपाल अधिराज्यको संविधान अमान्य घोषणा गर्दै राज्यको उपरिढाँचामानै आमूल परिवर्तन गर्ने लक्षकासाथ ने.क.पा. माओवादीको स्थापना भएको देखिन्छ । यस पार्टीले नेपालको राजनीतिमा २०५५ साल यता आएर असर पार्न थालेको देखिन्छ । २०५८-०६० को बीचमा आएर ठूलो राजनीतिक समस्याको रूपमा सिर्जना भयो । उसले चलाएको ससस्त्र जनयुद्धको मारमा हजारौं जनता मरे भने स्वयम् नेपालको प्रेस जगत पनि प्रताडित हुन पुग्यो । यस अवधीमा ८ जना पत्रकार राज्य र माओवादीले हत्या गरेका छन् । यो पार्टी विद्रोही शक्ति भए पनि समानान्तर सत्ता चलाएको दावी स्वयम् माओवादीले गर्दै आएको र अध्ययन अनुसन्धानको अवधिमा वार्ताको माध्यमबाट शान्तिपूर्ण राजनीतिको मुलधारमा प्रवेश गरेको सन्दर्भमा उसको प्रेस नीति अध्ययनमा समावेश गर्नु आवश्यक देखियो ।

मुलतः ने.क.पा. माओवादी पार्टी भूमिगत रहेर ससस्त्र युद्ध गरी रहेको समयमा पार्टीको आधिकारिक दस्तावेजहरू खुल्लारूपमा सार्वजनिक भएको पइदैन । तर युद्धकालमा जब नेपालका प्रेसकर्मीमाथि साङ्घातिक हमला हुन थाल्यो, पत्रकारको ज्यान लिन थाले तब प्रेस र माओवादीको बीचमा अन्तरसम्वाद र झगडा सिर्जना भएको देखिन्छ । यसै क्रममा यस पार्टीको तर्फबाट नेपाल पत्रकार महासंघलाई पत्र मार्फत पार्टीको प्रेस नीति यस्तो हो भनेर अध्यक्ष प्रचण्ड र प्रवक्ता कृष्ण बहादुर महराले पठाएको पाइन्छ । सोही पत्रलाई आधार मानेर विद्रोही ने.क.पा. माओवादीको प्रेस नीतिको अध्ययन गरिएको छ ।

> ... अत निरपेक्ष सत्ताका निरपेक्ष स्वतन्त्रता दुवै कुरा भ्रममात्र हुन् । जनसत्ताद्वारा निर्देशित प्रेसले जनताको पक्षमा काम गर्दछ भने प्रतिक्रियावादी सत्ताद्वारा निर्देशित प्रेसले जनाका विरुद्ध काम गर्दछ । यो सिधा र स्पष्ट कुरा हो । साम्यवादीहरूको व्यवस्थामा प्रेसलाई स्वतन्त्रता दिइदैन भन्ने कुरा सत्य

[69] ***पूर्ववत्,*** परिशिष्ट- ९ ।

होइन । ... प्रतिस्प्रधाको संस्थागतले प्रेस स्वतन्त्रतालाई औपचारिक र यान्त्रिक हुनबाट बचाउने कुरामा हामी विस्वस्त छौं । ... अर्को भाषामा भन्नु पर्दा प्रेस जनसत्ताको पक्षमा र जनविरोधी सत्ताको विरोधमा हुनु पर्दछ [70] भनिएको छ ।

यसरी ने.क.पा. माओवादीले आफ्नो वा जनसत्ताको पक्षमा र पुरानो वा जनविरोधी सत्ताको विरुद्धमा लाग्नु नै प्रेस स्वतन्त्रता हो भन्दै आफ्नो सत्तामा त्यस्तो खाले प्रेस स्वतन्त्रता हुने पार्टी नीति प्रष्ट पारेको देखिन्छ । नेपालमा सामन्तवाद र साम्राज्यवादका विरुद्ध न्यायपूर्ण युद्धको नेत्रित्व गरिरहेको हाम्रो पार्टीले भीषण युद्ध चलाएको वर्तमान अवस्थामा पनि प्रेस स्वतन्त्रताप्रति उच्च सम्मान गर्दै आएको छ । हाम्रो पार्टीले जनताका सवै प्रकारका मौलिक तथा राजनीतिक अधिकारको पूर्ण प्रत्याभूति गर्नुका साथै वाक तथा प्रेस स्वतन्त्रको समेत पूर्ण ग्यारेन्टी गर्ने नीति अख्तीयार गरेको कुरा यहाँहरूलाई अवगत नै छ । जनसमुदायमाथि सामन्ती शैन्य सत्ताको अभ्यासबाट वास्तविक अर्थमा प्रेस स्वतन्त्रताको ग्यारेन्टी हुन नसक्ने तथा जनताद्वारा निर्मित नयाँ सत्ताबाट मात्रै वास्तविक प्रेस स्वतन्त्रताको रक्षा, विकास र सम्मान हुन्छ भन्ने कुरामा हाम्रो दुढ विस्वास छ । हाम्रो पार्टीले प्रेस स्वतन्त्रता र सूचनाको हक जस्ता कुरालाई सर्वोपरी महत्त्व दिँदै आलोचनात्मक प्रेसलाई संस्थागत गरेर मात्रै वास्तविक प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्ने भन्ने कुरामा जोड दिँदै आएको छ ।[71]

यसरी प्रचण्डले जन सत्ताको पक्षधर प्रेसको वकालत गरेका छन् भने प्रवक्ता महाराले आलोचनात्मक प्रेसको । दुवैले पुरानो सामन्ती सत्तामा प्रेस स्वतन्त्रता नहुने र आफ्नो पार्टीको जनसत्तामा मात्रै वास्तविक प्रेस स्वतन्त्रता हुने भन्ने धारणा सार्वजनिक गरेका छन् ।

सिद्धान्ततः ने.क.पा. माओवादीले न्याय सहितको प्रेस स्वतन्त्रताको पक्षमा आफ्नो पार्टीलाई उभ्याएको देखिन्छ । जो अन्य राजनीतिक दलको भन्दा राम्रो देखिन्छ । तर व्यवहारमा उल्टो काम गरेको देखिन्छ । र वास्तविक प्रेस नीति कुन चाहिँ हो अध्यक्ष प्रचण्डले भनेझैं वर्गीय कि प्रवक्ता महराले भनेझैं आलोचनात्मक ? प्रष्ट भएको देखिदैन ।

डा. बाबुराम भट्टराईको भनाइमा माओवादी जनयुद्ध अहिले जुन अवस्थामा पुगेको छ, त्यसमा ४९% (प्रतिशत) भूमिका पार्टीको छ भने ५१% (प्रतिशत) भूमिका सञ्चार जगतको । तर, दुर्भाग्यवश नेपाली प्रेस अहिले उनैको नेत्रित्व र त्यहि पार्टीबाट सबैभन्दा चर्को आक्रमण मोल्न बाध्य भएको छ ।[72] नेता भट्टराइका अनुसार सिङ्गो नेपाली प्रेस माओवादीको सिपाही हो

---

[70] विश्व प्रेस स्वतन्त्रता दिवस सन् २००४ को अवसरमा अध्यक्ष प्रचण्डले पार्टीको प्रेस नीतिबारे (२०६१ वैशाख २८ को ***साघुँ*** साप्ताहिकमा) सार्वजनिक गर्नु भएको धारणा अनुसार । हेर्नुस् परिशिष्ट- १० ।

[71] माओवादी प्रवक्ता कृष्णबहादुर महराले २०६१ साल भदौ २५ गते नेपाल पत्रकार महासंघलाई पठाएको पत्रानुसार । हेर्नुस परिशिष्ट- ११ ।

[72] महेन्द्र विष्ट, *"प्रेसमाथि माओवादी कित्ताकाट"*, ***नेपाल समाचारपत्र,*** दैनिक, ३ भदौ २०६१, पृ. ४ ।

भन्ने आरोप लागेको देखिन्छ । वा आफ्नो पार्टीको निजी सञ्चार दस्ताको रूपमा नेपाली प्रेसलाई ने.क.पा. माओवादीले बुझ्ने गरेको देखिन्छ ।

## ४.५ नेपाल मजदुर किसान पार्टीको छापा नीति

नेपाल मजदूर किसान पार्टी- मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात गर्ने कम्युनिष्ट पार्टी नै हो । यो पार्टीले आफ्नो स्थापनाकालदेखिनै नेपालको सञ्चार क्षेत्रमा पार्टीको दृष्टिकोण राख्दै आएको देखिन्छ ।

> ... संञ्चारका साधनहरूमा देशका विभिन्न भाषाभाषी र राजनैतिक पक्षलाई पनि समुचित स्थान दिइनु पर्छ । सञ्चार माध्यमहरूलाई सरकारको हस्तक्षेपदेखि स्वतन्त्र राख्नु पर्छ । रेडियो र टेलिभिजनजस्ता सञ्चार साधनहरूलाई शिक्षामूलक एवम् अन्य उपयोगी कार्यहरूका निम्ति उपयोग गरिनु पर्दछ भनिएको छ ।

यसरी ने.म.कि.पा. ले नेपालको सञ्चार नीतिका बारेमा आफ्नो धारणा बनाएको देखिन्छ । छापा सञ्चारका विषयमा किटान नगरी ‘सञ्चारका साधनहरू’ मात्र भनिएको छ ।[73] सञ्चारका साधनभित्र पर्ने एउटा शसक्त सञ्चार साधन हो । छापा सञ्चार (Print Media) । यसकारण यस पार्टीले यस्ता सञ्चारका साधनहरूलाई सरकारको हस्तक्षेपबाट मुक्त राख्ने परिकल्पना गरेको छ । तर राजनीतिलाई समुचित स्थान दिनु पर्ने नीति अख्तियार गरेको देखिन्छ ।

कुनै पनि राजनीतिक दलले जनताबाट अनुमोदित भएर सरकारमा गएपछि आफ्नो सैद्धान्तिक नीतिहरूलाई राज्यको निकायबाट कार्यन्वयन गर्ने गर्दछन् । नेपालको राजनीतिक मञ्चमा यो पार्टी एउटा सानो प्रतिपक्षी राजनीतिक दलको रूपमा मात्र स्थापित भएको देखिन्छ ।

विभिन्न समयमा बनेको संयुक्त सरकारमा समेत यो पार्टी सरकारमा नगई प्रतिपक्षमा नै बसेको देखिन्छ ।

> आज रेडियो र टि.भी. जस्ता सञ्चारका साधनहरू एकातिर सत्तापक्षकै प्रचारका एकलौटी साधन भएका छन् भने अर्कोतिर गुरुङ, मगर, तामाङ, भोजपुरी, मैथिली र अन्य भाषाभाषी र जातिहरूको भाषा र संस्कृतिलाई स्थान दिइएको छैन । यसकारण सञ्चारका साधनहरूलाई सरकारी नियन्त्रणबाट स्वतन्त्र राखेर सबै जात-जाति र भाषाभाषीहरूको प्रतिनिधित्व गराइनेछ । ... सञ्चारका साधन साँच्चै भनु भने छाडा गीत र नाचहरूबाट विटुलिएको छ । त्यस्ता

---

[73] हेर्नुस्, परिशिष्ट- १२।

दुर्गन्धलाई हटाएर, शिक्षामूलक ज्ञानवर्धक र स्वस्थ मनोरञ्जनको सूचनाको स्रोत बनाइनेछ [74] भनिएको छ ।

यस्तै २०५१ को मध्यावधी चुनाव र २०५६ सालको आम निर्वाचनमा पनि २०४८ को घोषणापत्रलाई नै सैद्धान्तिक निरन्तरता दिएको देखिन्छ । सञ्चारनीतिको विषयमा नीतिगत परिवर्तन भएको पाइन्दैन । यसपार्टीको २०६० भाद्र ११-१३ मा सम्पन्न चौथो महाधिवेशनद्वारा पारीत पार्टीको कार्यक्रममा भने विगतको नीतिभन्दा अस्पष्ट[75] भएको देखिन्छ । सञ्चारका साधनहरूमा पछि परेका जिल्लाहरूमा आवाज उठाइने मात्र भनिएको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ कार्यावयन भए पछि वहुदलीय प्रजातन्त्रले संस्थागत हुने मौका पायो । राजालाई संवैधानिक मानेर संसदीय व्यवस्थाको अभ्यास प्रारम्भ भयो ।

दलीय व्यवस्थामा विभिन्न राजनीतिक दलको जन्म हुन्छ । दलको जन्म, विकास र कृयाशिलता नै दलीय प्रजातन्त्रको महत्त्वपूर्ण विशेषता हो । भिन्न राजनीतिक दर्शन र सिद्धान्तको आधारमा राजनीतिक दलहरु निर्वाचनको माध्यमबाट जनतामा जान्छन् । जनअनुमोदित भए पछि तिनै राजनीतिक दलको सरकार बन्ने र राज्य सञ्चालन गर्ने काम हुन्छ ।

२०४८ सालको आम चुनावमा निर्वाचन आयोगमा ४२ वटा राजनीतिक दल दर्ता भए । तर, नेपाली कांग्रेस, ने.क.पा. (एमाले) संयुक्त जनमोर्चा, नेपाल सद्भावना पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) मात्र राष्ट्रिय पार्टीको रूपमा स्थापित हुन सक्यो । मुख्यतः यी नै पार्टीको प्रेस नीतिले नै नेपाली प्रेस नीतिको बारेमा प्रतिनिधित्व गर्दछ । अन्य राजनीतिक पार्टीको प्रेस नीतिले खासै अर्थ राख्न सकेको छैन ।

२०५२ साल देखि तत्कालिन जनमोर्चाबाट विभाजित भई ने.क.पा. माओवादीको स्थापना भयो । माओवादीको सङ्गठन विस्तारसँगै शसत्र युद्धले नेपालको राष्ट्रिय राजनीतिमा प्रभाव पर्‍यो । समानान्तर सत्ता सञ्चालन गरेको दावी माओवादीले गर्‍यो । यस सन्दर्भमा ने.क.पा. माओवादीको प्रेस नीतिको अध्ययन पनि अनिवार्य भएको हो । यस अवधीमा अधिकांस सरकार बनाउने र सत्ता सञ्चालन गर्ने अवसर नेपाली काङ्ग्रेसले पायो, नौ महिना अल्पमतको सरकार ने.क.पा. एमाले ले बनाउने मौका पायो । यस्तै राप्रपा, सदभावना पार्टी र काङ्ग्रेसको संयुक्त सरकार र एमाले राप्रपा को संयुक्त सरकार समेत बन्यो ।

---

74 ***नेपाल मजदूर किसान पार्टीको निर्वाचन घोषणा-पत्र २०४८,*** पृ. ११ ।

75 ***नेपाल मजदूर किसान पार्टीको कार्यक्रम २०६०,*** पृ. १३ ।

सिद्धान्तः यी सबै सत्ता सञ्चालनको अवसर पाउने राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणा-पत्रमा स्वतन्त्र प्रेसको वारेमा प्रतिवद्धता जनाएका छन् । सत्तामा पुगेर नेपाली प्रेसलाई कुनै एक पार्टीको विचार विशेषको नबनाई स्वतन्त्र, निश्पक्ष र सन्तुलित बनाएर आम जनताको साझा सञ्चार बनाउने भनेका छन् । स्वतन्त्र प्रेस आफ्नो राज्य सत्तामा मात्र हुने र त्यस्तो राज्य सत्ता स्थापनाको लागि ने.क.पा. माओवादीलाई सघाउनु पर्ने मान्यताका साथ ने.क.पा. माओवादीले दावी गऱ्यो । साथसाथै वर्गीय प्रेसले मात्र प्रेसको स्वतन्त्रता सुनिश्चित गर्ने भन्दै वर्गीय प्रेसको वकालत गऱ्यो ।

तर, यी राजनीतिक दलहरूको सिद्धान्त र व्यवहारमा ठूलो भिन्नता देखियो । सिद्धान्तमा प्रेस स्वतन्त्रताको वकालत गरे पनि व्यवहारमा आफ्नो स्वार्थका लागि प्रयोग गर्ने गरेको देखियो । विपक्षमा रहँदा छापालई स्वतन्त्र एवम् राजनीति प्रभावरहित वनाउने भन्ने राजनीतिक दल सत्तामा पुगेपछि, मन्त्री भए पछि आफ्नो स्वार्थ अनुकूल व्याख्या विश्लेषण गर्ने गरेको देखियो । यीनै सिद्धान्त र व्यवहार विचको भिन्नताको कारण २०४७ सालको संविधानले व्यवस्था गरेको सूचनाको हक सम्बन्धि कानून वन्न सकेन । नागरिकको सूचनाको हक व्यवस्थित वन्न सकेन ।

प्रजातन्त्रमा प्रेसको महत्त्वपूर्ण भूमिका हुन्छ भने प्रजातन्त्र विना स्वतन्त्र प्रेस पनि बाँच्न सक्दैन भन्ने तथ्यलाई राजनीतिक दलहरूले बुझेर पनि बुझ पचाएको प्रष्टिन्छ । स्वतन्त्र प्रेस पनि ढुलमुले नीतिकै कारण यस अवधीमा राजनीतिक दलहरू संस्कारयुक्त वन्न सकेनन् । राजनीतिक संस्कार र इच्छा शक्तिको विकास पनि हुन सकेन । राजनीतिक संस्कारको अभावमा नेपाली प्रेसप्रति इमान्दार वन्न सकेको देखिदैन । यसरी राजनीतिक दलहरू ढुलमुले प्रेस नीतिको शिकार भएको प्रष्टिन्छ ।

सरकारी सञ्चार माध्यम (रेडियो, टिभि, गोरखापत्र, राइजिङ्ग नेपाल) वाहेकका नीजि क्षेत्रबा सञ्चालित मिडियालाई समेत स्वतन्त्र र व्यवसायिक रूपमा सञ्चालित हुन दिने र राज्यले समान व्यवहार गर्ने भन्ने सैद्धान्तिक मान्यताको विपरित आफ्नै प्रचार सामग्रीको रुपमा प्रयोग गर्ने प्रयास स्वयम् राजनीतिक दलहरूले गरेको देखियो । आफ्नै चुनावी घोषणापत्रको विरुद्धमा पार्टीको सरकारले काम गरेको देखिन्छ ।

## ४.६ निष्कर्ष

नेपालका राजनीतिक दलहरूले आ-आफ्ना पार्टीको नीति तथा कार्यक्रम मार्फत आफ्नो पार्टीको छापानीतिबारे प्रष्ट पारेको देखिन्छ । मुख्यतः राजनीतिक दलहरूले दलको आवधिक राष्ट्रिय सम्मेलन र चुनावी घोषणा-पत्रमा आफ्नो छापानीतिको व्याख्या गरेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ लागु भएपछि सरकारको नेत्रित्व गर्ने नेपाली कांग्रेस, नेकपा

एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सदभावना पार्टी र स्थायी प्रतिपक्षमा वस्ने नेपाल मजदुर किसान पार्टीले छापानीतिलाई जनसमक्ष ल्याएको देखिन्छ । २०४७ को संविधान तथा संविधानले कल्पना गरेको राज्यसत्ता वहिस्कार गर्दै सशस्त्र जनयुद्धमा लागेको नेकपा माओवादीले पनि आफ्नो सत्तामा छुट्टै छापानीतिको कल्पना गरेको देखिन्छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले छापालाई सरकारको हस्तक्षेपलाई नै राष्ट्रिय प्रजातन्त्र पार्टीले स्वतन्त्र प्रेसको परिभाषाभित्र अँटाएको देखिन्छ । नेकपा एमालेले नेपाली छापालाई स्वतन्त्र, निश्पक्ष एवम् राष्ट्रिय हित अनुकुल वनाउने परिकल्पना गरेको छ । साथै नेपाली छापालाई सञ्चार उद्योगको रूपमा सञ्चालन गर्ने भनेको छ । नेपाली कांग्रेस नेपाली छापा मर्यादित, उत्तरदायीपूर्व र स्वतन्त्र राख्नु पर्छ भनेको छ । नेपालको सार्वभौमसत्ता, अखण्डता र जनएकताको प्रवर्धनमा नेपाली छापाको महत्वपूर्ण भूमिका हुनु पर्ने मान्यता राखेको देखिन्छ । नेपाल सद्भावना पार्टी भने छापानीतिको बारेमा मौन रहेको देखिन्छ । छुट्टै छापानीतिको व्याख्या गरेको देखिदैन । नेपाल मजदुर किसान पार्टीले 'शिक्षामूलक' छापाको परिकल्पना गरेको छ । छापाको स्वच्छन्दता र अश्लिलतालाई विरोध गर्नु पर्ने भनेको देखिन्छ । नेकपा माओवादीले भने अन्य राजनीतिक दलको तुलनामा छुट्टै छापाको परिकल्पना गरेको देखिन्छ । वर्गीय समाज र वर्गीय सत्तामा नेपालको छापा पनि वर्गीय नै हुनु पर्छ भनेको छ । नेपाली छापाले जनसत्ताको पक्षमा, जनविरोधीको विरुद्धमा उभिनु पर्छ भनेको छ भन्ने आव्हान् गरेको देखिन्छ भने साँचो अर्थमा आफ्नो पार्टीको जनसत्तामा मात्र छापास्वतन्त्र हुन भनि प्रष्ट पारेको देखिन्छ ।

यसरी समग्रमा नेपालका सवै राजनीतिक दलहरूले नेपाली छापाको अपरिहार्यतालाई आत्मसात गरेको देखिन्छ । छापाको साथ राजनीतिलाई अनिवार्य हुन्छ भन्ने तथ्यलाई यसले पुष्टि गरेको देखिन्छ । राजनीतिक दलको दृष्टिमा नेपाली छापालाई सरकारको नियन्त्रण या राजनीतिक प्रभाववाट मुक्त राख्नु पर्छ भन्ने सैध्यान्तिक मान्यता समान रहेको देखिन्छ । आफ्नै मात्र दलको सरकारले नेपाली छापालाई स्वतन्त्र, मर्यादित, उत्तरदायीपूर्ण एवम् राष्ट्रिय हित अनुकूल बताउँने, तर अर्को दल र त्यसको सरकारले त्यस्तो काम गर्न नसक्ने भन्ने दावी समेत गरेको गरेको देखिन्छ । नेकपा माओवादीले छापाको स्वतन्त्रता पनि वर्गीय समाजको वर्गीयसत्ता जस्तै हुने भनेको छ । तर, उसले पनि आफ्नो पार्टीको जनसत्तामा अरुको सत्ताले भन्दा बढी छापालाई स्वतन्त्रता हुन्छ भन्ने मान्यता राखेको देखिन्छ । सैद्धान्तिक दृष्टिले नेपाली छापाको स्वतन्त्रतालाई कुनै पनि राजनीतिक दलले नकारेको देखिदैन, बरु अनिवार्य छ भन्ने तथ्य प्रष्ट हुन्छ । यसर्थ नेपालका राजनीतिक दलको छापानीतिबाटै नेपाली छापाको राष्ट्रिय नीति निर्माण तथा निर्देशित हुने देखिन्छ ।

## पाँचौं परिच्छेद

# नेपाली छापामा राजनीतिक प्रभावका कारणहरू

### ५.१ राजनीतिक दलको नीति र व्यवहार

नेपाल अधिराज्यको सविधान २०४७ लागू भएपछि २०४८ मा ससंदीय आम चुनाव सम्पन्न भयो । सो चुनावमा नेपाली काङ्ग्रेसले ११३ सिट जितेर एकमना पार्टीको सरकार गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनायो । प्रमुख विपक्षी दलमा ने.क.पा. एमाले ६८ सिट सहित स्थापित भयो । र तत्कालिन जनमोर्चा नेपालले ९ सिट सहित तेश्रो प्रतिपक्षि दल बन्यो ।

सत्तापक्ष नेपाली काङ्ग्रेस लगायत विपक्षी दलहरूले आफ्नो निर्वाचन घोषणा पत्र[76]मा उल्लेख गरे अनुरूपको सञ्चारप्रतिको नीतिलाई कार्यन्वयन गरेको देखिएन । यस विषयमा कालिप्रसाद रिजाल लेख्नु हुन्छ :

> मुखले जतिनै स्वायत्तता दिने कुरा गरे पनि सरकारले आफ्नो स्वामित्वमा रहेका माध्यमहरूलाई फैलाउँन र वलियो बनाउने काम जारी राखेको छ । कानूनी प्रावधान भए सञ्चार निति समाचार, रेडियो र टिभिका सञ्चालनमा निजी क्षेत्र अहिले सम्म आउँन सकेको छैन । प्रेस स्वतन्त्रताको स्थितिमा सुधार भएतापनि प्रेस जगतले पूर्णरूपमा त्यसको अनुभव गर्न सकेको छैन ।[77]

तर संविधानले व्यवस्था गरे अनुरूप कुनै दल विशेषको विचार प्रभावी छापा सञ्चालन गर्ने काम भएको देखिन्छ । २०४९ चैत्र ७ गते देखि ब्रड सटेमा कान्तिपुर दैनिक प्रकाशन भएको पाइन्छ । यो दैनिकले स्वतन्त्र छापाको वकालत गर्दै व्यवसायिकताको आवाज उठाएको थियो । यसपछि सैधान्तिक रूपमा स्वतन्त्र प्रेसको वहस चर्को रूपमा हुन थाल्यो । रिजाल थप प्रष्ट पार्नु हुन्छ :

> बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि प्रेसपनि बहुदलीय र दलगत हुँदै गएको देखिन्छ । दल विशेषका पत्रिकाले आफ्नो दलको विचारका साथै दलभित्रका गुटहरूको सामग्री छाप्ने गरेका छन् । कति पत्रिकाले आफूलाई स्वतन्त्र भने पनि दलको अंकुशबाट भने मुक्त हुन सकिरहेका छैनन् ।[78]

---

76 हेर्नुस नेपाली काङ्ग्रेस, एमाले र जनमोर्चाको तत्कलिन घोषणा पत्र, परिशिष्ट- ६-१२ ।

77 कालिप्रसाद रिजाल (अनु.), "जनसञ्चार र प्रजातान्त्रिक नेपालको सन्दर्भमा एक अध्ययन", (काठमाडौं : सर्वाङ्गीण केन्द्र, २०५३), पृ. २९ ।

78 ***ऐजन,*** पृ. ३० ।

यस अवधीमा सञ्चालित नेपाली छापा मुलतः छापाखाना तथा प्रकाशन ऐन २०४८ र नियमावली २०४९ अनुरूप नै सञ्चालन भएको देखिन्छ। कानून ऐनलाई जिम्मेदार राजनीतिक दलले इमान्दारी पूर्वक लागू गर्न सकेका छैनन् । सत्तासिन नेपाली काङ्ग्रेसले आफ्नो दलगत स्वार्थअनुसार सरकारी सञ्चारलाई प्रयोग गरेको देखिन्छ भने विपक्षी एमाले पार्टीले सरकारीनीतिको भण्डाफोर गरेको पाइन्छ । सरकारी स्वामित्वमा रहेको गोरखापत्र काग्रेस सरकारको मुख पत्र झै बनेको पाइन्छ। दृष्टि साप्ताहिक एमालेको रक्षक जस्तो देखिन्छ भने विमर्श साप्ताहिक काङ्ग्रेसको रक्षक बनेको पाइन्छ । एउटै राष्ट्रिय मुद्दालाई पार्टीको धारणा मात्रै राम्रो विपक्षीको गलत भन्ने वाद-प्रतिवाद गर्ने छापाको रूपमा सञ्चालित भएको देखिन्छ। *"वहुदलमा जनताले दल रोज्न पाए झै सञ्चार माध्वयम पनि रोज्न पाउनु पर्छ भन्ने तर्कलाई उपेक्षा गर्न सकिंदैन।"*[79]

यही तर्कलाई राजनीतिक दलले आत्मसात गरेको पाइन्छ । २०५२ चैत्र १ गते तत्कालिन जनमोर्चाले आफ्नो ४२ सूत्रीय माग राखेर माओवादी पार्टीको नाममा ससस्त्र भुमिगत राजनीति सुरु नगर्दा सम्म विशेषत : नेपाली कांग्रेस र ने.क.पा. एमाले पार्टीकै नीति र विचारको प्रभावमा नेपाली छापा सञ्चालित भएको पाइन्छ।

चैत्र १ पछिको सिङ्गगो ३० दिनमा भूमिगत माओवादीको राजनीतिक प्रभाव नेपाली प्रेसमा खासै परेको देखिएन । राष्ट्रिय प्रजातन्त्र पार्टीको विचारले समेत उस्तो आकार पाएको पाइएन । वरु अन्य साना वाम विचारका पार्टी र तिनका विचारले छिटफुट छापामा स्थान पाएको देखिन्छ । तर, सबै दलले नेपाली छापालाई आफ्नो पार्टीको विचार नजिक राख्ने वा प्रभावमा राख्ने नीति कायमै राखेको पाइन्छ।

यस अवधिमा राजनीतिक दलको प्रेस प्रतिको नीतिमा अघिल्लो अवधी (२०५०-२०५२) को तुलनामा परिवर्तन आएको देखिदैन । नेपाली प्रेसलाई उत्तरदायी, मर्यादित, स्वतन्त्र र व्यवसायिक बनाउँन ने.क.पा. एमाले र नेपाली काङ्ग्रेस पार्टीले अघि सारेको चुनावी घोषणा-पत्रको प्रतिवद्धताप्रति सिद्धान्ततः इमान्दार रहेको देखिन्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सदभावना पार्टी र अन्य बामघटकहरूसमेत नेपाली प्रेसलाई मर्यादित स्वतन्त्र बनाउंने भन्ने विषयमा सहमत देखिए।

यसै अवधिमा विद्रोही ने.क.पा. माओवादीको साँगठानिक बिस्तार र ससस्त्र गतिविधिमा वृद्धि भएको र उसको उपस्थिति एवम् कृयाकलापले नेपालको मौजुदा संविधानप्रति नै धक्का दिन थाल्यो । संविधान पक्षधर पार्टीको बीचमा फुट र विभाजन आउँन थाल्यो । "पार्टीहरूलाई फुटाऊँ र संगठन बढाऊँ" भन्ने माओवादी नीति उनिहरूको लागि सफल हुँदै गएको पाइन्छ।

[79] ***ऐजन***।

यस्तो अवस्थामा सत्तारुढ तथा विपक्ष्मी पदर्टीको व्यवहारमा भिन्नता देखिए । पार्टीको नीति प्रति पार्टीको सरकार इमान्दार बन्न सकेनन् । खस गरी २०५५ साल पछि नीतिगत विचलन देखा पऱ्यो । मदओवादीको गतिविधीलाई नियन्त्रण गर्ने नाममा प्रेसप्रति पार्टीको सरकार इमान्दार बन्न सकेनन् । पार्टीको नेता आफ्भो पूर्व नीतिप्रति इमान्दार छौं भन्ने तर सोही पार्टीको सरकारबाट अर्कै व्यवहार गनश थालियो । विद्रोही माओवादी पनि प्रेसलाई परिवर्तनको पक्षधर बनाउँने नाममा व७ पुरानो सत्तालाई पृष्ठपोषण गरेका) आरोपमा अदफ्ना) दवावमा राख्ने नियतमद देखिए । २०५८ साल जेठ १९ गतेको नारायणहिटी नरसंहार पछि अरु विचलन देखियो । माओवादी र राज्यको चेपाइमा नेपाली प्रेस परेको देखिन्छ । क्रमश राजनीतिक पार्टीहरूको नीतिगत भनाई र गराइमा ठूलो फरक आएको पाइन्छ । यसै कारण नेपाली प्रेस राजनीतिक प्रभावमुक्त बन्न सकेन ।

२०५२ साल फागुन १ गतेबाट सुरु भएको सशस्त्र माओवादी जनयुद्ध २०५८ मंसिरको पहिलो सातासम्म आइपुग्दा ठूलो राजनीतिक समस्याको रूपमा देखा पऱ्यो । संसदवादी राजनीतिक दल र ति दलद्वारा निर्मित सरकारका लागि माओवादी जनयुद्ध फलामको च्यूरा झैं हुन थाल्यो । ने.क.पा माओवादीले संसदवादी राजनीतिक दललाई ‘फुटाऊ र शासन गर’ को नीति अवलम्वन गरेको देखिन्छ भने माबोवादी भीतिको शिकार संघदवादी दलहरू बन्दै गएको देखियो । संसदवादी दलहरू बीचमै माओवादीलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा भिन्नता देखिन थाल्यो भने व्यवहारमा समेत अनेकता देखिन थाल्यो ।

सुरुका दिनमा माओवादीले ने.क.पा एमालेलाई काखी चेपेझैं गरेर कांग्रेसलाई छास्यो, त्यतिवेला एमाले मख्खव पऱ्यो । फेरि काङ्ग्रेसलाई काखी च्यापेर एमालेलाइथ छास्यो, त्यतिबेला काङ्ग्रेस मख्ख पऱ्यो । पछि कांग्रेस, एमाले दुर्वैलाई सफाया गर्न समत् माओवादी पछि परेन । एउटै दल भित्र पनि माओवादीलाई स्ता आरोहणको सीडि बनाएको देखिन्द्ध । उत्तै राजनीतिक पृष्ठभूमिमा ने.क.पा माओवादी र सरकारको बीचमा वार्ता भैुहेको अवस्थामा आफ्नो मागप्रति वेवास्ता गरेको आरोपमा एकतर्फी वार्ता भङ्ग गरी २०५८ साल मंसिर ८ गतेका दिन दाङ र सोलुखुम्वु जिल्लाको सदरमुकाममा एकसाथ आक्रमण गरी ने.क.पा माओवादीले ठूलो धनजनको क्षति पुऱ्याएको देखिन्छ ।

सोही घट्नालाई मुख्य कारण मानेर कमंग्रेस नेता शेरबहादुर देउवाको नेत्रित्यमा गठित नेपाली कांग्रेसको सरकारले २०५८ साल मंसिर ११ गते मुलुकभर लागू हुने गरी संकटकाल घोषणा गरेको देखिन्छ । शसस्त्र द्वन्द्वका निराकरण बिचार र सम्वादबाट भन्दा घेना र बन्दुकको भरमा गर्ने लबका साथ सरकारले संकटकाल रोजे पछि नेपाली जनताका सूचनाको हक कुण्ठित भयो । नेपाली प्रेसको स्वतन्त्रता गुम्यो । नेपाली प्रेमकर्मीको कलम निस्तेज वन्यो । अेपाली प्रेसको स्वतन्त्रता खुम्चिएको अवस्थालाई हेक्का नै नराखी प्रजातन्त्रका पक्षधर

राजनीतिक दलहरूले समेत सरकारले घोषणा गरेको संकटकाललाई स्वाभाविक रूपमा लिएको देखिन्छ ।

संकटकालको घोषणासँगै नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, १३ र ३६ लगायतका धारामा व्यवस्था भएक७ मौलिक हकहरू निलम्बित भए । संविधानको मुल्य मान्यताको ठाडो उपहास गर्दै समाचार लेख वा कुनै पाठ्यसामग्री प्रकाशनमा पूर्वप्रतिवन्ध लगाउँने अप्रजातान्त्रिक कदम सरकारले चालेको देखिन्छ ।

तत्कालिन नेपाली कांग्रेसको सरकारले रोजेको संकटकाल र त्यस अवस्थामा ल्याइएका अध्यादेसलाई सहज समर्थन गरेर प्रमुख प्रतिपक्षी दल ने.क.पा एमाले समेत नेपाली प्रेसप्रति इमान्दार वन्न सकेको देखिएन ।

> संकटकाल घोषणा भएकै दिन आतङ्ककारी तथा विध्वङसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेस २०५८ जारी गऱ्यो । ... पछि यहि अध्यादेशलाई थोरै मात्र संशोधन गरेर संसदले पनि २०५८ साल चैत २६ गते ऐनको रूपमा पारित गरिदियो । यसबाट संविधानका भावनालाई कुल्चने गरी सूचना र प्रकाशनको हकलाई कुण्ठित गर्ने कानुनकै स्थापना हुन पुग्यो । प्रजातान्त्रिक नेपालमा कलमको सामना जेलनेल र हत्कडीबाट गर्ने नयाँ कानुनी परिपाटी थालियो [८०] भनिएको छ ।

यसरी तत्कालिन संसदमा सत्तारुढ दल नेपाली कांग्रेसको सरकारले ल्याएको आतङ्ककारी अध्यादेशमा नेपाली कांग्रेस पार्टीको समर्थन रहनु स्वाभाविक देखिए पनि प्रमुख विपक्षी दल ने.क.पा एमाले, राप्रपा लगायत संसदमा उपस्थित राजनीतिक दलको सांसदले समेत समर्थन गर्नाले अन्नतः राजनीतिक दलको आधिकारिक दृष्टिकोण संकटकालप्रति समर्थन रहेको प्रष्टिन्छ । संसदीय राजनीतिक पीरपाटीमाणअस्वभाविक देखिन्छ । पमहले माओवादीले संसदवादी दलहरूलाई पालै पालो कमजोड पार्ने नीतिप्रति पालो फेर्ने मौकाको रूपमा संकटक७ललाई सबै राजनीतिक दलले बुझेको देखिन्छ ।

संसदले पहिलो पल्ट अनुमोदन गरेको संकटकाल छ महिना वित्न नपाउँदै विपक्षी राजनीतिक दलले बाँकी समय संकटकाल नलम्ब्याउँने विषयमा सरकारको ध्यानाकर्ष्मण गराउँने काम भएको देखियो । संकटकाल विद्रोही माओवाद्यी र तिनको गतिविधि नियन्त्रणँ गर्नको लागि मात्रै भनिए पनि सिङ्गो नेपाली जनताको मौलिक हक माथि नै आघात पुग्दै गएको थियो । प्रेसको स्वतन्त्रता कुण्ठित हुने कुरा स्वाभाविक देखिन्थ्यो । उक्त अवस्था संसदमा विपक्षी दलको आँखामा क्रमशः देखा पर्न थालेको पाइन्छ । त्यसै कारण उपरान्त संकटकाल लाउन नहुने

---

[८०] महेन्द्र विष्ट र अन्य, ***सङ्कटकालमा नेपाली प्रेस,*** (काठमाडौं : नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालय, सञ्चारग्राम, २०६०), पृ. १६ ।

निश्कर्षमा दलहरू पुगेको देखिन्छ । स्वयम सत्तारुढ दल नेपाली कांग्रेसको गिरिजाप्रसाद कोइराला खेमा समेत संकटकालको विपक्षमा उभिन पुगेका थिए ।

आम नागरिक समाजको समेत व्यापक दवाव वढ्दै गयो । प्रधामन्त्री शेरबहादुर देउवाले संकटकाल नथप्ने सार्वजनिक घोषणा गरे, तर नेपाली कांग्रेस पार्टी भित्रकै मतान्तरका कारण प्रधानमन्त्री शेरबहादुर देउवाले संसद विगठन गरी थप तीन महिनाको लागि संकटकाल लाउँने घोषणा गरे ।

संसदको विघठन र थप तीन महिने संकटकाल लाउँने देउवा सरकारको घोषणाको तिव्र विरोधमा ने.क.पा एमाले, नेपाली कांग्रेस (गिरिजा खेमा) लगायतका संसदवादी राजनीतिक दलहरू देखिए ।[81]

> वेल्जीयम, संयुक्तराज्य अमेरिका तथा संयुक्त अधिराज्यको भ्रमणबाट फर्केका प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ जेठ १ गते त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलको पत्रकार सम्मेलन मै सरकार संकटकाल नलम्ब्याउँने पक्षमा रहेको स्पष्ट पारेका थिए । ... सरकार संकटकाल लम्ब्याउँने पक्षमा नरहेको कुरा बताउँनु प्रधानमन्त्रीका लागि एउटा बाहिरी वाध्यता मात्र थियो । सूरक्षा निकायको दबाबमा आफ्नो ताजा अडानबाट उनि पुरै विचलित भए । संकटकालीन अवस्था अरु छ महिना बढाउँने हठकासाथ सरकारले संसदमा प्रस्ताव दर्ता गरायो । यस विषयमा भएको तिव्र विवाद र मतभिन्नताको कारण प्रतिनिधिसभाको विघटन र पुनः तीन महिनाका लागि नयाँ संकटकाल घोषणा भयो [82] भनि लेखिएको देखिन्छ ।

यसरी संकटकालका विषयमा पहिलो छ महिना सत्तापक्ष र विपक्ष एकमत भएको र पछिल्लो तीन महिनाको लागि नेपाली कांग्रेसको देउवा खेमा बाहेक अन्य सबै राजनीतिक दल विपक्षमा उभिएको देखिन्छ । नौ महिने संकटकालमा नेपाली प्रेसको अवस्था, सूचनाको हक तथा व्यक्तिको मौलिक हकको हनन्का घटना तथा जीवनहरण अनगिन्ती भएको देखिन्छ । सहजकालमा जति मात्रामा प्रेसमा राजनीतिक प्रभाव देखियो त्यसको चौगुना बढी राजनीतिक प्रभाव संकटकालमा रहेको विभिन्न तथ्य प्रमाणहरूबाट पुष्टि भएका छन् ।

राजनीतिक पार्टीको संकटकालप्रतिको समर्थन र विरोधको दोधारे नीति हुँदा पनि प्रेस जगत र नागरिक समाजबाट भने निरन्तर विरोध हुँदै आएको देखिन्छ । साथै जनताको मौलिक हक र प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाइ नै रहेको देखिन्छ । संकटकाल नलम्ब्याउँन बारम्बार आग्रह गर्दै आएको महासंघले सरकारको सो कदमप्रति तत्काल विरोध जनायो ।

---

[81] ने.क.पा. एमाले, नेपाली कांग्रेस लगायत संसदमा उपस्थित रहेका र अन्य राजनीतिक दलको आधिकारिक निर्णयानुसार ।

[82] ***पूर्ववत्,*** पा.टि.नं. २, पृ. ६६ ।

महासंघले संकटकालको थप घोषणा र मौलिक हकहरूको निलम्बनले मुलुकमा आतङ्कारी गतिविधि नियन्त्रणमा सहयोग नभै स्वतन्त्र एवम् व्यवसायिक प्रेसलाई निरुत्साहित पार्ने ठहऱ्यायो ।[83] यसरी नेपालका आम पत्रकार लगायत नागरिक समाजबाट संकटकाल थप्ने विषयमा विरोध भइरहँदा पनि देउवा सरकारले जारी नै राख्यो । जो नेपाली प्रेसको इतिहासमा कहिल्यै भएको पाइँदैन ।

यसरी समग्रमा सङ्कटकालिन राजनीतिको प्रभाबाट नेपाली प्रेस ग्रष्त रहेको पाइन्छ । यस अवधीमा नेपालका राजनीतिक दलहरूको पूर्व प्रेस नीतिमा कुनै परिवर्तन आएको देखिदैन । सवै राजनीतिक दलको पूर्व निर्दिष्ट प्रेसनीतिमा फेरबदल भएन । सरकार बाहीर रहेर विपक्षमा हुँदा प्रेस स्वतन्त्रताको सच्चा हिमायती हुने र सोही अनुरुपको व्यवहार देखाउँने, जव सरकारमा पुग्ने तव विगतका आफ्ना नीति र भनाइलाई विर्सिदिने प्रवृति कायमै रहेको देखिन्छ ।

नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), नेपाल मजदूर किसान पार्टी, सदभावना पार्टी (आनन्दीदेवी), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमोर्चा नेपालको नेपाली प्रेसप्रति सकारात्मक धारणा र व्यवहार भएको देखिन्छ । यस अवधिमा यी पार्टीका तर्फबाट प्रेस स्वतन्त्रता उलङ्घनका कुनै पनि घटनाहरू घटेको देखिदैन ।

सिद्धान्ततः नेकपा माओवादी पार्टीले पनि नेपाली प्रेस स्वतन्त्रताको सम्मान गर्ने भन्ने भनाई कायमै राख्यो । तर, प्रेसलाई पनि नयाँ र पुरानो सत्ताको पक्ष वा विपक्षीको लेवल लाउने र सोही अनुसारको घट्ना घटाउँने काममा कुनै कमी आएको पाइएन । यसै अवधीमा सिन्धुपाल्चोक निवासी पत्रकार ज्ञानेन्द्र खड्कालाई नेकपा माओवादीका छापामारले भलिबलको पोलमा हात बाँधेर उनकी श्रीमतीलाई देखाउँदै घाँटी छिनाएर हत्या गरे । यस्तै अन्य दर्जनौं पत्रकारलाई अपहरण गर्ने काम भएको देखिन्छ । माओवादीको त्यस्ता कार्यको विरोध सवैपक्षबाट भएको पाइन्छ । तर, माओवादी आफ्नो पार्टी प्रेसको स्वतन्त्रताप्रति प्रतिवद्ध भएको आइन्दा त्यस्ता घट्ना दोहोरीने छैन भन्ने वक्तव्य निकाल्ने काम गर्ने, फेरि आफ्नो पूर्ववत् व्यवहारमा कुनै सुधार नल्याउने प्राकृतिले नेपाली तथा अन्तर्राष्ट्रिय प्रेसको नजरमा नेकपा माओवादी पार्टी प्रेस विरोधीको रूपमा चिन्हित भएको पाइन्छ ।

---

[83] ***पूर्ववत्,*** पा.टि.नं. १, पृ. ९८ ।

## ५.२ सरकारको नीति र व्यवहार

यस अवधिमा नेपाली कांग्रेसको एकलौटी सरकार, एमालेको अल्पमतको सरकार, कांग्रेस राप्रपाको संयुक्त सरकार बन्यो ।[84]

नेपाली कांग्रेसले सरकार वनाए पछि नेपाली प्रेसलाई कानूनीरूपमा सञ्चालन गर्ने भन्ने विषयमा बढी चासो राखेको पाइएन । २०४७ को संविधान, ऐन र नियमावलीको आधारमा प्रेस चलोस भन्ने मनसायमा रहेको देखियो । नेपाली प्रेसलाई स्वतन्त्र वनाउने विषयमा ठोस पहल भएन र उस्तो बढी हस्तक्षेपको नीति पनि लिएन । बहुलवादी चरित्रको छापा सञ्चालनमा त्यस्तो वाधा अवरोध खासै भएन । सरकारको स्वामित्वमा रहेको गोरखापत्र भने सरकारी मुख पत्र वनिरह्यो । पार्टीको सरकार भएको कारण काङ्ग्रेसकेन्द्रित समाचारले प्रमुखता पाएको देखिन्छ ।

नेपाली कांग्रेसको सरकारले अपनाएको त्यस्तो नीतिको विरोध मुख्य विपक्षीहरू लगायतकाले एकसाथ गरेको पाइन्छ । २०५१ मा मध्यावधी निर्वाचन सम्पन्न भए पछि संसदमा कुनै पनि पार्टीको बहुमत आएन । नेपाली कांग्रेस ८३, ने.क.पा. एमाले ८८, राप्रपा २०, नेपाल सद्भावना पार्टी ३, नेपाल मजदुर किसान पार्टी ४ र स्वतन्त्र ७ सिट[85] पाए । संसदमा सवैभन्दा ठूलो दलको हैसियतले संविधानतः मनमोहन अधिकारीको नेत्रित्वमा ने.क.पा. एमालेको अल्पमतको सरकार वन्यो । एमालेको अल्पमतको सरकारले जम्मा ९ महिना सासन चलायो । यो सरकारले पनि नेपाली प्रेसलाई सञ्चालन गर्ने खासै नयाँ नीति ल्याउँन सकेको देखिएन । कांग्रेसको पूर्ववर्ती सरकारले गरेको पार्टी करणबाट पाठ सीकेर स्वतन्त्र, मर्यादित वनाउनु पर्नेमा पूर्ववर्ती सरकारकै सीको गरेर सरकारी प्रेसलाई एमालेकरण गर्न खाजेको भेटिन्छ । सरकारी छापालाई एमाले पार्टी र सरकारको मुखपत्रको रूपमै थामीरहेको पाइन्छ । विगतमा वनेको ऐन नियमावलीमा परिवर्तन भएन । एमाले सरकारको प्रेसप्रतिको व्यवहारमा विपक्षी नेपाली कांग्रेस र तेश्रो ठूलो पार्टी राप्रपाले विरोध जनाएका थिए तर सरकारी पक्षबाट विरोधको खासै सुनुवाई भएको भेटिएन ।

नौ महिना विते लगतै संसदमा दोश्रो ठूला दल नेपाली काङ्ग्रेस र राप्रपाको गठबन्धन सरकार बन्यो । गठवन्धन सरकारले विगतमा झैं सरकारी सञ्चार माध्यमलाई आफ्नो हित अनुकूल सञ्चालन गऱ्यो । सत्ताबाट बाहिरीएको एमालेले विपक्षमा बसेपछि प्रेसलाई स्वतन्त्र र मर्यादित बनाउनु पर्ने आवाज उठाएको पाइन्छ । "प्रजातान्त्रिक व्यवस्थामा सरकारले पत्रिका

---

[84] संसद सचिवालयको रेकर्ड अनुसार ।

[85] निर्वाचन आयोग प्रतिनिधिसभा निर्वाचन परिणाम २०५१ अनुसार ।

चलाउनुँ हुन्छ कि हुँदैन र जनताबाट प्राप्त राजस्व कुनै एक पार्टीको प्रचार गर्ने सरकारी पत्रिकामा खर्च गर्न हुन्छ वा हुदैन भन्ने प्रश्न निकै गहन छ ।[86]

सत्तामा जुन राजनीतिक दल वडी आसिन भयो उसैले प्रेसको दुरूपयोग गरेको छ भन्ने विषयमा समेत यस अवधीमा प्रसस्त चर्चा भएको पाइन्छ । २०४७ सालयता नेपाली कांग्रेस नै सबै भन्दा लामो समय सत्तामा रहेकाले यी सरकारी सञ्चार माध्यमहरूको सबभन्दा बढी दुरूपयोग उक्त पार्टीले नै गरेको छ ।[87]

यस अवधीमा पनि प्रजातान्त्रिक सरकारले पत्रकारलाई थुनछेक गर्ने काम गरेको छ । २०४९ साल चैत्र २९ गते राज्य विरुद्धको अपराधको अभियोगमा पत्रकार माथवरसिंह वस्नेत शरदचन्द्र वस्ती र शम्भु श्रेष्ठलाई प्रहरीले पक्राउ गरी अनुसन्धानका लागि थुनामा राखेको थियो ।

> चैत्र २९ गते राज्यविरुद्धको अपराधको अभियोगमा प्रहरीले गिरफ्तार गरेको तीन पत्रकार माथवरसिंह वस्ने, शरदचन्द्र वस्ती तथा शम्भु श्रेष्ठ आजै दिउँसो काठमाडौं जिल्ला अदालतले जनही तीन हजार रूपीया धरौटी लिई मुलुकी ऐनको अदालती बन्दोवस्त ११८ को ५ अनुसार पुर्पक्षको लागि तारेखमा छाड्ने निर्णय गरेको थियो । [88]

यसरी प्रजातान्त्रिक सरकारले समेत कानून विपरित काम गरेको अभियोगमा स्वतन्त्र प्रेसका पक्षधर पत्रकारलाई कार्वाही गरेको देखिन्छ । यो घट्नालाई नेपाली प्रेस जगतले यस अवधीकै गरै कानूनी र अपमानजक सरकारी रवैया हो भनेको छ ।

यस अवधिमा सबैभन्दा बढी नेपाली काङ्ग्रेसले सरकार चलायो । एमाले राप्रपा मिश्रित संयुक्त सरकार बने तर छोटो समय मात्र सरकारमा वस्ने मौका पाए । २०५६ सालको आम निर्वाचन पछि नेपाली काङ्ग्रेसको एकलौटी सरकार बनाई राज्य सञ्चालन गरेको देखिन्छ । २०५६ सालको पार्टीको चुनावी घोषणा-पत्रका आधारमा नेपाली छापा सञ्चालन गर्ने उनिहरूको प्रतिवद्धता थियो । तर, उनीहरूको नीति र प्रतिवद्धतामा सरकारको व्यवहार कस्तो देखियो ? श्रमजिवी पत्रकार सम्बन्धी नियमावली २०५३ बन्यो । साथै प्रेस काउन्सिलसँगको सहकार्यमा नेपाल पत्रकार महासंघले पत्रकार आचार संहिता २०५५ जारी गरेको देखिन्छ ।

... जनआस्था साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघका तत्कालिन सचिव किशोर श्रेष्ठलाई पक्राउ गरेर प्रहरीले २०५४ चैत २३ मा सेना समक्ष सुपुर्दगी गरिदियो ।

---

86 ***पूर्ववत्,*** पा.टि.नं २, पृ. २९ ।

87 मेरी डेशेन, प्रत्यूस वन्त, (संम्पा.) ***नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,*** (ललितपुर : सोसियल साइन्स वहाः, सन् २००४), पृ. ५ र ९ ।

88 ***कान्तिपुर*** दैनिक, २ वैसाख २०५०, विस्तृत हेर्नुस् परिशिष्ट- २ ।

श्रेष्ठमाथि दुई वर्ष पुरानो माओवादी विद्रोही गतिविधि नियन्त्रण गर्न शाही नेपाली सेनाले तयार गरेको 'गोप्य प्रतिवेदन र सैनिक विद्रोह कार्वाहीको शीर्षक समाचार छापेको अभियोगमा उक्त कार्वाही चलाइएको थियो भने यो घट्ना २०४६ मा नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि प्रेसमाथि सैनिक हस्तक्षेप भएको पहिलो घटना थियो ।'[89]

यो वर्ष २७ जना पत्रकारलाई शान्ति सुरक्षा ऐनको उलंघनको आरोपमा स्थानीय प्रशासनले २७ जना पत्रकारलाई गिरफ्तार गरेको थियो । ... ओम शर्माको घर तथा जनादेश साप्ताहिकको कार्यालयमा प्रहरीले छापा मारेको थियो ।[90] जनादेश साप्ताहिक ने.क.पा. माओवादीको मुखपत्रको रूपमा प्रकाशन भएको पाइन्छ ।

माओवादी आन्दोलनसित कथित सम्बन्ध भएको अभियोगमा ६ जना प्रेस मजदुर र २१ जना पत्रकार थुनामा परेका थिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सित नजिक रहेको भनिएका तिन साप्ताहिक **जनादेश, महिमा** र **ज्वाला**का कार्यालयहरूमा छापा मारेर प्रहरीले ति साप्ताहिकहरूका सम्पादक समुह फोटोग्राफर र प्रेस मजदुरलाई पक्राऊ गर्नुका साथै कार्यालयमा भएका काजपत्र, उपकरण र पुस्तक/सन्दर्भ सामग्रीसमेत जफत गरेको थियो ।[91]

यो वर्ष राज्यको तर्फबाट धम्की तथा पत्रकारलाई समाचार लेखेको विषयमा दुर्व्यवहारका घट्नाहरू घटेको देखिन्छ । यस अतिरिक्त कानूनि कार्वाही समेत भएको देखिन्छ । २०५६ साल देशमा बढ्दो माओवादी गतिविधिले गर्दा अझ बढी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उलंघन भएको अभियुक्त वर्ष प्रमाणित भयो । सरकार पत्रपत्रिकाहरूलाई माओवादी आन्दोलनको समर्थक र गैरसर्मथकका रूपमा वर्गीकरण गर्दै आक्रामक रूपमा प्रस्तुत भयो । उता माओवादी पनि विभिन्न पत्र पत्रिकालाई आफूहरूप्रति सहानुभूतिशिल भए नभएको भनि वर्गीकरण गर्ने र त्यहि अनुरूप व्यवहार गर्न थाले । ... जनादेश साप्ताहिकका सम्पादक कृष्ण सेनलाई हात हतियार तथा गोलीगठ्ठा ऐन अन्तरगर्त बन्दी बनाइयो र २२ महिनापछि मात्र रिहा गरियो ।[92] यो वर्ष रामेछापबाट प्रकाशित नवअवाज मासिकका सहसम्पादक विदुर ढुंगेल माओवादीको अपहरणमा परे भने प्रेस यूनियन रौतहट शाखाका सभापति शम्भुकुमार पटेलको अज्ञात समूहबाट हत्या भयो ।

[89] प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति, नेपाल प्रतिवेदन २००३ (सं.) मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) काठमाडौं : पृ. ९८ ।

[90] ***ऐजन*** ।

[91] ***ऐजन*** ।

[92] ***ऐजन,*** पृ. ९९-१०० ।

यस वर्ष भरीमा पत्रकार गिरफ्तारीका २२ घटना, आक्रमणका १५ धम्कीका तथा कानूनी कार्वाहीका ५ घट्ना रेकर्ड भएका थिए ।[93] पत्रकारको हत्या गिरफ्तारी, धम्की, कानूनि कार्वाही, पत्रिका जफत लगायतको विषय प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग गासिएको विषय हुन् । यसलाई सरकारको नीति र व्यवहारसँग तुलना गरेर हेर्नु पर्ने देखिन्छ ।

२०५७ सलामा आएर प्रेसप्रति राज्य र विद्रोही पक्ष दुवै वढी असहीश्रृणु बन्दै गएको पाइन्छ । मुख्य विषय वा कारण माओवादी नै वनेको देखिन्छ । माओवादीको सहयोगी भएको वा माओवादी नै भएको आरोपमा होस या त माओवादीले आफ्नो विरोधी भएको वा सुराकीको अभियोगमा प्रेस वडी संकुचित बन्दै गएको पाइन्छ । प्रेसको स्वतन्त्रतामाथि ठाडो राजनीतिक हस्तक्षेप बढ्दै गएको पाइन्छ ।

... विभिन्न ३४ पत्रकारहरू माथि ३५ वटा आक्रमणको घटना भए । त्यसैगरी सञ्चार कर्मीहरू विरुद्ध धम्की दिएका ७ वटा घटना तथा हतोत्साहीत तुल्याउँने र दुर्व्यवहारका १३ वटा घटना भएको तथ्य सार्वजनिक भएका थिए ।[94]

अकल्पनीय राजदरवार हत्याकाण्ड, ध्वङसात्मक माओवादी आन्दोलन र संकटकालको घोषणाले गर्दा वर्ष २०५८ नेपाली जनता र सञ्चारकर्मीका लागि अत्याधिक दुःखद रह्यो । यसले मुलुकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासामु दुःखद पक्ष र अनेक नयाँ नयाँ चुनौतिहरू पनि रह्यो । ... शाही नरसहारको दुःख र पीडा आभिव्यक्ति गर्ने शब्दहरूनै छैनन् । यस घट्नाले जनता समेतका भावनात्मक मुल्य मन्यतालाई गहिरो गरी हल्लाएको थियो । तर, त्यति बेला नेपाली सञ्चार क्षेत्रले केबल पर्यबेक्षकको भुमिका मात्र निर्वाह गऱ्यो या त उसलाई सूचना पहुँच प्राप्त भएन या पत्रकारहरूले दुर्घट्नाको बास्तविक्ता पत्ता लगाउँने समुचित प्रयास गरेनन् ।[95]

यसरी राजदरवार हत्याकाण्डको वारेमा नेपाली प्रेसले सही सूचना संप्रेषण गरी जनतालाई सूसंचित गराउँनु पर्ने आफ्नो दायित्व निर्वाह गर्न नसकेको आरोप पनि लागेको देखिन्छ । दरवार हत्याकाण्ड लगतै जेठ २४ गते कान्तिपुर दैनिकमा प्रकाशित बाबुराम भट्टराईको “नयाँ कोत पर्वलाई मान्यता दिनु हुँदैन” शीर्षकको लेखलाई आधार बनाएर सम्पादक युवराज घिमिरे, अध्यक्ष हेमराज ज्ञवाली, प्रवन्ध निर्देशक, कैलाश सिरोहिया र निर्देशक विनोदराज ज्ञवालीलाई सरकारले कार्यालयवाटै पक्राउ गरी राजद्रोहको अभियोग लगाएको घट्नाले ठूलो समस्या नेपाली प्रेसमा थपिएको देखिन्छ । सो घट्नाको विषयले अन्तराष्ट्रिय

---

93 ***ऐजन*** ।

94 ***पूर्ववत्*** ।

95 ***पूर्ववत्,*** पृ. १०२-३ ।

रूपमा समेत चर्चा पाएको देखिन्छ । २०५८ साल असार १ गते विशेष अदालतको फैसलाबाट उनिहरू थुना मुक्त भएको देखिन्छ ।

संविधानको आत्मरक्षाका लागि साथै जनताको जीउधनको सुरक्षा र आतंककारीलाई मात्र नियन्त्रण गर्ने नाममा सरकारले संकटकाल लाउनु पर्ने भनि संकटकालको घोषणासँगै आतंककारी तथा विध्वङसात्मक अध्यादेशको भावना अनुरूप राजपत्रमा सूचना प्रकाशन गरी माओवादी आतंककारी गतिविधिलाई सहयोग पुग्ने कुनै पनि सामग्री प्रकाशन तथा प्रसारण नगर्न पत्रकार एवम् सञ्चारकर्मीहरूलाई सूचना तथा सञ्चार मन्त्रालय हार्दिक अनुरोध गर्दछ[96] भनि प्रेसलाई कडा सेन्सर गर्ने सरकारले जनाऊ दिएको देखिन्छ ।

सरकारले प्रेसलाई यस्तो निर्देशन दिए लगतै शाही नेपाली जंगी अड्डाबाट छुट्टै सूचना प्रकाशन भयो । ... शाही नेपाली सेना सम्बन्धी शाही नेपाली जंगी अड्डा शैनिक समाचार विभागबाट पुष्टि गराएर मात्र समाचार प्रसारण/प्रकाशन गर्नु हुन सम्पूर्ण सञ्चारकर्मीलाई अनुरोध गर्दछौं[97] भनिएको छ ।

संकटकालमा प्रेसलाई अझ साँगुरो घेरामा राख्न सूचना तथा सञ्चार मन्त्रालयबाट अर्को सूचना प्रकाशन गरी संकटकालमा पत्र-पत्रिकामा के छाप्ने के नछाप्ने भन्ने किटानी गरेको देखिन्छ । उक्त किटानी निर्देशनलाई २०५८ साल मंसिर १३ गते सूचना तथा सञ्चारमन्त्रीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको पाइन्छ ।

**प्रकाशन/प्रसारण गर्न नहुने :**

क) श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा वा निरादर गराउने वा अपहेलना वा द्वेस वढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

ख) नेपाल अधिराज्यको सार्वभौम सत्ता र अखण्डतामा आँच आउँने,

ग) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

घ) विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रादायका मानिसहरूबीच बैमनस्य गर्ने तथा साम्प्रदायिक दुर्भवना फैलाउने,

ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

च) नेपाल अधिराज्यको संविधान २०४७ को प्रतिकूल हुने समाचारहरू,

छ) बहुदलीय प्रजातन्त्रको मुलभूत मान्यतामा आँच आउँने समाचारहरू,

---

[96] २०५८ मंसिर ११ मा प्रकाशित राजपत्रको सूचना अनुसार ।

[97] २०५८ मंसिर १२ गतेको शाही नेपाली जंगी अड्डाको सूचना अनुसार ।

ज) राष्ट्रिय अस्मितामा आँच आउँने सामाजिक विखण्डन ल्याउँने, आतंक र त्रासदी फैलाउँने समाचारहरू,

झ) शाही नेपाली सेना, नेपाल प्रहरी र निजामति राष्ट्रसेवकप्रति दुर्भावना फैलाउने, मनोवल, गिराउने र उनिहरूको छविमा आँच आउँने समाचारहरू,

ञ) माओवादी आतंककारी व्यक्ति, समुहलाई प्रसय पुग्ने किसिमको एवम् उनिहरूको मनोवल बड्ने प्रकृतिको समाचारहरू,

ट) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउँने उद्देश्यका सामग्रीहरू,

ठ) जनमानसमा अस्वभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरू,

ड) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमुल्यन गर्ने सामग्रीहरू ।

**प्रकाशन/प्रसारण गर्न हुने**

क) माओवादी आतंककारी, आपराधिक गतिविधिलाई उदाङ्गो पार्ने समाचार दिने तर मनोवल नबड्ने तर्फ सावधान रहने,

ख) शाही नेपाली सेना, प्रहरी र राष्ट्रसेवकहरूको विरतापूर्ण काम र प्राप्त उपलब्धीसम्बन्धी समाचारहरू,

ग) श्री ५ को सरकार, सरकारी माध्यमहरूबाट प्राप्त आधिकारिक समाचारहरू ।[98] भन्ने प्रतिवन्धात्मक व्यवस्था गरेको देखिन्छ । सोही आदेश अनुसार प्रेस चल्न पर्ने बाध्यात्मक अवस्था तात्कालिन सरकारले सृजना गर्‍यो ।

यसरी सरकारले एकपछि अर्को अध्यादेस र आदेसको आधारमा संविधानको मुल्य मान्यता विपरित काम गरेको भन्ने आरोप आम जनस्तरबाटै लागेको देखिन्छ ।

*"आतंककारी तथा विध्वङसात्मक गतिविधिमा सङलग्न व्यक्ति वा समुहको चिट्ठी पत्र, टेलिफोन वा फ्याक्स जस्ता सञ्चार साधनमा श्री ५ को सरकारले नियन्त्रण गर्न सक्ने छ"* [99] भन्ने किटानी व्यवस्था गरी संकटकाल लागू भएकै दिन देखि पत्रकारहरूलाई धरपकड गर्ने, प्रेस सामग्री जफत गर्ने देखि हत्या गर्ने काम सरकारको तर्फबाट भएको देखिन्छ । संकटकालको पहिलो तीन महिना नेपाली प्रेस कुण्ठित बन्यो, नागरिकको मौलिक हक हनन्का घटनामा समेत स्वतन्त्र आवाज उठाउँन सकेन । सरकार र प्रतिपक्षी एकमत भएको कारण पनि नेपाली

---

[98] २०५८ मंसिर १३ गते पत्रकार सम्मेलनमा सञ्चारमन्त्रीले सरकारको तर्फबाट सार्वजनिक गरेको आदेशपत्र ।

[99] आतङ्ककारी तथा विध्वङ्सात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा १८ ।

प्रेसले यो किसिमको कालरात्रीको सामना गर्नु परेको सरकारी स्रोतको भरमा जे जति समाचार छाप्ने अनुमति हुन्छ, त्यति नै मात्र समाचार प्रकाशन/प्रसारण गरेर एकतर्फी सूचनाको शीकार नेपाली प्रेस बनेको, प्रेस स्वतन्त्रता हनन्का त्यत्रो विधि घटना घट्दाको अवस्थामा स्वयम् प्रेसकर्मी र तिनको आधिकारिक संस्था मुकदर्शक भएर वस्नु परेको कटु पक्ष समेत देखिन्छ ।

> प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि २०५९ घोर निराशाजनक रह्यो । नेपालको इतिहासमा नै यो वर्ष मुलुकमा सबैभन्दा बढी पत्रकार मारिए भने सात दर्जनको संख्यामा हिरासत र जेलका चीसा छिंडीमा कोचिन पुगे । सात वर्ष अघि ने.क.पा माओवादीले जनयुद्धका नाममा सुरु गरेको शासस्त्र संघर्षको कारण उत्पन्न हत्या हिंसाले चरम रूप लियो । हत्याको श्रृंखला वड्दै जाँदा मानिसहरूमा निरासाको कालो बादल झन् बाक्लिदै गैरहेको बेला तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनको सिफरिस श्री ५ मा चढाउँनु भयो । ... प्रजातन्त्र पुनस्थापना पछि सञ्चार जगतमा भएको विकास प्रति गौरव गर्दा गर्दै पनि ... खास गरी माओवादी विद्रोहीलाई दवाउने नाममा गत २०५८ मंसिर देखि २०५९ भदौसम्म देशव्यापी लगाइएको संकटकालबाट प्रत्यक्ष र परोक्ष रूपमा पत्रकार र पत्रिकाहरू प्रभावित भए । ... वर्ष २०५९ मा मुलुक भरिमा नौ[100] पत्रकार मारिए ।

नेपालको इतिहासमै सबैभन्दा बढी[101] पत्रकार मारिएको वर्षको रूपमा यो साल स्थापित भयो । सरकार र माओवादी पक्षले अभिव्यक्तिकर्मीहरू माथि गिद्धेदृष्टि राखेको कारण पत्रकार लगायत स्वतन्त्र अभिव्यक्तिकर्मी दुवै पक्षबाट असुरक्षित बन्न पुगे भनिएको छ ।

> आम नागरिकका अभिव्यक्ति स्वतन्त्रता वर्षभरि नै सरकारी र माओवादी सेनाको बन्दुकका अगाडि बन्धक हुन पुगे । कसैले कही यहाँ अन्याय भयो, यो मेरो मौलिक अधिकार हो, स्वतन्त्र नागरिकका हैसियतले मैले यो अधिकार उपभोग गर्न पाउनु पर्छ, भन्ने अवस्था रहेन । युद्धविराम घोषणा गरिनु पूर्व जिल्ला सदरमुकामका केही भागमा बाहेक सरकारी उपस्थिति सून्यप्राय थियो । माओवादी छापामारहरूको नियन्त्रणमा रहेको ग्रामिण भेगमा मानिसका कुनै पनि स्वतन्त्रता सुरक्षित रहेन[102] भनि वार्षिक प्रतिवेदनमा उल्लेख भएको देखिन्छ ।

यो वर्ष सरकारका प्रवक्ता समेत तोकिएका सूचना तथा सञ्चामन्त्री जयप्रकाश प्रसाद गुप्ता विभिन्न समयमा विभिन्न मामिलामा विवादमा फस्नुभयो । एउटा राष्ट्रिय स्तरको प्रसारण

---

[100] ***पूर्ववत्,*** हेर्नुस् परिशिष्ट- ५ ।

[101] ***पूर्ववत्,*** हेर्नुस् परिशिष्ट- ५ ।

[102] शोभाकर बुढाथोकी र अरु. ***नेपाल प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन २००३,*** (काठमाडौं : सेहुर्डेस, मे २००३), पृ. ५ ।

संस्था र सञ्चारमन्त्रीबीच वर्षभरी दोहोरी चलेको महसूस गरियो । यसले देशको सञ्चारनीतिलाई प्रभावित पारेको समेत सञ्चारकर्मीहरूले अनुभव गरे[103] भनिएको छ ।

यस अवधीमा सरकारले प्रेस सम्बन्धी नयाँ कानून ल्याएन भने सङ्कटकालमा जस्तो आदेश र निर्देशिका पनि जारी गरेन । बोलीमा सरकारका प्रधानमन्त्री, सूचना तथा सञ्चार मन्त्रीदेखि सवै मन्त्रीहरू प्रेस स्वतन्त्रताको हिमायती भएको भनिरहे तर, माओवादी गतिविधिलाई सघाएको वा माओवादी गतिविधिलाई सहयोग पुग्ने सामाग्री छापेको नाममा सञ्चारकर्मीलाई सताउने काममा कुनै कमी आएन । नेपाली प्रेस सरकारी पक्षबाट प्रताडित बनेको देखिन्छ ।

> पत्रकार तथा पत्र-पत्रिकामाथि भएको गिरफ्तारी तथा हस्तक्षेपप्रति नेपाल पत्रकार महासंघले बारम्बार राज्य पक्षको ध्यानाकर्षण गराउँदा तथा विरोध गर्दा पनि सुनुवाई नभएपछि २०५९ असार २० गते बसेको महासंघको आपतकालिन् बैठकले ५ सुत्रीय माग सहित पहिलो चरणको विरोध कार्यक्रम सार्वजनिक गऱ्यो । [104]

सरकार प्रेसजगत्प्रति उदासिन बनेको, प्रेस स्वतन्त्रताको मर्म र भावनामाथि आँच आउँने काम गरेका, त्यसप्रति प्रेसकर्मी र तिनको छाता संगठन नेपाल पत्रकार महासंघको अनुरोध तथा मागको समेत सरकारले बेवास्ता गरेपछि ५ सुत्रीय माग[105] सहित विभिन्न ओन्दोलनको कार्यक्रम पत्रकारहरूले सञ्चालन गरेको देखिन्छ ।

> सङ्कटकाल बल्ल तल्ल समाप्त भए पनि त्यसको असर नेपाली सञ्चारमाध्यमले भोगिरहेको अवस्था थियो । त्यो स्थितिमा अहिले त तात्विक भिन्नता छैन भन्ने भएको पुसदेखि वैशाखसम्मको त्यस अवधीमा त झन् हुने कुरै भएन । जम्मा तीन हजार पत्रकार भएको देशमा नौ महिनाको अवधीमा ८ जनाले ज्यानै गुमाउनु परेको र झण्डै पाउने २ सयले समाचार र विचारकै कारण पक्राउ परेर कठोर यातना भोग्नु परेको त्यस अवस्थालाई रिपोर्टर्स साँ फ्रन्टियर्स (आरएसएफ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले मार्मिक ढंगले चित्रण गरेका थिए । "पत्रकारका लागि संसारकै सवैभन्दा ठूलो कारागार" संज्ञा पाएको नेपालका तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा प्रेसका चार शत्रु मध्ये एक घोषित भैसकेका थिए । [106]

यसरी तत्कालिन नेपालको सरकार अन्तर्राष्ट्रिय प्रेसको नजरमा समेत प्रेसको सत्रुको रूपमा चित्रित भएको देखिन्छ । २०५९ साल भदौं १३ गतेदेखि २०६० साल चैत्र मसान्तबीचको

---

[103] ***ऐजन,*** पृ. १०१ ।

[104] ***पत्रकारीता,*** २०५९ नेपाली प्रेसको सुख-दुःखको वर्ष, वैशाख-जेठ, २०६०, पृ. २ ।

[105] हेर्नुस्, ***पूर्ववत्,*** परिशिष्ट- १५ ।

[106] महेन्द्र विष्ट, "नेपालको अवस्थापति विदेशी पत्रकारको चासो", ***पत्रकारिता,*** वैशाख-जेठ २०६०, पृ. १३ ।

अवधीमा नेपाली प्रेसजगत् आफ्नो स्वतन्त्रता रक्षाको आन्दोलनमा होमिइरह्यो । यसरी पत्रकारहरू सरकारसँग आन्दोलनमा जानु रहर नभइ बाध्यता भएको देखिन्छ । यो अवधीमा थप दुईजना पत्रकारको हत्या भएको छ भने १९५ जना[107] पत्रकारलाई बेपत्ता बनाउँने, थुन्ने र यातना दिने काम भएको देखिन्छ ।

यस बीचमा श्री ५ को सरकार र नेकपा माओवादीबीच पाँचौं चरणको वार्ता भयो । तर, सरकार र माओवादी आ-आफ्नै मागमा अडिग रहेका कारण निश्कर्षतः वार्ता सफल भएन । वार्ता भङ्ग भएपछि सरकारी सेना र माओवादी छापामार न्यूनतम् मानवीय मूल्य र समवेदनाबाट पनि अलग भएर आक्रमण-प्रत्याक्रमणको मैदानमा उत्रिए । यस कारणबाट पनि नौ महिने सङ्कटकालको तुलनामा सरकार नेपाली प्रेसप्रति इमानदार बन्न सकेको देखिदैन ।

## ५.३ छापाको अधिकार कर्तव्य तथा भूमिका

यस अवधिमा सरकारको नीति र व्यवहारमा इमान्दारीता नभएको भन्ने भनाई नेपाली प्रेस जगतबाट प्रसस्त आएको पाइन्छ । नेपाली प्रेसले राज्यको चौथो अङ्गको सैद्धान्तिक मान्यता पाएको सन्दर्भमा आफ्नो भूमिका र दायित्व दुवै निर्वाह गरेको भनिएको पाइन्छ । सरकारको संवैधानिक व्यवस्था अनुरूप काम नगरेपछि प्रेसकर्मीले आफ्नो स्वतन्त्रता र दायित्वको रक्षाको लागि वैधानिक संघर्ष पनि चलाएको देखिन्छ ।

> अन्य क्षेत्रमा विभिन्न कानून निर्माण हुँदा पनि सूचनाको हक सम्वन्धी कानून निर्माण हुन नसक्नु दुर्भाग्यपूर्ण कुरा हो । सूचनाको हक संविधानले हरेक नागरिकलाई प्रत्याभूत गरेको अधिकार हो । संविधानको यो स्पष्ट व्यवस्थालाई व्यवस्थित गर्न कानून वनाउँनु पर्ने आवश्यकता बोध गर्न नसक्नु प्रजातान्त्रिक सरकारको कमजोरी हो । [108]

यसरी सूचनाको हक सम्वन्धी कानून बन्नुपर्ने विषय र उच्चस्तरीय मिडिया आयोगको गठनलाई समेत जोड दिइएको पाइन्छ ।

संविधान, कानून अनुरूप प्रेसलाई मर्यादित, स्वतन्त्र र उत्तरदायी बनाउँन नेपाली प्रेसर्मीको छातासंस्था नेपाल पत्रकार महासंघले पत्रकार महासंघको विधान २०५३ को निर्माण र कार्यन्वयन गरेको देखिन्छ । यसलाई समयसापेक्ष बनाउँन २०५७ सालमा पहिलो संसोधन समेत गरेका देखिन्छ । उक्त विधानलाई मार्गदशन बनाएर नै नेपालको प्रेस सञ्चालन भएको देखिन्छ ।

---

[107] हेर्नुस्, परिशिष्ट- १७ ।

[108] सुरेश आचार्य, *“सूचनाको हकसम्बन्धि कानून अपरिहार्य”*, ***पत्रकारिता*** द्वैमासिक, २०५७ फागुन, २०५८ जेष्ठ, काठमाडौं, पृ. ३ ।

*“पत्रकारहरूलाई मर्यादित एवम् व्यवस्थित बनाउँन प्रेसकाउन्सिल नेपालसँगको सहकार्यमा पत्रकार आचारसंहिता २०५५ निर्माण र कार्यन्वयन गरेको देखिन्छ । यसलाई समय सार्न्दभिक बनाउँन संसोधन २०६०”* [109] समेत गरेको देखिन्छ । प्रजातन्त्र पुनस्थापनाका १२ वर्षमा नेपाली पत्रकारितामा निकै विकास त भएको हो तर, यसले परम्परागत स्थानीय तथा राष्ट्रिय प्रेसलाई पारेको गम्भीर असर यहि क्रममा देखिएको छ ।[110] प्रेसका बारेमा स्वयम् प्रेस जगतबाटै आत्म मूल्याङ्कन गरेको पाइन्छ ।

यस अवधिमा दर्जनौं अखवार प्रकाशन भएको पाइन्छ । ट्याब्लोइड र ब्रडसेट अखबारहरू बजारमा आएको देखिन्छ । तिनको समाचारको प्रथमिक्तामा प्रजातन्त्र प्रतिको आस्था र राजनीतिक समाचार परेको भेटिन्छ ।

> प्रेस जगतको सुदृढिकरणतर्फ प्रजातन्त्र पुनः प्राप्तिका यी सात वर्ष खास उपलब्धीमूलक हुन सकेका छैनन् । पहिलो एक वर्ष अन्तरिम सरकारको संविधान निर्माण र आम चुनावप्रति विशेष ध्यान रह्यो सरकारको बीचका तीन वर्ष सरकारलाई आफूभित्र सत्तापक्ष प्रतिपक्ष साथै अन्य द्वन्द्व झेल्दै वित्यो । कसरी टिक्ने भन्नेमा नै प्रायः समय खर्च भयो । अर्को नौ महिना एमाले अल्पमत सरकार टिकाउँन र आफ्नो पार्टी वलियो पार्न व्यस्त रह्यो । यता पछिल्लो संयुक्त सरकार झन अप्ठ्यारोमा छ । भिरको डिलमा उभिएको व्यक्तिले अर्कोलाई सहारा दिन सक्दैन[111] भन्ने विश्लेषण डा. तुलसी भट्टराईको रहेको देखिन्छ ।

नेपाली प्रेसजगत शिशु अवस्था मै छ । शिशु अवस्थामै यसले अनेक प्रकारका हुरी आँधी, अभाव र भोकमरी ब्यहोर्नु पऱ्यो । प्रतिकूल परिस्थितिसँग जुध्नु मात्र नपरेको भए पनि यहि उमेरमा यसले धेरै कुरा गरेर देखाइ दिन सक्थ्यो । तर, कठोर विगतका प्रभावबाट यो अहिलेसम्म मुक्त हुन सकेको छैन । ... सञ्चार माध्यमको एकपक्षीय प्रयोग वा दुरूपयोग अन्ततः आत्मघाती हुन सक्छ भन्ने तथ्य यहाँका सत्ता सञ्चालकहरूले अवस्य बुझिसकेको हुन्[112] भन्नु भएको छ हरिहर विरहीले ।

> प्रेसमा आज देखा परेका विविध चुनौतीहरूको सामना गर्दै समुन्नत राष्ट्र र सशक्त जनता तयार गर्न नेपाली प्रेसजगतले युद्ध लड्नु पर्ने अवस्था छ । यो युद्ध लड्न एकातिर हामीले आन्तरिक रूपमा आफूलाई गुणस्तरयुक्त र

---

[109] हेर्नुहोस् परिशिष्ट- १३ ।

[110] महेन्द्र विष्ट, *“सङ्कटकालमा नेपाली प्रेस”*, (सं.) नेपाल पत्रकार महासंघ, काठमाडौं : २०६०, पृ. घ ।

[111] डा. तुलसी भट्टराई, “प्रेस अर्थात चौथो अङ्ग र आजको स्थिति”, ***स्मारिका २०५३***, (काठमाडौं : सम्पादक समाज नेपाल), पृ. १६ ।

[112] हरिहर विरही, “एउटा अप्ठ्यारो अभियान”, पा.टि.नं. ११, पृ. १४ ।

विस्वसनीय बनाउनु पर्दछ भने अर्कोतिर राज्यका अन्य अङ्गहरूलाई प्रेसको महत्त्व गरिमा र त्यसप्रति उनिहरूको दायित्ववोध गराउँनु पर्दछ ।[113]

यसरी प्रेसकर्मी स्वयम् पनि चौथो अङ्को दायित्वप्रति सैधान्तिक रूपमा सचेत बनेको देखिन्छ । तर प्रेसको व्यवहारिक पक्ष भने सन्तोषजनक देखिदैन । प्रेसले स्वयम् गुमाएको, आचारसंहिताको उलंघन गरेको र नागरिकको तर्फबाट आलोचित बनेको पाइन्छ ।

संविधानले स्वतन्त्र प्रेसको अवधारणा अघि सारेको छ, र यसलाई मूर्त रूप दिन सञ्चार नीतिले सहज बाटो खोलि दिएको छ । सेतो कागजमा कालो अक्षरको सृजना गरेर देखाइएको भावना जति उदार छ, मुलुक सञ्चालन गर्ने राजनीतिक पार्टी र यसका नेताहरूमा यो भावनालाई व्यवहारमा उतार्ने चिन्तनको खडेरी परेको स्पष्ट अनुभव नेपाली प्रेसले गर्दै आएको छ ।[114] भन्ने तर्क अघि सारेका छन् पत्रकार सुरेश आचार्यले ।

नेपाली पत्रकारिताले प्रजातन्त्र र राजनीतिलाई नडोऱ्याई नेपाली राजनीतिबाटै पत्रकारिता डोरीएको छ । नेपाली पत्रकारिताले प्रजातन्त्रको विकासका निम्ति ब्यापारमुखी आचार नभई सेवामुखी संस्कार प्रवाहित गर्नु पर्दछ ।[115] भन्ने तर्क पत्रकार डिल्लिराम निर्भिकको रहेको भेटिन्छ ।

निर्भिकले नेपालको सरकार प्रजातन्त्र र पत्रकार आपसका पुरक र प्रयाय हुन् तर तिनको विचमा एकता र नैतिकको समस्या रहेको कारण प्रेस र राजनीतिको बीच समस्या देखिएका छन् भन्ने निश्कर्ष निकालेको देखिन्छ । प्रजातन्त्रमा निश्चित रूपमा प्रेस फस्टाउँनु पर्छ र, मात्र प्रजातन्त्रले सार्थक्ता पाउँछ नत्र प्रजातन्त्र नाम मात्रको हुन्छ । स्वर्णिम कालमा पनि हाम्रो छापा पत्रकारिताले थुप्रै समस्यासँग संघर्ष गर्दै आएको छ ।[116] भन्ने थप तर्क अघि सार्नु भएको देखिन्छ ।

पञ्चायतकालमा प्रजातन्त्रका निम्ती संगै लडेका व्यक्ति र राजनीतिक दलहरूसँगका नाता प्रजातन्त्र प्राप्ती पछि पनि टुटेन । बरु एक अर्कालाई सघाउँने बानी र बन्धन बलियो हुँदै गयो । पञ्चायतकालमा जुन सैलीमा समाचार र लेख पढ्ने वानी वसेका पाठक थिए तिनिहरूसँगको नाता पनि टुट्न सकेन । दल सत्तामा हुँदा पत्रकार पनि सत्तामा वा विभिन्न पदमा पुग्ने र दल प्रतिपक्षमा हुँदा पत्रप्रत्रिका निकाल्ने प्रवृत्तिको निकै विकास भयो । कतिपय

---

[113] गोविन्द वियोगी, "सम्पादक समाज नेपाल", ***पूर्ववत्,*** पा.टि.नं. ११ ।

[114] सुरेश आचार्य, "सूचनाको हकसम्बन्धी कानूनको आवस्यक्ता", ***सम्पादकहरूको राष्ट्रिय सम्मेलन,*** (माघ २८-२९, २०५६, सौराहा चितवन), सम्पादक समाज, पृ. ९ ।

[115] डिल्लीराम निर्भिक, *प्रजातन्त्र, सरकार र पत्रकार,* ***पूर्ववत्,*** पा.टि.नं. १४, पृ. १७ ।

[116] देवीप्रसाद दुलाल, *नेपालको सरकार र छापा पत्रकारिता,* ***आँखा विकास पत्रिका त्रैमासिक,*** वर्ष २, अंक २, इलाम : २०५९-६०, पृ. ३ ।

अवस्थामा पार्टी कार्यकर्ता र पत्रकार बिच भेदभाव गरिएन । पार्टीको कार्यकर्ता भएर पत्रकारितामा प्रवेश गर्ने प्रवृत्ति अझै हराएको छैन । पत्रकारहरूको बेग्ला बेग्लै व्यवसायिक संगठन हुनु र पत्रकार महासंघको निर्वाचनको वेलामा पनि यो कुरा वारम्वार देखिन्छ ।[117] कसजुले नेपाली प्रेस र राजनीति बिचको सम्वन्ध र त्यसबाट सृजित राम्रा नराम्रा पक्षको बारेमा लेखेको पाइन्छ । विनय कसजुको विश्लेषण स्वतन्त्र र तथ्यमा आधारित देखिन्छ ।

प्रविधिको उपयोग, भाषाको प्रयोग र अध्ययनको क्षेत्रमा समेत पर्याप्त दक्षता नभएको कारण नेपाली प्रेसले जति राम्रो काम गर्नु पर्थ्यो त्यति मात्रामा गर्न नसकेको पनि देखिन्छ । *हिजो पत्रकार कृष्ण सेनलाई हिरासतमा कुटीकुटी मारिँदा सत्तामा यिनै बहुदलीय नेताहरू थिए । अहिले १२ बुँदामा सही गर्ने बाबुराम भट्टराईको लेख छापे बापत युवराज घिमिरेलाई अफिसबाटै घोक्राएर हनुमानढोका पुऱ्याइँदा पनि अहिलेको सातदलका नेताहरू नै कुर्सीमा विराजमान थिए । गोपाल बुढाथोकी र किशोर श्रेष्ठ सहितका सैंयौ पत्रकारलाई कैयौं दिनसम्म वेपत्ता पार्ने आदेस समेत लोकतान्त्रिक नेताहरू कै मुखबाट झरेको हो । राज्य र विद्रोही दुवै तर्फबाट मारिएका १६ जना पत्रकार मध्ये अधिकांशको जीवन लिला सकिनुमा पनि विभिन्न दलहरूको सत्तासयर जिम्मेवार छ ।* [118] (श्रेष्ठले प्रजातान्त्रिक राजनीतिक दलहरू सरकारमा गए पछि पार्टीको पूर्व नीति विपरित काम गर्ने सरकारको लागेको वानीको विष्लेषण गरेको देखिन्छ ।)

सङ्कटकालको प्रारम्भसँगै नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पारेको भन्दै सिङ्गो प्रेस जगतले सरकार, राजनीतिक दल र ने.क.पा. माओवादीलाई समेत प्रेसमा आक्रमण नगर्न आग्रह गर्दै आएका थिए । संविधान प्रदत्त प्रेस स्वतन्त्रताको रक्षाका लागि अनुनय विनय गर्नु परेको देखिन्छ ।

> ... सङ्कटकालको तात्पर्य अनुरूप लक्षप्राप्त गर्ने प्रेस स्वतन्त्रता कुण्ठित गर्ने, सूचनाउपर सैनिक एकाधिपत्य राख्ने र समस्त सञ्चार माध्यमलाई सरकारी पक्षको प्रवक्ता कै रूपमा समाचार लेख्ने जङ्गी अनुशासन कायम गर्ने इरादाले सरकारी काम कारबाही अगाडि बढेको अनुभव गरेपछि त्यसको प्रतिरोध र विरोधको भावना पत्रकार जगतमा पैदा भयो । यस्तो परिवेशबाट नेपाल पत्रकार महासंघ निकै चिन्तित बन्यो । सङ्कटकाल लागू भएपछि भोलिपल्ट बसेको महासंघको केन्द्रिय कार्यसमितिको आकस्मिक बैठकले मुलुकमा उत्पन्न सङ्कटपूर्ण विशेष परिस्थितिप्रति चिन्ता प्रकट गर्दै छिटोभन्दा छिटो नागरिक

---

[117] विनयकुमार कसजु, *नेपाली साप्ताहिक र पाक्षिक पत्रिका पछाडी पर्नुको केही कारण र उपाय,* ***लोकतन्त्र स्मारिका,*** (काठमाडौं : साप्ताहिक/पाक्षिक सञ्जाल, २०६३), पृ. १२ ।

[118] किशोर श्रेष्ठ, “हेलमेट लगाएर दरबार लगिएको दिन”, ***स्मारिका प्रेस चौतारी नेपाल २०६३,*** काठमाडौं, पृ. ४४ ।

> अधिकारको बहाली गर्न र शान्तिको पक्षमा सम्वेदनशील हुन सबै पक्षलाई अपील गऱ्यो ।[119]

सरकारले सङ्कटकाल घोषणा गरेकै दिन नेपाल पत्रकार महासंघका तत्कालिन केन्द्रिय सदस्य ओम शर्मालगायतका पत्रकारलाई गिरफ्तार गरेको कारण पनि आम प्रेसकर्मी ससङ्कित बनेको पाइन्छ । नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले सङ्कटकालको विरोध र नागरिक तथा प्रेस स्वतन्त्रताको पक्षमा सचेततापूर्वक आन्दोलन चलाएको देखिन्छ ।

> २०५८ पुस ९ गतेदेखि सङ्कटकालको निहुँ बनाएर सरकारले नै प्रदान गरेको प्रेस पास भएका पत्रकारलाई पनि सिंहदरबार क्षेत्रमा प्रवेश निशेध गऱ्यो ...। राज्यद्वारा घोषित आतङ्कवादलाई प्रसय हुनसक्ने व्यवहार प्रेसबाट हुन नदिन तथा शान्ति र स्वतन्त्रताको पक्षमा स्वस्थ्य जनमत सिर्जना गर्न महासंघ तथा सञ्चारकर्मीहरू प्रतिवद्ध थिए । तथापी नेपाली प्रेसलाई अविश्वास गर्ने, शङ्का गर्ने, सूचनाका श्रोतहरूमा नियन्त्रण गर्ने, सहज ढंगले सूचना उपलब्ध नगराउँने, सङ्कटकालको भय देखाएर अधिकारको दुरूपयोग गर्दै प्रतिशोध साध्ने काम राज्यका निकायबाट जारी रहे ।[120]

सरकार र माओवादी पक्षबाट हुने प्रेसमाथिको दमनको निरन्तर अनुगमन गर्न २०५८ पुस २५ गते तत्कालिन नेपाल पत्रकार महासंघका सचिव विष्णु निष्ठुरीको नेत्रित्वमा केन्द्रिय सदस्य महेन्द्र विष्ट र धर्मेन्द्र झा रहेको तीन सदस्यीय अनुगमन समिति गठन भएको देखिन्छ । यस्तै निलम्बित मौलिक हक तथा प्रेस स्वतन्त्रता रक्षाका खातिर सबै जिल्ला शाखाहरूको सम्मेलन भएको, नयाँ नेत्रित्व बनेको र २०५९ साल बैशाख ३० र ३१ गते महासंघको २० औं केन्द्रिय महाधिवेशन सम्पन्न गरेको देखिन्छ । यो अधिवेशनलाई महासंघले *मौलिका हक निलम्बन माथिको हाँक*[121] हो भनेको छ ।

"महाधिवेशन राज्यपक्षबाट सञ्चार क्षेत्रमाथि हुने कुनै पनि नियन्त्रणात्मक आदेशद्वारा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कार्यको विरोध गर्दछ र यस किसिमको सम्पूर्ण आदेशहरू अभिलम्ब फिर्ता लिन र आगामी दिनमा पनि सञ्चार क्षेत्रमाथि नियन्त्रण गर्ने कुनै पनि खालका प्रयास नगर्न सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ"[122] भनिएको छ ।

पत्रकारहरूले आफ्नो व्यवसायिक हकहितका विषयमा समेत ससक्त आवाज उठाएको पाइन्छ । यसै मानेमा *"व्यवसायिक पत्रकारिताका लागि सूचना, सुरक्षा र स्वतन्त्रता"* भन्ने मुख्य नारा तय गरेको देखिन्छ । पत्रकार महासंघको नीति निर्देशनको आधारमा राष्ट्रव्यापी रूपमा पत्रकारहरू सङ्कटकालको विरोधमा उभिएका थिए भने नागरिक स्वतन्त्रता र स्वतन्त्र प्रेसको

---

[119] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. ८९ ।

[120] ***ऐजन,*** पृ. ८९-९० ।

[121] g]kfn पत्रकार महासंघको केन्द्रिय कार्यालयको आन्तरिक अभिलेख अनुसार ।

[122] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. ८९ ।

रक्षार्थ डटेका थिए । अन्नराष्ट्रिय जगतसँग नागरिकको मौलिक हक तथा नेपाली प्रेस स्वतन्त्रताको पुनरवहालीमा सहयोगको याचना गरेका थिए ।

> वर्ष २०५८ सबैभन्दा बढी पत्रकार गिरफ्तारीको वर्ष भएर गयो । नेपाली पत्रकारीताको इतिहासमा यति धेरै पत्रकार कुनै वर्ष पनि गिरफ्तार भएका थिएनन् । अन्तर्राष्ट्रिय क्षेत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि कृयाशिल संस्था 'रिपोर्टर्स सान फ्रन्टेयर्स' को पतिवेदन अनुसार नेपाल यो वर्ष संसारमा नै सबैभन्दा बढी पत्रकार गिरफ्तार हुने देश बनेको थियो । ... नेपालको इतिहासमा सबैभन्दा बढी पत्रकार मारिएको, मरेको, यातना पाएको र थुनिएको वर्षको कालो दाग वर्ष २०५९ लाई लाग्यो । विश्वव्यापी रूपमा पत्रकारको हत्या गर्ने, यातना दिने र थुन्ने देशका रूपमा नेपालले कलङ्क झेल्नु पऱ्यो ।[123]

प्रथम चरणको छ महिने सङ्कटकाल सकिएपछि बाँकी समयका लागि पुनः सरकारलाई सङ्कटकाल नलम्ब्याउँन महासंघले आग्रह गरेको देखिन्छ । सङ्कटकाल नलम्ब्याउँन बारम्बार आग्रह गर्दै आएको महासंघले सरकारको सो कदमको तत्काल विरोध जनायो । महासंघले सङ्कटकालको थप घोषणा र मौलिक हकहरूको निलम्बनले मुलुकमा आतङ्ककारी गतिविधिमा नियन्त्रण नभई स्वतन्त्र एवम् व्यावसायिक प्रेसलाई निरुत्साहित पार्ने ठहऱ्यायो ।[124]

"यसैबेला सरकारी हिरासतमा रहेका पत्रकार कृष्ण सेनको हत्या"[125] भएको कुराले पत्रकारहरूको सरकारप्रतिको धैर्यताको बाँध टुटेको निश्कर्ष निकालेको देखिन्छ, २०५९ असार २० गते बसेको नेपाल पत्रकार महासंघको बैठकले आफ्ना मागका विषयमा सरकारले बेवास्ता गरेको भन्दै *पाँच सूत्रीय माग*[126] राखी चरणबद्ध आन्दोलनको घोषणा गरेका थिए ।

२०५९ असार २० गतेदेखि साउन २ गतेसम्मको प्रथम चरणको आन्दोलनमा प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिने, सञ्चार माध्यममा "पत्रकारलाई बाँच्न र लेख्न देउ" भन्ने नारा प्रकाशन/प्रसारण गर्दै, सम्पादकीय ऐक्यबद्धता, कार्टुन प्रकाशन गर्ने र त्यस्तो कार्य सम्पन्न गर्नका लागि देशभरका शाखा र एसोसिएटलाई परिचालन गर्ने साथै नागरिक समाज, व्यवसायिक संघसंस्था, अधिकारकर्मी संस्था र राजनीतिक दलहरूलाई सहभागिता गराउँने, मन्त्री परिषद्को कुनै पनि सदस्य उपस्थिति रहेको कार्यक्रमको बहिस्कार, सबै 'पत्रकारले हातमा कालो पट्टी' बाँधेर काम गर्ने गरेका थिए ।

---

[123] ***पूर्ववत्,*** पा.टि.नं. ११, पृ. १०१-१०४ ।

[124] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. ९८ ।

[125] २०५९ असार १२ मा जनआस्था साप्ताहिकले ब्रेक गरेको समाचार अनुसार/सरकारले भने ऐनको हत्या नगरेको जनाएको थियो ।

[126] हेर्नुस् परिशिष्ट- १५ .

प्रथम चरणको आन्दोलन पूरा गरिसक्दा पनि पत्रकारको माग सरकारले नसुनेपछि २०५९ साल साउन ३ गते देखि १५ गते सम्म दोस्रो चरणको शान्तिपूर्ण आन्दोलनमा उत्रिएका थिए । पूर्व मागको स्मरण सरकारलाई गराउने, साथै सडक संघर्षमा निश्चित कार्यक्रम तय भएको देखिन्छ । यसैबीच वार्ताका लागि सरकारले औपचारिक प्रस्ताव पत्र पत्रकारलाई पठाए पछि तत्कालिन सभापति तारानाथ दाहालको नेत्रित्वमा वार्ता समिति बनेको, यसैबीचमा सरकार र पत्रकारबीच वार्ता भएको तर आ-आफ्नो अडानमा दुवै पक्ष अडिक रहेको, सरकारले वार्ता सकारात्मक भने पनि पुनः पत्रकारलाई वार्तामा बोलाएको देखिन्दैन । नेपाल पत्रकार महासंघ सरकारले पत्रकारको मागप्रति सकारात्मक बन्नको साटो अरु नियन्त्रण गर्दै प्रेस स्वतन्त्रता कुण्ठित गर्न उद्यत रहेको ठहर गरी तेस्रो चरणको आन्दोलनमा उत्रिएको देखिन्छ । २०५९ साउन १८ गतेदेखि भदौ ८ गतेसमम तेस्रो चरणको आन्दोलनको कार्यक्रम तय भएको । सोही अनुसार २०५९ साल साउन २४ गते विहान देशभर लालटिन जुलुश निकालेर सरकारलाई आँखा देखाउँने काम गरेको, सोही क्रममा देशभर पत्रकारको लालटिन प्रहरीले खोसेको र प्रहरीले पत्रकारलाई धरपकड गरेको पाइन्छ । यसक्रममा नेपाली कांग्रेस, ने.क.पा एमाले, जनमोर्चा नेपाल र राष्ट्रिय मानवअधिकार आयोगको तर्फबाट पत्रकारको आन्दोलनमा ऐक्यबद्धता जाहेर गरेको देखिन्छ ।[127]

यसैबीच सरकारका गृहमन्त्रीसँग पत्रकार टोलीको वार्ता भई समस्या समाधानका लागि सरकारले १५ दिनको समय मागेको, पत्रकार महासंघले त्यसलाई सकारात्मक ठान्दै तत्कालका लागि जारी अनसन तोडेको । अन्ततः विभिन्न चरणको वार्ता पछि सरकारले २०५९ भदौ ७ गते *सहमतिको ५ सूत्रीय पत्र*[128] अनसन स्थल भद्रकालीमै पठाएपछि आन्दोलन स्थगित भएको देखिन्छ ।

> सङ्कटकालका बेला भएको पत्रकारहरूको आन्दोलन महासंघको मात्र आन्दोलन रहेन । राजनीतिक दलहरू, मानवअधिकारवादीहरू, पेसागत संघसंस्थाहरू तथा नागरिक समाजबाट छोटो अवधिमै यसले नैतिक तथा सकृय समर्थन प्राप्त गरिसकेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाको नेत्रित्वमा नेपाली कांग्रेसबाट फुटेर बनेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) बाहेक सबै साना ठूला राजनीतिक दलहरूले आन्दोलनप्रति खुलेर समर्थन जनाएका थिए । [129]

पत्रकारले चलाएको आन्दोलनमा राष्ट्रियस्तरबाट मात्रै साथ समर्थन नभई अन्तर्राष्ट्रिय जगतको समेत ऐक्यबद्धता रहेको देखिन्छ ।

---

[127] नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालयको आन्तरिक अभिलेख अनुसार ।

[128] हेर्नुस परिशिष्ट- १६ ।

[129] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. १०५-१०६ ।

> विश्वमै एक उत्कृष्ट संविधान भएको नेपालमा त्यहि संविधानको सहारा लिएर लगाइएको सङ्कटकाल र पत्रकारहरू माथि भएको सरकारी दमनले विश्वसामु नेपाल, पत्रकारका लागि विश्वकै ठूलो कारागारको रूपमा चिनियो । अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) कमिटी टु प्रोटेक्ट जर्नालिष्ट (सीपीजे), रिपोर्टर्स साँ फ्रन्टियर्स (आरएसएफ), इन्टरनेशनल प्रेस इन्स्टिच्युट, साउथ एसियन जर्नालिष्ट फोरम लगायतका अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरूले महासंघको विरोध कार्यक्रमहरूको समर्थन गर्दै ऐक्यबद्धता प्रकट गरे तथा मागहरू तत्काल पूरा गर्न सरकारलाई दबाब दिए [130] भनिएको छ ।

सङ्कटकालमा राज्य र माओवादीको राजनीतिक प्रभावको सामना गर्न नेपाली प्रेस जगतलाई निकै गाह्रो भएको आत्मसमीक्षा स्वयम् पत्रकार महासंघले गरेको पाइन्छ ।

> संविधानका महत्त्वपूर्ण प्रावधानको निलम्बन गरेर मात्र सरकारले अधिनायकवादी चरित्र देखाएको होइन । सङ्कटकालमा त नेपाली सञ्चार माध्यम सरकारको होराहोरा तलीतली भएरै चल्नु पऱ्यो । ने.क.पा माओवादीलाई भनेर लेख्न आफ्नो लेखन स्वतन्त्रतासम्म सरकारले खोस्यो र आतङ्ककारी नै भन्नु पर्ने अत्यन्त हुकुमी शैलीका प्रशासनिक र सुरक्षा निकायका आदेश जारी भए । यो नेपाली प्रेसमाथिको ज्यादत्तिको महत्वपूर्ण घटनाको रूपमा शासकीय कलङ्को इतिहासमा चीरकाल पर्यन्त रहिरहनेछ [131] भनि किटानी गरेको देखिन्छ ।

उनीहरूले आफूलाई राज्यले माओवादी प्रभावित क्षेत्रमा जान नदिएकाले आफ्नो कर्तव्यबाट बञ्चित हुन परेका तर्क अघि सारेका छन् । *"अनेकौं आम सञ्चारकर्मीलाई शारीरीक रूपमा चोट पुग्ने चेतावनी दिइएको छ, जथाभावी पक्राऊ गरी हिरासतमा राखिएको छ, केही स्थानमा उनीहरूमाथि आक्रमण गरी कुटपीट गरिएको छ र मारिएको पनि छ । उनीहरूलाई समस्यामा पारिदिन राज्यले केही प्रकाशन विरुद्ध अदालतमा मुद्दा दायर गरिदिएको छ ।"* [132]

यसरी सङ्कटकालमा राज्य र माओवादी दुवैतर्फबाट प्रेसलाई आफ्नो प्रभावमा राख्न खोजेको देखिन्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति इमान्दारी छौं भन्ने आफ्नो सैधान्तिक प्रतिवद्धताबाट विचलित भएको पाइन्छ ।

सङ्कटकाल घोषणा भएपछि सरकारले प्रेसमा नियन्त्रण (सेन्सरसिप) लागू गरी सञ्चारकर्मीलाई व्यापक रूपमा पक्राऊ गर्न थाल्यो ... आम सञ्चारकर्मीलाई छोटो वा लामो समयसम्म हिरासतमा राखियो । यो भन्दा पनि गम्भीर रूपमा माओवादी समर्थक प्रकाशनमा काम गर्ने पत्रकारहरूलाई गोप्य रूपमा हिरासतमा राखियो र उनीहरूका परिवार बन्दीप्रतक्षीकरणको रिट निवेदन गर्न पनि डराए ... । सेनाले लेख प्रकाशन हुनुपूर्व रुजु गर्न

---

[130] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. १०८-१०९ ।

[131] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. ११५ ।

[132] राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन २०६० अनुसार ।

माग गर्‍यो र संघर्ष क्षेत्र बाहिर पठाइयो र पत्रपत्रिकाहरूले पनि आफूमाथि नै नियन्त्रण (सेन्सर) लागू गर्न थाले । नेपाली आम सञ्चारले यो संघर्षमा वास्तवमा के भइरहेछ भन्ने कुराको थोरै मात्र समाचार दिए भनी धेरै पर्यवेक्षकहरूले भनेका छन् ... प्रायः सबै प्रेसले रक्षा मन्त्रालयले उपलब्ध गराएको आँकडा मात्र प्रकाशन गरिरहेका छन्[133] भनिएको छ ।

यसरी सङ्कटकालमा राज्य र माओवादी दुवैतर्फबाट प्रेसलाई आफ्नो प्रभावमा राख्न खोजेको देखिन्छ । प्रेसलाई दुवै पक्षले आफ्नो हित विरुद्ध प्रयोग हुन नदिन अनेकन प्रयास गरेको प्रष्ट हुन्छ ।

सङ्कटकाल घोषणा भएपछि सरकारले प्रेसमा नियन्त्रण (सेन्सरसिप) लागू गरी सञ्चारकर्मीलाई व्यापक रूपमा पक्राउ गर्न थाल्यो ... आम सञ्चारकर्मीलाई छोटो वा लामो समयसम्म हिरासतमा राखियो । यो भन्दा पनि गम्भीर रूपमा माओवादी समर्थक प्रकाशनमा काम गर्ने पत्रकारहरूलाई गोप्य रूपमा हिरासतमा राखियो र उनीहरूका परिवार बन्दीप्रतक्षीकरणको रिट निवेदन गर्न पनि डराए ... । सेनाले लेख प्रकाशन हुनु पूर्व रुजु गर्न माग गर्‍यो र संघर्ष क्षेत्र बाहिर पठाइयो र पत्रपत्रिकाहरूले पनि आफूमाथि नै नियन्त्रण (सेन्सर) लागू गर्न थाले । नेपाली आम सञ्चारले यो संघर्षमा वास्तवमा के भइरहेछ भन्ने कुराको थोरै मात्र समाचार दिए भनी धेरै पर्यवेक्षकहरूले भनेका छन् ... प्रायः सबै प्रेसले रक्षा मन्त्रालयले उपलब्ध गराएको आँकडा मात्र प्रकाशन गरिरहेका छन्[134] भनिएको छ ।

यस अवधीमा नेपाली प्रेसकर्मीले आफ्नो अधिकार र स्वतन्त्रताको रक्षाका लागि आन्दोलन गरेको देखिन्छ । राज्यको चौथो अङ्गको मान्यता पाएको नेपाली प्रेसले जनताको सूसूचित हुन पाउँने संवैधानिक हकको वकालत् गर्दै व्यवसायिक स्वतन्त्रताको मागलाई समेत उठाएको देखिन्छ ।

> ... प्रेस जगत्का आवाजहरू दुईपक्षबीचको सहमतिप्रति सरकार उदासिन भइरहने हो भने पत्रकार महासंघ पुनः आन्दोलन गर्न वाध्य हुनेछ । अहिले पनि दुई दर्जनभन्दा बढी पत्रकारहरू थुनामा छन् । पत्रकारहरू माथि हिंसात्मक द्वन्द्वका दुई पक्ष सरकार र माओवादी दुवैतर्फबाट निरन्तर आक्रमण भइरहेको छ । राज्यको दमनमा परेको प्रेस जगतले न्याय पाएको छैन । प्रेस स्वतन्त्रतामा खतराको बादल हटिसकेको छैन । [135]

[133] रिपोर्टर्स साँ फ्रन्टियर्स, पेरिसद्वारा प्रकाशित सन् २००२ को वार्षिक प्रतिवेदन अनुसार ।

[134] ***पूर्ववत्,*** पा.टि.नं. ३४ ।

[135] ***पत्रकारीता,*** भदौ-मंसिर २०५९, पृ. २ ।

यसरी कानूनी रूपमा सङ्कटकाल सकिएपछि पनि व्यवहारमा नेपालको प्रेसले व्यवहारिक स्वतन्त्रता पाएको देखिदैन । पत्रकारहरूले आफ्ना कानूनी स्वतन्त्रताको सुरक्षाका लागि, सूचना स्वतन्त्रताका लागि सडक आन्दोलन र रिले अनसनमा समेत उत्रिएका थिए ।

विरोधकै शिलशिलामा हामी रिले अनसनको कठोर कदम लिन वाध्य भएपछि मूतिर्वत अवस्थामा रहेको सरकारको आशन डगमगायो र अन्त्यमा हामीलाई औपचारिक रूपमा वार्तामा आमन्त्रण गरियो[136] भनी आफ्ना आन्दोलनको विषयमा नेपाल पत्रकार महासंघका तत्कालिन महासचिव विष्णु निष्ठुरीले लेख्नु भएको पाइन्छ ।

> द्वन्द्वको यो चरणमा नेपाली प्रेसले अत्यन्त संयमित भूमिका निर्वाह गर्दै आएको छ । नेपाली प्रेसको यहि संयमित र सन्तुलिन भूमिका निर्वाह गरेको कारण द्वन्द्वका दुवै पक्षलाई पच्न सकेको छैन । त्यसैको परिणाम दुवै पक्षबाट नेपाली प्रेस प्रताडित बन्दै आएको छ । तर पत्रकार ज्ञानेन्द्र खड्काको जसरी हत्या गरियो त्यो नेपाली प्रेसले भोग्दै आएको दमनको चरम रुप मात्र थिएन कि मानवीय विकृतिको चरम रुप पनि थियो[137] भनिएको छ ।
>
> यसै अवधीमा सिन्धुपाल्चोकका पत्रकार ज्ञानेन्द्र खड्कालाई माओवादीले काटेर हत्या गरेको थियो । सो हत्यका विषयमा नेपाली प्रेसले राजनीतिक उन्माद मात्र नभई मानवीय विकृतिको चरम रुप भएको ठहर गरेको देखिन्छ ।
>
> मुलुकमा युद्धविराम भङ्ग नहुँदै र भङ्ग भइसकेपछि कतिपय पत्र-पत्रिका बन्द गरिएका छन् भने कतिपय सञ्चारकर्मी साथीहरू महासंघसँग समेत सम्पर्कमा नरही व्यवसायिक मैदानबाट पलायन हुनु भएको पाइएको छ । ... प्रेस स्वतन्त्रताको निर्वाध अभ्यासलाई सुनिश्चित गर्न महासंघले विगतमा झैं ससक्त अनुगमन प्रक्रियालाई व्यवस्थित गरिसकेको छ । पत्रकारलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न पाउँने वातावरणको निर्माण गर्न महासंघ जस्तोसुकै कठीन कदम चाल्न पनि दृढ र सक्षम रहेको छ । यस्तो विषम परिस्थितिमा विगतमा जस्तै एकतावद्ध भएर प्रेस स्वतन्त्रताका निम्ति संघर्ष गर्नु परेमा पनि सम्पूर्ण प्रेस जगत्‌को सहयोग र समर्थन पाउँने विश्वास महासंघले रोखको छ[138] भनिएको छ ।

यसरी सरकार र नेपाली प्रेस जगत्‌का बीचमा माग नभै विद्रोही नेकपा माओवादीसँग आन्दोलन गर्नु परेको देखिन्छ ।

> यहि भदौ २१ गते सिन्धुपाल्चोक जिल्लाको ज्यामिरेमा नेकपा माओवादीद्वारा पत्रकार ज्ञानेन्द्र खड्काको निर्ममतापूर्वक हत्या गरिएको घटनाले हामी तमाम कलमजीविहरू स्तब्ध भएका छौं । एकजना निहत्था पत्रकारको यो क्रूर हत्याको

[136] विष्णु निष्ठुरी, "प्रजातन्त्र प्रेस स्वतन्त्रताको आधारभूमि", ***पत्रकारिता,*** मदौ-मंसिर २०५९, पृ. ५ ।

[137] पत्रकारिता, भदौ-कार्तिक २०६०, पृ. २ ।

[138] नेपाल पत्रकार महासंघका तत्कालिन सभापति तारानाथ दहालद्वारा २२ भदौ २०६० मा हस्ताक्षरित प्रेस विज्ञप्ति अनुसार ।

घटना वस्तुतः सम्पूर्ण नेपाली पत्रकारिता जगत्माथिको हमला हो, अभिव्यक्ति स्वतन्त्रता उपरको आक्रमण हो । जेनेभा महासंधीको पटकपटक उल्लेख गर्ने नेकपा माओवादीले कलम भिर्ने निहत्था बुद्धिजीविको हत्या गरेर प्रवाह गर्न खोजेको सन्देश के हो ? ... संसारभरका कलमजीविहरूका साथ प्रेस चौतारी नेपाल, अभिव्यक्ति स्वतन्त्रताको घाँटी निमोठ्न खोज्ने नेकपा माओवादीलाई पत्रकारमाथि आक्रमण गर्ने क्रम तत्काल रोक्न सार्वजनिक आह्वान गर्दछ[139] भनिएको छ ।

... सरकार हटाउने आन्दोलनमा टायर बालेर, सीसा फोरेर, गाडी जलाएर र राँको बोकेर दौडिएका प्रदर्शनकारीभन्दा बढी कलम र एउटा डायरी चेपेर हिडेका, क्यामेरा तेर्स्याइरहेका अनि क्यासेट माइक्रोफोन देखाइरहेका पत्रकार सरकारका लागि बढी खतरनाक लाग्न पुगेका छन् ।[140]

पत्रकारहरू आफ्नो स्वतन्त्रताको रक्षाका लागि यसरी निरन्तर सरकार र नेकपा माओवादीसँग सडक संघर्षमा उत्रिनु परेको देखिन्छ । यस्तो अवस्थामा प्रेस जगत्ले मौजुदा कानून र आफ्नै आचारसंहिताको परिपालना भयो कि भएन ? भन्ने प्रश्न पनि सरकार पक्षले उठाउँदै आएको पाइन्छ । तर, सरकारले नै कानूनको उलङ्घन गरेपछि चौथो अंगबाट आचार संहिताको सीमा मिचिनु सामान्य कुरा हुने तर्क स्वयम् प्रेस जगत्बाट आएको देखिन्छ । पत्रकार ज्ञानेन्द्र खड्काको हत्याको विषयमा जसरी माओवादीलाई जेनेभा संधीको स्मरण प्रेसले गराएको छ त्यसरी नै पत्रकार खड्काको टाउको छिनालेको विभत्स फोटो आफ्नो प्रकाशन पत्रकारितामा कभरस्टोरी छापेर आफ्नो आचारसंहिताको उलङ्घन गरेको आरोप सत्य भएको देखिन्छ ।

"विश्वग्राम" को प्रणालीमा सानासाना सीमित "विश्वग्राम" हरूको कानूनी व्यवस्था पनि बढ्दो मात्रामा प्रभावहिन हुने देखिन्छ । हाम्रो सन्दर्भको कुरा गर्दा, सञ्चारक्षेत्रमा जुन सरकारी उपस्थिति अझैसम्म छ त्यसको सार्थकता र प्रभावकारी अझै द्रुतगतिले स्खलित हुने निश्चित छ । यस अवस्थामा यसबारे समयानुकूल परिवर्तन नभएमा यो उपस्थिति सत्ताकै लागि पनि बढ्दो मात्रामा समस्यामुलक हुन जानेछ[141] भन्ने गोपालदास श्रेष्ठको विश्लेषण रहेको देखिन्छ ।

यसरी हेर्दा नेपाली प्रेसकर्मीले प्रेस स्वतन्त्रताका रक्षाको आन्दोलन गर्नका साथसाथै पत्रकारको जीवन रक्षा र व्यवसायिक सुरक्षाको लडाइमा केन्द्रित रहेको देखिन्छ । सिङ्गो प्रेस जगत्ले यस आन्दोलनलाई सान्दर्भिक मात्र नभै अनिवार्य हो भनेको पाइन्छ । सरकारी र माओवादी पक्षको निरन्तरको धम्की, धरपकड, गिरफ्तारी, थुनछेक, वेपत्ता र हत्याको प्रतिरोध गर्दा आफ्नो आचारसंहिताको सीमा मिचिनु अपराध नभएको भन्ने प्रेसजगत्को मतैक्यता रहेको

---

139 प्रेस चौतारी नेपालका तत्कालिन अध्यक्ष शम्भु श्रेष्ठद्वारा २५ भदौ २०६० मा हस्ताक्षरित प्रेस विज्ञप्ति अनुसार ।

140 महेन्द्र विष्ट, "पत्रकारलाई सडकमा आमन्त्रण", ***पत्रकारिता,*** मंसिर-पुस २०६०, पृ. ५ ।

141 गोपालदास श्रेष्ठ, "सत्ता, सूचना र नयाँ प्रविधि", ***पत्रकारिता,*** चैत्र २०६०, पृ. १३ ।

पाइन्छ । तर, सरकार र माओवादीले भने स्वतन्त्र नभई कुनै एकको पक्ष लिएको भन्ने आरोपमा प्रेसजगत्लाई सताउने काम भएको देखिन्छ । सङ्कटकालको तुलनामा कानुनतः प्रेसकर्मीहरू केही स्वतन्त्र भए पनि व्यवहारमा फरक परेको देखिदैन ।

राज्य तथा विद्रोही दुवैपक्षले आफ्ना गलत कार्यको प्रचार रोक्ने वहानामा सर्वप्रथम प्रेसलाई नै तारो बनाए । यति सम्मकि दुवै पक्ष आफ्नो विरुद्धमा लाग्ने भनिएका पत्रकारहरूको ज्यानै लिन सम्म पछि परेनन् । त्यसैकारण संकटकाल र त्यसको रहलपहलको अवधिमा हामीले हाम्रा आठ जना साथीलाई सदाका लागि गुमाउँन पुग्यौं यो हाम्रो चरम दुःखको पक्ष रह्यो ।[142]

यसरी सरकारले मुलुकमा वैधानिक संकटकाल लगाएर पत्रकारको हत्या गरेको साथै विद्रोहीबाट हत्या भएको पहिलो घटनाको रूपमा स्थापित भएको देखिन्छ ।

सिन्धुपालचोक पीपलडाँडा निवासी इस्वर वुद्धाथोकी (कन्चन प्रियदर्शी) दाङ जिल्लाको भालुभाङ निवासी कृष्णबहादुर सेन 'इच्छुक', झापा जिल्ला खुदनावारी निवासी देवकुमार आचार्य (डि. कौडिन्य), तनहु निवासी कमल एसी, सिन्धुलि भूवनेश्वरी मर्गीवेसी निवासी कुमार घिमिरे र रामेछाप देउरालीका राजकुमार के.सी.[143] लाई सरकारी सुरक्षा फौजले आफ्नो नियन्त्रणमा लिई माओवादीको मतियारको आरोप लगाई हत्या गरेको देखिन्छ ।

यस्तै कालिकोट निवासी कदम साहित्यिक पत्रिकाका प्रधान सम्पादक नवराज शर्मा (वसन्त) र मोरङ जिल्ला पथरी ३ निवासी अम्बिका तिम्सिना[144]लाई ने.क.पा माओवादीका छापामारले सरकारलाई आफ्नो पार्टीको सुराकी गरेको आरोपमा हत्या गरेको देखिन्छ ।

संकटकालमा दुवै पक्षबाट पत्रकारलाई गिरफ्तार गरी बेपत्ता पार्ने काम भएको भेटिन्छ । यस्ता पत्रकारहरूमा काठमाडौं कपन निवासी अर्जुन थपलिया, पाल्पा निवासी मिनु बुढाथोकी, अर्घाखाचीका मुमाराम खनालाई राज्यपक्षले पक्रेर बेपत्ता बनाएको पाइन्छ । यस्तै सिन्धुपाल्चोक फुल्पिङकोट निवासी डेम्लिङ लामा, रोल्पा मिरुल निवासी धनबहादुर रोकाया मगर, जाजरकोट निवासी हरिहरसिंह राठौर र सिन्धुली हत्पते निवासी खेमराज दाहाललाई माओवादीले पक्रेर बेपत्ता बनाएको पाइन्छ । यसरी हेर्दा संकटकालमा राज्य पक्ष र विद्रोही माओवादी दुवै पक्षबाट प्रेसकर्मीको हत्या र बेपत्ता पारेको देखिन्छ । दुवै पक्षबाट प्रेसकर्मीलाई मार्ने, वेपत्ता बनाउने र मानसिक एवम् सारिरिक यातना दिन उद्धत भएको देखिन्छ ।

नौ महिने संकटकालमा सरकार र विद्रोही ने.क.पा. माओवादीको तर्फबाट पत्रकारलाई गिरफ्तार गरेर यातना दिने, थुनछेक गर्ने र शारीरिक एवम् मानसिक यातना दिने काम भयो ।

---

[142] महेन्द्र विष्ट र अरु. **संकटकालमा नेपाली प्रेस**, (काठमाडौ : नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालय), पृ. क ।

[143] ***ऐजन***, पृ. २८-३१ ।

[144] ***ऐजन***, पृ. ८२-८३ ।

उक्त अवधीमा सरकारी पक्षबाट पीडित पत्रकारहरूमा पुकार राजवंशी-झापा, भीमबहादुर बुढाथोकी-रुकुम, इश्वरचन्द्र ज्ञवाली-काठमाडौं, ओम शर्मा-धादिङ, खिलबहादुर भण्डारी-गोर्खा, गोविन्द आचार्य-प्युठान, दिपक सापकोटा-सिन्धुपाल्चोक, दिपेन्द्र रोकाय-हुम्ला, मनऋषि धिताल-बर्दिया, रत्नप्रसाद मैनाली-काभ्रे, रामभक्त महर्जन-काठमाडौं, विष्णुप्रसाद खनाल-सुर्खेत, बैकुण्ठ दहाल, राजेन्द्र दहाल-उदयपुर, गंगा विष्ट-संखुवासभा, शंकर खनाल-खाँदवारी, चित्रबहादुर चौधरी, सम थापा-कैलाली, देवकुमार यादव-सिराहा, भुपेन्द्र राई-उदयपुर, कमल मिश्र, पृथ्वीकुमार कार्की-झापा, देवरामप्रसाद यादव-सप्तरी, सीताराम पराजुली-ओखलढुङ्गा, पि.वी. दियाली-धरान, कोमलनाथ बराल-पोखरा, चन्द्रमान श्रेष्ठ, दिनेश श्रेष्ठ-गोरखा, बद्री शर्मा-बाग्लुङ्ग, उद्धवप्रसाद काफ्ले, लैनबहादुर थापा-पाँचथर, विजयराज आचार्य-प्युठान, सुरेशचन्द्र अधिकारी-चितवन, तेजमान विश्वकर्मा-सिन्धुली, कुमार शाह-रोल्पा, वसन्तराज श्रेष्ठ-सिन्धुली, देवदत्त पौड्याल-सिराहा, कृष्णप्रसाद खनाल, विनोद दाहाल-काठमाडौं, सुमन ढकाल-गोरखा, गुरूप्रसाद नेपाल-संखुवासभा, प्रेम वाँस्तोला-मोरङ, भीमप्रसाद सापकोटा-चितवन, अनिन्द्र न्यौपाने-तनहुँ, भरत सिग्देल, लालबहादुर चलाउँने-नुवाकोट, शिव तिवारी-पर्सा, संगिता खड्का-काठमाडौं, विनोद तिवारी-पर्वत, अनिलकुमार चौहान-कपीलवस्तु, रामहरि पौडेल-काठमाडौं, महेश दाहाल-सिन्धुली, नीमा शाह, धनबहादुर मगर-अछाम, सुरेश शाही-बझाङ, केशवबहादुर भट्टराई-ताप्लेजुङ्ग, दिनेशकुमार चौधरी-जाजरकोट, बालकृष्ण चापागाईं, वसन्त पोखेल, शेरबहादुर के.सी.-वुटौल, हरिश ढकाल-रूपन्देही, एकराज गिरी-झापा, किशोर श्रेष्ठ-ललितपुर, गोपाल बुढाथोकी-काठमाडौं, श्याम श्रेष्ठ-सिन्धुली, रेवती सापकोटा-सिन्धुपाल्चोक, नवराज शाही-जुम्ला, पवन श्रेष्ठ, सीताराम शाह, देवकुमार यादव-सिराहा, हरिचरण वानीया-झापा, इन्द्र गिरी-सङ्खुवासभा, कुमार राउत-काठमाडौं, सत्यनारायण हिमाली-लमजुङ, छिरीङ शेर्पा-सुनसरी, विश्वप्रकाश लामिछाने-कास्की, नारायण शर्मा, दिनबहादुर कुँवर, दिल सहानी, दोलाम घिमिरे-रूपन्देही, गुरदत्त-काठमाडौ, सिद्धिचरण भट्टराई-बुटवल, शरद के.सी.-नेपालगंज, विजयप्रसाद मिश्र-सिराहा, कृष्णबहादुर कार्की-नवलपरासी, अम्विका भण्डारी-धनकुटा, हरि बराल-सुनसरी, झपेन्द्र वैद्य-प्युठान, लालप्रसाद शर्मा-पर्वत, अनुराधा पौड्याल-काठमाडौं, नवराज पहाडी, रञ्जना पौडेल-लमजुङ, नारायण शर्मा-दाङ, तेजबहादुर सिंजाली-रूपन्देही, सुदर्शन पाण्डे-पर्सा, विश्वमणी धिताल-काभ्रे, विनोदसजना-बर्दिया, चिन्तामणी पौडेल-नवलपरासी, युवराज पुरी-सिन्धुपाल्चोक, कृष्णप्रसाद ढुंगाना-काठमाडौं, युवराज पाण्डे-बुटवल, केदार भट्टराई, केदार अभिलासी, प्रल्हाद बस्नेत-काठमाडौं, बलराम धमला, राजकुमार कार्की, लिला अधिकारी, लोकबहादुर नेपाली, तारा न्यौपाने, कृष्णबहादुर गौतम, कुमार पण्डित, विष्णु घिमिरे र हरिप्रसाद रेग्मी रहेको पाइन्छ ।

यस्तै ने.क.पा. माओवादीको तर्फबाट पीडित भएका पत्रकाहरूमा डेम्लीङ लामा-सिन्धुपाल्चोक, धनबहादुर रोकाय मगर-रोल्पा, हरिहरसिंह राठौर र खेमराज दहाल-विरगन्ज[145] रहेको देखिन्छ ।

संकटकालमा माओवादी पक्षबाट विष्णुप्रसाद देवकोटा, विमलबाबु खत्री, विपीन राई, जयबहादुर रोकाया, टंक पन्त, दिपक रिजाल, महेन्द्र सेरचन, सन्तोष पन्त र निराश पाण्डेललाई विभिन्न बहानामा मानसिक पीडा दिने काम भएको पीडितको गुनासोका आधारमा खुल्न आएको देखिन्छ ।

संकटकाल घोषणाको पहिलो कोपभाजन नेपाली प्रेस र सञ्चार माध्यम भए । यसबाट प्रेस स्वतन्त्रता मात्र मर्माहत भएन, सिङ्गो सञ्चार जगत र तमाम पत्रकारहरू हस्तक्षेप, ज्यादत्ती र मानवअधिकारको हनन्को शिकार बनाउँने क्रम तिव्र भयो[146] भनिएको छ ।

सङ्कटकालमा अखवार, छापाखाना, प्रकाशन/प्रसारण संस्थाहरू सरकारी हस्तक्षेपका कारण बन्द भए । सरकारी राजनीतिक हस्तक्षेपका कारण जनादेश साप्ताहिक, जनदिसा दैनिक, दिशाबोध मासिक, नौलो बिहानी मासिक, संभावना मासिक, कलम साहित्यिक त्रैमासिक, काठमाडौं, चुरे सन्देश साप्ताहिक-चितवन, विजयपुर साप्ताहिक-धरान, जन संघर्ष दैनिक-बुटवल (केही दिन बन्द) जनराज्य साप्ताहिक-रूपन्देही, राष्ट्रिय स्वाभिमान साप्ताहिक-पोखरा, बाग्लुङ साप्ताहिक-बाग्लुङ, नयाँ जनउभार साप्ताहिक-दाङ, सुर्खेत पोष्ट-सुर्खेत, युगयान साप्ताहिक-कैलाली, पाँचथर सन्देश साप्ताहिक-पाँचथर, काँक्रे बिहार दैनिक-सुर्खेत, जनचासो साप्ताहिक, चुली सन्देश साप्ताहिक र ज्योतिपुञ्ज साप्ताहिक-लमजुङ प्रकाशन बन्द भएको पाइन्छ ।

यस्तै ने.क.पा. माओवादीको हस्तक्षेपबाट कर्णाली सन्देश साप्ताहिक र कदम साप्ताहिक बन्द भए । सङ्कटकालमा बन्द भएका पत्रिकाहरू मध्ये कर्णाली सन्देश र कदम बाहेक सबै सरकारी राजनीतिक हस्तक्षेपका कारण बन्द भएका हुन् ।[147]

कार्यरत पत्रकारहरू कुनै राजनीतिक विचारबाट प्रभावित र संलग्न थिए । तर, छापाखाना सञ्चालन गर्ने व्यक्ति र कामदारहरू भने पेशाकर्मी मात्र थिए । तिनलाई समेत सङ्कटकालले सिकार बनाएको पाइन्छ । तिनको रोजीरोटी गुमेको देखिन्छ । यसकालमा सरकारको आदेशमा सेना, प्रहरीको ठाडो हस्तक्षेप, छापाखाना नियन्त्रण, सञ्चार सामग्री जफत र माओवादीको धम्की र फरमानको कारण छापाखाना र प्रकाशन गृहका मालिक समेत पीडित

---

[145] ***ऐजन***, पृ. ३४-८६ ।

[146] ***ऐजन***, पृ. ८८ ।

[147] अनुसन्धाताको/ दैनिक डायरीमा आधारित ।

बन्न पुगको देखिन्छ । सङ्कटकालमा देशको विभिन्न भागमा पत्र-पत्रिका वितरणमा रोक, छापिएको प्रति जफत गर्ने, प्रकाशन पूर्व छापाखानामै छापा मारेर नष्ट पार्ने काम समेत भएको थियो । *"औपचारिक रूपमा २०५८ मंसिर ११ गते सङ्कटकाल लागेको देखिए पनि मंसिर ९ गतेबाटै व्यवहारमा यसको खेवारो भइसकेको थियो ।"* [148]

यसरी सङ्कटकालमा राज्यको तर्फबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप भएको ठहर सञ्चार सम्बद्ध संस्थाहरूको रहेको देखिन्छ भने माओवादी पनि तेतिकै मात्रामा गैरजिम्मेदार ढंगले प्रेसप्रति जाई लागेको देखिन्छ ।

## ५.४ छापामा राजनीतिक प्रभावका अन्य विशिष्ट कारण

नेपाली छापामा राजनीतिक प्रभाव रहनुका अन्य विशिष्ट कारणहरू निम्नबमोजिम देखिन्छ -

- नेपालको राजनीतिक दलहरूमा राजनीतिक संस्कारको अभाव हुनु, आफ्नै पार्टीको घोसित छापानीतिको उलङ्घन गर्नु,
- छापाले आफ्नो मात्रै पक्ष लिनु पर्छ भन्ने सोंच नेताहरूमा हुनु,
- नीति र व्यवहारमा एकरूपता नहुनु,
- राजनीतिक दलका नेता, कार्यकर्ता र छापाकर्मी (पत्रकार) एकै व्यक्ति हुनु,
- पार्टी पत्रकारिता गर्ने पुरानो प्रकृति छापाकर्मीमा यथावत रहनु,
- पत्रकारमा पत्रकारिताका बारेमा आवश्यक ज्ञानशिपको अभाव हुनु,
- छापाको मालिक स्वयम् कुनै पार्टीको सदस्य हुनु र पार्टीकै हितअनूकुलको छापा सञ्चालन गर्नु,
- पाठक स्वयम्ले पार्टीपक्षधर अखवारको चाहाना राख्नु,
- छापा आर्थिक रूपले आत्मनिर्भर बन्न नसक्नु र
- समग्र नेपाली प्रेसजगतले पत्रकार आचारसंहिताको पालना एवम् कार्यन्वयन गर्ननसक्नु नै यसका विशिष्ट कारणहरू हुन् । यस अतिरिक्त नेपालको सामाजिक, आर्थिक, धार्मिक एवम् सांस्कृतिक पक्षहरू पनि कारकको रूपमा देखिन्छ । नेपाली समाजका हरेक क्षेत्र, वर्ग, समुदाय र धर्मका पाठकहरूमा आफ्नै स्वार्थ र रुचीका समाचार मात्र छापिनु पर्छ भन्ने प्रवृत्ति रहेको छ भने

[148] ***पूर्ववत्,*** पा.टि.नं. १३, पृ. २१ ।

स्वस्थ्य आलोचना पचाउँन सकेको देखिदैन । छापाले राम्रो कामको प्रसंसा, नराम्रो कामको आलोचना गर्छ र यो छापाको धर्म हो । पाठकले आफ्नो अधिकार खोज्दा कर्तव्य विर्सिने गरेको देखिन्छ भने पत्रकारले पनि स्वतन्त्रताको नाममा कर्तव्य विर्सिएको देखिन्छ । यसरी हरेकले आफ्नो स्वार्थ अनुरूपको छापा हुनु पर्छ भन्ने मान्यता राख्नु र छापाले लेखेको सवैकुरा ठीक हुन्छ वेठीक भए सच्चीनु पर्छ भन्ने संस्कारको विकास नेपाली प्रेसमा हुन नसक्नु पनि यसका थप कारणहरू हुन् ।

## ५.५ निष्कर्ष

नेपालका राजनीतिक दलहरू नीतिगत रूपमा स्वतन्त्र छापाको पक्षमा देखिन्छन् । राजनीतिलाई ठीक ढंगले सञ्चालन गर्न नेपाली छापाको अनिवार्यतालाई महसुस गरेका छन् । आफ्नो पार्टीको सरकारले नेपाली छापालाई निष्पक्ष, स्वतन्त्र एवम् मर्यादित बनाउँने प्रतिष्धता जाहेर गरेका छन् । तर, तिनै दलहरू नेपाली छापामा राजनीतिक प्रभाव रहेको स्वीकार गर्दै त्यसको विरोध पनि गर्दछन् । सैधान्तिक रूपमा नेपालका राजनीतिक दलहरू स्वतन्त्र छापाको पक्षमा रहेको देखिए पनि व्यवहारमा इमान्दार भएको देखिदैन ।

नेपाल अधिराज्यको संविधान २०४७ अन्तरगत नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीले सरकार सञ्चालन गरेका छन् । आफ्नो पार्टी सत्तामा रहँदा नेपाली छापाको स्वतन्त्रतामा राजनीतिक प्रभाव नदेख्ने र सत्ताबाहिर विपक्षमा रहँदा राजनीतिक प्रभाव देख्ने द्वैध मानसिकता सबै राजनीतिक दलमा देखिन्छ । यस विचमा नेपाल मजदुर पार्टी र नेकपा माओवादीले भने सत्ता सञ्चालन गर्ने अवसर पाएनन् । माओवादी सशस्त्र युद्धमा थियो भने नेमकिपा सधैं प्रतिपक्षमा रहने अडानमा रहेको देखिन्छ ।

सरकारले पनि राज्यको कानूनलाई निश्पक्ष ढंगले कार्यन्वयन गर्ने भन्दा आफ्नै पार्टीको स्वार्थ अनुरुप व्याख्या गर्ने र सोहीं अनुरुपको व्यवहार गरेको देखियो । नीतिगत रुपमा नेपाली छापालाई स्वतन्त्र, निश्पक्ष एवम् उत्तरदायी बनाउँनु पर्छ भनिए पनि व्यवहारमा त्यस्को इमान्दारीता स्वयम् नेपाली छापा र छापाकर्मी पनि आफ्नो धर्ममा इमान्दार भन्न सकेनन् । पत्रकार आचारसंहितालाई पूर्णपालना गर्न सकेनन् । छापाको स्वतन्त्रता र व्यवसायिकताको नाममा कुनै एक राजनीतिक दलको सामिप्य रहने र सोही प्रकृतिको पक्षगत समाचार सामग्री छाप्ने काम भएको देखिन्छ । छापा प्रकाशन गर्ने प्रकाशन गृह र त्यसका मालिक स्वयम् कुनै राजनीतिक दलको पक्षमा उभिने र सोही बमोजिमको व्यवसाय गर्न कृयाशिल भए भने पाठकहरू राजनीतिक पक्षधरताको समाचार पढ्ने पुरानो बानीलाई मुक्त हुन सकेनन् । यस अवधीमा छापा मानिलको निर्देशनमा पत्रकारले आफ्नो सम्पादकीय स्वतन्त्रता समेत गुमाउँन पुगे । यसरी समग्रमा विश्लेषण गर्दा नेपालका राजीतिक दलहरूको नेपाली छापालाई हेर्ने

दृष्टिकोणमा समानता रहे पनि प्रेसमा राजनीतिक प्रभाव र हस्तक्षेप हुनु हुदैन नीति ए पनि व्यवहारमा आफ्नै नीतिको पालना भएको देखिदैन । यसको मुख्य कारण राजनीतिक संस्कारको अभाव नै हो भने स्वयम् नेपालका छापाकर्मीमा छापाको मूल्य, मान्यता एवम् ज्ञान शिपको अभाव पनि हो । साथै नेपाली छापामा भएको आर्थिक परनिर्भरता समेत कारकको रूपमा रहेको देखिन्छ ।

# छैंठौ परिच्छेद
# छापामा राजनीतिक प्रभाव

## ६.१ नेपाली छापामा प्रकाशित समाचार तथा विवादको विश्लेषण

नेपाली छापाको विकासक्रममा (२०५०-०६०) विचको एक दशक महत्त्वपूर्ण रहेको छ । सङ्ख्यात्मक एवम् गुणात्मक दृष्टिले समेत यो अवधि उपलब्धिपूर्ण रहेको देखिन्छ । २०२० साल अघिसम्म नेपालमा जम्मा ४४५ वटा पत्रिका दर्ता भएका थिए । २०५० सालमा पत्रिकाको दर्ता सङ्ख्या २०३८ पुगेको देखिन्छ । दर्ता भएकामध्ये २०० वटा पत्रिका नियमित रूपले प्रकाशित भएको पाइन्छ । यस्तै प्रविधिको क्षेत्रमा उल्लेख्य विकास भएको कारण नेपालको छापा गुणस्तरीय बन्दै गएको छ । नेपाली छापा र राजनीतिका विचमा थुप्रै विवाद देखा परे । राजनीतिक दल र तिनका नेताले छापालाई आलोचना गरे, छापाको दोष देखाए भने नेपाली छापाले राजनीतिक दल र नेताको आलोचना गरे । सरकारको नीति तथा कार्यक्रमको बारेमा समेत विमति जाहेर गरे । २०५२ पछि नेपालको आन्तरिक राजनीतिमा नेकपा माओवादीको उपस्थिति र भूमिका बढ्दै गएपछि छापा र राजनीतिक दलका विचमा समेत विवाद, आलोचना र समर्थनका नयाँ रूप देखा पर्‍यो । अतः यस परिच्छेदमा नेपाली छापामा प्रकाशित राजनीतिक समाचारबाट सृजित राजनीतिक विवादको विश्लेषण गरिएको छ ।

### ६.१.१ वि.सं. २०५०–२०५२ प्रकाशित छापाको समाचारमा राजनीतिक विवाद

यो अवधीमा नेपाली छापाको संख्यामा धेरै विकास भयो । २०५० साल अघि देशमा कुल ४४५ वटा पत्रिका दर्ता भएको थियो भने २०५० मा आएर २०३८ पुग्यो । नियमित रूपमा २०० वटा प्रकासित भैरहेका छन् ।[149]

नेपाली छापाले विगतमा भोगेको नियन्त्रणबाट मुक्ति पाएको स्वयम् प्रेसकर्मीले गरेको अनुभूतिको मापन हो यो । खुल्ला र सीमित भएपनि प्रजातान्त्रिक वातावरणमा प्रेसको संख्यात्मक विकास हुनु स्वाभाविक थियो । संविधानको भावना अनुरूप नेपाली छापाहरूले आफूलाई प्रतिस्प्रर्धी बनाउँन थालेको पाइन्छ । कुनै राजनीतिक दलको राजनीतिक विचारसँग सामिप्यता राख्ने र तिनको गतिविधिलाई प्राथमिक्ता दिने प्रवृत्ति यस अवधीको छापामा भेटिन्छ ।

> सरकारी स्वामित्वमा रहेको सरकारी समाचार पत्रहरू बाहेक नीजि क्षेत्रमा प्रकाशित दैनिक वा साप्ताहिक समाचार पत्र पत्रिकाहरू मध्ये करिब ३५

149 प्रेस काउन्सील नेपालको २५ औं वार्षिक प्रतिवेदन अनुसार ।

> प्रतिशत अखबारहरू नेपाली काङ्ग्रेसका विभिन्न खेमाद्वारा प्रभावित लेखन गर्दछन् भने करिब ३० प्रतिशतले एमालेका विभिन्न गुटबाट प्रभावित लेखन गर्दछन् । राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा प्रभावित र अन्य ससाना दलहरूको विभिन्न अखवारहरू ४ प्रतिशत र कुनै दलको प्रभावमा नपरेको देखिने साप्ताहिक अखबारहरू करिब ४ प्रतिशत छन् भन्ने भनाई पनि छ ।[150]

प्रजातन्त्रको पुनस्थापना गर्न राजनीतिक दलहरूको ठूलो भूमिका थियो । दलहरूसँगै पञ्चायत कालमा नेपाली प्रेसले पनि उत्तिकै भूमिका खेलेको पाइन्छ । २०४६ को राजनीतिक परिवर्तनसँगै नेपाली प्रेसकर्मीमा थप उत्साह जागेको थियो । उत्साहसँगै राजनीतिक जागरण र आस्था पनि स्वयम् प्रेसकर्मीमा थियो ।

कुनै पनि राजनीतिक दलको विचार र आस्थासँग प्रेसकर्मीको आस्था र संलग्नता भए पनि उनिहरूद्वारा सम्पादित/प्रकाशित अखबारमा स्फुर्त रूपमा र बाहाय वातावरणको पनि दल विशेषको प्रभाव रहेको देखिन्छ । प्रजातन्त्रको संस्थागत विकासमा छापालाई आफ्नो मिसन बनाएको पाइन्छ ।

साप्ताहिक अखबारको अतिरिक्त दैनिक अखवारमा समेत राजनीतिक प्रभाव रहेको पाइयो । *"कान्तिपुर दैनिकले आफ्नो प्रकाशनलाई जति स्वतन्त्र र व्यवसायिक छ भने पनि अन्ततः उसले काङ्ग्रेसको सेवा गर्छ ।"* [151]

यस अवधीमा प्रकाशित (नमुना छनौट गरिएको) अखबारमा प्रकाशित विविध राष्ट्रिय घटना वा विषयमा लेखिएको सम्पादकीय, लेख र समाचार विश्लेषणका साथै समाचारको प्राथमिक्ताबाट थप छापामा राजनीतिक प्रभाव रहेको देखिन्छ । राजधानीबाट प्रकाशित अखबारमा मात्र नभै जिल्लाबाट प्रकासित समाचारपत्र पत्रिकामा समेत राजनीतिले प्राथमिक्ता पाएको देखिन्छ । साथै विकास वा ग्रामिण पत्रकारिताको लक्ष राखेको भनिएको अखबारमा समेत राजनीतिक समाचारले महत्व पाएको देखिन्छ ।

"गिरिजाको दुई वर्ष कस्तो रह्यो ।"[152] दृष्टि साप्ताहिकले आफ्नो मुख्य समाचारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दुई वर्षे कार्यकालको आलोचनात्मक समिक्षा गरेको देखिन्छ ।

महानायकको अन्त्यमा राष्ट्र सोकाकुल[153] शीर्षकको व्यानर न्यूजमा एमाले महासचिव मदन भण्डारी र संगठन विभागका प्रमुख जिवराज आश्रितको दासढुंगा घटनाबारे विश्लेषण

---

[150] ***वहुलवादी नेपाली समामजमा आम सञ्चार,*** (काठमाडौं : फ्रेडरिक इवर्ट स्टिफ्टुङ्ग तथा पत्रकारिता विभाग त्रि.वि.वि., २०५२), पृ. २२ ।

[151] २०५२ साल माघ ५ गते इलाममा आयोजित पत्रकार भेटघाटमा प्रदिप नेपालद्वारा व्यक्त विचार ।

[152] ***दृष्टि*** साप्ताहिक, २५ बैशाख २०५० ।

भएको छ । यस न्यूजमा घट्ना नभएर नियोजित हत्या हो भन्दै काङ्ग्रेस सरकारलाई आरोप लगाइएको छ । श्री ५ विरेन्द्रको शोक सन्देशलाई प्रमुखताका साथ ठाउँ दिइएको छ । "अलविदा कमरेड लाल सलाम[154] अतिरिक्ताङ्क प्रकाशन भएको छ । उक्त शीर्षकमा भण्डारी, आश्रित र पासाङलामुको विषयमा विभिन्न कोणबाट लेखिएको छ । यस्तै "सर्वमान्यको अश्रुमिश्रित उद्गार[155] शीर्षकमा सर्वमान्य नेता गणेशमान सिंहले भण्डारी र आश्रितको निधनबारे दिनु भएको शोक वक्तव्यलाई प्राथमिक्ता दिइएको छ । "राष्ट्रको संकट यो मान्छेले टार्ने थियो" भन्ने गणेशमान सिंहको भनाईलाई महत्वका साथ समाचार बनाएको देखिन्छ ।

"गिरिजालाई सत्ताच्युत गर" (सम्पादकिय), "गिरिजालाई सत्ताच्युत गर्ने घोषणा", "देशभर गिरिजाको पुतला घिसारियो", "यो अन्तिम युद्ध हो आ-आफ्नो ठाउँबाट डटौं", "प्रधानमन्त्री सदनबाट भाग्नु भो ।"[156] आदि शीषर्कका समाचार छापिएको छ ।

जनताको ऐतिहासिक विजय[157] शीर्षकमा दासढुंगा घटनाको विषयमा विपक्षी दल एमालेले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजिनामा सहित गरेको लामो सडक संघर्षको विषयमा आफ्नो ९ सूत्रीय माग सरकारले पुरा गर्ने एमाले, नेपाली काङ्ग्रेस र सरकार सम्झौतालाई व्यानर न्यूज बनाएको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेका सभापति कृष्णप्रसाद भट्टराइ र एमाले महासचिव माधवकुमार नेपालको छुट्टाछुट्टै सहमति वक्तव्यलाई वक्समा राखिएको पाइन्छ । भदौ ३० को अङ्कमा राजा विरेन्द्र र ने.क.पा. एमालेका महसचिव माधवकुमार नेपाल बीचको भेटघाटलाई प्रमुखताका साथ छापेको छ । यो वर्षको जेठदेखि मंसिरसम्मको सबै अङ्कमा दृष्टिले दासढुंगा हत्याकाण्डलाई प्राथमिक्ता दिएको पाइन्छ । र दोषको भागीडार काङ्ग्रेसको सरकार नै हो भन्ने एमालेको भनाइलाई प्रमुखता दिएको देखिन्छ ।

"काङ्ग्रेस अन्तिम युद्धको तैयारीमा"[158] शीर्षक दिए नेपाली काङ्ग्रेस पार्टी भित्रको विवादलाई खोतलेको छ । काङ्ग्रेस पार्टीको विवाद आपसमा नमिल्ने भएपछि अमेरिकी राष्ट्रपति क्लिन्टनको दुत राफेल नेपाल आउने खुलासा गरेको छ ।

"गिरिजा र भट्टराइसामु काङ्ग्रेसीहरूको कुटाकुट र नारावाजी, गणेशमानको सन्यास सुरु" (रविन सायमीको कार्टुन)[159] शीर्षक दिएर काङ्ग्रेस पार्टी भित्र चर्किंदै गएको आन्तरिक

---

153 ***ऐजन***, ६ जेठ २०५० ।

154 ***ऐजन***, ९ जेठ २०५० ।

155 ***ऐजन***, २० जेठ २०५० ।

156 ***ऐजन***, १६ जेठ २०५०, (हेर्नुस् परिशिष्ट- १३) ।

157 ***ऐजन***, १० जेठ २०५० ।

158 ***ऐजन***, ७ बैसाख २०५१ ।

159 ***ऐजन***, १ भदौ २०५१ ।

विवादलाई महत्व दिएको छ । पार्टी भित्र कोइराला र भट्टराइ खेमाको तिव्र मतभेदकै कारण सर्वोच्च नेता गणेशमान सिंहले सन्यास लिनु पर्ने कारण हो भन्ने पुष्टि गर्न खोजेको देखिन्छ । त्यस विवादलाई थप रोचक बनाउँन सायमीका कार्टुनलाई स्थान दिएको देखिन्छ ।

असार ८ को अङ्कमा गणेशमासिंहको कुर्सी दुर्घटनालाई काङ्ग्रेस पार्टीभित्रको षडयन्त्रको कारण हो भन्ने पुष्टि गर्न खोजेको देखिन्छ । उक्त घटनालाई मुख्य समाचार बनाएर काङ्ग्रेस पार्टी ठिक होइन भन्ने सन्देश दिन खोजेको देखिन्छ । "मनमोहन अधिकारीको नेतृत्वमा सिंहदरबार घेरिने"[160] शीर्षकमा नेपाली काङ्ग्रेसको सरकारले प्रतिपक्षको मागप्रति सुनुवाई नभएको भनाइमा सरकारलाई दवाब सृजना गर्न संसद घेर्नु पर्ने पुस्टयाइँ दिएको पाइन्छ ।

"एमाले घोषणा पत्रमा के छ ?[161] २०५१ सालसको मध्यावधी चुनावमा एमाले पार्टीले निर्वाचनमा जनताबीच अघि सारेको घोषणा पत्रलाई सकरात्मक विश्लेषण सहित व्यानर न्यूज बनाएको छ ।

(एमाले) ले फड्को मार्दैछ, चुनावको मुखमा करौडौंको काण्ड[162] शीर्षकमा पहिले एमालेले मध्यावधी निर्वाचनमा सत्तारुढ पार्टी कांग्रेसलाई उछिन्छ भन्ने अग्नी शिखाको विचारलाई प्रमुख स्थान दिइएको छ भने चुनावमा पार्टीलाई जिताउँन काङ्ग्रेसको सरकारले करोडौं सरकारी रकम हिनामिना गरेको समाचार प्रकाशन गरेको देखिन्छ ।

मंसिर १४, २०५१ को अङ्गमा दृष्टि साप्ताहिकले ने.क.पा. एमालेका अल्पमतको सरकारले सपथ लिएको समाचारलाई मूल प्राथमिकतामा छापेको छ । १५ सदस्यीय मन्त्रीमण्डलको नामावली सहित तिनका जीवनी र कामको वहादुरीलाई समेत लेखेको देखिन्छ । एमालेको उप-महासचिवमा वामदेव गौतम नियुक्ती भएको विषयलाई समेत उत्तिकै प्राथमिकता दिएर समाचार छापेको पाइन्छ ।

"गणेशमानसिंहको ताजाआवहान गिरिजा प्रवृत्तिलाई सम्पूर्णतः परास्त गर्नुस ।"[163] गणेशमानको आवाहानलाई मुख्य समाचार वनाएका छ । भट्टराईले सिंहलाई गुहार्नु भो, "वजेटले कांग्रेसभित्र भूइचालो"[164] शीर्षकमा पुन कांग्रेस पार्टीभित्रको विवादलाई निरन्तर समाचार बनाएको छ भने नव गठित एमाले सरकारले सार्वजनिक गरेको वजेट जनमुखी भएकाले कांग्रेस पार्टीलाई थप अलोकप्रिय बनाएको भन्ने समाचारले प्रमुख स्थान पाएको छ ।

---

160 ***ऐजन***, १९ असोज २०५१ ।

161 ***ऐजन***, ९ कात्तिक २०५१ ।

162 ***ऐजन***, १६ कात्तिक २०५१ ।

163 ***ऐजन***, १३ पुस २०५१ ।

164 ***ऐजन***, ११ माघ २०५१ ।

"ने.क.पा. एमालेको ठहर-सरकारको नेत्रित्व पार्टीले गर्नुपर्छ ।"[165] शीर्षकको मुख्य समाचारमा एमाले पार्टीको सरकारलाई स्वतन्त्र नभई एमाले पार्टीले नै सञ्चालन गर्नुपर्ने पार्टी निर्णयलाई छापेको पाइन्छ ।

"कांग्रेसको पोखरा बैठकमा भीडन्त हुदैछ, नैतिकता नभएकाहरूमाझ म फर्किन गणेशमानसिंह ।"[166] शीर्षकमा पुन कांग्रेस विवादलाई नै प्राथमिकता दिएर समाचार छापेको देखिन्छ ।

**कान्तिपुर** दैनिक, २०५२ साल वैशाख २० को अङ्कमा तत्कालिन मंत्री पद्मरत्न तुलाधरले गोबध गर्ने भनाइप्रति व्यापक चर्चालाई समेटेर समाचार वनाएको छ । "एमाले, राप्रपा यात्रा संभव होला?"[167] शीर्षकमा कुन्दन अर्यालको विश्लेषण समाचारले प्रमुख स्थान पाएको छ । एमालेको अल्पमतको सरकारलाई विपक्षी नेपाली कांग्रेसले विश्वास नगर्ने भएपछि आफ्नो सत्ता थाम्नको लागि एमालेले राप्रपासँग गठवन्धन गर्ने विषयलाई विश्लेषण गरेको पाइन्छ । यी समाचारहरू एमालेको पक्ष र नेपाली कांग्रेसको विपक्षमा रहेको प्रष्टिन्छ ।

"एमाले ऐतिहासिक यात्रातिर ओर्लियो ।"[168] शीर्षक दिएर व्यानर न्यूज छापेको छ । प्रधानमंत्री मनमोहन अधिकारीले संसद विघटन गरी २०५२ मंसिर ७ गते मध्यावधी चुनावको घोषणा गरेको घट्नालाई दृष्टिले वर्तमानको आवश्यकता थियो भन्ने ढंगले समाचार विश्लेषण गरेको पाइन्छ । "पार्लियामेन्ट्री सिष्टम भनेको मतलबै हो- प्राइममिनिष्टर इज द स्ट्रङ्गेष्ट म्यान इन दि कन्ट्री" भन्ने भनाईलाई अरु जोड दिएर छापेको छ ।

**विर्मश** साप्ताहिक, भदौ २१ को अङ्कमा सर्वोच्च अदालतले गरेको भदौं १२ को संसद पुनस्थापना सम्बन्धी फैसलाको बारेमा मुख्य सामग्री बनाएर छापेको पाइन्छ । यस विषयमा दृष्टिले सम्पादकीय विश्लेषण गर्दै एमाले सरकारको निर्णय उल्टाउने अदालतको फैसला बेठीक हो भनेको छ ।

यस्तै साप्ताहिक विमर्शमा छापिएका समाचारको विषय र तिनको प्राथमिकता हेरौं । "राहातमा पनि बाम बाझे"[169] देशको विभिन्न क्षेत्रमा वाढी पहिरोबाट पीडित जनतामा सरकारले वितरण गरेको राहातको विषयलाई प्रतिपक्षी पार्टी एमाले र अन्य कम्युनिष्ट

---

165 ***ऐजन***, १७ फागुन २०५१ ।

166 ***ऐजन***, १० जेठ २०५१ ।

167 ***ऐजन***, ३१ जेठ २०५१ ।

168 ***ऐजन***, १५ मंसिर २०५२ ।

169 ***विमर्श*** साप्ताहिक, ८ असोज २०५० ।

पार्टीहरूको व्यहार बेठीक नभएको लेखिएको छ । "प्रजातन्त्रको असामायिक मृत्युको खतरा"[170] शीर्षकलाई मुख्य समाचार बनाइएको छ । हरिहर विरहीको विश्लेषणात्मक समाचारमा सत्तारुढ पार्टी नेपाली काङ्ग्रेसभित्रको आन्तरिक कलह र विपक्षी दल एमालेको असहीश्णु व्यवहार नै प्रजातन्त्रलाई घातक बन्न सक्ने निश्कर्ष निकालेका छन् । यस्तै एमालेको जारी बैठकमा के के हुदैछ ? भन्ने शीर्षकको समाचारमा पार्टीले गर्ने निर्णयको बारेमा अनुमानसहितको समाचार सामग्रीलाई स्थान दिएर छापेको छ ।

"भट्टराइले निर्णय माथि पुनरविचार गर्ने, काङ्ग्रेसभित्र अस्थायी युद्धविराम सरकार र संसद बीच पनि तनाव" [171] समाचार शीर्षक बनाएर प्रथम पृष्ठमा छापेको पाइन्छ । **विर्मश,** भदौ २१ को अङ्कमा नेपाली काङ्ग्रेस पार्टीभित्रको आन्तरिक समस्या समाधान हुने विषयमा विषय केन्द्रित गरेको देखिन्छ । यसपछिको अङ्कमा काठमाडौंको उपनिर्वाचनमा कृष्णप्रसाद भट्टराइको उमेदवारीको पक्षमा खुलेर समाचार संप्रेषण गरेको छ । "यसरी आयो भट्टराइको लहर, एमाले भट्टराइलाई कसरी हेर्ने ?" झापामा काङ्ग्रेसको स्थिति सुदृढ आदी शीर्षक बनाएको देखिन्छ ।[172]

"एमालेले जितेर पनि खुसी मनाएन" [173] शीर्षकको समाचार -

> केही समय अघि देश विदेशको ध्यान आकर्षित गर्न सफल काठमाण्डौं १ नं. क्षेत्रको उपनिर्वाचन जितेर पनि एमाले ले खुसी मनाएन । पार्टीगत अनुसाशन, बन्धन तथा नीति र निर्णयको कारण केही नबोले पनि धेरै कम्यूनिष्टहरू व्यक्तिगत रूपमा विद्या भण्डारीको विजयले खुसी भन्दा कृष्णप्रसाद भट्टराइको पराजयले खिन्न भएको देखिन्छन् । निर्वाचन परिणाम घोषणा भएको दिन ने.क.पा. एकाले ले आयोजना गरेको विजय जुलुस 'ठूलो' र 'भव्य' भए पनि त्यसका सहभागीहरूमा हार्दिक खुसीको भावना झल्किदैनथ्यो ।

विमर्शको सोही अङ्कको अर्को समाचार 'काङ्ग्रेसी सरकार विरुद्ध काङ्ग्रेसी प्रर्दशन शीर्षकमा काङ्ग्रेस पार्टी भित्रको समस्यालाई विश्लेषण गरेको छ ।

"काङ्ग्रेस विभाजित नहुने संभावना"[174], "संसदमा सत्तापक्ष हारेको दिन एमाले ले देशव्यापी प्रर्दशन गर्ने"[175] शीर्षक दिएर पार्टी राजनीतिलाई नै मुख्य समाचारको विषय वस्तु बनाइएको पाइन्छ । संसदमा सत्तापक्ष हारेको दिन शीर्षक दिएर २०५० साल चैत्र ११ गते

---

[170] ***ऐजन,*** २२ माघ २०५० ।

[171] ***ऐजन,*** २९ माघ २०५० ।

[172] ***ऐजन,*** ६ फागुन, २०५० ।

[173] ***ऐजन,*** १२ चैत्र २०५० ।

[174] ***ऐजन,*** २ बैशाख २०५१ ।

[175] ***ऐजन,*** ९ बैशाख २०५१ ।

बसेको प्रतिनिधिसभा बैठकमा सत्तापक्ष अल्पमतमा परेको थियो । खानी तथा खनिज पदार्थ ऐन २०४८ मा पहिलो संसोधनका लागि विपक्षी दलको संसोधन विधेयकमा बहुमत भएको थियो । सो घटनाको कारण संसदभित्र सांसदहरूबीच हात हालाहाल र तोडफोड समेत भएको कुरालाई नेपालको संसदीय इतिहास कै निकृष्ठ व्यवहार भनेर लेखिएको छ ।

"नेताहरू हुकुमी साशनतिर अग्रसर", "एमाले नेतृत्वमाथि सांसदहरूको प्रहार"[176] शीर्षकमा क्रमशः व्यानर र मेन न्यूज लेखेको छ । यी समाचारमा नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेको राजनीतिक संस्काहिननालाई औल्याइएको पाइन्छ ।

"सर्वोच्च नेताले सवैलाई स्तब्ध पार्नुभयो ।"[177] शीर्षकमा व्यानर न्यूज बनाएर नेविसंघको राष्ट्रिय सम्मेलन उद्घाटनको अवसरमा नेता गणेसमान सिंहको भनाई सविस्तर राखिएको छ । यसै अङ्कमा डा. बाबुराम भट्टराईको विचार लेख पनि छापिएको छ । लेखको विषय भारतीय सेनाले नयाँ बानेश्वरमा गरेको खानतलासीसँग सम्बन्धित रहेर नेपालको राष्ट्रियतामाथिको प्रश्न उठाइएको छ । साथै यस्तो घटनाले नेपाललाई भारतले गर्ने सिक्किमीकरणको प्रयासको रूपमा विश्लेषण गरिएको छ ।

भट्टराई माथि दुवैतिरको चर्को दबाब सिंहले हात जोडेर कोइरालासित राजिनामा माग्नु भयो ।[178] काङ्ग्रेस पार्टी र सरकार बीचमा उत्पन्न विवादलाई मिलाउन सर्वोच्च नेता गणेशमान सिंहले कोइरालासँग गरेको अनुरोधको विषयलाई यसरी मुख्य समाचार बनाइएको पाइन्छ । यतिवेला काङ्ग्रेसमा चौरहत्तरे र छत्तिसे विवाद चर्चामा थियो । यसले पार्टी विभाजनको सङ्केत गरेको थियो ।

"काङ्ग्रेस अब खतरामुक्त, छायाँ सरकार पुनरगठन"[179] शीर्षक दिएर काङ्ग्रेस विवाद मिलेको समाचार छ भने । विपक्षी एमालेको छायाँ सरकार पुनरगठन गरिएको विषयलाई दोश्रो प्राथमिक्ताका साथ प्रथम पृष्ठमा समाचार छापेको देखिन्छ ।

यो महिनाभरि प्रधानमन्त्री गिरिजप्रसाद कोइरालाद्वारा संसद विगटन गर्दै मध्यावधी चुनावको सिफारिसको विषयलाई प्राथमिक्ताकासाथ समाचारको विषय बनाइएको देखिन्छ । एकता अपरिहार्य[180] शीर्षकमा सम्पादकीय टिप्पणी लेखमा आसन्न मध्यावधी निर्वाचनमा काङ्ग्रेसको निर्णयलाई सकारात्मक भनेको देखिन्छ -

---

176 ***ऐजन***, १६ बैशाख २०५१ ।

177 ***ऐजन***, १७ असार २०५१ ।

178 ***ऐजन***, २१ साउन २०५१ ।

179 ***ऐजन***, १४ असोज २०५१ ।

180 ***ऐजन***, ४ कार्तिक २०५१ ।

केन्द्रिय समितिको उक्त बैठकले चुनावमा एकतावद्ध भएर भाग लिने निर्णयद्वारा पार्टी एकताको अपरिहार्यतालाई भाग होइन, पार्टीको संगठनातमक स्वरूपमा नयाँ गति दिने सकरात्मक बाटो पहिल्याएको छ भने सोही बैठकमा पार्टीका सभापति, प्रधानमन्त्री र महामन्त्रीले चुनावमा भाग नलिने निर्णयद्वारा पार्टीको भविश्यप्रति नकरात्मक प्रभाव पर्न सक्ने सम्भावनालाई उपेक्षा गरिएको छ ।

"काङ्ग्रेस भित्र अन्तरघातको लहर, एमाले भित्र झगडा अझै मीलेन"[181] छुट्टाछुट्टै शिर्षकमा काङ्ग्रेस र एमाले पार्टी बीचको आन्तरिक विवादलाई नै समाचारको विषय बनेको देखिन्छ । "काङ्ग्रेसको लागि चुनाव फलामको च्यूरा, एमालेको अन्तिम प्रयास पनि विफल"[182] शीषर्कमा दुवै पार्टी भित्रको चुनावी विवादलाई उजागर गरेको छ । संयुक्त जनमोर्चा नेपाल र अन्य कम्युनिष्ट घटकसँग एमालेले गर्ने चुनावी कार्यगत एकता सफल नभएको भनि समाचार लेखिएको छ ।

काङ्ग्रेस सभापति कृष्णप्रसाद भट्टराई र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको चुनावी दौडाहालाई 'तुफानी' को विशेषण दिइएको पाइन्छ ।

प्र.म. अधिकारी लाचार-छाँया मात्र सरकारद्वारा सुरुमा नै संविधान र संसदीय व्यवस्थाको अपमान[183] शीर्षकमा ने.क.पा. एमालेद्वारा गठित अल्पमतको सरकारको प्रधान मन्त्री मनमोहन अधिकारीलाई लाचार छाँयाको सज्ञा दिइएको छ । एमाले सरकारले संविधान र संसदीय व्यवस्थाको उलंघन सुरुमै गरेकाले भविश्यमा पनि राम्रो काम गर्न नसक्ने निश्कर्ष दिदै शहीद गेटमा शहिदहरूदलाई मन्त्रीमण्डलका सदस्यहरूले सद्धाञ्जली अपर्ण गर्दा पुष्पलाल मदन भण्डारी र अन्य कम्यूनिष्ट नेताको फोटो राख्नुलाई सांस्कृतिक क्रान्तिको सङ्केत भनेको छ । 'साथै नयाँ मन्त्रीहरू कस्ता छन्' छुट्टै शीर्षक दिएर नवगठीत मन्त्रीमण्डलका सदस्यहरूको नकरात्मक पाटोलाई चर्चा गरेको पाइन्छ ।

दासढुंगा रिपोर्ट : एमालेमा भुइँचालो[184] शीर्षक दिएर व्यानर न्यूज बनाइएको छ । यस समाचारमा एमाले विपक्षमा हुँदा पार्टी नेता मदन भण्डारी र जीवराज आश्रितको हत्यारालाई सरकारले कार्वाही गर्न नसकेको, पत्ता लगाउन नसकेको आरोप लगाएको तर स्वयम् आफै सरकारमा भएको बेला त्रिलोकप्रताप राणाको प्रतिवेदन लुकाएको ठहर गरेको समाचारमा भेटिन्छ । साथै एमाले पार्टीलाई उग्रविचारबाट प्रेरीत हुने राजनीतिक पार्टीको रूपमा लिइएको पाइन्छ । "राष्ट्रिय सहमति-माछामाछा भ्यागुतो" शीर्षकको प्रथम

---

[181] ***ऐजन***, १६ मंसिर २०५१ ।

[182] ***ऐजन***, २२ मंसिर २०५१ ।

[183] ***ऐजन***, १ पुस २०५१ ।

[184] ***ऐजन***, ८ पुस २०५१ ।

पृष्ठको मुख्य समाचारमा एमाले पार्टीको सरकार राष्ट्रिय महत्वको विषयमा विपक्षीहरूलाई विश्वास नगरेको भनिएको छ । सरकार विरुद्ध प्रतिपक्षीहरूको एउटै स्वर[185] शीर्षकको व्यानर न्यूज बनाएर एमाले सरकारले विपक्षमा सबै प्रतिपक्षी राजनीतिक दल एक भएका छन् भनिएको छ । अल्पमतको सरकारले सय दिनको अवधी नविताउदै प्रतिपक्षी दललाई सही नसक्ने गरी सरकारले व्यवहार गरेको कुरालाई पुष्टि गर्न खोजेको देखिन्छ । यस्तै समाचारको प्रथम पृष्ठमा भारतले नाडी छामेर गयो, एमाले कार्यकताको धैर्य टुट्न थाल्यो शीर्षक दिएर एमाले पार्टीभित्रै पनि सरकारको कामको आलोचना भै रहेको जनाएको छ भने छिमेकी भारतको नजरमा समेत एमाले सरकार सक्षम नभएको भन्ने देखाइएको छ ।

*हिमाल खबर पत्रिका* २०५० सालमा आइपुग्दा चौथो अङ्क छापिएको पाइन्छ । सुरुमा वार्षिक संगालो प्रकाशित हुदै त्रैमासिक भएको पाइन्छ । यो म्मागजिन विचार प्रधान मात्रै नभै खोजमूलक पत्रिका भएको देखिन्छ । अरु भाषामा नेपालको अर्थराजनीति, पर्यटन र हिमाली क्षेत्रको विषयमा लेखिएको लेखहरूलाई नेपालीमा अनुवाद गर्ने गरेको पाइन्छ ।

> पहिलो हिमालको प्रकाशन पछि हाम्रा सामु धेरै साना-ठूला परिवर्तनहरू भएका छन् । पत्रकारिता क्षेत्रले अपूर्व स्वतन्त्रता अनुभव गरेको छ र यसका सामु असिमीत सम्भावनाका ढोका खुलेका छन् । मुलुकको दिगो विकास, उदार राजनीति, जनमुखी अर्थतन्त्र, न्यायपूर्ण समाज सबैका लागि पत्रकारिता मार्फत काम गर्न सकिने वातावरण बनेको छ । अब हामीले आफ्नो वारेमा अरुले अर्कै भाषामा लेखेको लेखहरूको अनुवाद मात्र पढेर चित्त बुझाउनु पर्ने स्थिति छैन ।[186]

प्रजातान्त्रिक वातावरणमा यसरी हिमालले सयमसापेक्ष बन्ने प्रण गरेको देखिन्छ । यसमा दैनन्दिन घट्ने राजनीतिक घटनाई भन्दा पनि दुरगामी प्रभावका राष्ट्रिय राजनीतिको एजेण्डाहरूलाई गम्भिरताका साथ उठाएको पाइन्छ ।

नेपालको जातीय संरचना र संरचागत बाहुनवादी बाहुल्यताको विरोधमा उठीरहेको बाहुनइतर नेपाली जातजातिको आवजलाई विवेचना गरिएको छ ।

... तर गणेशमान सिंह, गजेन्द्रनारायण सिंह, गोपाल गुरुङ्ग, सीताराम तामाङ, सुरेश आले, एम.एस. थापा, पद्मरत्न तुलाधर जस्ता राजनीतिक व्यक्तिहरूद्वारा अभिव्यक्त ति गुनासाहरू संगठित राजनीतिक आन्दोलनमा परीणत भएर त्यस आन्दोलनले ससक्त रूप लिएको खण्डमा नेपालको स्वरूप अर्कै हुनेछ । त्यो एउटा राष्ट्रिय आत्मघात वा 'हाराकिरी'

---

[185] ***ऐजन***, ३ चैत्र २०५१ ।

[186] भारतदत्त कोइराला, "हिमालको दोश्रो चरण", ***हिमाल*** खबरपत्रिका, अङ्क ४, (ललितपुर : हिमाल मिडिया प्रा.लि., २०५०), पृ. क ।

हुनेछ र नेपाल उत्तर श्रीलंका बन्न पुग्नेछ । माथि उल्लेखित नेताहरूबाट बेलाबखत गरीने हुँकारलाई जातीय प्रेसरकुकरवाट निस्कीने सीटिको आवाज भने हुन्छ[187] भनिएको छ ।

विगत चार बर्षमा वार्षिक तथा त्रैमासिक हिमालका अङ्कहरालाई नियालेर हेरेको खण्डमा हिमालले पऱ्याप्त राजनीतिका कुार गरेको पाउँदछौं । राजनीतिक पार्टीहरूको निरन्तर गिर्दो स्थिति र तिनका फोहोरी खेलका बयान र चर्चालाई मात्र राजनीति ठान्ने हो भने कुरा अर्के हो । नत्र भने विदेसी रकमवाट प्रभावित विकासे नीति देखि लिएर जातीय अन्तर सम्बन्धका जटिलता, छिमेकी मुलुकहरू बुभ्नु पर्ने आवश्यकता, आधुनिक्ताले निम्त्याएका सामाजिक साँस्कृतिक विश्रृङखलता र जलश्रोतको उपयोग पछाडीका वास्तविक्ता जस्ता विषयको विश्लेषण गरेर हामीले राष्ट्रका चुनौतीहरूलाई अघिल्तिर ल्याउँने चेष्टा गरेका छौं । गहिरीएर हेर्ने हो भने यी सवै विषयवस्तु वास्तवमा राष्ट्रका बृहत्तर राजनीतिक एजेण्डाहरू नै हुन् ।[188] हिमाललाई कतिपय विश्लेषक र पाठकले गैर राजनीतिक पत्रिका हो भन्ने भनाईलाई स्वयम् सम्पादक कनकमणि दीक्षितले त्यसरी खण्डन गर्दै हिमाल खाँटी राजनीतिक पत्रिका हो भनेको पाइन्छ ।

कान्तिपुर दैनिक प्रकाशन सुरु भएपछि नेपालको छापा स्वतन्त्र र व्यवसायिकताले सूरु भएको भनिन्छ । राजनीतिको प्रभाव छैन भनिन्छ । यसमा प्रकासित समाचारलाई हेरौं ।

भूमिसुधार गर्न नपाएकोमा मंत्री जगन्नाथ आचार्यद्वारा राजिनामा[189] शीर्षक दिएर नेपाली काँग्रेस भित्रको किचलो कै कारण भूमिसूधार मंत्री आचार्यले राजीनामा दिनु परेको हो भनिएको छ ।

“राजनीतिमा पनि बुद्धका उपदेश लागु गर्न आवश्यक”, “घृणित राजनीतिक खेलको शिकार” बैदान सडक[190] शीर्षकको समाचारमा क्रमश: २५३७ औं बुद्ध जयन्तीको अवसरमा प्रधानमंत्री कोईरालाले दिएको सन्देसलाई प्राथमिक्ता दिइएको छ । दोश्रो शीर्षकको समाचारमा विकास निर्माणको लागि पनि राजनीति सहयोगी होइन घृणित खेल हो भनिएको छ । पोखराको बैदाम देखि पामे सम्मको सडक काँग्रेसी आपसी विवाद र फुटकै कारण हुन नसकेको निश्कर्ष पत्रकार रमेश अधिकारीको रहेको देखिन्छ । *देश बिकासकार्य वाधा विरोधले नरोकिने*[191] शीर्षकमा रा.स.स.को समाचारलाई प्राथमिक्ता दिइएको छ । प्रधानमंत्री

[187] कमलप्रकाश मल्ल, “बाहुनवाद कल्पना वा यथार्थ ?”, ***ऐजन***, २०५०, अङ्क ४, पृ. ३८ ।

[188] कनकमणि दीक्षित, “उकालो लाग्दा”, ***ऐजन***, २०५२, अङ्क ८, पृ. २ ।

[189] ***कान्तिपुर*** दैनिक, १४ वैशाख २०५० ।

[190] ***ऐजन***, २४ वैशाख २०५० ।

[191] ***ऐजन***, १९ वैशाख २०५० ।

कोइरालाले १०४ औं मे दिवसको अवसरमा विराटनगरमा मजदुरको सभाको संबोधन भावणालाई छापिएको छ ।

"राजदम्पतिवाट भारतको राजकीय भ्रमण सम्पन्न"[192] शीर्षकको मुख्यसमाचारमा राजपरिवारवाट सम्पन्न साताव्यापी भ्रमणको समाचार छापिएको छ । प्रधानमन्त्री कोइरालाले त्रिभूवन अन्तराष्ट्रिय विमान स्थलमा स्वागत गर्दै गरेको फोटो र बक्समा राजाबाट देशवासीको नाममा बक्सेको सम्वोधनको पूर्ण विवरण छापेको पाइन्छ ।

"नेकाको वैठक"[193] शीर्षकको सम्पाकीय लेखमा सत्तासिन दल नेपाली काङ्ग्रेस चालु वैठकको बारेमा राजनीतिक विवेचना गरिएको छु । खासगरी सर्वोच्च नेता गणेशमान सिंह, सभापति भट्टराई र प्रधनमन्त्री कोइराला विचको विवादलाई केलाउदै आसन्न उपचुनावमा पार्टी सभापति भट्टराईलाई उमेदवार बनाइनु पर्ने भनेको पाइन्छ ।

"एमालेको धम्की"[194] शीर्षकको सम्पादकीय लेखमा भनिएको छ- "एमालेले पटक पटक धम्की दिएर सडकमा नउत्रीएको पनि होइन । तर, जव आन्दोलनले गती लिन थाल्यो सरकार सत्तारुढ दलसँग सम्झौता गरेर अन्त्यमा सम्झौता गर्ने गरेको छ ।"

"भट्टराई उपचुनाव लड्नु हुने", भावी प्रधानमन्त्री अप्रत्यक्ष चयन[195] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा आसन्न उपचुनावमा कृष्णप्रसाद भट्टराई उमेदवार बन्ने र भट्टराईलाई भावी प्रधानमन्त्रीको रूपमा विपक्षी दलले समेत स्वीकारेको भनिएको छ । तर, काठमाडौं र झापाको दुई खाली निर्वाचन बाहेक काङ्ग्रेसले जीतेको ११२ मध्ये कुनै एक खाली गराएर भट्टराईले चुनाव लडे एमाले आफै चुनाव प्रचारमा जाने भन्ने विपक्षी नेता मनमोहन अधिकारीको भनाईलाई प्रमुखताका साथ छापेको पाइन्छ ।

"सबै पार्टी विजयी हुने दावी गर्छन"[196] शीर्षकको समाचारमा झापा निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनको गतिविधिलाई समेटीएको छ । "जित्ने दावी सवैले गरे पनि जित चाहि काङ्ग्रेस उमेदवार कृष्णप्रसाद सिटौलाको निश्चित छ" भन्ने निश्कर्ष निकालेको देखिन्छ । "मंसिर २२ एमालेको महत्वपूर्ण बैठक"[197] शीर्षकको समाचारमा झापा क्षेत्र नं. १ को उपनिर्वाचन, सीपि मैनाली माथि चलाइएको कार्वाही लगायतको विषयमा छलफल हुने आदी कारण एमालेको उक्त वैठकलाई महत्वपूर्ण ठानिएको देखिन्छ । "एमाले र अमात्य समूह बिच

---

[192] ***ऐजन***, २१ वैशाख २०५० ।

[193] ***ऐजन***, २१ कार्तिक २०५० ।

[194] ***ऐजन***, १९ कार्तिक २०५० ।

[195] ***ऐजन***, ४ मंसिर २०५० ।

[196] ***ऐजन***, ८ मंसिर २०५० ।

[197] ***ऐजन***, १४ मंसिर २०५० ।

एकीकरण"[198] शीर्षकको समाचारमा ने.क.पा. एमाले र ने.क.पा. (अमात्य) बिच एकिकरण भएको विषयलाई प्रमुखताका साथ छापेको देखिन्छ ।

"प्रमले विस्वासको मत लिनु पर्ने विचार"[199] शीर्षकको प्रथम पृष्ठको समाचारमा नेपाली काङ्ग्रेस भित्रकै ३६ जना सांसदले आफ्नो प्रधानमन्त्रीप्रति विश्वास नभएकाले विश्वासको मत लिनु पर्ने भनाईलाई प्राथमिक्ताकासाथ समाचार बनाईएको छ ।

"नेपाली काङ्ग्रेसमा डेढ हजारको प्रवेश"[200] शीर्षको समाचारमा राप्रपा लगायत अन्यपार्टी परित्याग गरेर प्रधानमन्त्री कोइरालाको उपस्थितिमा त्यतिका कार्यकर्ता नेपाली काङ्ग्रेस पार्टी प्रवेश गरेको कुरा छापिएको देखिन्छ ।

"एमाले महासचिवको जीप दुर्घटनाग्रस्त"[201] शीर्षकको ब्यानर न्यूजमा एमाले महासचिव मदन भण्डारीको दासढुँगामा भएको दुर्घटनाको वारेमा विस्तृत विवरण छापेको छ । यो घटनाको सर्वाधिक चर्चा र आशङका राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा भएको थियो ।

"काङ्ग्रेसी विवाद टुङ्गो लाउने जिम्मा पार्टी अध्यक्षलाई, भारतीय प्रहरी हस्तक्षेपको विरोध"[202] दुई छुट्टा छुट्टै शीर्षकका समाचारलाई प्रथम पृष्ठमा छापेको छ । नेपाली काङ्ग्रेस पार्टीको विवादलाई कान्तिपुरले निरन्तरता दिएको देखिन्छ । २०५० साल चैत्र १४ गते भारतीय प्रहरीले काठमाडौंको नयाँ बानेश्वरमा आएर नेपाली सर्वसाधारणको घरमा खानतलासी गरेको घटनालाई विद्यार्थीहरूले चलाएको विरोधलाई प्राथमिक्ता साथ समाचार छापेको छ । यस्तै आपसी भीडन्तमा हज्जारौ काङ्ग्रेस कार्यकर्ता शीर्षक दिएर यस अङ्कमा अर्को समाचार छापेको देखिन्छ ।

"वि.पी.को ग्राम चिन्तन र एमालेको गाउँले कार्यक्रम"[203] शीर्षकको डा. हरिप्रसाद शर्माको दृष्टिकोण लेख छापिएको छ । *"अहिले सायद वि.पी.को प्रतिवद्धता अनुरूप काङ्ग्रेसले अलि मन्द गतिमा काम गरेको महसुस गरेर होला अल्पमतको महत्वकांक्षी एमालेको सरकार छिट्टै काम गर्न आफ्नो गाउँ आफै बनाउँ नामक गाउँफर्के कार्यक्रम बडो जोरतोडकासाथ प्रचारमा ल्याएको छ"* भनिएको छ ।

---

198 ***ऐजन***, २९ मंसिर २०५० ।

199 ***ऐजन***, १ चैत्र २०५० ।

200 ***ऐजन***, ११ जेठ २०५० ।

201 ***ऐजन***, १३ पुस २०५० ।

202 ***ऐजन***, १९ पुस २०५० ।

203 हरिप्रसाद अधिकारी, "विपिको ग्राम चिन्तन र एमालेको गाउँले कार्यक्रम", ***कान्तिपुर*** दैनिक, ८ चैत्र २०५१ ।

यसरी कान्तिपुर दैनिकले राजनीतिक समाचारको अतिरिक्त विभिन्न राजनीतिक लेख रचनाहरूलाई समेत समय सन्दर्भमा स्थान दिदै आएको पाइन्छ । विकास निर्माण र आधार भूत जनस्तरको समाचारको तुलनामा माथिल्लो वर्ग र राजनेताहरूको भाषण वक्तब्य र सार्वजनिक समारोहका गतिविधिलाई पर्याप्त स्थान दिएको देखिन्छ । डेनमार्कमा सम्पन्न सामाजिक न्यायका लागि विश्व सम्मेलनमा कम विकसित र भूपरिवेष्ठित राष्ट्रहरूको समस्या राख्न आफू सफल भएको र भेटका अवसरमा यूरोपेली नेताहरूले नेपालमा एमालेको काम हेर्न उत्सुक भएको जानकारीले समाचारमा मुख्य स्थान पाएको देखिन्छ । साथै सम्मेलन सकेर स्वदेस फिरेको अवसरमा बिमानस्थलमा खिचेको फोटोलाई समेत प्रथम पृष्ठमा छापिएको छ । *"सरकारको आयु आगामी बजेटमा निर्भर"*[204] शीर्षक दिएर पहिलो पेजमा छापिएको समाचारमा अल्पमतको एमाले सरकारलाई आफ्नो इच्छानुरूपको बजेट नल्याए अस्वीकार गर्ने र सरकारबाट हटाउँने भन्ने कृष्णप्रसाद भट्टराईको सार्वजनिक भनाइलाई छापेको छ । सरकारको घाँटीमा नेपाली काङ्ग्रेसले पासो लगाएको छ । तसर्थ जुन वेला पनि खुट्टा छोडेमा फाँसी लाग्न सक्छ' भन्ने भट्टराइको भनाई राखिएको छ ।

यस्तै "प्रधानमन्त्री अधिकारीको भारत भ्रमण तैयारी", "जनआन्दोलनका कमाण्डरको सम्मान" शीर्षकमा प्रथम पृष्ठमा राजनीतिक समाचारलाई स्थान दिएको पाइन्छ । एमाले सरकारको काम हेर्न यूरोप उत्सुक[205] शीर्षकको मुख्य समाचार प्रधानमन्त्री मनमोहन अधिकारीको भनाईलाई नै समाचारको मूख्य स्रोत बनाइएको छ ।

"राप्रपा विभाजनको संघारमा"[206] शीर्षक दिएर राष्ट्रियप्रजातन्त्र पार्टीको विवादलाई मुख्य समाचार बनाएको छ । प्रजातन्त्र पार्टीभित्रको सुर्यवहादुर थापा र लोकेन्द्रबहादुर चन्दबिचको शक्तिसंघर्ष र मनमुटाव नै पार्टी विभाजनको कारण हुन सक्ने विश्लेषण सहितको समाचार छापिएको छ ।

यस्तै "सत्तापक्ष र प्रतिपक्ष दुवैले आफ्नो गल्ती स्वीकार्नु पर्छः" अधिकारी, "राजनीतिक दलहरूलाई कानून भन्दा सत्ता प्यारो" शीर्षकका समाचारले पहिलो पृष्ठमा स्थान पाएको देखिन्छ ।

यसै कान्तिपुर, चैत २७ अङ्कमा डा. बाबुराम भट्टराईको लेख दृष्टिकोण पेजमा छापिएको छ । फागुन १८ गतेको अङ्कमा पत्रकार हरि अधिकारीले माओवादीलाई लगाएको आरोपको

---

[204] ***ऐजन***, २० चैत्र २०५१ ।

[205] ***ऐजन***, ५ चैत्र २०५१ ।

[206] ***ऐजन***, २ चैत्र २०५१ ।

खण्डन गर्दै आफ्ना तर्कहरू अघि सारेका छन् भट्टराइले । र, आफ्ना तर्कहरूको उचित जवाफ दिन चुनौती समेत अधिकारीलाई दिएको देखिन्छ ।

संपादकीय लेखमा सांसद सुविधाको विषयमा संसदले गरेको विर्णयलाई पञ्चायती सैलीको नक्कल भनिएको छ । यस्तो निर्णयले प्रजातन्त्र र देशको हित नहुने सल्लाह दिइएको पाइन्छ । भनिएको छ । "गाडी सुविधा दिएर फेरि पनि राजनीतिज्ञहरूको चरिच विगार्ने काम भएको पछुतो नेपालीलाई नहोस्, अहिलेलाई यही कामना गर्न सकिन्छ ।"[207]

"अविस्वास प्रस्तावको पक्षमा मत जुटाउन एमाले नेताहरू ब्यस्त" [208] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेस राप्रपा र सदभावना पार्टीको गठबन्धन सरकारलाई हटाउँन एमालेले संसदमा पेस गर्ने अविस्वास प्रस्तावको विषयमा लेखिएको पाइन्छ । यस्तो मानवअधिकार वादीहरू गिरफ्तार, माग पुरा नभए मन्त्रीपद छोड्न शीर्षकमा अन्य समाचारले पहिलो पृष्ठमा स्थान पाएको छ । यहाँ गैरराजनीतिक विषयका एउटै पनि समाचारले स्थान पाएको भेटिदैन । *"जन आन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंह अभिनन्दित"* [209] शीर्षक दिएर कान्तिपुरले प्रथम पृष्ठमा ब्यानर न्यूज बनाएको छ । समचारमा गणेशमान सिंहको राजनीतिक जीवनीसमेत उल्लेख गरिएको छ । साथै बसन्तपुर स्क्वाएरमा आयोजित अभिनन्दन समारोहको फोटो छापिएको छ ।

यस्तै अन्य समाचार शीर्षकमा "माओवादीद्वारा आक्रमण, राप्रपा केन्द्रीय परिषद बैठकको तिथि तोक्न कार्यदल" आदि रहेका छन् । यो अङ्कवाट कान्तिपुरले भूमिगत ने.क.पा. माओवादीको गतिविधिलाई स्थान दिन थालेको देखिन्छ । सरकारद्वारा प्रतिवन्धित विद्रोही शक्ति प्रति आकर्षित हुन थालेको देखिन्छ ।

**गोरखापत्र** नेपाली छापाको जेठो इतिहास हो । १९५८ जेष्ठ ३ गतेबाट प्रकाशन सुरु भएको गोरखापत्र सरकारी छापा हो । सुधारवादी श्री ३ देवशमशेरको निर्देशनमा प्रकाशित गोरखापत्र जन्मकालदेखि वर्तमानसम्म सरकारी स्वामित्वमा रहेको छ । यसले सरकारको गतिविधिलाई प्रकाशन गर्छ । २०४६ को परिवर्तन यता आएर २०५० र २०६० बिचको अवधिमा नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेको एकल सरकार बन्यो । राप्रपा, सदभावना सहितको संयुक्त सरकार पनि बन्यो ।

---

[207] ***ऐजन***, ।

[208] ***ऐजन***, ४ पुस २०५२ ।

[209] ***कान्तिपुर*** दैनिक, २७ चैत्र २०५२ ।

सरकारी छापा भएको कारण जुन राजनीतिक पार्टीको सरकार बन्यो त्यहि पार्टीको सञ्चारनीति विचार कार्यक्रमको आधारमा गोरखापत्र सञ्चालित भएको देखिन्छ । पार्टीको सरकारले गरेका राजकीय, सरकारी कामकार्वाही र विकास निर्माणका गतिविधिलाई प्राथमिक्तामा राखेर मन्त्री र नेताको राजनीतिक भाषणले प्रमुखता पाएको देखिन्छ । पहिलो प्राथमिकता प्रधानमन्त्री, मन्त्रीको भाषण, दोश्रोमा सत्तारुढ राजनीतिक दलका नेताको भाषण र तेश्रो प्राथमिक्तामा विपक्षीदलको कुरा समावेश गरेको देखिन्छ ।

काङ्ग्रेस सत्तारुढ हुँदा, गोरखापत्र काङ्ग्रेसीकरण भएको, एमाले सत्तारुढ हुँदा एमालेकरण गरेको र संयुक्त सरकार हुँदा तिनको पहुँचको आधारमा सामुहिकीकरण गरिएको भनाई जनस्तरवाट आएको पाइन्छ ।

गोरखापत्र सरकारी प्रेस भएकाले सरकारको नीति, कार्यक्रम र सिद्धान्त इतरको समाचार लेख्ने कुरामा विवाद गर्न आवस्यक देखिदैन र किन कसरी ? भन्ने प्रश्नको प्रमाण खोज्नु पनि आवश्यक छैन । नेपाली छापाको जेठो प्रमाण भएकाले प्रमाणलाई यस अध्ययनको लागि साक्षी किनारामा मात्र राखिएको हो । यसलाई ठीक त्यसै अर्थमा मात्र बुझिएको छ ।

**देउराली** साप्ताहिक गाउँले समाचारपत्रिका विनयकुमार कसजुको सम्पादनमा पाल्पाबाट २०५१ सालदेखि प्रकाशन हुँदै आएको ग्रामीण पत्रिका हो । गाउँले समाचार पत्रिका नाम दिएर समाचारको स्वरूप र क्षेत्र पनि ग्रामीणमुखी नै बनाएको देखिन्छ । ग्रामीण या विकास पत्रिकामा राजनीतिक प्रभावको मात्रा कस्तो र कति पर्छ ? भन्ने विषयमा अध्ययन गरिएको छ ।

> ... तपाईंलाई थाहै छ कि देउराली गएको पुस ७ गतेदेखि पन्ध्र-पन्ध्र दिन विराएर परिक्षणको रूपमा निस्कीरहेको थियो । ४ महिना जतिमा हामीले नौवटा अङ्क निकाल्यौं । एकैचोटी नियमित अङ्क ननिकालिकन किन परिक्षण अङ्क निकाल्नु पर्‍यो भन्ने तपाईंलाई खुल्दुली लाग्ला हामीकहाँ यसरी परिक्षण अर्थात् पाठकहरूको इच्छा आकांक्षा जाँचेर बुझेर पत्रिका निकाल्ने चलन छैन । सम्पादक प्रकाशकलाई जे कुरा छाप्न मन छ वा पाठकले के कुरा रुचाउला भनेर अड्कल गरेर समाचार लेखहरू छाप्ने चलन छ । तर देउरालीको विचार र बाटो बेग्लै छ । देउराली पूर्ण रूपले गाउँले जनताहरूको रुचीअनुसार चल्ने र गाउँले जीवनलाई उकास्न सपार्न के गर्नु वेस होला भनी छलफल गर्ने र गाउँलेकै समाचार छाप्ने अखवार हो ।[210]

यसरी देउरालीको लक्ष र बाटोको विषयमा किटान भएको देखिन्छ । यस पत्रिका प्रकाशनमा ग्रामीण विकास पाल्पाले सहयोग पुर्‍याएको देखिन्छ । यो पत्रिका जम्मा १६ पृष्ठमा

---

210 ***देउराली*** साप्ताहिक, गाउँले समाचार पत्रिका, १४ वैशाख २०५१, पृ. २ ।

म्यागेजिन आकारमा छापिएको देखिन्छ । यस अङ्कमा छापिएका अन्य समाचार शीर्षकहरूमा “माटाका भाँडा बनाउनेहरू खिन्न छन्”, “बाखा लामकाने नै जाति लाग्यो, अब ऋण काढेर मादल बनाउदिन, एड्स रोग भनेको के हो ?” आदि रहेको देखिन्छ । यस्तै १४ पृष्ठमा नानीहरूका लागि चित्रकथा समेत छापिएको पाइन्छ । आवरण तस्वीरमा ढाकर बोक्दै जीवन धान्ने दिदी (महिला) को फोटो छापिएको छ ।

शंकरनगरमा केरा क्रान्ति, मदनपोखरा विदेशीहरू के भन्छन् ?, एक हजार ऋणबाट ५० हजार फाइदा, श्रमिक दिवस मनाइयो, श्रमदानबाट भवन निर्माण र उद्घाटन, स्कूल बनाउन गाउँलेहरूको मेहनत[211] शीर्षकमा समाचार लेखिएको पाइन्छ । आवरण चित्रमा देउरालीको विमोचन कार्यक्रमको फोटो छापिएको छ । यस अङ्कमा सवै समाचारहरू गैरराजनीतिक प्रकृत्तिको देखिन्छ ।

विगत अङ्कमा जस्तै बालबालिकाको लागि चित्रकथालाई महत्व दिएर छापेको देखिन्छ । देउरालीमा छापिएका सवै फोटो ग्रामीण क्षेत्रका जनता र जनताले बनाएको विकास योजनासँग सम्बन्धित रहेको देखिन्छ ।

*“परिश्रमको फल मीठो हुन्छ, गेडागुडीले बालिनाली पनि सप्रिन्छ, वरपीपलको विहे र सत्यनारायणको पूजा, नेपालमा बढ्दो एड्सको खतरा, केही वर्षको मिहिनेतले आम्दानी हुने फलफुल खेती”* [212] आदिलाई समाचार शीर्षक दिएर समाचार छापेको देखिन्छ ।

यस अङ्कको आवरण तस्वीरमा पाल्पा आर्ट ग्यालेरी तानसेनको सौजन्य फोटो छापेको देखिन्छ । रित्तो गाग्री च्यापेर कुवामा पानी भर्न जान लागेको एक बालिकाको फोटो बनाइएको छ । चित्रले गाउँमा खाने पानीको ठूलो समस्या छ भन्ने तथ्य दर्साएको छ ।

*“तरकारी खेतीबाट चम्किएको तारा, बाखा र मान्छेको एउटै पँधेरा, हिजोको लेप्चे लगाउने हातमा आज कलम”* [213] शीर्षक समाचार छापिएको छ । छापिएका सवै समाचार ग्रामीण जनजीवनसँग सम्बन्धित रहेको देखिन्छ ।

*छोरी भएर जन्मेपछि माइतीघरमा बस्नु हुन्न भनेर जहिले पनि विहेवारीकै कुरा गर्छन्* मनको गुनासा पोख्दै २१ वर्षे संझना कुमाल भन्छिन्- *हामी पनि पढ्ने लेख्ने मौका पाए पछि समाजको लागि केही गर्न सक्छौं ।* भनी समाचारको लिड बनाएको देखिन्छ । यसरी देउराली साप्ताहिकमा मुख्य समाचार विकास निर्माणसँग सम्बन्धित र गाउँले जनताको कथा र उपलब्धिलाई नै समाचारको मुख्य विषय बनाएको देखिन्छ ।

---

[211] ***ऐजन,*** २१ वैशाख २०५१, पृ. १, ३, ८ र १५ ।

[212] ***ऐजन,*** २८ वैशाख २०५१, पृ. ३, ५, ६, ८ र ११ ।

[213] ***ऐजन,*** ४ जेठ २०५१, पृ. १, ३, ४, र ९ ।

*"मसारका महिलाहरू पटुकामा कापी-कलम लिएर हिड्न थाले, महङ्गो भयो नभनौं आफै उब्जाऔं, विधवाको व्यथा"* [214] आदि समाचार शीर्षक दिएर मुख्य समाचार लेखेको देखिन्छ । यस अङ्कको सम्पादकीय लेखमा "स्वास्नी कुट्ने र कुटीनेहरू" शीर्षक दिएर समाजमा हुने कुरीति र कुलतको विषयमा विवेचना गरेको पाइन्छ । अर्थात् राजनीतिक विषयमा सम्पादकीय लेखले महत्व दिएको भेटिँदैन ।

> नमस्ते ! सन्चै छ ? हिज आज गाउँतिर घर घरै वा मेला पातमा जाँदा पनि चुनाउको चर्चा चल्न थालेको छ । २०४८ सालमा प्रतिनिधि सभाको लागि तपाई हामीले भोट हालेका थियौं त्यतिबेला पाँच वर्षका लागि भनेर चुनाउ भएको थियो । तर, तीन वर्षमै चुनाउ आयो । चुनिएर गएका सरकार चलाउनेहरूले ठीकसँग काम नगरेको हुनाले म्याद नपुग्दै फेरि अर्को चुनाउ आएको हो । ... अव हाम्रो देशको प्रजातन्त्र हाम्रो हातमा छ । कस्तो सरकार बनाउने भन्ने कुरा माथि बडो महत्वपूर्ण जिम्मा हाम्रो काँधमा आएको छ । [215] भनिएको छ ।

यसरी नजिकिँदै गएको २०५१ सालको मध्यावधि चुनाउको विषयमा बडो तटस्थ बनेर सम्पादकीय लेखेको देखिन्छ ।

*"केश फुले पनि जाँगर चलेकै छ, बहादुरपुर गा.वि.स.को सल्लाहकार सभा बस्यो, झोला बुनाई तालिम"* [216] शीर्षकमा समाचार छापिएको छ ।

आवरण तस्वीरको रूपमा एकजना बालक राष्ट्रिय पोशाक लगाएर नेपालको राष्ट्रिय झण्डा फहराउँदै गरेको फोटो छापिएको छ । तिलकुमारी सारुले घरेलु तानबाट उत्पादन गरेको झोलाको माग बढेको विषयलाई सारुको फोटो सहित मुख्य समाचार छापेको देखिन्छ ।

देउरालीको २४ फागुन २०५१ को अङ्कमा भने बहादुरपुर गा.वि.स.को तेस्रो सल्लाहकार समितिको सभा बसेको विषयको समाचार छापिएको छ । यो समाचार राजनीतिक प्रकृतिको भए पनि कुनै एक पार्टी विशेषको भने देखिँदैन ।

"एक विघा जग्गाबाट सत्तरी हजार फाइदा" [217] मुख्य शीर्षक दिएर प्रमुख समाचार छापेको देखिन्छ । पाल्पा भीरगाउँ निवासी मेवा किसान देवकान्त पाण्डेले एक विघा जमिनमा लगाएको मेवाबाट वार्षिक सत्तरी हजार फाईदा गरेको भन्ने विषयलाई समाचारले उल्लेख गरेको देखिन्छ । यस्तै रमाईलो वातावरणमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो, भाले काटेर विद्यालय बनाउन थालियो शीर्षक दिएर क्रमशः उर्मिला घिमिरे र भोजराज गैरेको

---

[214] ***ऐजन***, २५ जेठ २०५१, पृ. ४, ८ र १० ।

[215] ***ऐजन***, २९ भदौं २०५१, पृ. २ ।

[216] ***ऐजन***, २४ फागुन २०५१, पृ. ३, ७ ।

[217] ***ऐजन***, १५ चैत्र २०५१, पृ. १, ३ ।

वाइलाइन समाचार छापिएको छ । अन्य समाचारहरू पनि ग्रामीण क्षेत्रका समाचारहरूले नै प्राथमिकता पाएको देखिन्छ ।

यसरी देउराली साप्ताहिकले यो वर्ष राजनीतिक विषयका समाचारलाई खासै प्राथमिकता दिएको पाईदैन ।

"आफूलाई चाहिने बिउ आफै जोगाऔं, पश्चिमाञ्चल ग्रामीण विकास बैंक खुल्यो, खानेपानी योजना बन्दैछ" [218] छुट्टाछुट्टै शीर्षकका समाचार छापिएको छ । गाउँमा चाहिने विउ विजन आफैले जोगाउँनु पर्ने जागरण जनतामा भर्ने प्रयास भएको देखिन्छ । आवरण फोटोमा गाउँले वृद्ध महिलाले तमाखु (सुर्ती) तान्दै गरेको फोटो छापिएको छ भने "यो बुढेसकालमा पनि अम्मलले छोडेन" क्याप्सन लेखिएको छ । "जप्कादेवीमा खानेपानीको समस्या, सोमहरको वडा नं. ७ का जनताद्वारा विरोध, सर्पले टोक्यो" [219] शीर्षक दिएर समाचार छापेको देखिन्छ । आफ्नो गाउँमा आफैले बनाएको बाटोलाई मान्यता नदिएको विषयमा जनताको विरोध, जप्कादेवी गाउँमा खानेपानी समस्या र गाउँलेलाई सर्पले टोके पनि उपचार पाए पछि स्वास्थ्य ठीक भएको विषयलाई समाचारले प्रमुखताकासाथ उठाएको देखिन्छ । यस पत्रिकामा छापिएका सवै फोटो ग्रामीण जनजीवन र विकास निर्माणसँग सम्बन्धित रहेको देखिन्छ ।

"हिम्मतिली दिलमायाँ आफ्नै खुट्टामा उभिइन्" [220] शीर्षकमा विवि रन्जनको वाइलाइन् समाचार छापिएको छ । यो स्टोरीलाई फलोअप समाचारको रूपमा छापिएको छ । दिलमायाँको तानबाट बन्ने स्तरीय झोलाको विषयमा अघिल्लो वर्ष पनि समाचार लेखिएको पाइन्छ । यस्तै तानसेन नगरपालिकाको तेस्रो सल्लाहकार सभा सकियो, लालपूर्जा बाँडियो शीर्षक दिएर अन्य समाचार छापिएको देखिन्छ । समाचारको अतिरिक्त 'देउरालीलाई पाती' स्तम्भमा पाठकका प्रतिकृया र नानीहरूका लागि चित्रकथालाई निरन्तरता दिएको पाइन्छ ।

"बाँच्ने अधिकार दिलाउँन जुलुस" [221] शीर्षक दिएर मुख्य समाचार छापेको देखिन्छ । समाचारमा उपेन्द्र नेपाल र बाला भट्टराईबीच शारीरिक सम्पर्कबाट जन्मिएको बच्चा जिम्मा लगाउँन र बाला र नानीको बाँच्न पाउँने अधिकारको सुनिश्चित गराउँन महिला तथा पुरुषले निकालेको अधिकार जुलुसको समाचारलाई यस अङ्कमा प्रमुख समाचार छापिएको देखिन्छ । समाचारको साथै जुलुसको फोटो समेत महत्वकासाथ छापिएको छ ।

---

[218] ***ऐजन***, ५ जेठ २०५२, पृ. १, ५ ।

[219] ***ऐजन***, २६ जेठ २०५२, पृ. १, २ र १२ ।

[220] ***ऐजन***, २६ साउन २०५२, पृ. १, ७ र १६ ।

[221] ***ऐजन***, ७ पुस २०५२, पृ. १, ७ ।

"पशुपतिको यात्रा सिद्राको व्यापार, प्रतिभा समूहको चुनाव भयो" आदि अन्य समाचार शीर्षक हुन् । यसमा शीर्षक अनुसारको समाचार छापिएका छन् । यस अङ्कदेखि देउरालीले आफ्नो माष्टरहेडमा केही परिवर्तन गरेको देखिन्छ ।

"श्रीनगर यसरी नांगिदैछ" [222] शीर्षकमा व्यानर न्यूज छापिएको छ । समाचारको साथमा पाल्पाको श्रीनगरबाट दाउरा ओसार्दै गरेको दाउरेको फोटो पनि महत्वकासाथ छापिएको देखिन्छ ।

> तानसेनका धेरैजसो साना होटल/भट्टीहरूले श्रीनगरबाट काटेर ओसारीने दाउराबाट आफ्नो व्यवसाय चलाएका छन् । खासगरी गैरागाउँ, भुषालडाडा, मेहलधरा, कैलाशनगर र भगवती टोलका भट्टी-चिया पसलहरूमा सस्तोमा चिया अर्नी ख्वाउँने मुख्य आधारनै श्रीनगरमा सित्तैमा पाइने दाउरा भएको छ भनि समाचारको लिड बनाएको देखिन्छ ।

यस्तै "मिशन अस्पतालको महिमा जति गाए पनि थोरै हुन्छ", सुनवलमा चि.से. खुल्यो, "मोटरबाटो खनिदैछ" शीर्षक दिएर अन्य समाचार छापिएका छन् । देउराली साप्ताहिकले यस वर्ष पनि समाचारको मुख्य विषय ग्रामीण विकासलाई नै बनाएको देखिन्छ । राजनीतिसँग सम्बन्धित समाचारले यस वर्ष पनि स्थान पाएको देखिदैन । राजनीतिक प्रभाव खासै पत्रिकामा परेको देखिदैन ।

देउराली साप्ताहिकको १०० औं अङ्कको समीक्षा प्रत्क्षुष वन्तले गर्नुभएको छ । वन्तका अनुसार-

> समाचार खण्ड बाहेक देउरालीमा मुलतः चार प्रकारका विषयहरूलाई विशेष स्थान दिइएको देखिन्छ । पहिलो विषय हो स्वास्थ्य । ... 'देउराली' मा प्राथमिकता पाएको दोस्रो विषयमा विकास सम्बन्धी समाचारहरू पर्दछन् । ... 'देउराली' मा स्थान दिइएको तेस्रो विषय चाहिँ ग्रामीण परिवेशमा विभिन्न व्यवसाय अपनाएर जिविका चलाउँन सफल रहेका व्यक्तिहरूको जीवन र काम बारेको चर्चा हो । ... 'देउराली' मा स्थान दिइएको चौथो र सबभन्दा प्रवल पक्ष महिला विषयका तथा हाम्रो जस्तो पितृसतात्मक सामाजिक संरचनामा पुरुष र महिलाको वर्तमान सम्बन्धलाई सुधार गर्न तम्सिएका व्यक्ति तथा संस्थाहरूबारे समाचार हुन् । ... पार्टीगत् राजनीतिक पत्रकारिताको प्रभुत्व रहेको हाम्रो जस्तो देशमा 'देउराली' जस्तो गाउँले समाचार पत्रिकाको आवश्यकता धेरै छ[223] भनिएको छ ।

---

[222] ***ऐजन***, १८ पुस २०५२, पृ. १, ८ ।

[223] प्रत्युष वन्त, *देउरालीको १०० औं अङ्क*, ***हिमाल*** खवरपत्रिका, (ललितपुर : हिमाल मिडिया प्रा.लि., वैशाख-जेष्ठ २०५३), पृ. २५-२६ ।

वन्तको भनाईबाट पनि नेपालको छापा राजनीतिक प्रभावबाट मुक्त हुन सकेको देखिदैन भने देउराली साप्ताहिक यसको एउटा अपवाद हो भन्ने प्रष्टिन्छ ।

यसरी यस अवधीमा प्रकाशित छापाको समाचारलाई विश्लेषण गर्दा राजनीतिक प्रभावबाट मुक्त हुन सकेको छैन । राजनीतिक दलको गतिविधि र नेता, मंत्रिको भाषणले समाचारमा महत्त्व पाएको छ । प्रथम पृष्ठमा छापिएका अधिकांश समाचार राजनीतिक विषयसँग सम्बन्धित रहेको देखिन्छ ।

## ६.१.२ वि.सं. २०५२–२०५८ प्रकाशित छापाको समाचारमा राजनीतिक विवाद

“संयुक्त सरकार वर्षे अधिवेशनमा ढल्छ माधवकुमार नेपाल, काङ्ग्रेस राप्रपा विवादका कारण वाँचथर जिल्ला परिषद स्थगित” [224] शीर्षकको छुट्टा-छुट्टै समाचारले प्रथम पृष्ठमा ठाउँ पाएको छ । संसदमा प्रस्तुत आफ्नो पार्टीको अविश्वास प्रस्ताव फेल भएपनि सडक संघर्षवाट संयुक्त सरकार ढाल्ने र माओवादी समस्यालाई राजनीतिक ढंगले हल गर्ने कुरामा एमालेले जोड दिएको विषयलाई नै समाचार बनाएको पाइन्छ । यस्तै पाँचथर जिविसको परिषद बैठकमा कृषि मन्त्री पदमसुन्दर लावती वा गृहराज्य मन्त्री दिपकप्रकाश बाँसकोटा कस्ले उद्घाटन गर्ने ? भन्ने विषयले परिषद् बैठक स्थगित भएको समाचार छापिएको देखिन्छ ।

“काङ्ग्रेस महाधिवेसन आयोजनाको तयारी प्रारम्भ” [225] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेसको नवौं महाधिवेशनको तयारी प्रकृयाको बारेमा विस्तृत विवरण विवरण दिएर मुख्य समाचार छापिएको छ । साथै प्रधननमन्त्री शेरबहादुर देउवा छिमेकी राष्ट्र जनवादी गणतन्त्र चिनको भ्रमणका लागि अन्तराष्ट्रिय विमानस्थल पुगेको घटनालाई व्यानर फोटोमा छापिएको देखिन्छ ।

काङ्ग्रेस महाधिवेसन आयोजनाको तयारी प्रारम्भ नेपाली काङ्ग्रेसको काठमाडौं क्षेत्रीय अधिवेशन सम्पन्न विद्रोहीद्वारा निर्वाचन वहिस्कार[226] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेस काठमाडौंको आन्तरिक विवादको विषयमा केन्द्रिय भएको देखिन्छ ।

“कथित जनयुद्धप्रति असहमति” [227] शीर्षकको समाचारमा माओवादी जनयुद्धलाई जनमोर्चाका सांसद परिथापा र नबराज सुवेदीले ‘कथित’को सज्ञा दिएका विषयलाई प्राथमित्तामा राखेको देखिन्छ । यस अवधिसम्म आईपुग्दा माओवादी जनयुद्ध समाचारको विषय बन्दै गएको पाइन्छ । महाधिवेशन सफल पार्न काठमाडौं काङ्ग्रेस सकृय, रामेछापमा काङ्ग्रेस

[224] ***कान्तिपुर*** दैनिक, ३ बैशाख २०५३ ।

[225] ***ऐजन***, ४ बैशाख २०५३ ।

[226] ***ऐजन***, १० बैशाख २०५३ ।

[227] ***ऐजन***, १३ बैशाख २०५३ ।

कार्यकर्ताविच भीडन्त[228] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेसको आसन्न नवौं महाधिवेशनको समाचारले निरन्तरता पाएको छ । यसलाई कान्तिपुरले महत्वका साथ फलोअप गरेको पाइन्छ ।

"प्रधानमन्त्री देउवा महासमितिमा निर्वाचित, विभिन्न जिल्ला तथा क्षेत्रीय अधिवेशन सम्पन्न, बबई सीचाई योजना बेवारिसे अवस्थामा"[229] शीर्षकको छुट्टाछुट्टै समाचार शीर्षकमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा महासमिति सदस्यमा निर्वाचित भएको विषयका साथै देशब्यापी रूपमा नेपाली काङ्ग्रेसको अधिवेशनको समाचारलाई प्राथमिकता दिएको पाइन्छ । प्रथम पृष्ठका मुख्य समाचारको अतिरिक्त तेश्रो पृष्ठमा अरु विस्तृत छापिएका छ भने बबई सीचाई योजना कार्यन्वयन नहुनुमा आन्तरिक राजनीतिक कारण हो । साथ-साथै मित्रराष्ट्र भारतको विरोध हो भनिएका छ ।

"काङ्ग्रेस सभापतिमा सर्वसम्मतिको प्रयास क्षिण, केन्दीय सदस्यमा २५ उम्मेदवार बाकी, नाम फिर्ता लिने म्याद, आज बेलुकी सम्म"[230] शीर्षकको व्यानर समाचार वनाएर काङ्ग्रेस महाधिवेशनको विषयमा निरन्तरता दिएको पाइन्छ । महाधिवेशनमा प्रधानमन्त्री देउवा सुदूर पश्चिम क्षेत्रबाट निर्विरोध चयनदेखिको कहाँबाट उठ्ने साथै कस्को अवस्था के, पार्टी सभापति कृष्णप्रसाद भट्टराइले क-कस्लाई मनोनित गरे ? लगायतको विषयलाई पुख्य प्राथमिक्तामा राखेको पाइन्छ । साथ साथै असन्तुष्ट पक्षीय काङ्ग्रेसले आसन्न महाधिवेशन स्थगतका लागि अदालतमा हालेको मुद्दा उपर सुनुवाईको विषय समेत समाचारको प्राथमिकक्तामा परेको देखिन्छ । "कोइराला विजयी, म कसैलाई काखा पाखा गर्दिन कोइराला"[231] शीर्षक दिएर प्रथम पृष्ठमा नेपाली काङ्ग्रेसको सभापति पदमा गिरिजाप्रसाद कोइराला विजयी भएको समाचार छापिएको छ । उक्त समाचार क्रमशः विश्वमणी पोखेल र नारायण वाग्लेको वाइलाइन देखिन्छ । पोखेलले अधिवेशनको समाचार लेखेका छन् भने वाग्लेले वक्समा नवनिर्वाचित सभापति कोइरालाको संक्षिप्त अन्तरवार्ता लिएको पाइन्छ ।

"काङ्ग्रेसलाई पुरानो स्थितिमा नपुऱ्याइ विश्राम लिन्नः कोइराला"[232] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेसका सभापति कोइरालाले आफ्नो कार्यकालमा पार्टीलाई विगतको अवस्थामा पुऱ्याउँने प्रतिवद्धतालाई प्राथमिक्तामा राखेको देखिन्छ । पुरानो अवस्था भनेको २०५८ को आमनिर्वाचनको परिणामसँग २०५१ को मध्यावधी निर्वाचनलाई तुलना गरीएको छ । साथै प्रथम पृष्ठमा वात्स्यायनको कार्टुन छापिएको पाइन्छ । कार्टुनले गिरिजा बाबुलाई

---

[228] ***ऐजन,*** १४ बैशाख २०५३ ।

[229] ***ऐजन,*** १६ बैशाख २०५३ ।

[230] ***ऐजन,*** २६ बैशाख २०५३ ।

[231] ***ऐजन,*** २७ बैशाख २०५३ ।

[232] ***ऐजन,*** २९ बैशाख २०५३ ।

पहिले कै अवस्थामा काङ्ग्रेसलाई पुऱ्याउन कृष्णप्रसाद भट्टराईले आशिर्वाद दिनु भएको प्रसङलाई संकेत गरेको देखिन्छ । यसरी यो महिनाभरि कान्तिपुर दैनिकले नेपाली काङ्ग्रेसको नवौं महाधिवेशनलाई नै समाचारको मुख्या विषय बनाएको देखिन्छ । हामी वार्ताको निरपेक्ष विरोधी छैनौं र निरपेक्ष समर्थक पनि छैनौं प्रचण्ड ।[233] शीर्षकको अन्तरवार्ता तेश्रो पेजमा छापिएको छ । नेपालमा सशस्त्र जनयुद्ध सुरु भएको प्रथम वर्ष गाँठको सन्दर्भ पारेर पहिलो पल्ट माओवादी अध्यक्ष प्रचण्डको विस्तृत अन्तवार्ता कान्तिपुरले छापेको देखिन्छ ।

"ने.क.पा. एमालेसँग सत्ता सहभागिताको विषयमा, राष्ट्रिय नीतिमा सर्वदलीय सहमति आवश्यकः कोइराला"[234] शीर्षक दिएर समाचार छापेको पाइन्छ । कोइरालाले राष्ट्रिय नीतिमा सर्वदलीय सहमति खोज्ने प्रयासको थालनी गरेको हो भनिएको छ । यस्तै प्रधानन्यायाधिश त्रिलोकप्रताप राणालाई श्री ५ बाट पद तथा गोपनीयताको सपथ गराउदै रहेको फोटो छापेको देखिन्छ ।

"महासचिव परिवर्तनको विवाद आउँनु राम्रो होइन अध्यक्ष अधिकारी, काङ्ग्रेस र एमाले मिलेर पनि सरकार वन्न सक्छ सभापति कोइराला" [235] शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापिएको छ । ने.क.पा. एमालेको महासचिव माधवकुमार नेपाल हटाउँने बामदेव गौतमको अभियानप्रति अध्यक्ष अधिकारीको धारणाले स्थान पाएको छ भने काँग्रेस र राप्रपा थापाको गठवन्धन सरकार कमजोर बनेको सन्दर्भमा एमाले र काङ्ग्रेसको मिलीजुली सरकार बन्नु उपयुक्त हुने कोइरालाको भनाईले समेत समाचारमा प्रमुखता पाएको देखिन्छ ।

"सार्वभौमसत्ता सम्पन्न नेपाली जनता अब कसैका रैती हुन सक्दैनन् : सर्वोच्च नेता सिंह, हरेक महिना सत्ताबाट हटाउँने खेल भएको छ ।" [236] शीर्षकको समाचारले पहिलो पृष्ठमा स्थान पाएको देखिन्छ । साथै सर्वोच्च नेता सिंहले शहिद निगुण उपाध्याको शालिक अनावरण गर्दै रहेको फोटोले पनि पहिलो पेजमा स्थान पाएको देखिन्छ ।

यसै अङ्कमा कान्तिपुर पब्लिकेशन्स प्रालिका अध्यक्ष हेमराज ज्ञवालीको कविता छापिएको छ-

*आयो फागुन सात 'मुक्तिदिन' यो सन्देस नौलो लिई !*
*पाँचौं वर्ष प्रवेश कान्तिपुर यो चैतन्यको ज्योति ली !!*
*यसको धेय डटेर प्राणयले रक्षा प्रजातन्त्रको !*

[233] ***ऐजन***, १ फागुन २०५३, पृ. ३ ।
[234] ***ऐजन***, ३ फागुन २०५३, पृ. १ ।
[235] ***ऐजन***, ४ फागुन २०५३, पृ. १ ।
[236] ***ऐजन***, ६ फागुन २०५३, पृ. १ ।

*ज्वाला हो जनतन्त्रको मुलुकमा बाल्ने प्रतिज्ञा दह्रो !!*

कविताले कान्तिपुर जनतन्त्रको ज्वाला हो भन्ने प्रष्टोक्ति झल्कीएको पाइन्छ । र, कान्तिपुर जनतान्त्रिक राजनीतिप्रति प्रतिपक्ष छ भन्ने देखिन्छ । निरपेक्ष स्वतन्त्रता व्यवसायिक मात्र हैन, राजनीतिक विचारको नजिक छ भन्ने प्रष्टिन्छ ।

राप्रपाद्वारा दुई मन्त्री थप्न आग्रह, काङ्ग्रेसमा मन्त्रीहरू एकातिर सांसदहरू अर्कातिर[237] शीर्षकको मुख्य समाचार नारायण बाग्लेको वाइलाइन छापिएको छ । काङ्ग्रेस राप्रपाको ४७ सदस्यीय मन्त्रीमण्डलमा एकातिर काङ्ग्रेसले सानो मन्त्रीमण्डल बनाउँन निर्देशन दिइरहकै अवस्थामा अर्कातिर राप्रपाले पुन आफ्ना दुई सदस्यलाई मन्त्री बनाउँन पर्ने मागको विषयलाई प्रमुखताकासाथ उठाएको देखिन्छ । यस्तै वक्समा प्रहरीको पोसाकमा माओवादीद्वारा हत्या शीर्षकको समाचार प्रथम पृष्ठमै छापिएको छ ।

“एमाले बैठक अठार दिन सम्म पनि यथावत्” [238] शीर्षक दिएर एमाले पार्टीको जारी बैठकको विषयमा समाचार लेखिएको छ । समचारमा भनिएको छ- ‘आफ्नै भाइहरू आपसमा लडेको चर्चित पौराणिक महाभारतको युद्ध अठार दिनमा टुङ्गिएको थियो तर नेपाल कम्यूनिष्ट पार्टी (एमाले) भित्र सुरु भएको आन्तरिक झगडा अठारौं दिन सनिवार पनि सुल्झीन सकेन ।’ यसरी पार्टी भित्रको राम्रो नराम्रो प्रवृतिको विश्लेषण सहितको समाचार छापेको देखिन्छ ।

“महासचिव नेपाल विरुद्धको प्रस्ताव फिर्ता, राप्रपासित सत्ता समिकरण प्रयास फेरि गरिने” [239] शीर्षकमा एमाले भित्रको झगडा मत्थर भएको विषयलाई मुख्य समाचार बनाएको देखिन्छ ।

“काङ्ग्रेस सांसदका कारण विश्वासको प्रस्ताव असफल सरकारको पक्षमा १ सय १ र विपक्षमा ९२ मत” [240] शीर्षकको व्यानर न्यूजमा नेपाली काङ्ग्रेस राप्रपा र सदभावना पार्टीको सरकारको तर्फबाट प्रधानमन्त्री देउवाले प्रतिनिधि सभासमक्ष राख्नु भएको विश्वासको मत असफल भएको विषयलाई प्रमुखताका साथ उठाएको देखिन्छ । “भावी प्रधानमन्त्रीले पनि देउवा कै दुर्भाग्य भोग्नु पर्ने छ ।” [241] एमाले अध्यक्ष मनमोहन अधिकारीको भनाईलाई समाचार शिर्षक वनाएर तत्कालिन राजनीतिक घटनालाई विश्लेषण गरिएको छ । “नवगठित मन्त्री

[237] ***ऐजन***, ८ फागुन २०५३ ।

[238] ***ऐजन***, ११ फागुन २०५३ ।

[239] ***ऐजन***, २१ फागुन २०५३ ।

[240] ***ऐजन***, २३ फागुन २०५३ ।

[241] ***ऐजन***, २५ फागुन २०५३ ।

परिषदद्वारा सपथ ग्रहण" [२४२] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा वनेको एमाले र सद्भावना सम्मिलित संयुक्त सरकारले औपचारिक्ता पाएको विषयले प्राथमिक्ता पाएको देखिन्छ ।

प्रथम चारणको आठ सदस्यीय मन्त्री परिषदको कार्य विभाजनलाई समेत प्रमुखताका साथ बक्स न्यूज बनाइएको छ । यसरी यो महिना भरी कान्तिपुरले पार्टी भित्रको आन्तरिक विवाद र सत्ता समिकरणको विषयलाई समाचारको मुख्य विषय बनाएको पाइन्छ । राजनीतिक समाचारको प्रभाव रहेको प्रष्टिन्छ ।

"एमाले केन्द्रिय कमिटीको वैठक सरकारसँग चाँडै विश्वासको मत लिन आग्रह" [243] शीर्षक दिएर छापिएको प्रथम पृष्ठको मुख्य समाचारमा संयुक्त सरकारलाई सदनबाट चाँडै विश्वासको मत लिएर सरकार चलाउँन एमाले अध्यक्ष मनमोहन अधिकारीको सल्लाहले स्थान पाएको देखिन्छ । यस्तै प्रमुख सत्तारूढ घटक एमाले ले जारी गर्ने भनिएको आचारसंहिताले राजनीतिक मुख्य मान्यताको आधारमा देश र जनताले राहत पाउँने विश्वास सम्पादीकय मार्फत गरेको पाइन्छ ।

"सरकारलाई प्रतिनिधिसभाको विश्वास प्राप्त पक्षमा १ सय १३, विपक्षमा ५ मत" [२४४] शीर्षकको ब्यानर न्यूजमा नवगठित संयुक्त सरकारले सदनवाट विश्वासको मत पाएको विषयलाई उठाइएको छ । अध्यक्ष अधिकारी आफ्नो मर्यादा क्रमको सीटमा नवसी सांसदको सातौं बेन्चमा वसेको प्रसङ्गलाई समेत महाभारतको कथासंग तुलना गरेको देखिन्छ । र के.पी. शर्मा ओलीले अन्त्यमा मतदान गरेको विषयलाई यसरी लेखिएको छ- "एमाले स्थायी समितिका प्रभावशाली सदस्य एवम् सांसद के.पी शर्मा ओली पनि सत्तापक्षको पछाडीको बेन्चमा वस्नु भएको थियो । ओली मतदान गर्न पनि सवैभन्दा पछि जानु भएको थियो ।"

"एमाले केन्द्रिय कमिटीको वैठक समाप्त सरकारमा जाने २२ मन्त्रीको सूची तयार" [245] शीर्षकमा मुख्य समाचार छापेको देखिन्छ । समाचारमा नयाँ सरकारमा पार्टीले २२ जना सदस्यलाई पठाउन गरेको निर्णलाई सविस्तार छापेको देखिन्छ ।

"मन्त्री मण्डलको विस्तार पच्चीस मन्त्री, नौ राज्यमन्त्री" [246] शीर्षकको मुख्य समाचारमा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठीत मन्त्रीमण्डल विस्तारको विषय छापिएको छ । साथै मन्त्री मण्डलाई श्री ५ बाट जारी सन्देश र आशालाई समेत प्रमुखताको साथ समाचार

---

२४२ ***ऐजन***, २९ फागुन २०५३ ।

243 ***ऐजन***, २ चैत्र २०५३ ।

२४४ ***ऐजन***, ६ चैत्र २०५३ ।

245 ***ऐजन***, ८ चैत्र २०५३ ।

246 ***ऐजन***, ११ चैत्र २०५३ ।

वनाएको पाइन्छ । यस्तै रोल्पाका जिविस सभापति झक्कु सुवेदी रिहा शीर्षक दिएर रोल्पा जिविस सभापतिलाई स्थानीय प्रशासनले माओवादीको आरोपमा ६ महिना पहिले पक्राउ गरी जेल परेका सभापति रिहाई भएको विषयलाई समाचारको प्रथमिक्तामा राखेको पाइन्छ ।

"सिद्धान्तहिन गठवन्धन र घाइते प्रजातन्त्र"[247] शीर्षकमा गणेशमान सिंहको भनाइलाई मुख्य विषय वनाएर समाचार छापेको देखिन्छ । सर्वोच्च नेता सिंहद्वारा अभिव्यक्त विचारलाई संयुक्त गठवन्धन प्रजातन्त्र ससक्त नभई घाइते हुनेछ भनिएको छ । यसै भनाइलाई यस दैनिकले महत्वका साथ उठाएको देखिन्छ ।

"स्थानीय निर्वाचन प्रजातन्त्रवादी र प्रजातन्त्र विरोधी विचको अन्तिम लडाई"[248] काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको भनाइलाई समाचार शीर्षक वनाएको पाइन्छ । यसमा २०५४ मा हुने स्थानीय निकायको निर्वाचनलाई काङ्ग्रेसको जीवनमरण र प्रजातन्त्रवादी र विरोधी विचको युद्ध हो भनिएको विषयलाई महत्वका साथ समाचार वनाएको पाइन्छ । यस्तै राजनीति गर्नेहरू मात्र विकासका पथ प्रदर्शक नहुने भन्ने प्रधानमन्त्री लोकेन्द्रवहादुर चन्दको भनाइलाई समेत बक्स न्यूज वनाएको देखिन्छ ।

"सरकारले विशाल हेरफेर गर्ने र आतङ्क फैलाउँने काम गर्नु हुँदैन महासचिव नेपाल"[249] शीर्षकको समाचारमा एमाले महासचिव नेपालले सरकारको कार्यशैलीका वारेमा सचेत गराएको विषयलाई प्रथमिक्तामा राखेको देखिन्छ । देउवाद्वारा काङ्ग्रेसका मतदातासँग क्षमायातना[250] शीर्षक दिएर प्रथम पृष्ठमा छापेको मुख्य समाचारमा शेरवहादुर देउवाले संसदवाट विस्वासको मत नपाए पछि प्रधानमन्त्रीवाट हटे लगतै पत्रकारहरू समक्ष राखेको विचारनै प्रमुख समाचार बनेको देखिन्छ ।

"काङ्ग्रेसको स्थानीय निर्वाचन घोषणा-पत्र जारी"[251] शीर्षकको मुख्य समाचारमा आसन्न स्थानीय निकायको निर्वाचनमा पार्टीले सार्वजनिक गरेको चुनाव घोषणापत्रको विषयलाई महत्वका साथ उठाएको पाइन्छ । यस्तै पञ्चायत फर्काउनु राप्रपाको स्थापना भएको होइन' शीर्षकको समाचारमा मन्त्री कमल थापाले राप्रपा प्रजातन्त्रिक पार्टी हो भनी दावी गर्नु भएको विषय समाचार वनेको छ भने यो सरकार वस्दा बस्दै पनि ढल्न सक्छ भन्ने एमाले नेता प्रदिप नेपालका भनाइलाई विषय वनाएर पहिलो पृष्ठमा समाचार वनाएको देखिन्छ ।

---

[247] ***ऐजन***, २४ चैत्र २०५३ ।

[248] ***ऐजन***, २ बैशाख २०५४, पृ. १ ।

[249] ***ऐजन***, ५ बैशाख २०५४, पृ. १ ।

[250] ***ऐजन***, ७ बैशाख २०५४, पृ. १ ।

[251] ***ऐजन***, १६ बैशाख २०५४, पृ. १ ।

"काङ्ग्रेस र एमालेद्वारा उम्मेदवारहरूको चयन"[252] शीर्षकको समाचारमा आसन्न स्थानीय निकायको निर्वाचनमा पार्टीको तर्फबाट नगरपालिकामा उठाइएको मेयर, उपमेयरको नामावली विस्तृत रूपमा छापेको देखिन्छ । "स्थानीय निर्वाचनको तयारी"[253] शीर्षकको मुख्य समाचारमा निर्वाचन सम्पन्न गर्न सरकारको तर्फवाट ६४ हजार ४ सय ५७ कर्मचारी परिचालित भएको विषयले प्रथमिक्ता पाएको देखिन्छ । यस्तै निर्वाचन स्वस्थ्य प्रतिस्प्रधा हो, जीवन मरणको प्रश्न होइन भन्ने एमाले अध्यक्ष मनमोहन अधिकारीले गिरिजाप्रसाद कोइरालाले स्थानीय निर्वाचन काङ्ग्रेसका लागि जीवन मरणको लडाई हो भन्ने अभिव्यक्तिको खण्डन गर्नु भएको विषयलाई समेत प्राथमिक्तामा राखेर पहिलो पेज मै समाचार छापेको पाइन्छ ।

"काङ्ग्रेस प्रत्यासीको हत्या 'माओवादीको धम्कीवाट मनोनयन पत्र फिर्ता"[254] शीर्षकको मुख्य समाचारमा रूकुम, रोल्पा र जाजरकोट जिल्लामा ने.क.पा. माओवादीले स्थानीय निकायको निर्वाचनमा अन्य पार्टीवाट बनेका उम्मेदवारको हत्या र मनोनयन फिर्ता गराएको घटनालाई महत्वका साथ छापेको पाइन्छ । समाचारमा लेखिएको छ - *"माओवादी जनयुद्धवाट अधिक प्रभावित रूकुम रोल्पा र जाजरकोट जिल्लाका दुर्गम क्षेत्रमा रहेको गाउँ विकास समितिको उम्मेदवार वनेका उम्मेदवारहरूले निर्विरोध निर्वाचित भएर पनि त्रासको कारण मंगलवार आफ्नो उम्मेदवार फिर्ता लिएका छन् । ... नेपाली काङ्ग्रेसको तर्फवाट रूकुम जिल्ला पोखरा गाविसका उपाध्ययको प्रत्यासी वनेका वलबहादुर पुनलाई माओवादी कार्यकर्ताले खुकुरी प्रहार गरी मंगलवार दिउँसो हत्या गरेका हुन् ।"*

"स्वतन्त्र पत्रकारिता नभए प्रजातन्त्र पनि रहदैन"[255] शीर्षकको समाचारमा पत्रकारिता जगत नै देशमा प्रजातान्त्रिक आन्दोलनको प्रमुख अगुवाई भएको हुँदा पत्रकारितामा राजनीतिक प्रभाव पर्नु स्वाभाविक हो भनिएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आमसञ्चार राष्ट्रिय समितिद्वारा आयोजित स्वतन्त्रता र वहुदलवाद विषयक अन्तरकृया कार्यक्रमको निश्कर्षलाई समाचारको विषय वनाएको पाइन्छ ।

"माओवादीद्वारा प्रहरीमाथि आक्रमण, दुईको मृत्यू तीन घाइते"[256] शीर्षकको ब्यानर न्यूजमा रुकुममा माओवादी छापामारले प्रहरी माथि आक्रमण गरी (स.इ.) भीमराज नेपाल र जवान तिलकबहादुर पौडेलको हत्या भएको विषयलाई महत्वका साथ छापेको देखिन्छ । माओवादी आन्दोलनको समचारले छापामा क्रमशः उच्च प्राथमिक्ता पाएको भेटिन्छ । स्थानीय

---

[252] ***ऐजन,*** १७ बैशाख २०५४, पृ. १ ।

[253] ***ऐजन,*** २१ बैशाख २०५४, पृ. १ ।

[254] ***ऐजन,*** २४ बैशाख २०५४, पृ. १ ।

[255] ***ऐजन,*** २ जेठ २०५४, पृ. १ ।

[256] ***ऐजन,*** ६ जेठ २०५४, पृ. १ ।

निर्वाचन परिणाममा एमालेको अग्रता[257] शीर्षकको समाचारमा सम्पन्न स्थानीय निकायको दोश्रो चरणको चुनाव परिणाममा पनि एमालेको अग्रतालाई विस्तृत रूपमा छापेको देखिन्छ ।

"काठमाडौं महानगरपालिकामा भारी मतले एमालेको विजय" [258] शीर्षकको समाचारमा काठमाडौं महानगरपालिकाको चुनाव परिणामलाई मेयर केशव स्थापितको फोटो सहित छापेको पाइन्छ । यस्तै एमाले ५२ प्रतिशत स्थानमा विजयी शीर्षकको छुट्टै समाचारमा कुन पार्टीले कति प्रतिशत मत पाएर विजयी भए भन्ने तथ्याङ्क छापेको देखिन्छ ।

"परराष्ट्र मन्त्री लोहनीद्वारा राजिनामा" [259] शीर्षकको मुख्य समाचारमा परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनीले आफ्नै सरकारको कार्यशैली ठीक नभएको भन्दै राजीनामा गरेको विषयलाई उठाएको पाइन्छ । नयाँ सरकार वने देखिनै देशमा सरकारको भूमिका प्रजातन्त्रको मान्यता र प्रशासन सञ्चालनको सिद्धान्त विपरित भैरहेको आरोप लगाउँदै मन्त्री डा. लोहनीले यस्तो स्थितिमा आफु पदको कैदी भएर वस्न नसकेको कडा जनाउ राजीनामा पत्रमा दिनु भएको छ भनिएको पाइन्छ । यसरी यो महिनाभरि स्थानीय निर्वाचनमा पार्टीको स्थिति र प्राप्त परिणामलाई नै समाचारको मुख्य विषय बनाएको देखिन्छ ।

"माओवादी जनयुद्ध" [260] शीर्षकको सम्पादकीय लेखमा भनिएको छ । भूमिगत नेपाल कम्यूनिष्ट पार्टी र माओवादीले आफ्नो कथित जनयुद्ध कार्यक्रमले दोश्रो वर्ष पुरा गरी तेश्रो वर्ष प्रवेश गरेको अवसर पारी आफ्ना गतिविधिमा पुनः तिव्रता ल्याएको अनुभव यतिखेर गरिएको छ । उक्त पार्टीले २०५२ फागुन १ गते देखि भूमिगत शैलीमा सुरु गरेको यस जनयुद्धको दौरानमा अहिलेसम्म १ सय ३५ जना भन्दा वढी मानिसको ज्यान गैसेको छ ।"

"एमालेको फरकपक्ष छुट्टै दल निर्माणका लागि आवस्यक संख्या जुटाउँने अभियानमा"[261] शीर्षकको व्यानर न्यूजमा एमाले पार्टी विभाजनको नेत्रित्व लिने वामदेव गौतमको गतिविधिलाई प्राथमिक्ता दिएको पाइन्छ भने वक्समा "पार्टी फुटाउँनेलाई कार्वाही हुन्छ" भन्ने एमाले नेता के.पी. ओलीको भर्सन छापेको पाइन्छ ।

[257] ***ऐजन***, १५ जेठ २०५४, पृ. १ ।

[258] ***ऐजन***, १८ जेठ २०५४, पृ. १ ।

[259] ***ऐजन***, २९ जेठ २०५४, पृ. १ ।

[260] ***ऐजन***, १ फागुन २०५४, पृ. ६ ।

[261] ***ऐजन***, २ फागुन २०५४, पृ. १ ।

एमाले विभाजनका लागि संसदमा प्रकृया सुरु, राजनीतिक पार्टी विभाजनतिर जानु दुःखको कुरा सभामुख, संयुक्त जनमोर्चाको महासचिवमा पुनः पोखेल[262] छुट्टा-छुट्टै शीर्षकको राजनीतिक समाचारले प्रथम पृष्ठमा महत्वका साथ स्थान पाएको देखिन्छ ।

एमाले विभाजनका लागि संसदमा प्रकृया सुरु शीर्षकको समाचार पत्रकार गुणराज लुइटेलको बाइलाइन समाचार छापेको देखिन्छ । उक्त समाचारमा एमाले पार्टी विभाजनको कानूनी प्रकृयाको वारेमा आवश्यक चर्चा गरेको देखिन्छ ।

भ्रष्टाचार सरकार उब्जाउँने र गिराउने खेलमा संलग्न दलहरूबाट भएको होः प्रधानमन्त्री, "माले राजनीतिक संस्कारहिन व्यक्तिहरूको जमातः ओली" [263] छुट्टा-छुट्टै शिर्षकको समाचारमा दुई नेताहरूले आपसमा लगाएको आरोपलाई महत्वका साथ छापेको देखिन्छ । एमालेको फुटबाट काङ्ग्रेसलाई वम्पर उपहार[264] शीर्षकको समाचारमा एमाले नेता मनमोहन अधिकारीको धारणालाई समावेस गरेको देखिन्छ भने मालेको लक्ष जनवादी गणतन्त्र हुने वापदेव गौतमको विचारलाई समते प्राथमिक्तामा पारेर समाचार वनाएको पाइन्छ ।

मालेका कार्यकर्ताद्वारा एमाले नेताद्वय ज्ञवाली र प्रश्रितमाथि आक्रमण[265] शीर्षक दिएर मुख्य समाचार छापेको पाइन्छ । समाचारमा नेताद्वयलाई माले अखिलको रूपनारायण श्रेष्ठले बुटवलमा आक्रमण गरी घाइते बनाइएको विषय उल्लेख गरेको पाइन्छ ।

"राप्रपाको आकश्मिक वैठक थापालाई समिकरणबारे निर्णय गर्न एकल अधिकार"[266] शीर्षकको मुख्य समाचारमा काङ्ग्रेससँग नयाँ सत्ता समिकरणको विषयमा सवै निर्णय गर्ने अधिकार प्रधानमन्त्री तथा पार्टी अध्यक्ष सूर्यबहादुर थापालाई दिएको विषयलाई महत्व दिएको पाइन्छ । यस्तै "प्रेसजगत नहुदो हो त जंगलको कानून चल्थ्यो" भन्ने सभामुख रामचन्द्र पौडेलको विचारलाई समेत समाचारको प्राथमिक्तामा पारेको देखिन्छ । जंगलको शासन वा माओवादी गतिविधि नियन्त्रण गर्ने माध्यमको रूपमा सभामुख पौडेलले प्रेस जगतलाई ठानेको पाइन्छ । यसर्थः पनि नेपालको प्रेसमा राजनीतिक प्रभाव रहेको देखिन्छ ।

"कालापानी दृष्टिकोण" [267] शीर्षक दिएर सम्पादकीय लेखमा कालापानी सीमा विवादवारे लेखिएको छ । यसरी नेपालको आफ्नो सीमा क्षेत्रमा विदेशी सैन्यबल रहनु राजनीतिक समस्यामात्र देखिन्छ । यो कुनै नापीको विषय होइन । त्यसैले भारतीय अर्धशैन्य

---

[262] ***ऐजन,*** २० फागुन २०५४, पृ. १ ।

[263] ***ऐजन,*** २ चैत्र २०५४, पृ. १ ।

[264] ***ऐजन,*** ११ चैत्र २०५४, पृ. १ ।

[265] ***ऐजन,***, १७ चैत्र २०५४, पृ. १ ।

[266] ***ऐजन,*** २७ चैत्र २०५४, पृ. १ ।

[267] ***ऐजन,*** ५ असार २०५५, पृ. ६ ।

शिविर कालापानीबाट हटाउँन सरकारले उच्च राजनीतिक तहमा वार्ता गर्नु पर्छ । यसरी कालापानी सीमाविवाद राष्ट्रिय रूपमा मात्र नभै छिमेकी राष्ट्र भारत र चिनको त्रिपक्षीय राजनीतिक समस्याको रूपमा विश्लेषण गरेको पाइन्छ ।

"गोली प्रहारद्वारा सांसद बेगको हत्या" [268] शीर्षकको मुख्य वक्स समाचारमा वहाल वाला सांसद मिर्जादिलवादवेगको हत्या सम्वन्धी घट्ना विवरण छापेको देखिन्छ । कपिलवस्तु क्षेत्र नं. ४ वाट राष्ट्रिय प्रजातन्त्र पार्टीको टिकटमा विजयी सांसदलाई भारत सरकारले भारतमा अपराधिक कृयाकलापमा संलग्न भएको आरोपमा केही साता अघि इन्टरपोल मार्फत नेपालसंग सुपुर्दगी गर्न माग गरेको थियो भनिएको छ । मिर्जालाई मैले मार्न लगाएको हुँ: छोटा राजन[269] शीर्षकको मुख्य समाचारमा सांसद मिर्जाको हत्याराको भनाई र फोटो सहितको विवरण छापेको देखिन्छ । प्रतिनिधि सभाका सदस्य मिर्जादिल सादबेगको २०५५ असार १५ गते राजधानीमा भएको हत्याको जिम्मेवारी मलेशियामा रहेका कुख्यात् भारतीय भूमिगत गिरोहका नायक छोटा राजनले लिएका हुन् भनिएको छ ।

यसरी यो महिनाभरि सांसद वेगको हत्यासम्वन्धी समाचारले स्थान पाएको देखिन्छ भने कालापानी विवादवारे परिपक्व राजनीतिक सहमति र सम्वादको आवश्यक्तालाई प्रष्ट्याएको पाइन्छ । "माओवादीवारे एमाले/मालेको मौनताप्रति प्रधानमन्त्रीको प्रश्न" [270] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा तत्कालिन प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको भनाईलाई महत्वका साथ छापेको देखिन्छ । माओवादी प्रति एमाले/माले पार्टी मौन रहेर माओवादीको मत आफुहरूले तान्न खोजेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिलाई नै समाचार बनाएको देखिन्छ । यस्तै साना बामपंथी पार्टीहरू एकताको पक्षमा शीर्षकको समाचारमा बामपंथी पार्टी बिचको एकता आवश्यक भएको भन्ने नेमकिपाका अध्यक्ष नारायणमान विजुगछेको विचार उदृत गरेको देखिन्छ ।

"माओवादी सामन्तीहरूद्वारा सञ्चालित पार्टी हो: देउवा" [271] शीर्षकको समाचारमा तत्कालिन नेका केन्द्रिय सदस्य शेरबहादुर देउवाले माओवादीलाई लगाएको सामन्तीको आरोपलाई प्राथमिक्तामा राखेको देखिन्छ । समाचारमा भनिएको छ- "माओवादी सामन्तीहरूद्वारा सञ्चालित पार्टी हो" उहाले भन्नु भयो । देउवालाई 'प्रभावशाली'को विशेषण लगाएको देखिन्छ । यस्तै वात्स्यानको कार्टुनले सांसद खरिद विक्रिको प्रकरणलाई प्रहार गरेको छ । जुन कार्टुन राजनीतिक दृष्टिले ससक्त छ ।

---

[268] ***ऐजन***, १५ असार २०५५, पृ. १ ।

[269] ***ऐजन***, ३० असार २०५५, पृ. १ ।

[270] ***ऐजन***,, १३ माघ २०५५, पृ. १ ।

[271] ***ऐजन***, १६ माघ २०५५, पृ. १ ।

यस्तै प्रथम पृष्ठको अर्को मुख्य समाचारमा नेपाली काङ्ग्रेसले १० प्रतिशत महिला उमेदवार बनाउँने निर्णयलाई समेत महत्त्वका साथ छापेको देखिन्छ ।

"मालेले आठ वामको सहमतिपछि मात्रै उम्मेदवारको सूची सार्वजनिक गर्ने"[272] शीर्षक दिएर संसदीय चुनावमा (एमाले) वाहेकको वाम घटक बिच एकता गरेर ने.क.पा. मालेले अघि बढ्ने भनि गरेको निर्णयलाई समाचारको विषय वानाएको पाइन्छ । यस्तै राजनीतिले मुलुकको सँस्कृति आत्मसात गर्नु पर्ने भन्ने एमाले अध्यक्ष मनमोहन अधिकारीको अभिव्यक्तिलाई पनि समाचारको प्राथमिक्तामा पारेर छापेको देखिन्छ ।

"मतदान र महिला"[273] शीर्षकको सम्पादकीय लेखमा महोत्तरी जिल्लाका केही गाउँका महिलाहरूले मताधिकार अझै नपाएको अवस्थालाई अराजनीतिक मध्ययुगिन सँस्कारसँग तुलना गरिएको छ । र भनिएको छ- "यस्तो अवस्था प्रति यहाका राजनीतिक नेता र प्रशासकहरू किन सम्वेदनशिल हुन सकेनन् ? आश्चर्यजनक कुरा हो ।" भनिएको छ ।

"माओवादी नेता काहाँ छन् मलाई थाहा छः प्रधानमन्त्री"[274] शीर्षकको मुख्य समाचारमा प्रधानमन्त्री कोइरालाले सिन्दुपाल्चोकको काङ्ग्रेस सभालाई सम्वोधनका क्रममा व्यक्त विचारलाई नै प्राथमिक्तामा राखेको देखिन्छ । यो अवधिसम्म आइपुग्दा नेपालको राजनीतिमा माओवादी पार्टी जवरजस्त उपस्थिति भएको छ भने नेपाली प्रेसका लागि राम्रो समाचार स्रोत र आकर्षक विषय पनि । क्रमशः छापामा माओवादी गतिविधिको समाचारको रूपमा महत्व पाउन थालेको देखिन्छ ।

यस्तै प्रथम पृष्ठमा नै एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीको स्वास्थ्य स्थिति र उपचारको विषयमा समाचार छापेको पाइन्छ ।

"मालेद्वारा महँगीविरुद्ध संसदको विशेष अधिवेशन वोलाउँन समावेदन गर्ने निर्णय"[275] शीर्षकको मुख्य समाचार छापेको पाइन्छ । समाचारमा महँगी चर्कदा पनि सरकारले जनतालाई राहत नदिएकाले विशेष अधिवेशनको लागि समावेदन गर्नु परेको भन्ने एमाले पार्टीको भनाइलाई प्राथमिक्तामा राखेको देखिन्छ । यस्तै माओवादी कृयाकलापले नेपालको वाम आन्दोलनलाई आघात पुऱ्याएको भन्ने चित्रवहादुर के.सी.को भनाईलाई पनि समाचार वनाएको पाइन्छ ।

---

[272] ***ऐजन***,, २६ माघ २०५५, पृ. १ ।

[273] ***ऐजन***, ५ बैशाख २०५६, पृ. ६ ।

[274] ***ऐजन***, १२ बैशाख २०५६, पृ. १ ।

[275] ***ऐजन***, १ मंसिर २०५६, पृ. १ ।

"सञ्चारमन्त्रीद्वारा कान्तिपुर दैनिक कान्तिपुर एफ.एम. को आलोचना" [276] शीर्षक दिएर छापेको समाचारमा सूचना तथा सञ्चारमन्त्री पूर्ण बहादुर खड्काले पार्टी सभापति कोइराला र प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबीच १० मिनट वार्ता भएकोमा दुई मिनेट भनि विषयको केन्द्रलाई वडयाएको भन्ने भनाई उद्धृत गरेको देखिन्छ । लेखिएको छ- "कान्तिपुरले वर्तमान प्रधानमन्त्रीका विरुद्ध चुनाव अघिदेखि आफ्नो अभिप्राय देखाइ सकेको छ ।"

"म अर्को पटक पनि प्रधानमन्त्री बन्छु: भट्टराई" [277] शीर्षकको ब्यानर न्यूजमा प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईले पर्सा क्षेत्र नं. १ वाट पहिलो पल्ट संसद सदस्यमा निर्वाचित हुनु भएको तथ्यलाई समेत समाचारले खुलाएको पाइन्छ । यो समचार प्रम भट्टराईको फोटो सहित गोपाल देवकोटाले वाइलाइन् समाचार लेखेको देखिन्छ ।

"कोइरालाद्वारा माओवादी विरुद्ध आफ्नै नेत्रित्वमा अभियान थाल्ने घोषणा"[278] शीर्षकमा संकर खरेलको वाइलाइन समाचार छापेको पाइन्छ । समाचारमा कोइरालाले माओवादी विरुद्धको लडाईको नेत्रित्व आफै गर्नु पर्ने अवस्थाको वारेमा लेखिएको छ । साथै प्रम कृष्णप्रसाद भट्टराईको अभिव्यक्तिलाई कटाक्ष गर्दै दुईवटा ठूला कार्टुन[279] छापिएको देखिन्छ ।

"माओवादी वार्तामा आए माफि दिन सकिने छ: प्रधानमन्त्री" [280] शीर्षकको मुख्य समचारमा माओवादी प्रतिको सरकारको धारणा छापिएको छ । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराइको फोटो सहित छापिएको माचारमा नेपालको माओवादी समस्याको वारेमा भट्टराईको अभिव्यक्तिलाई महत्वका साथ छापेको पाइन्छ ।

"आफ्नो राजनीतिक व्यवस्थाप्रति सवैभन्दा वढी आस्था नेपालमा" [281] शीर्षकको मुख्य समाचारमा मानव विकास प्रतिवेदनलाई प्राथमिक्ता साथ छापेको पाइन्छ । प्रतिवेदन अनुसार ६९ प्रतिशत नेपाली मौजुदा राजनीतिक व्यवस्थाप्रति आस्थावान छन् भने ८८ प्रतिशत नेपालीभने नेताले जनआकांक्ष पुरा गर्न नसकेको र ९२ प्रतिशत नेपालीले नेताहरू भ्रष्ट भएको भनिएको छ ।

यस्तै मनीषाले रौतहटको चुनावीसभा प्रभावित पारीत शीर्षकको अर्को राजनीतिक समाचार प्राथमित्ततासाथ छापेको देखिन्छ । "श्री ५ बाट प्रतिनिधिसभाको विशेष अधिवेशन

---

[276] ***ऐजन***,, ७ मंसिर २०५६, पृ. १ ।

[277] ***ऐजन***, ८ मंसिर २०५६, पृ. १ ।

[278] ***ऐजन***, ११ मंसिर २०५६, पृ. १ ।

[279] ***ऐजन***, ११ मंसिर २०५६, पृ. १ ।

[280] ***ऐजन***,, १२ मंसिर २०५६, पृ. १ ।

[281] ***ऐजन***, १६ मंसिर २०५६, पृ. १ ।

आह्वान"[282] शीर्षकको प्रमुख समाचारमा नेपालको समसामयिक राजनीतिका वारेमा एमाले र काङ्ग्रेस बिचको मतभेदलाई विषय बनाइएको छ । विशेष अधिवेशनको विधि, प्रकृया र कारणको वारेमा समेत सविस्तार चर्चा गरेको देखिन्छ ।

यस्तै रौतहटको उपनिर्वाचनमा नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेबिच हुने प्रतिष्पर्धाका वारेमा प्रशान्न अर्याल र प्रताप विष्टको पुल रिपोटिङलाई पनि प्राथमिक्ता साथ प्रथम पृष्ठमा छापेको पाइन्छ ।

"राष्ट्रिय सभाबाट अस्वीकृत नागरिक्ता विधेयक प्रतिनिधि सभाबाट पुनः पारित गर्ने प्रकृया सुरु"[283] शीर्षकको समचारलाई मुख्य प्राथमिक्तामा छापेको देखिन्छ । नागरिक्ता विधेयका वारेमा ठूलो राष्ट्रिय विवाद र वहसको विषय वनेको कारण राष्ट्रिय सभाले यसलाई अस्वीकृत गरेको थियो । विधेयकमा बंशजको आधारमा नागरिक ठाने व्यक्तिका पिताले नागरिक्ताको प्रमाण-पत्र नलिएको भएपनि उसका सन्तानले नागरिक्ता लिन सक्ने प्रवधान राखिएको थियो । जस प्रावधानलाई राष्ट्रियसभाले 'खतरनाकको' संज्ञा दिएको हो भनि घटना विश्लेषण गरेको पाइन्छ ।

"कोइरालालाई एजेण्डा चाहिन्छ भने प्रचण्डलाई भनेर तुरुन्त मगाई दिन्छु- देउवा" [284] शीर्षकको समाचारमा सरकार माओवादी वार्ताको विषयमा पूर्व प्रधानमन्त्री तथा माओवादी समस्या समाधान उच्चस्तरीय सूझाव समितिको संयोजक शेरबहादुर देउवाको अभिव्यक्तिलाई नै समाचारको स्रोत वनाएको देखिन्छ । यो अवधिमा सरकारको तर्फवाट माओवादी गतिविधिलाई राजनीतिक समस्याको रूपमा ग्रहण गरी सरकारी स्तरमा समिति वनाइएको पहिलो थियो ।

"वार्ताको वातावरण तयार गर्न सरकारद्वारा एकसय तेइस माओवादी कार्यकर्ता रिहा"[285] शीर्षक दिएर व्यानर न्यूज छापेको देखिन्छ । माओवादी गतिविधि नियन्त्रणका लागि सरकारले गरेको कामको विवरण तत्कालिन गृहमन्त्री गोविन्दराज जोशीद्वारा प्रस्तुत तथ्याङ्कलाई विस्तारमा छापेको देखिन्छ भने वक्समा सत्तापक्ष र विपक्षको सांसदले स्वयम् गृहमन्त्री जोशीको राजिनामा मागेको विषयलाई समेत छापेको देखिन्छ ।

---

[282] ***ऐजन***,, २१ मंसिर २०५६, पृ. १ ।

[283] ***ऐजन***, २ असार २०५७, पृ. १ ।

[284] ***ऐजन***, ४ असार २०५७, पृ. १ ।

[285] ***ऐजन***, ६ असार २०५७, पृ. १ ।

"नुवाकोट १ मा राप्रपाका डा. लोहनी विजयी घोषित, पहिलो पटक संसदीय निर्वाचन परिणाम उल्टियो"[286] शीर्षक दिएर निर्वाचन विशेष अदालतको फैसलालाई समाचार बनाएको देखिन्छ । परिणाम अनुसार राजेन्द्रप्रसाद लोहनीले १५ मतले विजयी भएको घोषणा निर्वाचन आयोगले गरेको थियो । विशेष अदालतको फैसला विरुद्ध सर्वोच्चमा जाने सन्दर्भलाई समेत समाचार विवरणमा खुलाएको देखिन्छ । यो घटनाले राष्ट्रिय राजनीतिमा ठूलो तरङ्ग सृजना गरेको थियो । यस्तै सत्तारुढ दल नेपाली काङग्रेसको जारी केन्द्रिय समितिको वैठकलाई समेत महत्वका साथ समाचार बनाएको पाइन्छ ।

"धिरेन्द्र शाहको गतिविधिमाथि कडा निगरानी राख्न सांसदहरूको माग नेताहरूको हत्या गर्ने अभिव्यक्तिप्रति गम्भीर आपती"[287] शीर्षकको ब्यानर समाचारमा पूर्व अधिराज कुमार धिरेन्द्र शाह प्रमुख अतिथि रहेको एउटा गोष्ठीमा सहभागी मोहन मैनाली भन्ने व्यक्तिले आदेश पाए प्रधानमन्त्री र दलका नेता मार्न तयार छु भन्ने अभिव्यक्ति दिएका थिए । उक्त घटना विवरणलाई गृहमन्त्री गोविन्दराज जोशीले चालु संसद वैठकमा जानकारी गराएको विषयलाई वक्स समाचारमा छापेको देखिन्छ ।

यस्तै जारी संसदको वैठकवाट आर्थिक विधेयक पारित गरेको विषयलाई समेत समाचारमा छापेको पाइन्छ । "संविधान संसोधनवारे एमालेका पाँच ऐजेण्डा"[288] शीर्षकमा ने.क.पा. (एमाले) ले नेपाल अधिराज्यको संविधान २०४७, लाई सामयिक संसोधन गर्ने प्रस्तावलाई समाचार वनाएको देखिन्छ । २०४७ को संविधान संसोधनको लागि संवैधानिक प्रकृयावाट वहसको यो नै पहिलो प्रयास थियो ।

यस्तै भूमिगत ने.क.पा. माओवादीका तत्कालिन महामन्त्री प्रचण्डको अन्तरवार्ता महत्वका साथ छापेको देखिन्छ । विद्रोही माओवादीका नेताको यो दोस्रो अन्तरवार्ता हो । यसले पनि छापामा राजनीतिक प्रभाव किन पर्छ भन्ने तथ्यलाई प्रष्ट पार्छ । छापा राजनीतिप्रति आफै प्रभावित हुने या राजनीतिको प्रभावमा छापा पर्ने कुराको थप पुष्ट्याईको रूपमा लिन सकिन्छ । "संविधान संशोधनवारे कार्यदल बनाउँन काङ्ग्रेस एमाले सहमत"[289] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा सत्तारुढ र विपक्षी दल दुवैका दृष्टिमा संविधान सम्शोधन गर्नु पर्ने आवश्यक रहेको कुरा उल्लेख गरेको पाइन्छ ।

संविधान निर्माता मध्येका दुई शक्ति बिचको एकताले अव संविधान संसोधनले मात्र देशको राजनीतिक समस्या समाधान दिन सक्ने विषयमा समाचार केन्द्रित रहेको पाइन्छ ।

---

286 ***ऐजन***,, १३ असार २०५७, पृ. १ ।

287 ***ऐजन***, २६ असार २०५७, पृ. १ ।

288 ***ऐजन***, १८ मंसिर २०५७, पृ. १ ।

289 ***ऐजन***, २१ मंसिर २०५७, पृ. १ ।

"माओवादीले हतियार नवुझाए 'दण्ड दिने' चेतावनी"[290] शीर्षक दिएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले देशवासीको नाममा दिएको वक्तब्यलाई नै प्रमुख समाचार वनाएको पाइन्छ । प्रधानमन्त्रीले राजिनामा नगर्ने, माओवादीले सरकारलाई हतियार नबुझाए सेना परिचालन गर्न सक्ने, विपक्षीको व्यवहार ठीक नभएको, लाउडा प्रकरणमा आफू निश्कलङ्क भएको र प्रधानमन्त्रीले राजिनामा गर्नु पर्ने कुनै औचित्य नदेखेको भन्ने प्रधानमन्त्रीको भनाईलाई ब्रेकमा हाइलाइट गरेर महत्वकासाथ समाचार छापिएका छ ।

"कोइराला हटाउनु नै प्रचण्ड पथः माओवादी"[291] शीर्षकको समाचारमा तत्कालका लागि गिरिजाप्रसाद कोइरालालाई सत्ताच्यूत गर्नु नै प्रचण्डपथ हो भन्ने माओवादी नेता प्रतावको अभिव्यक्तिलाई प्रथमिकत्ता दिएर छापेको पाइन्छ । माओवादीले आफ्नो दोश्रो राष्ट्रिय सम्मेलनवाट प्रचण्डपथलाई सिद्धान्तको रूपमा अंगिकार गरेको थियो ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले सार्वजनिक गरेको राष्ट्रिय सहमतिको एजेण्डालाई समेत छुट्टै शिर्षक दिएर समाचार छापेको देखिन्छ । "माओवादी चौथो शक्तिः नेपाल"[292] शर्षिक दिएर ने.क.पा. एमालेका महासचिव माधव कुमार नेपालले ने.क.पा. माओवादीको राजनीतिक हैसियतको विषयमा अभिव्यक्त विचारलाई समाचार बनाएको देखिन्छ । नेपालको राजनीतिमा यति वेला आएर ठूला राजनीतिक दलको नजरमा समेत नेकपा माओवादी चौथो राजनीतिक शक्तिका रूपमा स्थापित भएको प्रष्ट हुन्छ भने प्रेसका लागि राम्रो समाचार स्रोत ।

"अधिनायकवादी हठ या मर्यादित निकास"[293] शीर्षकमा विशेष सम्पादकीय मार्फत प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राजिनामा गर भनिएको देखिन्छ । सम्पादीकीय अनुसार-

> अख्तियारको अधिकार र क्षेत्रलाई चुनौती दिंदा मन्त्रीपरिषदको गोपनीयतालाई बचाउने ढाल बनाउँदैमा कोइराला निर्दोष हुनु हुन्छ भन्ने मान्न सकिदैन । लाउडा प्रकरणमा उहाँको संलग्नतावारे उठेको शंकालाई निर्मुल पार्ने जिम्मा अव व्यक्तिगत रूपमा कोइरालाको हो । दुनियाँभरको प्रजातान्त्रिक अभ्यासमा अपनाइने स्वच्छ परम्पार र उदाहरणलाई अनुसरण गर्दै राजीनामा गर्नु कोइरालासामु एक मात्र विकल्प छ ।

लाउडा प्रकरणमा कोइरालालाई सत्ताच्यूत गर्न कान्तिपुर खनियो भन्ने आरोप नेपाली काँग्रेसले लगाएको पनि यसै सन्दर्भमा देखिन्छ । लाउडा प्रकरणकै विषयमा कार्टुन र मुख्य

---

290 ***ऐजन***,, २३ बैशाख २०५८, पृ. १ ।

291 ***ऐजन***, १० बैशाख २०५८, पृ. १ ।

292 ***ऐजन***, १७ बैशाख २०५८, पृ. १ ।

293 ***ऐजन***, २१ बैशाख २०५८, पृ. १ ।

समाचार ब्रेक गरेको पाइन्छ । "राजनीतिक यथार्थ र हाम्रो र दृष्टिकोण"[294] शीर्षकमा विद्रोही ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्डको विचार दृष्टिकोण पृष्ठमा महत्वकासाथ छापेको देखिन्छ । माओवादीले आफ्नो दोश्रो राष्ट्रिय सम्मेलनवाट पार्टीको सिद्धान्तको रूपमा मालेमावाद र प्रचण्डपथ अङ्गिकार गरेको थियो । सोही सिद्धान्तको वारेमा प्रचण्डले सविस्तार व्याख्या गरेका हुन् । यस मानेमा प्रेसको आचारसंहिताको मर्म राजनीतिक दाउमा फस्यो भन्ने आलोचकहरूको आलोचनालाई विश्लेषण गर्नु पर्ने आवश्यक्ता खड्किन्छ ।

"नयाँ 'कोत पर्व'लाई मान्यता दिनुहुँदैन"[295] शीर्षकको विद्रोही ने.क.पा. माओवादीका नेता बाबुराम भट्टराईको विचार दृष्टिकोण पृष्ठमा छापेको देखिन्छ । २०५८ जेष्ठ १९ को नारायणहिटी हत्या काण्डको विषयमा विवेचना गर्दै नेपालको राजतन्त्र अस्वीकार गर्न नेपाली जनतालाई भट्टराइले आग्रह गरेका थिए । ... 'कतिपय मार्क्सवादी पण्डाहरू समेतले यसै आधारमा हामीलाई राजावादी भने पनि अव हामी निर्धक्कसाथ के भन्न सक्छौं भने कतिपय राष्ट्रिय प्रश्नहरूमा राजा विरेन्द्र र हाम्रा विचमा समान सोचाइहरू थिए र त्यसले कतिपय प्रसङ्गहरूमा हामीलाई अघोषित कार्यगत एकता गराइरहेको थियो ।' यो लेख छापेको कारण कान्तिपुर प्रकाशन प्रालिका निर्देशक र सम्पादकलाई राजद्रोहको अभियोग लागेको थियो । यसै विषयमा नेपालमा प्रेस स्वतन्त्र हनन् भएको भन्ने साथै प्रेसले आफ्नो धर्मरेखा नाघेको भन्ने दुइथरी विचार आएको पाइन्छ । "राजद्रोहको अभियोगको अनुसन्धानका सिलसिलामा कान्तिपुरका सम्पादक तथा व्यवस्थापक पक्राउ"[296] शीर्षकको व्यानर समाचार छापेको देखिन्छ । डा. भट्टराइको लेख छापेर कान्तिपुरले राजद्रोह गरेको आरोपमा सम्पादक युवराज घिमिरे, निर्देशक विनोदराज ज्ञवाली र प्रवन्ध निर्देशक कैलाश सिरोहीयालाई कार्यालयवाटै २०५८ जेष्ठ २४ गते प्रहरीले पक्राउ गरेको घट्नालाई फोटो सहितको समाचार विवरण छापेको पाइन्छ । अपरान्ह ५.५० बजे उहाँहरूलाई सिधै जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगिएको थियो भनि लेखिएको पाइन्छ । साथै यस घट्नाको विरोधमा विभिन्न राजनीतिक पार्टी र संघ संस्थाले जारी गरेको विरोध वक्तब्यलाई समाचारमा समावेश गरेको देखिन्छ ।

"अखिल क्रान्तिकारी नियत र नीतिको परीक्षा"[297] शीर्षक दिएर सम्पादकीय लेखेको पाइन्छ । अखिल क्रान्तिकारीको पन्ध्रौं राष्ट्रिय सम्मेलनवाट पारित नीतिको विषयमा लेखिएको छ । निश्चयनै माओवादीहरू, राजनीतिक मुख्य धारमाआइ शिक्षा लगायत समाजका विभिन्न अन्तरविरोध तथा कमी कमजोरीहरूलाई हटाउँनमा उनिहरूले महत्वपूर्ण योगदान दिन सक्छन्

---

[294] *प्रचण्ड, राजनीतिक यथार्थ र हाम्रो दृष्टिकोण,* ***कान्तिपुर*** दैनिक, १३ बैशाख २०५८, पृ. ६ ।

[295] बाबराम भट्टराई, *नयाँ कोतपर्वलाई मान्यता दिनु हुँदैन,* ***कन्तिपुर*** दैनिक, २० जेठ २०५८, पृ. ६ ।

[296] ***कन्तिपुर*** दैनिक, २४ जेठ २०५८, पृ. १ ।

[297] ***ऐजन,*** १५ असोज २०५८, पृ. ६ ।

भन्ने आशा अझै परिसकेको छैन । तर अखिल क्रान्तिकारीले प्रदर्शन गरेको चारित्रिक विचलनबाट शिक्षा तथा समाजको सुधार होला भन्ने आशा भने उसैको पहिलाको व्यवहारबाट समाप्त भएको छ भनिएको छ । यसरी यस अवधीमा ने.क.पा. माओवादी गतिविधि र नारायणहिटी काण्डबारे समाचारको विषय केन्द्रित भएको देखिन्छ । "काङ्ग्रेसीहरू कुटाकुटको तयारीमा"[298] शीर्षक दिएर नेपाली काङ्ग्रेसको नवौं महाधिवेशनमा पार्टी भित्र सृजित आन्तरिक विवादको विषयमा मुख्य समाचार लेखेको देखिन्छ ।

"काङ्ग्रेसमा सहमति हुन सकेन"[299] शीर्षकको मुख्य समाचारमा काङग्रेसको अधिवेशनमा सहमति हुन नसकेको विषयलाई नै प्राथमिक्तामा राखेर समाचार वनाएको पाइन्छ । यसै अङ्कमा सम्पादकीय लेख मार्फत नेपाली काङ्ग्रेस पार्टीको विगत इतिहासको चर्चा गर्दै समष्टिमा काङ्ग्रेस भित्रको आन्तरिक विवादको कारणले देश जनताको पक्षमा काम गर्न नसकेको निश्कर्ष निकालेको देखिन्छ ।

"अर्थमन्त्रीले राजिनामा नगरे एमालेले सदन चल्न नदिने"[300] शीर्षक दिएर प्रमुख समाचार छापेको देखिन्छ । तत्कालिन अर्थमन्त्री रामशरण महतले आर्थिक अनियमितता गरेको आरोपमा एमालेले राजिनामा मागेको विषयलाई नै समाचारको प्रमुख विषय वनाएको पाइन्छ । समाचार एमाले पार्टीको आरोपलाई महत्वकासाथ उद्धृत गरिएको छ ।

"गिरिजालाई लावतीको चेतावनी"[301] शीर्षक दिएर प्रथम पृष्ठको मुख्य समाचारमा मलकाण्डका आरोपित पद्मसुन्दर लावतीले नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई दिएको धम्कीको विषयलाई समाचारको मुख्यविषय वनाएको देखिन्छ ।

"देउवादेखि गिरिजा त्रस्त, प्रधानमन्त्रीसँग गिरिजा त्रस्त"[302] शीर्षकको समाचारमा नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइराला र नेता शेरबहादुर देउवाबिच भएको आरोप प्रत्यारोपलाई नै समाचार वनाएको पाइन्छ । "आठ गते सरकार ढल्ने निश्चित, आगामी साता नयाँ सरकार बन्ने"[303] ने.क.पा. एमालेका नेता के.पि. ओलिको भनाइलाई नै समाचार शीर्षक बनाएर व्यानर न्युज छापेको देखिन्छ । मौजुदा सरकारलाई ढालेर एमालेसतिको नयाँ गठवन्धन सरकार वनाउँने एमालेको अभिष्टलाई व्याख्या गरिएको छ ।

---

[298] ***दृष्टि*** साप्ताहिक, १८ बैशाख २०५३, पृ. १ ।

[299] ***ऐजन***, २५ बैशाख २०५३, पृ. १ र ३ ।

[300] ***ऐजन***,, १५ साउन २०५३, पृ. १ ।

[301] ***ऐजन***, २९ साउन २०५३, पृ. १ ।

[302] ***ऐजन***,, ४ साउन २०५३, पृ. १ ।

[303] ***ऐजन***, २ पुस २०५३, पृ. १ ।

“गिरिजाले ज्वाँइ उक्साए, काङ्ग्रेसको निर्णयः तोलाको वचन खोलामा”[304] समाचार शीर्षक दिएर समाचार छापिएको छ । ‘... नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको यस विवादको जड भएको र कोइरालाले नै आफ्नै ज्वाँई लक्ष्मण वस्नेतलाई उक्साइ रहेको आरोप छ’ भनिएको छ । यस्तै काङ्ग्रेसको वैठकको प्रारम्भ जुन उत्साहका साथ भएको थियो अन्त्य निरासाजन भएको र परम्परागत शैलबाट पृथक हुन नसकेको भनि समाचार विश्लेषणलाई स्थान दिएर छापिएको छ ।

“काङ्ग्रेसी सांसदले रोष्टम घेरेÆ[305] शीर्षक दिएर जारी संसद अधिवेशननमा प्रतिपक्षी सांसदले रोष्टम घेरेको विषयलाई मुख्य समचार वनाइएको छ । सत्तामा हुँदा र विपक्षमा वस्दा काङ्ग्रेसका सांसदको चरित्र फेरिएको र त्यस्तो चरित्र ठीक नभएको टिप्पणी समेत गरेको पाइन्छ ।

यसरी यो महिना भरि दृष्टिले काङ्ग्रेसको गतिविधिको आलोचना र एमालेको कृयाकलापलाई समर्थन गरेको देखिन्छ ।

“काङ्ग्रेसद्वारा निर्वाचन बहिस्कार गर्नु पर्ने धम्की एमाले ऐतिहासिक विजय यात्रामा”[306] शीर्षक दिएर दृष्टिले स्थानीय निकाय निर्वाचन परिणामको वारेमा ब्यानर न्यूज वनाएको देखिन्छ । यस्तै उपत्यकाको तीनै शहर एमालेको पक्षमा व्यापक लहर, पूर्वमा निर्विरोधको बाढी, जनकपुर एमालेतिर फर्कियो, कहाँ, कहाँ वनाउदैछ (एमाले) ले जिल्ला सरकार शीर्षक दिएर प्रथम पृष्ठ पुरै एमालेमय बनाएको देखिन्छ भने प्रथम पृष्ठकै वक्स न्यूजमा पोखरामा काङ्ग्रेसी ताण्डव उपशीर्षक दिएर आन्तरिक विवादको विषयमा समाचार वनाएको पाइन्छ । काङ्ग्रेसले मतदातालाई भीरबाट खसालेर मारे[307] शीर्षक दिएर चुनावको वेला भएको घट्नालाई समाचार वनाएको देखिन्छ । जनतालाई सम्मान गर्नु पर्छ शीर्षक दिएर स्थानीय निकाय निर्वाचन परिणामको विषयमा आफ्नो दृष्टिकोण दिएको पाइन्छ ।

> राष्ट्रिय राजनीतिमा व्यग्रप्रतिक्षा गरिएको स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ । हिजो काङ्ग्रेसले ६० प्रतिशत स्थानमा जित्दा, आफु सत्तामै भएर निर्वाचन गराउँदा काङ्ग्रेसले धाँदली देखेन । तर, अहिले (एमाले) ले लगभग ५० प्रतिशत को सेरोफेरोमा विजय हाँसिल गर्दा कांग्रेसले प्रजातन्त्रमाथि खतरा देखेको छ । यो अनुचित कुरा हो । हुनु त के गर्थ्यो भने अहिलेको चुनावमा एमालेले जति जितेको छ, त्यो अझै एमालेको मिहिनेत, प्रतिवद्धता र

[304] ***ऐजन***, २८ माघ २०५३, पृ. १ ।

[305] ***ऐजन***,, १९ चैत्र २०५३, पृ. १ ।

[306] ***ऐजन***, ७ जेठ २०५४, पृ. १ ।

[307] ***ऐजन***, १४ जेठ २०५४, पृ. ३ ।

इमान्दारीताको तुलनामा कम परिणाम हो र काङ्ग्रेसले जति जित्यो त्यो अझै वढी भयो[308] भनिएको छ ।

यो विश्लेषणबा पुरै एमालेको पक्षमा लागेर पार्टी पक्षीय पत्रकारिता गरेको प्रष्ट हुन्छ भने स्वतन्त्र प्रेसको नारा नारामा नै सिमीत भई व्यवहारमा उपहास भएको प्रष्ट हुन्छ ।

"एमालेको कार्यनीतिनै मुख्य विवाद" [309] शीर्षकमा ब्यानर न्यूज छापेको देखिन्छ । एमालेको आसन्न छैटौं महाधिवेशनमा प्रस्तुत हुने पार्टीको तत्कालिन कार्यनीतिलाई समाचारको मुख्य विषय वनाएको देखिन्छ ।

"एमाले बैठक समाप्त शक्ति सन्चय नै मुल कार्यनीति" [310] शीर्षक दिएर ब्यानर न्यूज छापिएको छ । फरक मतवारे महासचिव के भन्नु हुन्छ ? वहुदलीय जनवादको कार्यनीति नै गलत छ वामदेव[311] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा एमालेको कार्यनीतिमाथिको विवादलाई विशेष चर्चा गरेको पाइन्छ । कार्यनीतिप्रतिको फरक मतको नेत्रित्व वामदेव गौतमले गरेका थिए ।

"दिशाहिन अल्पमत पक्ष र इतिहासको पुनरावृत्ति" [312] शीर्षकमा एमाले नेता शंकर पोखेलको विचार छापिएको छ । पोखेलले अल्पमत पक्षधर एमालेका समकक्षी नेताहरू प्रति कटाक्षेप गरेको पाइन्छ । साथै नेपाली कम्यूनिष्ट आन्दोलनको पुरानो प्रवृत्तिको संज्ञा दिएका छन् अल्पमत पक्षधरलाई ।

"एमालेमा भित्रिएको विकृतिमाथि मनमोहनद्वारा कडा प्रहार" [313] शीर्षकको ब्यानर न्यूजमा एमालेको जारी छैटौं महाधिवेशन उद्घाटनको अवसरमा पार्टी अध्यक्ष मनमोहन अधिकारीद्वारा व्यक्त विचारलाई महत्वका साथ समाचार छापेको भेटिन्छ । समाचारको साथै उद्घाटन समारोमा भेला भएका जनता र नेताहरूको ठूलो फोटो छापेको देखिन्छ । उक्त समाचारमा जारी एमाले अधिवेशनका विषयमा ब्यापक चर्चा गरेको पाइन्छ । यस्तै नेपाली काङग्रेस चिरा पर्न थाल्यो शीर्षकमा पहिलो प्राथमिकताको समाचार नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको फोटो सहित छापिएको छ । पार्टी नेता कृष्णप्रसाद भट्टराई र सभापति कोइराला बिचको विवादलाई प्रमुखताका साथ छापेको देखिन्छ । "पार्टी

---

[308] ***ऐजन***, २१ जेठ २०५४, पृ. २ ।

[309] ***ऐजन***, १० मंसिर २०५४, पृ. १ ।

[310] ***ऐजन***, २४ मंसिर २०५४, पृ. १ ।

[311] ***ऐजन***, ८ पुस २०५४, पृ. १ ।

[312] शंकर पोखेल, *"दिसाहिन अल्पमत पक्ष र इतिहासको पुनरावृत्ति"*, ***दृष्टि*** साप्ताहिक, २२ पुस, पृ. २ ।

[313] ***दृष्टि*** साप्ताहिक, १४ माघ २०५४, पृ. १ ।

विभाजनकारीलाई सवै मोर्चामा पराजित गरौं माधव नेपाल" [314] शीर्षकमा एमाले महासचिव माधव नेपालले आफ्ना कार्यकतालाई गर्नु भएको आव्हानलाई महत्वका साथ समाचार छापेको पाइन्छ । २०५४ साल फागुन २१ गते एमालेबाट बामदेव गौतमको नेत्रित्वमा विभाजित भै माले पार्टी स्थापना गरेका थिए । यसै विषयमा यसकारण पार्टी एकता सवै प्रयास विफल भए शीर्षक दिएर गोकुल वास्कोटाले समाचार विश्लेषण लेखेको देखिन्छ । बाँस्कोटाको विश्लेषणले एमाले पक्षधर ठीक र माले पक्षधर वेठीक हो भन्ने वुझिन्छ । माले भएकाले विभाजनको विषयमा दृष्टिले आफूलाई एमाले कित्तामा उभ्याएको देखिन्छ ।

"बामदेवले दरवार गुहारे, माले वढार्न कुचो लाउँदै सगरमाथा" [315] समाचार शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । एमालेबाट विभाजित भएको माले र पुरानो एमाले विचको आरोप प्रत्यारोपलाई दृष्टिले स्पष्ट रूपमा एमालेलाई सहयोग गरेको समाचारको प्राथमिक्ता र शब्द चयनवाट पुष्टि भएको देखिन्छ ।

"मालेको घुँडा टेकाई काङ्ग्रेसले बुझेन" [316] शिर्षकको समाचारमा एमालेको विरुद्ध माले काङ्ग्रेससँग मिलेको मात्र नभई काग्रेसलाई कमजोर पार्ने षडयन्त्र गरेको जुन तथ्य काङ्ग्रेसले नबुझेको भन्ने तर्क समाचारमा देखिन्छ ।

"मालेको विषयमा कुनै फैसला भएको छैन प्रधानमन्त्री"[317] शीर्षकको समाचारमा माले संयुक्त सरकारमा सामेल हुँदैन भन्ने प्रश्नको प्रधानमन्त्री कोइरालाको जवाफलाई महत्वका साथ छापेको देखिन्छ । ... तर ने.क.पा. मालेले भने सत्ताआरोहणको लागि आफ्ना सम्पूर्ण विर्णयहरू गतसाता सम्पन्न त्यस गुटको पोलिटब्युरो वैठकवाट गरिसकेको छ भनिएको छ । दृष्टिले पनि मालेलाई (एमाले) ले भन्ने जस्तै गुटको संज्ञा दिएको पाइन्छ । "आगामी आम निर्वाचनमा एमालेको बहुमत सुनिश्चित" [318] शीर्षकको मुख्य समाचारमा एमाले पार्टीको वहुमत हुने मध्य पश्चिमको चुनाव हुन बाँकी ११ जिल्लाको जिविस निर्वाचन परिणामलाई आधार बनाए र लेखेको देखिन्छ । यस्तै सभामुख विरुद्ध महाभियोग आउने नै भो, बर्दिया मै बामदेवलाई बाइबाइ, काङ्ग्रेसी तानासाहीले आन्दोलन निम्त्यायो, "माओवादीले राजालाई बल पुऱ्याएको छ- मोहनविक्रम सिंह" आदि छुट्टाछुट्टै शीर्षकमा राजनीतिक समाचारले पेज भरिएको छ ।

---

[314] ***ऐजन***, २६ फागुन २०५४, पृ. १ ।

[315] ***ऐजन***, १२ जेठ २०५५, पृ. १ ।

[316] ***ऐजन***,, ५ साउन २०५५, पृ. १ ।

[317] ***ऐजन***, १२ साउन २०५५, पृ. १ ।

[318] ***ऐजन***,, ६ असोज २०५५, पृ. १ ।

मालेले करौंती उमेदवार छान्यो, गिरिजाले वामदेवकै बाटो समाते, काङ्ग्रेस हत्याको राजनीतिमा ओर्लियो, के.पि. र सि.पी.को रोमाञ्चक भडिन्त, सुनसरी एकमा जर्मन उम्मेदवार[319] आदि छुट्टाछुट्टै शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापेको देखिन्छ । आसन्न आम निर्वाचनलाई प्राथमिक्तामा राखेर समचार संप्रेषण गरेको पाइन्छ । निर्वाचनकै विषयमा सुनसरी एकको निर्वाचनमा नेकाको उमेदवार सुजाता कोइरालालाई जर्मन उमेदवार भनेको देखिन्छ । सुजाता गिरीजाप्रसाद कोइरालाको छोरी भए पनि जर्मन नागरिक जोष्टसँग विहे गरेकोले जर्मन नागरिक जोष्ट हुन् भन्ने दृष्टिको भनाई भेटिन्छ ।

"एमालेको शक्तिले कांग्रेस आत्तियो"[320] शीर्षक दिएर ब्यानर समाचार लेखेको देखिन्छ । यस समाचारमा चैत्र १२ गते शहीद मञ्चमा एमाले ले आयोजना गरेको जनसभाको फोटो र समाचारलाई महत्वकोसाथ छापेको छ । आयोजक एमालेकै भनाई 'चैत्र १२ गते १२ वजे विरोधीहरूको १२ वजाउँन' फोटो क्याप्सन लेखेको पाइन्छ । साथै एमालेले घोषणा गरेको कुख्यात तस्करहरू वामदेव गौतमदेखि अरु थुप्रैको नालीबेली उतारेको पाइन्छ ।

यो वर्षभरि दृष्टिले सम्पादकीय लेखको शिरमा ने.क.पा.को स्वर्ण जयन्तीको लोगो हसिया हतौडा छापेको पाइन्छ । ने.क.पा. स्वर्ण जयन्ती यस वर्ष ने.क.पा. एमालेले मुख्य रूपमा आयोजना गरेको थियो । यसले दृष्टिलाई एमालेको कित्तामा उभ्याएको थप प्रमाण जुटाएको देखिन्छ ।

"व्यापक धांदली हुँदा पनि एमालेको बहुमत आउने नै भो"[321] शीर्षकको मुख्य समाचारमा आम निर्वाचनमा धाँदली भएको, धाँदलीको विचैवाट एमालेको वहुमत आउँने अनुमान समाचार लेखेको देखिन्छ । "सुनसरी काङ्ग्रेस दिनभर ऋषिमुन, रातभर शिशीमुनि" [322] शीर्षकको गोपाल देवानको वाइलाइन समाचारमा काङ्ग्रेसको सर्मनाक हार र एमालेको एकलौटी जीत हुँदैछ । भनिएको छ-

> क्षेत्र नं ४ मा रुख उमेदवारको रूपमा बहुदलीय व्यवस्थाको सबै भन्दा भ्रष्ट मन्त्रीका रूपमा चिनिएका विजय कुमार गच्छेदार उठेका छन भने क्षेत्र नं. ५ वाट प्रम गिरिजाप्रसाद कोइराला । यस पालिको चुनावमा दुवै क्षेत्रका मतदाताहरूले सूर्य ध्वजाका वहाकहरूलाई विजय गराई गच्छेदार र कोइरालालाई सर्मनाक ढंगले हराउने छाँट देखेपछि काङग्रेसहरू धम्कीको भाषा र गुण्डागर्दीको शैलीमा ओर्लिन पुगेको ठहर स्थानीय जनताले गरेका छन् ।'

---

[319] ***ऐजन***, ४ फागुन २०५५, पृ. १ ।

[320] ***ऐजन***, १६ चैत्र २०५५, पृ. १ ।

[321] ***ऐजन***, २८ बैशाख २०५६, पृ. १ ।

[322] ***ऐजन***, ।

यस्तै इलाममा काङ्ग्रेस रित्तिदैछ यसकारण मैले एमालेको समर्थन गरे जस्ता छुट्टाछुट्टै समाचार शीर्षक दिएर समाचार छापेको पाइन्छ ।

मोरङमा गिरिजाको स्थिति खस्किदैछ[323] शीर्षकको दीपेन न्यौपानेको वाइवाइन समाचारले काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला मोरङ क्षेत्र नं. १ मा कमजोर वन्दै गएको पुष्टि गर्न खोजेको देखिन्छ ।

"आधिकांश स्थानमा एमाले आग्रस्थानमा एमालेको बहुमतलाई कसैले रोक्न सकेन"[324] शीर्षकको व्यानर न्यूजमा पुन सत्ताको धाँदली विच एमालेको बहुमत आउँने आशा झल्कीने समाचार संप्रेषण गरेको देखिन्छ । तर २०५६ को आम निर्वाचनको अन्तिम परिणामले नेपाली काङ्ग्रेसलाई एकमना सरकार वनाउँने जनअधिकार दिएको थियो भने एमालेलाई प्रमुख विपक्षी दलको हैसियतमा स्थापित गरेको थियो ।

"गिरिजाद्वारा सरकार माथि निर्णायक हस्तक्षेप"[325] समाचार शीर्षक दिएर नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको कार्यशैली ठीक नभएको कारण पदवाट हटाउँन आफ्नो पार्टी सभापति कोइराला लागेको सन्दर्भ उल्लेख गरेको पाइन्छ । यस बेला गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराइको बीचमा आपसी सत्ता संघर्ष उत्कर्षमा पुगेको थियो ।

यस्तै वामदेवले मौकामा चौका हान्ने शीर्षकमा माले पार्टीभित्र सिपिसँग वढ्दै गएको विवादलाई समेत प्राथमिक्ताकासाथ समाचार छापेरको देखिन्छ । "पत्रकारहरू हतियार वन्नु हुँदैन"[326] ने.क.पा. एमालेका नेता के.पी. ओलीको भनाइलाई समाचार शीर्षक वनाएको देखिन्छ । ओलीले नेपाली प्रेस र प्रेसकर्मी कुनै पार्टीको हतियार नभै स्वतन्त्र विवेकले देखेको कुरा लेख्न पर्छ भन्ने भनाईलाई समाचारको मुख्य विषय बनाएको देखिन्छ ।

अघिल्लो वर्षको तुलनामा दृष्टि साप्ताहिकले खोजीनीति शीर्षकमा भ्रष्टाचार वारे समाचारलाई नियमित वनाए र केही सूधार गर्न खानेको संकेत देखा परेतापनि आफ्नो मुख्यधार छाडेको देखिदैन । देउवा माओवादी प्रवक्ता नै हुन ? शीर्षकको समाचारमा देउवा माओवादखीसँग वार्ता गर्ने नाममा समितिको कार्यकाल महाधिवेशन सम्म लम्ब्याउँने दाउमा हुनु हुन्छ[327] भनिएको छ । ने.क.पा. माओवादीको उपस्थिति सवै पार्टीमा विवाद सृजना गर्ने या

---

[323] ***दृष्टि*** साप्ताहिक, ७ बैशाख २०५६, पृ. १ ।

[324] ***ऐजन***, ४ जेठ २०५६, पृ. १ ।

[325] ***ऐजन***, १८ असोज २०५६, पृ. १ ।

[326] ***ऐजन***, ७ बैशाख २०५६, पृ. १ ।

[327] ***ऐजन***, १० साउन २०५७, पृ. १ ।

माओवादीको नाममा सत्तारुढ दलमा सत्ता आरोहणको सीढि भएको तर्क समाचारले गरेको देखिन्छ ।

"माओवादीले सरकार होइन दरवारसँग वार्ता गर्ने"[328] शीर्षकमा मुख्य समाचार छापेको देखिन्छ । ने.क.पा. माओवादीले दलको सरकारसँग नभै सीधै राजासँग वार्ता गर्ने, सरकार नाममात्राको भएकाले शक्ति र सेना जो सँग छ उसैसँग मात्र वार्ता गर्ने माओवादी भनाईलाई प्रश्न गरेको देखिन्छ । यस्तै गिरिजा हटाइने की खुमवहादुर फालिने ? शीर्षकको समाचारमा नेपाली काङ्ग्रेस भित्रको विवादलाई प्राथमिकतासाथ छापेको देखिन्छ । पार्टी भित्रको सकारात्मक संस्कार भन्दा पनि नकरात्मक पक्षमा समाचार वढी केन्द्रित रहेको देखिन्छ ।

> प्रचण्ड एकातिर कमरेड लेनिनले विश्वको विभिन्न देशमा क्रान्ति अलग ढंगले हुन्छ भन्नुहुँदा र माओले यान्त्रिक अन्धानुकरणको विरोध गर्नु भएको थियो भन्नुहुन्छ । तर अर्कातिर, आफै पेरु, बोलिभिया, तुर्की फिलिपिन्स, वर्मा, थाइल्याण्ड, मलायामा असफल भएका कम्यूनिष्ट विद्रोह रिमको निर्णयानुसार अन्ध नक्कल गर्नु भएको छ । ... हरेक देशको क्रान्ति आफ्नै किसिमले हुन्छ भने चिनियाँ नजयुद्धको नक्कल किन ? फेरि एमालेको आलोचना किन ? महामन्त्री प्रचण्डले आफ्नो लेखमा नेपालमा चालु पूँजीवादी जनवादी संसदीय प्रणालीलाई सामन्ती प्रतिगामी भएको किटान गर्नु भएको छ । तर आफै दरवारीया तत्वहरूसीत ऋषिकेष, मरिचमान, कीर्तिनिधि, वामदेवसित मोर्चा गर्दै हुनु हुन्छ [329] भनिएको छ ।

यसरी माओवादी निति र विचारको प्रतिवाद वा अन्य राजनीतिक विचारवाट प्रभावित वा प्रेरित लेख रचनालाई समेत महत्त्वकासाथ छापेको पाइन्छ ।

"सेनाकै अगाडी डोल्पाको सदरमुकाम कब्जा"[330] शीर्षकको व्यानर समाचारमा ने.क.पा. माओवादीले सदरमुकाम आक्रमणको घटनालाई विस्तारमा छापेको छ । यो आक्रमणलाई अहिले सम्मकै भीषण भन्दै ... करिव ३ हजारको संख्यामा रहेका ससस्त्र माओवादी छापामारहरूले रोल्पा जिल्लाको सदरमुकामलाई चारैतिरवाट घेरी २०५७ असोज ८ गते आइतवार विहान १ वजे जिल्ला कारागार कार्यालयमा पहिलो आक्रममा गरेका थिए भनिएको छ । यस्तै तत्कालिन् माओवादीका महामन्त्री प्रचण्डद्वारा सार्वजनिक वार्ताको प्रस्तावलाई बक्समा छापेको देखिन्छ । उक्त समाचार शीर्षकलेनै माओवादीको भीषण आक्रमण

---

[328] ***ऐजन***, २४ साउन २०५७, पृ. १ ।

[329] महेशमणि दीक्षित, "प्रचण्डको तीन संघठक र निर्देशक विचारको चिरफार", ***दृष्टि*** साप्ताहिक, २० भदौ २०५७, पृ. २ ।

[330] ***दृष्टि*** साप्ताहिक, १० असोज २०५७, पृ. १ ।

भैरहँदा पनि सेना मुकदर्शक भएर वसेको भन्ने प्रष्ट भएको देखिन्छ । या माओवादी छापामारको सामु सरकारी सेना कमजोर छ भन्ने पत्रिकाको आसय प्रष्टिन्छ ।

"संविधान बदले माओवादीले वन्दुक छाडने" [331] शीर्षक दिएर मुख्य समाचार प्रथम पृष्ठमा महत्वका साथ छापेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ वाधक भएको र त्यसलाई वदले माओवादी शान्तीपूर्ण राजनीतिमा फिर्ने भन्ने माओवादी भनाइलाई नै समाचार स्रोत ठानिएको छ । यस्तै काङ्ग्रेसमा मन्त्रीमण्डल पुनरगठन विवाद यथावत सरकारले विपक्षीलाई जिस्क्याएकै हो ? लाउडा एयरः गिरिजाको निधारमा कलङ्क छुट्टाछुट्टै शीर्षकमा राजनीतिक समाचारलाई नै महत्व दिएको देखिन्छ । असोज ८ गते दुनै आक्रमणको विषयमा थप समाचारमा विश्लेषण गरेको पाइन्छ ।

"कोइरालामाथि महाभियोग लगाउनुपर्छः नेपाल" [332] शीर्षक दिएर ने.क.पा. एमालेका महासचिव माधवकुमार नेपालले प्रधनमन्त्री गिरिजाप्रसाद कोइरालालाई अधिकार दुरूपयोग गरेको लगायतको विषयमा महाभियोग लाउनु पर्छ भन्ने आरोपलाई महत्वकासाथ समाचार वनाएको देखिन्छ । यतिवेला सरकारको विरोधमा नौ वाम सडक संघर्षमा उत्रेका थिए ।

"काङग्रेसी महाधिवेशनले मुलुकका समस्या समाधान गर्न सक्ला ? कोइरालाद्वारा पार्टी एकता संभव छैनः देउवा ।"[333] छुट्टाछुट्टै समाचार शीर्षक दिएर नेपाली काङग्रेसको राजनीतिक गतिविधिलाई विश्लेषण गरेको देखिन्छ । काङ्ग्रेसको १० औं महाधिवेशन देश र जनताका समस्या समाधान गर्न सक्षम हुनु पर्ने तर नसक्ने आसय समाचारमा भेटिन्छ । यस्तै काङ्ग्रेस सभापति कोइराला पार्टी एकताको लागि असक्षम हुनु भयो भन्ने देउवाको आरोपलाई पनि प्राथमिक्तासाथ छापेको देखिन्छ ।

"अव माओवादी आतङ्ककारी कि आतङ्कवादी ?" शीर्षकमा तत्कालिन सर्वोच्च अदालतका मुख्य न्यायाधिश केशवप्रसाद उपाध्यायलाई माओवादीले नेपालगन्ज सुर्खेत खण्डमा आक्रमण गरेको घट्नालाई मुख्य समाचार वनाएको देखिन्छ । समाचारका साथै न्यायाधिसको फोटो समेत छापिएको छ । समाचार अनुसार

... यता माओवादी नेत्रित्वले उक्त आक्रमणलाई परोक्ष रूपमा स्वीकार्दै आक्रमण उनिहरूको घोषित नीति अन्तरगर्त नभएको प्रचार मात्र गराएका छैनन् त्यस्तो क्षेत्रमा प्रधान न्यायाधिशको भ्रमण हुनुलाई आश्चर्यको रूपमा लिँदै आफ्नो उक्त आतंककारी मुकुण्डो छोप्ने

[331] ***ऐजन***, ८ कात्तिक २०५७, पृ. १ ।

[332] ***ऐजन***, २५ पुस २०५७, पृ. १ ।

[333] ***ऐजन***, ३ माघ २०५७, पृ. १ ।

दुश्प्रयास गर्न थालेका छन् ।'[334] यो घटनालाई माओवादीले संवैधानिक अङ्गमाथि भएको सवै भन्दा ठुलो र वर्वरतापूर्वक भनेको देखिन्छ । यसै घटनाको विषयमा एमाले नेता शंकर पोखेलको लेख समेत छापिएको छ ।

> काङ्ग्रेस वैठकमा पनि कोइरालाको राजिनामा मागियो[335] समाचार शीर्षकमा नेपाली काङ्ग्रेस वैठकको आन्तरिक विषयलाई सार्वजनिक गरेको देखिन्छ । संसदको जारी १९ औं अधिवेसनको विषयले काङ्ग्रेसमा विवाद वढेको भनिएको छ । लाउडा प्रकरणले संसदको १९ औं अधिवेसन ५८ औं दिन सम्म चल्न सकेन । विपक्षीले प्रधानमन्त्रीको राजिनामा सहित रोष्टम घेरेको विषयलाई ठूलो महत्व दिएर समाचार लेखेको पाइन्छ । एमालेद्वारा राष्ट्रब्यापी आन्दोलनको घोषणा, कोइराला प्रजातन्त्र दरवारमा बुझाउँने षडयन्त्र गर्दैछन्: नेपाल । [336]

दुई छुट्टाछुट्टै समाचार शीर्षक दिएर दृष्टिले एमालेद्वारा घोषित आन्दोलनको विषयलाई मुख्य समाचार बनाएको छ । सत्तारुढ नेपाली काङ्ग्रेस र विपक्षी एमालेबीचको चिसिदै रहेको सम्वन्धमा समन्वय भन्दा पनि एमालेकै विचार ठीक भन्ने एङ्गलवाट समाचार संप्रेषण गरेको पाइन्छ । यस्तै एमाले महासचिव माधव नेपालले प्रजातन्त्र कोइरालाले दरवारमा बुझाउँने भन्ने भनाइलाई महत्वका साथ छापेको देखिन्छ ।

"गिरिजा हटाऊ आन्दोल देशभर फैलियो"[337] शीर्षकको मुख्य समाचारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीवाट हट्नु पर्ने मागका साथ प्रतिपक्षीले चलाएको आन्दोलनको वारेमा लेखिएको छ । आन्दोलनको क्रममा एकै दिन ३ सय भन्दा बढीलाई गिरफ्तारी गरेको भनिएको छ । साथै प्रधानमन्त्री कोइरालाको वक्तव्यले समस्या समाधान नभई आगोमा घ्यू थपेको निश्कर्ष सहितको समाचार विश्लेषण गरेको पाइन्छ । यसैगरी आन्दोलनको क्रममा प्रहरीद्वारा धरपकड गर्दैरहेको तस्वीर पाँच पृष्टमा पुरै पेज छापेको देखिन्छ ।

"त्रासदीपूर्ण शाही हत्याकाण्डको यथार्थ वाहरि आउनै पर्छ"[338] शीर्षक दिएर २०५८ साल जेष्ठ १९ गते दरवार हत्याकाण्डको यथार्थ विवरण सार्वजनिक हुन पर्ने आफ्नो दृष्टिकोण राखेको छ । जसरी राजाविरेन्द्रको वंशनास भयो त्यसको दोषी दिपेन्द्र हुन् भन्ने विदेशी सञ्चारमाध्यमले प्रचार गरेका छन् । त्यसमा सत्यता छैन भन्दै- 'एउटा उदारवादी छवि वोकेको राजाको वंश मास्नेसम्मको जुन अपराधिक कार्य भएको छ । त्यो कुरालाई इतिहासले क्षमा दिन

---

[334] ***ऐजन***, २४ माघ २०५७, पृ. १ ।

[335] ***ऐजन***, ९ फागून २०५७, पृ. १ ।

[336] ***ऐजन***, ७ चैत्र २०५७, पृ. १ ।

[337] ***ऐजन***, ४ बैशाख २०५८, पृ. १ ।

[338] ***ऐजन***, २३ जेठ २०५८, पृ. २ ।

सक्नैन । त्यसकारण सम्वन्धित निकायले यो दुर्भाग्यपूर्ण घटनाको सत्यतथ्य विवरण चाँडो भन्दा चाँडो वाहिर ल्याउनै पर्छ' भनिएको छ । नारायणहिटि हत्याकाण्डको विषयमा एमालेका महासचिव तथा तत्कालिन संसदमा विपक्षी दलको नेता माधवकुमार नेपालको लेखलाई महत्त्वकासाथ छापिएको देखिन्छ । यस्तै यो अङ्कको सम्पूर्ण पृष्ठमा राजदरवार हत्याकाण्ड र राजा विरेन्द्रको विषयमा विभिन्न लेख सस्मरण र फोटो छापेको देखिन्छ ।

त्यसयता २०५८ साल असार भरका सवै अङ्कमा दरवार हत्याकाण्डको विषयमा नयाँ तथ्य र सृजित परिस्थितिको विषयलाई नै मुल प्राथमिक्ताकासाथ समाचार वनाएको देखिन्छ । यसै घटनासँग सम्वन्धित लेख रचना र राजाको योगदानको विषयमा थप खोजिनीति गर्दै आफ्नो दृष्टिकोण सार्वजनिक गरेको देखिन्छ ।

"देउवाले प्रचण्डको माग पूरा गर्न सक्नु होला" शीर्षकको मुख्य समाचारमा नवनियुक्त प्रधानमन्त्री शेरवहादुर देउवा र विद्रोही नेता प्रचण्ड विचको छुट्टाछुट्टै प्रेस विज्ञप्तिको विषयलाई महत्वकासाथ समाचारको स्रोत बनाइएको छ ।

प्रधानमन्त्री शेरवहादुर देउवाले हिजो एक विज्ञप्ति प्रकासित गरी माओवादीहरू माथि कुनै पनि आक्रमण नगर्न सुरक्षानिकायहरूलाई निर्देशन दिनु भएको थियो । त्यसको जवाफमा हिजो माओवादी अध्यक्ष प्रचण्डले पनि एक विज्ञप्ति प्रकाशित गरी देशको तमाम छापामार योद्धाहरूसँग फौजी आक्रमण स्थगित गर्न निर्देशन दिनु भएपछि सरकार र माओवादी बीच वार्ताको वातावरण बन्ने स्थिति देखा परेको हो ।[339] भनिएको छ । समाचार इन्सेटमा प्रधानमन्त्री र प्रचण्डको प्रेस विज्ञप्तिलाई स्क्यानिङ गरेर छापेको देखिन्छ । यतिवेला सरकार माओवादी वार्ताको आधिकारिक प्रसङ्ग र वातावरण बन्दै गएको अवस्था देखिन्छ । यस्तै काङ्ग्रेसमा मन्त्री बन्न योग्य व्यक्ति छैनन् ? शीर्षक दिएर बक्समा खुमवहादुर खड्का, विजय गच्छेदार, चिरन्जिवी वाग्ले र जे.पी. गुप्ताको फोटो सहित छापिएको छ । उनिहरू भ्रष्ट छविको नेता भएको संकेत दृष्टिले गरेको पाइन्छ ।

"वार्ता भाँडिनु हुँदैन"[340] शीर्षक दिएर सम्पादकीय लेख छापेको पाइन्छ । उक्त लेखमा सरकार माओवादी विच जारी वार्ता कुनै पनि कारण भङ्ग हुन नहुने आशय राखेको प्रष्ट हुन्छ । संविधानसभा राजतन्त्र लगायतको सवै विषयमा खुल्ला छलफल वार्ताको टेवलवाटै हुन पर्छ भन्ने सुझाव समेत दिएको देखिन्छ ।

---

[339] ***ऐजन,*** ९ साउन २०५८, पृ. १ ।

[340] ***ऐजन,*** १९ भदौ २०५८, पृ. २ ।

"सरकारले माओवादी भड्काउन थाल्यो, राजधानीमा निशेधआज्ञा जारी"[341] शीर्षक दिएर मुख्य समाचार छापेको देखिन्छ । समाचारमा सरकार माओवादी प्रति आफै आक्रामक भएको उदाहरण प्रस्तुत गरेको पाइन्छ । यस्तै यसो गरे माओवादी समस्या समाधान होलाकि, हामीले राजासँगको वार्ता खोजेका छैनौ भन्ने क्रमश एमाले नेता के.पी. ओली र माओवादी नेता टोप वहादुर रायमाझीको विचारलाई प्राथमिक्तासाथ छापेको देखिन्छ । वार्ता विथोल्ने तत्वहरू सल्वलाउँन थाले[342] शीर्षकको मुख्य समाचारमा सरकार माओवादी जारी वार्तामा विरोधीहरूको चलखेल भैरहेको विषयलाई गम्भिरताका साथ उठाएको देखिन्छ ।

"सरकार वार्ताबाट किन पछाडि हट्दैछ"[343] शीर्षक दिएर वार्तामा सरकार इमान्दार नदेखिएको तर्फ समाचारको ध्यानकेन्द्रित वनेको देखिन्छ । यस विषयका विविध राजनीतिक चलखेलको वारेमा समेत चासो राखेको पाइन्छ । यस्तै माओवादी हत्यावाट लुटपाटमा उत्रियो छुट्टै शीर्षक दिएर माओवादीले देशको विभिन्न भागमा गरिरहेको चन्दा असुली लगायतको विषयका समाचार संप्रेषण गरेको छ ।

"सरकार माओवादी वार्ता आज"[344] शीर्षकको प्रथम पृष्ठको मुख्य समाचारमा सरकार माओवादी जारी तेश्रो चरणको वार्ता काठमाडौं सेतीदेवीस्थित हात्तिवन रिसोर्टमा हुने विषयलाई उजागर गरेको पाइन्छ । समाचारमा माओवादीले गणतन्त्रको विषयलाई कम प्राथमिक्ति दिएको वा औपचारिक रूपमै त्यागेको भन्ने तर्फ समाचार थप आकर्षण भएको देखिन्छ ।

यस्तै कोइरालाले देउवाको विकल्प खोज्न थाले, हेलिकप्टर दुर्घटनामा अधिराज कुमारी प्रेक्षाको स्वर्गारोहण छुट्टाछुट्टै शीर्षकको समाचार पनि प्रथम पृष्ठमा महत्वकासाथ छोपेको देखिन्छ । "देउवा सरकार संविधानसभा चाहन्छ, माओवादी मुक्ति होइन दासत्ता चाहन्छन्- नेपाल, संविधानसभा पुरा हुन सक्दैन ओली"[345] छुट्टाछुट्टै शीर्षकको समाचारमा संविधानसभाको विषयलाई बढी फोकस गरेको देखिन्छ । यस्तै माओवादीप्रति ने.क.पा. एमालेका महासचिव माधव नेपालको आरोप र संविधानसभाको वारेमा एमाले नेता ओलीको भनाईलाई समेत प्राथमिक्ता साथ छापेको देखिन्छ ।

> उक्त परिवेशमा सरकार माओवादी युद्धविराम भङ्ग भयो । र माओवादीले दाङको होलेरी र सोलुमा एकसाथ आक्रामण गरेको घट्नालाई आधार वनाएर सरकारले २०५८ साल मंसिर १२ गते देशमा संकटकाल घोषणा गरेको देखिन्छ ।

[341] ***ऐजन***, २ असोज २०५८, पृ. १ ।
[342] ***ऐजन***, ९ असोज २०५८, पृ. १ ।
[343] ***ऐजन***, ३० असोज २०५८, पृ. १ ।
[344] ***ऐजन***, २८ कात्तिक २०५८, पृ. १ ।
[345] ***ऐजन***, ५ मंसिर २०५८, पृ. १ ।

> नेपालको कुल जनसङ्ख्याको ७.२ प्रतिशत जनसंख्या भएको मगर जाति नेपालको जनजातिहरू मध्ये सवैभन्दा ठूलो समूह हो । अहिले यहि मगरात क्षेत्रले माओवादी जनयुद्धको प्रहार झेल्नु परिहेको छ । यस जनयुद्धका सूत्रधारहरू मोहन वैध उर्फ किरण, पुष्पकमल उर्फ प्रचण्ड तथा संयुक्त जनमोर्चाका बाबुराम भट्टराइ र पम्फा भुसाल हुन् । २०५२ साल फागुन महिनाको पहिलो सता तिर रोल्पा र रुकुमका प्रहरी चौकीहरूमा एकै साथ आक्रमण गरेर जनयुद्ध सुरु गरिएको थियो । त्यसरी सुरु गरिएको उत्पातलाई रोमियो भन्ने साङ्केतिक नामबाट प्रहरीले थालेको अभियानले सामसुम पाऱ्यो । तर त्यसपछिका घट्नाहरूवाट के देखिन्छ भने त्यो युद्ध अझै सकिएको छैन ।[346]

ऋषिकेश शाहले माओवादी जनयुद्ध र त्यसवाट पर्ने दुरगामी राजनीतिक प्रभावका वारेमा विश्लेषण गर्नु भएको देखिन्छ । रुकुम रोल्पामा पढ्दै गएको माओवादी जनयुद्धको समाचारले यथेष्ट स्थान नपाएको र सत्य तथ्य पनि नखोजिएको भन्दै शाह लेख्नु हुन्छ- यस सम्वन्धी अधिकांश समाचारहरू काठमाडौंमा वसीबसी अनुमानका भरमा तयार भएका छन् र अहिले आएर त रोल्पामा भएका हिंसात्मक घट्नाका समाचारले प्रमुखता पाउँन सञ्चार माध्यमहरूमा छाडेको छ ।[347]

यसरी रुकुम रोल्पाको जनयुद्धको समाचारले ठाउँ पाउँनु पर्छ भन्ने शाहको दृष्टिकोणलाई हिमालले महत्वकासाथ प्रकाशन गर्नु नेपाली छापा विध्वङसात्मक राजनीतिको प्रभावमा आफै पर्ने संकेतको रूपमा लिन सकिन्छ ।

> तर दुर्भाग्यको कुरा नेपालको सञ्चार क्षेत्रलाई विकासवारे लेख्ने कुनै अभिरुची देखिदैन र यो यसनिम्ती सक्षम पनि भैसकेको छैन । भ्रष्टाचार वढीरहेको छ, शिक्षाको गुणस्तर निरन्तर ओरालो लागिरहेको छ, सहायता संस्थाहरूले एकपछि अर्को भयङ्कर गल्ती गरिरहे छन्, सरकारले वाटो विराइरहेको छ, तर यी सवै विषयहरूमा घोत्लीएर लेख्ने पत्रकारहरू हामी कहाँ छैनन् ।[348] कनकमणि दीक्षितको निष्कर्ष रहेको देखिन्छ ।

यस अवधिसम्म हिमालले नेपाली समाजको गम्भिर पक्षलाई अनुसन्धानपरक सामग्री द्वैमासिक रूपमा प्रकाशन गर्दै आएको पाइन्छ । नेपाली राजनीतिमा देखापरेका विभिन्न प्रवृत्ति र तिनको विश्लेषण पनि गर्दै आएको पाइन्छ । खासगरी हिमालले समाज विकासको महत्वपूर्ण पक्षलाई आत्मसात गर्दै आएको तर राजनीतिमा हुने भ्रष्टिकरणको वारेमा नेपाली प्रेस अझ ससक्त वन्नु पर्ने आवश्यक्ताको ठम्याइमा पुगेको देखिन्छ ।

---

[346] हृषीकेश शाह, "रोल्पाले दिएको सङ्केत", ***हिमाल*** खबर पत्रिका, असार-असोज २०५६, पृ. ५५ ।

[347] ***ऐजन***, पृ. ५६ ।

[348] कनकमणि दिक्षीत, "नेपालमा विदेशी सहयोगः हिसाब धेरै, काम सून्य", ***हिमाल*** खबर पत्रिका, पुस-माघ २०५४, पृ. १९-२० ।

अजय विष्टको अङ्गोरा पालनः हतारमा थालिएको व्यवसाय, भैरव रिसालको उत्तरी गोरखाको बहुपति प्रथा आदि विकास र संस्कृतिका रोचक पक्षलाई हिमालले समान महत्व दिएर छापेको देखिन्छ ।

यो नयाँ पाक्षिक पात्रिकाले हिमालले अहिलेसम्म जम्मा गरेका गुणहरूमा गहिरो चिन्तनकासाथ तयार परिएका विश्लेषणहरू प्रस्तुत गर्नेछ ।[349] यसरी हिमालले अव राजनीतिप्रति आकर्षण वढाएर पत्रिका सञ्चालन गर्ने निधोमा पुगेको देखिन्छ ।

यस्तै हिमालको सोही अङ्कमा "माओवादी विद्रोह" शीर्षक दिएर सम्पादकीय छापेको देखिन्छ । माओवादी राजनीतिक विचारले जवरजस्त नेपाली प्रेसमा प्रवाय पार्दै भएको प्रष्टिन्छ ।

रोल्पा र रुकुमका अनकन्टार गाउँहरूमा विद्रोहका फिलिङ्गोहरू उत्पन्न हुनु र अन्य पनि फैलिदै जानुका पछाडी यीनै कारणहरू पर्दछन् । नेपालमा शासकहरू परिवर्तन भएका छन्, शासन व्यवस्था वदलीएको छ । तर राज्य सञ्चालन गर्ने ढाँचामा खासै परिवर्तन आएको अनुभूति भने जनसाधारणले अहिलेसम्म गर्न पाएका छैनन् । सबैले सह्राएको वेस्टमीनिष्टर पद्धतिको भनेर मुलुकले विगत आठ वर्षदेखि अभ्यास गरिरहेको राजनीतिक व्यवस्थाले विहारका लालु-रावरी पद्धतिको आकृति लिइरहेको छ । यसैबाट जन्मीएको निरासा, आक्रोश र वितृष्णा पूर्व सभामुखको 'म पनि माओवादी हुँ' भन्ने सार्वजनिक कथनबाट अभिव्यक्त भएको हो[350] भनिएको छ । पूर्व सभामुख भन्नाले दमननाथ ढुंगानालाई जनाइएको छु ।

> दलीय राजनीतिको प्रसङ्गमा निश्पक्ष र पूर्वाग्रहबाट मुक्त रहन हामी प्रतिवद्ध छौं । तथापी कसैलाई राम्रो पनि नभन्ने र नराम्रो पनि नभन्ने निर्बल निश्पक्षता प्रस्तुत गर्ने हाम्रो लक्ष हुने छैन । हिमाल खबर पत्रिकाले कुनै पनि निर्णयको घडीमा आफूलाई देश र जनताको पक्षमा उभ्याएर घटना र विषयवस्तुको मुल्याङ्कन गर्ने छ । राजनीतिक हिंसा र अराजक्ताको विरोधमा जनमत तयार गर्नु तात्कालिक खाँचोको रूपमा हामीले लिएका छौं[351] भनिएको छ ।

यसरी हिमालले आफूलाई मासिक बनाए पछिको पहिलो अङ्कबाटै राजनीतिक विषयलाई गुणदोषको आधारमा विश्लेषण सहित प्रकाशन गर्ने प्रष्टता देखाएको पाइन्छ । स्वतन्त्रताको नाममा राजनीतिबाट तथष्ट नबस्ने बरु निर्णायक बिन्दुमा पक्ष लिने उद्घोष समेत भेटिन्छ ।

यस्तै राजाको चिठि सुझाव मात्रै शीर्षकमा शिव गाउँलेको रिपोर्टिङ्ग छापिएको देखिन्छ । संसदको जारी सत्रौं अधिवेशनको बेला श्री ५ विरेन्द्रबाट जारी सुझावलाई रिपोर्टिङमा जस्ताको

[349] कनकमणि दिक्षीत, "हिमालको नयाँ रूप", ***हिमाल*** खबर पत्रिका, माघ-फागुन २०५५, पृ. ५ ।

[350] ***हिमाल*** खबर पत्रिका, बैशाख-जेठ २०५५, पृ. २ ।

[351] कनकमणि दिक्षीत, "उकालो लाग्दा", ***हिमाल*** खबर पत्रिका, १-१५ बैशाख २०५५, पृ. ५ ।

तस्तै समावेश गरिएको छ । *"राजनीतिक आस्थाको आधारमा वास्तविकतालाई बढाइ वा घटाइ प्रचारप्रसार गर्नु नहुने ।"*[352] लगायतका सुझावहरू समावेश भएको देखिन्छ ।

सोही अङ्कमा प्रजातन्त्रलाई कसबाट खतरा छ ? देशको सामु रहेका मुख्य समस्याहरू के हुन ? आउँदो चुनावमा कुन पार्टीलाई भोट हाल्नु हुन्छ ? कस्तो उम्मेदवार मन पर्छ ? प्रजातन्त्र पुनस्थापना पछिको सबैभन्दा राम्रो सरकार कुन हो ? भावी प्रधानमंत्रीको रूपमा कसलाई चाहनु हुन्छ ? आदी प्रश्नावली तयार गरेर मत सर्वेक्षण परिणामलाई विश्लेषण सहित छापेको देखिन्छ । नेपालको तात्कालिक राजनीतिमा हिमालको सो मत संर्वेक्षणको ठूलो प्रभाव परेको देखिन्छ । मत सर्वेक्षण परिणाम पनि धेरै हदसम्म सफल भएको देखिन्छ । यसले पनि नेपालको छापामा राजनीतिक प्रभाव कति सम्म ? भन्ने जिज्ञासा सृजना गरेको देखिन्छ ।

प्रदिप गिरीले अगाडी भन्नु भयो-

> 'म यस विषयमा यति बूड छु यदि कुनै दिन मेरो मित्र बाबुरामजी वा कमरेड प्रचण्डले मेरो टाउकोमा दुइतिरबाट दुईवटा बन्दुक तेर्साउनु भो भने म उहाँहरूलाई भन्नेछु, कमरेड आफै मसँग चौविस घण्टा कुरा गरेर हेर्नुस्, मैले यो अवधीमा तपाईका विचार परिवर्तन गर्न सकिन भने म आत्महत्या गरेर मर्नेछु । तपाईंको एउटा गोली वचत हुनेछ ।' यति भनेर प्रदिप गिरी हिड्नु भयो । म भित्रको स्वार्थी पत्रकारले भन्यो "प्रदिप गिरी र प्रचण्डको वहस कान्तिपुर एफएममा प्रत्यक्ष प्रसारण गर्नु पाए मेरो प्रोग्राम क्या सुपरहिट हुने थियो ।[353]

पूर्वकल्पना पत्रकार विजयकुमारले गरेको देखिन्छ । यस्तै हिमालले उक्त अङ्कमा मनमोहन अधिकारीको निधनको विषयमा समाचार सामग्री र व्यक्तित्व बारेका लेख छापेको देखिन्छ । स्वयम् कनक दीक्षितले प्रजातान्त्रवादी कम्यूनिष्टको अवसानले नेपालको राजनीतिमा रिक्तताको अनुभव देशले सुदूर भविष्यसम्म गरिरहनेछ भन्नु भएको देखिन्छ ।

त्यसरी नै बेलायती पुँजीवादी क्रान्तिका नायक क्रोमवेलदेखि लिएर रूसी र चीनियाँ क्रान्तिको लेनिन र माओ हुँदै वर्तमान समयका राष्ट्रिय मुक्ति आन्दोलनका नेताहरू नेल्सन मण्डेला र यासिर अराफातहरूसम्मलाई सम्बन्धित काल र शासक वर्गले आतङ्कवादीको विल्ला भिराउँदै आएको तथ्य कसलाई थाहा छैन र ? अनि हाम्रै देशभित्रका अहिले सत्ताको कुर्सीमा बसेका काङ्ग्रेस र प्रमुख प्रतिपक्षीको कुर्सीमा बसेका एमालेका नेताहरूलाई हिजो पञ्चायतले 'आतङ्कवादी' हत्यारा भन्ने गरेको हो कि होइन ? भनी प्रतिप्रश्न बाबुराम भट्टराईले आफ्नो लेखमार्फत गरेको पाइन्छ । यहाँ कानूनद्वार वर्जित विद्रोही नेताको विचारलाई समान अवसर र

[352] हेर्नुस परिशिष्ट- १४ ।

[353] विजयकुमार, "माओवाद र खाओवाद", ***हिमाल*** खबर पत्रिका, १६-३० बैशाख, २०५६, पृ. ४३ ।

प्राथमिक्ता दिएर छापिनाले आफैद्वारा निर्मित र कार्यन्वीत पत्रकार आचारसंहिताको उलङ्घन भएन ? भन्ने प्रश्न सृजना हुन्छ ।

यस अतिरिक्त हिमालको उक्त अङ्कमा राजा विरेन्द्रको शासनकालको २८ वर्षको समिक्षा, व्यक्तित्व र राजसंस्थाको भावी भूमिका, महत्व, आवस्यका एवम् सूधारको विषयमा कनक मणि दीक्षित र सिव गाउँलेको विशेष रिपोर्टिङ प्रकासित भएको देखिन्छ । साथै राजा, रानी र युवराजको विभिन्न फोटोहरू प्राथमिक्ता दिएर समेत छापिएको छ ।

यसरी हिमाललाई पाक्षिक बनाए पछिको पहिलो वर्ष (२०५६) अघिल्लो वर्षको तुलनामा दोब्बर राजनीकि समाचारप्रति प्रभावित भएको देखिन्छ ।

> बाटो बिराको बहस शीर्षक दिएर सरकारले सेना परिचालन गर्नु मिल्छ या मिल्दैन भन्ने विषयमा सेना परिचालन गर्दैमा माओवादी समस्या समाधान हुन्छ भन्ने कुरा एउटा भ्रममात्र हो, तापनि चाहेको समय र स्थानमा सेनालाइ खटाउँने अधिकार प्रधानमन्त्री र उहाँको सरकारलाई छैन भन्न मिल्दैन/पाइन्दैन[354] भनी लेखिएको छ ।

यतिबेला जननिर्वाचित सरकारको प्रधानमन्त्रीले विद्रोही माओवादीको विरुद्ध सेना परिचालन गर्नु हुन्छ/हुँदैन भन्ने विषयमा राष्ट्रव्यापी वहसको विष बनेको थियो । त्यसै विषयमा हिमालले आफ्नो धारणा सार्वजनिक गरेको देखिन्छ । चार जिल्ला माओवादी हातमा मुख्य शीर्षक दिएर शुधिर शर्माको रिपोर्टिङलाई आवरण समाचारमा छापेको देखिन्छ ।

> रोल्पा, रुकुम, जाजरकोट र सल्यान जिल्लामा सरकारलाई सदरमुकाममा नजरबन्दझैं बनाएर माओवादीहरूले जनवादी सत्ता सञ्चालनको खुल्ला प्रारम्भिक अभ्यास शुरु गरेको छन् । प्रहरी माओवादीसँग लड्नुको साटो हतियार बुझाएर आत्म समपर्ण गर्ने मनस्थितितर्फ लम्कीरहेका छन् भने माओवादीहरू सरकारलाई सदरमुकामबाट पनि लखेटेर 'जनवादी गणतन्त्र नेपाल' को घोषणा गर्ने उत्साहमा देखिन्छन्[355] भनिएको छ ।

माओवादी जनयुद्ध सुरु भए यता उनिहरूले आफ्नो आधार क्षेत्रका जिल्लाहरूमा स्थानीय जनवादी सत्ताको अभ्यास सुरु गरेको चर्चा राजधानीमा आएपछि पत्रकारहरूको चासो स्थलगत रिपोर्टिङमा बड्दै गएको देखिन्छ भने विद्रोही मनस्थितिको पाठकलाई विकाउ समाचार दिन प्रकासकहरू लालायित भएको पाइन्छ । सुधिर शर्माको यस रिपोर्टमा चार जिल्लामा भएका माओवादी गतिविधिको इतिवृतान्त केलाइएको छ । साथै सरकारी अनुपस्थिलाई देखाइएको छ ।

---

[354] ***हिमाल*** खबर पत्रिका, १६-३१ बैशाख २०५७, पृ. ४ ।

[355] ***ऐजन***, १-१५ साउन २०५७, पृ. ३० ।

माओवादीहरू वार्ता किन चाहन्छन् ? शीर्षक दिएर अर्को समाचार सुधिर शर्माले लेखेको देखिन्छ । समाचारमा माओवादीको युद्ध र वार्ताको विषयमा गहिरीएर विश्लेषण गरिएको छ ।

गाउँहरू कब्जा गर्दैगर्दै वर्षौंको प्रयत्न पछि शहर घेरेर केन्द्रिय राज्यसत्ता नियन्त्रणमा लिने लामो बाटोको साटो जुन वखत अवसर मिल्छ काठमाडौंमा कब्जा जमाइ हाल्ले नीति माओवादीले अगालेका छन्[356] भनिएको छ ।

माओवदीको दोश्रो राष्ट्रिय सम्मेलनले लिएको प्रचण्ड पथको चिरफार भनि समाचारमा केन्द्रिय नेताको पाएसम्मको विवरण समेत छापेको देखिन्छ ।

*आकाशलाई छुन सक्ने*

*धर्तिलाई चुम्न सक्ने*

*प्रचण्ड पथ हो यो ... ने.क.पा. (माओवादी) ले जनयुद्ध थालेको ६० महिनाको अवधीमा सबभन्दा ठूलो समारोहको रूपमा दाङको एउटा गाउँमा गरेको दोश्रो राष्ट्रिय सम्मेलनको अन्तिम दिन यस्तै गीत गाएर 'प्रचण्ड पथ' को स्वागत गरिएको थियो ।*[357] भनि समाचारको उठान गरेको देखिन्छ ।

ने.क.पा. माओवादीले राजा फ्याँकेर गणतन्त्र स्थापना गर्ने पुरानो उद्घोषलाई बदलेर अहिले राजालाई 'सिहानुक' बनाइ संसदीय प्रणाली मार्फत राजनीतिको मूलधारमा समाहित हुने कार्ययोजना अगाडी सारेको छ[358] भन्नु भएको पाइन्छ । साथै समाचारको भाव प्रष्टिने गरी रविन स्याय्मीको कार्टुन समेत महत्त्वका साथ छापेको देखिन्छ ।

यस लेखमा राष्ट्रिय राजनीतिका खेलाडी नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेको हैसियत र भूमिगत माओवादी जनयुद्धलाई तुलनात्मक विश्लेषण गरेको देखिन्छ । यस्तै यो अङ्कमा ने.क.पा. (एकता केन्द्र) का महासचिव प्रकाशको अन्तरर्वाता पनि प्रचण्ड पथकै विषयमा छापिएको पाइन्छ । यसरी हिमालले नेपालका राजनीतिमा बढ्दै गरेको माओवादी गतिविधिलाई प्राथमिक्ताका साथ समाचार बनाएको पाइन्छ ।

"दुईहजारको संख्यामा रहेका सशस्त्र माओवादी छापामार लगभग पचास हजार प्रहरीलाई पराजित गर्न सफल हुँदै गएका छन् । भोलि छापामारको सङ्ख्या १० हजार पुग्यो

---

356 ***ऐजन***, १-१५ चैत्र २०५७, पृ. ३० ।

357 ***ऐजन*** ।

358 हरि रोका, "राजनीतिको मूलधारमा फर्कने कसरत", ***हिमाल*** खबर पत्रिका, १-१५ चैत्र २०५७, पृ. ३२ ।

भने लाखको हाराहारीमा रहेको शाही सेना पराजित नहोला ?" [359] भन्ने प्रश्न पुष्कर गौतमले गर्नुभएको देखिन्छ । हिमालले गौतमलाई भूतपूर्व माओवादी छापामार भनेर चिनाएको पाइन्छ । अझ थोरै माओवादी छापामारसँग धेरै प्रहरी हार्ने विभिन्न कारणहरू १० बुँदामा गौतमले विश्लेषण गरेका छन् -

> गुरिल्ला युद्ध भनेको धर्म र नीतिका आधारमा लडिने महाभारत कालिन लडाइ होइन । यो त झुक्याएर, छक्याएर, अप्ठेरोमा पारेर, धराप थापेर वा जसरी भए पनि दुश्मनलाई सखाप पार्ने युद्ध हो । 'अप्रत्यासित आक्रमण' गुरिल्ला युद्ध जित्ने अर्को कडी हो । यो युद्धको अर्को नाम कष्टकर युद्ध पनि हो । छापामारहरूमा असाध्य दुःख गर्ने क्षमता हुन्छ । जुन कुरा राज्यको प्रहरी वा सेनाबाट अपेक्षा गर्न सम्भव हुँदैन[360] भनि विश्लेषण गरेको पाइन्छ । गौतमको विश्लेषणलाई पत्रिकाले महत्वकासाथ छापेको छ ।

२०५८ साल जेठ १९ गते राजदरबार हत्याकाण्डको विषयले सिंगो नेपाली प्रेस अनिर्णित बन्यो । नागरिकको मुल्याङ्कनमा प्रेसले आफ्नो दायित्व पुरा गर्न सकेन नागरिकलाई सूसुचित गर्न सकेन भन्ने आरोप लाग्यो । यस विषयमा हिमालका प्रकासक कनक मणि दीक्षितले समेत स्वमुल्याङ्कन गरेको देखिन्छ -

मिडिया, राजनीति, एकेडेमिया र गैरसरकारी उद्योगमा लागेकाहरू मध्ये अझै समाजमा आफ्नो ठाउँ र देखाउँने गरेको रवाफ अनुसारको उत्तरदायित्व वहन गर्न सकेका रहेनछन् भन्ने कुरा प्रष्ट हुन गयो[361] भनि लेख्नुभएको छ ।

> राजा र राजपरिवारको समूल वंशनास हुँदा धेरै थरी नेपालीले केश मुन्डन गरेर आफूले पनि केश मुण्डन गरेको खुलासा गर्नु भएको देखिन्छ । मैले पनि कपाल खौरें तर, संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्र मजवुद पार्न योगदान पुऱ्याउँने राजा विरेन्द्रप्रति सम्मान प्रकट गर्न र यो व्यवस्था भाँड्न चाहनेहरूलाई सन्देश दिनको निम्ति मैले कपाल खौरे ।[362]

सरकारको गलत बाटो शीर्षक दिएर कान्तिपुर दैनिकले बाबुराम भट्टराइको लेख छापेवापत सम्पादक युवराज घिमिरे र अन्यलाई पक्राउ गरेको विषयमा "भट्टराइले सो लेखमा

---

[359] पुष्कर गौतम, "थोरै माओवादीसँग धेरै प्रहरीहरू किन हार्छन ?", ***हिमाल*** खबर पत्रिका, १६-३० बैशाख २०५८, पृ. १२ ।

[360] ***ऐजन*** ।

[361] कनकमणि दीक्षित, "संकाको साटो विवेक प्रयोग गरौं !", ***हिमाल*** खबर पत्रिका, १-१५ असार २०५८, पृ. ३८ ।

[362] ***ऐजन*** ।

उठाएका बुँदाप्रति कान्तिपुरको सम्पादकीय सहमति नभएको कुरा त्यसको भोलिपल्टै २५ जेठमा छापिएको सम्पादकीय आलेखले नै स्पष्टपारी सकेको छ[363] भनिएको छ ।

यस अतिरिक्त दरबार हत्याकाण्डको विषयमा लेख, रचना, फोटो प्राथमिकतासाथ छापेको पाइन्छ । यसै विषयमा २ वटा अतिरिक्ताङ्क प्रकाशन गरेर दरबार हत्याकाण्ड सम्बन्धी थप सूचना दिने प्रयास गरेको देखिन्छ । प्रकाशकको भनाइको आधार मान्दा शंका होइन विवेक खोज्न पाठकलाई आवाहान् गरेको ठानिन्छ । यस्तै राजा मारिए पनि राजसंस्था प्रतिको आस्था नमरेको भन्ने सम्पादकीय लेखमा आफ्नो राजसंस्थाप्रतिको धारणा अभिव्यक्त गरिएको छ ।

“गणतन्त्रः कति नजिक ?”[364] शीर्षक दिएर शुधीर शर्मा र प्रसान्त अर्यालको संयुक्त रिपोटिङलाई महत्वकासाथ आवरण समाचारमा छापेको देखिन्छ । रविनको व्यङ्गचित्र सहितको यस समाचारमा माओवादीको इतिवृतान्त केलाउँने कोसित गरेको पाइन्छ । माओवादी छापामारको हतियार प्रदर्शनको फोटो सहित होलेरी हमलाको विषयमा चर्चा गरिएको छ भने सेना परिचालनको विषयमा समेत व्याख्या गरेको भेटिन्छ ।

यस्तै सम्पादकीयमा माओवादीले चलाएको मदिरा निशेधको अधियान धेरै अर्थमा ठीक भएपनि नियन्त्रण मात्रै गर्नु पर्छ निशेध गर्नु माओवादीकै लागि प्रत्युत्पादक हुन्छ भनेको देखिन्छ । यस पालिको प्रेसफोटो स्थायी स्तम्भमा माओवादीको निशाना[365] फोटो क्याप्सन छापेको छ । जुन फोटो २४ असार २०५८ को स्पेशटाइम दैनिकमा छापिएको थियो । फोटो र क्याप्सन पत्रकार आचारसंहिताको उलंघन गर्ने प्रकृतिको देखिन्छ । ध्वङसात्मक समाचारको वाडी नेपाली छापामा आइरहेको सन्देश हिमाल खवरपत्रिका पनि उत्तिकै लालायित वनेर समाचारको केन्द्र माओवादी राजनीतिक गतिविधिलाई बनाएको देखिन्छ ।

विकास निर्माण र सामाजिक संस्कार लगायतको अन्य विषयमा समाचारको क्षेत्र कम प्रभावी बन्दै गएको पाइन्छ । काँग्रेस र एमालेको मुख मिल्यो, महाकाली सन्धिले एमाले शक्ति संघर्ष चर्कायो शीर्षकको व्यानर न्यूज वनाएको पाइन्छ । “... तर यो द्वन्द्वले एमाले भित्रको शक्ति संघर्षलाई झन चर्काएको छ । संधी पास नभएमा माधव नेपाल र खड्ग ओलीको तेजोवध हुने र उहाहरूको स्थान क्रमशः झलनाथ खनाल र राधाकृण मैनालीले लिन सक्ने स्थिति देखापरेको छ”[366] भनिएको छ । महाकाली नदीको एकिकृत विकाससम्वन्धी सन्धिवारेको पक्ष-विपक्षमा पार्टीबीचको अन्तरसंघर्षलाई समचारमा मुख्य स्थान दिएको देखिन्छ । सन्धीको पक्ष र विरोधमा विभाजित एमाले नेताहरूको भनाईलाई कोट गर्दै समाचार विस्तार गरिएको

[363] ***हिमाल*** खबर पत्रिका, १-१५ असार २०५८, पृ. ३६ ।

[364] ***ऐजन***, १-१५ भदौ २०५८, पृ. ३० ।

[365] ***स्पेस टाइम्स,*** दैनिक, २४ असार २०५८, पृ. १ ।

[366] ***विमर्श,*** साप्ताहिक, ७ भदौ २०५३, पृ. १ ।

छ । सन्धी पास भए पार्टी अध्यक्ष मनमोहन अधिकारीले अध्यक्ष पदवाटै राजीनामा दिने[367] भन्ने भनाईलाई नै समाचार शिर्षक वनाएको देखिन्छ । महाकाली सन्धीले देशको राजनीति निकै तातेको अवस्थामा विमर्शले एमाले भित्रको दुई फरक विचारलाई निरन्तर प्राथमिक्तामा राखेर समाचार संप्रेषण गरेको देखिन्छ । यस्तै एमालेलाई देउवाले कस्तो जवाफ दिए ? अव विद्यार्थी सडकमा उत्रिए, मनमोहन जी त्यो पैसा खोइनी ? आदि शीर्षक दिएर राजनीतिक समाचारले प्रथम पृष्ठ भरिएको देखिन्छ । एमाले भित्र बहुमतको विजोग शीर्षक दिएर प्रथम पेजमा मुख्य समाचार छापेको देखिन्छ ।

"हिजो महासचिव नेपाल विरुद्ध प्रस्ताव दर्ता हुन असम्भव थिएन । तर नेपालले देङ सिआयो पिङको आड लिएर वैठक नै स्थगित गरिदिनु भयो"[368] भनिएको छ । एमाले पार्टी विचको अन्तरविरोधको समाचार संप्रेषण गर्दा चिनिया पूर्व राष्ट्रपति देङको निधनको विषयमा वैठक स्थगित गर्ने निर्णयलाई विमर्शले महासचिव नेपालले आफूलाई जोगाउँनको लागि देङकै निधनलाई 'आड'को सज्ञा दिएको देखिन्छ ।

यस्तै देउवालाई काङ्ग्रेसी सांसदका चेतावनी शीर्षकको अर्को समाचारमा देउवा विरोधी काङ्ग्रेस सांसदको भनाईलाई महत्त्वको साथ छापेको देखिन्छ । यस्तै आफ्नो सम्पादकीय लेखमा भनिएको छ- "प्रजातन्त्र पुनस्थापना संघर्षको उद्देश्य तीन दशकसम्मको सर्वसत्तावादी पञ्चायत शासनलाई उखेल्नु मात्र थिएन, नेपाल र नेपाली जनताको काँचुली फेर्नु थियो । तर विगतका उपलब्धी जनताका लागि "नयाँ शिशीमा पुरानो रक्सी" बाहेक वढी हुन सकेको छैन"[369] भनि विश्लेषण गरेको देखिन्छ ।

"चन्दले एमालेको हलो जोत्नु पर्ने मुख्य" शीर्षकमा एमाले र राप्रपा चन्द खेमासँगको गठवन्धन सरकारको विषयमा समाचार वनाएको देखिन्छ । प्रधानमन्त्री चन्दको व्यङ्ग चित्र सहित छापिएको उक्त समाचारमा" "चन्दलाई प्रधानमन्त्री स्वीकार गरेर पार्टी सत्तामा संलग्न भएको अध्यक्ष अधिकारी ज्यादै दुःखी देखिनु हुन्छ"[370] भनी लेखिएको छ । एमालेको सहभागितामा वनेको संयुक्त सरकारलाई एमाले ले नै विस्वासको मत दिदैन भन्ने विश्लेषण गरेको देखिन्छ ।

यस्तै राजदरवारदेखि सिंहदरवारसम्म, सैलजाद्वारा राजिनामा, देउवालाई नयाँ जिम्मेवारी दिइने, वामनेताहरूको ठहर यो अवसरवादी गठवन्धन हो, शीर्षक दिएर अन्य समाचार छापेको

[367] ***ऐजन***, २८ भदौं २०५३, पृ. १ ।

[368] ***ऐजन***, १० फागुन २०५३, पृ. १ ।

[369] ***ऐजन*** ।

[370] ***ऐजन***, १ चैत्र २०५३, पृ. १ ।

पाइन्छ । एमाले र चन्दबीचको गठबन्धनलाई जुन आरोप नेपाली काङ्ग्रेसले लगाउँदै आएको छ, सोही मतलाई विमर्शले रुचीका साथ समाचार बनाएको पाइन्छ ।

"अविश्वास दर्ता गर्ने साईत हेरिदैछ"[371] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापेको छ । राप्रपा एमाले गठवन्धन सरकारका विरोधमा प्रतिपक्षी दल नेपाली काङग्रेसको अग्रसरमा त्यस्तो प्रस्ताव आउँनु लागेको विषयलाई जोड दिदै *"गृहमन्त्रालय समेत सम्हाल्नु भएका उप-प्रधानमन्त्री वामदेव गौतमले अविस्वासको प्रस्ताव दर्ता भएको हल्लाको आधारमा प्रधानमन्त्री चन्द्रलाई फोन गर्नु भएको थिएन । वर्तमान सरकार विरुद्ध कुनै पनि क्षण अविस्वासको प्रस्ताव आउन सक्ने तथ्यबाट उहाँ परिचित हुनु हुन्छ"* भनेको देखिन्छ । यसरी सामान्य हल्लाको विषयलाई पनि ठूलो राजनीतिक इस्यु वनाएर समाचार संप्रेषणा गरेको पाइन्छ । मुख्य समाचार कै वक्समा काङ्ग्रेसका नेताद्वय कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला विचको वर्किङ कमिटी पुनरगठनको विषयमा भएको सम्वादलाई छापेको देखिन्छ । यस्तै संसदको यस्तो अपमान कुनै प्रजातन्त्रमा हुँदैन । शीर्षक दिएर संसदसम्वन्धी समाचार छापेको देखिन्छ । यस्तै एमाले र राप्रपा छुट्टिने निश्चित भएको शीर्षक दिएर मुख्य समचार छापेको देखिन्छ । "… एमालेको लागि अव एकमात्र सहारा प्रधानमन्त्री लोकेन्द्रवहादुर चन्द हुनु भएको छ । त्यसैले प्रधानमन्त्री चन्दको हरेक इच्छा र चाहानालाई पुरा गर्न एमाले तत्पर रहेको छ"[372] भनिएको छ । यस्तै कलकत्ता जानु अघि कोइराला, थापा र ओली, संसदलाई कसले हेर्छ ? डा. भेष वहादुर भारतमा राजदुत हुने आदि शीर्षकमा राजनीतिक समाचार छापेको देखिन्छ ।

"एमाले माओवादी भिडन्त, "अविश्वास प्रस्ताव आउँछ-खुम वहादुर खड्का"[373] छुट्टाछुट्टै शीर्षक दिएर समाचारमा छापेको देखिन्छ । माओवादी गतिविधिप्रति विमर्शको आकर्षण वढ्दै गएको पाइन्छ । यसरी नै *"यस्तै रह्यो भने माओवादी आउँछ जनरल नरशम्शेर, राजधानीमा माओवादीले मसाल निकाले"*[374] शीर्षक दिएर देशमा वड्दै गएको माओवादी गतिविधिलाई प्राथमिक्ताका साथ समाचार बनाएको पाइन्छ ।

"एमालेले बामदेवको प्वाँख काट्यो, मनमोहन चिनमाः कोइराला भारतमा"[375] शीर्षक राखेर एमाले पार्टी भित्रको कलह र नेताद्वयको दुई छिमेकी मुलुक भारत र चीन यात्राको विषयलाई नै समाचार वनाएको देखिन्छ । समाचार शीर्षक वनाउँदा मान्छेको उड्ने प्वाँख हुँदैन

---

[371] ***ऐजन***, १० भदौं २०५४, पृ. १ ।

[372] ***ऐजन***, २४ भदौं २०५४, पृ. १ ।

[373] ***ऐजन***, ३१ साउन २०५४, पृ. १ ।

[374] ***ऐजन***, ६ भदौं २०५४, पृ. १ ।

[375] ***ऐजन***, २० भदौं २०५४, पृ. १ ।

भन्ने तथ्य विर्सिएको देखिन्छ । "राजाले गल्ती किन गर्दैन ?"[376] शीर्षक दिएर सम्पादकीय लेखिएको छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले संसद् विघटनसहित मध्यावधी चुनावको सिफरिसको विषयमा राजावाट सर्वोच्च अदालतको राय मागेको विषयलाई लिएर टिप्पणी गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावना विपरित राजावाट काम भयो जो राजाबाट गल्ती भयो भन्ने तर्क सम्पादकीय लेखवाट प्रष्ट पारेको देखिन्छ ।

"काङ्ग्रेस जोगाउनु किशुनजी झुक्नुभयो" शीर्षकमा मुख्य समाचार छापेको पाइन्छ । 'आखिर काङग्रेसलाई फुटाउन सकेन । नेताहरू मिलेरै छाडे । युवा पुस्ताको नेत्रित्व पंत्तिका प्रमुख सहयोगीहरूको सहयोगले हिजो भएको वार्तामा दुई नेताहरू ४० मिनेटको कुराकानी मै सहमतिमा पुग्नुभयो । भट्टराई आज १२ वजे देखिनै नेपाली काङ्ग्रेसको केन्द्रिय कार्यालयमा जाने हुनु भएको छ । काङ्ग्रेस अब पुरानै वातावरणमा फर्कने भयो'[377] भनिएको छ ।

यस्तै "एमाले 'र' को भूमरीमा फस्यो" शीर्षक दिएर अर्को समाचार महत्वका साथ छापेको देखिन्छ । छैठौं महाधिवेशनको सम्मुखमा आएर एमाले विचमा भैरहेको आरोप प्रतयारोप मात्र नभै मदन भण्डारी र जीवराज आश्रितको हत्यारा पनि एमाले भित्रै छन् भनी 'र' को रिपोर्टको हवाला दिदै माओवादी निकट छापामा समाचार छापिए पछि एमाले अव 'र' को भूमरीमा फसेको हो भनिएको छ ।

यसरी यो वर्ष **विमर्श**ले एमाले र नेपली काङ्ग्रेस पार्टीविचको आन्तरिक विवादलाई प्राथमिक्ता दिएर समाचार छापेको देखिन्छ भने माओवादी गतिविधिको विषयमा अभिरुची वड्दै गएको देखिन्छ । विकास विर्माण र ग्रामीण किसानको समस्या र तिनले गरेका राम्रा कामलाई कमै समाचार वनाएको देखिन्छ । कृषि, सडक, र किसानको फोटो सून्य प्राया छन् भने नेताका फोटोहरूले पृष्ठ सजाइएको देखिन्छ । कांग्रेस पार्टीको सरकारको पक्षमा समाचार बढी केन्द्रित भएको देखिन्छ ।

*"प्रमुख प्रतिपक्षी दल ने.क.पा. एमालेले कोइराला सरकारलाई विश्वासको मत दिने घोषणा गरिसकेको छ भने नयाँ राप्रपा लोकेन्द्र वहादुर चन्दहरूले पनि विश्वासको मत दिने निश्चित प्राय छ"*[378] भनि लेखिएको छ । चन्द सरकार ढालेर वनेको काङ्ग्रेसको नयाँ सरको सन्दर्भमा यो समाचार लेखेको देखिन्छ ।

यस्तै "वाम पार्टीले कोइरालालाई के गर्लान ?" राजधानीमा शसस्त्र तालिम, अव राजिनामा दिने छैन शैलजा आचार्य, माओवादी रोक्ने कानून आयो, मन्त्रीहरूको नाम गोप्य

---

376 ***ऐजन***, १० असोज २०५४, पृ. १ ।

377 ***ऐजन***, ४ पुस २०५४, पृ. १ ।

378 ***ऐजन***, ४ बैशाख २०५५, पृ. १ ।

शीर्षक दिएर प्रथम पृष्ठमा अन्य समचार छापेको देखिन्छ । प्रथम पृष्ठमा छापिएका सवै समाचारको विषय तात्कालिन राष्ट्रिय राजनीतिसँग सम्वन्धित रहेको छ ।

"काङ्ग्रेसले फेरि गल्ती दोहोऱ्यायो"[379] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापेको देखिन्छ । नवगठित मन्त्रीमण्डल विस्तारको विषयमा काङ्ग्रेसका एकाथरी नेता नपरेको विषयलाई लिएर उक्त समाचारमा राजनीतिक घट्ना विश्लेषण गरेको पाइन्छ । यस्तै माले कुइरोको काग हो- मनमोहन, एमाले विदेशीको दलाल हो- वामदेव यो गिरिजा बाबुको ऐतिहासिक कदम हो- प्रदिप गिरी आदि छुट्टा-छुट्टै शीर्षकमा समाचार लेखेको देखिन्छ । सवै समाचार शीर्षक राजनीतिक पार्टीका नेताले बोलेको बोलीलाई नै बनाएको देखिन्छ । यसरी हेर्दा सवै समाचारमा राजनीतिप्रति आकर्षित भएको पाइन्छ ।

"एमालेले सरकार ढल्न नदिने, वामदेवको समर्थनमा प्रधानमन्त्री बन्न मनमोहनद्वारा अस्वीकार"[380] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापेको पाइन्छ । मालेको समर्थनमा एमाले नेता मनमोहन अधिकारीको नेत्रित्वमा नयाँ सरकार बनाउनु भन्दा मौजुदा काङ्ग्रेस सरकारलाई समर्थन गर्ने नीति एमालेको रहेको भन्ने विश्लेषण समाचारमा रहेको छ । यस्तै, हामी सरकारमा जाँदैनौं शीर्षकमा एमाले नेत्री विद्या भण्डारीको भनाइलाई महत्वका साथ समाचार वनाएको देखिन्छ । काङ्ग्रेसभित्र सरकार र नेताको विरोध, म पनि वन्दुक चलाउनु जान्दछु- खुमवहादुर[381] शीर्षकमा पुन नेपाली काङ्ग्रेसको सरकार र पार्टी विचको विवादलाई समाचार वनाएको पाइन्छ ।

माओवादी खोज्न प्रहरी दौडिए[382] शीर्षक दिएर माओवादी नियन्त्रणको लागि सरकारी प्रहरीको सकृयताको विषयमा समाचार छापेको देखिन्छ । माओवादी गतिविधि र त्यसलाई नियन्त्रण गर्ने सरकारी कृयाकलापलाई प्राथमिक्तामा राखेर समाचार संप्रेषण गरेको देखिन्छ । संसदमा सवै दल सरकार विरुद्ध लाग्ने, माओवादी कति मारीए ठेगाना छैन, काङ्ग्रेसले मालेलाई सत्तामा लिनु पर्छ[383] आदि शीर्षकमा तत्कालिन सत्ता समिकरणको विषय र माओवादी आन्दोलनको वारेमा समाचार विश्लेषण छापेको देखिन्छ ।

यसरी यो वर्ष सत्ता राजिनीति र विद्रोही ने.क.पा. माओवादीको राजनीतिक गतिविधिलाई प्राथमिक्तामा राखेर विमर्शले समाचार संप्रेषण गरेको पाइन्छ । यस्तै एमालेको भविष्य संकटको भूमरीमा शीर्षक दिएर मुख्य समाचार छापेको देखिन्छ । एमाले संकटको

---

379 ***ऐजन***, ११ भदौं २०५५, पृ. १ ।

380 ***ऐजन***, १ जेठ २०५५, पृ. १ ।

381 ***ऐजन***, ८ जेठ २०५५, पृ. १ ।

382 ***ऐजन***, १५ जेठ २०५५, पृ. १ ।

383 ***ऐजन***, २२ जेठ २०५५, पृ. १ ।

भूमरीमा पर्ने कारणको वारेमा "पार्टी अध्यक्ष मनमोहन अधिकारीको निकै चिन्ताजनक अवस्था (निधन ?) ले उक्त पार्टीको चुनावी अभियानमा मात्र नकारात्मक असर पारेको छैन, एकालेको भविष्यलाई नै संकटको भूमरीमा पुऱ्याएको छ"[384] भनिएको छ ।

मनमोहन अधिकारीको निधनसँगै एमालेको भविष्य संकटको भूमरीमा फस्ने निक्यौलका साथ समाचारलाई सनसनीपूर्ण वनाएको देखिन्छ । यस्तै मनमोहनजी दश वर्ष बाच्नुहोस्- कृष्णप्रसाद भट्टराई, शिक्षण अस्पतालमा वामदेवले विमारी हेर्न पनि पाएनन् आदि समाचार शीर्षकमा मनमोहन अधिकारीको सम्भावित निधनजन्य घट्नालाई नै समाचार वनाएको पाइन्छ । यस्तै आसन्न आम चुनावमा मनमोहनको निधनले नेपाली काङ्ग्रेसलाई बहुमत आउँने निश्चित भनि विश्लेषण गरेको देखिन्छ ।

मनमोहन अधिकारीको स्वास्थ्य अवस्थाले देश चिन्तित वनेको अवस्थामा विमर्शले यसरी समाचार संप्रेषण गरेको हो । "मालेले एमालेको गढ भत्काइदियो, चुनावपछि नेपाली काङ्ग्रेसको एकलौटी सरकार बन्ने, एमालेले साधनाको इच्छा लत्यायो"[385] शीर्षक दिएर मुख्य समाचार छापेको पाइन्छ । मालेले एमालेलाई कमजोर वनाएको विश्लेषण एकातिर छ भने अर्कातिर साहाना प्रधानको इच्छा एमालेले पुरा नगरिदिएको भनाई आएको देखिन्छ । समाचारको केन्द्र एमालेप्रति वाएस भएको पाइन्छ ।

*दोश्रो चरणमा पनि* "नेका अगाडिः एमालेलाई मत दिने कारण देखिएन"[386] शीर्षकमा प्रथम पृष्ठमा मुख्य समाचार छापेको देखिन्छ । पहिलो चरणमा अगाडि देखिएको काङ्ग्रेसको समर्थन गर्दै दोश्रो चरणको चुनावमा एमालेलाई जनताले मत दिने कारण विमर्शले नदेखेको आफैले प्रष्ट पारेको छ । यस्तै जनताले कसको कुरा पत्याउने ? छुट्टै शीर्षक दिएर चुनावमा एकले अर्कालाई धाँदली गरेर आफु हारेको, कम सीट जितेको र अरुले सत्ता हत्याएको भन्ने काङ्ग्रेस एमाले र मालेको भनाइलाई सन्तुलनमा राखेर समाचार वनाएको देखिन्छ । प्रथम पृष्ठको अन्य समाचार शीर्षकहरूमा एमाले-माले मर्न मार्न उत्रिए,सदभावना समाप्त हुने, काङ्ग्रेस मार्ने क्रम जारी आदि समाचार शीर्षक रहेको देखिन्छ ।

"प्र.म. भट्टराई एक्लो पर्नु भयोः सरकार अल्मलियो, छिट्टै नयाँ मन्त्रीहरू आउँदैछन् ।"[387] शीर्षकमा मुख्य समाचार छापेको देखिन्छ । कृष्णप्रसाद भट्टराईको सरकारमा नयाँ मन्त्रीहरू आएपछि मात्रै सरकार नअल्मलिने भनि समाचार विश्लेषण गरेको पाइन्छ । यस्तै एमाले प्रतिपक्षको तालिम दिन थाल्यो छुट्टै समाचार शीर्षक वनाएर प्रतिपक्षीदल एमालेको राजनीतिक

---

[384] ***ऐजन***, ६ असार २०५५, पृ. १ ।

[385] ***ऐजन***, १० बैशाख २०५६, पृ. १ ।

[386] ***ऐजन***, २४ बैशाख २०५६, पृ. १ ।

[387] ***ऐजन***, ३१ बैशाख २०५६, पृ. १ ।

गतिविधिलाई दोश्रो प्राथमिक्तामा राखेको पाइन्छ । सरकारको शैली विरुद्ध काङ्ग्रेसमा विष्फोट शीर्षक दिएर मुख्य समाचार छापेको देखिन्छ । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र पार्टी सभापति गिरिजाप्रसाद कोइराला बिचको आन्तरिक शक्ति संघर्षको विषयमा समाचार केन्द्रित रहेको देखिन्छ । समाचारमा "पार्टी भित्रको मत र निजी विचार व्यक्त गर्ने क्रममा सरकारप्रति असहमति व्यक्त गरे पनि उनिहरू प्रतिपक्षले प्रहार गरेको ठाउँमा सरकारको ढाल बनेर उभिने गरेका छन्[388] भनिएको छ । नेपाली काङ्ग्रेस भित्रको आन्तरिक सत्ता संघर्षको कारण देशको राष्ट्रिय राजनीति दीशाहिन वनिरहेको सन्दर्भमा उक्त समाचार छापेको पाइन्छ । यसै विषयमा सम्वन्धित विभिन्न सांसद र नेका नेताको भनाईलाई समाचारमा महत्वपूर्ण स्थान दिएको देखिन्छ । "माओवादी आतङ्कको औषधि खोज्न थालियो"[389] शीर्षक दिएर जारी माओवादी आन्दोलनलाई नियन्त्रण गर्न सरकारले चाल्ने थानिएको नीति वारे अवस्था उपस्थित चुनौती पूर्ण बन्दै आएको सन्दर्भमा सरकारी कदम ठीक हुने भनिएको छ ।

"कोइराला र भट्टराइबिच फेरि तुषारो पर्न थाल्यो ?" [390] शीर्षकमा प्रथम पृष्ठमा मुख्य समचार छापेको देखिन्छ । पुन काङ्ग्रेसका नेताद्वय कोइराला र भट्टराई बिचको विवादलाई विषय बनाएर समाचार संप्रेषण गरेको देखिन्छ । यस्तै एमाले अर्को कठघरामा उभियो, माले आफ्नै जालोभित्र छुट्टा-छुट्टै समाचार शीर्षक दिएर एमाले, मालेको राजनीतिक गतिविधीलाई समेटिएको छ । विकास निर्माण र ग्रामिण क्षेत्रको समाचारले स्थान पाएको देखिदैन । भट्टराइले सहमतिको समयभित्रै राजीनामा दिने शीर्षक दिएर मुख्य समाचार छापेको पाइन्छ । *"अविस्वासको प्रस्ताव फिर्ता लिने निर्णयले न प्र.म. भट्टराइको इज्जत बढ्यो न सभापति कोइराला सफल हुनु भयो । एकातिर भट्टराई पदलोलुप र पार्टी भित्रको वहुमतको भावनाको पनि कदर नगर्ने जस्तो देखिनु भयो भने अर्कातिर कोइराला पनि सत्ता लोलुप र अस्थिरतावादी जस्तो हुनु भयो"* [391] भनि विश्लेषण गरेको देखिन्छ । यसरी भट्टराई र कोइराला बिच भएको राजनीतिक सहमतिप्रति आफ्नो विश्लेषण सहितको समाचार छापेको देखिन्छ ।

"यस्तो दरवारको चिट्ठी किन आउँछ ?" शीर्षकमा वक्स समाचार र एमालेले आतङ्ककारी रणनीति बनायो शीर्षकमा अर्को राजनीतिक समाचारलाई दोश्रो प्राथमिक्तामा राखेर छापेको पाइन्छ । सरकारले शसस्त्र वन्दलाई निरास पार्‍यो, आफैले बोलाएको वन्दमा माओवादी कतै देखिएनन्[392] शीर्षक दिएर माओवादीले आह्वान गरेको वन्दको विषयमा सरकार सफल

---

[388] ***ऐजन,*** २८ जेठ २०५६, पृ. १ ।

[389] ***ऐजन,*** २ पुस २०५६, पृ. १ ।

[390] ***ऐजन,*** २३ पुस २०५६, पृ. १ ।

[391] ***ऐजन,*** ३० पुस २०५६, पृ. १ ।

[392] ***ऐजन,*** २० फागुन २०५६, पृ. १ ।

भएको भनि समाचार छापेका देखिन्छ । एकातिर भने अर्कोतिर भूमिगत माओवादी देखिनु पर्ने अपेक्षा पनि विमर्शले गरेको देखिन्छ ।

यस्तै चैत्र २६ गते एमालेले घोषणा गर्ने भनिएको भ्रष्ट को होलान ? भन्ने जिज्ञासा सहितको अर्को समाचारलाई पनि महत्त्वकासाथ छापेको देखिन्छ । यस वर्ष पनि विमर्शले आफ्नो पूर्ववत शैलीलाई निरन्तरता दिएको पाइन्छ । एमालेले समभ्रुदारी पछि साभ्रेदारी खोज्यो ? काङ्ग्रेसले बल्ल घोषणापत्र पल्टायो, संसदमा सरकारको चिरफार, माओवादीले गल्ती गरेका हुन्- सि.पी., काङग्रेसले कुर्सीको लडाई छाड्नु पर्छ- रविन्द्रनाथ शर्मा[393] आदि समाचार शिर्षकहरू छन् । उक्त शीर्षकका समाचार सवै प्रथम पृष्ठमा छापेको देखिन्छ ।

"विकल्प खोजियो भने राजतन्त्र रहँदैन"[394] पूर्व प्रधान न्यायाधिश विश्वनाथ उपाध्यायले सम्वाददाताको प्रश्नमा राजतन्त्रवारेको धारणालाई महत्वको साथ छापेको देखिन्छ । राजनीतिक दल र राजा विचमा वड्दै गएको विवाद र आपसी अविस्वासको सन्दर्भमा उपाध्यायको उक्त विश्लेषण आएको देखिन्छ ।

यस्तै माओवादी पार्टीले हत्याको जिम्मेवारी लियो, एमाले नगएकोले वार्ता भएन विगतको गल्ती दोहोरिनु हुँदैन - देउवा आदि शीर्षकमा समाचार छापेको देखिन्छ ।

माओवादीसँग सरकारले वार्ताको एजेण्डा माग्ने शीर्षक दिएर पहिलो पेजमा मुख्य समाचार छापेको देखिन्छ । वक्समा माओवादीको मुख्य मागलाई छापिएको छ ।

> ने.क.पा. माओवादीले वार्ताको अभिनय गरेको यो पहिलो होइन । यस अघि पनि माओवादीले आफ्नो शक्ति क्षिण हुन थालेको महसुस गरेर वार्ताको प्रस्ताव राखेका थिए । उनिहरूको वार्ताको लागि वातावरण सृजना गर्न आग्रह गर्दै देव गुरुङलाई रिहा गरेमा वार्ता गर्ने वचन दिए । तत्कालिन गृहमन्त्री खुमबहादुर खड्का राजी भए । ... खुमबहादुर खड्काको जोड नभएको भए गुरुङ त्यति सजिलै छुट्ने थिएनन् । (सम्भवतः त्यसैले माओवादीहरू अहिले खड्का नै गृहमन्त्री वन्नुपर्छ भन्दैछन्) [395] भनि समाचार विश्लेषण छापेको देखिन्छ ।

माओवादीको वार्ता प्रस्तावलाई ***अभिनय*** भनिएको देखिन्छ भने माओवादी संसदवादी दलको सत्ता आरोहणको सीडिको रूपमा प्रयोग हुँदै आएको तर्फ समाचार अरु केन्द्रित भएको देखिन्छ ।

---

393 ***ऐजन***, २५ चैत्र २०५६, पृ. १ ।

394 ***ऐजन***, १३ जेठ २०५७, पृ. १ ।

395 विश्वनाथ उपाध्याय, "विकल्प खोजियो भने राजतन्त्र रहदैन", ***विमर्श*** साप्ताहिक, २० जेठ २०५७, पृ. १-८ ।

यस्तै सदनलाई सबैबाट धोका शीर्षकमा नेपाल नागरिता ऐन २०२० लाई संसोधन गर्न बनेको विधेयकलाई राष्ट्रिय सभामा एमालेको सांसदबाटै अस्वीकृत भएको विषयमा समाचार छापेको छ । हिंसा र आतङ्क रोक्न सहमति हुन सक्ने शीर्षक दिएर विद्रोही नेता बाबुराम भट्टराइको फोटो सहितको अन्तरवार्ता महत्वका साथ छापेको देखिन्छ ।

"कुनै अत्तो थापेर वार्ताको टेवलबाट भाग्ने मनशाय हाम्रो होइन"[396] भन्ने डा. भट्टराइको अभिव्यक्ति आएको देखिन्छ । माओवादी आन्दोलनको अग्र गतिसगै विमर्शले माओवादीप्रति चासो राख्दै समाचार र वार्ता छाप्न लालयित भएको देखिन्छ । डा. भट्टराइको वार्तालाई विशेष अन्तर्वार्ताको रूपमा ग्रहण गरेको देखिन्छ ।

"राजा आज बेलायततिर", "कांग्रेसको केन्द्रीय समिति पुनर्गठन हुने ?" र थापा एमालेसित क्रुद्ध शीर्षकमा अन्य समाचारलाई पहिलो पृष्ठमा प्राथमिक्ताकासाथ छापेको देखिन्छ ।

"संसदमा मुढेबल" शीर्षक दिएर सम्पादकीय लेखेको देखिन्छ । संसदको १९ औं अधिवेशन अवरुद्ध भएको विषयमा विमर्शले आफ्नो धारणा यसरी राखेको पाइन्छ- "संसदको चालू १९ औं अधिवेसनमा संवैधानिक माध्यम भन्दा मुढेवल प्रयोग गर्ने जुन आशंका गरिएको थियो, त्यस्तै भयो ।"[397] प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजिनामाको विषयलाई लिएर मुख्य प्रतिपक्षी एमाले लगायतको विपक्षीहरूले संसद अवरुद्ध पारीरहेको विषयमा उक्त सम्पादकीय लेखेको देखिन्छ ।

"कांग्रेसीहरू मिलेमा एमालेले मैदान छोड्ने"[398] शीर्षक दिएर मुख्य समाचार छापेको देखिन्छ । निरन्तर संसदको कार्वाही अवरुद्ध भएको विषयमा उक्त समाचार संप्रेषण भएको देखिन्छ ।

यस्तै एमालेले टुंडीखेल भर्ने शीर्षकमा एमालेको विरोध सभा बारेको समाचार दोश्रो प्राथमिक्तामा छापेको देखिन्छ । सदनमा प्रधानमन्त्रीले राजीनामा नगरे पछि आफ्नो माग जनतालाई सुनाउन सो कार्यक्रमको आयोजना गर्नु परेको भन्ने आयोजकको भनाई समेत उदृत गरेको देखिन्छ ।

प्रतिपक्षले मध्यावधी चुनाव गराउन वाध्य पार्ने ? शीर्षकमा संसद अवरुद्ध भएको विषयमा पुन समाचार छापेको देखिन्छ । '... माघ २६ गते प्रारम्भ भएको संसदको १९ औं अधिवेशनलाई अहिलेसम्म प्रतिपक्षले लगातार अवरुद्ध गर्दै आएका छन् । संसद प्रारम्भदेखि नै

---

[396] ***विमर्श*** साप्ताहिक, २ असार २०५७, पृ. १ ।

[397] ***ऐजन***, १६ असार २०५७, पृ. १-८ ।

[398] ***ऐजन***, ५ फागुन २०५७, पृ. २ ।

सम्बन्धित मन्त्रीले लाउडा विमानका सम्बन्धमा संसदलाई यथार्थ जानकारी गराउन खोज्दा पनि प्रतिपक्षले वोल्न समेत दिएनन् ।'[399] भनिएको छ ।

यस्तै "जयप्रकाश र सुरेन्द्रले अरु के गर्लान् ?" शीर्षक दिएर भ्रष्टाचार सम्बन्धी समाचार छापिएको देखिन्छ । भ्रष्ट नेताहरूले संसदीय प्रजातन्त्रलाई कमजोर पार्ने सुझाव समेत दिइएको छ ।

जनताले माफ गर्ने छैनन् शीर्षक दिएर विमर्शले सम्पादकीय लेख छापेको देखिन्छ । 'संसदको उन्नाइसौं अधिवेशन सुरु भएको सात हप्ता वितेको छ तर प्रमुख प्रतिपक्षी दल ने.क.पा. (एमाले) को नेतृत्वमा विपक्षी पार्टीहरूले अवरोध खडा गरेको कारण अहिलेसम्म नियमित शत्रमा प्रवेश गर्न पाएको छैन । ... यो प्रजातन्त्र विरोधी कदमको मुल्य प्रतिपक्षी दलहरूले पछिसम्म चुकाउँनु पर्नेछ । आफ्नो स्वार्थको लागि संसदलाई नै पंगु र असफल पार्न खोजिएको यो कार्यलाई जनताले माफ गर्ने छैनन्'[400] भनि किटान गरेको देखिन्छ ।

यसरी संसदको १९ ओं अधिवेशनको विषयमा **विमर्श**ले माघदेखि चैत्रभर आफ्नो समाचारको मुख्य विषय बनाएको देखिन्छ । लाउडा प्रकरण सत्तापक्षले गरेको भ्रष्टाचारको विषयलाई गौण र संसद अवरुद्ध गर्ने प्रतिपक्षको व्यवहारलाई प्रमुख दोषको रूपमा विवेचना गरेको देखिन्छ ।

"राजा रानीको हत्या यसरी भएछ !" शीर्षकमा प्रथम पृष्ठमा मुख्य समाचार छापेको देखिन्छ । वि.सं. २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरवार राजाविरेन्द्रको वंशनास गरीएको घटनाको विषयमा उक्त शिर्षकमा घटना विश्लेषण गरेको पाइन्छ ।

> ... अहिलेसम्म प्रत्यक्षदर्शी र शाही नातेदारहरूले वताए अनुसार राजा रानीसित युवराजधिराज दीपेन्द्रको विवहाको कुरा बाहेक कुनै पनि विषयमा मतभेद थिएन । तर त्यसदिन रात्री भोजमा विवहाको कुरा बाहेक कुनै पनि विषयमा मतभेद थिएन । तर त्यसदिन रात्रीभोजमा विवहाको प्रसङ्ग ज्यादा चलेको थिएन । त्यहा उपस्थित राजारानी सहित राजपरिवारका अधिकांश सदस्य दीपेन्द्रले देवयानीसित विवहा गर्नु हुँदैन भन्ने पक्षकै थिए[401] भनि लेखिएको पाइन्छ ।

समाचारको साथ युवराज दिपेन्द्रले भारत भ्रमणको समयमा हतियार निरीक्षण गर्दै रहेको फोटो समेत छापिएको छ ।

---

[399] ***ऐजन***, १९ फागुन २०५७, पृ. १ ।

[400] ***ऐजन***, ३ चैत्र २०५७, पृ. १ ।

[401] ***ऐजन***, १७ चैत्र २०५७, पृ. १ ।

यस्तै "अव राजतन्त्र नै समाप्त हुन्छ ?" शीर्षक दिएर दरवार हत्याकाण्ड सम्बन्धी अर्को समाचार छापिएको छ । समाचारसँगै नवराजा ज्ञानेन्द्रको फोटो राखिएको छ । '...भनिन्छ श्री ५ विरेन्द्रद्वारा जनचाहाना अनुरूप समय समयमा सुधारका कुरा उठाउँन खोज्दा मौसुफबाट अवरोध खडा गरिवक्सन्थ्यो र जनमत संग्रहमा बहुदल पक्षलाई पराजित गराउँन मौसुफको विशेष भूमिका थियो ।'[402] भनि श्री ५ ज्ञानेन्द्रको चरित्र बारे लेखिएको छ ।

"त्यो कालो रात !!!" शीर्षक दिएर विमर्शले सम्पादकीय छापेको पाइन्छ । "गत शुक्रबारको कालो रात नेपालको इतिहासमा आँधि तुफान मच्चाएर गयो । नेपाली जनताको आस्था, विस्वास र भावना वज्रपात गर्ने त्यो घटना नेपालको इतिहासमा सदाका लागि कालो अक्षरले लेखिनेछ । नेपालको राजनीतिक इतिहासमा राणाकाल भन्दा भयङ्कर र अकल्पनीय त्यो रक्त रन्जित शाही हत्याकाण्ड (२०५८ जेष्ठ १९) अनन्त कालसम्म चर्चित रहिरहनेछ ।"[403] भनिएको छ । उक्त रातलाई कालो घटनालाई आँधि तुफान, भयङ्कर, अकल्पनीय र रक्तरन्जितको संज्ञा दिएको देखिन्छ । समग्रमा विमर्शको यो अङ्क दरबार हत्याकाण्डमा केन्द्रित वनेको देखिन्छ भने घटना दिपेन्द्रले देवयानीसँग विहे गर्न राजपरिवारको अनुमति नभएकै कारण स्वयम् दिपेन्द्रले घटाएको हो भन्ने शाही नातेदारको एकतर्फी भनाइलाई नै आधिकारिक ठानेको पाइन्छ । नारायणहिटीको रहस्य अझै खुलेन शीर्षक दिएर दरवार हत्याकाण्डबारे घट्नाको फलोअप गरेको देखिन्छ ।

'आखिर यस्तै प्रतिवेदन आयो जस्तो कि धेरैलाई थाहा थियो । जेठ १९ गते राती नारायणहिटी दरवारमा भएको अकल्पनीय हत्याकाण्डको छानविन गर्न गठित समितिले हिजो प्रस्तुत गरेका प्रतिवेदन कसैको लागि पनि आश्चर्यजनक रहेन । त्यो प्रतिवेदन घटना विवरणको पुलिन्दा मात्र थियो । त्यसले कुनै नयाँ तथ्य जनसमक्ष ल्याउँन सकेन ।'[404] भनि छानविन समितिको प्रतिवेदनलाई पुलिन्दाको संज्ञा दिएको पाइन्छ । समाचारको साथै स्व. युवराज दिपेन्द्रको फोटो सहित "सवैको सहानुभूतिको केन्द्र दीपेन्द्र" क्याप्सन लेखिएको छ ।

"यस्तै पसुपतिले नेपाल छोड्ने ?" दरवार कमजोर भएको वेला माओवादी उठे राज परिवारमा विवाह काण्ड, एमालेले भ्रष्टाचारीलाई मान्यता दियो आदि शीर्षकमा दरवारकाण्ड वारेको समाचारलाई प्राथमिक्तासाथ छापेको देखिन्छ ।

---

402 ***ऐजन***, २६ जेठ २०५८, पृ. १-८ ।

403 ***ऐजन*** ।

404 ***ऐजन***, पृ. २ ।

"सरकार माओवादी विच 'प्याकेज डिल' हुने, देउवाको मनोवल वड्दैछ, आज वार्ता टोली वन्ने: वार्ता देश भित्रै हुने"[405] शीर्षकमा प्रमुख समाचार छापेको देखिन्छ । ने.क.पा. माओवादी र सरकारवीच हुन लागेको तेश्रो चरणको वार्ताको विषयलाई महत्वकासाथ समाचार वनाएको पाइन्छ । समाचारको साथै प्रधानमन्त्री देउवा र माओवादीका अध्यक्ष प्रचण्डको फोटो समेत समान महत्वकासाथ छापेको देखिन्छ ।

यस्तै माले-एमाले मिल्ने नाटक चरमोत्कर्षमा, काङ्ग्रेसको आँखा किन अझै खुल्दैन ?, वामदेवहरू गए पनि माले मर्दैन- सीपी मैनाली शीर्षकमा राजनीतिक घट्ना परिघट्नालाई समाचारको मुख्य विषय बनाएको पाइन्छ । माओवादी एक कदम अगाडि, दुई कदम पछाडी, "वार्ताप्रति काङ्ग्रेस आशावादी: तेश्रो वार्तामा हतियारको कुरा उठ्ने"[406] शीर्षक दिएर मुख्य समाचार छापिएको देखिन्छ । माओवादी सरकार जारी वार्ताको विषयमा केन्द्रित रहेको उक्त समाचारमा वार्तावाट शान्तिपूर्ण निकासको आशाप्रति जोड दिएको पाइन्छ ।

यस्तै एमालेद्वारा माओआदीलाई झापु, माले माओवादीको मिलन होला ? क्रान्तिकारीको स्थगन आदि शीर्षकमा समसामयिक राजनीतिक विषयलाई समेटेर समाचार छापेको देखिन्छ ।

***पत्रकारिता:*** नेपाल पत्रकार महासंघको मुखपत्रको रूपमा प्रकाशित भएको देखिन्छ । वि.सं. २०५५ सालअघि कुनै अवसर विशेषमा विशेषाङ्कको रूपमा प्रकाशित भएको पाइन्छ भने २०५५ सालदेखि भने द्वैमासिक रूपमा म्यागेजिनको रूपमा नियमित गर्न खोजेको देखिन्छ । तर, कतिपय अङ्क नियमित भएको पाइदैन । यसले नेपाली प्रेस जगतको बारेमा नै सक्दो सान्दर्भिक सामग्री प्रकाशन गर्दै आएको छ ।

"... त्यस्तै ५४ मुलुकमा प्रेस अर्ध स्वतन्त्र मात्र छन् । हाम्रो देश नेपाल त्यहि अर्ध स्वतन्त्र प्रेस भएको राष्ट्रहरूको सूचीमा पर्दछ"[407] भनी तत्कालिन अवस्थामा नेपालको प्रेस स्वतन्त्रताको विषयमा विश्लेषण गरेको पाइन्छ ।

यस्तै "नेपालको पत्र-पत्रिकाले राजनीति गर्न थाल्यो", "स्वतन्त्र भएन" भन्ने जनआरोपका विषयमा गोपाल खनालले एउटा रिपोर्ट प्रस्तुत गर्नु भएको छ । जसमध्ये दृष्टि साप्ताहिकको सम्पादक शम्भु श्रेष्ठ र देसान्तर साप्ताहिकको सम्पादक राजेन्द्र दाहालको विचारलाई बक्समा महत्वकासाथ छापेको देखिन्छ । राजेन्द्र दाहालको अनुसार-

*"... पाठकहरूको स्थिति नै पूर्वाग्रही ढंगले विकसित भएर आएको छ । समाज त्यसरी नै निर्माण भएको छ । पाठकहरूको सोचाइनै राजनीतिसँग छ भने ... ।"* भनेर पत्रिका स्वतन्त्र

---

[405] ***ऐजन***, १ असार २०५८, पृ. १ ।

[406] ***ऐजन***, १ भदौं २०५८, पृ. १ ।

[407] सुजीत ढकाल, ***कहाँको प्रेस कति स्वतन्त्र ?*** पत्रकारिता २०५५ भदौ-असोज, पृ. २७ ।

नहुनु वा हुन नसक्नुको कारकको रूपमा पाठकको मनस्थिति नै जिम्मेदार भएको ठान्नु हुन्छ । यस्तै दृष्टिका सम्पादक शम्भु श्रेष्ठको अनुसार-

... संसारको कुनै अखबार व्यवसायिक हुनैसक्दैन । आफ्नै सोचाइ हुन्छ र त्यो पनि राजनीतिक नै हुन्छ । *"... पाठकहरूको रुचीलाई कसरी पूरा गर्ने हो त्यसको लागि व्यवसायिक बन्नु जरुरी छ । पाठकहरू नै पक्षपाती छन् । उनीहरू नै निश्पक्ष हुनु पर्छ भन्दैनन् । त्यसैले गर्दा पनि व्यवसायिक बन्न गाह्रो भएको हो । प्रेस स्वतन्त्रता हुदैमा व्यवसायिक हुन्छ भन्ने कुरा म मान्न तयार छैन ।"*[408] भनी पाठकलाई नै देसान्तरका सम्पादक राजेन्द्र दाहालले झै दृष्टि सम्पादक श्रेष्ठले पनि दोष पाठकलाई नै लगाउनु भएको छ । यस्तै दाहाल र श्रेष्ठको भनाइलाई पुष्टि गर्ने आशयको बासु क्षितिजको कार्टुन छापिएको छ । अन्य लेखकहरूको लेख रचना पनि पत्रकारिताका विषयसँग सम्बन्धित रहेको देखिन्छ । २०५६ असार अङ्कलाई स्व.गोपालदास श्रेष्ठको स्मृतिमा गोपालदास स्मृति विशेषङ्कको रूपमा प्रकासित भएको देखिन्छ । स्व.गोपालदास श्रेष्ठको व्यक्तित्व र उनले नेपालको प्रेसजगतलाई पुऱ्याउनु भएको योगदानको विषयमा किशोर नेपाल, गोकुल पोखरेल, दमननाथ ढुंगाना, युवराज पाण्डे, मदनमणी दीक्षित, देवेन्द्र गौतम, कुन्दन अर्याल, पुष्करलाल श्रेष्ठ, रामकृष्ण रेग्मी लगायत १५ जना पत्रकारको लेखलाई छापिएको छ ।

"... गोपालदास श्रेष्ठले नेपाली पत्रकारिताको मुलतः बौद्धिक र दार्शनिक पक्षलाई सवल बनाउँनु भयो"[409] भनी मुल्याङ्कन गरेको देखिन्छ । यस अङ्कको आवरणमा स्व. पत्रकार गोपालदास श्रेष्ठको फोटो छापिएको छ । अग्रज पत्रकार श्रेष्ठको स्मृतिमा केन्द्रित अङ्क भएपनि श्रेष्ठले पुऱ्याएको योगदानको चर्चा र मुल्याङ्कनले नेपाली पत्रकारिताको प्रवृति बुझ्न धैरै हदसम्म सहयोगी बन्ने देखिन्छ । साथै गोपालदास स्वयम राजनीतिबाट थाकेर वा हारेर पत्रकारितामा आएको भन्ने यर्थाथ उजागर भएको भेटिन्छ ।

यस्तै पत्रकारिताको २०५६ असार-साउन अङ्कलाई विधुतीय सञ्चार विशेषाङ्कको रूपमा प्रकाशित भएको देखिन्छ । यसमा युवराज गौतम, धिरेन्द्र प्रेमर्षी, घमराज लुइटेल, देवेन्द्रराज भट्टराई, शरदराज गौतम र थानेस्वर सापकोटाले नेपालको इलेक्ट्रोनिक मिडियाको अवस्था प्रभाव र प्रवृतिका बारेमा लेखेका छन् । तत्कालिन् अवस्थामा नेपालको विभिन्न जिल्लाबाट सरकारले प्रसारण अनुमति दिएर प्रसारण भैरहेको १२ वटा र अनुमतिका लागि आबेदनको प्रकृया पुरा गरीसकेका २५ वटा एफ.एम. स्टेशन[410] को बारेमा सूचना तथा सञ्चार मन्त्रालयको स्रोत कोट गरिएको देखिन्छ । यस्तै देवेन्द्र भट्टराईले एफ.एम.मा प्रयोग भैरहेको

---

[408] गोपाल खनाल, ***पत्रिकाले पनि राजनीति गर्न थालेपछि, ऐजन***, २०५५ भदौ, असोज, पृ.३१-३२ ।

[409] किशोर नेपाल, ***एउटा दार्शनिक पत्रकारको संझना, ऐजन***, २०५६ असार, पृष्ठ, ३ ।

[410] धर्मराज लुइटेल, सरकारःरेडियो विस्तारमा ठडिएको फलामे गेट, ***ऐजन***, २०५७ असार-साउन, पृ. १४ ।

भाषाको बारेमा विश्लेषण गरेको देखिन्छ। यस्तै सुरेश आचार्य, विनय कसजु र कपिल काफ्लेले नेपाली पत्रकारिताको विगत र वर्तमानमा भएको व्यवसायिक्ता, व्यापारिकरण र राजनीतिक प्रभावका विषयमा विश्लेषण गर्नु भएको छ। यस्तै २०५६ कार्तिक-मंसीर अङ्क नेपालमा आर्थिक पत्रकारिता विशेसाङ्क प्रकाशन गरेको देखिन्छ । यसरी यो वर्षका अङ्कहरू पत्रकारिताको भिन्न विषयमा विशेषाङ्क प्रकाशन भएको देखिन्छ।

"प्रेसजगत्ले सरकार ढाल्न सक्छ तर बनाउँन सक्दैन । त्यहि भएर प्रेसजगत्ले विध्वङसात्मक भन्दा सिर्जनात्मक कार्य गर्नु पर्दछ ।"[411] गिरिजाप्रसाद कोइराला यसरी नेता/राजनेताले पत्रकारिताका विषयमा बोलेका बचनलाई समेत सङ्कलन गरिएको छ।

विगतका अङ्कमा झै यस अङ्कलाई पनि वातावरण पत्रकारिता विशेषको रूपमा प्रकाशन गरेको देखिन्छ । तर, यस अङ्कमा भने राजनीतिका बारेमा वढी सामग्रीलाई स्थान दिएको देखिदैन।

> ...पत्रकाहरू अलि बढी नै निश्चित राजनीतिक पार्टी र अझ पार्टीका नेताको मुखपत्रको रूपमा देखा पर्न थाले। २०१० साल अघिको प्रजातन्त्रमा पनि खुल्ला मुखपत्र बन्ने प्रचलन गौण थियो । बीचको अवधिमा व्यवस्थाको समर्थक र विरोधी दुई खेमामा पत्रकारिता बाँडित्थे । मिसन पत्रकारिताको जमानामा त्यो ठीकै पनि थियो। तर, अहिले यो अलि बढी नै भयो [412] भनि विश्लेषण भएको पाइन्छ।

यस्तै नेपाल पत्रकार महासंघले आफ्नो व्यवसायिक हक-हित र नेपाली प्रेसजगत्लाई मर्यादित बनाँउन अघि सारेको १७ बुँदे मागलाई केही, केही माग मात्र पुरा भएको भन्दै थप सुझाव समाबेश गरिएको छ। उक्त माग[413] ले नेपालको पत्रकारिता कस्तो बनाउने ? स्वयम् प्रेसकर्मीहरूको सोचाई छ भन्ने कुराको अध्ययन गर्न धेरै हदसम्म सार्थक हुने देखिन्छ।

२०५७ फागुन, चैत २०५८, वैसाख, जेठको चौमासिक संयुत्ताङ्क प्रकाशन गरिएको छ। विगतका अङ्क झैं यो अङ्कलाई पनि विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भ पारेर प्रेस स्वतन्त्रता दिवस विशेषाङ्कको रूपमा प्रकाशन गरेको देखिन्छ । यस अङ्कमा सूचनाको हक सम्बन्धी कानुनको खाँचो, उच्चस्तरीय मिडिया आयोगको अवधारणा र प्रेस स्वतन्त्रताको प्रसङ्गबारे सामग्रीलाई स्थान दिइएको छ। यस्तै २०५७ फागुन १४ गते बुटवलमा सम्पन्न महासंघको विधान अधिवेशनबाट संसोधित विधानको पूर्ण विवरण छापिएको छ।

---

[411] पत्रकारिता, २०५६ वैशाख-जेठ, पृ. ८ ।

[412] गोविन्द वियोगी, ***पत्रकारितामा शुद्धिकरणको अभियान अगाडि बढाउँनु पर्छ, ऐजन***, पृ. ११ ।

[413] हेर्नुस परिशिष्ट- १५ ।

"... पछिल्लो जानकारी अनुसार यस वर्ष ३५ वटा आक्रमणका घटनाहरू छन् भने ३५ जना पत्रकारहरू आक्रमणका शिकार हुन पुगे" [414] भनि राज्य र विद्रोही माओवादी पक्षबाट पत्रकार र प्रेसजगत् माथि आक्रमण गरेको घट्नालाई विवेचना गरेको देखिन्छ ।

यसरी यस अवधीमा पत्रकारिताले विषयान्तर कम र बाँकी विषयसँग सामिप्यता राखेको देखिन्छ । २०५७ यता आएर राज्य र विद्रोही पक्षबाट प्रेसमाथि आक्रमण भैरहेको विषयलाई केही बढी समायोजन गर्न खोजेको पाइन्छ । क्रमश राजनीतिक विषयको प्रभाव बढ्दै गएको छ । राजनीतिक दल र त्यसका सरकारले सञ्चालन गरेको राजनीतिक निर्णयको विषयमा केन्द्रित बन्दै गएको देखिन्छ ।

"ताहँमा पशु स्वास्थ्य तालिम" [415] शीर्षक दिएर समाचार छापिएको छ । यो समाचार पशु स्वास्थ्य तालिमका बारेमा केन्द्रित रहेको देखिन्छ ।

आवरण चित्रमा पाल्पाको अमरनारायण मन्दिरको फोटो छापिएको छ । यस अङ्कमा पहिलो राष्ट्रिय महिला सम्मेलन भयो शीर्षकको समाचारमा नेपालका महिलालाई सुविधाका सवै क्षेत्रमा पुरुष सरह अवसर दिनु पर्ने, संसदमा १० प्रतिशत, जिविस, गा.वि.स. मा २० प्रतिशत प्रतिनिधित्व गराइनु पर्ने र पैतृक सम्पत्तिको हकदार छोरीलाई बनाइनु पर्ने मागलाई महिलाहरूको राष्ट्रिय भेलाले पास गरेको प्रस्तावलाई महत्त्वकासाथ समाचार बनाइएको छ । यो समाचार भने राजनीतिसँग सम्बन्धित रहेको देखिन्छ । तर कुनै एक पार्टी विशेषसँग मात्र समन्धित नभै सिङ्गो नेपाली पहिलाको सरोकारसँग सम्बन्धित छ ।

"आमा समूह र रक्सी बन्द गर्ने कुरा" [416] शीर्षकको कर्णबहादुर बानियाँको लेख छापिएको देखिन्छ । "यदि समाजको खराबी हट्नु पर्छ, शान्तिसुरक्षा हुनु पर्छ भन्ने कुरामा सवैको एकमत छ भने सरकार र व्यक्ति सवैले आफ्नो जिम्मेवारी पूरा गर्नु पर्छ, सरकारले जाँड, रक्सी बेचविखनमा पूर्ण रूपमा रोक लगाउनु पर्छ" भन्ने निश्कर्ष रहेको देखिन्छ । अन्य समाचारहरू विगतमा झैं विकास निर्माणका गतिविधि र स्वास्थ्य चर्चाका विषयमा केन्द्रित रहेको देखिन्छ ।

"गाउँघर सुहाउँने ढुंगे चुल्हो" [417] शीर्षकमा ग्रामीण क्षेत्रमा वर्षौंदेखि लोकप्रिय बन्दै आएको ढुंगे चुल्होका विषयमा समाचार लेखिएको छ । समाचारको साथमा चुल्हो बनाउँदै गरेका गाउँलेको फोटो छापिएको छ । पृष्ठ ३ मा भने यस अङ्कमा नेपाली महिलाले छोरा सरह

---

[414] पत्रकारिता २०५७ फागुन, चैत २०५८ वैशाख-जेठ, पृ. २६ ।

[415] देउराली साप्ताहिक, गाउँले समाचार पत्रिका, ७ असार २०४३, पृ. १, ५ ।

[416] ***ऐजन***, २१ असार २०५३, पृ. ६ ।

[417] ***ऐजन***, २८ असार २०५३, पृ. ३, ६ र १९ ।

पैतृक सम्पत्ति छोरीले पाउनु पर्छ या पर्दैन ? छोरीले अंश पाउनु राम्रो या नराम्रो ? भन्ने विषयमा विभिन्न राजनीतिक दलका भिन्न नेताहरूको प्रतिकृया छापिएको छ । यसरी देउरालीमा विस्तारी राजनीतिक प्रकृत्तिको समाचारले प्रवेश पाउन थालेको देखिन्छ ।

देउरालीको पूर्णाङ्क १२१ कार्तिक १६ को अङ्कको आवरण फोटो अभावको जिन्दगीमा रमाउँदै गरेका एकजोडी वृद्धको फोटो छापिएको छ । नेता र राजाको मात्र फोटो छाप्ने आम नेपाली प्रेसको प्रवृत्तिका बीचमा एउटा नयाँ चेत या सोंचको निर्माण गरेको छ यो फोटोले । यिनलाई दु:ख थाहा छैन । राजनीति त कुन चरीको नाम हो ? जान्दैनन् । जे छ, उनीहरूसँग त्यसैमा रमेर जीएको स्टोरी छापिएको देखिन्छ ।

"जनताको अधिकार कस्ले खोस्ने"[418] शीर्षकको गोविन्द भट्टराईको लेख छापिएको छ । लेखले नेपाली जनता सार्वभौम भएकाले जनता सचेत भए अधिकार कसैले खोस्न सक्दैन भन्ने सन्देश संप्रेषण गरेको देखिन्छ । कन्याको अधिकारको विषयमा उपयोगी सामग्री म र मेरा कानूनी अधिकारबाट साभार गरेको देखिन्छ ।

"यो किसानलाई हाम्रो संविधान दिवस कार्तिक २३ गते हो भन्ने कुरा थाहा होला ?"[419] शीर्षक दिएर आवरण स्टोरी छापिएको छ । आवरणमा एकजना किसान डोरी नाम्लो बोकेर घाँस, दाउरा खोज्न संविधान दिवसको अवसरमा जंगल जाँदै गरेको फोटो छापिएको छ । यस्तै चिलाङदी गाउँ रमाइलो हुँदैछ शीर्षकमा चिलाङदी गाउँमा भएको विकास कार्यको विवरण स्थान परिचयको रूपमा महत्व दिएर छापिएको देखिन्छ । जव गाउँमा चुनाव आउँछ तव विभिन्न राजनीतिक पार्टीका नेताहरू विकासका भाषण गर्दै आउने गर्छन । चुनाव सकिए पछि कसैले चासो देखाउँदैनन् । यस्तो अवस्थामा आफ्नो गाउँको विकास आफै गर्न चिलाङदीवासी जोसिएका हुन् भन्ने विषयलाई लेखले प्रस्ट पारेको पाइन्छ ।

"फोहोर कसरी तह लगाउने ?"[420] शीर्षकको फोहोर व्यवस्थापन सम्बन्धी एउटा उपयोगी समाचार सामग्री साभार गरेको देखिन्छ । आवरण फोटोमा नेपालको ग्रामीण क्षेत्रमा सदियौंदेखि यातायातको साधनको रूपमा प्रयोग गरिने घोडामा सवार हुँदै गरेको गाउलेको तस्वीर छापिएको छ । समाचारको साथमा घोडाको प्रयोगका विषयमा समाचार लेखिएको छ ।

*"बहुदलको उज्यालो यी झुपडीमा पनि पुग्नु पर्छ"*[421] शीर्षकमा आवरण स्टोरी छापिएको छ । स्टोरीका साथमा झोपडीमा एकजना किसान डोको बुन्दै रहेको फोटो छापिएको

---

[418] ***ऐजन***, २३ कार्तिक २०५३, पृ. ८, १३ ।

[419] ***ऐजन***, २३ कार्तिक २०५३, पृ. १, ९ ।

[420] ***ऐजन***, १ चैत्र २०५३, पृ. १, ७ ।

[421] ***ऐजन***, २९ चैत्र २०५३, पृ. १, ४ ।

छ । सोही किसानको कम्मरमा देउराली परिवारको तर्फबाट नयाँ वर्ष २०५४ को शुभकामना भनी छापिएको देखिन्छ । यस्तो समाचार सामग्रीका साथसाथै चुनावका बारेमा विभिन्न सरल सामग्रीलाई पनि देउरालीले क्रमशः प्राथमिकता दिएर छाप्न थालेको देखिन्छ ।

"'वेश्या हाम्रो रहर हैन वाध्यता हो' प्याउली नेपाली" [422] आवरण शीर्षक दिएर मुख्य समाचार छापिएको छ । समाचारको साथमा प्याउली नेपालीको फोटो समेत छापेको देखिन्छ । यस अङ्कको आवरण तस्वीर पनि प्याउलीकै फोटोलाई बनाएको देखिन्छ । पृष्ठ १४ मा एक भोटको महत्व कति हुन्छ ? भन्ने विषयमा चित्रकथाको माध्यमबाट गाउले पाठकलाई बुझाउने कोशिस गरेको देखिन्छ ।

यहाँ चित्रकथा र सरल संवादको माध्यमबाट ग्रामीण जनतालाई आफ्नै एक भोटको कत्रो महत्त्व हुने रहेछ भन्ने महत्त्वलाई व्याख्या गरिएको छ । यस किसिमको सामग्रीले जनतामा राजनीतिक चेतना वृद्धि हुने देखिन्छ भने यस्तो सामग्रीलाई राजनीतिक प्रकृतिको समाचार सामग्रीको रूपमा बुझिन्छ ।

"गाउँ विकास समितिको चुनाव चिन्ह" [423] आवरण शीर्षक दिएर समाचार छापिएको छ । आवरण फोटोको रूपमा राजनीतिक फार्टीको चुनाव चिन्ह छापिएको देखिन्छ । स्थानीय निकायको चुनावका विषयमा अन्य समाचार सामग्रीलाई पनि स्थान दिएको देखिन्छ । यस अङ्कको सम्पादकीय लेख पनि *बहुदलीय व्यवस्थामा पार्टीको निर्णय मान्नु पर्छ* शीर्षकमा लेखिएको छ-

> स्थानीय चुनाव हुँदैछ । गाउँटोल, छिमेक, शहरबजार, चुनावको हावाले घेरेको छ । पार्टीहरूमा चुनावी खिचातानीले भाँजो हाल्दैछ । पार्टी हाँक्ने नेताहरू फितला अडान लिन नसक्ने खतरा देखिन थालेका छन्, तलदेखि माथिसम्म पद, स्वार्थ र प्रतिष्ठाको जालोले ढाक्न थालेको छ । पार्टीहरूमा धनीपूँजीपतिहरूको पटक बढेको छ, दल बल, धाँक, धम्की सम्प्रदायको हैकम हावी हुँदैछ । ... त्यसैले अहिलेको चुनावमा पार्टीसित सरोकार राख्ने सवैले पार्टीको कुरालाई ख्याल राख्नु पर्छ । बहुदलीय व्यवस्थामा विश्वास राख्ने सवैले पार्टीको निर्णयलाई मान्नु पर्छ । यो वानी हामीले स्थानीय चुनावदेखि बसाल्दै लग्नु पर्छ । पार्टीको निर्णय नमान्ने कार्यकर्तालाई पार्टीले कुनै मुलाहिजा राख्नु हुँदैन । उसलाई दुधको माखोझैं फाल्न सक्नु पर्छ अनि मात्र पार्टी देश र जनताको बीचमा स्थापित हुन सक्छ ।

यस सम्पादकीयबाट अब देउराली साप्ताहिक राजनीतिक प्रभावबाट क्रमशः प्रभावित र आकर्षित बन्दै गएको प्रष्टिन्छ । सम्पादकले पार्टीको निर्णय सवै जनताले मान्नै पर्छ नमाने

---

[422] ***ऐजन***, २० वैशाख २०५४, पृ. १, १४ ।

[423] ***ऐजन***, २७ वैशाख २०५४, पृ. १, २ ।

*दूधको माखोझैं* फ्याक्नु पर्छ भन्नु भएबाट सम्पादकमा कुनै न कुनै रूपले राजनीतिक प्रभाव रहेको प्रतिविम्बित हुन्छ ।

"देउराली" को ६ भदौ २०५४ को अङ्कमा पृष्ठ ३-४ मा तत्कालिन तानसेन नगरपालिकाका मेयर अशोक साहीको अन्तरवार्ता महत्वकासाथ छापिएको छ । ने.क.पा. एमालेबाट निर्वाचित मेयरसँग सम्पादक मेघराज शर्माले वार्ता लिएको देखिन्छ । नगरमा विकासको सरोकारमा वार्ता देखिए पनि राजनीतिसँग वार्ताले सम्बन्ध राखेको देखिन्छ । साविकको स्तम्भलाई छाडेर दुई-दुई पेज स्थान दिएर मेयरको वार्ता छापिनुले यसको पुष्टि गर्ने देखिन्छ । वार्ताको साथमा मेयर साहीको फोटो समेत छापिएको छ ।

"अध्यक्ष मनमोहन अधिकारी, महासचिव माधवकुमार नेपाल"[424] शीर्षक दिएर ने.क.पा. एमालेको छैटौं राष्ट्रिय महाधिवेशनको समाचारलाई प्रमुखताकासाथ छापिएको छ । समाचारसँगै नवनिर्वाचित पार्टी अध्यक्ष मनमोहन अधिकारी, महासचिव माधवकुमार नेपाल र फरक मतका नेता वामदेव गौतमको फोटो छापिएको छ । ग्रामीण पत्रिकामा राष्ट्रिय राजनीतिक घटनाको समाचारले स्थान पाएको छ ।

"शारदा उच्च मा.वि. ले वार्षिक उत्सव मनायो, सल्यानमा बालऱ्याली" [425] यस अङ्कमा छापिएको समाचार शीर्षक हुन् । पाल्पाको शारदा उच्च मा.वि.ले वार्षिक उत्सव मनाएको विषयलाई महत्वका साथ समाचार बनाएर छापेको देखिन्छ ।

"तपाईंले खाइरहेको तमाखुको धुवाँले तपाईंलाई नै खाइरहेछ"[426] शीर्षक दिएर आवरण समाचार छापिएको छ । तमाखु पारखीले तमाखुलाई मान्छेले खाने नभै तमाखुको धुवाँले मान्छेलाई खाने भएकाले त्यस्तो लत छाड्ने प्रेरणा मिल्ने सन्देश सहितको समाचार सामग्री छापिएको छ ।

यस अङ्कको देउरालीलाई पाती स्तम्भमा रामचन्द्र छेत्रीको पत्र छापिएको छ । पत्रबाहक छेत्रीले गा.वि.स. अध्यक्षहरूको अन्तरवार्ता छापे कस्तो हुन्थ्यो ? भन्ने सल्लाह दिएका छन् ।

पाठकको रुचीअनुसार पत्रिका प्रकाशन गर्ने भन्ने सम्पादकको पूर्व योजनाअनुसार नेताहरूको बोलीलाई वार्ताको रूपमा छाप्ने यस्ता सुझाव अघिल्ला अङ्कहरूमा पनि प्रशस्तै आएको देखिन्छ । पाठकको रुची र सल्लाहकै आधारमा चल्ने भन्ने सोचका आधारमा क्रमश: देउरालीका पाठकले राजनीतिक समाचार खोजेको ठहऱ्याउँदै राजनीतिक प्रकृतिका समाचारहरूलाई अघिल्लो वर्षको तुलनामा केही बढी स्थान दिन थालेको देखिन्छ ।

---

[424] ***ऐजन,*** २४ माघ २०५४, पृ. १६ ।

[425] ***ऐजन,*** ७ चैत्र २०५४, पृ. १, १४ ।

[426] ***ऐजन,*** १४ चेत्र २०५४, पृ. १, ८ ।

यस वर्षबाट पुन देउरालीको माष्टहेडको साज सज्जा परिवर्तन भएको देखिन्छ । "गाउँले देउराली साप्ताहिक समाचार पत्र" नामाकरण गरिएको छ । पार्टी नेता के गर्दैछन् ? शीर्षक दिएर सम्पादकीय लेखिएको देखिन्छ । सम्पादकीय लेखले देशमा पार्टीहरू संस्कार भन्दा विकार तर्फ धकेलिएको तर्फ चासो देखाएको छ ।

> अहिले देशमा पार्टीहरूको खैलाबैला छ, नेताहरूको दौडधुप छ, एमाले फुटेको छ, राप्रपा छुट्टिएको छ, कांग्रेसभित्र झगडा चल्दैछ । सबै राजनीतिक पार्टीहरूलाई जनताको भन्दा आउने चुनावको मात्र चिन्ता छ, नेताहरू पनि आफ्नो टिकट सुरक्षित बनाउने र कमाउने काममा मात्र छन् । एकपटक नेता बनेपछि झरेपनि फाइदा चढे पनि फाइदा बढेपनि फाइदा, चारैतिर फाइदा नै फाइदा हुँदो रहेछ, राष्ट्रको ढुकुटी लुट्न पाइदो रहेछ । ... किसान मजदुरको जीवन सुधार्न बनेका पार्टी र नेताले के गरिरहका छन् जनतालाई पत्तै छैन[427] भनिएको छ ।

यसरी देशको समसामायिक राष्ट्रिय राजनीतिमा देखिएको विसङगति र विकृतिप्रति प्रहार गर्दै किसान मजदुरप्रति इमान्दार बन्नु पर्ने सुझाब दिइएको छ । ग्रामिण विकास र गैर राजनीतिक प्रकृतिका मात्र लेख समाचार छाप्ने भन्ने सुरु वर्षका मिसनमा परिवर्तन भएको देखिन्छ । ग्रामिण क्षेत्रको एउटा अखवारमा राष्ट्रिय राजनीतिको प्रभाव पारेको भेटिन्छ ।

*यस्तै पसिनको मोल खोज्नु पर्छ* शीर्षकको गोविन्द भट्टराईको राजनीतिक लेख पनि १० पेजमा महत्वका साथ छापिएको छ । मइ दिबसको सन्दर्भमा लेखिएको सो लेखले राजनितिक चेतना जनतामा जागृत गराउनु पर्नेमा जोड दिएको देखिन्छ । यसको अतिरिक्त अन्य स्थानीय समाचारमा पनि साना मसिना जिल्लाका राजनीति समाचारहरूलाई पत्रिकाले स्थान दिन थालेको देखिन्छ ।

*जेठ २२, २०५५ को अङकमा* विश्ववातावरण जोगाउँने मानवीय प्रयासको विषयमा आवरण समाचार छापिएको देखिन्छ । यस अङकमा अघिल्लो अङ्क भन्दा राजनीतिक प्रकृतिको समाचार न्यून रहेको छ । चिट्ठी पत्र स्तम्भमा अर्जुन ज्ञवालीको पत्र छापिएको छ । पत्रले आणविक बम विष्फोट र त्यसले नेपालमा पार्ने प्रभाव र जारी द्वन्द्वको विषयमा सचेत बनाएको छ ।

"यस्तो बोक्न नसकिने बोझबाट हामीलाई छुटकार कहिले मिल्ला ?" [428] आवरण शीर्षक दिएर समाचार छापिएको छ । समाचारमा नेपाली महिलाहरूले भोग्नु, परेको विविध समस्याबाट मुक्त हुन के गर्नु पर्छ ? र कस्ता समस्याहरू विधमान छन् भन्ने विषयको चर्चा

---

[427] ***गाँउले देउराली*** समाचार पत्र, १५ जेठ २०५५, पृ. ३, १० ।

[428] ***ऐजन***, १५ साउन २०५५, पृ. १, १६ ।

गरिएको छ । यस्तै महिलाहरूले सभामुखलाई घेरे शीर्षकको समाचारमा छोरीले पनि छोरासरह अंश पाउनु पर्छ भन्ने माग राखेर साउन १०, २०५५ मा महिलाहरूले संसद भवनको मुल ढोकामा सांसद र सभामुख रामचन्द्र पौडेललाई घेराऊ गरेको विषयलाई समाचार बनाइएको छ । पाल्पाको अखवारमा सिंहदरवारको राजनीतिक घटनालाई प्राथमिक्तामा राखेर समाचार छापेको देखिन्छ ।

"न्यायको खोजीमा अदालत पुगेकी बाला भट्टराईले मुद्धा जितिन्"[429] आवरण शीर्षक दिएर मुख्य समाचार छापिएको देखिन्छ । समाचारको साथमा बाला भट्टराई र उनीबाट जन्मिएको बच्चाको फोटो छापिएको छ । रुद्र नेपाल र बाला भट्टराईबाट जन्मिएको बच्चा मेरो होइन भनी जिम्मा बुझ्न इन्कार गरेपछि न्यायको लागि बाला अदालतको सरणमा पुगेकी र अदालतले उनको पक्षमा फैसला गरेको विषयलाई यस अङ्कमा देउरालीले प्रमुख समाचार बनाएको छ । यो समाचार देउरालीले घटना भएको समयदेखिनै फलोअप न्यूजको रूपमा छाप्दै आएको देखिन्छ ।

यस अङ्कमा शिक्षिका नियुक्तिमा मनपरी, किसानहरूको यो मैजारो, बालहितको कुरा हैन कामको खाँचो छ छुट्टा-छुट्टै शीर्षकमा समाचार छापिएका छन् । चित्रकथा, देउरालीलाई पाती लगायतका नियमित स्तम्भले निरन्तरता पाएको देखिन्छ ।

"बाजे, बज्यै र बराजुको पूजा भयो, ख्याहाम बिजुली पुगेन, वार्षिक उत्सव मनाइयो, अरवबाट फर्किएका लाहुरेलाई अबिर मालाले स्वागत, तागतको खानी-लट्टेको साग" [430] छुट्टा-छुट्टै शीर्षकका समाचर छापिएका छन् । यी सबै समाचारहरू राजनीतिक घटना र विषयसँग सम्बन्धित देखिदैन । शीर्षकअनुसारका समाचारहरू नै छापिएको देखिन्छ । अन्य नियमित स्तम्भमा पनि राजनीतिक समाचारहरू छापिएका छैनन् ।

"प्रजातन्त्रको उनान्पचास वर्ष" [431] शीर्षक दिएर संमपादकीय लेख छापिएको छ । नेपालमा उनान्पचासौं प्रजातन्त्र दिवस आइरहँदा नेपालको प्रजातन्त्र आफै शिसु नै भएको वा सुदृढ हुन सकेको छैन । यसका आन्तरिक करणहरू के हुन् ? तिनको खोजी र निवारण गरी प्रजातन्त्रलाई संस्थागत गर्नु पर्नेमा जोड दिएको पाइन्छ । यस लेखमा स्वर्गीय पुष्पलाल श्रेष्ठ र गणेशमान सिंहको योगदानलाई आत्मसात गर्नु पर्ने दृष्टिकोण समेत राखेको देखिन्छ । तिनको विचार र बाटो अझै सान्दर्भिक छ भनिएको छ । २००७ सालमा नेपाली जनताले ल्याएको नेपालको प्रजातन्त्र २०१७ सालमा राजा महेन्द्रले हत्या गरेर ३० वर्षे पञ्चायती शासन

---

[429] ***ऐजन***, २९ साउन २०५५, पृ. १, ३ र ४ ।

[430] ***ऐजन***, २८ फागुन २०५५, पृ. १, १७ ।

[431] ***ऐजन***, ७ फागुण २०५५, पृ. ३ ।

जनतामा लादिएको र २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट पुनस्थापित प्रजातन्त्रलाई संस्थागत गर्न राजनीतिक पार्टी र तिनका नेताहरू इमान्दार भए मात्र प्रजातन्त्र सुदृढ हुन्छ भन्ने सुझाव राजनीतिक नेत्रित्वलाई दिइएको छ ।

यस अङ्कमा छापिएको अन्य समाचारहरू भने ग्रामिण जनजीवन, तिनले पाएको सफलताको कथा, स्वास्थ्य सम्बन्धी चर्चा, विभिन्न जानकारीमुलक सामग्रीहरूले नै प्राथमिक्ता पाएको देखिन्छ । यसरी गाउँले देउराली साप्ताहिकका राजनीतिक समाचार तथा लेख रचनालाई हेर्दा अघिल्लो वर्षको तुलनामा राजनीतिक प्रभावबाट सकेसम्म मुक्त हुन खोजेको देखिन्छ ।

"प्रजा जातिमा परिवर्तन आउन सकेन"[432] शीर्षकको समाचार छापिएको छ । समाचारले मकवानपुर मनहरी ४ का प्रजा जातिमा अझै चेतना आउँन नसकेको भनिएको छ । यो सामाजिक, सांस्कृतिक विषयको समाचार भए पनि प्रजातान्त्रिक व्यवस्थामा उनिहरूलाई परिवर्तन गर्नु पर्ने तर्फ चासो देखाइएको छ । समाचार रामेश्वर बर्तौलाले बाइलाइन् लेखेको देखिन्छ ।

यो अङ्कमा नक्कली नेतालाई चिन्न सक्नु पऱ्यो शीर्षक दिएर सम्पादकीय लेखेको देखिन्छ ।

> यतिबेला देशभरि आम चुनावकै चहलपहल छ ।चर्चा परिचर्चा छ, छलफल छ, बहस छ, गुनासो छ, दःखेसो छ, सबैका आ-आफ्नो कुरा छन्, आ-आफ्नै विचार छन्, धारणा छन्, सोंच छन् । ... संसद बनेपछि यस अवधिका धेरै जसो व्यक्तिले व्यक्तिगत काम गरे, देशको काम गरेनन् । सांसद पदको मनिता घटाए । बहुदल भनेको फोहोरी व्यवस्था हो भन्ने पारे । ... त्यसैले अहिले हाम्रो घर दैलोमा देश र जनताको मुकुण्डो लगाएर आउने नक्कली नेताहरूलाई चिन्न सक्नु पऱ्यो । ... नत्र भने हाम्रो संसदीय व्यवस्था नै बद्नाम हुनेछ, जनताले सधै दुःखमा नै दिन बिताउनु पर्ने छ, यस कुरालाई बेलाइमा हेक्का राखौं भनि जनतामा चुनावी अपिल गरेको देखिन्छ ।

प्रेसको सिद्धान्तअनुसार सम्पादकीय स्वतन्त्रता सम्पादकको मुख्य स्थान हो । उसले आफ्नो दृष्टिकोण स्वतन्त्र रूपले राख्न पाउँनु पर्छ । यसमा राजनीतिको प्रभाव या स्वआकर्षण पर्न सक्छ । समाचारमा राजनीति प्रभावबाट अलग रहन खोजे पनि सम्पादकीय लेखको विषय बढी राजनीतिनै हुने गरेको देखिन्छ ।

[432] ***ऐजन***, २४ वैशाख २०५६, पृ. २, ११ ।

"कठिन छ- कलाकार भएर बाँच्न" [433] शीर्षक दिएर कलाकार अर्जुनबहादुर खड्काको लाइफस्टोरी छापिएको छ । पाल्पा, तानसेन ५ निवासी खड्का कुशल कलाकार बनेर पाल्पालाई नै कर्मथलो बनाएर कला सृर्जनामा कृयाशिल हुनुले नयाँ पुस्तामा प्रेरणा दिने उल्लेख गरिएको छ । यस्तै पृष्ठ १६ मा विभिन्न बोटबिरुवालाई कसरी निरोगी बनाउने भन्ने जानकारी छापिएको छ । यसको अतिरिक्त अन्य पृष्ठमा छापिएका समाचार पनि गाउँकै जनजीवनसँग सम्बन्धित रहेको देखिन्छ ।

"क्षेत्र नं. १ मा भद्रबहादुर थापा विजयी" [434] शीर्षकमा पाल्पा क्षेत्र नं. १ को उप-निर्वाचनमा ने.क.पा. एमालेका उम्मेदवार भद्रबहादुर थापाले १९,४७७ मत ल्याएर विजयी भएको समाचारलाई महत्वकासाथ छापिएको छ । समाचारको साथमा सांसद थापाको फोटो छापिएको छ । समाचारलाई सन्तुलित बनाउन निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका उम्मेदवार विजयराज घिमिरेले १६,२९३ मत पाई पराजय भएको उल्लेख गरीएको छ । सांसद टंक काफ्लेको निधनको कारण त्यस क्षेत्रमा उपचुनाव भएको थियो ।

यस्तै "गाउँलेले जोगाएपछि सप्रिएको वन, बालबालिकाले भाषण गरे, शिक्षकहरूलाई तालिम दिइयो" शीर्षकमा छुट्टा-छुट्टै समाचार छापिएका छन् । सम्पादकीय लेखमा प्रजातन्त्र र मानवअधिकारको विषयमा चर्चा गरेको देखिन्छ ।

"वालीघरे विष्ट छोड्ने टुङगोमा वेनिराम" [435] शीर्षकको गीता ज्ञवालीको बाइलाई फिचर महत्वकासाथ छापिएको छ । सदियौंदखि चलिआएको वालीघरे प्रथालाई पाल्पा तानसेन १४ को वेनीराम दर्जीले छाडेर अन्य पेसा अपनाएको विषयमा फिचर केन्द्रित रहेको पाइन्छ । यस्तै तरकारी खेतीबाट पाल्पा र आसपास जिल्लाका कृषकहरूले राम्रो सफलता पाएको किसानको कथा, सीप भए श्रीमानको भर पर्नु नपर्ने दुर्गादेवी श्रेष्ठको अनुभवलाई छापेको देखिन्छ । यसरी देउरालीको यो अङ्क कृषकहरूको समाचारमा केन्द्रित बनेको पाइन्छ ।

"नपढेपनि इन्जिनीयरसँग ठोकावाजी हुन्छ" [436] शीर्षकमा मुख्य समाचार छापिएको छ । समाचारको साथमा गाउँले इन्जिनियर रामबहादुर विश्वकर्माको फोटो छापिएको छ भने आवरण तस्विर पनि विश्वकर्माकै फोटोलाई बनाएको देखिन्छ । समाचारमा स्वअनुभवका आधारमा इन्जिनियरले गर्ने काम सीप जान्ने विश्वकर्माको अनुभवलाई विस्तारमा उल्लेख गरिएको छ ।

---

433 ***ऐजन***, ७ जेठ २०५६, पृ. १०, १६ ।

434 ***ऐजन***, १४ जेठ २०५६, पृ. ३, ६ ।

435 ***ऐजन***, ४ असार २०५६, पृ. ६, ९ ।

436 ***ऐजन***, गाउँले देउराली समाचार पत्र, १८ असार २०५६, पृ. १, ४ र १६ .

यस्तै विन्दु स्मृति छात्रवृत्ति दिइयो, शिक्षक संगठनको सातौं जिल्ला सम्मेलन सकियो, वाल सिद्धबाबा मन्दिर ओझेलमै छ, स्कूलका गुरु कुखुरा पालनमा छुट्टा-छुट्टै समाचार शीर्षकमा समाचार छापिएका छन् । यी समाचारहरू गैरराजनीतिक विषयको भएको देखिन्छ ।

“के प्रजातन्त्र धनीको लागि मात्र हो ?”[437] शीर्षकमा विष्णुप्रसाद खरेलको पत्र छापिएको छ । देउरालीलाई पाती स्तम्भ अन्तर्गत पाठकका यस्ता विचारहरूलाई नियमित रूपमा स्थान दिने गरेको देखिन्छ । खरेलको पत्रले नेपालको प्रजातन्त्र निमुखा जनतामा पुग्न सकेको छैन, खाली पूँजीपतिहरूका लागि मात्र भएको विचार व्यक्त गरेका छन् । साथै निमुखा जनताको पक्षमा देउराली साप्ताहिकको तर्फबाट आवाज उठाउनु पर्ने सुझाव दिइएको छ । पाठकका यस्ता सुझाबहरूलाई उच्च प्राथमिकताका साथ छाप्ने र तिनको सझाबका आधारमा पत्रिकाको समाचार सामाग्रीमा सुधार गर्दै जाने भन्ने नीतिलाई आत्मसात गरेको देखिन्छ । यसरी यो वर्ष भरिमा गाउँका समाचार नै बढी मात्रामा छापिएको देखिन्छ ।

“हाम्रो नगरको जीवनवारे फोटो प्रदर्शनी, २० वर्षे इतिहासको विमोचन गरियो, बजारमा पनि गोवरग्याँस र आकासे पानीको व्यवस्था गर्न सकिन्छ”[438] यस अङ्कमा छापिएका मुख्य समाचार शीर्षकहरू हुन् । उक्त शीर्षकमा छापिएका समाचारमा राजनीतिका विषयले स्थान पाएको देखिदैन । यसको अतिरिक्त अन्य पृष्ठमा छापिएका समाचार पनि ग्रामीण जनताको गतिविधिसँग सरोकार राख्ने समाचारहरू नै देखिन्छ ।

“देशको राजनैतिक भविष्यको चिन्ता” [439] शीर्षक दिएर सम्पादकीय लेख छापिएको छ ।

> कुनै पनि देशको भविष्य त्यहाँको राजनीतिक व्यवस्थासँग गासिएको हुन्छ, स्थिर र गतिशिल व्यवस्था भएका मुलुकले आफ्नो मुलुकको विकास पनि छिटो छरितो रूपमा गरेको हुन्छ । ... हिजो शान्तिक्षेत्र देश नेपाल कहलिएको नेपाल आज आफैभित्र रणसंग्राम मच्चाइरहेछ । कतै माओवादका नाममा हत्या भइरहेछ, कतै माओवादका नाममा आतंक मच्चिरहेछ, अर्कोतिर कुनै कुराको मेसो छैन, धेरैमा आफ्नै हठवादीता छ, अभिमान छ, घमण्ड छ, मेरो गोरुको बाह्रै टक्का भन्ने रोगले सवैलाई सताएको छ भनिएको छ ।

प्रस्तुत सम्पादकीयले नेपालमा जारी राज्य र माओवादी युद्धका कारण नेपालको शान्ति र विकासमा वाधा पुगेको र सैंयौं नेपाली अकालमा मर्नु र मारीनु परेको विषयलाई विश्लेषण गरिएको छ । यस्तो परिस्थितिको कारण देशको युवा जनशक्ति या त युद्धमा होमिन वाध्य

---

437 ***ऐजन***, ३२ असार २०५६, पृ. २ ।

438 ***ऐजन***, ७ वैशाख २०५८, पृ. ८, १४ ।

439 ***ऐजन***, १४ वैशाख २०५८, पृ. ३ ।

भएका छन् या विदेश पलायन । महिला, वृद्ध र असक्तहरू गाउँमा बस्न वाध्य भएका र तिनलाई पनि माओवादी भएको या सरकारलाई सहयोग गरेको वहानामा राज्य र माओवादीका सेनाद्वारा सताइएको अवस्थालाई चित्रण गरिएको छ । समस्या समाधानका लागि विकासमा सवैले सहमति खोज्नु पर्ने सुझाव दिइएको छ ।

यस अङ्कमा छापिएका अन्य समाचार भने विगत अङ्कको जस्तै विकास र गाउँले खवरको वाहुल्य रहेको देखिन्छ ।

"सरकारको राम्रो कामको सवैले सहयोग र समर्थन गर्नु पर्छ" शीर्षक दिएर यस अङ्कमा सरकारको पक्षमा सम्पादकीय लेखेको देखिन्छ । सम्पादकीयमा लेखिएको छ-

> देशको राष्ट्रिय समस्या समाधानका लागि प्रधानमन्त्री शेरबहादुर देउवाले गरेको साउन ३२ गते आठ बुँदे कार्यक्रम संसद्बाट घोषणा गर्नु भएको छ । यसलाई सवैले राम्रो कदम मानेका छन्, यदि घोषणा गरे अनुसार सरकारले व्यवहारमा लागू गर्न गराउँन सक्यो भने जनताले सरकारको काममा अवश्य पनि सहयोग र समर्थन दिनेछन् ।[440]

यसरी तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले देशको द्वन्द्व समाधानका लागि जारी गरेको ८ बुँदे घोषणालाई राम्रो भन्दै देउरालीले समर्थन गरेको देखिन्छ । यो लेख राजनीतिक स्वप्रभाव हो भन्ने देखिन्छ । गाउँले देउरालीले ग्रामिण तथा गरैराजनीतिक विषयको मात्र समाचार छाप्ने प्रतिवद्धता गरे पनि पाठककै सुझावका आधारमा, मागका आधारमा राजनीतिक विषयको समाचारलाई पनि क्रमशः स्थान दिएर छाप्न थालेको पाइन्छ ।

## ६.१.३ विवादका प्रमुख कारणहरू

यस अवधीका नेपाली छापाका प्रकाशित समाचारमा राजनीतिक प्रभाव पर्नुका निम्त मुख्य कारणहरू देखिन्छ ।

(१) नेपालका राजनीतिक दलहरूमा राजनीतिक संस्कारको अभाव रहनु,

(२) नेपाली छापामा परम्परागत पार्टी पत्रकारिताको प्रभाव रहिरहनु,

(३) कुनै एक राजनीतिक दलको विरोध र अर्को राजनीतिक दलको समर्थनमा समाचार लेख्नु नै छापा स्वतन्त्रता हो भन्ने बुझाई छापाकर्मीमा रहनु,

(४) पार्टीगत स्वार्थभन्दा माथि उठेर सरकारले स्वतन्त्र भूमिका खेल्न नसक्नु,

(५) छापामा आर्थिक अभाव रहनु,

(६) माओवादी पार्टीको हिंसात्मक कार्यशैली बृद्धि हुनु,

(७) नेकपा माओवादीलाई हेर्ने दृष्टिकोणमा सरकार र छापाविच विवाद हुनु,

---

[440] ***ऐजन***, २२ भदौं २०५८, पृ. २ ।

(८) छापासम्बन्धी ज्ञानशिपको अभाव हुनु,

(९) पाठकहरू स्वयम् पार्टीविशेषको समाचार पढ्ने बानी पर्नु र

(१०) प्रकाशनगृहले व्यावसायिकताको नाममा छापालाई व्यापारीकरण गर्नु ।

### ६.१.४ निष्कर्ष

समाचारमा स्वतन्त्रता र व्यवसायिकताको पक्षपाति वनेको **कान्तिपुर दैनिक**ले प्रथम पृष्ठको समचारमा राजनीतिक विषयलाई महत्त्व दिएको पाइन्छ । विचार पृष्ठको लेख रचनाहरू पनि राजनीतिसँग सम्बन्धित छ । फोटो र कार्टुन बढी राजनीतिक प्रकृतिका छन् ।

**दृष्टि साप्ताहिकले** ने.क.पा. एमालेको राजनीतिक गतिविधिलाई महत्त्व दिएर समाचार छापेको छ भने विचार पेजमा पनि एमाले पक्षधर नेता र लेखकहरूको लेख रचनाले महत्त्व पाएको छ । साथै नेपाली कांग्रेस लगायतका अन्य राजनीतिक पार्टी र तिनको गतिविधि प्रति आलोचक वनेको देखिन्छ ।

**साप्ताहिक विमर्श** ले समाचारको मुख्य विषय सत्तारुढ नेपाली कांग्रेसको राजनीतिक गतिविधिलाई वनाएको देखिन्छ । यस साप्ताहिकको पहिलो पेजमा छापिएका अधिकांश समाचार नेपाली कांग्रेसको राजनीतिक विचार र गतिविधिसँग सम्बन्धित रहेको देखिन्छ भने विपक्षी कम्युनिष्ट राजनीति र तिनका गतिविधिप्रति आलोचक भएको देखिन्छ । एकातिर **दृष्टि** र **विमर्श** साप्ताहिकले स्वतन्त्र छापाको आवाज उठाएको छ भने अर्कातिर पत्रिकामा छापिएका समाचार सामग्रीलाई पार्टी पक्षधर वनाएको छ । विमर्शले कांग्रेसको राजनीतिलाई सहयोग गरेको छ भने दृष्टिले एमाले लाई सघाएको छ । यी पत्रिकाले कुनै पार्टीको पक्षमा पत्रकारिता गर्नुलाई नै स्वतन्त्र प्रेस हो भन्ने बुझाइ रहेको देखिन्छ ।

**हिमाल खबर पत्रिका**ले विकास निर्माण र विविध भाषिक र सांस्कृतिक पक्षलाई समाचारमा न्यून स्थान दिएको छ भने समाचारको मुख्य केन्द्र राष्ट्रिय राजनीतिलाई नै वनाएको छ । समसामयिक राष्ट्रिय राजनीतिलाई विश्लेषण गरी समाचार सामग्री छापेको देखिन्छ । लेख रचनाहरू राजनीतिक विषयका नै बढी छापिएका छन् । तिर्थ वहादुर श्रेष्ठको वातावरण र जैविक विविधताको विषयमा लेखिएको समाचार सामग्री वाहेकका समाचारहरू राजनीतिक घट्ना परिघट्नासँग सम्बन्धित छन् ।

**पत्रकारिता** द्वैमासिकले पत्रकारितासँग सम्बन्धित समाचार सामग्रीलाई प्राथमिकता दिने भनिए पनि समसामयिक राष्ट्रिय राजनीतिबाट पृथिक रहेको छैन । राज्यको तर्फबाट लिइएका हरेक नीति कार्यक्रमका विषयमा यसले समाचार वनएको देखिन्छ । राजनीतिक दलहरूको गतिविधि तथा नीति कार्यक्रमको विषयमा समेत पत्रकारिताले आफ्नो समाचार सामग्री वनाएको देखिन्छ ।

**गाउँले देउराली** साप्ताहिकले भने यस अवधिमा राजनीतिक विषयलाई समाचारको प्राथमिकतामा राखेको देखिदैन । देउरालीमा छापिएका अधिकांश समाचार ग्रामिण जनजीवन र विकास निर्माणसँग सम्बन्धित रहेका छन् । **गोरखापत्र दैनिक** ले सरकार र नेपाली कांग्रेसको गतिविधिलाई प्राथमिकता दिएको छ भने विपक्षी दलको गतिविधिलाई दोश्रो प्राथमिकता दिएर समाचार सामग्री छापेको देखिन्छ । सरकारी समाचार पत्र भएकाले गोरखापत्रले सरकारी मुख पत्रको भूमिका निभाएको देखिन्छ ।

समग्रमा यस अवधीमा नेपाली छापा राजनीतिक प्रभाववाट मुक्त हुन सकेको छैन । स्वतन्त्र पत्रकारीताको नाममा दलगत पत्रकारिताले महत्त्व पाएको देखिन्छ । गाउँले देउराली साप्ताहिकले भने विकास निमार्ण र ग्रामिण जन जीवनसँग सम्बन्धित समचार सामाग्रीलाई प्राथमिकता दिएर अपवादको रुपमा पत्रिकालाई स्थापित गरेको देखिन्छ ।

यस अवधिमा आएर नेपाली छापामा छापिने समाचारको प्रकृतिमा केही भिन्नता आएको देखिन्छ । दृष्टिले एमालेको पक्ष लिने र विमर्शले कांग्रेसको पक्ष लिई दलगत पत्रकारिता गर्ने संस्कारमा केही परिवर्तन आएको छ । यसको मुख्य कारण देशमा माओवादी ससस्त्र जनयुद्धको विस्तार र प्रभाव रहेको छ ।

ने.क.पा. माओवादीले कांग्रेस एमालेलाई प्रहार गर्न थालेपछि शान्तिपूर्ण राजनीति गर्ने कांग्रेस एमाले विचमा थोरै मात्र भए पनि राजनीतिक संस्कारको विकास हुन थाल्यो । त्यसको असर नेपाली छापामा पनि परेको देखिन्छ । वि.स. २०५५ साल यता आए पछि भने माओवादी गतिविधि तिब्र बन्दै आयो । मुलधारका यी छापाहरूले कसले कति बढी माओवादीको गतिविधिलाई प्राथमिकक्ता दिएर समाचार छाप्ने भन्ने होड चलेको देखिन्छ । छापाको यो होडवाजीले पाठकको मानसिक्ता पनि ध्वङ्सात्मकता तिर मोडिदियो । भिडन्त र मानिस मरेको घट्ना मात्र समाचार बन्न थाल्यो । र जसले बढी माओवादीबारे सर्म्पक स्थापित गरेर तिनको समाचार लेख्यो उनै मात्र ठूलो पत्रकार हो भन्ने मानसिक्ताले स्वयम् सञ्चारकर्मीमा समेत घर गऱ्यो । दैनिक, साप्ताहिक, पाक्षिक र मासिक सबैमा माओवादी गतिविधिले प्रभाव पारेको देखिन्छ । दलगत पत्रकारिता भित्रै पनि माओवादी राजनीतिले एकछत्र छापामा प्रभाव जमाएको देखिन्छ । यस अवधिमा छापाका लगानीकर्ताले समेत आफ्नो व्यापारको लागि ससस्त्र युद्ध र युद्धजन्य समाचारलाई बेच्ने र नाफा कमाउँने मानसिक्ता राखेको देखिन्छ । अपवादको रूपमा राजनीतिबाट मुक्त रहेको देउराली साप्ताहिकमा समेत विगतको तुलनामा राष्ट्रिय राजनीतिले प्रभाव पार्न थालेको देखिन्छ । विकास निर्माण र ग्रामिण जनजीवनको गैरराजनीतिक समाचार मात्र छाप्ने भन्ने आफ्नो पूर्व अडानमा फेरवदल आएर क्रमशः राजनीतिक घट्ना परिघट्नालाई छाप्न थालेको देखिन्छ ।

समग्रमा यस अवधिको नेपाली छापा माओवादी राजनीतिक प्रभावमा परेको देखिन्छ । समाचार स्वतन्त्रता र स्वतन्त्र प्रेसको सैद्धान्तिक मान्यता धरमराएको छ । राज्यले माओवादीलाई हेर्ने दृष्टिकोणसँग छापा सहमत हुनु पर्छ भन्ने र छापा स्वतन्त्र हुनु पर्छ भन्ने विवादको शिकार स्वयम् नेपाली छापा भएको प्रष्टिन्छ । राज्यले माओवादीलाई आतङ्ककारी हो भन्नु पर्छ भन्ने र छापाले आतङ्ककारी नभन्ने 'विद्रोही' मात्र भन्नु पर्छ भन्ने यसको एउटा प्रतिनिधि प्रमाण हो । स्वतन्त्र छापाको कुरा सिद्धान्तमा मात्र सिमीत बन्न पुग्यो, व्यवहारमा कार्यन्वयन हुन सकेन । सरकार र छापाविचको आ-आफ्नो अडान कायम रहेको देखिन्छ ।

## ६.२ सङ्कटकाल र त्यसपछिका सत्र महिनाका छापामा प्रकाशित समाचारको विश्लेषण

वि.सं. २०५८ मंसिरको पहिलो सातासम्म आइपुग्दा नेपालको राष्ट्रिय राजनीतिमा तत्कालिन नेकपा माओवादीको सशस्त्र युद्ध उत्कर्षमा आइपुग्यो । राज्यको सेना र माओावादी छापामारका विच आम्नेसाम्ने ठूलठूला भीडन्तहरू हुन थाल्यो । त्यसको असर नेपाली छापामा प्रत्यक्ष रूपमा परेको देखिन्छ । माओवादी जनयुद्धलाई कारण बनाएर तत्कालिन सरकारले माओावादीलाई नियन्त्रण गर्ने र संविधानको आत्मरक्षा गर्ने नाममा २०५८ साल मंसिर ११ गते नेपाल अधिराज्यभर लागु हुने गरी सङ्कटकालको घोषणा गऱ्यो । उक्त सङ्कटकाल २०५९ साल भदौ १३ गतेसम्म कायम रह्यो । सङ्कटकालको नेपाली छापा र सङ्कटकाल पछिको सत्र महिनामा नेपालको छापामा परेको राजनीतिक प्रभाव एवम् राजनीतिक समाचारको विश्लेषण गरिएको छ ।

### ६.२.१ वि.सं. २०५८ मसिरदेखि २०५९ भदौ मसान्तसम्ममा प्रकाशित छापाको समाचार विश्लेषण

माओवादी शसस्त्र युद्धलाई मुख्य आधार बनाएर तत्कालिन सरकारले २०५८ साल मंसिर ११ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ अनुसार नेपाल अधिराज्यभर लागू हुने गरी नेपालमा सङ्कटकाल लागू गरेपछि नेपालको प्रेसमा समाचार स्वतन्त्रता खुम्चिएको देखिन्छ ।

> यसरी असोज १८ को शाही कदम पश्चात हटेको सङ्कटकालिन अवस्थापछि नेपाली प्रेसमा केही खुल्लापन र स्वतन्त्रता देखिए पनि सरकारी सञ्चार माध्यममा भने पञ्चायतकालिन नियन्त्रणका प्रवृत्ति कायमै रह्यो । सङ्कटकाल

सकिए पनि नेपाली प्रेस निर्धक्क भएर आफ्नो स्वतन्त्रता उपभोग गर्न सकिरहेको देखिएन । [441]

अहिलेको सङ्कटको स्रोत शसस्त्र हिंसा अथवा माओवादीले उठाएको हतियार हो, माओवाद या मावोवादी होइन । सङ्कटकाल र नयाँ अध्यादेशले दिएको अधिकार माओवादीको हातबाट हतियार खोस्नको लागि प्रयोग हुनु पर्छ । खासगरी शाही नेपाली सेनाले, न्युनतम बल प्रयोग न्युनतम क्षती, न्युनतम समयावधी र जनतालाई न्युनतम बाधा अप्ठ्यारो पर्ने गरी माओवादीलाई निशस्त्र तुल्याउँने कार्यलाई आफ्नो लक्ष बनाउनु पर्छ । उसले अहिलेको चुनौतिलाई आफ्नो दुइसय वर्ष पुरानो सुनौला इतिहास र बहादुरी गाथाको अद्यावधिक गर्ने अवसरका रूपमा लिनु राम्रो हुनेछ[442] भनिएको छ ।

यस्तै प्रेसको बढेको दायित्व शीर्षकको सम्पादकीय लेखमा सङ्कटकालमा नेपाली प्रेसको भूमिका र दायित्व कस्तो हुनु पर्छ भन्ने विषयमा आफ्नो धारणा यसरी राखेको देखिन्छ ।

यथार्थमा नागरिकका मौलिक अधिकार निलम्बित भएको सङ्कटको घडीमा प्रेसको दायित्व र जिम्मेदारी अरु बढ्न जान्छ । उसले एकातिर आतङ्कबाद विरुद्ध राज्यको प्रयासलाई सफल पार्न अनुकूल जनमत सिर्जना गर्न योगदान पुऱ्याउनु पर्छ भने अर्कातिर आम नागरिक माथि कतैबाट अन्याय र ज्यादति हुन नपाओस भनी सरकारका कृयाकलापमाथि समेत निगरानी राख्नु पर्छ । सरकारले सदासयता गर्दा गर्दै पनि पेशागत धर्म र आम नागरिकप्रतिको दायित्व समेत बिर्सिएर उसको शरणमै पर्न हतारिनु चाहिँ प्रेस जगतकै अपरिपक्वता ठहर्छ ।[443]

यसरी एकातिर सरकारको कामको समेत निगरानी गर्ने भनिए पनि अर्कातिर सरकारको सदाशयतालाई सिरोपर गर्नै पर्ने भनी 'सरकारभक्ति प्रेस' सङ्कटकालमा चल्नु बाध्यता हो भन्ने तथ्य प्रष्टिएको देखिन्छ ।

> छ-छ वर्ष लामो माओवादीको हत्या र हिंसा बढ्दै जाँदा काठमाडौंको मध्यम तथा उच्च वर्गलाई केही पिरोलेको थिएन । जब माओवादीले उपत्यकाभित्र पैसा असुल्ने र ५ लाख समर्थक ल्याएर सरकारको खिलाफमा विरोध प्रदर्शन गर्ने निर्णय गऱ्यो, त्यतिबेला मात्र काठमाडौंका वर्गलाई चिसो पस्यो अनि यसको आडमा फस्टाएको पत्रकारिता सोझै माओवादीको खिलाफमा उत्रियो । जवकि यसअघि आफ्नो स्वार्थ र केही भयको कारण गर्नु पर्ने जति रिपोर्टिङ र विश्लेषण यसले गरेको थिएन । र, सङ्कटकालको घोषणा पछि त दैनिक र धेरै साप्ताहिकका लागि हिजोको माओवादी एकै रातमा आतङ्ककारी भैहाले । यो कस्तो अनौठो माओवादी आतङ्कारी हुन् भनेर आज ठोकुवा गर्ने कुनै स्वतन्त्र

---

[441] विजय चालिसे, ***आम सञ्चार द्वन्द्व र आतङ्कवाद,*** भृकुटी पश्लिकेशन, काठमाडौं : २०६०, पृ. ७४ ।

[442] ***हिमाल*** खवरपत्रिका १६-३० मंसिर २०५८, पृ. ४ ।

[443] ***पूर्ववत्,*** पा.टि.नं. ३७ ।

> सम्पादकले त्यसनिम्ति सरकारको घोषणा पर्खिरहनु पर्दैनथ्यो । सङ्कटकाल अघि नै त्यसो भनिदिएको भए बरु सरकार पनि समयमै चेत्थ्यो कि ? प्रजातन्त्रमा पत्रकारिताले पहिला यसरी माओवादीलाई खुसी राख्नु पर्ने र आपतकालिन घोषणा हुनासाथ फरक्क संज्ञा बदलिएको हुने ? यसले राज्य संरचनातर्फ कति झुकेको रहेछ हाम्रो पत्रकारिता भन्ने दर्सायो । आपतकालिन स्थितिको घोषणा लगतै सरकारलाई सहयोग गर्ने व्यहोरा सम्पादकीय लेखेर राष्ट्रिय स्तरका अखवारहरूले आफ्नो पेशागत दायित्वलाई छेउमा पारिहाल्नु पर्ने जरुरत थिएन । बरु आपतकालिन स्थिति घोषणा हुनासाथ स्वतन्त्र पत्रकारिताको मर्मलाई मर्न नदिने ऐक्यबद्धता प्रकट गरिनु पर्दथ्यो[444] भन्नु भएको पाइन्छ ।

सङ्कटकाल एक महीना नवित्दै पत्रकार हिमाल खबरपत्रिकाको प्रकाशक दीक्षितले नेपाली पत्रकारिताको प्रवृत्तिका विषयमा गर्नु भएको विश्लेषण सत्यताको नजिक पुगेको देखिन्छ । जारी नौ महीने सङ्कटकालमा नेपाली प्रेस दीक्षितले भने झैं सरकारको भक्त र माओवादीको बैरी झैं भएको देखिन्छ ।

“एक शिक्षकमाथि माओवादी क्रुरता, राजनैतिक दलहरूको दुर्भाग्यपूर्ण मौनता” शीर्षक दिएर हिमाल १६-३० मा २०५८ मा लमजुङ दुराडाडाँ निवासी पाणिनी संस्कृत मा.वि.का प्र.अ. मुक्तिनाथ अधिकारीको हत्याको विषयमा श्रीभक्त खनालको एक रिपोर्ट छापेको देखिन्छ ।

रिपोर्टको अन्तरवस्तु माओवादी हत्याको विरोध राजनीतिक दलले गर्नु पर्ने रहेको देखिन्छ । तर, एमनेष्टी इन्टरनेशनल ग्रुप ७९ मा समेत आवद्ध रहेका मुक्तिनाथ अधिकारीलाई माओवादीले रुखमा झुण्डाएर फासी दिएको तस्वीर छापेर आफैद्वारा निर्मित पत्रकार आचारसंहिताको उलंघन[445] भएको देखिन्छ । हिमालले अधिकारीको मृत फोटोलाई आवरण पृष्ठमा समेत छापेको पाइन्छ ।

> देश सङ्कटमा मात्र परेको छैन, त्यसलाई बचाउँन तत्काल ‘एक्सन’ को खाँचो परिसकेको छ । प्रधानमन्त्री देउवा स्वयम्ले माओवादीहरू भारतमा बसेर नेपाल विरुद्ध शसस्त्र संघर्ष चलाइरहेका छन् भनेपछि ति विरुद्ध तत्काल कारबाहीको शुरु गर्ने कुरामा चाहिँ द्वीपक्षीय सहमति हुनु पर्ने थियो । आफ्नो भूमि नेपाल विरुद्ध प्रयोग हुन नदिने भारतको वचनमात्र परयाप्त छैन[446] भनिएको छ ।

राष्ट्रिय सङ्कट घोषणा गरेर सेनालाई व्यारेक बाहिर निकालिएको बेला हिंसा र आतङ्क साम्य पार्ने एक मात्र धेय हुनु पर्नेमा आपसी द्वन्द्व चर्काउन अग्रसर हुँदैछन् : संविधान

---

[444] कनक दीक्षित, एकैरातमा ‘आतङ्ककारी’, ***हिमाल*** खवर पत्रिका १-१५ पुस २०५८, पृ. ३७ ।

[445] हेर्नुस् परिशिष्ट- १७ ।

[446] ***हिमाल*** खवरपत्रिका १६-३१ चैत्र २०५८, पृ. ४ ।

संशोधनको मुद्दा उठाएर । राजसंस्थाको अधिकार घटाउँनु पर्छ कि पर्दैन भन्ने विवादले अन्ततः राज्यशक्तिलाई कमजोर तुल्यानेछ[447] भनी पत्रकार सुधिर शर्माको विश्लेषण रहेको देखिन्छ ।

> यसरी सङ्कटकालको बेला हिमाल खवरपत्रिकाले स्वतन्त्र विश्लेषण गर्दै आएको आफ्नो पूर्व स्पिरिडबाट विमुख भएको पाइन्छ । सङ्कटकालमा छिमेकी भारतको समेत साथ सहयोगमा माओवादीको हतियार निश्तेज मात्र नभै समाप्त पार्नु पर्ने धारणा राखेको देखिन्छ । साथै माओवादीलाई निश्तेज बनाउँन संविधान संशोधन या संविधानसभाको चुनावभन्दा राजासँग मिल्नु पर्ने तर्क समेत खुलेर राखेको पाइन्छ । हिमालमा प्रकाशित यी रिपोर्टिङबाट स्वयम् प्रकाशक कनक दीक्षितले लेख्नु भएको भावनाको समेत प्रतिकूल अनुभूति हुन्छ । हिमालको यो प्रवृत्तिले राजनीतिको प्रभाव/सत्ताको जाँतोमा कसरी नेपाली प्रेस पर्दोरहेछ भन्ने तथ्य प्रष्टिएको छ । माओवादीले गरेका अनगिन्ती अपराधका बारेमा कोही पनि अनविज्ञ छैन । तिनले पासविक र वरवरतापूर्ण हत्याहरू अहिले पनि गरिरहेका छन् । देश र जनताको अमनचयन ध्वस्त पार्ने निसाहाय र निहत्थाहरूलाई टुहुरा र विधवा बनाउँने, लाखौं नेपालीको रोजीरोटी खोस्ने माओवादीका कृत्यको जति निन्दा गरे पनि पुग्दैन[448] भनिएको छ ।

सङ्कटकालमा नेपालका माओवादी तथा राज्यको तर्फबाट नागरिकलाई बेपत्ता पारिएको सन्दर्भमा उक्त विश्लेषण गरेको पाइन्छ ।

कनक दीक्षितले २०५९/१/१५ असारको अङ्कमा माओवादी गढ क्षेत्रसम्म/रोल्पा पुगेर स्थलगत रिपोर्ट प्रत्यक्ष दर्शन : माओवादी र प्रत्यक्ष दर्शन : जनता छुट्टा-छुट्टै शीर्षक दिएर लेख्नु भएको पाइन्छ ।

> ... यो विकट पहाडमा उहि रेडियो नेपालको अविस्वसनीय समाचार पनि यी लडाकुका लागि खवर हुँदो रहेछ, माओवादीको स्थिति कहाँ के भइरहेछ बुझ्न । ... पूर्वी रोल्पाको सुलीचौरबाट थवाङ जाने गोरेटोमा हिँड्नेहरू स्वाभाविक लाग्दैनन । "ओ दाइ, को हौ, कताबाट आ,को, किन आ,को" बाटोका सहयात्रीलाई सोध्ने रमाइलो बानी यहाँ हराएको छ । यो अस्वभाविक नेपाल हो, जहाँ महिला र बालबच्चा केही नबोली, आँखा यताउता नलगाई बाटो लाग्छन् । चिया पसलमा एक घण्टा बसी सक्दा पनि कसैले हुलिया माग्दैन । माओवादी केन्द्र विन्दु पूर्वी रोल्पाको अवस्था आज यस्तो छ । 'चेप' शब्दको प्रयोग यहाँ धेरै सुनिन्छ[449] भनिएको छ ।
>
> माओवादीले आफ्नो मुख्य इलाकामा शैनिक कारबाही तीव्र हुँदै जाँदा देखाएको प्रतिकृयात्मक कारबाही पनि अहिले उनीहरूकै निम्ति प्रत्युत्पादक सावित भएको छ ... भौतिक संरचनामाथिको आक्रमणले माओवादीप्रति तीव्र जनाक्रोश पैदा

---

[447] सुधिर शर्मा, शक्तिका लागि संघर्ष, ***ऐजन***, १६-३१ चैत्र २०५८, पृ. २९ ।

[448] ***हिमाल*** खवरपत्रिका, १६-३२ असार २०५९, पृ. ४ ।

[449] कनक दीक्षित, "प्रत्यक्ष दर्शन माओवादी, प्रत्यक्ष दर्शन जनता", ***ऐजन***, १-१५ असार २०५९, पृ. ३४-३५ ।

गरेको छ ... माओवादी नेता प्रचण्डले १५ वैशाखको बक्तव्यमा "हामीबाट कतिपय कमिकमजोरी देखिए पनि आफ्नो छोराछोरीहरूको कमजोरीको रूपमा लिई जनसमुदायले क्षमा दिने तथा त्यस्ता कमी, कमजोरी सच्च्याउँन सहयोग गर्नेमा हामी विश्वस्त छौ"[450] भनी विश्लेषण गरेको देखिन्छ ।

यसै अङ्कको आवरण तस्वीरमा प्रचण्ड, डा. बाबुराम भट्टराई, बादल, हिसिला यमी र प्रचण्डका छोरा प्रकाशको सामुहिक फोटो छापिएको छ । राज्यले माओवादीलाई आतङ्ककारी घोषित गरी टाउकाको मुल्य तोकेको बेला प्रेसले त्यस्तो फोटो छाप्नाले कस्तो असर पर्थ्यो ? सोच्नु पर्ने पक्ष मौन रहेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा उल्लेखित प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार र कानुनको शासन सङ्कटकालमा पनि निलम्बन गर्न नसकिने आधारभूत संरचनाभित्र पर्छन । संविधान बमोजिम जारी हुने सङ्कटकालिन् अवस्थमा पनि आधारभूत मानवअधिकारको उलंघन हुन नपाओस भन्ने हेतुले नै संविधानको धारा १२ (१) द्वारा प्रत्याभूत बाँच्न पाउँने अधिकारसहितको वैयक्तिक स्वतन्त्रता, धारा १४ द्वारा प्रत्याभूत शारिरीक र मानसिक यातना दिन नपाउने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउको कारण सहितको सूचना यथासक्य चाँडो दिनुपर्ने, पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँनु पर्ने जस्ता फौजदारी न्यायका हकहरू संविधानको ११५(८) बमोजिम निलम्बन भएको छैन । तर, पनि अहिले निलम्बन नभएका यस्ता क्रियाशील मौलिक हकहरूको उपयोग गर्नबाट जनसाधारण बञ्चित भएको देखिन्छ । यसैगरी सरकारले जारी गरेको आतङ्कारी तथा विध्वङ्सात्मक कार्य (नियन्त्रण तथा सजाय अध्यादेस) २०५८ को दफा १२ मा संविधानको प्रतिकूल नहुने गतिविधीमा सङ्कटकालले असर नगर्ने भनी उल्लेख गरेको भए तापनि यसले अभिव्यक्तिको स्वतन्त्रतामा समेत धेरै बन्देज लगाएको छ । त्यसैगरी सञ्चार मन्त्रालयले पनि कस्तो खालको समाचार छाप्न हुने र कस्ता समाचार छाप्न नहुने कुरामा आचारसंहिता जारी गरेर समाचार लेख्ने र छाप्ने कुरामा अङ्कुश लगाउँने काम गरको छ ।[451]

सङ्कटकालमा प्रेस स्वतन्त्रताको हनन् राज्यबाट भएको छ भन्ने कुराको विश्लेषण भएको देखिन्छ । "श्री ५ बाट नयाँ वर्षको शुभकामना, त्राण सङ्कटबाट ग्रहण लिन आवश्यक" [452] शीर्षकको मुख्य समाचार छापिएको छ । यस समाचारमा श्री ५ ज्ञानेन्द्रले देशवासीको नामा दिएको शुभकामना सन्देशलाई प्राथमिकता दिएर समाचार छापेको देखिन्छ । यस्तै दाङ घटनामा कम्तिमा सय माओवादी मारिएको अनुमान, डेढ दर्जन लास खाल्डोमा, खोजी जारी शीर्षकको

---

[450] सुधिर शर्मा, ***माओवादी किन चाहन्छन् युद्ध विराम, ऐजन***, १-१५ जेष्ठ २०५९, पृ. ३४ ।

[451] अञ्जु थापा, आतङ्कवाद र प्रेस स्वतन्त्रता, ***कान्तिपुर*** दैनिक, १९ वैशाख २०५९, पृ. ६ ।

[452] ***कान्तिपुर*** दैनिक, १ वैशाख २०५९ ।

अन्य समाचारले स्थान पाएको छ । साथै वात्स्यान्को यसै घटनासँग सम्बन्धित मुख्य कार्टुन प्रकाशित भएको छ ।

"सेनाले खोजिरहेका मध्ये शर्मा गिरफ्तार, माओवादी उपत्यका व्यूरो पनि पक्राउ" [453] शीर्षकमा अनेमसंघ क्रान्तिकारीकी रेखा सर्मा र उपत्यका व्यूरो कृष्णध्वज खड्कालाई सेनाले पक्राउ गरेको समाचार छापेको छ । समाचारमा शर्मा र खड्का श्रीमान श्रीमती भएको कुराको समेत उल्लेख गरिएको छ । यस्तै वैशाख ५ गतेको अङ्कमा संसद्को २१ औं अधिवेशन समाप्तिको विषयलाई मुख्य समाचार बनाएको देखिन्छ ।

"माओवादी विरुद्ध प्रचार तिव्र, थप २० नेताको तस्वीर सार्वजनिक" [454] शीर्षक दिएर प्रमुख समाचार छापेको पाइन्छ । समाचारमा माओवादीका नेता बादल सहित २० जनाको टाउको सरकारलाई बुझाए वापत पुरस्कारको व्यवस्था सरकारले गर्ने निर्णयलाई महत्व दिइएको छ । यो भन्दा पहिल्यै प्रचण्ड र बाबुराम भट्टराईसहित २० जनाको टाउकाको मोल सरकारले तोकिसकेको विषयलाई समेत पुनः निरन्तरता दिइएको पाइन्छ ।

"मुलुकभर बन्दको अवज्ञा" [455] शीर्षक दिएर माओवादीले आव्हान् गरेको नेपाल बन्दलाई अवज्ञा गर्न सरकारले गरेको अपीललाई मुख्य समाचार बनाएको देखिन्छ । यो अङ्कमा माओवादीका सेनालाई मृत वा जीवित अवस्थामा सरकारलाई बुझाउनेलाई ५० हजार पुरस्कार दिने सरकारको निर्णयलाई महत्वकासाथ छापेको देखिन्छ । यस्तै वैशाख २३ को अङ्कमा हतियार बुझाएर सरकारसँग वार्तामा आउन माओवादीलाई एमालेले गरेको आव्हानलाई मुख्य समाचार बनाएको देखिन्छ ।

"अमेरिकामा बस्ने नेपालीद्वारा माओवादी विरुद्धको कारबाहीमा सहयोगको प्रतिवद्धता" [456] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । यस्तै माओवादीका नेता प्रचण्ड, बाबुराम भट्टराई, बादल र हिसिला यमीको तस्वीर शाही नेपाली सेनाको सौजन्य भनी महत्वकासाथ छापिएको छ भने रोल्पाको गाम भीडन्तको तस्वीर पृष्ठ २ को आधा भागमा छापिएको देखिन्छ । यस्तै वैशाख ३० गते को अङ्कमा गाम भीडन्तमा माओवादीको ठूलो क्षति र सेनाको विजय भएको समाचारलाई प्राथमिक्तामा छापिएको छ भने पाँच सर्वसाधारणको ज्यान गएको उल्लेख गरेको छ ।

[453] ***ऐजन***, ३ वैशाख २०५९ ।

[454] ***ऐजन***, १० वैशाख २०५९ ।

[455] ***ऐजन***, ११ वैशाख २०५९ ।

[456] ***ऐजन***, २९ वैशाख २०५९ ।

पृष्ठ ६ मा "अघिअघि बन्दुक, पछिपछि राजनीति" शीर्षकको विचार लेखले स्थान पाएको छ । यसरी यो महीनाभरि कान्तिपुरले समाचारको मुख्य विषय सरकार माओवादी भीडन्तको कथालाई बनाएको देखिन्छ । सरकारी सेनाले उल्लेख्य सफलता पाएको भन्ने सरकारी भनाइलाई तुलनात्मक समाचार बनाएको देखिदैन । सरकारी सूचनालाई नै समाचारको एकतर्फी स्रोत मानिएको छ ।

"कोइरालाको माओवादीसित साँठगाँठ छ : गृहमन्त्री"[457] शीर्षकको मुख्य समाचारमा नेपाली काङ्ग्रेसका सभापति कोइरालाको माओवादीसँग साँठगाँठ छ भन्ने तत्कालिन गृहमन्त्री खुमबहादुर खड्काको भनाइलाई नै प्रमुख समाचार बनाएको देखिन्छ । यस्तै अन्तरिम सरकारमार्फत माओवादी पार्टी निर्वाचनमा भाग लिन सक्ने भन्ने आसयको समाचारले समेत स्थान पाएको छ ।

"हतियार विसाएर चुनावमा आए सरकारले स्वीकार्ने"[458] शीर्षकको बक्स न्यूज छापिएको देखिन्छ । सरकारी पक्षको उक्त भनाइलाई महत्वकासाथ छापिएको छ भने अन्य समाचार पनि राजनीतिक विषयमा नै केन्द्रित भएको पाइन्छ । कान्तिपुरको साउन ७ र ८ गतेको अङ्कमा भने अविरल वर्षाको कारण देशको विभिन्न भागमा वाढी, पहिरो र डुवानको विषयलाई समाचारको विषय बनाएको देखिन्छ । वर्षाबाट सैयौं घरबार विचल्लीमा परेको र दर्जनौंको ज्यान गएको घटनालाई प्राथमिक्ता दिएको पाइन्छ । यस अवधीमा गैरराजनीतिक प्रवृत्तिको समाचार यसलाई मान्न सकिन्छ । यस्तै ९ र १० गतेको अङ्कमा पनि बाढी पहिरोबाट उत्पन्न समाचारलाई फलोअप गरेको देखिन्छ । राजनीतिक समाचारले केही न्यून प्राथमिक्ता पाएको देखिन्छ ।

... व्यक्तिको स्वतन्त्रतासँग जोडिएको अर्को पक्ष हो वाक् र प्रकाशन स्वतन्त्रता । जसलाई प्रेस स्वतन्त्रता पनि भनिन्छ । प्रजातन्त्रमा स्वतन्त्रताको अर्थ कानुनले तोकेको अवस्थामा बाहेक कुण्ठित नहुने (नगरिने) मान्यता नीहित छ । ... रिपोटर साँ फ्रन्टेयर्सले विश्वमा चारवटा सबभन्दा बढी प्रेस स्वतन्त्रताको हनन् भएका मुलुकको सूचिमा नेपाललाई पनि राखेको छ । प्रेस स्वतन्त्रताको हनन् गर्ने व्यक्तिहरूमा प्रधानमन्त्री शेरबहादुर देउवाको नाम पनि नोवेल शान्ति पुरस्कार विजेता उक्त संगठनले समावेश गरेको छ । ... विगत आठ महीनामा गिरफ्तार गरिएका १४० जना प्रेस प्रतिनिधिहरूको गिरफ्तारीको कारण, मुद्दा चलाइए/नचलाइएको विकरण तथा त्यसको नतिजा समेत सार्वजनिक नहुदा सरकारको नियतिमाथि शंका हुनु अस्वभाविक होइन । ... त्यो केवल देसको त्यसको प्रधानमन्त्रीमाथि

---

[457] ***ऐजन***, ३ साउन २०५९ ।

[458] ***ऐजन***, ५ साउन २०५९ ।

नटाँसीयोस भनी सप्रमाण तथा विस्वसनीय ढंगले सुनिश्चित पहिलो जिम्मेदारी प्रधानमन्त्री स्वयम्‌को हुनेछ[459] भनी विश्लेषण गरेको देखिन्छ ।

“देउवालाई नेपाली काङ्ग्रेसको सभापति नभन्न निर्वाचित आयोगको निर्देशन”[460] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । नेपाली काङ्ग्रेसको संसदीय दलबाट विभाजित काङ्ग्रेसको देउवा समूहले निर्वाचित काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई पार्टी सभापतिबाट निस्कासन गरेको देउवा समूहले निर्वाचन आयोगलाई जनाएको थियो । यस्तै साउन १८ गतेको अङ्कमा नवयुवराज हृदयेन्द्रको छैंटीको उपलक्ष्यमा युवराज पारस र युवराज्ञी हिमानी र हृदयेन्द्रको तस्वीर अग्रभागमा महत्वकासाथ छापेको देखिन्छ ।

“प्रतिनिधिसभा पुनःस्थापनाबारे सर्वोच्च अदालतको फैसला”[461] शीर्षकमा पहिलो पेजमा प्राथमिक्ताकासाथ समाचार छापिएको छ । सर्वोच्च अदालतमा विघटित संसद् पुनस्थापनाको मुद्दाउपर वेन्चबाट सुनुवाई सुरु भएको थियो । सो अवसरमा पत्रकारलाई अदालत परिसर प्रवेशमा रोक लगाएको विषयलाई समेत उत्तिकै महत्वकासाथ समाचार बनाएको देखिन्छ । यस्तै २१ गतेको अङ्कमा पनि संसद् पुनःस्थापना गर्नु उचित नभएको भनी सर्वोच्चले निवेदकको रिट खारेज गरेको विषयलाई सर्वोच्च अदालतको न्यायाधीशहरूको सामूहिक तस्वीरलाई प्रथम पृष्ठमा महत्वकासाथ छापेको देखिन्छ ।

“प्रचण्ड सहित ८ माओवादी नेताविरुद्ध इन्टरपोलमा नोटिस, कारबाही गर्न सदस्य राष्ट्रलाई अधिकार”[462] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । तत्कालिन् देउवा सरकारले माओवादी पार्टीलाई आतङ्ककारी समूह र तिनका सदस्यलाई आतङ्ककारी भन्दै सदस्य राष्ट्रलाई कारबाही गर्ने अधिकार सहित इन्टरपोलमा रेडकरनर नोटिस जारी गरेको थियो । सोही घटनालाई कान्तिपुरले महत्वकासाथ समाचार बनाएको देखिन्छ । यस्तै “काङ्ग्रेसको अधिकारिक्ता बारे निर्वाचन आयोगमा बहस सुरु, देउवाद्वारा बानेश्वर महाधिवेशन विधानसम्मत भएको दावी” शीर्षकको समाचार प्रथम पृष्ठमा छापिएको देखिन्छ ।

“आतङ्ककारी जासुसी संरचना बारे जानकारी पाइसकेको सेनाको दावी”[463] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । यस्तै माओवादीको अगाडि उभिएको गम्भीर चुनौतीहरूका विषयमा भरतमोहन अधिकारीको विचार दृष्टिकोण पृष्ठमा छापिएको छ । यसरी राजनीतिक समाचारले महत्व पाएको देखिन्छ ।

---

459 ***प्रेस स्वतन्त्रता र देउवाको दायित्व, ऐजन,*** १९ साउन २०५९ ।

460 ***कान्तिपुर*** दैनिक, १४ साउन २०५९ ।

461 ***ऐजन,*** २१ साउन २०५९ ।

462 ***ऐजन,*** २८ साउन २०५९ ।

463 ***ऐजन,*** ३१ साउन २०५९ ।

"माओवादीका कारण सङ्कटकालको घोषणा" [464] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । तत्कालिन अवस्थामा सरकारले सङ्कटकालको घोषणा गर्नु पर्ने मुख्य कारणको रूपमा माओवादी जनयुद्ध हो भन्ने सरकारी भनाइलाई समाचारको स्रोत बनाएर कभर स्टोरी गरेको देखिन्छ । यस्तै "दाङमा सैनिकहरू यसरी मारीए, कस्तो छ माओवादीको युद्धशैली ? माओवादीका को को नेता पक्राऊ परे" छुट्टाछुट्टै शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापिएको छ । समाचारको केन्द्र नै सरकारले गरेको आपतकालको घोषणा र माओवादीले दाङ र सोलुमा गरेको सदरमुकाम आक्रमणको विषयलाई बनाएको देखिन्छ ।

> ...अहिले मुलुकमा एउटा विशिष्ट परिस्थितिका कारण सङ्कटकाल लागू गरिएको छ र नेपाली प्रेस जगत्लाई पञ्चायती प्रेसले नराम्ररी फस्काउँन पुगेको छ ।.... पत्रकारहरू देउवा सरकारको जासुस होइनन् न त माओवादी नेता प्रचण्डका कार्यकर्ता नै । पत्रकारहरू सूचनाका सम्वाहक हुन् र सूचना प्रवाह गर्न पाउँनु र सूचना पाउँनु पत्रकार र जनताको विश्वव्यापी अधिकार हो । ... थप अर्को एउटा प्रश्न पत्रकारिता क्षेत्रलाई नै । त्यो के हो भने हिजो माओवादी खवरमा विक्रीको साम्राज्य देखेर चाहिने भन्दा वढी माओवादीको समाचार छाप्नु आफ्नो व्यवसायिक कर्तव्य देख्ने नेपाली पत्रकारिताको 'टाइकोन' आज सङ्कटकालको लगतै गोरखापत्रको शैलीलाई आफ्नो जीवन शैली बनाउँन पुग्नु अर्को विडम्बना होइन् ? अझ सोझै भनौं- हिजो माआवादीको स्वघोसित प्रवक्ता हुन खोज्ने नेपाली पत्रकारिताको प्रवृति आज सरकारी दास बन्न मञ्जुरी त दिदै छैन ? यस प्रकारको विजातीय प्रवृति त्याग्न नेपाली पत्रकारिता जगत्ले कदम उठाउँनै पर्छ । अर्थात कानुनबाट उन्मुक्तिका लागि होइन, सूचना प्रवाहको हक स्थापित गर्न पूनः नेपाली प्रेसले संघर्ष गर्नै पर्छ[465] भनि सङ्कटकाल र नेपाली प्रेसको तत्कालिन प्रवृतिको विश्लेषण गरेको देखिन्छ ।

यसरी दृष्टि साप्ताहिकले सङ्कटकालमा पनि प्रेसको स्वतन्त्रता र समाचारको मुख्य विषय भने सरकार माओवादी भीडन्तलाई नै बनाएको देखिन्छ । सहजकालमा जस्तो खुलेर सरकारको आलोचना र माओवादीको स्टोरी प्रकाशन गरेको देखिदैन ।

"टाउको ल्याउँने घोषणाको सर्वत्र आलोचना" [466] शीर्षकमा मुख्य समाचार छापेको देखिन्छ । "सरकार माओवादीबीच निसर्त वार्ता थालिनुपर्छ भनेर दुवैमाथि दबाब परेकै समयमा सरकारले प्रजातान्त्रिक संविधानको खिल्ली उडाउँदै माओवादी नेताहरूको टाउको ल्याउँन आव्हान् गरेपछि शान्तिप्रति आशापूर्ण नजर राख्ने जनसमुदाय पुनः निराश हुन पुगेको छ । अर्कोतर्फ मेरो गोरुको बाह्रै टक्काको मनस्थितिमा माओवादीमा समेत अझै चेत फर्किएको छैन र दम्भपूर्ण राजनीतिक विश्लेषण गरिरहेका छन् । सङ्कटकालको अवधी लगभग एक महीना पनि

---

[464] ***दृष्टि*** साप्ताहिक, १२ मंसिर २०५८ ।

[465] अन्यौलग्रस्त सञ्चारजगत, ***ऐजन***, १० पुस २०५९ ।

[466] ***ऐजन***, १७ वैशाख २०५९ ।

बाँकी छैन । सङ्कटकालको अवधी सकिनु अगावै शान्तिपूर्ण राजनीतिक निकासको ठोस पहलकदमी हुनु पर्छ भन्ने जनभावनालाई सरकारले लत्याउँने सङ्केत देखिएको छ र प्रधानमन्त्रीले आफू सङ्कटकालको अवधी थप्ने पक्षमा रहेको खुलासा गर्नु भएको छ" भनिएको छ । यस्तै *"काङ्ग्रेस विवाद निर्णायक मोडमा, माओवादीको टाउको माग"* छुट्टाछुट्टै शीर्षकमा राजनीतिक समाचारले स्थान पाएको देखिन्छ ।

"काङ्ग्रेसमा को सिद्धिने कोइराला कि देउवा ?"[467] शीर्षकमा प्रथम पृष्ठमा मुख्य समाचार छापेको देखिन्छ । पार्टीभित्रको आन्तरिक विवादको विषयलाई समाचारको मुख्य एङ्गल बनाइएको छ । नेपाली काङ्ग्रेसले शेरबहादुर देउवालाई पार्टीबाट निस्कासन गरेको घटनालाई आधार बनाएर देउवाले माओवादी नेता प्रचण्डसँग कोइरालाको साँठगाँठ भएको आरोपलाई यसै समाचारको बक्स न्यूज बनाएको छ । यस्तै "निर्वाचन क्षेत्र कहाँ घट्ने कहाँ बढ्ने ? निर्वाचनप्रति माओवादीको स्पष्ट धारणा के हो ?" लगायतको शीर्षकका समाचार प्रथम पृष्टमा छापिएको देखिन्छ ।

"काङ्ग्रेस औपचारिक विभाजनतिर"[468] मुख्य शीर्षक र निर्वाचन आयोगमा देउवाको नाम हटाइयो, देउवाको भेला अवैधानिक, छुट्टाछुट्टै उप-शीर्षकमा नेपाली काङ्ग्रेसबीच जारी अन्तरद्वन्द्वलाई समाचारको मुख्य विषय बनाइएको छ । देउवाले २०५९ असार २ गते विशेष महाधिवेशनको काठमाडौंमा आव्हान गरिसकेका थिए । यस्तै स्थानीय निकायको म्याद थप्नुपर्छः एमाले, को को नेताहरू कालो सूचिमा पर्दैछन् ? नेपालमा गोल्डक्वेष्टको धन्दा आदी शीर्षकको समाचारले प्रथम पृष्ठमा समान स्थान पाएको देखिन्छ ।

"काङ्ग्रेसबाट गिरिजा निस्कासित !"[469] शीर्षकमा प्रमुख समाचार छापिएको छ । "प्रजातन्त्रविरुद्ध साक्षी बस्न सक्दिन : कोइराला, म माफी माग्दिन : देउवा" उप-शीर्षकमा काङ्ग्रेसबाट देउवा निष्कासित गरिएपछि राष्ट्रिय महाधिवेशनबाट गिरिजाप्रसाद कोइरालालाई देउवा समूहले पार्टी सभापतिबाट निस्कासन गरेको घटनालाई विस्तृत रूपमा दृष्टिले आफ्नो मुख्य समाचारको विषय बनाएको देखिन्छ ।

यस्तै काङ्ग्रेस चुनावसँग डराउनुको भित्री रहस्य, गिरीजामाथि देउवाको गम्भीर आरोप लगायतको शीर्षक दिएर प्रथम पृष्ठमा अन्य समाचार छापेको छ । यसरी यस अवधीभरि दृष्टिले समाचारको विषयमा विविधता नल्याई नेपाली काङ्ग्रेसको आन्तरिक विवादलाई निरन्तरता दिएको देखिन्छ । यस्तै सरकार माओवादीबीचको आपसी भीडन्तका घटनाहरूलाई

[467] ***ऐजन***, २१ जेठ २०५९ ।

[468] ***ऐजन***, २८ जेष्ठ, २०५९ ।

[469] ***ऐजन***, ४ असार २०५९ ।

विना स्वतन्त्र विश्लेषण विवरण छाप्ने गरेको देखिन्छ । स्वतन्त्रताको विषय सम्पादकीय लेखमा उठाए पनि आफ्नै पत्रिकामा त्यसको व्यवहारिक कार्यन्वयन भएको पाइदैन ।

**पत्रकारिता** नेपाल पत्रकार महासंघद्वारा प्रकाशित द्वैमासिक म्यागेजिन हो । यसले पत्रकारितासँग जोडिएका विषयमा विषयको प्रस्तुतीकरण गर्ने गरेको पाइन्छ । मुलुकको असामान्य अवस्था त्यसबाट पत्रकारिता क्षेत्रमा परेको असरलाई ध्यानमा राखी महासंघको विसौं अधिवेशनको नारा *"व्यवसायिक पत्रकारिताका लागि सूचना, सुरक्षा र स्वतन्त्रता"* तय गरिएको छ[470] भनिएको छ ।

सङ्कटकालसँगै नेपाली माओवादीहरूको राजनीतिक अवस्था स्वतः अपराधमा परिणत भयो । उनीहरूको हतियार बन्द राजनीतिको मुलुकमा अधिकांश राजनीतिक दलहरूले विरोध गरे र सङ्कटकालको पक्षमा मत जाहेर गरे । माओवादी आस्थालाई अपराध मान्नु गलत हो[471] भनी विश्लेषण गरिएको देखिन्छ । यस्तै माओवादी राजनीतिक आस्थाको कलम बोक्ने पत्रकारलाई समेत सङ्कटकाल घातक भएको भन्दै स्वेच्छिक बाहेक बाध्यताले पत्रकारहरू भूमिगत हुनुपरेको कुरालाई आचार्यले उल्लेख गर्नु भएको छ ।

*संविधानको सबैभन्दा असल पक्षका रूपमा प्रेस स्वतन्त्रताको बखान हामी सधैं गर्ने गर्दछौं । तर, सङ्कटकालको नाममा अहिले सबैको मुखमा बुझो लगाइएको छ । ... पत्रकारमाथि राज्यले वा अन्य कुनै पनि शक्तिले हमला गर्नु भनेको विचार र अभिव्यक्तिमाथिको हमला हो । प्रजातन्त्रमाथिको हमला हो*[472] भनी सङ्कटकालले नेपाली प्रेसको स्वतन्त्रताको हनन् भएको विषयमा विश्लेषण गरिएको छ ।

यसरी पत्रकारिताको यो अङ्क आफ्नो सङ्गठनको वीसौं महाधिवेशनको सन्दर्भमा महाधिवेशन विशेषको रूपमा प्रकाशित गरेको देखिन्छ । अन्य विभिन्न लेखकको लेखहरू समावेश गरिएका छन् । ती सबै लेखमा पत्रकारको अधिकार, दायित्व र राज्यले गरिरहेको व्यवहारको विषयमा विश्लेषण गरिएको छ । साथै सङ्कटकालका विषयमा विभिन्न मितिमा महासंघद्वारा जारी विज्ञप्तीहरूलाई समावेश गरिएको देखिन्छ ।

"पत्रकारलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ"[473] शीर्षकको सम्पादकीय लेखेर अन्य भाग खाली राखिएको छ । उक्त माग सरकारका विरुद्ध मात्र नभै विद्रोही माओवादीलाई समेत

[470] २० औं महाधिवेशनको सन्दर्भ, पत्रकारिता, वैशाख २०५९, पृ. ३ ।

[471] सुरेश आचार्य, "सङ्कटकालका बीच वीसौं महाधिवेशनमा आइपुग्दा", ***ऐजन***, पृ. ४ ।

[472] गोविन्द वियोगी, "नेपाली पत्रकारिताको स्थिति र महाधिवेशनको दायित्व", ***ऐजन***, पृ. ३९ ।

[473] पत्रकारिता, जेठ-असार २०५९ ।

माग गरिएको हो । यस्तै यो अङ्कको आवरण तस्वीर समेत सोही नारा लेखिएको व्यानर सहित पत्रकारहरूको विरोध जुलुसको फोटो छापिएको छ ।

... परिवर्तित समयको आवश्यकता र प्रविधिमा भइरहेको द्रुततर परिवर्तन र विकास तथा सञ्चार माध्यमअरुको विस्तारलाई समेत तर्जुमा गर्नु पर्ने तर्फ पनि महासंघले आफूलाई स्पष्ट रूपमा अगाडि ल्याएको छ[474] भनी विश्लेषण गरिएको छ ।

यस्तै टंक पन्त, विनोद ढुंगेल, रामकृष्ण रेग्मी, महेन्द्र विष्ट, बलराम बानियाँको विचार छापिएको छ । उनीहरूले तत्कालिन सङ्कटकालको भार नेपाली प्रेसमा कसरी परेको र त्यसको सामना नेपाली प्रेस जगतले गर्नु परेको विषयमा विश्लेषण गरेको देखिन्छ । साथै यस बीचमा राज्य र विद्रोही माओवादीको तर्फबाट पक्राऊ गरेको र अपहरण गरेको २४ जना पत्रकारको नामावली छापेको देखिन्छ । रमेश विष्ट र रवीन स्याय्मीको २ वटा कार्टुन पनि छापिएको छ । कार्टुनले प्रेस स्वतन्त्रता हनन् भएको तर्फ व्यङ्ग गरेको देखिन्छ ।

अन्य समाचारमा “कृष्ण सेन पशुपतिमा खरानी” शीर्षकको समाचार जनआस्था साप्ताहिकबाट साभार गरेको देखिन्छ । यसको अतिरिक्त विभिन्न मितिमा महासंघद्वारा जारी विज्ञप्तिलाई छापिएको छ ।

सङ्कटकालमा प्रकाशित जम्मा ४ वटा अङ्कमा पत्रकारिताले समाचारको मुख्य विषय प्रेस स्वतन्त्रताको पक्षलाई बनाएको देखिन्छ । सिंगो नेपाली सञ्चार जगतको छाता संगठनको मुखपत्रमा केन्द्रित गर्नु स्वाभाविक देखिन्छ । राजनीतिक विषयमा केन्द्रित भए पनि राजा र नेताको भाषणलाई ठाउँ दिएको देखिँदैन भने सहज कालमा झैं नेताहरूको फोटोले स्थान पाएको पनि भेटिदैन । समग्रमा सङ्कटकालमा पत्रकारिताको अङ्कहरू आफ्नो क्षेत्र र विषय केन्द्रित भएको देखिदैन ।

“सेना र आतङ्ककारीः भीषण युद्ध, व्यापक क्षति”[475] शीर्षक दिएर व्यानर न्यूज छापेको देखिन्छ । सङ्कटकाल लागू भए पछि सरकारी भनाइलाई नै समाचारको आधिकारिक स्रोत मानेर सेना र माओवादी लडाकुबिचको भीडन्तलाई प्राथमिक्ताकासाथ समाचार छापेको देखिन्छ । यसै समाचारको बक्समा श्री ५ ज्ञानेन्द्रबाट विभिन्न पत्रकारलाई भेटेर सङ्कटकालमा सेनालाई माओवादी मार्न नभै निशश्त्र पार्न परिचालन गरिएको भन्ने भनाइलाई छापिएको छ ।

“यस्तै सरकारलाई प्रतिपक्षीहरूको चेतावनी, यो जम्बोको अब के काम” जस्ता छुट्ट-छुट्टै शीर्षकमा समाचार छापिएके छ । यी सबै समाचारको विषय समसामयिक राजनीतिक नै रहेको देखिन्छ ।

---

[474] तारानाथ दाहाल, “चुनौती र प्राथमिकताहरू”, ***ऐजन***, पृ. ३ ।

[475] ***विमर्श*** साप्ताहिक, २९ मंसिर २०५८ ।

यो अबधीको अभ्यासका उपलब्धी ज्यादा नकरात्मक छैनन् । देश र समाज आतङ्कवादबाट मुक्त हुने आशा बड्ढै गएको छ । ... नेपाली प्रेस जगत् सधैं आतङ्कवादको विरुद्ध रहेको छ । नेपालका पत्रकारहरूले बहुदलीय प्रजातन्त्रलाई सर्वाधिक महत्व दिइआएका छन् । प्रजातन्त्रको पुनस्थापनामा प्रेस जगतले निभाएको भूमिका र अनेकौं कस्ट झेलेर पुऱ्याएको योगदानको राष्ट्र र समाजले उच्च मूल्याङ्कन गरेको छ । पत्रकारिताको व्यवसायिक विकासका लागि प्रजातन्त्र अनिवार्य तत्व भएकाले पत्रकारहरू नेपाल अधिराज्यको संविधान र प्रजातान्त्रिक पद्धतिको रक्षाका लागि कटिबद्ध रहेका छन् । ... पत्रकारहरू संयम् र संघर्ष दुवै गर्न सक्दछन् । यस्तो परिवेशमा सरकार सम्बन्धित सबैले प्रेसजगतमाथि वक्रदृष्टि नराखी उनीहरूलाई स्वतन्त्र र विवेकपूर्ण भूमिका निर्वाह गर्न दिएमा यो अङ्गबाट मुलुकले झन् बढी लाभ लिन सक्दछन् ।[476] भनिएको छ । सम्पादकीयमा सङ्कटकालले जनतामा शान्तिको आशा जाग्दै गएको र तयसलाई अझ सफलतामा पुग्नलाई प्रेसजगतलाई वक्रदृष्टिले नहेरी साथमा दिनु पर्ने धारणा राखेको देखिन्छ ।

"सङ्कटकाल ९४ प्रतिशतद्वारा अनुमोदित" [477] मुख्य शीर्षक दिएर व्यानर न्यूज लेखिएको छ । उक्त शीर्षकलाई अरु व्याख्या गर्न "अव व्यापक सुधारका कदम चाल्ने वचन, सत्तापक्ष र प्रतिपक्षबीच विवाद" उपशीर्षक दिइएको छ । त्यसमा श्री ५ ज्ञानेन्द्रले राजनीतिक दल र देउवा सरकारलाई दिएको चेतावनीलाई बक्समा लेखिएको छ । राजाले सरकार र नेताहरूले राम्रो काम नगरेको आरोप लगाएका थिए । यस्तै "एमालेको प्रस्तावलाई कोइरालाको समर्थन, सरकार फेरि सुत्ने हो कि ? सेनाले विश्राम नलिने" आदि शीर्षकमा राजनीतिक समाचार छापिएको छ । साथै प्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली काङ्ग्रेसका सभापति गिरीजाप्रसाद कोइराला र एमालेका महासचिव माधवकुमार नेपालको फोटो प्रमुखताका साथ छापिएको छ ।

"सङ्कटकाल अरु नलम्बिने सम्भावना, माओवादीद्वारा युद्धविरामको घोषणाः सरकारले विश्वास गरेन"[478] शीर्षकमा मुख्य समाचार छापेको देखिन्छ । "आखिर माओवादी हतियार विसाउन बाध्य भए । ने.क.पा माओवादीका अध्यक्ष प्रचण्डको नामबाट लिस्नेमा व्यापक क्षति हुनासाथ तयार पारी हिजो प्रेषित गरिएको बक्तव्यमा २०५९ जेठ १ गतेदेखि एक महीनासम्म आफ्नो तर्फबाट युद्धबिराम गर्ने घोषणा गरिएको छ । सुरक्षाकर्मीहरूले आफ्नो प्रशिक्षण केन्द्र, भण्डार र अखडाहरूमा व्यापक रूपमा क्षति पुऱ्याएको, सम्पूर्ण बामपंथी पार्टीहरूले समेत सत्तारुढ दललाई साथ दिइरहेको, सबैतिरबाट आफू एक्लिदै गएको, भारतमा पनि टिक्न नसक्ने

---

[476] ***सङ्कटकाल र पेसाकर्मी, ऐजन***, १० पुस २०५८ ।

[477] ***विमर्श*** साप्ताहिक, १० फागुन २०५८ ।

[478] ***ऐजन***, २७ वैशाख २०५९ ।

स्थिति सिर्जना भएको, भारतको मित्रशक्ति पिपुल्स वार ग्रुप पनि विनाशर्त युद्ध विराम गर्न विवस भएको तथा अन्तर्राष्ट्रिय वातावरण अत्यन्त प्रतिकूल भएकोले माओवादीहरूसित अर्को विकल्प थिएन ।" भनी समाचार विश्लेषण छापेको देखिन्छ । यस्तै बक्समा प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीले गरेको युद्धविरामलाई 'कथित' को संज्ञा दिएको विषयलाई छापिएको छ । साथै प्रचण्ड, कृष्णबहादुर महरा र नेपाली काङ्ग्रेसका सभापति गिरीजाप्रसाद कोइरालाको फोटो महत्वकासाथ छापेको देखिन्छ ।

सिङ्गो मुलुक र समाज सङ्कटग्रस्त रहेको बेला राज्यको चोथो अङ्क, त्यसबाट प्रभावित नभइरहन सम्भव छैन । ... प्रजातन्त्रको पुनस्थापनाको १२ वर्षपछि पनि प्रजातन्त्रका योद्धाहरूले "स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ" भन्नु पर्ने स्थिति आउँनु एउटा विडम्वना नै हो । सरकारको अनुत्तरदायीशैली र व्यवहारले चौथो अङ्गको चिन्ता बढाएको छ । ... यसका सङ्कटकालिन अवस्थामा र असहज परिस्थितिको अन्त्य अपरिहार्य छ ।[479] भनी सम्पादकीय टिप्पणी लेखिएको छ । सम्पादकीयले प्रेस स्वतन्त्रताको हनन् राज्य पक्ष र विद्रोही दुवै पक्षबाट भएकोमा चिन्ता व्यक्त गरिएको छ ।

यसरी सङ्कटकालभरि विमर्शले सरकार र माओवादी बीचको भीडन्तका साथै राजा र नेताको भनाइलाई नै मुख्य समाचार बनाएको देखिन्छ ।

"श्री ५ महाराजधिराजबाट अधिराज्यभर सङ्कटकालिन आदेश जारी, सङ्कटकालिन अधिकारको सम्बन्धमा नेपाल अधिराज्यको संविधान २०४७, मा के छ ? आतङ्कारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश जारी"[480] छुट्टा-छुट्टै शीर्षकमा सङ्कटकालका विषयमा समाचार छापिएको छ । सरकारले संविधानको रक्षा, जनताको जीउ धनको सुरक्षा र ने.क.पा माओवादीलाई आतङककारीको सूचिमा राखेर तिनको कृयाकलाप नियन्त्रण गर्न भनि नेपाल अधिराज्यको सविधान २०४७ अनुसार नेपाल अधिराज्यभर लागू हुने गरी जारी गरेको सङ्कटकालका विषयमा समाचारले राम्रो नराम्रो केही पनि भनेको देखिदैन । संविधानमा भएको प्रावधानलाई सरल भाषामा जानकारीको रूपमा प्रस्तुत गरेको मात्र देखिन्छ ।

यस्तै आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेस २०५८ लाई समेत समाचार सामग्रीको रूपमा छापेको देखिन्छ । तर सम्पादकले यस अङ्कमा सङ्कटकालको विषयमा सम्पादकीय लेखेको पाइदैन । *"प्लाष्टिकले मानिसको वस्तिलाई ऐठन पारेको छ"* शीर्षकमा वातावरण सम्बन्धी सम्पादकीय लेखिएको छ ।

---

[479] चौथो अङ्कको चिन्ता, ***ऐजन,*** १७ साउन २०५९ ।

[480] गाउँले देउराली साप्ताहिक समाचार पत्र, १५ मंसिर २०५८, पृ. १६ ।

यसबाट देउराली साप्ताहिक सरकारी कदमको मौन समर्थनमा रहेको संकेत गर्दछ ।

"मतदाता परिचय-पत्र लिन आफू पनि नछुटौं अरुलाई पनि छुट्न नदिऔं"[481] शीर्षकमा सम्पादीय टिप्पणी छापिएको छ । १८ वर्ष पुकेका हरेक नेपालीले मतदाता वन्न पाउने कानुनी व्यवस्थाका बारेमा चर्चा गर्दै गाउँटोलमा आएका मतदाता संकलकलाई मतदाता नामावली दर्ता गर्न गराउन सबै सचेत हुनु पर्ने सल्लाह दिएको देखिन्छ ।

"काम कुनै पनि ठूलो र सानो भन्ने हुँदैन, बूढाबूढीहरूको हेरचाह कस्ले गर्ने ?" लगायतका समाचार शीर्षकहरूमा विगत वर्षका जस्तै ग्रामिण जनजीवन र विकास निर्माणका सामग्रीले महत्त्व पाएको देखिन्छ । देशमा सङ्कटकाल लागू भएपछि राजनीतिक प्रकृतिको समाचारमा झन् कमी आएको देखिन्छ । माओवादी हत्या हिंसा र उनको राजनीतिक गतिविधिबाट पनि गाउँले देउरालीले स्वतन्त्र रहेर समाचार संप्रेषण गरेको पाइन्छ । यस अवधीमा अन्य समाचार पत्रहरूले सरकारको प्रतिपक्षीय भूमिका निर्वाह गरेको पाइन्थ्यो भने माओवादी राजनीतिक गतिविधि र भीडन्तका समाचारले पत्रिका भरिभराऊ भएको पाइन्थ्यो । "पूर्वी पाल्पाको पहिलो औषधी पसल, सीताकुण्डको संरक्षण गरौं, ज्ञानमाला नि.मा.वि. ले ३१ औं वार्षिक दिवस मनायो"[482] शीर्षकमा मुख्य समाचार छापेको छ । समाचारले कुनै राजनीतिक विषयमा उल्लेख गरेको देखिदैन । अन्य शीर्षकमा छापिएका समाचारहरू पनि गाउँघरका किसानहरूले खेतीवाली लगाएर मानामुरी उब्जाएको कथाहरूलाई फिचरको रूपमा छापिएका छन् । समाचारको साथमा छापिएका फोटो पनि समाचारसँग सरोकार राख्ने खालकै भेटिन्छ । यस अङ्कको सम्पादकीय पनि पशुपालनका विषयमा लेखिएको छ ।

"तर पनि देश वर्वाद भयो किन ?" शीर्षकको गोविन्द भट्टराइको लेख भने राजनीतिक विषयमा लेखिएको छ ।

> एक हदसम्म एमाले, राप्रपा, सद्भावना, मसाल, जनमोर्चा, नेमकिपा आदि सदनमा भएको दलहरूको निश्कर्ष साँचो हो । भान्सामा पसेर डाडु पन्यौ हातमा लिए पछि सबैलाई वरावरी भाग लगाउँनु पर्ने कर्तव्य भान्सेको भएपनि सरकार चलाउने सवालमा कांग्रेसबाट पक्षपात रोक्ने आँटको जनताले अनुभव गर्न पाएनन् । आफ्ना नातागोता र आसेपासे मोटाउने, निमुखा जनता ठगीने पञ्चायती रोगलाई निर्मुल पार्ने इच्छा नभएर भन्दा पनि इमान्दारीता देखाउन नसक्दा कांग्रेसले खप्की खाँनु परेको हो भनि तत्कालिन राष्ट्रिय राजनीतिमा नेपालका ठूला राजनीतिक दलको चरीत्रको बारेमा विश्लेषण भएको देखिन्छ । समाचारको साथमाा लेखकको फोटो समेत छापिएको छ ।

[481] ***ऐजन***, २२ मंसिर २०५८, पृ. ३, ९ ।
[482] ***ऐजन***, २ चैत्र २०५८, पृ. ३, १० ।

"प्रजातन्त्रको रक्षा गर्न सबैदल एक जुट हुने सहमति"[483] शीर्षकको एउटा राजनीतिक समाचार छापेको देखिन्छ। २०५८ साल चैत्र १८ गते संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरूले प्रजातान्त्रिक व्यवस्थालाई सुदृढ बनाउँने र जनआन्दोलन गर्ने भनि गरेको निर्णयलाई समाचार बनाएको छ। सात दलले संयुक्त हस्ताक्षर सहित जारी गरेको प्रेस विज्ञप्तिलाई जस्ताको तस्तै छापेको देखिन्छ।

अन्य समाचारमा - *पाल्पामा राष्ट्रिय महिला अभियान कार्यक्रम भयो, मुक्त कमैयाहरूलाई शीपमूलक तालिम आवश्यक* आदि रहेका छन्। अन्य स्थायी स्तम्भ नियमित रहेको पाइन्छ।

"हुँगी गाविसमा मोटरबाटो सुधार गर्ने काम धमाधम हुँदैछ"[484] शीर्षकको समाचारलाई प्राथमिक्ताकासाथ छापिएको छ। समाचारले हुँगी गाविसको मोटरबाटो निर्माण कार्यले त्यस भेगका जनतामा उत्साह जागेको उल्लेख गरेको पाइन्छ। यस्तै किसानहरूले मौरी पालेको, लोकगीत प्रतियोगिता भएको, पाल्पा ठिमुरी गाविसको रिब्दिकोट दरवार संरक्षण नभएको आदि विषयमा समाचार छापिएका छन्। यसरी गाउँले देउराली समाचार पत्रले सङ्कटकालमा हिंसाजन्य समाचारलाई छापेको देखिदैन। संसदवादी राजनीतिक दलको गतिविधिजन्य समाचारले पनि थोरै मात्र स्थान पाएको देखिन्छ। यस अवधिमा लेखिएका सम्पादकीय लेख र अन्य लेखहरू पनि न्यूनमात्रामा मात्रै राजनीतिक विषयका छापिएका छन्। समग्रमा यस साप्ताहिकले सरकारको संकटकालको घोषणालाई मौन समर्थन गरेको जस्तो देखिन्छ। नेपालको सिङ्गो प्रेसजगत र नागरिक समाज संकटकाल बेठीक भएको ठहरकासाथ आन्दोलनमा उत्रिएको तत्कालिन अवस्थामा पनि देउरालीले यस विषयमा केही प्रतिकृया जनाएको देखिदैन। यसकारण पनि देउरालीको राजनीतिक विषयलाई प्राथमिक्ता नदिएको प्रष्टिन्छ। राजनीतिक प्रभाव न्यून छ भन्ने देखिन्छ।

### ६.२.२ वि.सं. २०५९ असोजदेखि २०६० चैत्र मसान्तसम्म प्रकाशित समाचारको विश्लेषण

सङ्कटकाल सकिएपछि नेपालका छापाहरू केही स्वतन्त्र भएको पाइन्छ। राजा र राजसंस्थाको विषयमा विश्लेषण लेखहरू पुनः प्रकाशन हुन थालेको देखिन्छ। कार्टुनहरू पनि राजनीतिक विषयमा छापिन थालेको देखिन्छ। सम्पादकीय लेखमा स्वतन्त्रताको आभाष आएको देखिन्छ।

---

483 ***ऐजन***, २३ चैत्र २०५८, पृ. ६, १६।

484 ***ऐजन***, ३० जेठ २०५९, पृ. ८।

**हिमाल खवर पत्रिका** १-१५ असोज अङ्कमा नेपालको प्रजातन्त्रमा कोबाट खतरा छ ? भन्ने मत सर्वेक्षणको नतिजालाई विश्लेषण सहितको कभर स्टोरी छापेको छ । यस अङ्कमा कार्टुनिष्ट रविन साय्मीको कार्टुन[485] छापिएको छ । कार्टुनमा बायाँपट्टी एकजना भेडीगोठाला भेडाको सुरक्षार्थ हातमा लट्ठी बोकेर उभिएको छ भने उनका भेडाहरू वरिपरि झुम्मिएका देखिन्छन् । दायाँपट्टी भेडाको छाला ओडेको ब्वाँसो सँगै तत्कालिन् प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द हातमा लट्ठीसँग भेडातिर आउँदैछन् । भेडाको छाला ओडेको ब्वाँसोमा प्रजातन्त्र लेखिएको छ । कार्टुनले ब्वाँसोले भेडा खाए झैं प्रतिगमनले प्रजातन्त्र मास्ने योजनालाई कटाक्ष गरेको बुझिन्छ ।

"एक्लै हिड्ने रहर"[486] मुख्य शीर्षक दिएर राजा ज्ञानेन्द्र क्रमशः जनताबाट एक्लिदै गएको आवरण स्टोरी छापिएको छ । आवरणमा राजा ज्ञानेन्द्रको पूर्णकदको फोटो छापिएको छ । राजाले राज्यसत्ता आफ्नो हातमा हत्याउँदै गए पनि जनताबाट प्रजातान्त्रिक चरीत्र बोकेको राजनीतिक पार्टीलाई समर्थन बढ्दै गएको विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

प्रतिनिधिसभा पुनस्थापित गर्न सिफारिस गर्ने विकल्प तत्कालिन प्रधानमन्त्री देउवासँग पनि थियो र, वर्तमान प्रधानमन्त्रीसँग पनि छ । वर्तमान प्रधानमन्त्रीले धारा १२७ अन्तर्गत सिफारिस गरी प्रतिनिधिसभा पुनस्थापित गर्ने निर्णय श्री ५ बाट गरिबक्सेमा त्यसलाई उल्टाउने कार्य अदालतबाट पनि हुन सम्भव छैन[487] भनी गणेशराज शर्माको लेख छापिएको छ ।

- राजा र दलहरूबीचको आरोप-प्रत्यारोप तत्काल बन्द हुनुपर्छ,
- राजा र दलहरूबीच सामूहिक संवाद हुनुपर्छ,
- राजसंस्थाको प्रजातान्त्रिकरण हुनुपर्छ,
- राजाले राजनीतिलाई ८ जेठ अघिको स्थितिमा फर्काई दिनुपर्छ,
- दलहरू जिम्मेवार र राष्ट्रको मूल सवालमा एकजुट हुनुपर्छ ।[488] भन्ने सुझावका साथ राजसंस्थाको बचावटका बारेमा सि.के. लालको राजनीतिक विश्लेषण छापिएको छ । यसको अतिरिक्त अन्य समाचार सामाग्रीहरू अधिकांश राजनीतिक विषयलाई नै हिमालले प्राथमिकता दिएको देखिन्छ ।

हिमाल खवर पत्रिकाले नेपालको राजसंस्था र युद्धरत् माओवादीको विषयमा मात्र सामाग्रीलाई प्राथमिकता नदिइ नेपाली काङ्ग्रेस, नेकपा एमाले र सत्तासिन गठबन्धनका अन्य

---

485 हेर्नुस्, परिशिष्ट ।

486 ***हिमाल*** खवर पत्रिका, १६-३० कार्तिक २०५९, पृ. १ ।

487 गणेशराज शर्मा, "सङ्कटमा परेको संविधान र यसको निकास", ***हिमाल*** खवर पत्रिका, १६-३० पुस २०५९, पृ. ३३ ।

488 सि.के. लाल, "विवादबाट राजसंस्था कसरी जोगाउने ?", ***पूर्ववत्,*** पृ. ३४ ।

राजनीतिक दल समूह र व्यक्तिका विषयमा समेत आवश्यकता र अवसर पारेर समाचार छाप्ने गरेको देखिन्छ । राजनीतिक समाचारको तुलनामा विकासका समाचारले न्यून स्थान पाएको देखिन्छ ।

"फेरि भयो युद्धविराम"[489] मुख्य शीर्षक दिएर आवरण स्टोरी छापिएको छ । सरकार र माओवादी बीचमा युद्धविराम गरी दुई पक्षीय वार्ता गर्ने सरकार माओवादीको घोषणालाई महत्वका साथ समाचार बनाइएको छ ।

> ... वार्ता भङ्ग गर्ने एकलौटी घोषणा गरेर ८ मंसिर २०५८ मा दाङ आक्रमण गर्ने माओवादी अध्यक्ष प्रचण्डको १५ माघ २०५९ को युद्धविराम घोषणासँगै सात वर्ष लामो हिंसात्मक आन्दोलनले नाटकीय मोड लिएकोछ । माओवादीको यो घोषणा स्वीकार्न सरकारले आधा भण्टापनि लगाएन । उसले गोप्य सहमति भए अनुसार माओवादीलाई 'आतङ्ककारी' घोषणा गर्ने, त्यसका नेताको टाउकाको मोल तोक्ने, र अन्तर्राष्ट्रिय आतङ्ककारीको सूची (रेडकर्नर) मा राख्ने सरकारी निर्णयहरू तत्काल फिर्ता लियो भनिएको छ ।

यस्तै माओवादी र सरकारद्वारा जारी युद्धविरामको घोषणाको लिखतलाई बक्समा जस्ताको तस्तै छापिएको छ । घोषणाको शीर्ष स्थानमा राजा ज्ञानेन्द्र र माओवादीका अध्यक्ष प्रचण्डको फोटो महत्वका साथ छापिएको छ । र, नेकपा एमालेको सातौं महाधिवेशनको बारेमा लेखिएको प्रा. कृष्ण पोखरेलको राजनीतिक विश्लेषणलाई पनि समान महत्वका साथ छापेको देखिन्छ ।

*"... सत्ता खेलको जुटपति अहिले चिड, सुरथ, इँट र पानका चार बादशाहहरू भारतका हातमा छन् । भारतीय वर्चस्व बढ्दै जाने संभावनालाई अस्वीकार गर्न सकिदैन । तर, प्रजातान्त्रिक राजनीतिको खेलमा एक्का भनेको जनता हुन्"*[490] भनिएको छ । यस लेखमा नेपालको राष्ट्रिय राजनीतिमा छिमेकी भारतको प्रभावका बारेमा विश्लेषण गरिएको छ भने चीनसँगको नेपालको सम्बन्धका विषयमा पनि विश्लेषण गरिएको छ । यसका साथै यस अङ्का अधिकांश समाचार राजनीतिक भएको देखिन्छ ।

यस्तै सरकार र माओवादीबीचमा हुन लागेको वार्ताको विषयमा पत्रकार सरद के.सी.को राजनीतिक रिपोर्टिङ्गलाई हिमालको यस अङ्कमा छापेको देखिन्छ । यसरी हिमाल खवरपत्रिकाले सङ्कटकालपछिको ६ महिनाको अवधीमा समाचारको मुख्य विषय र क्षेत्र राजनीतिलाई बनाएको देखिन्छ । अन्य विषयका समाचार तथा लेखले खासै महत्व पाएको देखिदैन ।

---

[489] सुधिर शर्मा, "फेरि भयो युद्धविराम", ***पूर्ववत्,*** १६-२९ माघ, २०५९, पृ. ५० ।

[490] सि.के. लाल, "सत्ताको खेलका पछिल्ला खेलाडीहरू", ***पूर्ववत्,*** १६-३० फागुन २०५९, पृ. २७ ।

२०६० सालको आफ्नो प्रकाशनलाई पनि हिमालले राजनीतिक विषयमा अरू बढी केन्द्रित बनाएको देखिन्छ । दरबार र राजनीतिक दलको बीचमा बढ्दै गएको विवादका विषयमा निरन्तरका घटनाक्रमलाई फलोअप गरेको देखिन्छ ।

*१६-३१ वैशाख २०६०* को अङ्कमा प्रतिगमन पछि राजा निरन्तर जनताबाट एक्लिदै गएको विषयमा समाचार छापिएको छ । यस अङ्कमा शिव गाउँले, सि.के लाल, हरि रोकाको राजनीतिक विश्लेषणलाई स्थान दिएको देखिन्छ । सि.के लालले सरकार माओवादी वार्ताको विषयमा समसामयिक विश्लेषण गरेको देखिन्छ ।

“खाँचो साँचोको” [491] मुख्य शीर्षक दिएर आवरण विश्लेषण छापेको देखिन्छ । समाचार विश्लेषणमा नेपालका विद्यार्थी संगठनहरूले उच्च माध्यमिक शिक्षा परिषद्मा गरेको तालाबन्दीको विश्लेषण गरिएको छ । समाचारसँगै परिषद्को ढोकामा विद्यार्थीहरूले ताला लगाउँदै गरेको फोटो छापिएको छ ।

*“वर्तमान सरकारलाई आफ्नै दलको पनि पूर्ण समर्थन छैन । काङ्ग्रेस-एमाले नचिढ्याउँने सूर्यबहादुर थापाको प्राथमिक नीति बुझेका शिक्षा मन्त्री बस्नेत ती पार्टी निकट विद्यार्थी आन्दोलनमाथि आक्रामक हुन पनि सम्भव छैन । फलतः विद्यार्थीहरू तालामार्दै हिडेका छन् र सरकार नबोलेर टारिरहेको छ”* भनी तत्कालिन विद्यार्थी आन्दोलन र सरकारको नियतिका विषयमा विश्लेषण रहेको पाइन्छ ।

“असफल वार्ताले सिकाएको पाठ”[492] शीर्षकमा ध्रुवकुमारले माओवादी सरकारबीचमा भएको वार्ताको असफलताको विषयमा लेखिएको लेखलाई महत्वकासाथ छापेको छ ।

विश्लेषणमा भनिएको छ-

> माओवादीहरू राजनीतिक शक्ति हुन् भने, तिनले चुनावमा आउन डराउनु हुँदैन । उनीहरूले आफूलाई छिट्टै शासन र सेनाको मालिकको रूपमा दावी गर्न छोड्नु पर्छ । किनभने उनीहरू पृथकतावादी होइनन् र कुनै निश्चित क्षेत्र पनि जितेका छैनन् । अर्कोतिर, हालै राजाबाट “रचनात्मक” हुने इच्छा जाहेर भएको छ । राजाले कार्यकारी अधिकारी परित्याग गर्दा नै “रचनात्मक” भएको ठहरिन्छ । र त्यस्तो अवसर सायद अहिले आइसकेको छ ।

यसको साथै सि.के. लालको राजनीतिक विश्लेषण र रविन सायमीको कार्टुन छापिएको छ । कार्टुनले राज्यसत्ता माओवादी विद्रोहीसत्ता बन्दुकको संगिनमा उभिएको वा विचारभन्दा

[491] शिव गाउँले र अन्य, “खाँचो साँचोको”, ***पूर्ववत्,*** १६-३२ असार २०६०, पृ. २७ ।

[492] ध्रुवकुमार, “असफल वार्ताले सिकाएको पाठ”, ***पूर्ववत्,*** १६-३१ भदौं २०६०, पृ. १२ ।

बन्दुक हावी भएको देखाएको छ । हिमालको यस अङ्कका अधिकांश समाचार राजनीतिक विषयका रहेको पाइन्छ ।

> नेपाल अधिराज्यको संविधान २०४७ मा संविधानको कार्यन्वयनमा कुनै वाधा अडचन उत्पन्न भए त्यो फुकाउन श्री ५ बाट आदेश जारी गर्न सकिने व्यवस्था धारा १२७ ले गरेको छ । २०५१ सालमा मध्यावधी चुनावको घोषणा गरिँदा मतदानको पूर्व निर्धारित दिन हिन्दूहरूको महान पर्व पर्न गएकाले त्यसलाई दुई दिन पर सार्न सर्वप्रथम यो धाराको प्रयोग गरिएको थियो । त्यतिबेला यसको प्रयोगले मुलुकको राजनीति र संवैधानिक प्रक्रियाको अविच्छिन्नतालाई प्रतिकूल प्रभावित गरेन र कुनै विवाद पनि भएन । तर १८ असोज २०५९ को घोषणाले संवैधानिक प्रक्रियालाई क्रियाशिल तुल्याउनको सट्टा समग्र पद्धतिलाई बन्दी बनाइयो[493] भनी प्रा. कृष्ण खनालको विश्लेषण छापिएको छ ।

अघिल्लो वर्षको दशैं-तिहार संयुक्ताङ्कलाई कम राजनीतिक विषयमा सामाग्री प्रस्तुत गर्ने हिमालको प्रचलन यस पल्टको संयुक्ताङ्कमा परिवर्तन भएको देखिन्छ ।

आवरणमा राजा ज्ञानेन्द्रको फोटो छापिएको छ । यस्तै राजा ज्ञानेन्द्रले सत्ता हत्याएको एक वर्षको अवधी राजाका लागि सफल नभएको र जनता र राजनीतिक दलबाट राजा झन् एक्लिदै गएको भन्ने सि.के. लालको राजनीतिक विश्लेषणलाई अघिल्लो अङ्कमा जस्तै महत्वका साथ छापेको देखिन्छ ।

दशैं-तिहारका संस्कृतिका विषयमा छापिएका कविता, कथाका विषय पनि राजनीतिक रहेका छन् । निश्कर्षतः राजा र माओवादीबीचको द्वन्द्वको चपेटामा दशैं-तिहार परेर जनताले शान्ति नभै रगतको आँशु पिउनु पर्ने बाध्यतालाई यस अङ्कले समाचारको विषय रोजेको देखिन्छ ।

"प्रतिगमन अघि-अघि, पार्टीहरू पछि-पछि" मुख्य शीर्षक दिएर आवरण समाचार छापिएको छ । समाचारको मुख्य विषय नै राजाको प्रतिगमन र राजनीतिक दलहरूको अग्रगमनको जारी आन्दोलनलाई बनाइएको छ ।

यस अङ्कमा 'हिमाल टिम' ले आन्दोलन र प्रतिगमनको विषयमा "आन्दोलनभन्दा प्रतिगमन अगाडि" शीर्षक दिएर पुल रिपोर्टिङ्ग गरेको देखिन्छ । आन्दोलनको विषयमा नेकपा एमालेका महासचिव माधवकुमार नेपाल र नेपाली काङ्ग्रेसका महामन्त्री शुशील कोइरालाको फोटो सहितको अन्तरवार्तालाई मुख्य प्राथमिकतामा राखेर छापिएको छ ।

> ... एकपछि अर्को रूपमा विधि र मुल्यहरूको उपेक्षा गरिरहेको देखिन्छ । प्रजातन्त्र र राजनीतिक प्रणालीको मेरुदण्ड मानिने दलहरू रनभुल्लमा छन् ।

---

[493] कष्ण खनाल, "पार्टी होइन, राजसंस्था एक्लिदो", ***पूर्ववत्,*** असोज १६, कार्तिक २५, पृ. १७ ।

दलका गतिविधिहरू प्रतिगमनका कदम रोक्न समर्थ हुन सकिरहेका छैनन् । जसका कारण वर्तमान संविधानको क्रियाशिलता र प्रजातान्त्रिक प्रणालीको कार्यन्वयन झन् झन् टाढा पुगिरहेको छ[494] भनी हिमाल टिमको विश्लेषण रहेको देखिन्छ ।

यस्तै हिमालको १-१५ मंसिर पुस अङ्कमा "बन्दुक होइन सुरक्षा देऊ" भन्ने शीर्षकमा हरि रोकाको मुख्य विश्लेषण छापिएको छ । अन्य समाचारको अधिकांश विषय राजनीति नै बनेको पाइन्छ । १-१५ माघको अङ्कमा पनि जारी प्रतिगमन विरोधी राजनीतिक दलको आन्दोलनलाई समाचारको स्रोत बनाएको पाइन्छ । कार्टुन र फोटोहरू राजनीतिसँगै सम्बन्धित देखिन्छन् । अन्य विकास निर्माणका क्षेत्रमा समाचारले प्राथमिकता दिएको पाइँदैन ।

... केही समय यता देखिएको पराजय, पलायन, आत्मसमर्पण र युद्धमा मरेका एवम् घाइतेप्रति पार्टीको उदासिनताको कुरा उठाउँदै लडाकुहरूले पार्टी छोड्न थाले पछि माओवादीलाई संकट परेको छ । त्यसैले उनीहरू जातीय र क्षेत्रीय स्वशासनको चारा हालेर संगठनलाई पुनरजीवन दिनु पर्ने अवस्थामा आई पुगेका हुन् ।[495]

हिमालको यस अङ्कमा पत्रकार हस्त गुरुङले गर्नु भएको नेकपा माओवादीले उठाएको क्षेत्रीय र जातीय स्वशासनको विश्लेषणलाई छापेको छ । यसको अतिरिक्त अन्य अधिकांस समाचार राजनीतिक विषयमा सम्बन्धित रहेको पाइन्छ ।

यसरी नै १६-३० चैत्र अङ्कमा प्रधानमन्त्री सूर्यबहादुर थापा, मन्त्रीहरू कमल थापा, भेषबहादर थापा, सेना प्रमुख, प्रहरीका फोटो सहित जनता मरिरहँदा उनीहरू मात्रै सुरक्षित भएको तथ्य समाचार छापेको पाइन्छ । यी लगायत अन्य समाचारमा विषयको केन्द्र राजनीतिक घट्ना परिघटनासँग सम्बन्धित रहेको देखिन्छ ।

हिमाल खवर पत्रिकाले यस वर्षका सबै अङ्कमा तत्कालिन नेपालको राजनीतिमा राजाको प्रतिगमन्, संसद्वादी दलको शान्तिपूर्ण अग्रगमनको आन्दोलन र माओवादीको शसस्त्र युद्धको विषयमा निरन्तर फलोअप गरेको देखिन्छ । सि.के. लाल, हरि रोका र कार्टुनिष्ट सायमीले नियमित जस्तै स्थान पाएको भेटिन्छ । तिनका सवै रचना राजनीतिक रहेको देखिन्छ । यसबाट हिमालले आफ्नो प्रकाशनलाई राजनीतिक बनाएको प्रष्ट हुन्छ ।

**पत्रकारिता द्वैमासिक**: नेपाल पत्रकार महासंघको मुखपत्र हो । यसमा पत्रकार महासंघको गतिविधि केन्द्रित सामाग्रीलाई प्राथमिकता दिने गरेको देखिन्छ ।

[494] हिमाल टिम, "आन्दोलनभन्दा प्रतिगमन अगाडि", ***पूर्ववत्,*** १-१५ मंसिर २०६०, पृ. ४६ ।

[495] हस्त गुरुङ, "स्वशासनको जप्न : माओवादीको नयाँ चाल", ***पूर्ववत्,*** १६-३० फागुन २०६०, पृ. ३६ ।

सङ्कटकाल सकीए पछि पनि नेपाली प्रेसकर्मीको स्वतन्त्रता र लेखनी स्वतन्त्रताका विषयमा खासै भिन्नता नभएको भन्ने दावी नेपाल पत्रकार महासंघले गर्दै आएको देखिन्छ । भदौ-मंसिर २०५९ को अङ्कमा "सङ्कटकालको भूमरीबाट पत्रकारितालाई हेर्दा" अनुकरण शीर्षक दिएर प्रकाशन गरेको पाइन्छ । "पत्रकारलाई स्वतन्त्रतापूर्वक बाँच्न र लेख्न देऊ" भन्ने ब्यानर सहितको जुलुशको फोटो आवरणमा छापिएको छ ।

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा,
- श्रमजीवि पत्रकार कानूनको कार्यन्वयन,
- सूचनाको हक सम्बन्धी कानूनको निर्माण,
- आचारसंहिताको परिपालना,
- पत्रकारहरूको व्यक्तिगत र पेशागत सुरक्षा[496]
- लगायतका विषयमा राज्यले काम गर्नु पर्ने दृष्टिकोण महासंघका तत्कालिन महासचिव विष्णु निष्ठुरीको रहेको देखिन्छ ।

यस अङ्कमा तारानाथ दाहाल, महेन्द्र विष्ट, लक्ष्मणप्रसाद अर्याल, मनऋषि धितालको लेख छापिएका छन् । यी सवै लेखमा नेपालको प्रेस कानून र सरकारका क्रियाकलापसँग सम्बन्धित रहेका छन् । विजय चालिसेको लेख भने पत्रकारिता विधासँग सम्बन्धित रहेको छ । अन्य समाचारमा महासंघको द्वैमासिक गतिविधिसँग सम्बन्धित देखिन्छन् ।

"पत्रकार आचारसंहिताको क्रमिक विकास र परिमार्जन" आवरण शीर्षक दिएर वैशाख-जेठ २०६० को अङ्क प्रकाशित भएको देखिन्छ । "व्यवसायिक पत्रकारिताका लागि सूचना, सुरक्षा र स्वतन्त्रता" भन्ने नारा लेखिएको व्यानर र प्लेकार्ड बोकेर सडकमा उत्रिएको पत्रकारहरूको फोटोलाई आवरण फोटोको रूपमा छापिएको छ । प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा ऱ्याली सञ्चालन भएको विषयलाई पनि समाचारको मुख्य प्रस्तुति बनाएको देखिन्छ ।

... हिजोसम्म छापा-पत्रिका (Print media) लाई मात्र समेट्ने गरेकोमा वर्तमान पत्रकार आचारसंहिता, २०६० ले सञ्चारक्षेत्रका सवैक्षेत्रलाई समावेश गरेर 'पत्रकार' को नयाँ परिभाषा गरिएको छ ।[497] भनी हिरण्यलाल श्रेष्ठको विश्लेषणलाई मुख्य सामाग्रीको रूपमा छापिएको छ । साथै बक्समा पत्रकार आचारसंहिता २०६० लाई समेत महत्त्वकासाथ छापिएको छ । यस अङ्कमा पनि तारानाथ दाहाल, टंक पन्त, टिएन घिमिरे, मनऋषि धितालको सामाचार सामाग्री छापिएका

---

[496] विष्णु निष्ठुरी, ***पूर्ववत्,*** पा.टि.नं. ८, पृ. ६ ।

[497] हिरण्यलाल श्रेष्ठ, "पत्रकार आचारसंहिताको क्रमिक विकास र परिमार्जन", ***पूर्ववत्,*** वैशाख-जेठ २०६०, पृ. ६ ।

छन् । साथै नेपालको पहिलो महिला सम्पादक साधना अधिकारीको विचार सहितको निर्मला आचार्यको रिपोर्टिङ्ग भने अन्य अङ्कको तुलनामा भिन्न रहेको देखिन्छ । यसको अतिरिक्त अन्य सामाग्रीहरू आफ्नै गतिविधिसँग सम्बन्धित समाचार सामाग्रीलाई स्थान दिएको देखिन्छ ।

गतिविधि बाहेकका अन्य लेखहरू सबै तत्कालिन सरकारले नेपाली प्रेस जगत्प्रति गरिएको व्यवहार र त्यसको विरोधमा महासंघले गरेको आन्दोलनको कार्यहरूलाई दस्तावेजिकरण गरिएको छ ।

"पत्रकारलाई सडकमा आमन्त्रण" मुख्य आवरण शीर्षक दिएर मंसिर-पुस २०६०, छापिएको छ । प्रहरीद्वारा पत्रकारलाई धरपकड र कुटपीट गर्दै गरेको दृश्यलाई आवरण फोटोको रूपमा छापेको देखिन्छ ।

... राजनीतिक दलहरूले पत्रकारिता पेशामा लागेका व्यक्तिहरूलाई दलीय आधारमा संगठित गर्न विभिन्न संगठनहरूको निर्माण भएका छन् । तर, ती संगठनहरूले पत्रकारिता पेशाको गरिमा बढाउँने काम गरेका छैनन्, आफ्ना समूहका सदस्यहरूको हितको सुरक्षा पनि गर्न सकेका छैनन्, दलीय स्वार्थको संरक्षण मात्रै गरिरहेका छन्[498] भन्ने आफ्नो दृष्टिकोणलाई यस अङ्कमा स्थान दिइएको पाइन्छ ।

यस्तै कमल कोइराला, विनोद ढुंगेल, केदारनाथ आचार्यको नेपाली पत्रकारितासँग सम्बन्धित सामाग्रीहरू छापिएका छन् । यसका अतिरिक्त सरकार र माओवादी पक्षबाट भएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उलङ्घनका घटना र प्रकृतिका बारेमा विश्लेषण गरिएको छ ।

... अतिवादको भ्रमले बढाएको द्वन्द्वलाई घटाएर सम्मुन्नत समाजको सिर्जना गर्ने दायित्वप्रति महासंघ सदा प्रतिबद्ध रहेको छ । त्यसैले अहिले हामीले आह्वान गरेका छौं । जनताको सही आवाजलाई सुन्ने हो भने र सबैले सहमतिको बाटो पहिल्याउने हो भने हामी मध्यस्थकर्ता हुन तयार छौं[499] भनी तत्कालिन नेपाल पत्रकार महासंघका सभापति तारानाथ दाहालले लेख्नु भएको पाइन्छ । स्वयम् महासंघका सभापतिको दृष्टिकोणबाट नेपाली प्रेस स्वतन्त्र पत्रकारिताप्रति मात्रै प्रतिबद्ध नभई समसामायिक राजनीतिको मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने बीचको शक्ति पनि हो भन्ने प्रष्टिन्छ । यसबाट प्रेसले राजनीति गर्छ भन्ने भनाई सत्यको नजिक भएको ठहरिन्छ ।

पत्रकारिताको भदौ-कार्तिक, २०६० को अङ्कको आवरण तस्विरमा पत्रकार ज्ञानेन्द्र खड्कालाई पोलमा हात बाँधिएको, टाउको छिनेको तस्विर छापिएको छ । इन्सेटमा खड्काको फोटो छापिएको छ । "तेरो श्रीमान मरेको लौ हेर" भन्ने आवरण शीर्षक दिइएको छ ।

---

[498] किशोर नेपाल, "सङ्कटमा नेपाली पत्रकारिता", ***पूर्ववत्,*** मंसिर-पुस २०६०, पृ. १३-१४ ।

[499] तारानाथ दाहाल, ***ऐजन,*** पृ. ४ ।

सिन्धुपाल्चोकका पत्रकार ज्ञानेन्द्र खड्कालाई २१ भदौ २०६० मा नेकपा माओवादीका छापामारले आफ्नो पार्टीको सूराकी गरेको आरोपमा हत्या गरेका थिए । उक्त हत्यालाई स्वयम् नेपाल पत्रकार महासंघले 'विभत्स हत्या' भनेको छ । तर, आफ्नै आचारसंहिताको विपरित त्यस्तो विभत्स हत्याको फोटो आवरणमा छापेको देखिन्छ । पत्रकार महासंघले ज्ञानेन्द्र खड्काको हत्याको विरोधमा *पत्रकारको कलम जिन्दावाद, हत्याराको हतियार मूर्दावाद !!* भन्ने नाराका साथ देशव्यापी रूपमा आन्दोलन सञ्चालन गरेको देखिन्छ ।

... समाचार टिपोट गरिरहेका ज्ञानेन्द्र खड्कालाई माओवादी शसस्त्र छापामारहरूले पाता कसेर बाँधेर लगी ग्राउण्डको भलिबलको पोलमा बाँधेर पत्रकार खड्काको जीवनदानको याचना गरिराखेकी श्रीमतीलाई *'लौ तेरो श्रीमान मरेको हेर'* भनी कुन आधारमा रेटिएर मर्न परिराखेको भन्ने सम्मको जानकारीसम्म नदिई नृशंसतापूर्वक हत्या गरिनुले जेनेभा महासंघीसँग तादाम्यता राख्न सक्दछ ?[500] भनी प्रश्न गरिएको छ ।

यस अङ्कमा पनि किशोर नेपाल, भोजराज भाट, डिल्लीराम निर्भिक लगायतका लेख रचनाहरू छापिएका छन् । ती लेखका अतिरिक्त महासंघको द्वैमासिक गतिविधि समाचारलाई समेटिएको पाइन्छ ।

पत्रकारिताको चैत्र २०६० को अङ्कलाई आफ्नै इतिहास विशेषको रूपमा प्रकाशित गरेको देखिन्छ । "महासंघको इतिहास गाथा र हाम्रा अग्रजहरू" मुख्य शीर्षकमा आवरण स्टोरी छापिएको छ ।

संस्थापक सभापति कृष्णप्रसाद भट्टराई बाहेक सवै सभापतिका विचार संस्मरण लेखहरू छापिएका छन् । सवै भूतपूर्व सभापतिका लेखमा राज्य र पत्रकारबीचको राम्रा नराम्रा पक्षहरूलाई समेटिएको देखिन्छ । जुनसुकै व्यवस्थामा पनि राजनीतिले प्रेसमा प्रत्यक्ष, परोक्ष प्रभाव पर्ने तथ्यलाई उनीहरूको लेखले उजागर गरेको पाइन्छ ।

> ... तत्कालिन पत्रकारहरूले २०१९ साल चैत्र १६ गते नेपाल पत्रकार संघको स्थापना गरी पत्रकारिताको हकहित तथा व्यवसायिक सूरक्षाको आवाज उठाउन थाले यताको ५ दशकको मूल्याङ्कन गर्दा नेपाली पत्रकारिताप्रति नेपालका कुनै पनि सरकार सकारात्मक र सहयोगी रहेनन् भन्ने कुनै द्विविधा मान्नु पर्ने देखिन्न । किनभने नेपाल पत्रकार संघले सुरुका दिनमा आफ्ना जुन समस्या, कठीनाइ र चुनौतीलाई उठाएको थियो[501] भनी ५० वर्षको सरकार र प्रेसबीचको सम्बन्धको विवेचना गरिएको छ ।

---

[500] तारानाथ दाहाल, *ऐजन,* भदौं-कार्तिक २०६०, पृ. २ ।

[501] ***पत्रकारिता,*** पुस २०६०, पृ. २ ।

यसरी यस अवधिमा नेपाल पत्रकार महासंघद्वारा प्रकाशित पत्रकारिता द्वैमासिकमा समसामयिक राजनीतिले प्रेसमाथि पारेको प्रभाव, हस्तक्षेप र प्रेसकर्मीमाथि राज्य र विद्रोही नेकपा माओवादीका तर्फबाट भएको आक्रमणको विषयमा केन्द्रित रहेर समाचार, लेख तथा फोटो र कार्टुनहरू छापिएका छन् । यसबाट पनि नेपालको प्रेसमा राजनीतिक प्रभावको स्थिति अधिक छ भन्ने प्रष्ट हुन्छ ।

“महराले सरकारको आशामा तातो पानी खन्याए”[502] मुख्य शीर्षक दिएर दृष्टिले प्रथम पृष्ठमा समाचार छापेको छ । नेकपा माओवादीका प्रवक्ता कृष्णबहादुर महराले सरकारसँग हुने भनिएको वार्ताको विषयमा नमिल्दो धारणा सार्वजनिक गरेको विषयलाई नै समाचारको मुख्य विषय बनाएको पाइन्छ । यस बाहेक यो अङ्कमा छापिएको अधिकांश समाचारको विषय तत्कालिन राजनीतिक घटनाक्रमलाई समेटिएको छ ।

दृष्टि साप्ताहिक वर्ष २०, अङ्क ११, माघ १४ मा प्रथम पृष्ठमा समाचारको प्राथमिकता आसन्न नेकपा (एमाले) को सातौं राष्ट्रिय मधाधिवेशनको समाचारलाई प्राथमिकता दिएको देखिन्छ । यस अङ्कको पेज ५, ६, ७ र ८ मा एमाले नेता के.पि. ओलीले सातौं महाधिवेशनमा प्रस्तुत गर्ने राजनीतिक दस्तावेजलाई छापिएको छ । ओलीबाट प्रस्तुत फरक मतमा पार्टीको संगठानिक ढाँचा अध्यक्षतात्मक प्रणाली हुनु र्ने भन्ने थियो । बाँकी समाचारमा पनि ओलीको मत एमालेको सातौं महाधिवेशनले बहुमतबाट पास हुने र एमालेको अध्यक्ष ओली हुने भनी ओलीको पक्षमा पूरै अङ्क ओलीकरण गरिएको देखिन्छ ।

यसले एकातिर स्वतन्त्र पत्रकारिता हुन्छ र गर्नु पर्छ भन्ने अर्कातिर कुनै अङ्क पूरै एउटा पार्टीको पनि एक खेमाको नेताको विचार विशेषाङ्क जस्तै बनाएर प्रकाशन गर्नुले प्रेसकर्मी आफै राजनीतिप्रति प्रभावित हुन्छ या राजनीतिक नेताको प्रभावमा प्रेस तथा प्रेसकर्मी पर्छ भन्ने प्रश्नको विश्लेषण गर्नु पर्ने देखिन्छ ।

“हामीले युद्धविराम राजासँग गरेका छौं- प्रचण्डÆ[503] शीर्षक दिएर नेकपा माओवादीका अध्यक्ष प्रचण्डको अन्तरवार्ता छापिएको छ । तत्कालिन राज्यसत्ता मन्त्रीपरिषद्सँग नभै राजासँग भएकाले नेकपा माओवादीले गरेको युद्धविराम राजासँगै गर्नेको भन्ने विषयमा प्रचण्डले इमेल मार्फत दृष्टि साप्ताहिकलाई दिनुभएको इमेल वार्तालाई महत्वकासाथ छापेको देखिन्छ ।

“षडयन्त्र भए परिणाम राम्रो नहुने चेतावनी”[504] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार बनाएको देखिन्छ । समाचारमा तत्कालिन सत्ता समिकरणको विश्लेषण गरिएको छ ।

---

502 ***दृष्टि*** साप्ताहिक, १७ मंसिर २०५९, पृ. ९१ ।

503 ***ऐजन***, २८ माघ २०५९, पृ. ४ ।

504 ***ऐजन***, २० जेठ २०६०, पृ. १ .

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको राजिनामा पश्चात विगत नौ महिना देखि चल्दै आएको संवैधानिक द्वन्द्व अन्त हुने आशा सर्वत्र पलाएको छ । श्री ५ र आन्दोलनकारी नेताहरूबीच भएको भेटघाट पछि राजा र दलबीच चलेको द्वन्द्व पनि छिट्टै अन्त हुने अपेक्षा थियो, तर राजा र दलका नेताहरूबीच भएको भेटघाटका बेला प्रधानमन्त्रीको चर्चा समेत नभएका राप्रपाका नेता सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने दवाव केही विदेशी शक्तिहरूले दिन थालेपछि अन्योल र आशङ्का एकाएक बढ्न थालेको छ । आन्दोलनकारी दलहरूले सर्वसम्मत रूपमा देशको सवभन्दा ठूलो दलको नेता एमाले महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउँन श्री ५ समक्ष लिखित अनुरोध गरिसकेका छन् भनिएको छ ।

यस्तै राजाले अदालतसँग राय सल्लाह लिनु पर्दैन, प्रधानमन्त्री बन्न थापाको च्याँखेदाऊ, हिजो देशभर कहाँ के भयो ? आदि छुट्टाछुट्टै समाचार शीर्षक दिएर पहिलो पृष्ठमा समाचार छापिएको छ । यी सवै समाचारको विषय तत्कालिन राजनीतिक विषय र सत्ता समिकरणसँग सम्बन्धित रहेको देखिन्छ ।

“माओवादी संविधानसभाबाट पछि नहट्ने”[505] शीर्षक दिएर पहिलो पृष्ठमा प्रमुख समाचार छापिएको छ । सरकार माओवादी जारी वार्ताको विषयमा नेकपा माओवादीको अध्यक्ष प्रचण्डले प्रकाशित गर्नु भएको प्रेस विज्ञप्तिका आधारमा यो समाचारको मुख्य स्रोत बनाएको छ । माओवादीले संविधानसभाको विषयमा सरकार सहमति नभए पुनः माओवादीले सशस्त्र आन्दोलनमा फर्किने भन्ने प्रचण्डको भनाइलाई नै *“सरकारलाई अध्यक्ष प्रचण्डको चेतावनी”* भन्ने ठहर दृष्टिले गरेको देखिन्छ ।

यस्तै “विद्यार्थी संगठनहरू आन्दोलनको नयाँ चरणमा, राजालाई देउवाको प्रश्न, ( एमाले) ले संघर्ष समिति बनायो” छुट्टाछुट्टै शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापिएको छ । सम्पादकीय पृष्ठमा सधैं जस्तै समसामयिक राजनीतिक विषयमा एमाले पक्षीय लेखहरूलाई महत्व दिएर छापेको देखिन्छ ।

“जोखिममा वार्ता” शीर्षक दिएर दृष्टिले सम्पादकीय लेखेको छ । सरकार माओवादीबीचको तेस्रो चरणको जारी वार्ताको विषयमा सम्पादकीय लेखेको देखिन्छ ।

साढे तीन महिना लामो अश्चिय पछि अस्ती आइतबार देखि नेकपा (माओवादी) र श्री ५ को सरकारबीच तेस्रो चरणको वार्ता प्रारम्भ भएको छ । युद्धको सम्मुखमै पुगेर दुवै पक्षबीच पुनः आरम्भ भएको वार्ताबाट सिङ्गै देश खुशी भएको छ । ... माओवादीको माग भनेको माओवादी सहितको अन्तरिम सरकारको होइन, माओवादीको नेतृत्वमा अन्तरिम सरकार हो र संसद्को चुनावलाई माओवादीले हज्जारौं पल्ट नगरेका छन् । उनीहरू सोभै

[505] ***ऐजन***, ९ वैशाख, २०६०, पृ. ९१ ।

संविधानसभाको निर्वाचनमा जान चाहन्छन् । तर सरकार संविधानसभामा सहमत नहुने निश्चित देखिएको छ । त्यसैले वार्ता जोखिममा परिकेको छ । वार्ताको सफलताको कामना गर्नु एउटा कुरा हो, तर वार्ता असफल हुने कुरा भने अहिल्यै प्रष्ट देखिइसकेको छ । दुवैतर्फबाट देखाइने थप राजनीतिक लचकताले मात्र वार्तालाई आशावादी बनाउँन सक्छ[506] भनिएको छ ।

यस्तै सम्पादकीय पेजमा तत्कालिन सरकारी वार्ता टोलीका संयोजक अर्थमन्त्री प्रकाशचन्द्र लोहनीद्वारा प्रस्तावित राज्य प्रणालीमा अग्रगामी सुधारसम्बन्धी अवधारणालाई दस्तावेजका रूपमा महत्व दिएर छापेको देखिन्छ । साथै सम्पादकीयको तल्लो भागमा साता संप्रेषण कोलममा राजा ज्ञानेन्द्रको फोटोसहित *आफ्नो निजी सम्पत्ति केही छैन* भन्ने राजाको भनाइलाई छापिएको छ ।

"सहमतिका लागि राजाबाटै कदम चालिने, प्रचण्डद्वारा सैन्य रणनीतिको रहस्योद्घाटन"[507] छुट्टाछुट्टै शीर्षक दिएर पहिलो पृष्ठमा समाचार छापिएको छ । राजा ज्ञानेन्द्र विदेश भ्रमणमा रहेकै बेला माओवादीले वार्ता भङ्ग गरी पुनः युद्ध गर्ने भन्ने माओवादीको शैन्य रणनीतिका बारेमा समाचार केन्द्रित रहेको देखिन्छ । यस्तै माओवादीको क्रूरता, पत्रकार एकको हत्या, थुप्रै वेपत्ता, हिजो तीन प्रहरीको हत्या, अर्थ मन्त्रालयमा 'नक्कली' मन्त्रीको आतङ्क आदि शीर्षकमा प्रथम पृष्ठमा थप समाचार छापिएको छ । दृष्टिको यस अङ्कको पहिलो पेजको समाचार मध्ये *सल्यानमा बस दुर्घटना* शीर्षक बाहेकका समाचारको विषय राजनीतिक घट्ना परिघट्नासँग सम्बन्धित रहेको छ ।

"माओवादीको 'जनकानून' सार्वजनिक !"[508] शीर्षक दिएर गोकुल बाँसकोटा र विनोद के.सी. को पुल रिपोर्टिङलाई व्यानर न्यूजको रूपमा पहिलो पृष्ठमा छापिएको छ । समाचारसँगै माओवादीको जनकानून कार्यन्वयन भएको भनिएको रुकुमको तकसेरा गाउँको फोटो समेत छापिएको छ । "माओवादीकै शब्दमा घोर जनविरोधी वर्तमान संविधानले समेत पूर्णत : निशेध गरेको मृत्युदण्डलाई वैधानिकता दिने प्रावधान राखिएको माओवादी जनकानूनले माओवादीको 'जनपक्षीय चिन्तन' लाई प्रारम्भमै नाङ्गेझार पारेको छ । ... लगभग मुलुकी ऐनकै ढाँचामा तयार पारिएको 'जनकानून' मा विवाह, यौन अपराध, ज्यानसम्बन्धी कुटपीट, लागू पदार्थ, घर जग्गा आदि गरी १४ वटा महल खडा गरिएको छ" भनिएको छ ।

---

506 ***ऐजन***, २ भदौं २०६०, पृ. ४ ।

507 ***ऐजन***, ३० भदौं २०६०, पृ. १ ।

508 ***ऐजन***, २ मंसिरं २०६०, पृ. १ ।

“राजासँग पनि सवै कुरा राख्नेछु : नेपाल”[509] शीर्षक दिएर नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको अन्तरवार्ता छापिएको छ । वार्ता प्रसङ्गमा एमाले महासचिवले भूमिगत माओवादीका अध्यक्ष प्रचण्डसँग भारतको लखनउमा भएको भेटका विषयमा पत्रकार गोकुल बाँसकोटाले लिएको वार्तालाई महत्व दिएर छापिएको छ ।

> ... उहाँहरूले पुरानै अडान दोहोऱ्याउँनु भयो । गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभालाई नै राज्य र माओवादीबीचको द्वन्द्व समाधान गर्ने विकल्पका रूपमा प्रस्तुत गर्नुभयो । ... तर हामीले राजाबाट संवैधानिक विधि र हैसियतअनुसार नै व्यवहार हुन्छ भने संवैधानिक राजतन्त्रको यथार्थतालाई स्वीकार्दै जनमतका आधारमा नयाँ राजनीतिक निकासका संभावना खोज्नका लागि माओवादी नेतृत्वले गम्भीरतापूर्वक सोच्नुपर्छ भन्यौं माधव नेपालले भन्नु भएको छ ।

यस्तै एमालेका अर्का नेता के.पि. ओलीले गिरिजाप्रसाद कोइरालाले राजासँग उल्टो कुरा राख्नु भएछ भनी गर्नु भएको टिप्पणीलाई उत्तिकै महत्वकासाथ छापेको देखिन्छ ।

“यसरी दिन बिताउँछन् माओवादी जेलका बन्दीहरू”[510] शीर्षकमा प्रथम पृष्ठको तल्लो भागमा महत्त्वकासाथ समाचार छापेको देखिन्छ । नेकपा माओवादीले आफ्नो आधार इलाका रुकुम, रोल्पामा बनाएको जेल र त्यस्तो जेलमा राखिएको बन्दीको विषयमा दुर्गालाल के.सी. को वाइलाइन् समाचारलाई प्राथमिकता दिइएको छ । समाचारसँगै बाँसले बारेर बनाएको माओवादी जेलभित्र दुईजना बन्दीको तस्विर समेत छापिएको छ ।

> यो बाँसले घेरिएको क्षेत्र माओवादीले बनाएको जेल हो । ... दुईजना मान्छे थुनिएका छन् र ती माओवादीले बनाएका बन्दी हुन् । त्यहाँ कुनै सूरक्षागार्ड राखिएको छैन, न त बन्दीलाई नेल नै लगाइएको छ । तर, उनीहरू कतै भाग्ने प्रयास नगरेर दिनभर तरकारी वारीमा सिँचाइ र गोडमेल गरेर बस्छन् । भागेमा माओवादीले झन् ठूलो कारबाही गर्ने डर बन्दीहरूलाई छ । त्यसैले खुला जेलमा लगाइएका इमानदारीपूर्वक गर्नु ती बन्दीहरूको दिनचर्या बन्ने गरेको छ भनी समाचारको लिड बनाइएको छ ।

“माओवादी ‘लङमार्च’ मा निस्किए”[511] शीर्षकमा प्रथम पृष्ठमा व्यानर न्यूज छापिएको छ । माओवादीहरूको प्रभाव क्षेत्र रुकुम, रोल्पा जिल्लामा जनसेनाको गतिविधि तिव्र बन्दै गएको भन्दै देशका अन्य भागमा प्रभाव विस्तार गर्न लङमार्चमा निस्किएको समाचारले उल्लेख गरेको छ । समाचारको साथमा माओवादी छापामारहरूले हतियार बोकेर मार्चमा निस्किरहेको तस्वीर महत्वकासाथ छापिएको छ ।

---

[509] ***ऐजन***, ९ मंसिरं २०६०, पृ. १ ।

[510] ***ऐजन***, २५ माघ २०६०, पृ. १ ।

[511] ***ऐजन***, २ चैत्र २०६०, पृ. १ ।

*"रुकुम, रोल्पा र जाजरकोटबाट हज्जारौंको सङ्ख्यामा माओवादीहरू केन्द्रीय सत्ता कब्जा गर्ने भन्दै खच्चडहरूमा युद्धसामाग्री लादेर खाद्यान्न लगायतका आवश्यक सामाग्री बटुल्दै र सर्वसाधारणलाई जवरजस्त साथमा लिएर उत्तर-पूर्वतिर लागेका छन्"* भनिएको छ । क्रमशः दृष्टिले माओवादीको गतिविधिसँग सरोकार राखेर समाचार छाप्न थालेको देखिन्छ ।

यसरी दृष्टि साप्ताहिकले यस अवधिमा एमालेको पक्षधर बन्दै समाचार लेखेको देखिन्छ । पछिल्लो समयमा आएर भने माओवादीको गतिविधिप्रति आफ्नो समाचार सामाग्रीको रूपमा आकर्षण बढ्दै गएको देखिन्छ । अन्य विकास निर्माणका समाचारले खासै प्राथमिकता पाएको छैन । राजाको प्रतिगमनको विरोध गरेको छ भने नेपाली काङ्ग्रेसको गतिविधिप्रति आलोचक बनेर समाचार सामाग्री संप्रेषण गरेको देखिन्छ । भ्रष्टाचारीलाई कस्ने कानून लागू होला ?[512] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा व्यानर न्यूज छापिएको छ । बक्समा देउवा अमेरीका जाने शीर्षकको समाचार छापिएको छ । यस्तै "कोइरालाले वाजपेयीसित थप कुरा गर्ने, कसैले मुख मिठ्याउदैमा प्रजातन्त्र समाप्त हुदैन, - लिलामणी पोखरेल, अब अस्थिरता विरोधी आन्दोलन गर्नु पर्छ- निलम्वर आचार्य, जे.पी.को सांसद पद के हुन्छ ?" छुट्टा-छुट्टै शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापिएका छन् । पृष्ठ २ र ५ मा क्रमश : तारानाथ रानाभाटको लेख र मिनेन्द्र रिजालको अन्तरवार्ता छापिएको छ । विमर्शको यो अङ्कका सबै समाचार नेपाली कांग्रेस पार्टीको गतिविधिसँग सम्बन्धित रहेको देखिन्छ ।

"सरकारले वार्ताको बाटोमा तगारो हाल्ने ?'[513] शीर्षक दिएर प्रथम पृष्ठमा व्यानर न्यूज छापेको देखिन्छ । समाचारसँगै प्रधानमन्त्री शेरबहादुर देउवा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीका अध्यक्ष प्रचण्डको फोटो छापिएको छ । सबै पार्टीहरू एक भए माओवादीको बन्द र आतङ्क सफल हुन नसक्ने भन्ने प्रधानमन्त्री देउवाको भनाइलाई समाचारले महत्वकासाथ उठाएको पाइन्छ ।

> यस्तै गर्न 'बन्द' गराएको ? कांग्रेसमा पुनरावेदन, देउवाले जर्ज बुसलाई भेट्ने, संसदबाटै निकास खोज्नु पर्थ्यो - भीमसेनदास प्रधान, अब म राजनीति गर्दिन - एमालेका पूर्वमन्त्री हरिप्रसाद पाण्डे छुट्टा-छुट्टै शिर्षकमा पेजमा प्रथम समाचार छापिएका छन् । प्रथम पृष्ठमै मान्छेको टाउकोको मोल । शीर्षक दिएर हरिहर विरहीको लेख छापिएको छ ।
>
> कुनैबेला कसैले बगरे वा कसाइले पसलमा खसीको टाउकोको मूल्य सोधेको सुनिन्थ्यो । तर प्रजातान्त्रिक नेपालमा प्रजातान्त्रिक सिद्धान्त एवम् मूल्य, मान्यताप्रति प्रतिबद्ध जनर्विाचित सरकारले मान्छेको टाउकोको मोल तोकेको छ !!! अहिले छ दर्जन भन्दा बढी टाउकोको मोल निर्धारण भैसकेको छ । यो

[512] ***विमर्श*** साप्ताहिक, ६ वैशाख २०५९, पृ. १ ।

[513] ***ऐजन***, १३ वैशाख २०५९, पृ. १ ।

संख्या अझै थपिन सक्छ । सरकारले आतङ्ककारी नेताहरूको मूल्य तोकेझैं आतङ्ककारीहरूले पनि सत्तामा बसेकाहरूप्रति यस्तै प्रकृतिको घोषणा गर्न असम्भव छैन- उनिहरूले अझ उत्तेजक घोषणा गर्लान ? "जो कसैले पनि मारेर तिनको टाउको झोलामा ल्याएर बुझाए हुन्छ र त्यहि झोलामा इनाम लिएर गए हुन्छ" भनि सरकारले माओवादीका नेताहरूको टाउकाको मोल तोक्ने गरेको निर्णयको विषयमा विरहीले विश्लेषण गरेका छन् ।

"संकटकाल अरू नलिम्वने सम्भावना, माओवादीद्वारा युद्धविरामको घोषणा : सरकारले विश्वास गरेन"[514] शीर्षक दिएर व्यानर न्यूज छापिएको छ । समाचारसँगै कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र प्रचण्डको फोटो छापिएको छ । बक्समा प्रधानमन्त्री देउवाले माओवादी युद्धविराम सम्बन्धि गरेको टिप्पणीलाई छापिएको छ । यो कथित युद्धविरामलाई मैले गम्भीर रूपमा लिएको छैन । ... उनिहरूले हतियार नबुझाएसम्म र जनतासँग क्षमायाचना गर्दै पुनः धोखा नहुने विश्वास नदिलाए सम्म वार्ता हुदैन । भन्ने प्रधानमन्त्रीको भनाईलाई महत्वकासाथ छापेको देखिन्छ ।

यस्तै "यो अल्पमतको सरकार हो र ? अमेरिकासितको सम्बन्धमा नयाँ आयाम, म चाडै स्वस्थ्य भएर आउँछु -भट्टराई" छुट्टा-छुट्टै शीर्षक दिएर प्रथम पृष्ठमा समाचार छापिएका छन् ।

पृष्ठ २ र ३ मा पनि कांग्रेससँग सम्बन्धित लेख रचनाहरू छापिएका छन् । प्रेम र जीवन स्तम्भमा चित्रबहादुर के.सी. को बारेमा ऋषि धमलाको रिपोर्टिङबाहेक सबै समाचार सामग्री कांग्रेससँगै सम्बन्धित रहेको पाइन्छ ।

साप्ताहिक विमर्शले २०५९ जेठका चारवटै अङ्कमा छापिएका मुख्य समाचारको विषय नेपाली कांग्रेस भित्रको विवादलाई बनाएको छ । कांग्रेसबाट देउवा निस्कासित गरिएको घटना र देउवाले पार्टीबाट विद्रोह गर्ने विषयमा समाचार, लेख, रचनाहरू केन्द्रित देखिन्छन् भने पार्टीका विभिन्न नेताका भनाइहरूलाई फोटो र अन्तरवार्तामा समेत समेटिएका छन् । अन्य पार्टी र विकास निर्माणका समाचारले प्राथमिकता पाएको देखिदैन ।

"देउवाको विद्रोह कार्यकर्ताद्वारा अस्वीकृत, रुख काङ्ग्रेसमै रहने : प्र.म. फेरि निर्दलीय हुने संभावना"[515] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । काङ्ग्रेसभित्रको आन्तरिक विवाद विभाजनमा पुगेको सन्दर्भलाई समाचार सामाग्री बनाएको देखिन्छ । पार्टीको विशेष महाधिवेशनको नाममा बानेश्वर भेलाबाट काङ्ग्रेसको आधिकारिक सभापति देउवा

---

[514] ***ऐजन***, २६ वैशाख २०५९, पृ. १ ।

[515] ***ऐजन***, ७ असार २०५९, पृ. १ ।

भएको र काङ्ग्रेसका सभापति कोइरालालाई निस्कासन गरिको विषयलाई विभिन्न ढंगबाट समाचार बनाएको देखिन्छ ।

“राजाको कदमपछि पार्टीले निर्णय गर्ने, आज लोकेन्द्रबहादुर चन्द वा तारानाथ रानाभाट प्र.म. बन्ने : एमालेको सर्त अमान्य : प्रजातन्त्रको भविष्यप्रति चिन्ता”[516] शीर्षकमा प्रथम पृष्ठमा व्यानर न्यूज छापिएको छ । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले चुनाव सार्ने सिफारिस राजामा बुझाएको विषयमा राजाबाट स्वयम् देउवालाई असक्षम घोषणा गरी कार्यकारी अधिकार समेत आफ्नै हातमा लिइ सरकार शून्यताको विषयमा विमर्शले समाचारको विषय बनाएको देखिन्छ ।

> यस्तै प्रतिगमन अस्वीकार्य- हरिहर विरही, संयम र दृढताकासाथ अघि बढ्ने राजनीतिक दलहरू, काङ्ग्रेस अब पनि नमिल्ने ? देउवाका मन्त्रीहरू थुनिने, सुनियोजित षड्यन्त्रको परिणाम हो यो- लक्ष्मणप्रसाद घिमिरे, शाही घोषणाको विरोध जारी छुट्टाछुट्टै समाचार शीर्षक दिएर प्रथम पृष्ठमा समाचार प्रकाशित भएको देखिन्छ ।

“दरबार र माओवादीको सम्बन्ध रहस्यमय, सरकारको कामसँग मन्त्रीहरूनै असन्तुष्ट : प्रधानमन्त्रीलाई केही थाहा हुन्न”[517] शीर्षकमा प्रथम पृष्ठमा व्यानर न्यूज छापिएको छ । यस्तै प्रथम पृष्ठमा एमाले भित्र माधव-ओली मैदानमै, महाधिवेशन पछि एमाले मैदानमा उत्रिनेछ- भरतमोहन, संविधान बन्दी भएको छ- निलाम्बर आचार्य छुट्टाछुट्टै शीर्षक दिएर छापिएको छ । विमर्शले राजा र नेकपा माओवादीबीचको गोप्य सम्बन्ध छ भन्ने विषयमा न्यूज ब्रेक गरेको देखिन्छ ।

“प्रजातन्त्र र राजतन्त्र कायम राख्ने सर्तमा संविधानसभाको चुनाव हुने, गोलमेच सम्मेलनपछि मात्र माओवादी सत्तामा जानेः अन्य पार्टीको राय नै निर्णायक”[518] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । समाडचारसँगै माओवादी नेताहरू बाबुराम भट्टराई, कृष्णबहादुर महरा र देव गुरुङको फोटो छापिएको छ । साथै सरकारी वार्ताटोलीका संयोजक मन्त्री नारायणसिंह पुनको फोटो छापिएको । राजाले कार्यकारी अधिकार हत्याएपछि माओवादीले युद्धविराम गरी वार्ता गर्ने भनिएको यो पहिलो घट्ना थियो । यस सम्बन्धमा माओवादी अध्यक्ष प्रचण्डद्वारा जारी प्रेस विज्ञप्ति[519]लाई महत्वकासाथ जस्ताको तस्तै छापिएको छ ।

---

[516] ***ऐजन,*** २५ असोज २०५९, पृ. क ।

[517] ***ऐजन,*** ३ माघ २०५९, पृ. १ ।

[518] ***ऐजन,*** १७ माघ २०५९, पृ. १ ।

[519] ***ऐजन*** ।

यस्तै “युद्धविरामलाई काङ्ग्रेसले सकारात्मक भए पनि सतर्कतापूर्वक लिने, एमाले अव कुन बाटो लिने ?” छुट्टा-छुट्टै शीर्षकका समाचारलाई पहिलो पृष्ठमा छापिएका छन् । यस अङ्कको २ र ३ पृष्ठमा एमालेको सातौं महाधिवेशनको नीति र निर्णयलाई आलोचनात्मक रूपमा स्थान दिएर छापिएको छ । सम्पादकीय लेख पनि एमाले महाधिवेशनकै विषयमा लेखिएको छ भने दस्तावेजको रूपमा सातौं महाधिवेशनले लिएको राजतन्त्र बारेको नीतिलाई साभार गरेको पाइन्छ ।

“माओवादी र सरकारबीच नक्कली वाक्युद्ध, वार्ता चाँडै नहुने : ‘तैले कुटे जस्तो गर्नु म रोएजस्तो गर्छु’ भन्ने रणनीति ?Æ[520] शीर्षक दिएर व्यानर न्यूज छापिएको छ । बक्समा बाबुराम भट्टराई बनेपामा प्रकट हुने विषयको समाचार छापिएको छ ।

राजाकै कारणले वार्ता अड्किएको भन्ने माओवादी नेता कृष्णबहादुर महराको प्रतिक्रिया, वार्ता अग्रगामी निकासका लागि हुनु पर्ने आदि शीर्षक दिएर संप्रेषण गरेको देखिन्छ ।

“माओवादीहरू राजाविरुद्ध उत्रिन तयार”[521] शीर्षक दिएर माओवादीका नेता बाबुराम भट्टराईको फोटोसहित मुख्य समाचार छापिएको छ । यस्तै पृष्ठ २ मा कृष्णबहादुर महराको जीवनी र माओवादीलाई सुझावसहितको महेशमणि दीक्षितको लेखलाई स्थान दिइएको पाइन्छ । पृष्ठ ६ मा माओवादी नेता भट्टराई सार्वजनिक भएको अवसरमा दिएको बक्तव्यलाई महत्वकासाथ छापिएको छ । “राजतन्त्रका लागि संघर्ष चर्काउने सहमति माओवादीहरू दरबारको आशा छोडेर संसद्वादीसँग मिल्ने पक्षमा”[522] मुख्य शीर्षक दिएर पहिलो पृष्ठमा व्यानर न्यूज छापेको देखिन्छ । समाचारको साथमा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधव नेपाल र माओवादी नेता बाबुराम भट्टराईको फोटो छापिएका छन् । यस्तै गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको *“राजमुकुटलाई म्यूजियममा थन्काउँनु पर्छ”* भन्ने भनाइलाई फोटो सहित छापिएको छ । पेज २ मा संविधानसभाको विषयमा सीपि मैनालीको विचार, बाबुराम भट्टराईको वैवाहिक जीवनी छापिएको देखिन्छ । यसरी यस वर्ष विमर्शले समसामयिक देशको राजनीतिक घट्ना परिघट्नालाई नै मुख्य विषय बनाएको पाइन्छ । २०५९ असोज १८ को राजाको शाही प्रतिगमन यताको समयमा भने अघिल्लो वर्षको तुलनामा काङ्ग्रेस बाहेकका एमालेको गतिविधिलाई केही स्थान दिएको भेटिन्छ भने २०५९ साल फागुन यता आएर दरबार केन्द्रित प्रहार गर्दै माओवादी राजनीतिक गतिविधिलाई पनि महत्वकासाथ आफ्नो समाचारको विषय बनाउने गरेको देखिन्छ ।

---

[520] ***ऐजन***, १४ चैत्र २०५९, पृ. १ ।

[521] ***ऐजन***, २१ चैत्र २०५९, पृ. १ ।

[522] ***ऐजन***, २८ चैत्र २०५९, पृ. १ ।

“आन्दोलन चर्किए माओवादी पनि मिल्ने, सरकारी वार्ता टोलीप्रति व्यापक असन्तोष सवै पार्टी रुष्ट”[523] शीर्षक दिएर साप्ताहिक विमर्शले प्रथम पृष्ठमा व्यानर न्यूज छापेको छ । यसै समाचारको बक्समा माओवादीले संविधानसभाको मागलाई छोड्दैनन् भन्ने पद्मरत्न तुलाधरको भनाइलाई छापिएको छ । जारी सरकार माओवादी वार्तामा सरकारी वार्ताटोलीप्रति माओवादीको असहमति रहेको पक्षलाई समाचारले जोड दिएको देखिन्छ ।

यस्तै “माओवादीले शहर पनि त्रस्त पारे, एमालेभित्र विद्रोहको विगूल, काङ्ग्रेस जहाँ पनि कोइरालानै जानु पर्ने, वार्ता सफल पार्न अशोजतन्त्रको अन्त्य हुनु पर्छ- निलाम्बर आचार्य” छुट्टाछुट्टै शीर्षकमा प्रथम पृष्ठमा छापिएका समाचारहरू समसामयिक राजनीतिक विषयसँग नै सम्बन्धित रहेका छन् । यस्तै पृष्ठ २ र ३ मा काङ्ग्रेस नेता श्रीभद्र शर्माको जीवनी र माओवादीले उठाएको संविधानसभाको मागलाई ‘भ्रमित’ भन्ने केदार सुवेदीको राजनीतिक विश्लेषण छापिएको छ । “जनआन्दोलनको तयारीमा पाँच पार्टीको मोर्चा, स्थानीय निकाय कब्जा गरिने, प्रतिनिधिसभा बोलाउने, संघर्ष जटिल हुने”[524] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । राजासँग पाँच संसदवादी दलको बढ्दै गएको राजनीतिक दुरी र राजनीतिक दलको शान्तिपूर्ण आन्दोलनका कार्यक्रमलाई महत्त्व दिएर समाचार लेखिएको छ । यस्तै राजा सहमतिको सरकार बनाउँन तयार, राजाले २१ गते भित्रै सहमति खोज्ने- रविन्द्रनाथ शर्मा, एमाले विभाजन रोकियो, शीर्षकका समाचार छापिएका छन् । प्रथम र सातौं पृष्ठमा क्रमशः नेपाली कांग्रेसका नरहरि आचार्य र भीमबहादुर तामाङको लेखलाई महत्व दिएर छापेको पाइन्छ ।

“राजाले शक्ति नछोडे आन्दोलन चर्किने, माधव नेपाल प्र.म.का लागि सर्वसम्मत, चाडै नयाँ सरकार पनि संसद पनि”[525] शीर्षक दिएर व्यानर न्यूज छापिएको छ । यसै समाचारको वक्समा कोइरालालाई आन्दोलनको कमाण्डर बनाइने शीर्षकको समाचार छ भने पाँचदलको सर्वसहमतिमा एमालेका महासचिव माधव नेपाललाई प्रधानमन्त्रीको सिफारिस गर्ने भन्ने दलहरूको निर्णयलाई महत्त्व दिएर समाचार छापिएको छ ।

यस्तै “आन्दोलनकारी नेताहरू के भन्छन् ? एमाले-माओवादी : फरक के छ, माओवादीलाई राजाले नभेट्ने शत्तिका लागि ?” आदि शीर्षकका समाचार तथा लेखका शीर्षकहरू हुन् । यी सबै शीर्षकका लेख, समाचार प्रथम पृष्ठमा छापिएको छन् । समाचारसँगै कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधव नेपालको फोटो

---

523 ***विमर्श*** साप्ताहिक, वैशाख २०६०, पृ. १ ।

524 ***ऐजन***, १२ वैशाख २०६०, पृ. १ ।

525 ***ऐजन***, १९ वैशाख, २०६०, पृ. १ ।

छापिएको छ । समाचारको प्रमुख विषय समसामयिक राष्ट्रिय राजनीतिसँगै सम्बन्धित रहेको देखिन्छ ।

"आन्दोलन सुरु : आज देशभरि कालो झण्डा"[526] मुख्य शीर्षक दिएर व्यानर न्यूज छापिएको छ ।

> २०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै देशलाई अग्रगामी निकासतर्फ अघि पढाउँन संसदवादी पाँच प्रमुख दलहरूले प्रारम्भ गरेको संयुक्त जनआन्दोल हिजो उत्सुकतापूर्ण वातावरणमा प्रारम्भ भयो । शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै प्रारम्भ भएको यस कार्यक्रमको सुरुआतले प्रजातन्त्रवादी र वामपार्टीहरूलाई निकै उत्साहित बनाएको छ । आज शुक्रबार दिउँसो २ बजे देशभरि जुलुस र प्लेकार्डसहित कालोझण्डा प्रदर्शन गरिने भएको छ भनि समाचारको लिड बनाएको देखिन्छ ।

यस्तै राजाको क्रिया एक : प्रतिकृया अनेक, पारसलाई अब राजदरबारमै राख्ने, आज माओवादीले कडा कुरा राख्ने एमाले नेतृ साहाना प्रधानको अन्तरवार्ता, आन्दोलन परिणतिमा पुऱ्याईछाड्ने कोइरालाको स्पस्टोत्तिका साथै माओवादी जनयुद्धबारे नरहरि आचार्यको विश्लेषणलाई प्राथमित्ताका साथ छापिएका छन् ।

"अग्रगमनको आन्दोलन"[527] शीर्षकमा व्यानर न्यूज छापिएको छ । समाचारसँगै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको ठूलो फोटो छापिएको छ । तल्लो एङ्कर न्यूजमा बावुराम भट्टराइको फोटोसहितको समाचार छापिएको छ । समाचारमा माओवादीहरूले हतियार बन्द गर्दै शान्तिपूर्ण सडक संघर्षमा आउँने भन्ने उल्लेख गरिएको छ । साप्ताहिक विमर्शले यही अङ्क (वर्ष ३९, अङ्क ४७) २०६० देखि रङ्गीन कलेवरमा पृष्ठ संख्या समेत बढाएर नयाँ व्यवस्थापनमा प्रकाशन थालेको देखिन्छ ।

> राजनीतिसँगै समाजका अन्य अङ्गहरू र नागरिकका क्षमता र प्रतिभाको विकास हुन जरुरी छ । त्यसैले विमर्शले आफ्नो आकार र सीमा विस्तृत गर्दै सम्पूर्ण पत्रिका बनाउने जमर्को गरेको हो । व्यवसायिक पत्रकारिताको मूल्य मान्यतालाई आत्मसात गर्दै राज्य र समाजका सम्पूर्ण अङ्गको यथार्थतालाई उद्घाटित गर्ने र सही सूचना प्रवाहित गर्ने हाम्रो संकल्पलाई मूर्त रूप दिन यहाँहरूबाट आगामी दिनमा अझ प्रभावकारी सहयोग प्राप्त हुने आशा राखेका छौं भनिएको छ । सम्पादकमा हरिहर विरहीको ठाउँमा राजेन्द्र बैध रहेका छन् ।

---

[526] ***ऐजन***, २६ वैशाख, २०६०, पृ. १ ।

[527] ***ऐजन***, ६ असार, २०६०, पृ. १ ।

"युद्ध पनि वार्ता पनि !"[528] शीर्षक दिएर प्रथम पृष्ठमा व्यानर न्यूज छापिएको छ । समाचारसँगै राजा ज्ञानेन्द्र र नेकपा माओवादीका अध्यक्ष प्रचण्डाको फोटो समान महत्वका साथ छापिएको पाइन्छ । समाचारले तेश्रो चरणको वार्ता अनिश्चित भएको, राजधानीमा माओवादीको चन्दा आतङ्क बढेको, माओवादीप्रति जनताको विश्वास घट्दै गएको र जारी विद्यार्थी आन्दोलन चर्किंदै गएको विषयलाई उल्लेख गरेको देखिन्छ ।

यस्तै कांग्रेस नेता रामचन्द्र पौडेल, एमालेका महेशमणी दीक्षित र पत्रकार हरिहर विरहीका राजनीतिक लेख पेज ३ र ५ मा छापएिका छन् ।

"संविधानसभा नै शान्तिको शर्त ?"[529] शीर्षक दिएर यस अङ्कमा पनि व्यानर न्यूज छापिएको छ । समाचारसँगै सरकारी वार्ताटोलीका संयोजक मन्त्री प्रकाशचन्द्र लोहनीसँग माओवादी वार्ता टोलीको संयोजक बावुराम भट्टराइले हात मिलाइरहेको फोटो छापिएको छ । समाचारले जारी तेस्रो चरणको वार्ता विनानिश्कर्ष १० दिनको लागि स्थगित भएको प्रसङ्गको विषयमा विश्लेषण गरेको देखिन्छ । यस्तै *तेस्रो वार्ता यसरी भयो* भन्ने दमननाथ ढुंगानाको विचार र सहमतिको खोजी शीर्षकमा हरिहर विरहीको लेख पहिलो पेजमा महत्वका साथ छापेको देखिन्छ ।

"मुलुक गृहयुद्धको चक्रव्यूहमा"[530] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा व्यानर न्यूज छापेको देखिन्छ । समाचारसँगै माओवादी नेता बाबुराम भट्टराईको कार्टुन छापिएको छ । माओवादीले भदौ १०, २०६० मा वार्ता भङ्ग भएको घोषणा गरेको थियो । सोही विषय विशेषको रुपमा विमर्शको यो अङ्क प्रकाशित भएको देखिन्छ ।

"प्रजातन्त्रको औचित्यमाथि 'संसद्' मा प्रश्न"[531] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । राजाको प्रतिगमनको विरोधमा सडक संघर्षमा उत्रिएका संसद्वादी राजनीतिक दलहरूको आन्दोलन प्रभावकारी बन्दै गएको विषयमा समाचार केन्द्रित भएको देखिन्छ । समाचारसँगै आन्दोलनकारी नेता तथा कार्यकर्ताको फोटो छापिएको छ ।

त्यस्तै दुई काङ्ग्रेस एकताका विषयमा शेरबहादुर देउवाको भनाइ, पार्टी निरङकुश भएकाले एमाले पार्टी परित्याग गरें भन्ने राधाकृष्ण मैनालीको प्रतिक्रिया, राप्रपा मिलाउन दरबारले गरेको चियापान प्रसङ्गलाई पहिलो पृष्ठमा समाचार बनाइएको छ । समाचारका साथ देउवा र मैनालीको फोटो छापेको देखिन्छ ।

---

[528] ***ऐजन***, १३ असार २०६०, पृ. १ ।

[529] ***ऐजन***, ५ भदौ, २०६०, पृ. १ ।

[530] ***ऐजन***, १० भदौ, २०६०, पृ. १ ।

[531] ***ऐजन***, ५ चैत्र, २०६०, पृ. १ ।

"दरबारलाई चौतर्फी दवाव"[532] शीर्षकमा पहिलो पेजमा व्यानर न्यूज छापिएको छ । बक्समा विपि कोइराला पुत्र प्रकाश कोइरालाको अन्तरवार्ता छापिएको छ । यस्तै प्रचण्डले राष्ट्रसंघ गुहार्नु पर्ने कारणबारे शंकर रोक्काको लेख, काङ्ग्रेस एकताको प्रसङ्ग विश्लेषण समाचार र राजालाई नेपाली जनताको माया छैन भन्ने एमालेका महासचिव माधवकुमार नेपालको भनाइलाई महत्व दिएर समाचार छापिएको छ ।

यसै अङ्कमा *प्रेसमाथि खतराको बादल* शीर्षक दिएर सम्पादकीय लेखिएको छ ।

> सङ्कटकालिन् ज्यादत्ति र अवहेलनाको घाउ राम्ररी निको हुन नपाउँदै नेपाली प्रेसमाथि पुनः खतराका बादल मडारिन थालेका छन् । माओवादीलाई बढी नै प्रोत्साहित गरेको आरोपमा सरकारले प्रेसमाथि अङ्कुश लगाउने तयारी गरिरहेको सङ्केत मिलेको छ । ... प्रेस जगतले हत्या हिंसा र आतङ्कको विरुद्ध शान्ति, स्वतन्त्रता, स्थिरता र विकासको वकालत गर्दै आएको छ । सरकारको कमजोरी र गलत कामको भण्डाफोर गर्नु माओवादीलाई सहयोग गर्नु हो भने बेग्लै कुरा, अन्यथा प्रेस जगतका कारण माओवादी बढे भन्ने सरकारी दावी आफ्नो कमजोरीलाई अरुको टाउकोमा थोपर्ने प्रयास मात्र हो भनिएको छ ।

"रत्नपार्क रणभूमिमा परिणत हुने, उपत्यका दंगाक्षेत्र घोषित, दलहरूले उलङ्घन गर्ने"[533] शीर्षकमा पहिलो पृष्ठमा व्यानर न्यूज छापिएको छ । समाचारसँगै दंगा प्रहरीको फोटो छापिएको छ भने बक्समा नेताहरूले गिरफ्तारी दिने शीर्षकको समाचार छापेको देखिन्छ । यस्तै नेताहरूको एउटै स्वर "अव प्रतिकारमा उत्रन्छौं" शीर्षक दिएर अर्जुननरसिंह के.सी., केपी ओली र राजेन्द्र महत्तोको प्रतिक्रिया फोटोसहित छापिएको छ । सरकारले राजधानीलाई दंगाक्षेत्र घोषणा गर्नु घृणित कार्य भएको विमलेन्द्र निधिको प्रतिक्रिया र माओवादी अपहरणबाट मुक्त भएका डि.एस.पी. रणबहादुर चन्दले आफूलाई माओवादीले गाइको मासु ख्वाए भन्ने भनाइलाई समाचार बनाइएको छ ।

पृष्ठ ५ मा रामचन्द्र पौडेल र अमृतकुमार बोहोराको राजनीतिक लेखलाई महत्वका साथ स्थान दिएको देखिन्छ । यसका अतिरिक्त यस अवधिमा छापिएको विमर्शको समाचारको विषय राजनीतिक भएको पाइन्छ । दरबारको प्रतिगमन पछि विमर्शले अघिल्लो वर्षको भैंं काङ्ग्रेसको पक्षलाई केही कम गर्दै आन्दोलनरत दललाई समान महत्व दिएको देखिन्छ । समाचारको आकर्षण भने माओवादी गतिविधिसँग बढेको पाइन्छ ।

---

[532] ***ऐजन***, १२ चैत्र, २०६०, पृ. १ ।

[533] ***ऐजन***, २७ चैत्र, २०६०, पृ. १ ।

"आतङ्कवादविरुद्ध सहयोगका लागि स्पष्ट कुरा राखेको छु- देउवा"[534] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । साताव्यापी अमेरिका र बेलायतको भ्रमण सकेर स्वदेश फिर्ता भएका प्रधानमन्त्री देउवाको अभिव्यक्तिलाई नै मुख्य समाचारको विषय बनाइएको छ । समाचारको साथमा प्रधानमन्त्री देउवाको फोटो छापिएको छ ।

यस्तै गृहमन्त्रीको दाङको घरमा पुनः विष्फोट, प्रधानमन्त्रीद्वारा सङ्कटकाल नलम्ब्याउने सङ्केत, अन्तर्राष्ट्रिय फौज्दारी कानूनको दायरामा माओवादी पनि पर्ने छुट्टाछुट्टै शीर्षकमा पहिलो पृष्ठमा छापिएका समाचार हुन् ।

"अल्प सूचनाद्वारा' ९ गते संसद् आह्वान, सङ्कटकाल लम्ब्याउँन प्रस्ताव दर्ता, विपक्षी असन्तुष्ट"[535] शीर्षक दिएर पहिलो पेजमा मुख्य समाचार छापिएको छ । समाचारको साथमा प्रधानमन्त्री लगायत मन्त्री र सुरक्षा प्रमुखको बैठक भइरहेको तस्विरलाई महत्त्वकासाथ छापिएको छ । यस्तै कारबाहीमा २६ माओवादीको मृत्यु, माओवादीको पत्रचारप्रप्रति एमाले सकारात्मक शीर्षक दिएर राजनीतिक विषयको समाचारलाई प्राथमिकता दिएर छापेको देखिन्छ । यस अङ्कको पहिलो पेजको एङ्करमा भने रानीपोखरीका माछा अक्सीजन अभावका कारण मर्न थालेको विषयमा समाचार छापेको पाइन्छ । "कोइराला-नेपाल वार्ता, सङ्कटकाल लम्ब्याउने प्रस्तावप्रति असहमति"[536] शीर्षकमा पहिलो पेजमा मुख्य समाचार छापिएको छ । बक्समा "प्रधानमन्त्रीको आग्रह विपक्षी नेताद्वारा अस्वीकार" शीर्षकको समाचार छ भने अपेक्षित उपलब्धि नभइसकेकाले सङ्कटकाल लम्ब्याउन प्रस्ताव गरिएको हो भन्ने सरकार प्रवक्ताको भनाई माओवादीद्वारा एसओएस बालग्राममा भएको आक्रमण र माओवादी प्रभावित क्षेत्रमा चारसय स्वयम्सेवी शिक्षक राख्ने सरकारी निर्णयको विषयमा प्रथम पृष्ठमा समाचार छापिएका छन् । यस्तै पेज ६ र ७ मा क्रमशः डिपि अधिकारीको माओवादी दर्शनको विषयमा र गोविन्द अधिकारीको सङ्कटकालका बारेमा लेखिएको विश्लेषण छापिएको छ ।

> सरकारले सङ्कटकालको अवधि थप ६ महिना बढाउँने नियतकासाथ संसद्को २२ औं अधिवेशन बोलाएको छ । ... माओवादीहरूले हत्या, हिंसा र राष्ट्रिय विनाश रोक्ने प्रतिवद्धता प्रदर्शन गर्न सकेमा सङ्कटकाल विस्तारको औचित्य स्वतः समाप्त हुनेछ भनिएको छ ।

*कोइरालाद्वारा निर्णय बदल्न प्रधानमन्त्रीलाई दवाव, सरकार सङ्कटकाल प्रस्तावमा अडिग*[537] शीर्षक दिएर पहिलो पेजमा मुख्य समाचार बनाइएको छ । यसैको बक्समा नौ वाम र

---

534 ***कान्तिपुर*** दैनिक, २ जेठ, २०६०, पृ. १ ।

535 ***ऐजन***, ४ जेठ, २०५९, पृ. १ ।

536 ***ऐजन***, ५ जेठ, २०५९, पृ. १ ।

537 ***ऐजन***, ७ जेठ, २०५९, पृ. १ ।

बुद्धिजीविद्वारा सङ्कटकालको समर्थन नगर्न दवाव शीर्षकको समाचार छापिएको छ । साथै सङ्कटकालका विषयमा परामर्श गर्न एमालेले आयोजना गरेको बैठकको फोटो पहिलो पेजको शीर्ष भागमा महत्वकासाथ छापिएको छ । पृष्ठ ६ मा "माओवादी र खाओवादीलाई चिरफार गरी हेर्दा" शीर्षकको हेमराज ज्ञवालीको राजनीतिक विश्लेषण छापिएको छ ।

"देउवाको पुनरावेदनबारे निर्णय गर्न काङ्ग्रेस बैठक चाँडै हुने"[538] शीर्षक दिएर पहिलो पेजमा नेपाली काङ्ग्रेसभित्रको विवादका विषयमा समाचार छापिएको छ । सङ्कटकाल नबढाउँने नेपाली काङ्ग्रेस पार्टीले प्रधानमन्त्री देउवालाई दिएको निर्देशन उलङ्घन गरेको आरोपमा देउवा काङ्ग्रेसबाट निश्कासनमा परेका थिए । यसै विषयमा देउवाले महाधिवेशन प्रतिनिधिको भेला काठमाडौंमा बोलाएको विषयमा समाचार केन्द्रित देखिन्छ । समाचारको साथमा नेपाली काङ्ग्रेसका सभापति कोइरालाको फोटो छापिएको छ । यस्तै "माओवादी विरुद्ध भारतीय नीति स्पष्ट छैन : पूर्व अमेरिकी दूतः" शीर्षकमा एङ्कर समाचार छापिएको छ ।

"भिडन्तमा सात सैनिकको मृत्यु, डेडसय माओवादी मारिएको अनुमान"[539] शीर्षकमा पहिलो पेजमा विप्लव महर्जन, रुद्र खड्का र मोती पौडेलको वाइलाइन् पुल रिपोर्टिङलाई मुख्य समाचार बनाइएको छ ।

> रुकुमको खारास्थित शाही नेपाली सेनाको अस्थायी आधार शीविरमा भएको आक्रमणमा संलग्न माओवादीको खोजीमा गएको सेनाको टुकडी र माओवादीबीच सल्यानको दामाचौर गाविस गुराँसेमा बुधबार राती भीडन्त हुँदा ७ सैनिकको मृत्यु हुनको साथै डेढसय माओवादी मारिएको अनुमान छ भनी समाचारको लिड बनाइएको छ ।

यस्तै कोइराला र देउवाबीचको वार्ता निष्कर्षहिन शीर्षकमा नेपाली काङ्ग्रेस पार्टी भित्रको विवादलाई फलोअप गरिएको छ । यसरी जेठ महिनाभरी सरकारले सङ्कटकाल बढाउँन गरेको निर्णय, त्यसको विरोधमा भएको गतिविधि र नेपाली काङ्ग्रेसबाट प्र.म. देउवालाई निस्कासन गरिएको विषयमा समाचारको मुख्य विषय बनेको देखिन्छ । दृष्टिकोण पृष्ठमा अधिकांश लेख रचनाहरू यसै विषयमा केन्द्रित छन् ।

"ग्याँसको १ सय र पेट्रोलको ६ रूपैयाँ मुल्यवृद्धि, राजनीतिक संगठन र उपभोक्ताद्वारा विरोध"[540] शीर्षकमा मुख्य समाचार छापिएको छ । समाचारसँगै विभिन्न राजनीतिक संगठनले निकालेको विरोध ऱ्यालीको फोटो पहिलो पृष्ठको शीर्ष भागमा छापिएको छ । यस्तै "लम्जुङमा

---

[538] ***ऐजन***, २७ जेठ, २०५९, पृ. १ ।

[539] ***ऐजन***, ३१ जेठ, २०५९, पृ. १ ।

[540] ***ऐजन***, ८ मंसिर, २०५९, पृ. १ ।

ठूलो भिडन्त, माओवादीतर्फ ठूलो क्षति, डेढ दर्जन राष्ट्रमा राजदूत खाली, यसैसाता नियुक्ति प्रक्रिया सुरु हुने" शीर्षकमा समाचार छापिएको देखिन्छ ।

पृष्ठ ६ मा "राजाको सक्रिय राजनीतिको भविष्य शीर्षकमा अङ्गराज तिमिल्सिना र प्रधानमन्त्रीको क्षमता जाँच्ने त जनता हुन्" शीर्षकमा रमेश लेखकको राजनीतिक लेख छापिएका छन् । पृष्ठ ७ मा "नेपाली काङ्ग्रेस : अव कता ?" शीर्षकको गोविन्द अधिकारीको लेख छापेको देखिन्छ । विमर्शको यो अङ्क नेपाली कांग्रेस पार्टीको मुखपत्र जस्तै देखिन्छ ।

"काङ्ग्रेसको राष्ट्रव्यापी विरोधसभा, जनअधिकार फिर्ता नभए राजसंस्था नरहने चेतावनी"[541] शीर्षक दिएर शाही घोषणाको विरोधमा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले बसन्तपुर डवलीमा आयोजित आमसभामा व्यक्त विचारलाई महत्वकासाथ समाचार बनाइएको छ । समाचारको साथमा सम्बोधन गर्दैरहेको सभापति कोइरालाको तस्विर छापिएको छ । यस्तै अनियमितता र भ्रष्टाचार रोक्न सरकारद्वारा राष्ट्रिय सतर्कता केन्द्र गठन गर्ने निर्णय, सरकार माओवादी वार्ताका लागि तटस्थ विदेशी सहजकर्ता हुनु पर्ने श्रीलंकाली मध्यस्थकर्ताको सझाब लगायतको विषयमा समाचार छापिएको छ ।

"संविधान बनेदेखिनै दरबारबाट उलङ्घन हुँदै आएको छः उपाध्याय"[542] शीर्षकमा समाचार छापेको पाइन्छ । सर्वोच्च अदालतका मुख्य न्यायाधीश विश्वनाथ उपाध्यायको विचारलाई महत्त्वकासाथ समाचार बनाइएको छ । समाचारसँगै उपाध्यायको फोटो छापिएको छ । यस्तै पूर्व मन्त्री खुमबहादुर खड्का र जयप्रकाशप्रसाद गुप्तालाई थप १५ दिन न्यायिक हिरासतमा राख्न विशेष अदालतको निर्णय, माओवादीको कारण राष्ट्रिय विद्युत प्रसारणमा अवरोध लगायतका समाचार पहिलो पृष्ठमा छापिएको छ ।

"काङ्ग्रेस गणतन्को पक्षमा पनि उभिन सक्छ : कोइराला"[543] शीर्षक दिएर पहिलो पेजमा समाचार छापिएको छ । काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले विरगन्जमा बोल्नुभएको सो भनाइलाई नै समाचार शीर्षक बनाइएको छ । यस्तै सङ्कटकालमा थुनिएका पत्रकारहरूले क्षतिपूर्तिको माग गरिएको विषय र जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई श्रीषा कार्की अभियोगमा परेको मुद्दाका विषयमा समाचार बनाइएको छ ।

"माओवादी आतङ्ककारी होइनः गृहमन्त्री, 'टाउकोको मोल' नयाँ सरकारले नमान्ने"[544] शीर्षक दिएर पहिलो पृष्ठमा मुख्य समाचार छापिएको छ । नयाँ सरकारका गृहमन्त्री धर्मबहादुर

[541] ***ऐजन***, ११ मंसिर, २०५९, पृ. १ ।
[542] ***ऐजन***, १२ मंसिर, २०५९, पृ. १ ।
[543] ***ऐजन***, १३ मंसिर, २०५९, पृ. १ ।
[544] ***ऐजन***, १५ मंसिर, २०५९, पृ. १ ।

थापाको भनाइलाई फोटो सहित समाचार बनाइएको देखिन्छ । देउवा सरकारले माओवादी नेताहरूको टाउकाको मोल निर्धारण गरेको थियो । प्रथम पृष्ठको शीर्षभागमा विद्रोही माओवादीको जारी व्यक्ति हत्याको विषयमा वात्स्यानको कार्टुन छापिएको छ । यस्तै रोल्पामा माओवादीको विश्वविद्यालय छ भन्ने समाचारलाई पनि पहिलो पृष्ठमा छापिएको छ । पृष्ठ ६ र ७ मा छापिएका लेख रचनाहरू सवै समसामयिक राजनीतिसँग सम्बन्धित रहेका छन् ।

"माओवादीद्वारा उच्चस्तरीय वार्ताटोली गठन, अन्य राजनीति कार्यकर्ता र भौतिक संरचनामाथि आक्रमण नगर्ने घोषणा"[545] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । सरकारको नेतृत्व लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा परिवर्तन भएको सन्दर्भमा माओवादीले गरेको त्यो निर्णयको बारेमा नै समाचार बनाएको पाइन्छ । यस्तै "सल्यानमा सरकारी उपस्थिति सदरमुकाममा सीमित" शीर्षक दिएर एङ्कर न्यूज छापिएको छ । प्रथम पृष्ठका अन्य समाचार शीर्षकहरूमा-सरकारले सहमतिको वातावरण बनाउन सकेन : राप्रपा अध्यक्ष, राष्ट्रियसभा समितिका बैठक आजदेखि, आप्काको वैधानित्ता विवादका विषय रहेका छन् । "उपत्यकाका सबै विद्यालय पाँचदिन बन्द गर्ने प्याब्सनको आग्रह" [546] शीर्षकमा पहिलो पेजमा मुख्य समाचार छापिएको छ । माओवादी धम्की र चन्दा आतङ्कको विरोधमा प्याप्सनले त्यस्तो निर्णय गर्नु परेको समाचारले उल्लेख गरेको पाइन्छ ।

एङ्करमा माओवादी अपहरणको डरले सुर्खेतका विद्यार्थी स्कूल जान छाडेको खिम घलेको समाचार छापिएको छ । सरकारको शान्तिवार्ता प्रस्तावको विषयमा यस अङ्कमा पनि पहिलो पेजको शीर्ष भागमा वात्स्यायनको कार्टुन महत्त्वकासाथ छापेको देखिन्छ । यस्तै राप्रपाको आसन्न तेश्रो महाधिवेशनको विषयमा समाचारलाई पहिलो पेजमा स्थान दिएको छ । यस अङ्कको पहिलो पेजमा केही फोटो बाहेक सबै राजनीतिक घट्नासँग सम्बन्धित समाचार प्रकासित भएको पाइन्छ । "प्रमुख पाँचदलको बैठक, शाही कदम विरुद्ध आन्दोलन तिब्र गरिने"[547] शीर्षकमा पहिलो पृष्ठमा मुख्य समाचार छापिएको छ । समाचारसँगै गिरिजाप्रसाद कोइराला, माधव नेपाल, सूर्यबहादुर थापा र नारायणमान विजुक्छे को तस्वीर छापिएको छ ।

यस्तै माओवादी समस्या समाधानका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम ( युएनडिपी) का आवासीय प्रतिनिधि हेनिङ कार्चरले नेपाललाई दिनु भएको सूझावलाई महत्त्वका साथ समाचार बनाइएको छ भने, अनेरास्ववियु क्रान्तिकारीद्वारा विद्यालयका सवारी साधनमा आक्रमण भएका कारण विराटनगर तनावग्रस्त भएको विषयलाई पनि पहिलो पेजमै छापिएको पाइन्छ ।

---

[545] ***ऐजन***, १८ मंसिर, २०५९, पृ. १ ।

[546] ***ऐजन***, २२ मंसिर, २०५९, पृ. १ ।

[547] ***ऐजन***, २५ मंसिर २०५९, पृ. १ ।

"राप्रपा अधिवेशन आजदेखि, तयारी पूरा"[548] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । राप्रपाको जारी तेस्रो महाधिवेशनको बारेमा सो समाचार छापिएको देखिन्छ । नयाँ अध्यक्षको तीनजना प्रत्यासी प्रकाशचन्द्र लोहनी, पशुपति शमशेर जवरा र रविन्द्रनाथ शर्माको बारेमा समेत समाचार केन्द्रित भएको देखिन्छ । यस्तै पृष्ठ ७ मा "सत्ता सञ्चालन गर्नेले मलामीका बारेमा पनि सोच्नु पर्छ" शीर्षकमा विश्वमणि पोखेलको राजनीतिक लेख छापिएको देखिन्छ भने "चिनिया कम्यूनिष्ट पार्टी अधिवेशन र एमाले" शीर्षकमा जितेन्द्र देवको राजनीतिक लेख छापिएको छ ।

"प्रधानमन्त्रीको सर्वदलीय बैठक दलहरूले वहिष्कार गर्ने"[549] शीर्षकमा मुख्य समाचार छापिएको छ । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आह्वान गरेको सर्वदलीय बैठकलाई आन्दोलनरत काङ्ग्रेस, एमाले लगायतका राजनीतिक दलहरूले वहिष्कार गर्ने निर्णयलाई प्राथमिकता दिएर समाचार छापिएको छ । साथमा नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवाको फोटो छापिएको छ । यस्तै "वार्तामा अन्तराष्ट्रिय मध्यस्थता अनावश्यक : परराष्ट्र मन्त्री" शीर्षक दिएर तत्कालिन परराष्ट्र मन्त्री नरेन्द्रविक्रम शाहको भनाइलाई समाचार बनाइएको छ ।

"वैधानिक सरकारसँग मात्र गोलमेच सम्मेलन गर्न कोइरालाको आग्रह"[550] शीर्षकमा प्रथम पृष्ठमा समाचार छापिएको छ । चन्द सरकारसँग प्रस्तावित माओवादी वार्ताका विषयमा शाही कदम विरोधी नेता गिरिजाप्रसाद कोइरालाले अवैधानिक चन्द सरकारसँग गोलमेच सम्मेलन नगर्न गरिएको आग्रहलाई नै समाचार बनाएको पाइन्छ । सरकार माओवादी वार्ताकै विषयमा *"वारस्यायन्को कार्टुन"* प्रथम पृष्ठको शीर्ष स्थानमा महत्त्वकासाथ छापिएको छ । यस्तै पृष्ठ ६ मा "शान्तिवार्ता र प्रमुख राजनीतिक पार्टीको भूमिका" शीर्षकमा अंगराज तिमिल्सिनाको राजनीतिक लेख छापिएको देखिन्छ ।

"माओवादीद्वारा चन्दा संकलन स्थगन, पूर्ण पालना गर्न पार्टी पंक्तिलाई निर्देशन"[551] शीर्षक दिएर मुख्य समाचार प्रकाशित भएको देखिन्छ । समाचारमा अध्यक्ष प्रचण्डको प्रेस विज्ञप्तिलाई समाचारको स्रोत बनाइएको छ । यसै समाचारको बक्समा माओवादी वार्ता टोलीका संयोजक बाबुराम भट्टराई र सदस्यहरू कृष्णबहादुर महारा र दिनानाथ शर्मा रहेको उल्लेख गरिएको छ । यस्तै माओवादी माथिको शंका एकसाता भित्रै सकिने अमिक शेरचनको भनाइलाई पनि महत्त्वकासाथ छापिएको छ । पृष्ठ ७ मा "वार्ता बारेको अन्योल र अवको अपेक्षा"

---

548 ***ऐजन***, २६ मंसिर २०५९, पृ. १ ।

549 ***ऐजन***, ३ फागुन २०५९, पृ. १ ।

550 ***ऐजन***, ४ फागुन २०५९, पृ. १ ।

551 ***ऐजन***, ५ फागुन २०५९, पृ. १ ।

शीर्षकको युवराज घिमिरेको लेख छापेको देखिन्छ । "सबै प्रमुख पार्टीद्वारा वहिष्कार, प्रधानमन्त्री दुःखी, सहकार्य गर्न तयार"[552] मुख्य समाचार छापिएको छ । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आयोजना गरेको सर्वदलीय वैठक प्रतिगमन विरोधी राजनीतिक दलहरूले वहिष्कार गरेका थिए । यसैको बक्समा सो बैठकमा राप्रपाले सहभागिता जनाएको भन्ने सरकारी भनाईको राप्रपाले खण्डन गरेको विषय छापिएको देखिन्छ ।

यस्तै "मन्त्री पुनद्वारा माओवादी नेता शर्मासँग भेट, स्ववियु निर्वाचन प्रक्रिया स्थगन" शीर्षकमा छुट्टा-छुट्टै समाचार पहिलो पृष्ठमा छापिएको छ ।

"माओवादी उच्च नेताद्वारा विजुक्छेसँग भेटी राजनीतिक उद्देश्यबारे जानकारी"[553] पहिलो पेजमा समाचार छापिएको छ । यस्तै प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले शितल निवासमा आयोजना गरेको जलपान समारोहमा राजा ज्ञानेन्द्र र रानी उपस्थिति हुँदै रहेको तस्वीर छापेको देखिन्छ । राजाले राजपरिषद् स्थायी समितिमा परशुनारायण चौधरीलाई नियुक्ति गरेको विषयलाई समेत पहिलो पेजमा समाचार बनाइएको छ । पृष्ठ ६ मा "राजनीतिक दलहरूलाई माओवादीहरूको चुनौती र वार्ता प्रसङ्ग" शीर्षकमा शशीधर भण्डारीको लेख छापेको देखिन्छ ।

"माओवादी नेताहरूद्वारा राजनीतिक भेटघाट तिव्र"[554] शीर्षक दिएर माओवादी नेताद्वारा अन्य राजनीतिक पार्टीका नेतासँग जारी राजनीतिक भेटघाटको विषयलाई नै मुख्य समाचार बनाएको देखिन्छ । बक्समा एकताकेन्द्र मसालले माओवादीलाई भेट नदिने भनाइलाई प्राथमिक्तामा राखेर छापिएको छ । यस्तै एमाले अधिकारविहिन सर्वदलीय सरकारमा जादैछ भन्ने काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको भनाइलाई समाचार शीर्षक बनाइएको छ ।

"वार्ता प्रक्रियामा व्यापक सहभागिता चाहन्छौं: माओवादी"[555] शीर्षक दिएर युवराज घिमिरेको वाइलाइन् रिपोर्टिङ्गलाई मुख्य समाचार बनाइएको छ । आसन्न सरकार माओवादी वार्तामा ठूलो सहभागिताको अपेक्षा माओवादीको रहेको खुलासा समाचारमा भएको पाइन्छ । यस्तै प्रचण्डले राजनीतिक निकासका लागि गिरिजाप्रसाद कोइरालासँग गरेको आग्रह, काङ्ग्रेस ( प्रजातान्त्रिक) को कार्यसमिति विस्तार, सेनाले युद्ध विरामको स्वागत गरेको प्रसङ्ग र पद्मरत्न तुलाधरले माओवादीहरू राजासँग पछिल्लो चरणको वार्ता गर्छन् भन्ने भनाइलाई कान्तिपुरले पहिलो पेजमा समाचार शीर्षक बनाएको पाइन्छ । "माओवादीद्वारा वार्तापूर्वको आचारसंहिता प्रस्तुत, सरकारले मंगलबारभित्र पारीत गर्ने"[556] शीर्षकमा पहिलो पेजमा समाचार छापिएको

---

552 ***कान्तिपुर*** दैनिक, ६ फागुन २०५९, पृ. १ ।

553 ***ऐजन***, ८ फागुन २०५९, पृ. १ ।

554 ***ऐजन***, १२ फागुन २०५९, पृ. १ ।

555 ***ऐजन***, १४ फागुन २०५९, पृ. १ ।

556 ***ऐजन***, २५ फागुन २०५९, पृ. १ ।

छ । आसन्न वार्ताको विषयमा माओवादीको आचारसंहितालाई समाचारले प्रष्ट्याएको छ । यस्तै "सरकारले भने हतियार प्रदर्शन नगर्न तयार छौं : माओवादी प्रधानमन्त्रीद्वारा सर्वदलीय बैठक आह्वान, काङ्ग्रेस एमाले भाग नलिने", छुट्टाछुट्टै शीर्षकका समाचार छापिएका छन् । समाचारसँग हतियारधारी माओवादी छापामारको फोटो समेत छापेको देखिन्छ ।

"नेताहरूलाई दर्शन भेटको आह्वान, दलहरू आवश्यक रणनीति तयारीमा" [557] शीर्षकमा मुख्य समाचार छापिएको छ । राजाले दलका नेतालाई भेटको आह्वानप्रति दलहरू आफ्नो रणनीति बनाइरहेको विषयलाई समेत समाचारले उल्लेख गरेको छ । यस्तै वार्ताको आचारसंहिता एक दिन पछि आउने भन्ने मन्त्री नारायणसिंह पुनको भनाई र कैलाली कारागार फोरेर १२ जना माओवादी फरार भएको घट्नालाई प्राथमिकताकासाथ समाचार बनाइएको छ । यस अङ्कमा हर्ष सुव्वाको "आठ वर्षमा एकै गाउँका १३ जनालाई बोक्सीको आरोपमा यातना" शीर्षकको समाचार भने गैर राजनीतिक विषयको समाचारलाई महत्वकासाथ पहिलो पेजमा छापिएको देखिन्छ । पृष्ठ ७ मा युवराज घिमिरेको राजनीतिक विषयको लेख छापेको पाइन्छ ।

"कोइराला र नेपाललाई दर्शनभेट"[558] शीर्षकमा पहिलो पेजमा मुख्य समाचार छापिएको छ । सामाचारमा राजा बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्ध भएको नेताद्वयले पाएको र सवै पार्टीलाई संयुक्त दर्शन भेटको आफूहरूले माग राखेको भन्ने भनाइलाई उल्लेख गरिएको छ । राजाको सुझबुझपूर्ण घोषणा नभएको भए छयालिस सालमै नेपालमा गणतन्त्र स्थापना हुन्थ्यो भन्ने काङ्ग्रेस नेत्रि शैलजा आचार्यको भनाइलाई एङ्कर न्यूज बनाइएको छ ।

यसरी कान्तिपुरले यस अवधिमा देशको समसामयिक राष्ट्रिय राजनीतिजन्य घट्ना र विषयलाई नै समाचारको प्राथमिकताको विषय बनाएको पाइन्छ ।

> माओवादीद्वारा ९ सर्वसाधारणको अपहरण, माओवादीले अर्थनीति लचिलो पार्ने, माओवादी समस्यामा सवैको सहयोग र सल्लाह लिन बेलायती राजदूतको सुझाब, श्री ५ बाट राजनीतिक पार्टी नेतृत्व परिवर्तनमा केन्द्रित रहेको गुनासो, रामराजाद्वारा कोइरालासँग गणतन्त्रको राजनीति गर्न आग्रह[559] यस अङ्कमा पहिलो पेजमा छापिएका समाचार शीर्षकहरू हुन् ।

यस्तै पेज ६ मा सरकारको योजनाबारेमा सम्पादकीय र दृष्टिकोण लेखमा "सरकार माओवादी वार्ता प्रकरण र २०४७ को संविधान" को विषयमा लेखिएको शशीधर भण्डारीको लेख छ भने सातौं पेजमा नेकपा माओवादीको नयाँ आर्थिक नीतिका बारेमा विजय घिमिरेको विश्लेषण छापेको देखिन्छ ।

---

[557] ***ऐजन***, २६ फागुन २०५९, पृ. १ ।

[558] ***ऐजन***, २६ फागुन २०५९, पृ. १ ।

[559] ***कान्तिपुर*** दैनिक, ३ वैशाख २०६०, पृ. १ ।

"सरकारी वार्तटोली पुनर्गठन, संयोजकमा उप-प्रधानमन्त्री माओवादी सकारात्मक"[560] शीर्षक दिएर पहिलो पेजमा मुख्य समाचार छापिएको छ । सरकार माओवादी जारी वार्ताका लागि सरकारी वार्ताको संयोजक मन्त्री नारायणसिंह पुनको ठाउँमा तत्कालिन उप-प्रधानमन्त्री बद्रीप्रसाद मण्डलको नेतृत्वमा वार्तटोलीको पुनर्गठन भएको र त्यसप्रति माओवादी सकारात्मक भएको समाचारले उल्लेख गरेको छ । समाचारसँगै मन्त्री बद्रीप्रसाद मण्डलको फोटो पनि छापिएको छ । पहिलो पेजमै पहिलो सगरमाथा आरोही नेपाली पत्रकार आङछिरिङ शेर्पालाई कान्तिपुर पब्लिकेशनले विदाइ गर्दै रहेको फोटो छापिएको छ भने छैटौं पृष्ठमा प्रकाश ज्वालाको राजनीतिक लेख छापेको देखिन्छ ।

"प्रदर्शनकारी विद्यार्थीद्वारा त्रिविलगायत क्याम्पसहरूमा तोडफोड र आगजनी"[561] शीर्षक दिएर मुख्य समाचार छापिएको छ । समाचारको साथमा त्रिवि क्याम्पस परिसरमा विद्यार्थीले आगजनी गर्दैरहेको फोटो छापिएको छ । यस्तै "सरकार-माओवादी पहिलो वार्ता सोमवार, संविधानसभाले समस्या अझ बढ्छ : कानूनवेत्ता सुवेदी" शीर्षकमा पहिलो पेजमा महत्वका साथ समाचार छापिएको देखिन्छ ।

"आक्रोशित विद्यार्थीद्वारा त्रिवि छापाखानामा आगलागि"[562] शीर्षकमा पहिलो पेजमा प्रमुख समाचार छापेको देखिन्छ । समाचारसँगै छापाखानामा भएको आगलागि नियन्त्रण गर्दै गरेको फोटो देखिन्छ । यस्तै माओवादीद्वारा २७ सर्वसाधारण अपहरित, माओवादीद्वारा सर्वदलीय सरकारको मागप्रति विरोध पाँच दिनभित्र वार्ता गर्न सहमति भएको छ : पुन पहिलो पृष्ठमा छापिएका समाचार शीर्षक हुन् । यी सवै शीर्षकमा राजनीतिक समाचार समेटिएको देखिन्छ ।

"दलहरू वार्ता विथोल्न लागेका छन् : भट्टराई"[563] शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापेको देखिन्छ । "माओवादी नेता बाबुराम भट्टराईले संसद्वादी पार्टीहरू विद्यार्थीको बुइ चढेर वार्ता विथोल्न लागेको आरोप लगाउँनु भएको छ । उनीहरूको आन्दोलन राजालाई धम्काएर सत्तामा जाने मात्र भएको उहाँले टिप्पणी गर्नुभयो ।" भनी समाचारको लिड बनाइएको छ । यस्तै माग पूरा नभएसम्म आन्दोलन गर्ने विदार्थीद्वारा चेतावती, काङ्ग्रेस (प्रजातान्त्रिक) संविधानसभामा जाने, सीधै राजासँग द्वन्द्व : कोइराला, शीर्षक दिएर पहिलो पेजमा छापिएको अन्य समाचार शीर्षक हुन् । यी सवै समाचार राजनीतिक घट्नासँग सम्बन्धित रहेको देखिन्छ ।

[560] ***ऐजन***, ४ वैशाख २०६०, पृ. १ ।

[561] ***ऐजन***, ६ वैशाख २०६०, पृ. १ ।

[562] ***ऐजन***, ९ वैशाख २०६०, पृ. १ ।

[563] ***ऐजन***, १० वैशाख २०६०, पृ. १ ।

"सरकार माओवादी पहिलो वार्ता, माओवादीद्वारा एजेण्डा प्रस्तुत, सरकारको धारणा आउन बाँकी"[564] शीर्षक दिएर पहिलो पेजमा गुणराज लुइटेल र उजीर मगरको पुल रिपोर्टिङलाई प्रमुख समाचार बनाइएको छ । यसै समाचारको बक्समा माओवादीले अघि सारेका नयाँ संविधान निर्माणको प्रस्तावलाई छापेको देखिन्छ ।

यस्तै संविधानसभाको माग राख्ने एमाले नेताको पार्टीभित्रै आलोचना, सात विद्यार्थी संगठनले जारी आन्दोलन फिर्ता लिने भए पनि अखिल क्रान्तिकारीले आन्दोलन जारी राख्ने विषयका समाचार पहिलो पेजमा प्राथमिकताकासाथ छापिएका छन् । "दलहरूले शान्ति प्रयास विथोलेको आरोप"[565] शीर्षकमा पहिलो पेजमा व्यानर न्यूज छापिएको छ । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको भनाइलाई समाचार शीर्षक बनाएको देखिन्छ । प्रधानमन्त्रीले देशवासीका नाममा गरेको सम्बोधन आफैले मुठभेट सिर्जना गरेको भन्ने आन्दोलनरत राजनीतिक दलको प्रतिक्रियालाई पनि उत्तिकै प्राथमिकताकासाथ छापिएको छ । यस्तै "अमेरिका वार्ता भाँड्ने लागेको छ : माओवादी जनआन्दोलन विरोधी मन्तव्य दिने रानाभाट र आचार्यलाई काङ्ग्रेसको विरोध" शीर्षकका समाचार पहिलो पेजमा छापिएका छन् भने पत्रिकाको शीर्षस्थानमा रानी कोमल, युवराज पारस र युवराज्ञी हिमानीको तस्विर छापेको देखिन्छ ।

"श्री ५ बाट दलहरूको आन्दोलनप्रति चिन्ता व्यक्त"[566] शीर्षक दिएर पहिलो पेजमा मुख्य समाचार छापिएको छ । यो समाचार नारायण वाग्लेको वाइलाइन देखिन्छ । समाचारको साथमा राजा ज्ञानेन्द्रको फोटो छापिको छ । यस्तै जारी सरकार-माओवादी वार्तालाई भाँड्न अमेरिका लागेको भन्ने प्रचण्डको भनाई, एमालेले सरकारी सुविधाका गाडी फिर्ता गर्ने भन्ने प्रसङ्गलाई प्राथमिकताकासाथ समाचार बनाइएको छ । यो अङ्कको एङ्करमा "सामाजिक असुरक्षाले राउटे जंगल फर्कन थाले" शीर्षकमा डिआर पन्तको समाचार छापिएको छ । यो समाचार राजनीतिक प्रकृतिको नभए पनि तत्कालिन राज्यवस्थाससँग जोडिएको छ ।

यसरी यो महिनाभरि कान्तिपुरले समाचारको मुख्य विषय देशको राष्ट्रिय राजनीतिक गतिविधि र घट्नालाई बनाएको देखिन्छ । विकास निर्माण र ग्रामीण क्षेत्रको समाचार राजनीतिक समाचारको तुलनामा अति न्यून रहेको भेटिन्छ ।

"रोल्पामा माओवादीका थप १० लाश प्राप्त, सुरक्षा कर्मीतर्फ मारीनेको संख्या सात"[567] शीर्षक दिएर पहिलो पृष्ठमा मुख्य समाचार छापिएको छ । रोल्पाको भवाङमा अघिल्लो साता सेना र माओवादी छापामारबीच भएको भीडन्तको विषयमा फलोअप न्यूजलाई नै यस अङ्कमा

---

[564] ***ऐजन,*** १५ वैशाख २०६०, पृ. १ ।

[565] ***ऐजन,*** २० वैशाख २०६०, पृ. १ ।

[566] ***ऐजन,*** २५ वैशाख २०६०, पृ. १ ।

[567] ***कान्तिपुर*** दैनिक, २ असोज २०६०, पृ. १ ।

पनि प्राथमिक्ता दिएर छापेको भेटिन्छ । यसै समाचारको बक्समा नेपाल रेडक्रसको एम्बुलेन्स जलाएको घट्नालाई छापिएको छ ।

यस्तै अर्को बक्स न्यूजमा विरगन्जमा माओवादी धरापमा परेर एकै परिवारको तीन सर्वसाधारणको मृत्यु भएको समाचार छापिएको छ । पेज ३ मा माओवादीले आवाहान गरेको नेपाल बन्दको समाचारलाई महत्त्वकासाथ आधा पेज स्थान दिएर छापेको देखिन्छ भने सोही पेजमा पत्रकार ज्ञानेन्द्र खड्कालाई हत्या गरेको माओवादीले स्वीकार गरेको भन्ने समाचार छापिएको छ ।

"२९ माओवादी र ४ सुरक्षाकर्मीको मृत्यु, तीन सर्वसाधारणको हत्या"[568] शीर्षकमा पहिलो पेजको शीर्ष भागमा मुख्य समाचार छापिएको छ । बक्समा इलामको लारुम्वामा धर्मगुरु आत्मनन्द लिङदेको काम्म्राङले बालबालिका सहित सात तिर्थयात्री अपहरण गरेको समाचार छापिएको छ ।

यस्तै "राष्ट्रसंघमा नेपालले ताजा समस्याहरूबारे ध्यानाकर्षण गर्ने, बन्द शन्तिपूर्ण जनजीवन प्रभावित, भीडन्तमा बालिका घाइते, बन्दले उपचार नपाएर मृत्यु", *छुट्टा छुट्टै* समाचार शीर्षकमा पहिलो पेजमा समाचार छापिएका छन् । माओवादीको विष्फोटमा परी घाइटे भएकी जनकपुरकी ९ महिने सीता शाहको फोटो पहिलो पेजमै छापिएको छ भने शीर्षस्थानमा नेपालका लागि नवनियूक्त चिनिया राजदुत सुन हेपिङ र राजा ज्ञानेन्द्रको शिष्टाचार भेटको अवसरको फोटो महत्वकासाथ छापिएको छ ।

"पुरानो सत्ता, नयाँ सत्ता ?"[569] शीर्षकमा वात्स्यायन्को कार्टुन शीर्ष स्थानमा छापिएको छ । कार्टुनमा पुरानो सत्ताले पत्रकारको आँखामा पट्टी बाँधेर हत्कडी लगाएर कस्टडी लैजादै गरेको दृश्य छ भने नयाँ सत्ता ? (माओवादी) ले पत्रकारलाई पोलमा बाँधेर टाउको छिनाए पछि छापामार फिर्दै गरेको देखाइएको छ भने पत्रकारको टाउको विनाको लास पोलमै घस्रिएको अवस्थालाई देखाइएको छ ।

यस्तै "कांग्रेस र एमालेले आन्दोलन तुहाए, स्कूल क्षेत्रमा हिंसात्मक गतिविधि नगर्न युनिसेफको आग्रह, एम्बुलेन्स नपाउँदा गर्भवतीको मृत्यू, भीडनतहरूमा पाँच माओवादी र दुई सुरक्षाकर्मीको मृत्यु", आदि शीर्षकमा समाचार छापिएको छन् भने दुई छुट्टा-छुट्टै बक्समा क्रमशः राजपरिषद सदस्य गंगाप्रसाद सुवेदीलाई माओवादीले हत्या गरेको घट्ना र सर्लाहीमा गाउँलेद्वारा दुई माओवादीलाई मारीएको घट्नालाई समाचार बनाएको देखिन्छ ।

---

568 ***ऐजन,*** ३ असोज २०६०, पृ. १ ।

569 ***ऐजन,*** ४ असोज २०६०, पृ. १ ।

यो अङ्कको पहिलो पेजको एङकरमा फ्रान्सेली अपराधी चार्लस शोभराजलाई प्रहरीले पक्राउ गरेको समाचार बाहेक सबै समसामयिक राजनीतिक विषयकै समाचार छापिएको पाइन्छ । यस्तै पृष्ठ २ को अधिकांश समाचार नेकपा माओवादी गतिविधिसँग सम्बन्धित देखिन्छ ।

“माओवादीद्वारा रोल्पा सदरमुकाममा नाकावन्दी”[570] शीर्षकमा पहिलो पेजमा समाचार छापिएको छ । माओवादीले रोल्पाको सदरमुकाम लिवाङमा असोज ७ बाट नाकाबन्दी गरेको घट्नालाई प्रमुखताका साथ समाचार बनाइएको छ । यस्तै प्रहरी र राजनीतिक कार्यकर्ताको माओवादीद्वारा हत्या गरीएको घट्ना सर्वसाधारण तथा शिक्षक परिवार नै घर गाउँबाट विस्थापित हुन परेको अवस्थाको बारेमा समाचारा बनाइएको छ । यसरी कान्तिपुरले असोज ५ देखि ९ गते सम्म यीनै घट्नालाई प्राथमिक्तामा राखेर समाचार संप्रेषण गरेको देखिन्छ ।

“भीडन्त र आक्रमणहरूमा नौ माओवादी र दुई सुरक्षाकर्मीको मृत्यु”[571] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा प्रमुख समाचार छापिएको छ । यसै समाचारलाई जोडेर देशको राजधानी काठमाडौंमा पनि सूरक्षकर्मी र राजनीतिक कार्यकर्ताको माओवादीद्वारा हत्या भइरहेको घट्ना उल्लेख गरिएको छ । पहिलो पेजकै शीर्ष स्थानमा भक्तपुरमा हत्या गरिएका राष्ट्रिय अनुसंधान विभागका प्रहरी हबल्दार हरिकृष्ण सिंख्वालकी आमाको र आफन्तको कारुणिक अवस्थाको फोटो छापेको देखिन्छ । पृष्ठ ३ र ५ मा अधिकांश समाचार माओवादी गतिविधिसँग सम्बन्धित रहेको पाइन्छ । यस्तै दृष्टिकोण पेजको टिकाराम भट्टराइको लेख पनि दशैं र युद्धविरामको विषयमा विश्लेषण केन्द्रित भएको देखिन्छ ।

“महत्त्वपूर्ण सफलता हाल लागेको छ : सेना, माओवादीद्वारा प्युठानमा १७ जनाको अपहरण, थप तेह्र नगरप्रमुख र उपप्रमुखको घोषण, आत्समर्पण गर्ने माओवादीलाई पुनस्थापना केन्द्रमा राखिने”[572] आदि प्रथम पृष्ठमा छापिएका समाचार शीर्षकहरू हुन् । यी सबै शीर्षकमा राजनीतिक घट्नाका समाचारले महत्त्व पाएको छ । माओवादी विरुद्ध शाही नेपाली सेनाको कार्वाही पछि माओवादी कमजोड बन्दै गएको र सेनाले महत्त्वपूर्ण उपलब्धी प्राप्त गरेको भन्ने सेना प्रवक्ता दिपक गुरुङको भनाइलाई महत्वका साथ समाचार स्रोत मानिएको छ भने प्रवक्ता गुरुङको तस्वीर समेत छापिएको छ । प्रथम पेजको शीर्ष भागमा युवराज पारसको फोटो समेत छापेको देखिन्छ ।

---

570 ***ऐजन***, ९ असोज २०६०, पृ. १ ।

571 ***ऐजन***, १२ असोज २०६०, पृ. ३ र ५ ।

572 ***ऐजन***, १५ असोज २०६०, पृ. १ ।

"सरकार चाँडै चुनाव गराउनेतर्फ उन्मुख"[573] शीर्षक दिएर गुणराज लुइटेलको वाइलाइन न्यूज मुख्य रमाचारको रूपमा छापिएको छ । *"... विजय दशमीको उपलक्षयमा श्री ५ बाट वक्सेको शन्देशमा देशलाई यस असहज परिस्थितिबाट पार लगाएर जनप्रतिनिधिमूलक शासन व्यवस्थालाई छिटो कृयाशिल तुल्याउँन, गरिएको आग्रहले यहि संकेत गरेको छ"* भनिएको छ ।

यस्तै श्री ५ ज्ञानेन्द्र र प्रधानमन्त्री सूर्यबहादुर थापाले दसैको अवसरमा जारी गरेको शुभकामना वक्तव्यलाई महत्त्वकासाथ समाचार बनाइएको छ भने ओखलढुंगाको विद्युत गृहमा माओवादीले विस्फोट गराइदा पुगेको क्षतिको बारेमा समाचार बनाएको देखिन्छ ।

"कांग्रेसको चियापानमा एमालेसहित सहयोद्धाद्वारा बहिष्कार"[574] मुख्य शीर्षक दिएर प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । दसैका अवसरमा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आयोजना गरेको चियापान समारोहमा तत्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापाको उपस्थिति हुने भएकाले आन्दोलनका सहयात्री दल एमाले लगायतले बहिष्कार गर्ने निर्णयलाई महत्त्व दिएको छ । यसै समाचारमा भारतीय दुतावास र चिनिया दुतावसद्वारा आयोजित जलपान कार्यक्रमलाई समेत यी दलले वहिष्कार गरेको विषयलाई वक्स न्यूज बनाएको देखिन्छ । प्रथम पृष्ठको शीर्षभागमा प्रधानमन्त्री सूर्यबहादुर थापा र कांग्रेका सभापति कोइरालाको फोटोलाई महत्त्वका साथ छापेको देखिन्छ । यसरी कान्तिपुरको यो महिनाभरिको समाचारको मुख्य विषय माओवादी र सेना भिडन्तको घट्नालाई बनाएको देखिन्छ भने दोश्रो प्राथमिक्तामा सरकार र राजनीतिक दलबीचको आन्दोलनलाई बनाएको छ । विकास निर्माणका समाचारले महत्त्व पाएको छैन, निर्माणको सट्टा विनासको समाचारले प्रमुखता पाएको देखिन्छ ।

"माओवादीद्वारा पीडित संघका अध्यक्षको हत्या"[575] शीर्षकमा जितेन्द्र शाहको वाइलाइन न्यूज प्रथम पृष्ठमा मुख्य समाचार छापिएको छ । राजनीतिक व्यक्तिको सफाया नगर्ने भन्ने माओवादीको घोसित नीति विपरित पीडित संघका अध्यक्ष गणेश चिलुवालको माओवादीद्वारा हत्या गरिएको विषयमा समाचार लेखिएको छ । समाचारको साथै मृतक चिलुवालको फोटो छापिएको छ । पत्रिकाको शीर्षस्थानमा शैनिक पोसाकमा सजिएका राजा ज्ञानेन्द्रले सुदूर पश्चिमाञ्चल क्षेत्रमा रुकुमको सल्लेमा जनतालाई दिएको दर्शन भेटको दृश्य छापेको छ ।

"श्री ५ बाट माओवादी प्रभावित जिल्लाहरूमा अभिनन्दन ग्रहण, राजाको समर्थनमा जुलुश, चार सय महिला अपहरित, कालिकोटमा सुरक्षा अपरेशन, बसमा गोली चलाउँदा

---

573 ***ऐजन***, २१ असोज २०६०, पृ. १ ।

574 ***ऐजन***, २३ असोज २०६०, पृ. १ ।

575 ***ऐजन***, ४ फागुन २०६०, पृ. १ ।

बालिकासहित दुईको मृत्यु" प्रथम पृष्ठमा छापिएका समाचार शीर्षकहरू हुन् । यी सबै शीर्षकमा शीर्षक अनुसारको राजनीतिक समाचार छापिएको छ । पृष्ठ ७ मा राजा ज्ञानेन्द्रको भिन्न पोजको दुईवटा फोटो सहित *"राजाको भाषामा आएको अन्तर"* शीर्षकको गोपाल खनालको लेख छापेको देखिन्छ ।

"माओवादीद्वारा पूर्वसांसदको हत्या"[576] शीर्षक दिएर नारायण शर्माको रिपोर्टलाई वाइलाइन् न्यूज वनाएको देखिन्छ । माओवादीका अध्यक्षले २०६० पुस १७ गते जारी गरेको विज्ञप्तिको विरुद्धमा सांसदको हत्या भएको समाचार उल्लेख छ ।

> ... माओवादी ससस्त्र युद्धको क्रममा मारिने फौजदार तेश्रो पूर्व सांसद हुन् । यस अघि माओवादीले सुदुरपश्चिम कैलालीका पूर्व सांसद चक्रबहादुर चौधरीको हत्या गरेका थिए भने गत महिना पूर्व सांसद हेमनारायण यादवको रहस्यमय ढंगले हत्या भएको थियो - भनिएको छ ।

प्रथम पृष्ठकै शीर्षस्थानमा डोल्पाको दुनैमा राजा रानीले अभिनन्दन ग्रहण गर्दैरहेको फोटो छापिएको छ ।

यस्तै अन्य समाचार शीर्षकहरूमा "कालिकोटमा पाँच दर्जन माओवादी मारिएको सुरक्षास्रोतको दावी, विष्फोटमा एकै घरका ३ वच्चा परे, क्याम्पसमा विष्फोटन, अपहरित बालक छुटाउँन एक करोड, जनमत जुटाउन एमाले महासचिव युरोपतिर, माओवादीद्वारा चिलुवान हत्या स्वीकार" आदि रहेको देखिन्छ ।

"शिवरात्रिमा पैसा उठाइरहेकामाथि सूरक्षाकर्मीद्वारा गोली प्रहार"[577] मुख्य शीर्षक दिएर मुख्य समाचार छापिएको छ । शिवरात्रीको अवसरमा मुग्लिन नारायणगढ खण्डमा सवारीसँग ति युवाले पैसा उठाइरहेका माथि सेनाले माओवादी ठानी गोली प्रहार गर्दा एकै घरका तीन युवाको मृत्यु भएको विषयलाई पत्रकार प्रभाकर घिमिरेले समाचारमा उल्लेख गरेको पाइन्छ । यस्तै राजा ज्ञानेन्द्रले प्रजातन्त्र दिवसको अवसरमा दिनुभएको सन्देशलाई राजाको फोटोसहित समाचार बनाइएको छ । बक्समा धनकुटामा पूजा पाठ गर्दै गरेको वेलहारा निवासी ७० वर्षीय गंगाप्रसाद जोशीलाई माओवादीले गोली प्रहार गरी हत्या गरेको घटनालाई छापिएको छ । कानितपुरले आफ्नो प्रकाशनका एघारौं वर्षगाठको अवसरमा पूर्वाञ्चल संस्करण विराटनगर प्रकाशन गर्ने लगायतको विषयमा पहिलो पेजको शीर्षक भागमा प्रकाशकीय छापेको छ ।

> देशमा प्रजातान्त्रिक प्रकृयाको पुर्नवहाली र मानव अधिकारको रक्षाप्रति हाम्रा प्रकाशनहरूले लिएका सम्पादकीय अडान उल्लेखनीय छन् । देशमा हिंसा र द्वन्द्व फैलिरहेका बेला पनि जिल्ला-जिल्लामा सहकर्मी पत्रकारहरूले पेशाप्रतिको

[576] ***ऐजन***, ६ फागुन २०६०, पृ. १ ।

[577] ***ऐजन***, ७ फागुन २०६०, पृ. १ ।

कर्तव्यमा सजग भई विभिन्न जोखिमपूर्ण समाचार संकलन गरिरहेको विदिछै छ भनिएको छ ।

प्रकाशकको यो भनाइबाट पनि समाचारको केन्द्र या आकर्षण द्वन्द्व र द्वन्द्वजन्य राजनीति रहेको बुझिन्छ । समाचारले हिसांजन्य विषयलाई मुख्य विषय ठानेर पाठक खोज्ने पक्ष रहेको छ भने ध्वङ्सात्मक समाचार पड्ने बानी नरेका नेपाली अखवारका पाठकलाई त्यस्तै समाचार दिएर मात्र आफ्नो बजार सुरक्षित हुने अपेक्षा प्रकाशकको रहेको आसय प्रष्टिन्छ ।

"राजाको कृयाकलापले दरबार हत्याकाण्ड रहस्यतर्फ कोइराला"[578] शीर्षक दिएर खुमानसिंह तामाङको वाइलाइन् रिपोर्टलाई मुख्य समाचार बनाइएको छ । कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको अभिव्यक्तिलाई नै मूल विषय बनाइएको छ । समाचारको साथमा कोइरालाको फोटो छापेको देखिन्छ । यस्तै पत्रिकाको शीर्षस्थानमा प्रतिगमन विरोधी पाँच राजनीतिक दलले काठमाडौंमा निकालेको विरोध जुलुसको फोटो छापिएको छ भने प्रधानमन्त्री सूर्यबहादुर थापाले निर्वाचनको गृहकार्य सुरु सरकारले गरेको भन्ने अभिव्यक्तिलाई पनि महत्व दिएर समाचार छापिएको देखिन्छ । यस्तै पृष्ठ २, ३, ४ र ५ मा छापिएका अधिकांश समाचार माओवादी गतिविधिसँग सम्बन्धित रहेको देखिन्छ ।

"आन्दोलनको नयाँ कार्यक्रम घोषणा, पूर्वजनप्रतिनिधिको राष्ट्रिय भेला आवाहान"[579] शीर्षक दिएर प्रमुख समाचार छापिएको छ । आन्दोलनरत पाँच राजनीतिक दलहरूले प्रतिगमन विरोधी आन्दोलालाई नयाँ उचाईमा पुऱ्याउँन २०४७ पछि निर्वाचित सांसद, जिविस सभापति, उपसभापति लगायत नगरका मेयर उपमेयरको राष्ट्रिय भेला बोलाउने निर्णलाई महत्व दिएर मुख्य समाचार बनाएको देखिन्छ । यस्तै सेनाको बन्दुक पड्किदा तेह्रथुम म्याङलुङका २३ वर्षीय चन्द्र बाँस्कोटाको मृत्यु भएको, अछाममा माओवादीले २ सय ८६ जना विधार्थीलाई नजरवन्दमा राखेको, बाँकेमा सेनाको कार्वाहीमा सात माओवादी मारिएको आदि घटनालाई पहिलो पेजमा समाचार बनाएको देखिन्छ ।

"कोइरालाद्वारा एकताको आवाहन"[580] शीर्षक दिएर बलराम बानिया र हर्ष सुब्बाको पुल रिपोर्टिङलाई मुख्य समाचार बनाएको देखिन्छ । विभाजित कांग्रेस एकताको आवाहान गिरिजाप्रसाद कोइरालाले गरेको त्यसको प्रतिउत्तरमा आफु एक्लैलाई एकताको निर्णय गर्ने अधिकार नभएको भन्ने देउवाको भनाइलाई नै समाचारको विषय बनाइएको छ । समाचारसँगै दुवै नेताको फोटो समान महत्वकासाथ छापिएको छ ।

---

578 ***ऐजन***, ८ फागुन २०६०, पृ. १ ।

579 ***ऐजन***, ९ फागुन २०६०, पृ. १ ।

580 ***ऐजन***, १६ फागुन २०६०, पृ. १ ।

पत्रिकाको शीर्ष स्थामा स्ववियू निर्वाचन बहुमत पाए पछि काठमाडौंमा एमाले निकट अनेरास्ववियूले निकालेको विजय ऱ्यालीको फोटो छापिएको छ । यस्तै माओवादी त्यागेर सामान्य जीवन विताइरहेकाहरूलाई ठकालटारमा ओमशान्तिद्वारा आध्यात्मिक प्रवचन दिदै गरेको अर्को फोटो छापेको भेटिन्छ ।

"स्कुलमै सैन्य प्रशिक्षण"[581] शीर्षक दिएर शीर्ष स्थानमा माओवादी छापामारको फोटो सहितको रुद्र खड्का र हरिविष्णु ओलीको पूल रिपोर्टलाई बक्स न्यूज बनाइएको छ । माओवादी जनसेनाले रुकुमको पिपल स्थित एक विद्यालयमा सैन्य प्रशिक्षण गराएको घट्नालाई समाचारमा उल्लेख गरिएको छ ।

यस्तै प्रजातान्त्रिक प्रकृया अवरोध भएकाले विदेशी सहयोग प्रभावित भएको भन्ने समाचार विश्लेषण छापिएको छ भने रौतहट निवासी राजपरिषद सदस्य शेष राजुललाई माओवादीले अपहरण गरेको घटनालाई माचार बनाइएको छ ।

"राजाबाट सरकारलाई निर्देशन"[582] शीर्षक दिएर राजाले मध्यपश्चिम भ्रमणको अवसरमा तत्कालिन सरकारले दिएको निर्देशनलाई ठूलो बक्स न्यूज बनाइएको छ । बक्स न्यूजभित्र निर्देशनको दशवटा बुँदालाई हाइलाइट गरेर छापेको देखिन्छ । समाचारको साथमा राजा ज्ञानेन्द्रको फोटो समेत छापिएको छ ।

"थप २ सुरक्षाकर्मी र ६ माओवादीका शव"[583] शीर्षक दिएर समाचार छापेको देखिन्छ । समाचारमा अघिल्लो साता माओवादीले भोजपुरको सुरक्षा क्याम्पमा आक्रमण गर्दा दुवै तर्फ भएको हताहतको विषयमा फलोअप गरिएको छ । यस्तै सर्लाहीमा माओवादी धरापमा परेर दुई सैनिकको मृत्यु भएको घटना, दुई कांग्रेसबीचको अनौपचारिक छलफल प्रसङ्ग, सरकारी सुरक्षा फौजले मारेकाहरूका परिवारले क्षतिपूर्तिको माग, देशको विभिन्न क्षेत्रमा बमविस्फोटन लगायतको विषयमा कान्तिपुरले यस अङ्कमा समाचार बनाएको देखिन्छ ।

यसरी कान्तिपुरले यस वर्ष माओवादी र सुरक्षाफौजको भिडन्तबाट घटेका घटना र माओवादी जनयुद्धको गतिविधिलाई समाचारको प्राथमिकतामा राखेको देखिन्छ भने प्रतिगमन विरोधी पाँच राजनीतिक दलको आन्दोलनलाई पनि समान स्थान दिएको पाइन्छ । साथै राजाको सन्देश र अभिनन्दनको सन्दर्भलाई पनि उत्तिकै महत्त्व दिएको देखिन्छ । विकास निर्माण र ग्रामीण क्षेत्रका अन्य समाचारले यसवर्ष अघिल्लो वर्षको तुलनामा न्यून प्राथमिकता पाएको देखिन्छ । देशका सबै सम्वाददाताले जनयुद्धसँग सम्बन्धित समाचार सङ्कलनमा बढी ध्यान

---

[581] ***ऐजन***, १८ फागुन २०६०, पृ. १ ।

[582] ***ऐजन***, १९ फागुन २०६०, पृ. १ ।

[583] ***ऐजन***, २२ फागुन २०६०, पृ. १ ।

दिएको देखिन्छ । प्रकाशकले समेत हिंसाजन्य समाचारलाई प्रथामिक्तामा राखेर प्रकाशन गरेको प्रष्टिन्छ ।

"चुनाव समयमा नै हुनु पर्छ"[584] शीर्षकमा सम्पादकीय लेख छापिएको छ । लेखमा २०५९ साल कार्तिक २७ गते हुने संसदको चुनाव निर्घारित, तिथिमा नै हुनु पार्ने धारणा राखेको देखिन्छ ।

> यति बेला सबैको ध्यान कार्तिक २७ गते संसदको चुनाव होला कि नहोला भन्नेतिर खिचिएको छ । ... उम्मेदवारहरूको अत्तो पत्तो छैन, देश गृह झगडाले तहस नहस भएको छ । महाभारतकालमा जस्तै अंशको नाममा देशको विनाश भइरहेछ । ... प्रजातान्त्रमा निर्वाचन एक अति आवश्यक काम हो । निर्वाचन नै संसदीय व्यवस्थाको आयु हो । मुटुको धड्कन हो, त्यसैले समयमा चुनाव गराउँन कुनै कुराले पनि अवरोध हुनु हुँदैन । चुनावका लागि आउने अवरोध संसदीय व्यवस्थाका पक्षपाति हामी सबै मिलेर हटाउनु पर्छ । निर्वाचन आयोगलाई वेलैमा चुनाव गराउन सबैले सहयोग गर्नु पर्छ, यो नै प्रजातन्त्रको माग हो भनि लेखिएको छ ।

यस्तै "चश्मा बनाउने काममा सिपालु भइसकेकी छिन् सावित्री शाह" लगायतका शीर्षक दिएर समाचार छापिएका छन् । अन्य समाचारहरू सधैं झैं बडी विकासका र थोरै राजनीतिक समाचार छापिएको देखिन्छ ।

"निर्वाचन आयोगले आम चुनाव छ चरणमा गराउने निर्णय गऱ्यो"[585] भन्ने शीर्षकमा निर्वाचन आयोगले आम चुनाव छ चरणमा सम्पन्न गर्ने निर्णयलाई सरल भाषामाा समाचार छापिएको छ । आम चुनावलाई प्रजातन्त्रको मुटु मानेर सबैले निर्वाचन आयोगलाई सहयोग गर्नु पर्छ भनिएको छ । य अङ्कमा गोपालप्रसाद वस्यालको "खै कहाँ छ सार्वभौमसत्ता जनतामा ?" शीर्षकको राजनीतिक लेख छापिएको छ । लेखमा अझै नेपाली जनता कानूनतः सार्वभौम भएपनि व्यवहारमा राज्यले जनतालाई सार्वभौम बनाएको छैन भन्ने दृष्टिकोण व्यक्त भएको देखिन्छ ।

यस अङ्कमा विगतमा भन्दा फरक राष्ट्रिय राजनीतिक घट्नाका विषयमा विभिन्न राजनीतिक पार्टीको आधिकारिक भनाई र जनताको प्रतिकृयालाई महत्त्व दिएर छापेको देखिन्छ । २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले चालेको शाही कदमका विषयमा यस्ता जनताको प्रतिक्रिया र पार्टी नेताको पार्टीको दृष्टिकोणलाई महत्त्वकासाथ छापेको देखिन्छ । यसले देउरालीमा राष्ट्रिय राजनीतिक घट्नाले प्रभाव पारेको देखिन्छ ।

---

[584] ***गाउँले देउराली,*** साप्ताहिक समाचार पत्र, ४ असाजे २०५९, पृ. ३, ८ ।

[585] ***ऐजन,*** १८ असोज २०५९, पृ. १३, १६ ।

"शान्तिवार्तालाई विथोल्न नहुने"[586] आवरण शीर्षक दिएर प्रमुख समाचार छापिएको छ । तत्कालिन सूचना तथा सञ्चार मन्त्री रमेशनाथ पाण्डेको भनाईलाई नै समाचार बनाएको देखिन्छ । शाही सञ्चार मन्त्री पाल्पा पुगेर पत्रकार सम्मेलन गरेका थिए । समाचारको साथमा सञ्चार मन्त्री पाण्डेको फोटो समेत आवरण तस्वीरको रूपमा महत्व दिएर छापेको देखिन्छ । यस्तै *"शान्तीवार्ताको नाममा २०४७ सालको अधिकार गुम्न भएन, कृष्ण मा.वि. को नयाँ भवनको उद्घाटन भयो"* लगायतका समाचार छापिएका छन् । यस अङ्कमा छापिएका अन्य समाचार गाउँले हालखबर र किसानका कथाहरू नै छापिएका छन् । नियमित स्तम्भ यथावत रहेका छन् ।

"सरकार माओवादीको वार्ता फागुनको अन्त्यतिर हुने, एमालेद्वारा एक महिने आन्दोको घोषणा, शहिद दिवस मनाइयो"[587] छुट्टा-छुट्टै शीर्षक दिएर राजनीतिक विषयको समाचारले यस अङ्कमा छापिएको छ । अघिल्लो महिनाको समाचारको तुलनामा यो अङ्कमा राजनीतिक समाचारले बढी स्थान पाएको देखिन्छ । माओवादी सरकारका बीचमा हुने प्रस्तावित शान्तिवार्ता र नेकपा एमालेले घोषणा गरेको एक महिने आन्दोलनको घोषणालाई समेत प्राथमिक्तामा राखेर समाचार बनाइएको छ । एमाले नेताको भनाइलाई समाचार स्रोतको रूपमा उदृत गरिएको छ । र महान शहिदहरूप्रति सम्मान गर्ने शहिद दिवस मनाएको कुरालाई समेत समाचार छापिएको छ । आवरण समाचारको रूपमा महिला अधिकारको विषय उठाइएको छ । यसरी यो अङ्कमा राजनीतिक समाचारले विगतको तुलनामा वढी नै प्राथमिक्ता पाएको देखिन्छ ।

"देउरालीलाई चियाउँदा एक दशक"[588] शीर्षकमा झपेन्द्र गैरेको लेख छापिएको छ । लेखकले गाउँले देउराली साप्ताहिको प्रकाशनको एक दशकमा कस्तो-कस्तो समाचारलाई स्थान दिएको छ र भविष्यमा के गर्न पर्छ भन्ने विषयमा समीक्षा गरिएको छ ।

> ... १० वर्षमा पुगेको देउरालीको चियो चर्चा अब आवश्यक छ । हुन त नेता, मन्त्री, हुने खानेहरू र ठूला ठालुको प्रसंसा मात्र गर्न नरुचाउँने देउरालीलाई हेर्ने आफ्नै आँखा होलान् । तर, एउटा यसै र यस्तै विचार रुचाउँने सहकर्मीका नाताले भन्नु पर्दा यसको मुल्याङ्कन इतिहासले अवश्य गर्ला नै । ... सुरुका दिनमा गाउँको कुरा लेखेर, गाउँघरका दुःख अगाडी ल्याएर पनि पत्रिका चल्ला र जस्ता कुराहरू नआएका होइनन्, तर यी सबै कुराहरूको जालो तोडेर आकर्षण दिलाउन सफल देउराली राजनीतिक विषय वस्तुलाई मात्रै आधार नबनाई शुरु भएको सिङ्गो पत्रकारीता जगतकै गुरु पनि बन्न पुगेछ र अघुवा पनि । समय यसरी वद्लियो कि अब देउराली आफ्नो उद्देश्यमा सफल छ भन्दा कसैलाई पनि नबिझ्ला भनि लेखिएको छ ।

---

586 ***ऐजन***, २ फागुन २०५९, पृ. १, १५ ।

587 ***ऐजन***, २३ फागुन २०५९, पृ. ८, १६ ।

588 ***ऐजन***, १६ वैसाख २०६०, पृ. ८ ।

पत्रकार गैरेले देउरालीको बारेमा गर्नुभएको विश्लेषण्लाई आधार मान्ने हो भने गैरराजनीतिक समाचारलाई प्रथामिक्ता दिएको र समाचारमा राजनीतिक प्रभाव नपरेको भन्ने बुझिन्छ ।

"फेरि एक पल्ट गाउँले देउराली साप्ताहिकको आफ्नै कथा व्यथा"[589] शीर्षक दिएर सम्पादकीय लेखिएको छ । सम्पादकीयमा देउराली प्रकाशनको दश वर्षको स्वमुल्याङ्कन गरेको देखिन्छ । २०४६ को परिवर्तन पछि देशमा ठूलठूला अखवारहरू छापिए पनि ति सबै अखवारले ठूलाठालु नेता, मन्त्रीका प्रसंसा छापेको, तिनकै समाचार लेखेको, भिडन्त र मृत्युको कथा छापेको तर, ग्रामिण जनताको समाचार नलेखेको भन्दै यस्तो अखबारको आम प्रवृतिभन्दा पृथक रहेर किसान मजदुर कर्मीको समाचारलाई देउराली साप्ताहिकले लेखेको छ भन्ने दावी गरिएको छ ।

सम्पादकको स्वमुल्याङ्कन र यस अवधीमा छापिएका समाचार लेख, रचना र फोटो समेतलाई अध्ययन गर्दा पनि स्वमुल्याङ्कन धेरै हदसम्म सत्यको नजिक रहेको पाइन्छ । यस अङ्कमा छापिएका अन्य समाचार मध्ये राजा ज्ञानेन्द्रले नयाँ वर्ष २०६० को उपलक्षमा देशवासीका नाममा भनि सार्वजनिक गरेको सन्देशबाहेक सबै गाउँकै समाचारले पत्रिकाको पेज भरिएको छ ।

"बम्बइमा बेचिएकी यमकुमारीको बेदनाहरू"[590] शीर्षक दिएर आवरण समाचार छापिएको छ । समाचारमा चेलीबेटी बेचविखनको शिकार भएकी यमकुमारी थापा बम्बैको कोठीमा नारकीय जीवन विताएर उद्धार भएको घट्नालाई उल्लेख गरेको देखिन्छ । थापा जस्तै सैंयौ नेपाली चेलीहरू वेचिनु परेको तथ्यलाई समाचारले विश्लेषण गरेको देखिन्छ । समाचारको साथमा यमकुमारी र अन्य पीडित महिलाको फोटो आवरण तस्विरको रूपमा छापिएको छ ।

"नेपालको पुङ्को प्रजातन्त्र जो फेरि खुत्रुके भित्र खसेको छ" शीर्षकको निलकण्ठ न्यौपानेको राजनीतिक लेख छापिएको छ । न्यौपानेको लेखमा नेपालको वर्तमान प्रजातन्त्र संकटग्रष्ट बनेको होइन, हाम्रै नेताहरूको व्यवहारले बनाइएको छ भन्ने तर्क सारेको देखिन्छ । न्यौपानेकै शब्दमा नेपालको प्रजातन्त्र *... हाम्रो प्रजातन्त्र देशका टाठाबाठा, धनिमानी वसीखानेहरूको कमाइखाने भाँडो भएको छ ।* यसरी देउरालीको यस अङ्कमा छापिएका समाचार सामग्री मध्ये न्यौपानेको लेख बाहेक अन्य समाचार ग्रामिण जनजीवनसँगै सम्बन्धित रहेको देखिन्छ ।

[589] ***ऐजन***, ४ वैसाख २०६०, पृ. ३, १९ ।

[590] ***ऐजन***, १९ मंसिर २०६०, पृ. १, ७ ।

"पाल्पामा राजारानीको अभिनन्दनको तयारी" [591] शीर्षक दिएर आवरण पृष्ठमा मुख्य समाचार छापिएको छ । समाचारको साथमा राजा ज्ञानेन्द्र र रानी कोमलको फोटोलाई महत्व दिएर छापिएको छ । पाल्पामा राजारानीको सवारी हुने र सो अवसरमा अभिनन्दन गर्न विभिन्न समिति बनेको विषयलाई नै समारले उल्लेख गरेको पाइन्छ । यसको अतिरिक्त *"चैत्र १९ गतेदेखि काठमाडौंमा प्रतिगमनविरोध विशेष कार्यक्रम"* शीर्षक दिएर तत्कालिन प्रतिगमनको विरोधमा एक भएका पाँच राजनीतिक पार्टीको आन्दोलनको कार्यक्रमलाई महत्वका साथ समाचारमा छापिएको छ । देउरालीको यस अङ्कमा राजा ज्ञानेन्द्रको अभिनन्दनको समाचार र राजाको प्रतिगमनको विरोधमा पाँच पार्टीले तय गरेको विरोधको कार्यक्रमलाई समान्ने प्राथमिक्तामा राखेर समाचार छापेको देखिन्छ ।

"स्ववियू चुनावमा अनेरास्ववियू र नेविसंघको सानदार जीतले प्रजातन्त्रको झण्डालाई माथि उठाएको छ" [592] शीर्षक दिएर स्ववियू निर्वाचनको परिणाम सम्बन्धी समाचारलाई प्रमुखताका साथ छापिएको छ । यस पल्टको स्ववियू चुनावा प्रजातन्त्रका हिमायति विद्यार्थी संगठन अनेरास्ववियू र नेविसंघको सानदार जीतले प्रजातन्त्रको झण्डालाई माथि उठाएको र प्रतिगमन पक्षधरलाई झुकाएको भन्ने निश्कर्ष समेत निकालेको देखिन्छ । यसैको वक्समा पाल्पा जिविसमा मनोनित सभापति दुलबहादुर कुवरलाई राजिनामा दिन माओवादीले दिएको निर्देशनलाई छापिएको छ । यसरी यो अङ्कमा भने समसामायिक राजनीतिक विषयलाई अलिक वढी समाचारमा प्राथमिक्ता दिएको पाइन्छ ।

"पाल्पामा राजदम्पतिको अभिनन्दन" [593] शीर्षक दिएर पहिलो पृष्ठमा व्यानर न्यूज छापिएको छ । समाचारले चैत्र २४ गते पाल्पाको सदरमुकाम तानसेनमा राजदम्पतिको अभिनन्दनको विषयलाई महत्त्व दिएर समाचार बनाएको देखिन्छ । समाचारको साथमा अघिल्लो अङ्कमा छापिएको फोटोलाई नै निरन्तरता दिएको देखिन्छ । मौसुफले शान्तिको प्रतिक परेवा जोडी उडाएको विषयलाई समेत उल्लेख गरेको देखिन्छ । देउरालीको यस अङ्कमा देशमा जारी माओवादी युद्ध र प्रतिगमनका कारण जनजीवन कष्टकर बन्दै गएको, सैयौं मान्छे अनाहकमा मार्ने मर्ने गरेको, विकासका पूर्वाधारहरू तहसनहस बन्दै गएको तर समस्या समाधानका लागि राज्य सम्वेदनशिल बन्न नसकेको भन्ने विश्लेषण गरेको देखिन्छ ।

*"... सर्वदलीय सरकार बनाएर संविधानलाई लिकमा नल्याउँदा सम्म र माओवादी समस्या समाधान नगर्दासम्म देशमा चुनाव हुने स्थिति छैन"* भनिएको छ । अन्य समाचार भने

---

591 ***ऐजन***, ६ चैत्र २०६०, पृ. १, १३ ।

592 ***ऐजन***, १३ वैसाख २०६०, पृ. ११ ।

593 ***ऐजन***, २० वैसाख २०६०, पृ. १ ।

सधैंको जस्तो ग्रामिण जनजीवनसँग सरोकार राख्ने खालको देखिन्छ । चित्रकथा र नानीहरूको सामग्रीलाई निरन्तरता दिएको देखिन्छ ।

यसरी गाउँले देउराली साप्ताहिकले ९ वर्षको अवधीमा सुरुको आफ्नो अडान र लक्षमा इमान्दार बन्ने प्रयास गरेका देखिन्छ । प्रतिगमनको समाचार र माओवादीको समाचारलाई अति नै न्यून स्थान दिए पनि पछिल्लो समयमा प्रतिगमन विरोध आन्दोलनमा उत्रीएका पाँच राजनीतिक दलको आन्दोलनका समाचारलाई भने केही वढी महत्त्व दिएर छापिएका छन् । यसले गैर राजनीतिक या विकास पत्रकारितामा पनि राजनीतिक प्रभाव पर्ने रहेछ भन्ने सत्य स्थापित गरेको देखिन्छ । प्रतिगमनले नेपालको लोकतन्त्र कमजोड बन्दै गएको तात्कालिन अवस्थामा हिंसाजन्य घटनाका विवरणलाई समाचार नबनाए पनि प्रजातन्त्रका पक्षघर राजनीतिक दलहरूले सामुहिक रूपमा सञ्चालन गरेको आन्दोलनको समाचार भने देउराली साप्ताहिकले महत्त्वकासाथ छापेको देखिन्छ ।

## ६.२.३ समाचारमा विवादका विषयहरू

यस अवधिमा प्रकाशित नेपाली छापाका समाचारमा विवादका मुख्य विषयहरू यस प्रकार रहेको देखिन्छ ।

(१) नेपालमा सङ्कटकालको घोषणा तथा सोको कार्यन्यवन हुनु,

(२) आतङ्ककारी तथा विध्वङ्सात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लागु गर्नु,

(३) आतङ्ककारी तथा विध्वङ्सात्मक ऐनको समर्थन र विरोधमा राजनीतिक दलहरू विभाजित हुनु,

(४) सङ्कटकालको समाप्तिसँगै राजाको प्रतिगमन प्रारम्भ हुनु,

(५) प्रतिगमनको विरुद्धमा पाँच संसदवादी दलको मोर्चा बन्नु, मोर्चाको समर्थनमा नेपाली छापा कृयाशिल हुनु,

(६) नेकपा माओवादीको राजनीतिक गतिविधिले तिव्रता पाउँनु,

(७) ध्वङ्सात्मक प्रकृतिको समाचार पढ्ने रुची पाठकमा बृद्धि हुनु,

(८) छापागृहले ध्वङ्सात्मक समाचारको व्यापार गर्नु

(९) प्रतिगमनको विरोध र पाँचदलको समर्थनमा छापा स्वयम् आन्दोलित हुनु

(१०) छापाले अधिकारको कुरामात्र बढाउँनु, कर्तव्यलाई विर्सिनु र

(११) छापामा आर्थिक परिनिर्भरता कायम रहनु आदि यस अवधीमा देखिएका राजनीतिक विवादका विषयहरू हुन् ।

### ६.२.४ निष्कर्ष

नौं महिने सङ्कटकाल (२०५८ मंसिर ११ देखि २०५९ भदौ १२) मा नेपालको छापामा सरकारको राजनीतिक हस्तक्षेप भएको देखिन्छ । ने.क.पा माओवादीलाई आङ्ककारी घोषणा गरी जनधनको सूरक्षा र शान्ति बहालीका लागि सङ्कटकालको घोषणा सँगै नागरिकको संविधान प्रदन्त सूचनाको हक समेत कुन्ठित भयो । आतङ्ककारी तथा विध्वङसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ जारी भए पछि छापामा राज्यको कडा निगरानी सुरु भयो । संविधानले व्यवस्था गरेको सूचनाको हक तथा छापाको समाचार स्वतन्त्रता निलम्बित भयो । यही अध्यादेशलाई २०५८ साल चैत्र २६ गते सामान्य संसोधन सहित संसदले पास गरेर कानूनको निर्माण गऱ्यो । संविधानको आत्मरक्षाको लागि सरकारले सङ्कटकाल लागु गर्न सक्ने भए तापनि उक्त कानूनले संविधानको मर्म र भावनाको विरुद्ध काम भएको देखिन्छ ।

प्रथम चरणको तीन महिने सङ्कटकाल लाउँने विषयमा संसदवादी सबै राजनीतिक दलको समर्थन रहेको देखिन्छ । स्वयम् नेपाली प्रेसको अधिकारिक संस्था नेपाल पत्रकार महासंघमले समेत जति सक्दो छिटो सङ्कटकालको अन्त्य सरकारले गर्नु पर्छ मात्र भनेको देखिन्छ । सङ्कटकालको सुरुसँगै नेपालको प्रेस पहिलो शिकार भएको देखिन्छ । माओवादीलाई सघाएको नाममा केही छापा सरकारले बन्द गऱ्यो । सरकारलाई सघाएको र आफ्नो पार्टीको सुराकी गरेको आरोपमा माओवादीले पनि छापामा निगरानी राख्ने काम गरे । दुवै पक्षबाट सञ्चारकर्मीलाई धरकपड गर्ने, धम्क्याउँने, गैर कानूनी गिरप्तार गर्ने देखि ज्यानै लिने सम्मको घट्नाहरू घटाए ।

प्रथम चरणको छ महिने सङ्कटकाल सकिएपछि पुनः सङ्कटकाल नलम्याउँने विषयमा प्रतिपक्षी राजनीतिक दलहरू प्रेसजगत र नागरिक समाजको मात्र नभई स्वयम् सत्तारुढ पार्टी नेपाली काङ्ग्रेसको संस्थापन पक्षसमेत सहमत भए । तर, तत्कालिन प्रधानमंत्री शेरबहादुर देउवाले संसदको विगठन गरी पुनः सङ्कटकालको घोषणा गर्न पुगे । यस घोषणाले नेपालीहरू आतङ्कित र असुरक्षित बन्न पुगे भने प्रेस स्वतन्त्रता खुम्चियो । यसको विरोधमा सिङ्गो नेपाली प्रेसजगत आन्दोलित बन्यो । प्रेस स्वतन्त्रताको रक्षाको नाममा छापाले पनि सरकारको आदेश उलंघन गर्न थाल्यो भने आदेश उलंघनको नाममा छापाहरू सरकारी कार्वाहीको निशाना बन्यो । यस अबधिमा भने सत्तारुढ काङ्ग्रेसको देउवा खेमा बाहेकका राजनीतिक दल र नागरिक समाजको तर्फबाट प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाए । नागरिकका मौलिक हक अधिकारको बहालीको पक्षमा उभिए । माओवादीको तर्फबाट पनि प्रेस माथिको आक्रमण र हस्तक्षेपमा कुनै कमी आएन । देशको राजनीतिक स्थिति यो ढंगबाट अघि बढे पछि छापाहरू मर्यादित, अनुसासित र कानूनी रूपमा क्रियाशिल हुन सकेन । राजनीतिक दलले प्रेसको पक्षमा

वकालत गर्ने र प्रेसले पनि दलको आडभरोसा लिनु पर्ने अवस्थाको कारण सङ्कटकालमा सबैभन्दा बढी नेपालको छापामा राजनीतिक प्रभाव पर्‍यो । पत्र-पत्रिकाहरू बन्द भए । छापाखाना बन्द भयो । सञ्चारकर्मी बेपत्ता पारिए । धेरैले ज्यान गुमाए, गैरकानूनी थुनामा बस्न बाध्य भए भने कति सञ्चारकर्मी पेसा छाड्न बाध्य भए । अन्तराष्ट्रिय प्रेसजगत र मानवअधिकारवादी संघ संस्थाको मूल्याङ्कनमा समेत २०५९ सालमा विश्वमै बढी प्रेस स्वतन्त्रताको हनन् हुने देश नेपाल बन्यो । यी सबै करणबाट सङ्कटकालमा नेपाली छापामा अघिल्लो अबधिमा भन्दा बढी राजनीतिक प्रभाव रहेको प्रष्ट हुन्छ । सङ्कटकाल नेपाली छापा स्वतन्त्रताका लागि अभिषाप भएको देखिन्छ ।

नौं महिने सङ्कटकाल सकिएपछि नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेको नागरिकको सूचनाको हक तथा प्रेसको स्वतन्त्रता स्वतः पुनरवहाली भएको ठानियो । सिद्धान्तः सहि हो । तर व्यवहारमा सङ्कटकालका व्यवहार राज्य र माओवादीको तर्फबाट कायमै राखेको पाइयो । संविधानले व्यवस्था गरे अनुरूपको सूचनाको हक उपभोग गर्न नेपालका सञ्चारकर्मीहरू क्रियाशिल भए । आफ्ना छापामार्फत जनतालाई सहि सूचना संप्रेसण गर्न क्रियाशिल हुन थाले ।

तर, सङ्कटकालको समाप्तिसँगै राजाको प्रतिगमन सुरु भयो । संसदवादी राजनीतिक दलहरू प्रतिगमनका विरुद्धमा उत्रियो भने नेकपा माओवादीले ससस्त्र युद्धलाई निरन्तरता दियो । यस अवधिमा एकातिर राजाको प्रतिगमनको शिकार नेपालको छापा बन्यो भने नेकपा माओवादीले पनि आफ्नो विगतको व्यवहारमा सूधार ल्याएन । यसै अवधिमा पत्रकार ज्ञानेन्द्र खड्कालाई माओवादीले हत्या गरे । पत्रकार हत्याको विरोधमा नेपालका सिङ्गो सञ्चार क्षेत्र आन्दोलनमा उत्रियो र त्यो स्वाभाविक पनि थियो । यस अवधिमा पाँच संसदवादी राजनीतिक दल प्रेसको समर्थक बने भने नेपाली प्रेसले पनि यी नै संसदवादी राजनीतिक दलको आड भरोसा लिए । यस कारणले पनि संसदवादी राजनीतिक दलको राजनीतिक विचार तथा गतिविधिले छापामा सर्वाधिक महत्त्व पायो । छापाले स्फुर्त रूपमा संसदवादी राजनीतिक दलको राजनीतिक विचार र गतिविधिलाई ग्रहण गर्‍यो ।

यसै अवधिमा शेरबहादुर देउवालाई राजा ज्ञानेन्द्रले असक्षम घोषणा गरी निस्कासन गरिदिए । देउवाको ठाउँमा लोकेन्द्र बहादुर चन्दलाई प्रधानमन्त्री बनाए । चन्द सरकार समेत नेपाली प्रेस प्रति इमान्दार बन्न नसकेको, प्रेसको स्वतन्त्रतालाई कुन्ठित गरेको लगायतको विषयमा सञ्चारकर्मी आन्दोलित भए । विभिन्न आन्दोलन सञ्चालन गरे । माओवादीलाई दमन गर्ने नाममा सञ्चारकर्मी र छापालाई चन्द सरकारले निसाना बनाए पछि सरकारको विरोधमा नेपाली प्रेस खनियो । छापामा छापिएको समाचारको निसाना प्रतिगमनको विरुमा केन्दित बन्यो ।

यसै अवधिमा सरकार र माओवादी बीच पाँचौं चरणको वार्त सम्पन्न भए पनि शान्तिप्रक्रिया बहाल हुन सकेन । वार्ताको विषयमा नेपाली छापाले सरकार र माओवादीको विचारलाई न्यून प्राथमित्ता दिए भने पाँच राजनीतिक दलको विचारलाई महत्त्व दिएर समाचार सामग्री प्रकाशन गरेको देखिन्छ । वार्ता भङ्ग गरी माओवादी पुन युद्धमा फर्किए पछि फेरि नेपालका छापाले माओवादीको गतिविधिलाई महत्त्व दिएर प्रकाशन गेको देखिन्छ । यसको मुख्य कारण माओवादीको हतियार बन्द राजनीति एउटा हो भने नाफा मुखी मानसित्ता अर्को कारण हो ।

यस किसिमको देशको राष्ट्रिय राजनीति भएको बेला नेपालका छापाले पनि निश्पक्ष भूमिका खेल्न सकेको छैन । संसदवादी राजनीतिलाई सघाएको छ । दृष्टि, विमर्श, हिमालले राजनीतिक विषयलाई नै महत्त्व दिएका छन् । **पत्रकारीता**को समाचार विषय पनि व्यवसायिक बन्न सकेन, राजनीतिक घट्ना परि घट्नाको विश्लेषण म्यागेजिन भ्कैं देखियो । अपवादको रूपमा राजनीतिबाट पृथक देखिएको गाउँले देउरालीमा समेत प्रतिगमन विरोधि भावना प्रष्टियो । संसदवादी राजनीतिको पक्षधरता भएको देखिन्छ । समग्रमा यस अवधिमा नेपाली छापा संसदवादी राजनीतिक विचारको समर्थक र प्रतिगमनको विरोधी देखियो भने माओवादी प्रति बजार मुखी दृष्टिले नजिक गरेको देखिन्छ । गोरखापत्र सरकारको प्रसस्ती छाप्ने विगतको संस्कारबाट मुक्त हुन सकेन र त्यो सम्भव पनि थिएन । छापाले विचारमा पक्षधरता लिने विषय ठिक हुन सक्दछ, लिन पाउँछ तर समाचारमा पक्षधरता लिन मिल्दैन । यो प्रेसको अन्तराष्ट्रिय मान्यता हो, तर यस अवधिमा नेपालको छापाले समाचारमा खुलेर पक्षधरता लिएको प्रष्ट देखिन्छ ।

नौं महिने सङ्कटकाल सकिएपछि सिद्धान्ततः सङ्कटकालिन् कानूनी प्रावधानहरू निस्कृय भए । र, नेपाल अधिराज्यको संविधान २०४७ अनुसार वाक तथा प्रकाशन स्वतन्त्रता स्वतः पुनरवहाली भएको ठानियो । सङ्कटकालको समाप्ति साथसाथै नागरिकका निलम्बित मौलिक हकहरू पुनस्थापित भए । र, सहजकालको उपयोग गर्न नेपाली प्रेसजगत् क्रियाशिल भएको पाइन्छ ।

सरकारद्वारा घोषित नौ महिने सङ्कटकाल सकिए पनि जारी माओवादी सशस्त्र जनयुद्धको गतिमा कुनै कमी आएको थिएन । सरकारी सेना र माओवादी छापामारको बीचमा भिडन्त कायमै थियो, नागरिकले शान्तिको महसूस गर्न सकेका थिएनन् । मर्ने मार्नेक्रम कायमै रह्यो । सरकार र विद्रोही नेकपा माओवादीका बीचमा विश्वासको वातावरण बन्न सकेन । मानवअधिकार उलङघनका घट्नाहरू आम बनिरहें । विद्यमान परिस्थितिमा नेपाली प्रेसले खेल्नु पर्ने भूमिका पनि प्रभावकारी बन्न सकेन । विभिन्न आरोप र बहानामा राज्य र माओवादी पक्षबाट प्रेसमाथि हमला भैरह्यो । निर्भिग्नताकासाथ प्रेसकर्मीले समाचार संप्रेषण गर्न सकेनन् ।

यस बीचमा सरकार परिवर्तनको शिलशिला सामान्य बन्यो भने प्रजातान्त्रिक मुल्य मान्यता बोकेका, जनविश्वास भएका राजनीतिक दलहरूको भूमिका पनि क्रमशः कमजोर बन्दै गयो । राजनीतिक दलहरूको आन्तरिक कलह र आपसी विश्वासमा ह्रास हुँदै गयो । यो परिस्थितिमा राजा ज्ञानेन्द्रबाट क्रमशः सत्ता आफ्नो हातमा लिने काम भयो । यहि अवधीमा शेरबहादुर देउवा राजाबाट असक्षम घोषित हुनको साथै प्रधानमन्त्रीबाट समेत निस्कासित भए ।

लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा राजाबाट नियुक्ति गरियो । सरकारको परिवर्तनले नेपाली प्रेसप्रति भैरहेको थिचोमिचोमा कुनै फेरबदल ल्याएन । संविधानप्रदत्त सूचनाको हकलाई एकपछि अर्को बहाना र घट्नासँग जोडेर कमजोर पार्ने काम भए । सरकार निरङ्कुस बन्दै गए पछि प्रेस स्वतन्त्रता र नागरिक हकको रक्षाको नाममा नेपाली प्रेसकर्मीहरूले कलम र आवाजबाट भूमिका निभाइ नै रहेको देखिन्छ । यिनै कारण राज्य र विद्रोहीको दमनलाई प्रतिरोध गर्ने क्रममा नेपाली प्रेसले पनि विगतमा झैं आफ्ना सीमारेखाहरू नाघेर प्रजातन्त्रको संस्थागत् विकासलाई मिसन बनाएर आन्दोलित बन्यो । यस क्रममा विपक्षमा रहेका राजनीतिक दल र नागरिक समाजको राजनीतिक अभियान र आन्दोलनको साथ नेपाली प्रेसलाई पुग्यो । र, आफ्ना कलम विपक्षी राजनीतिक दलप्रति समर्थक बन्न पुगे । राजाको निरङकुशता वादी शैली र माओवादीको अकरमन्यताको विरोधमा उभिए ।

यिनै विषयलाई कारण बनाएर सरकार प्रेसप्रति आक्रामक बन्दै गएको देखिन्छ । राज्य र विद्रोही दुवै पक्षको शिकार नेपाली छापा मात्र नभइ सञ्चारकर्मी समेत बने । विगतमा झैं पत्रकारको हत्या, धरपकड, वेपत्ता, धम्की र कारबाही सामान्य बनेको देखिन्छ । सरकार प्रेस स्वतन्त्रता प्रति इमानदार बनेन भने नेपाली प्रेस पनि सरकार र विद्रोही प्रति सहीष्णु बन्न सकेको देखिदैन ।

# सातौं परिच्छेद
# सारांश र निष्कर्ष

## ७.१ सारांश

नेपालको छापा स्थापना देखि नै तत्कालिन् राज्यसत्ताको उद्देश्यपूर्तिको लागि एउटा माध्यमको रूपमा प्रयोग हुँदै आएको छ । वि.स. १९५८ बैशाख वदी रोज २ का दिन तत्कालिन श्री ३ देवशमसेरले गोरखापत्र छाप्नको लागि जारी गरेको सनद नेपालको पहिलो प्रेस कानून हो । त्यो कानूनले गोरखापत्रलाई स्वतन्त्र पत्रकारिता गर्ने भन्ने लक्ष राखेको थिएन । तत्कालिन राणासाशनको राम्रो कामको तारिफ मात्र छाप्ने र नराम्रो, स्त्री सम्बन्धी कुनै पनि विषय छाप्न नपाउँने आदेश जारी गरिएको थियो । राणाप्रशासनले दरबारभित्र र बाहिर गरेका नराम्रा कुरालाई गोरखापत्रमा छाप्न वर्जित गरिएको थियो । गोारखापत्र राणासाशनको मुखपत्र थियो ।

नेपाली प्रेसको इतिहासलाई हेर्दा गोरखापत्र छाप्नको लागि जारी सनद पहिलो प्रेस कानून हो भने गोरखापत्र पहिलो समाचारमुलक छापा/अखवार हो । गोरखापत्र वि.सं. १९५८ साउन ३ गतेबाट साप्ताहिक रूपमा छापिन थाल्यो । वि.सं. १९५५ सालबाट सुधासागर मासिक छापिएको हो, तर सुधासागर समाचारमुलक अखवार थिएन् साहित्यिक म्यागेजिन थियो ।

गोरखापत्र साप्ताहिकबाट सुरु भएर क्रमशः वि.सं. २००१ सालदेखि वि.सं. २००३ सालसम्म अर्धसाप्ताहिक वि.सं. २००३ सालदेखि वि.सं. २०१७ सालसम्म दुईदिने हुदै वि.सं. २०१७ सालदेखि दैनिक बन्यो । जो आजसम्म निरन्तर प्रकाशित भैरहेको छ । र, स्वतन्त्र नभई सरकारको मुखपत्रको रूपमा गोरखापत्रको जन्म देखि अहिलेसम्म वितेको विभिन्न कालखण्डमा बनेको सरकार र राज्य व्यवस्था अन्तरगत बनेको सरकारको नीति अनुसार प्रकाशन हुँदै आयो । निजी क्षेत्रबाट अखवार सञ्चालन वि.सं. २००७ सालको जनक्रान्ति पछि मात्र प्रकाशन भए । वि.सं. २००७ सालको क्रान्तिले स्थापना गरेको बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा दलीय मूल्य मान्यतामा आधारित बनेर दलीय अखबार सञ्चालन भए ।

त्यस समयमा एकातिर राणाहरूले आफ्नो गुमेको हैकम कुनै पनि वहानामा फिर्ता गर्न चाहन्थे भने तत्कालिन दलीय व्यवस्थाका पक्षधर राजनीतिक शक्ति र राजा त्रिभूवन प्रजातन्त्रलाई संस्थागत गर्न सकृय भए । राजा राजनीतिक दल र राणाविचको द्विपक्षीय शक्ति संघर्ष जारी रह्यो । राजा त्रिभूवनको निधन पछि भने राजा महेन्द्रले दल र राणा दुवैलाई कमजोर पारेर आफू वलियो बन्ने योजनाकासाथ चले । वि.सं. २०१५ सालमा आमचुनाव भयो र नेपाली कांग्रेसले बहुमतको सरकार बनायो । वि.सं. २००७ सालदेखि वि.सं. २०१५

सालसम्म नीजि क्षेत्रबाट सञ्चालन भएका अधिकांश अखबार दलीय प्रजातन्त्रलाई लक्ष बनाएर सञ्चालन भए भने सीमित संख्यामा पुरानो सत्ताको पक्षमा पनि देखिए ।

वि.स. २०१५ सालको आम चुनाव पछि बनेको नेपाली कांग्रेसको सरकारको कार्यकालमा सञ्चालन भएका नीजि क्षेत्रका अखबारहरू खुलेरै दलको पक्षमा लागे । दलीय पत्रकारिता गरे । गोरखापत्र कांग्रेसको सरकारको मुखपत्रको रूपमा रूपान्तरण भयो । कांग्रेसको एकलौटी सरकार निर्माणसँगसगै कांग्रेसपार्टी भित्र विवाद चर्चिन थाल्यो, आन्तरिक विवादका कारण २०१७ साल पुस १ गते दल र दलीय व्यवस्थामाथि राजा महेन्द्रले प्रतिबन्ध लगाए । आफ्नो नेत्रित्वमाा एकदलीय पञ्चायती व्यवस्था लागु गरे । दलका नेता कार्यकर्ताहरूलाई भेटेसम्म जेलमा हालियो, आत्मसमर्पण गरेर राजाभक्ति हुनेलाई सत्तामाा लगियो भने थुप्रै नेता कार्यकर्ता भूमिगत भए भने केही नेताहरू निर्वासनमा गएर दलीय आन्दोलनलाई निरन्तरता दिइनै रहे । दलमाथिको प्रतिबन्ध र पञ्चायती व्यवस्थाको स्थापनासँगै दलीय व्यवस्थाकालमा स्थापना भएका सबै अखबार समेत प्रकाशनमा प्रतिबन्ध गरियो, बन्द भए । प्रकाशक/सम्पादक समेत पञ्चायतको कडा निगरानीमा परे । दलीय पत्रकारिताको वैधानिकरूपले अन्त्य भयो भने एकदलीय पञ्चायती अखबारको जन्म भयो, पञ्चायति अखबार नेपालमा चल्यो । गोरखापत्र पञ्चायती अखबारमा रूपान्तर भयो, पञ्चायती सरकारको मुखपत्र बन्यो ।

पञ्चायतको सूत्रपातसँगै एकातिर पञ्चायती छापाको बाहुल्यता रह्यो भने अर्कातिर नेपाली अखबारले दलीय प्रजातन्त्रको पक्षमा कुनै न कुनै रूपबाट कलम चलाउन थाले । सम्पादकीय लेखेर छापे । तर, त्यस्ता अखबार वा छापखाना जफत र प्रतिबन्ध सरकारबाट भयो । पत्रिकाको दर्ता खारेज भयो भने पत्रकारहरू पक्राउ परे, थुनिए । यो क्रम पञ्चायतकाल भरि चल्यो । यस कालमा दलीय पक्षधर पत्रकारहरूले एउटा पत्रिकाको दर्ता खारेज हुने वित्तिकै, पत्रकारलाई पक्राउ गर्ने वित्तिकै अर्को पत्रिका दर्ता गरेर पत्रिका छाप्ने क्रम टुटेन । यस्ता पत्रिकालाई प्रतिवन्धित राजनीतिक पार्टीहरूको समर्थन थियो ।

२०३६ सालको आन्दोलन पछि २०३७ मा जनमत संग्रह सम्पन्न भएपछि पञ्चायतमा केही सुधारका प्रयास राजाबाट थालियो । सुधारिएको पञ्चायतसँगै नेपाली प्रेसमा विसको उन्नाइस खुकुलोपन देखा पर्‍यो । त्यो अवस्थाको उपयोग गर्दै केही अखबार जनपक्षीय बने । दलका विचारलाई परोक्ष रूपमा लेख्न थाले । २०४३ सालको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा कांग्रेस कम्यूनिष्टले पञ्चायत भित्र घुसपैठ गर्ने उद्देश्यले चुनाव उपयोगको नीति अपनाए । त्यो चुनावमा न्यून संख्यामा आफ्ना प्रतिनिधि जिताउन सफल भए । त्यो चुनावताका केही नेपाली अखवारले दलका कुरालाई छाप्ने काम गर्‍यो । पछि निर्वाचित भएका (जनपक्षीय भनिएका) रापंस सदश्यले राष्ट्रिय पञ्चायत सभामा पञ्चायतको विरोधमा बोलेका कुरालाई महत्व दिएर छाप्न थाले ।

२०४३ सालको रापंसको चुनावपछि पञ्चायतको विरोधमा नेपाली प्रेस केही वेसी संगठित बन्न थाले । पञ्चालयतप्रति जनताको आक्रोस वड्न थाल्यो । जनताको आक्रोसलाई दलहरूले आत्मसात गरेर गोप्य आन्दोलनलाई सशक्त पार्न थाले । दलको त्यस्तो आन्दोलनलाई दलीय पक्षका पत्रिकाले समाचारको मुख्य विषय बनाउन थाले भने पञ्चायती व्यवस्थाका पक्षधर अखबारले अराष्ट्रिय तत्वको पृष्ठपोषण गरेको खुलेआम छापे । गोरखापत्रले सरकारको भनाई र गराइबाहेक अरु केही पनि छापेन ।

२०४६ सालमा ऐतिहासिक जनआन्दोलन सम्पन्न भई २०१७ सालमा गुमेको प्रजातन्त्र पुनस्थापना भयो । तीस वर्षे पञ्चायती व्यवस्थाको अन्त्य भई दलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः प्रारम्भ भयो । दलीय व्यवस्थाको पुनस्थापना सँगसँगै पञ्चायती एकदलीय प्रेसको पनि अन्त्य भयो । आन्दोलनरत पक्ष नेपाली कांग्रेस वाममोर्चा र राजा विचको त्रिपक्षीय शक्ति सन्तुलनको अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारको गठनसँगसँगै नेपालका अखबारहरू स्वस्फुर्त रूपले स्वतन्त्र महसुस गर्दै दलगत पत्रकारितामा सकृय भए । पञ्चायती पक्षका पत्रकारिता पञ्चायतसँगै सकियो । अन्तरिम सरकारले नेपाली प्रेसको इतिहासमा नै सबै भन्दा वडी स्वतन्त्रता दियो २०४६ देखि २०५० सम्म । खुलेर कुनै दलको पक्ष या विपक्षमा नेपालका अखबारहरू देखापरे तर, पञ्चायतको पक्षका भने अपवादमा पनि देखा परेनन् । गोरखापत्र फेरि अन्तरिम सरकारको मुख पत्रको रूपमा रूपान्तरण भयो । यस अवधीमा नेपाली अखवार स्वतन्त्रताको आफ्नो बुझाई र परिभाषाभित्र रहेर कुनै राजनीतिक दलको पक्षमा खरो उत्रिएर अर्को राजनीतिक दलको विरोधमा खनिनु नै प्रेसको स्वतन्त्रता हो भन्ने आम बुझाई भयो । एउटा दलको विचार मात्र ठीक अर्को दलको बेठीक भन्ने मान्यता स्थापित भयो । सरकारले पनि प्रेसको कर्तव्यप्रति सचेत पार्ने काम गरेन । यसकारण २०४६ देखि २०५० सम्म नेपालको अखबार नितान्त दलगत बन्यो । स्वतन्त्रताको नाममा दलगत कट्टरता र उन्मुक्तिको पक्षधर बन्यो । मर्यादित, स्वतन्त्रता र सामाजिक उत्तरदायित्वको पक्ष पुरै अवमुल्यनमा पऱ्यो ।

राजनीतिक दलहरूबीच संस्कारको अभाव देखियो । कांग्रेसको जन्ती मलामी कम्यूनिष्ट अछुत बन्यो भने कम्यूनिष्टलाई कांग्रेस अछुत बन्यो । देश चलाउँने राजनीतिक दलबीच संस्कारहीनताको वातावण भए पछि नेपाली प्रेसले पनि पार्टीको सीको गर्नु सामान्य बन्यो । पार्टी विचारको कट्टर पक्षधर बनेर नेपाली छापा पनि आपसमा पार्टीकै जस्तो व्यवहारमा उत्रिए ।

नेपाल अधिराज्यको संविधान २०४७, लागू भए पछि पनि संविधानको मर्म र भावना अनुरूप नेपाली प्रेस २०४७ देखि २०५० सालबीचको तीन वर्ष चल्न सकेन । २०४७ को संविधानले प्रेसलाई व्यवहारिक रूपले राज्यको चौथो अङ्गको रूपमा स्थापित गऱ्यो । छापाखाना तथा पत्र-पत्रिका सम्बन्धी ऐन २०४८ बन्यो । त्यस अन्तरगत प्रेसले आफूलाई संस्थागत गर्ने

प्रयास २०५० साल देखि गऱ्यो । तर, विगतको संस्कारबाट मुक्ति पाउँन समय लाग्थ्यो । प्रेसले आफ्नो मूल्य, मान्यता र संविधानको भावना अनुरूप स्वतत्रता सहित उत्तरदायी बन्ने प्रयास २०५० सालदेखि २०५२ को सुरु अवस्था सम्ममा भयो । विगतका विकृतिलाई सुधार गर्ने प्रयास भए । कुनै एउटा दलप्रति राजनीतिक आस्था बोक्ने राजनीतिक दल र अखवारप्रति आरोप-प्रत्यारोप गर्नु बेठीक हो भन्ने चेतना यस बीचमा विकास भयो । र, आफ्नो आचारसंहिताभित्र रहेर प्रेस सञ्चालन हुनु पर्ने रहेछ भन्ने बुझाई आयो ।

यहि बुझाईको आधारमा नेपाली प्रेस सञ्चालित हुने प्रयासमा देखियो । तर, २०५२ सालको अन्त्यदेखि तत्कालिन संविधान र व्यवस्थाको अन्त्य र नयाँ कम्यूनिष्ट राज्य स्थापना गर्ने लक्षका साथ नेकपा माओवादीको जन्म भयो । नेकपा माओवादीले मौजुदा राज्य व्यवस्था नष्ट गर्न शसस्त्र जनयुद्ध सुरु गऱ्यो । माओवादी जनयुद्धका प्रारम्भिक केही वर्ष सम्म नेपाली प्रेसमा माओवादी राजनीतिको प्रभाव देखिएन । दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेको पक्षमा नै जनमत थियो । नेपाली प्रेसले पनि यीनै दलको विचारप्रति आकर्षण देखाएर आफ्ना समाचार सामग्री प्रकाशन गरे भने संसदको तेश्रो शक्ति राप्रपाप्रति खासै आकर्षण देखिएन । राप्रपाको राजनीतिक विचारसँग सामिप्यता राख्ने केही अखबार सञ्चालन भए तापनि तिनको पाठकबीच खासै प्रभाव रहेन । यसबीचमा नेपाली अखबारका आमपाठक समेत दलगत पक्षीय अखबारको पक्ष र विपक्षमा विभाजित भए । स्वतन्त्र भनीएको अखबारहरू पनि स्वतन्त्र देखिएन । २०४९ सालबाट स्वतन्त्र पत्रकारिता गर्ने उद्‌घोषका साथ कान्तिपुर दैनिक प्रकाशन सुरु भयो । कान्तिपुरले व्यवसायिकताको नाममा आफ्नो प्रकाशनलाई स्वतन्त्र बनाउँन खोजे पनि समाचार सामग्री प्रकाशनमा कांग्रेस र एमालेका नजिक हुन पुग्यो । यस बीचमा प्रकाशन भएका सबै अखबार सिद्धान्तमा स्वतन्त्र भन्ने तर व्यवहारमा राजनीतिक विचारबाट पृथक रहन सकेन । पाठकहरू दलगत समाचार रुचाउँन थाले पछि सम्पादक प्रकाशकले आम पाठकलाई के दिनु पर्छ ? प्रेसको कर्तव्य र स्थापित धर्म के हो ? भन्ने पक्षलाई ख्याल नगरी अखबार बजारको मुल्याङ्कन गर्ने र सोही अनुरूपको पार्टीका राजनीतिक गतिविधिलाई महत्वकासाथ समाचार प्रकाशन गरे ।

यस बीचमा सरकारी सञ्चार माध्यम जुन राजनीतिक दलको सरकार बन्यो त्यही सरकारको नीति अनुरूप नै सञ्चालित भयो । गोरखापत्र सरकारको मुखपत्र बनिनैरह्यो भने रेडियो नेपाल र नेपाल टेलिभिजन पनि सरकारी गतिविधि प्रसारण गर्ने माध्यमको रूपमा देखियो । दलीय राजनीतिको मूल्य मान्यताअनुरूप सञ्चालन हुन सकेन ।

यस्तो अवस्थामा २०५५ सालको अन्त्यतिरबाट नेकपा माओवादीको सशस्त्र युद्धको प्रभाव विस्तार हुन थाल्यो । सुरुका दिनमा रुकुम रोल्पामा सीमित देखिएको माओवादी गतिविधि २०५५ को अन्त्यसम्ममा राष्ट्रव्यापी बन्न पुग्यो । निर्वाचित सरकारले जनताको

आकांक्ष वमोजिम काम गर्न सकेको थिएन एकातिर भने त्यहि जनअसन्तुष्टिलाई माओवादीले तात्कालिक राजनीतिक मुद्धाको विषय बनाए । जनताको ध्यान माओवादीतिर बड्दै गयो । राजनीतिक विचारप्रति आकर्षणको एउटा कारण बन्यो भने आक्रोश व्यक्त गर्न तत्कालका लागि पक्ष लिने प्रवृति पनि जनतामा देखियो । त्यो प्रवृत्तिलाई सकरात्मकतामा मोड्ने काम नेपाली प्रेसले गर्नु पर्थ्यो गरेन । सम्पादकको सम्पादकीय विवेक पनि पाठकको रुची केन्द्रित बन्यो । प्रेसको पहिलो धर्म जनसेवा या निमुखाको आवाज हो भन्ने स्थापित सिद्धान्तलाई व्यवसायको नाममा नेपाली प्रेसमा लागनी गर्ने लगानीकर्ताले बुझेनन् । लगानी गरे पछि मुनाफा चाहिन्छ भन्ने मानसिकता मिडियाका प्रकाशकमा हावी भयो ।

यसरी नेपाली अखबारका प्रकाशकमा नाफामुखी चेतना प्रमुख र सेवा र उत्तरदायीत्व मुखी चेतना गौण भए पछि पाठकको रुची र बजारको मागका आधारमा प्रकाशन सामग्रीलाई स्थान दिए । आम पत्रकारहरू प्रकाशको रुची अनुसारको समाचार सामग्री सप्रेषण गर्न थाले । माओवादी गतिविधिप्रति जनताले चासो राख्न थाले । भिडन्तका खबर मात्र समाचार बन्न थाल्यो । त्यस्तै विवरण र फोटोलाई मात्र छापाले प्राथमिक्ता दिन थाल्यो । विकास र शान्तिका समाचार समाचार, बन्न छाडे । द्वन्द्व र द्वन्द्वजन्य विवरण मात्र समाचार बन्यो, र त्यस्ता प्रकृतिको बाहेक समाचारको रिर्पोटिङ्ग गर्ने पत्रकार, पत्रकारै हुन छाड्यो । पत्रकार स्वयम् समाचारको स्रोत र सम्पर्कसूत्र माओवादी मात्र हो भन्ने भ्रममा परे ।

सधैं स्वतन्त्र पत्रकारिताको नाममा नेपाली कांग्रेसको नजिक रहने साप्ताहिक विमर्श, एमालेको नजिक रहेको दृष्टि साप्ताहिकले समेत माओवादी प्रति समाचारको आकर्षण बढाउँन थाले । स्वतन्त्र भनिएको कान्तिपुर दैनिक त्यस्तै देखियो । हिमाल खबरपत्रिकामा छापिने समाचारको प्राथमिकता माओवादी नै बने भने स्वयम् नेपाल पत्रकारमहांसघको द्वैमासिक प्रकाशन पत्रकारिता पनि माओवादी राजनीतिबाट पृथक रहन सकेन । यसप्रति ध्यानाकर्षित भयो । विसुद्ध ग्रामिण परिवेशमा गाउँकै समाचार लेख्ने भनी जन्मीएको गाउँले देउराली साप्ताहिकमा भने राजनीतिक प्रभाव तुलनात्मक रूपमा न्यून रह्यो । राजनीतिक पार्टीका गतिविधिजन्य समाचार, लेख रचना र फोटो कम छापिए । ग्रामिण जीवनसँग सरोकार राख्ने गाउँले कृषकको समाचारले महत्वका साथ स्थान पायो । माओवादी गतिविधिका समाचारले अति न्यून स्थान पायो । देउराली र देउराली जस्तो अखबारमा राजनीतिको प्रभत्व कम रह्यो । तर पनि पछिल्लो समयमा समसगमयिक राजनीतिक प्रभावबाट पृथक रहन सकेन ।

यसरी नेपाली छापामा राजनीतिको प्रभाव रहनु पर्ने मुख्य कारणको रूपमा शक्तिप्रति प्रेसको स्वआकर्षण एउटा हो भने प्रेसमा आफ्नो प्रभाव विस्तारबाटै आफू पावरमा टिकीरहन सकिन्छ भन्ने राजनीतिक नेत्रित्वको मानसिकता अर्को हो । माओवादी राजनीतिप्रतिको आकर्षण र प्रेसमाथि माओवादी प्रभाव विस्तारको मुख्य कारण भने बन्दुकको त्रास प्रमुख र दोश्रो कारण

मात्र हो वैचारिक आकर्षण या सामिप्यता । अनि मात्र व्यवसायिक आकर्षण । यिनै कारणबाट नेपाली प्रेस र राजनीति बीचको संघर्ष जारी रह्यो । यस्तो अवस्थामा तत्कालिन सरकारले २०५८ साल मंसिर १२ गते देखि नेपाल अधिराज्यभर लागू हुने सङ्कटकाल घोषण गऱ्यो । सङ्कटकालको घोषणासँगै नेपाल अधिराज्यको संविधान २०४७, ले प्रत्याभूत गरेको नेपाली नागरिकको मौलिक हकको समेत निलम्बन भयो । नेपाली नागरिकको सूचनाको हक कुण्ठित बन्यो । प्रेसको स्वतन्त्रता कुण्ठित बन्यो । प्रेसले के छाप्ने के नछाप्ने भन्ने सरकारी आदेश जारी भयो भने नेपाली प्रेस जगतले त्यस्तो सरकारी आदेशको अवज्ञाा गर्ने काम गरे । संविधानको भावना अनुरूप प्रेसले स्वतन्त्रतापूवर्क समाचार लेख्न र छाप्न पाउनु पर्छ भन्ने माग राखे । सरकारले आतङ्कारी तथा विध्वङसात्मक (कार्य नियन्त्रण तथा सजाम) अध्यादेस (पछि ऐन) बनाएर सङ्कट कालमा प्रेस सञ्चाल गऱ्यो ।

नेपालमा सङ्कटकाल २०५८ साल मंसिर १२ गते देखि २०५९ साल असोज १३ गते सम्म लागू भयो । संविधानको आत्मरक्षा र जनताको जीउधनको सूरक्षाका लागि सङ्कटकाल संविधान वमोजिम लागू गरेको अडानमा तत्कालिन सरकार देखियो भन पछिल्लो समयमा विपक्षी पार्टी र स्वयम् सत्तारुढ दल नेपाली कांग्रेसको कोइराला पक्ष समेत सङ्कटकालको विरोधमा उत्रिए । प्रेस जगत र नागरिक समाजको तर्फबाट अपवाद बाहेक सुरु दिन देखिनै सङ्कटकालको विपक्षमा उभिए । यस अवधीमा राज्यर र नेकपा माओवादीको तर्फबाट नेपाली प्रेसप्रति विभिन्न खाले हमला नगर्न र प्रेस स्वतन्त्रताको सम्मान गर्न प्रेस  नागरिक समानबाट आग्रह भयो । यसै कालमा नेपाललाई पत्रकारको जेल भनियो भने प्रेसका विभिन्न कुख्यात शत्रुमध्येका एक नेपालका तत्कालिन प्रधानमंत्री शेरबहादुर देउवा कहलिए । यस अवधीमा नेपालको नागरिक समाज प्रेसका पक्षमा उभिए भने संसदवादी राजनीतिक दलहरू (नेपाली कांग्रेसको कोइराला खेमा सहित) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा देखिए । नेपाली प्रेसले चलाएको प्रेस स्वतन्त्रताको आन्दोलनप्रति ऐक्यवद्धता जनाए ।

नौ महिने सङ्कटकाल सकिएपछि संविधानले व्यवस्था गरेको जनताका मौलिक हकहरू स्वतः फुकुवा भयो । संविधानप्रदत्त सूचनाको हक उपभोग गर्न नेपाली प्रेस कृयाशिल बन्यो । सङ्कटकाल सकिए पनि देशमा माओवादी शसस्त्र युद्ध सकिएको थिएन । राज्य र माओवादी लडाकुबीच भीडन्तको अवस्था जारी रह्यो । युद्धरत पक्षबीच वार्ता र सम्वादको स्थिति नबनेपछि नेपाली जनतामा सङ्कटकालमा सृजित समस्यामा कुनै सुधार आएन । जनता मर्ने मार्ने क्रम जारी रह्यो । नेपाली छापाले संवैधानिक स्वतन्त्रता निर्वाध रूपमा उपभोग गर्न पाएनन् । सङ्कटकालमा जस्तो अखबारमा छापिने समाचार सामग्रीमा शैनिक सेन्सरशिप हटे पनि सेल्फसेन्सरशिप गर्नु पर्ने अवस्था सृजना भयो । सरकारी सेनालाई आफ्नो पार्टीको सुराकी

गरेको र माओवादीलाई सहयोग गरेको आरोपमा प्रेसकर्मीलाई धरपकड गर्ने, अपहरण गर्ने, मानसिक यातना दिने मात्र नभै मार्ने मारिने काममा सुधार आएन ।

प्रेसकर्मीको सुरक्षा र सूचना स्वतन्त्रताको माग राख्दै नेपाली प्रेसकर्मीहरू आन्दोलनमा उत्रिए । सरकारसँग मात्र नभएर माओवादीसँग पनि नेपाली प्रेसले संघर्ष गरे । यस्ता सङ्घर्षको नेत्रित्वमा सिङ्गो नेपाली प्रेस क्षेत्र एकतावद्ध भए । कलमको माध्यमबाट मात्र नभई सडक संघर्षको कार्यक्रममा समेत नेपाली प्रेस उत्रियो । तर, सरकार र माओवादीको तर्फबाट प्रेसप्रति जाइ लाग्ने प्रवृत्तिमा सुधार आएन । सरकारका मन्त्री तथा नेताले वोलीमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्ने, प्रेसकर्मीलाई कुनै पनि आक्रमण नगर्ने भन्ने तर व्यवहारमा उल्टो काम गर्ने काम भइरह्यो । राज्य र राज्यको सेनाबाट पनि भयो, नेकपा माओवादीका छापमारहरूबाट पनि भयो । आइन्द यस्तो घटना घट्नेछैन भन्ने, विज्ञप्ती दिने फेरि अर्को घट्ना घटाउने क्रम जारी रह्यो ।

यस बीचमा नेकपा माओवादीसँग नेपाली प्रेसको अन्तरविरोध एकातिर जारी रह्यो भने नेपालको छापामा छापिने समाचार सामग्रीको मुख्य विषय फेरि पनि नेकपा माओवादीका गतिविधि नै बन्यो । अखबारका प्रकाशक र सम्पादकहरूले माओवादी गतिविधिलाई प्राथमिक्ताका साथ समाचार संप्रेषण गरे । रिपोर्टरहरूको टिपोर्टिङको क्षेत्र पनि माओवादी गतिविधि नै वन्यो । यसको कारकको रूपमा पाठकको ध्वङ्सात्मक समाचार पढ्ने प्रवृत्ति, मालिक पत्रकारको व्यापार मुनाफा प्रतिको मोह र दुईपैसा वचत गर्नै पर्ने सम्वाददाताको विवसता र माओवादीको हतियार दम्भ आदि रह्यो । समाचारमा पनि एक-दुई जनामात्र मान्छे मारे मरेको समाचार आकर्षण बन्न छाड्यो, दर्जन मरे/मारीए भने त्यसले मात्र पाठकको ध्यानकेन्द्रित गर्न थाल्यो, हट्केक बन्न थाल्यो । यस्तै भीडन्तका सनसनीपूर्ण समाचार संप्रेषण गर्ने पत्रकार मात्र ठूलो पत्रकार अरु पत्रकारै होइन भन्ने विध्वङसात्मक मानसिक्ताको विकास स्वयम् पत्रकारमा भयो । समाजप्रतिको उत्तरदायित्व र आफ्नै आचारसंहिता पत्रकारका लागि मान्य विषय वा आत्म कानून, कानूनको रूपमा कार्यन्वयन हुन सकेन । पत्रकारहरू नेपाली समाजको छुट्टै र विशिष्ट दर्जाको नागरिक हो कि भन्ने सोचाइले घर गर्‍यो ।

२०५९ साल असोज १८ को राजा ज्ञानेन्द्रको शाही कदम पछि संसदवादी राजनीतिक दलको बीचमा सहमति र सम्वादको राजनीतिक संस्कार विकास हुन थाल्यो । संसदवादी राजनीतिक दल र राजा बीचको सम्बन्ध विग्रदै गयो भने विद्रोही नेकपा माओवादीसँग संसदवादी राजनीतिक दलको सम्वाद प्रारम्भ भयो । संसदवादी दलहरू राजाको कदम संविधान विपरित भएको ठहरका साथ शान्तिपूर्ण आन्दोलनमा उत्रिए भने राजा राजनीतिक दल असक्षम भएको कारण नियमित संसदको चुनाव गर्न नसकेको, जनतालाई शान्ति सूरक्षा र अमनचयन दिन नसकेको ठहरकासाथ एक्लो प्रयासमा अग्रसर भए । संसदवादी राजनीतिक दलबीचको

एकताको पक्षमा नेपाली प्रेसले साथ समर्थन दिए । राजाको कदम बेठीक हो भन्ने ठहर नेपाली प्रेसले गऱ्यो र आफ्ना समाचार सामग्रीलाई त्यसै अनुरूप परिमार्जन गऱ्यो । मालिक पत्रकारको लगानीमा समेत शाही कदमले नकरात्मक असर परेको कारण दलका अभियानप्रति सहमत भए । राजालाई एक्ल्याउने र माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने संसदवादी दलको अभियानमा नेपाली अखबार मुख पत्रको रूपमा प्रस्तुत भयो । दलीय प्रजातन्त्र र यसका मूल्य मान्यताप्रति नेपाली प्रेस संसदवादी दलहरूकै हाराहारीमा उत्रियो । तिनका समाचार सामग्रीहरू संसदवादी दलमय बने । नितान्त गाउँले समाचार मात्र लेख्ने प्रतिवद्ध गाउँले देउराली साप्ताहिकले समेत संसदवादी दलले गरेका आन्दोलनका कार्यक्रमलाई वेला मौकामा जस्ताको तस्तै छाप्ने काम गऱ्यो । संसदवादी दलको राजनीतिक विचारप्रति देउराली प्रभावित सुसुप्त रूपमा देखियो । तर, आम नेपाली अखबार जस्तो खुलेर आएन । माओवादी गतिविधि र राजाको भाषण आदिलाई औपचारिक्तामा मात्र सिमित गऱ्यो । आफ्नो मिसनप्रति सकेसम्म इमान्दार देखियो ।

यस बीचमा सरकारको नेत्रित्वमा पटक-पटक फेरवदल भयो । विपक्षमा वस्दा सूचनाको हक र प्रेस स्वतन्त्रताका सच्चा हिमायतिका रूपमा संसदवादी दलहरू देखिए । संविधानमा व्यवस्था भए अनुरूप सूचनाको हक सम्बन्धी कानून बनाउँने प्रतिवद्धता जनाए । तर, जब सरकारमा पुगे, सात्तासिन पार्टी भए तव विगतका आफ्ना प्रतिवद्धता बिर्सिदिए । मुखले जहिले पनि सूचनाको हक सम्बन्धी कानून बनाउँछौं भन्ने तर व्यवहारमा कहिल्यै सरकारले सूचनाको हक सम्बन्धी कानून बनाएनन् । नेपाली प्रेसले सूचनाको हक सम्बन्धी कानून बनाउँन निरन्तर सरकार र संसदलाई अनुरोध गऱ्यो । तर, त्यसप्रति सुनुवाई हुन सकेन । सूचनाको हक सम्बन्धी कानूनको अभावमा पनि नेपाली प्रेस जसरी उत्तरदायी हुनुपर्थ्यो त्यति हुन सकेन । नेकपा माओवादीले प्रेस स्वतन्त्रताको पक्षमा आफ्नो पार्टी रहेको दोहोऱ्याइरहे पनि वर्गीय प्रेसको वकालगत गर्न छोडेन । आफ्नो राज्यसत्तामा मात्र वास्तविक प्रेस स्वतन्त्रता हुने व्याख्या गऱ्यो । राजाको प्रतिगमन कालमा विभिन्न नाममा प्रेसलाई आफ्नै उद्देश्यको सहयोगी बनाउने प्रयास गऱ्यो । अन्ततः नेपाली प्रेसले आफ्ना उत्तरदायीत्वलाई विर्सिएरै भए पनि खुल्ला समाज र दलीय प्रजातन्त्रको पक्षमा अविचलित रूपमा उभ्यायो । आफ्नो आचारसंहितालाई कुल्चिएर पनि नागरिकको सूचनाको हकको पक्षमा उभियो । सरकारका नराम्रा कामको विरुद्धमा उभियो । दलगत पक्षधरतामा निर्वाद समाहित गऱ्यो । प्रेसमाथि राजनीतिक दलको विचार प्रभावलाई स्वीकाऱ्यो तर, संविधान, कानून र प्रेसको धर्मप्रति भने इमान्दार बन्न सकेन । एकातिर प्रेस स्वतन्त्रताको वकालत गर्ने अर्कातिर राजनीतिक विचारप्रति प्रभावित बन्ने, राजनीतिक विचार र प्रभावलाई आफ्नो छापामा खुल्लेआम स्वीकार गरेको देखियो ।

यस बीचमा देशका ठूला राजनीतिक दलहरूमा राजनीतिक संस्कार र दृढ इच्छाशक्तिको अभाव देखियो । त्यसको आडमा विभिन्न विकृति विसङ्गतिले जन्म लियो । राजनीतिक दल र नेत्रित्वप्रति जनविश्वासमा ह्रास देखियो । यसकारण पनि प्रेसप्रति जनताको विश्वास बढ्यो । राज्य र विद्रोही पक्षले प्रेसप्रति गर्ने हरेक नाजायज कारबाहीमा प्रेसको पक्षमा आम जनता देखिए । अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत नेपाली प्रेसलाई साथ समर्थन बढ्दै गयो । वि.सं. २०६० को हाराहारीमा आइपुग्दा नेपाली जनताले एउटा शसक्त राजनीतिक दलको रूपमा नेपाली प्रेसलाई बुझ्न थाले । त्यस अवधिमा आइपुग्दा वि.सं. २०५०-५५ को अवधिमा जस्तो आरोप-प्रत्यारोपको अखवार संस्कृति सकियो । मिडिया बिचको एकता कायम भयो । दल र माओवादीप्रति सहिष्णु बन्यो भने राजा र उनको असंवैधानिक कदमप्रति प्रतिवादमा उत्रियो । अपवादमा केही सञ्चारकर्मी र अखवार राजाको पक्षमा देखिए तर तिनका प्रभाव देखिएन । राजाको प्रतिगमनकालमा गोरखापत्र राजाकै मुखपत्रमा रूपान्तरण भयो । अन्य सरकारी सञ्चार माध्यम पनि राजाकै पक्षमा देखिए ।

सरकार निरङ्कुश बनेको बेला, जनताको मानवअधिकार सूचनाको हकको रखवारी प्रेसले गर्नु स्वाभाविक थियो । त्यो भूमिका प्रेसले एकहदसम्म निर्वाह गऱ्यो । तर, आफ्ना लागि आफैले निर्माण गरेको पत्रकार आचारसंहिताको परिपालना र कार्यन्वयन भने हुन सकेन । यस अवधीमा छापिएका समाचार सामग्रीको विश्लेषणबाट यो तथ्य पुष्टि हुन्छ । साथसाथै आफूलाई जनताले समकक्षी राजनीतिक दलको हैसियतमा बुझिरहँदा त्यस्तो होइन, प्रेस प्रेसकै ठाउँमा बस्नु पर्छ र मौजुदा कानूनको संरक्षणमा रहेर आफ्नो कर्तव्य निर्वाह गर्ने राज्यको चौथो अङ्ग हो भनेर जनतालाई प्रष्ट्याउँने काममा प्रेस असफल देखियो । यसबाट नेपाली छापा राजनीतिक प्रभावबाट मुक्त हुन नसक्ने भन्ने विषयमा केही महत्त्वपूर्ण निश्कर्षहरू प्राप्त हुन आएको छ । जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनका आधारमा निम्न निष्कर्षहरू प्रस्तुत गरिएको छ ।

१) सिद्धान्तत : नेपाली छापा र राजनीतिका बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ भनिए तापनि व्यवहारिक दृष्टिले राणाशासनकालदेखि वर्तमानसम्म विवादास्पद सम्बन्ध रहेको देखिन्छ ।

२) नेपाली राजनीतिमा राजनीतिक संस्कारको विकास हुन नसक्नु, राजनीतिक नेत्रित्व सक्षम नहुनु, राजनीतिक दलका नेता तथा स्वयम् प्रेसकर्मीमा प्रेसका सिद्धान्त, मूल्यमान्यताको अभाव देखिनु, छापाका पाठक स्वयम्मा दलगत समाचार रुचाउने

प्रवृत्तिको विकास हुनु नै नेपाली छापामा राजनीतिक प्रभाव पर्ने प्रमुख कारण जिम्मेवार रहेको देखिन्छ ।

३) नेपाली छापाका पाठकहरूमा आफ्नो पार्टीगत आस्था रहेको समाचार पढ्ने प्रवृत्ति हुनु, छापामालिक (प्रकाशक) ले नाफामुखी छापा सञ्चालन गर्नाले पनि छापामा बढी राजनीति समाचार छापिएको देखिन्छ भने आफ्नो पार्टीस्वार्थ अनुकूलको समाचार नै छापिनु पर्छ भन्ने मानसिकता राजनीतिक दलका नेतामा रहनु आदि विवादका मुख्य कारणहरू हुन् ।

४) राजनीतिक दल र छापा स्वयम्ले अधिकार मात्र खोज्ने, कर्तव्य विर्सिने, कानुनको व्याख्या आफ्नो हितअनुकूल गर्ने, स्वतन्त्रताको नाममा स्वच्छन्द बन्ने प्रवृत्ति, विषयगत ज्ञान सीपको अभाव कारणले नेपालका राजनीतिक दल, दलका नेता र छापा स्वयम्बाट मौजुदा कानुनको उलंघन भएको देखिन्छ । ।

५) नेपाली छापाको स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन, बन्धन सहितको हो भन्ने प्रष्ट भएतापनि नेपालका राजनीतिक दल र तिनका नेता तथा स्वयम्, छापाको बीचमा आफ्नो स्वार्थअनुकूलको व्याख्या गर्ने, बुझ्ने प्रवृत्तिको अन्त्य नभएसम्म प्रेस स्वतन्त्रतासम्बन्धी बुझाइमा विवाद रहिरहने देखिन्छ ।

६) नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवहारिक रुपमा नेपाली प्रेसलाई राज्यको चौँथो अङ्गको रुपमा मान्यता दिइए तापनि कानुनको परिपालनामा दुवै पक्ष इमान्दार नरहेका कारण नेपाली राजनीति र छापाका बीचमा प्रेस स्वतन्त्रतासम्बन्धी बुझाइमा अन्तर देखिएको छ ।

७) नेपालमा राजनीतिक प्रभावमुक्त प्रेस सम्भव देखिदैन्, प्रेस स्वतन्त्रताको अर्थ पूर्णस्वतन्त्रता या उन्मुक्ति नभई कानुनी सीमा सहितको “कानुनी प्रेस” हो भन्ने मान्यता स्थापित हुनु अपरिहार्य देखिन्छ ।

## ७.३ आगामी कार्यदिशा तथा सुझाव

- नेपाली छापा (press) राजनीतिक प्रभावबाट मुक्त हुन सक्दो रहेनछ भन्ने तथ्यलाई बुझेर भावी पुस्ताले प्रेसको आगामी कार्यदिशा तय गरिनु पर्दछ । प्रेसले राजनीतिक, वैचारिक एवम् सैद्धानिक संलग्नता, सामिप्यता र पक्षधरता जनाउन सक्छ । त्यो प्रेसको अधिकार हो, तर छापामा प्रकाशन गरिने समाचारमा राजनीतिक पक्षधरता लिनु प्रेसको उदारवादी एवम् सामाजिक दायित्वको सिद्धान्त विपरित हुन्छ ।

- नेपालमा नेपाली प्रेसले प्रेस स्वतन्त्रताको नाममा आफ्नो छापामा छापिने समाचारमा राजनीतिक पक्षधरता देखाएका छन् । त्यसैलाई प्रेस स्वतन्त्रता हो भन्ने बुझेको देखिन्छ । यो बुझाई गलत हो, भ्रम हो । यो भ्रमबाट मुक्त भएर समाचार निश्पक्ष तठस्थ, मयार्दित एवम् सन्तुलित बन्न सकेमात्र सही अर्थमा प्रेस राज्यको चौथो अङ्गको रूपमा स्थापित हुन्छ ।

- नेपालका राजनीतिक दलहरूले स्वतन्त्र प्रेस, राज्य प्रेस र वर्गीय प्रेसको अवधारणा अघि सारेको भए पनि मुलतः स्वतन्त्र प्रेसप्रति सहमति भएको देखिन्छ । तर, अझै नेपालमा राजनीतिक संस्कारको विकास भएको छैन । राजनीतिक संस्कारको अभावमा प्रेस मर्यादित, निश्पक्ष र स्वतन्त्र बन्न सक्दैन । राजनीतिक दललाई संस्कारयुक्त बनाउँन, राजनीतिक संस्कारको विकासका लागि अब नेपाली प्रेसले समाचारमा देखाउदै आएको राजनीतिक पक्षधरतालाई त्याग्नु जरुरी छ ।

- राजनीतिक शक्ति र सत्ताको कारण छापामा राजनीतिक प्रभाव रहेको देखिन्छ भने प्रेस सत्ताप्रति आकर्षित हुनु अर्को पक्ष हो । दुवै पक्षको स्वार्थ नवाझिएको हदसम्म छापा र राजनीतिक बीचमा विवाद भएको देखिदैन । स्वार्थ विशेषको कारण बनाएर छापामा राजनीतिक प्रभाव लाद्न खोज्नु र राजनीतिप्रति प्रेस आकार्षित हुनु नै मुख्य त्रुटी हो । प्रेस र प्रजातन्त्र आपसको पुरक हुन् । कुनै एकको अभावमा अर्काको अस्तित्व रहँदैन । अन्योन्याश्रित सम्बन्धका आधारमा प्रेसले राज्यसत्ता र राष्ट्रिय राजनीतिको निगरानी नगर्ने हो भने प्रेसको धर्म रहँदैन । चौथो अङ्गको औचित्य सकिन्छ । यस कारण नेपाली प्रेस बहुलवादी खुल्ला समाज, संसदीय साशन प्रणाली एवम् लोकतन्त्रको मुल्य मान्यतालाई आत्मसात गर्दै नेपाली प्रेसलाई स्वतन्त्र निश्पक्ष, मर्यादित र उत्तरदायी बनाउन कृयाशिल रहनुपर्दछ ।

- प्रेसकर्मीले स्वतन्त्रताको नाममा उन्मुक्ति या स्वच्छन्दता हो भन्ने बुझ्नु हुँदैन र आफूलाई छुट्टै दर्जाको विशिष्ट नागरिक हो भन्ने भ्रम पनि पाल्नु हुँदैन । नेपाली प्रेसको स्वतन्त्रता सीमाहिन हुन सक्दैन, कानूनी सीमा र अनुसाशन सहितको स्वतन्त्रता मात्रै प्रेस स्वतन्त्रता हो । प्रेसकर्मी आम नागरिक सरहको साधारण नागरिक हो । कार्य क्षेत्र र जिम्मेदारीको आधारले मात्र उसको हैसियत र पहिचान निर्धारण हुने हो । यसकारण कानूनी प्रेस नै स्वतन्त्र प्रेस हो भन्ने तथ्यलाई आत्मसात गर्नु नै नेपाली प्रेसको आवश्यक्ता हो ।

२१ औं सताब्दीको प्रेसको भूमिका कस्तो रहनु पर्छ भन्ने वारे थप अध्ययन अनुसन्धान हुन पर्ने आवश्यकता महसुस हुन्छ ।